# लोकतान्त्रिक आन्दोलनमा स्रष्टाहरूको योगदान

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको
एम्.ए. दोस्रो वर्षको दसौँ पत्रको
प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

शोधार्थी
मधुसूदन पन्थी
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर
२०६५

शोधनिर्देशक
उपप्रा सुधा त्रिपाठी
नेपाली केन्द्रीय विभाग

# लोकतान्त्रिक आन्दोलनमा स्रष्टाहरूको योगदान

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको
एम्.ए. दोस्रो वर्षको दसौँ पत्रको
प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

शोधार्थी
मधुसूदन पन्थी
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर
२०६५

**त्रिभुवन विश्वविद्यालय**
**मानविकी तथा सामाजिक शास्त्र सङ्काय**
**नेपाली केन्द्रीय विभाग, कीर्तिपुर**

# स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय, मानिविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत विश्वविद्यालय क्याम्पसका छात्र मधुसूदन पन्थीले त्रि.वि. स्नातकोत्तर तह (एम.ए.) मा नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि गर्नुभएको **लोकतान्त्रिक आन्दोलनमा स्रष्टाहरूको योगदान** शीर्षकको शोधपत्र स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

१. विभागीय प्रमुख, प्रा.राजेन्द्र सुवेदी ..................................

२. शोधनिर्देशक, उपप्रा. सुधा त्रिपाठी ..................................

३. बाह्य परीक्षक, निनु चापागाई ..................................

मितिः २०६५/११/२३

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानिविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली एम.ए. (शैक्षिक वर्ष २०६२/०६४) दोस्रो वर्षका विद्यार्थी मधुसूदन पन्थीले **लोकतान्त्रिक आन्दोलनमा स्रष्टाहरूको योगदान** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार पार्नुभएको हो । उहाँको शोधकार्यसँग म सन्तुष्ट छु र आवश्यक मूल्याङ्नका लागि नेपाली केन्द्रीय विभागसमक्ष सिफारिस गर्दछु ।

................................

उपप्रा. सुधा त्रिपाठी

शोधनिर्देशक

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर

मितिः २०६५/११/२३

# कृतज्ञताज्ञापन

ती स्रष्टाहरू जो शासकको बन्दुकका अगाडि पनि नझुकी निरन्तररूपले सत्य र न्यायका पक्षमा आफ्नो सिर्जनात्मक क्षमता प्रयोग गरेर समाज बदल्ने अभियानमा लागे ।

मैले लोकतान्त्रिक आन्दोलनमा स्रष्टाहरूको योगदानका बारेमा खोजअनुसन्धान गर्दा नवीन विषयमा अध्ययन-अनुसन्धान पनि हुने र समाज रूपान्तरणका लागि सिर्जनात्मक क्षमता प्रयोग गर्ने स्रष्टाहरूको सम्मान पनि हुने सोचका साथ धेरै चुनौति देख्दा-देख्दै पनि यस विषयमा हात हालेको हुँ । काम गर्दै जाँदा अनुसन्धान कार्य सोचेभन्दा पनि कठीन हुन पुग्यो । कतिले त रुद्री गरेर उम्कने ठाउँमा सप्ताह सुरु गरिस् भने कतिले चारकोशे झाडीमा हराउलास् पनि भने तर दह्रो आत्मविश्वसका साथ अघि बढें । दस महिनामा मैले बीस महिना काम गर्नुपऱ्यो । १० महिना अझै जोतिएँ १० महिना धेरैलाई जोताएँ । तर पनि यस विषयमा बाँझो मात्र मार्न सकँे । यो शोध मेरो सक्रियतामा भएको सामूहिक प्रयास जस्तो भएको छ भन्दा वास्तविकता नलुकाएको ठहर्छ । यो काममा म धेरैजनाप्रति ऋणि बन्नु पऱ्यो ।

मेरो यस अनुसन्धान कार्यमा सल्लाह र सहयोग गर्ने शोध निर्देशक सुधा त्रिपाठीले आफ्नो व्यवस्ततालाई थाती राखेर गरेको सहयोगप्रति हार्दिक आभार प्रकट गर्दछु । सामग्री सङ्कलनकै क्रममा पनि उहाँको सहयोग र सल्लाहले ठूलो मद्दत मिल्यो । त्यस्तै आफूसँग भएका सामग्रीहरू उपलब्ध गराउने र सल्लाह प्रदान गर्ने तुलसी भट्टराई, हरिगोविन्द लुइटेल र रमेशप्रसाद भट्टराईले गरेको सहयोगप्रति अत्यन्तै धेरै ऋणी छु । यस विषयमा शोध लेख्न उत्साहित गर्ने गुरुहरू विगभागीय प्रमुख राजेन्द्र सुवेदी र सुकुम शर्माका साथै सल्लाह र सुझाव दिने ताराकान्त पाण्डेय, कृष्णप्रसाद घिमिरे र  जीवेन्द्रदेव गिरीप्रति पनि आभार प्रकट गर्न चाहन्छु ।

आन्दोलनमा सक्रियतापूर्वक लागेका स्रष्टा रुद्र खरेलले हृदयदेखि नै सहयोग गर्न खोज्दा-खोज्दै पनि धेरै सहयोग गर्न नपाउँदै दिवङ्गत हुनुभयो । उहाँप्रति श्रद्धान्जलि टक्र्याउँदै सहयोगका लागि अभारी प्रकट गर्न चाहन्छु । आनन्ददेव भट्ट, निनु चापागाईं रामप्रसाद ज्ञवाली, मातृका पोखरेल, घनश्याम ढकाल, कृष्ण धरावासी, ईश्वरचन्द्र ज्ञवाली, दील साहनी, हरिप्रसाद

सिलवाल, वासुदेव अधिकारी, प्रकाश सिलवाल, मुरारी पराजुली, प्रदीप ज्ञवाली, जगदशीचन्दं भण्डारी, जीवन शर्मा, लक्ष्मण पौडेल, गणेश भण्डारी, केदार खनाल, दीपक विश्वकर्मा, सुनिल पोखरेल, विजय सुब्बा, रमेश समर्थन, ठाकुर बेलवासे, चङ्गी श्रेष्ठ, पुण्यप्रसाद खरेल, अमर गिरी, पूर्ण विराम, दाहाल यज्ञनिधि , हरिप्रसाद सिलवाल, के.एल. पीडित, विष्णु भण्डारी, महेन्द्र पन्थी, रामविनय, भावत् आचार्य, मित्रलाल पङ्गेनी, अशोक सुवेदी, बद्रिविशाल पोखरेल, मधु गुरुङ्ग, दीपक ज्ञवाली अच्युत घिमिरे, अर्जुन पराजुली, सीमा आभास, सलोदा दाहाल, छवि ज्ञवाली, सुवास रिजाल, डी.डी. अधिकारी, लेकप्रसाद प्याकुरेल, केशव सिलवाल, जङ्ग पहाडी, मित्र पोखरेललगायत धेरै जनाको सहयोगबाट यो शोधकार्य पूरा गरेको हुँ । शोधका क्रममा केन्द्रीय पुस्तकालय कीर्तिपुरबाट अधिकतम सामग्री उपयोग गरें ।

मलाई यो शोधकार्य गर्ने अवस्थासम्म ल्याई पुऱ्याउनमा हरेक किसिमबाट वातावरण तयार गरिदिने बुबाआमा, हजुरबुबा-हजुरआमा, काका-काकी, भाइ-बहिनीलगायत सबैप्रति अभार प्रकट गर्दछु । जीवनमा सधै सक्रिय रहन र सकारात्मक बाटोतिर लाग्न प्रेरित गर्नु हुने मामा ऋषि 'आजाद' तथा गुरुहरू हिरण्यलाल ज्ञवाली र ऋषि भुसाललाई पनि सम्भनै पर्ने हुन्छ । शोधपत्र तयार गर्दा ठूलो सहयोग गर्ने साथी शिवशरण, ज्ञवाली गोकर्ण पन्थीलगायत सबैलाई धन्यवाद दिन चाहन्छु । साथै यस शोधपत्रका लागि सङ्कलित सामग्रीहरूलाई झर्को नमानी होसियारपूर्वक शुद्धसँग टङ्कन गरिदिने क्रिएटिभ कम्प्युटर सेन्टर नयाँबजार, कीर्तिपुरप्रति आभार प्रकट गर्दछु ।

अन्त्यमा म प्रस्तुत शोधपत्रको समुचित मूल्याङ्कनका लागि त्रि.वि. नेपाली केन्द्रीय विभाग कीर्तिपुरसमक्ष पेस गर्दछु ।

मधुसूदन पन्थी

नेपाली केन्द्रीय विभाग

त्रि.वि. कीर्तिपुर, काठमाडौं

मिति : २०६५/११/२३

## विषयसूची


| | पृष्ठ |
|---|---|
| **पहिलो परिच्छेद : शोधपरिचय** | **१–७** |
| १.१ शोधशीर्षक | १ |
| १.२ शोधकार्यको प्रयोजन | १ |
| १.३ विषयपरिचय | १ |
| १.४ समस्याकथन | २ |
| १.५ शोधकार्यका उद्देश्य | २ |
| १.६ पूर्वकार्यको समीक्षा | २ |
| १.७ शोधकार्यको सीमाङ्कन | ५ |
| १.८ शोधकार्यको औचित्य | ७ |
| १.९ सामग्री सङ्कलन तथा शोधविधि | ७ |
| १.१० शोधकार्यको रूपरेखा | ७ |
| **दोस्रो परिच्छेद : कला साहित्यको भूमिका** | **८–३०** |
| २.१ कला र जीवन | ८ |
| २.२ राजनीति र साहित्यको अन्तरसम्बन्ध | १० |
| २.३ गणतन्त्र सम्बन्धी आधारभूत अवधारणा | १५ |
| २.३.१ गणतन्त्र स्थापनाको राजनीतिक पृष्ठभूमि | १५ |
| २.३.२ गणतन्त्रको आधारभूत अवधारणा | १६ |
| २.४ सामाजिक राजनीतिक रूपान्तरणमा साहित्य | २० |
| २.५ गणतन्त्र, साहित्य र आन्दोलन | २५ |
| २.६ निष्कर्ष | २९ |
| **तेस्रो पच्छिेद : नेपाली साहित्यमा गणतान्त्रिक चेतनाको विकास** | **३१–८५** |
| ३.१ वि.सं.२००७ पूर्वको गणतान्त्रिक चेतना | ३१ |
| ३.१.१ वि.सं.२००७ अघिको राजनीतिक-सामाजिक पृष्ठभूमि | ३१ |
| ३.१.२ शासक वर्ग विरोधी जनचेतना र सङ्गठित विरोधका प्रयास | ३४ |
| ३.१.३ वि.सं.२००७ अघिको साहित्यिक पृष्ठभूमि र शासकस्तुति | ३७ |
| ३.१.४ वि. सं. २००७ अघिका कवितामा गणतान्त्रिक चेतना | ४० |
| ३.२ २००७ सालपछिको गणतान्त्रिक चेतना | ४९ |
| ३.२.१ राजनीतिक-सामाजिक पृष्ठभूमी | ४९ |
| ३.२.२ २००७-२०५९ सम्मको साहित्यिक पृष्ठभूमि | ५६ |
| ३.२.३ २००७ देखि २०५९ सम्मका कवितामा गणतान्त्रिक चेतना | ५९ |

३.२.३.१ सङ्गठित रूपमा गरिएका साहित्यिक आन्दोलन ६०
३.२.३.२ व्यक्तिगत रूपमा देखापरेको गणतान्त्रिक चेतना ७०
३.२.३.३ माओवादी जनयुद्ध र गणतान्त्रिक चेतना ७८
३.३ निष्कर्ष ८३
**चौँथो परिच्छेद : गणतान्त्रिक आन्दोलनमा साहित्यिक पत्रपत्रिकाहरूको योगदान ८६–१०६**
४.१ संस्कृति ८६
४.२ नागार्जुन ८७
४.३ लोकतान्त्रको शङ्खनाद ८८
४.४ असहमतिका स्वरहरू ८८
४.५. लोकतान्त्रिक कविता ८९
४.६ परिवर्तन ९०
४.७ वेदना ९१
४.८ बन्दी शिविरका आवाजहरू ९२
४.९ लोकतन्त्रिक स्रष्टाहरका स्वरहरू ९४
४.१० स्रष्टा ,चैत्र ३० ९४
४.११ मुक्ति सङ्घर्ष ९५
४.१२ सुसेली ९६
४.१३ जनआन्दोलन भाग-२ मा दङ्गाली स्रष्टाहरूको भूमिका ९७
४.१४ आन्दोलित कलमहरू ९८
४.१५ गरिमा ९८
४.१६ परिवर्तन ९९
४.१७ नयाँ नेपालको बाटो १००
४.१८ कवितामा गणतन्त्र १०१
४.१९ जनआन्दोलनका १९ दिन र सडकका कविताहरू १०२
४.२० लोकतान्त्रिक कविता- १ १०३
४.२१ देश जागेको बेला १०४
४.२२ आह्वान १०४
४.२३ अन्य
४.२४ निष्कर्ष १०६

**पाचौँ परिच्छेदःआन्दोलनका कविताहरूको प्रवृत्ति १०७–१३०**
५.नेपाली कवितामा गणतान्त्रिक चेतना १०७
५.१ राजतन्त्रप्रति आक्रोश र विरोध १०९
५.२ लोकतन्त्र (गणतन्त्र) प्रति आस्था र विश्वास ११४

५.३ राजतन्त्रको अन्त्यको सुनिश्चितता र सुदूर भविष्यको चित्रण १९७
५.४ विद्रोही चेतनाको अभिव्यक्ति र निरङ्कुशताको विरोध १२१
५.५ सीमान्तकृत वर्ग, क्षेत्र, लिङ्ग, जात आदिबाट अधिकारको खोजी १२३
५.६ सहिदको त्याग र बलिदानको सम्मानका साथै सपना साकार पार्ने प्रतिबद्धता १२५
५.७ संविधानसभाको सुनिश्चितताका लागि आन्दोलनको निरन्तरता र
नेताहरूप्रति खबरदारी १२६
५.८ दरबार हत्याकाण्डको आरोप १२८
५.९ निष्कर्ष १२९

**छैठौँ परिच्छेद : आन्दोलनमा स्रष्टा गतिविधि** **१३१–१९६**
६.१ राजीतिक पृष्ठभूमि १३१
६.२ काठमाडौं उपत्यकामा स्रष्टा आन्दोलनका गतिविधि १३४
६.२.१ प्रतिगमन विरोधी स्रष्टाहरूको संयुक्त समिति १३४
६.२.२ लोकतान्त्रिक साहित्यकार सङ्घ १३७
६.२.३ लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्च १४०
६.२.४ प्रगतिशील लेखक सङ्घ १४८
६.२.५ नागार्जुन साहित्यिक प्रतिष्ठान १५०
६.२.६ लोकतान्त्रिक गणतन्त्रवादी साहित्यिक आन्दोलन १५३
६.२.७ गणतन्त्र कविता आन्दोलन १५४
६.२.८ राष्ट्रिय जनसांस्कृतिक मञ्च १५६
६.२.९ रक्तिम सांस्कृतिक परिवार १५८
६.२.१० गुरुकुल १५९
६.२.११ साहित्य सन्ध्या १६०
६.२.१२ भक्तपुर साहित्य प्रतिष्ठान १६०
६.२.१३ ललितकला लोकतान्त्रिक अभियान १६१
६.२.१४ लोकतान्त्रिक कलाकार सङ्घ १६२
६.३ स्रष्टाहरूलाई फौजदारी अभियोग र गिरफ्तारी १६२
६.४ मुख्य सहरी क्षेत्रमा स्रष्टा आन्दोलनका गतिविधि १६६
६.४.१ पोखरा १६६
६५.४.२ चितवन १६८
६.४.३ झापा १७१
६.४.४ दाङ १७३
६.४.५ नेपालगञ्ज १७७
६.४.६ रूपन्देही १७९

| | |
|---|---|
| ६.४.७ पाल्पा | १८२ |
| ६.४.८ सुनसरी | १८३ |
| ६.४.९ सुर्खेत | १८८ |
| ६.४.१० रौतहट | १८९ |
| ६.४.११ अन्य | १९१ |
| ६.५ निष्कर्ष | १९५ |
| **सातौँ परिच्छेद : निष्कर्ष** | १९७–२०६ |
| **सन्दर्भग्रन्थसूची** | २०७–२१२ |

**परिशिष्ट**

१–३६

# सङ्क्षेपीकरण सूची

| | | |
|---|---|---|
| अप्र. | - | अप्रकाशित |
| एमाले | - | एकीकृत मार्क्सवादी लेलिनवादी |
| चौ.सं. | - | चौथो संस्करण |
| डा. | - | डाक्टर |
| ते.सं. | - | तेस्रो संस्करण |
| दो.सं. | - | दोस्रो संस्करण |
| त्रि.वि. | - | त्रिभुवन विश्वविद्यालय |
| ने.का. | - | नेपाली काङ्ग्रेस |
| नेकपा | - | नेपाल कम्युनिस्ट पार्टी |
| ने.रा.प्र.प्र. | - | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| पृ. | - | पृष्ठ |
| प्रलेस | - | प्रगतिशील लेखक सङ्घ |
| प्रा. | - | प्राध्यापक |
| प्रा.डा. | - | प्राध्यापक डाक्टर |
| पाँ.सं. | - | पाचौँ संस्करण |
| वि.सं. | - | विक्रम संवत् |
| राजम | - | राष्ट्रिय जनसांस्कृतिक महासङ्घ |
| राजम | - | राष्ट्रिय जनसांस्कृतिक मञ्च |
| लो.स्र. सं.म. | - | लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्च |
| सम्पा. | - | सम्पादक |
| सं. | - | सम्वत् |

# पहिलो परिच्छेद
# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **लोकतान्त्रिक आन्दोलनमा स्रष्टाहरूको योगदान** रहेको छ ।

## १.२ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधकार्यको प्रयोजन त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग स्नातकोत्तर तह दोस्रो वर्षको आंशिक परिपूर्तिका लागि दसौँ पत्रको प्रयोजनार्थ सम्पन्न गरिएको छ ।

## १.३ विषयपरिचय

लोकतान्त्रिक आन्दोलन मूलतः राजनीतिक आन्दोलन हो तर यस राजनीतिक अन्दोलनमा समेत स्रष्टाहरूले साहित्यका माध्यमबाट लोकतान्त्रिक व्यवस्था स्थापनाका निम्ति आन्दोलनकै घोषणा समेत गरेर अघि बढेका थिए । २०४६ सालपछि पनि जनताले पूर्णरूपमा प्रजातान्त्रिक शासनव्यवस्थाको अनुभूति गर्न पाएनन् । वि.सं. २०५९ साल असोज १८ मा राजा ज्ञानेन्द्रले आफ्नो हातमा शासनसत्ता लिएपछि त स्वतन्त्रताको अवस्था झनै संवेदनशील बन्न पुग्यो । त्यसपछि राजनीतिक दलहरूबाट आन्दोलनका कार्यक्रम अघि बढाइयो भने स्रष्टाहरूले समेत स्वतन्त्रताका पक्षमा सशक्त रूपमा आवाज उठाउन थाले । राणाकालदेखि नै स्रष्टाहरूले निरङ्कुश व्यवस्थाका विरोधका अवाज उठाउँदै आएका थिए । वि.सं. २०५९ सालपछि पनि निरङ्कुश बन्दै गइरहेको राजतन्त्रको विरोधका सष्टाहरू झनै व्यापक रूपमा उठ्न थाले । २०६१ माघ १९ गतेको राजनीतिक घटनाक्रमपछि त झनै लेखक, पत्रकार, साहित्यकारमाथि कडा नियन्त्रण र निगरानी हुन थाल्यो । त्यसपछि स्रष्टाहरू सडकमै ओर्लिएर निरङ्कुश राजतन्त्रको विरोधमा लागे । राजनीतिक स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रतामाथि कडा प्रतिबन्ध लागेको समयमा स्रष्टाहरूले राजनीतिक आन्दोलनलाई अघि बढाउन आफ्ना तर्फबाट अहम् भूमिका खेलेका थिए । त्यस समयमा धेरै साहित्यिक रचनाहरू देखिए र प्रकाशन प्रसारण समेत भए । स्रष्टाहरूले गिरफ्तारी, यातना र मुद्दासमेतको सामना गर्नुपर्‍यो । यस समयमा धेरै पत्रपत्रिकामा राजतन्त्र विरोधी साहित्यिक रचनाहरू प्रकाशनमा आए र विशेषाङ्कका रूपमा समेत धेरै पत्रिका प्रकाशित भए । परिवर्तनका पक्षधर सम्पूर्ण स्रष्टाहरू निरङ्कुश राजतन्त्रको विरोधमा देखापरेको यो घटना महत्त्वपूर्ण रहेको छ । २०३६ र २०४६ सालमा पनि स्रष्टाहरू परिवर्तनका लागि सशक्त रूपमा जुटेका थिए । यसपटक त त्यस बेलामा भन्दा पनि चर्को रूपमा सयौं स्रष्टाहरू कडा प्रतिरोधमा उत्रिए । समालोचकहरूले पनि अत्यन्तै महत्वका साथ हेरेको त्यस समयको साहित्यिक आन्दोलनको समयमा परिवर्तनका लागि स्रष्टाहरूले खेलेको भूमिकाको बारेमा अध्ययन र अनुसन्धान गर्न यो शोध तयार पारिएको हो ।

## १.४ समस्याकथन

स्रष्टाहरूले सञ्चारमाध्यममार्फत् र सडकमै आएर पनि निरङ्कुश राजतन्त्रको विरोधमा जुन भूमिका खेले त्यो महत्त्वपूर्ण रहेको छ । त्यतिबेलाको साहित्यिक घटनाक्रम तथा साहित्यले खेलेको अहम् भूमिकाको बारेमा छिटफुट रूपमा लेख-रचनाहरू आएका भए पनि विस्तृत रूपमा अध्ययन भएको देखिँदैन । त्यसैले निम्न लिखित मुख्य समस्याहरूमा केन्द्रित रही लोकतान्त्रिक आन्दोलनमा स्रष्टाहरूको भूमिकाका बारेमा शोधकार्य अघि बढाइएको छ ।

१. साहित्यको राजनीति तथा मानवजीवन र समाजसँग के कस्तो सम्बन्ध रहन्छ ?
२. स्रष्टाहरू लोकतान्त्रिक आन्दोलनमा आउनुभन्दा पहिलाको साहित्यिक पृष्ठभूमि के-कस्तो थियो ?
३. लोकतान्त्रिक आन्दोलनलाई समर्थन गर्दै स्रष्टा आन्दोलन अगाडि बढाउन स्रष्टाहरूको के- कस्तो भूमिका रहयो ?
४. लोकतान्त्रिक आन्दोलनमा पत्रपत्रिकाको के कस्तो भूमिका रहयो ?
५. लोकतान्त्रिक आन्दोलनको साहित्यको विधागत प्राप्ति र प्रवृत्तिको साथै के-कस्तो मूल्य रह्यो ?

यिनै प्राज्ञिक समस्याहरूमा केन्द्रित रहेर शोधकार्य अघि बढाइएको छ ।

## १.५ शोधकार्यका उद्देश्य

लोकतान्त्रिक आन्दोलनमा स्रष्टाहरूको योगदानको बारेमा अध्ययन गर्दा निम्न उद्देश्य रहेका छन् -

१. साहित्यको राजनीति तथा मानवजीवन र समाजसँगको सम्बन्धको बारेमा अध्ययन ।
२. स्रष्टाहरू लोकतान्त्रिक आन्दोलनमा आउनुभन्दा पहिलाको साहित्यिक पृष्ठभूमिका बारेमा सर्वेक्षण ।
३. लोकतान्त्रिक आन्दोलनलाई समर्थन गर्दै यसलाई अगाडि बढाउन स्रष्टाहरूले के-कस्तो भूमिका खेले भन्ने बारेमा सर्वेक्षण ।
४. लोकतान्त्रिक आन्दोलनमा पत्रपत्रिकाले खेलेको भूमिकाको बारेमा अध्ययन ।
५. लोकतान्त्रिक आन्दोलनमा साहित्यको विधागत प्राप्ति र प्रवृत्तिको साथै साहित्यिक मूल्यको स्थापना के-कस्तो रह्यो भन्ने बारेमा अध्ययन ।

## १.६ पूर्वकार्यको समीक्षा

जनपक्षीय शासन-व्यवस्था स्थापनाका लागि नेपाली स्रष्टाहरूले गरेको आन्दोलनको बारेमा हालसम्म विस्तृत रूपमा अध्ययन हुन सकेको छैन । २०५९ सालपछि निरङ्कुशताका विरुद्ध स्रष्टाहरूले गरेको आन्दोलन तथा त्यसभन्दा पहिला पनि स्रष्टाहरूले गरेका निरङ्कुशताका विरुद्ध गरेका आन्दोलनका बारेमा विस्तृत रूपमा अनुसन्धानमूलक कार्य नभएको हुँदा यो अनुसन्धान महत्त्वपूर्ण रहेको छ । विभिन्न पत्रिपत्रिकामा प्रकाशित भएका

लेखहरू तथा कार्यपत्रका रूपमा प्रस्तुत भएका अध्ययन पत्रहरूले आन्दोलनमा स्रष्टाहरूले गरेका कार्यक्रमको बारेमा विस्तृत रूपमा सूचना प्रस्तुत गर्न सकेका छैनन् । आन्दोलनका रचना र गतिविधिका बारेमा प्रकाशन भएका गणतन्त्र/लोकतन्त्र विशेषाङ्कहरूमा पनि कुनै निश्चित स्थान र सङ्घ-संस्थाका गतिविधिको बारेमा मात्र जानकारी प्रस्तुत गरिएको छ । २०५९ सालदेखि सुरु भएको निरङ्कुशता विरुद्धको आन्दोलनदेखि गणतन्त्र स्थापना नहुँदासम्मको आन्दोलनको बारेमा पत्रपत्रिकाहरूमा धेरै नै फुटकर लेखहरू आएको देखिन्छ । नेपाली साहित्यमा भएको गणतान्त्रिक साहित्ययात्राको बारेमा भएका केही महत्त्वपूर्ण कार्यलाई सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको छ –

गोविन्दराज भट्टराईले **काव्यिक आन्दोलनको परिचय** (२०४९) भन्ने पुस्तकमा २०४६ सालभन्दा पहिलाका साहित्यिक आन्दोलनहरूका बारेमा उल्लेख गर्ने क्रममा निरङ्कुश शासकहरूका विरुद्धमा स्रष्टाहरूले गरेका आन्दोलनका बारेमा केही जानकारी दिएका छन् ।

**स्रष्टा चैत्र ३** (वर्ष १ अङ्क १, २०६४) मा लोकतान्त्रिक आन्दोलको बारेमा लेखिएका लेखहरू समावेश गरिएका छन् ।

**मूल्याङ्कन** (पूर्णाङ्क १४५, २०६० असोज) मा पुरुषोत्तम सुवेदीले “काव्य राजनीति राजतन्त्रदेखि गणतन्त्रसम्म” भन्ने लेखमा राजा महाराजाहरूको स्तुतिगानदेखि लिएर तिनका विरोधमा लेखिएका काव्यहरूको बारेमा सामान्य चर्चा गरेका छन् ।

राष्ट्रिय जनसांस्कृतिक मञ्चको मुखपत्रको रूपमा प्रकाशन हुँदै आएको **संस्कृति** (अङ्क ५, २०६० असोज) लोकतन्त्र विशेषाङ्कका रूपमा प्रकाशित भएको छ । यसमा गणतान्त्रिक चेतना भएका लेख रचनाका साथै राष्ट्रिय जनसांस्कृतिक मञ्चले गरेका केही कार्यक्रमको बारेमा जानकारी छ । त्यस्तै **संस्कृति**कै अङ्क ६ मा पनि रा. ज. सा. म. ले सञ्चालन गरेका कार्यक्रमहरूको बारेमा केही जानकारी प्रस्तुत गरिएको छ ।

**वेदना** (वर्ष ३१, अङ्क २, पूर्णाङ्क ७०, पुस २०६१) मा डा. ताराकान्त पाण्डेयले “नेपाली कविताको धारागत सन्दर्भः प्रतिवादी कविता र समानान्तर समीक्षा” भन्ने लेखमा प्रगतिवादी कविताको धारागत सन्दर्भ प्रस्तुत गर्दै लोकतान्त्रिक समाज स्थापनाका लागि साहित्यको विकासको प्रारम्भिक चरणदेखिका विभिन्न प्रयासहरूलाई देखाउने काम गरेका छन्

नागरिक जागरण अभियान रूपन्देहीले **लोकतन्त्रको शङ्खनाद** (२०६२ कार्तिक) भन्ने सङ्ग्रह प्रकाशन गरेको छ । जसमा रूपन्देहीमा लोकतान्त्रिक आन्दोलनलाई अघि बढाउने ६ जना अभियन्ताहरूका कविता सङ्कलित छन् ।

नागार्जुन साहित्यक प्रतिष्ठान, काठमाडौंद्वारा प्रकाशित **नागार्जुन** (वर्ष ४, अङ्क ३, पूर्णाङ्क १३, २०६२ कातिक-पुस) त्रैमासिक पत्रिका लोकतान्त्रिक साहित्य विशेषका रूपमा प्रकाशित छ । यसमा भएका लेख, रचना र सूचनाहरूबाट तत्कालीन समयको साहित्यिक दिशाबारे जानकारी हासिल गर्न सकिन्छ । त्यस्तै कविता विशेषकै रूपमा प्रकाशित (वर्ष ६, अङ्क २, २०६४ ) मा पनि यस प्रवृत्तिका कविताहरू छन् ।

**असहमतिका स्वरहरू** (वर्ष १, अङ्क १, २०६३) मा आन्दोलनको समयमा वाचन गरिएका कविताहरू समावेश गरिएका छन्

१९ दिनको जनआन्दोलनकै समयका प्रकाशन हुन थालेको **लोकतान्त्रिक कविता** भन्ने २ पेजको पत्रिका बुटवलबाट प्रकाशन भएको थियो । ६ अङ्कमा प्रकाशित यस लघु पत्रिकामा गणतान्त्रिक चेतना भएका कविताहरू सङ्कलित छन् ।

लोकतान्त्रिक गणतन्त्रवादी साहित्यिक विद्यार्थी मञ्चद्वारा प्रकाशित **परिवर्तन** (मुखपत्र २०६३) का दुई अङ्कमा गणतान्त्रिक चेतना भएका लेख रचनाहरू रहेका छन् ।

**प्रलेस** (वर्ष १०, पूर्णाङ्क १४, २०६२ माघ) मा लोकतान्त्रिक आन्दोलनसँग सम्बन्धित केही साहित्यिक आन्दोलनका घटनाक्रमहरू दिइएको छ । अरू विभिन्न लेखहरूमा पनि प्रगतिवादकै सन्दर्भमा गणतन्त्रको अवाज उठेको कुरालाई प्रस्तुत गरिएको छ ।

जयराज पन्तलगायतको सम्पादनमा प्रकाशन भएको **बन्दी शिविरका आवाजहरू** (२०६३) मा १९ दिनको जनआन्दोलनको समयमा महाराजगञ्ज प्रहरी प्रशिक्षण प्रतिष्ठानमा पक्राउ गरी राखिएका स्रष्टाहरूका लेख रचनाहरू समावेश भएका छन् ।

**वेदना** (गणतन्त्र कविता विशेषाङ्क, वर्ष ३३, अङ्क १, पूर्णाङ्क ७२, २०६३) मा "गणतन्त्र र नेपाली कविता" भन्ने लेखमा रमेशप्रसाद भट्टराईले लोकतान्त्रिक आन्दोलनसम्म आइपुग्दा कवितामा उठेका लोकतान्त्रिक स्वरहरूको विश्लेषण गरेका छन् । चर्चित कवितांशहरू समेत प्रस्तुत गर्दै कवितामा आइरहेको लोकतान्त्रिक चेतनाको विकासको अवस्थाबारे चर्चा गरेका छन् । यसै अङ्कमा "कवितामा गणतन्त्रको गुञ्जन" भन्ने खगेन्द्र सङ्ग्रौलाको लेख पनि रहेको छ । यसमा लोकतान्त्रिक आन्दोलनको समयका ९२ जना कविहरूका कवितासमेत समावेश गरिएको छ ।

**प्रलेस** (पूर्णाङ्क १५, २०६३) मा रमेश भट्टराईद्वारा लिखित "लोकतान्त्रिक आन्दोलनमा प्रगतिशील लेखक सङ्घको भूमिका" भन्ने लेखमा प्रलेसले खेलेको भूमिकाको उल्लेख गरिएको छ । भने अन्य लेखहरूमा पनि सन्दर्भका रूपमा लोकतान्त्रिक आन्दोलनसँग सम्बन्धित पक्षको उल्लेख गरिएको छ ।

लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्च, सुनसरीले प्रकाशन गरेको **लोकतान्त्रिक स्रष्टाका स्वरहरू**मा सुनसरी जिल्लामा मञ्चले गरेका विभिन्न कार्यक्रमको बारेमा जानकारी प्रस्तुत गरिएको छ ।

लोकतान्त्रिक वाङ्मय समाज कास्कीले **मुक्ति सङ्घर्ष** (२०६३) भन्ने कविता सङ्ग्रह निकालेको छ । त्यसमा निरङ्कुशताका विरोधमा सडकमा सुनाइएका कविताहरू सकङ्कलन गरिएको छ भने त्यहाँ भएका कार्यक्रमहरूको सङ्क्षिप्त जानकारीसमेत रहेको छ ।

स्रष्टा चैत्र ३० भन्ने संस्थाले प्रकाशन गरेको **स्रष्टा, चैत्र ३०** (पूर्णाङ्क १, अङ्क १, २०६३) मा स्रष्टा आन्दोलनको बारेमा जानकारी दिने लेखहरू धेरै रहेका छन् ।

**प्रलेस** सुनसरी (गोविन्द विकल विशेषाङ्क, २०६३) मा सुनसरीमा लोकतान्त्रिक आन्दोलनका क्रममा भएका महत्त्वपूर्ण घटनाहरूलाई सङ्क्षिप्त रूपमा चर्चा गरिएको छ ।

**मधुपर्क** (वर्ष ३९, अङ्क ४४६, २०६३ साउन) मा रमेशप्रसाद भट्टराइले "लोकतान्त्रिक आन्दोलनमा स्रष्टाहरूको भूमिका" भन्ने लेखमा २०५८ सालपछि २०६३ सालसम्मको लोकतान्त्रिक आन्दोलनको समयमा स्रष्टाहरूद्वारा गरिएका काठमाडौंका गतिविधिलाई प्रस्तुत गरेका छन् ।

प्रलेस झापा शाखाले प्रकाशन गरेको **सुसेली** ( गणतन्त्र विशेषाङ्क, वर्ष ४, अङ्क ४, २०६३ ) मा गणतान्त्रिक चेतना भएका रचनाहरू तथा झापाको आन्दोलनका बारेमा जानकारी दिने लेख पनि छन् ।

गण्डकी पुत्रको **जनआन्दोलनका १९ दिन र सडकका कविता**मा आन्दोलनमा सुनाएका मुक्तकहरू सङ्कलित छन् ।

पदमप्रसाद शर्माद्वारा लिखित **जनआन्दोलन २ मा दङ्गाली स्रष्टाहरूको भूमिका** (२०६३) मा जनआन्दोलनका समयमा दाङ जिल्लामा भएका विभिन्न कार्यक्रमहरूको बारेमा जानकारी प्रस्तुत गरिएको छ ।

लोकतान्त्रिक स्रष्टा समाज, चन्द्रनिगाहपुरले प्रकाशन गरेको **आन्दोलित कलम**हरूमा जनआन्दोलनको समयका कविताहरू समावेश गरिएको छ ।

सुमेरु र वसन्त पोखरेलद्वारा लिखित **लोकतान्त्रिक कविता**, विष्णु भण्डारीको **देश जागेको बेला** र चुतर्भुज आत्रेयको **आह्वान** कविता सङ्ग्रहमा गणतान्त्रिक कविताहरू रहेका छन् ।

**गरिमा** (लोकतान्त्रिक विशेष, वर्ष २५, अङ्क ५, २०६४ वैशाख) मा लोकतान्त्रिक आन्दोलनका विभिन्न घटनाहरूलाई समेटेका जानकारीमूलक र समालोचनात्मक लेखहरू तथा कविता, कथा, निबन्धहरू समावेश गरिएको छ । स्रष्टाहरूले लोकतान्त्रिक आन्दोलनमा खेलेको भूमिकाको बारेमा जानकारी राख्न यो विशेषाङ्क महत्त्वपूर्ण सामग्रीको रूपमा रहेको छ ।

**नेपाली भाषा साहित्यमा आन्दोलन** (एकेडेमिक बुक सेन्टर, त्रि.वि. कीतिर्पपुर, २०६४) भन्ने पुस्तकमा सुकुम शर्माले अहिलेसम्मका विभिन्न आन्दोलनहरूको बारेमा सङ्क्षिप्त चर्चा गर्ने क्रममा लोकतान्त्रिक आन्दोलनमा भएका केही साहित्यिक आन्दोलनहरूको पनि सङ्क्षिप्त चर्चा गरेका छन् ।

**वेदना** (वर्ष ३४, अङ्क १, पूर्णाङ्क ७३, २०६४ साउन) मा मुरारी अर्यालले "साहित्यमा गणतान्त्रिक चेतः विशेष आवश्यकता" भन्ने ३६ पेज लामो लेखमा इ.पु. २०० वर्ष अघिसम्मको सामाजिक, सांस्कृतिक, राजनैतिक अवस्था तथा रूपान्तरणको समेत उल्लेख गर्दै लोकतान्त्रिक आन्दोलनपूर्वको अवस्थामा राजतन्त्र र सामन्ती राज्यसत्ताको विरोधमा उठेका स्रष्टाका आवाजलाई प्रस्तुत गर्ने प्रयास गरेका छन् । उनले २०५० को दशकसम्म आइपुग्दा साहित्यमा गणतान्त्रिक आवाज के-कति उठ्यो भन्ने कुरालाई बढी जोड दिएका छन् । यस अङ्कका अन्य रचनामा समेत गणतन्त्रको आवाज उठेको छ ।

**नयाँ नेपालको बाटो** (कला विमर्श केन्द्र, पाल्पा, २०६४) भन्ने संविधानसभा विषयक संयुक्त कविता सङ्ग्रहमा संविधान र गणतन्त्रको विषयमा केन्द्रित ५२ जना कविहरूका १/१ वटा कविताहरू सङ्कलित छन् ।

नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा आयोजित (फागुन ४-७ गते )राष्ट्रिय साहित्य सङ्गोष्ठी-२०६४ मा डा. तुलसी भट्टराई र डा. ऋषिराज बरालले **सामाजिक रूपान्तरणमा स्रष्टाहरूको भूमिका** भन्ने भिन्दाभिन्दै कार्यपत्र प्रस्तुत गरेका छन् । जसमा स्रष्टाहरूद्वारा गरिएका विभिन्न आन्दोलन तथा भविष्यमा स्रष्टाहरूको भूमिकाका बारेमा पनि चर्चा गरिएको छ ।

चैतन्यको **क्रान्ति र सौन्दर्य**मा माओवादी जनयुद्धसँग सम्बन्धित स्रष्टाहरू तथा साहित्यको बारेमा जानकारी प्रस्तुत गरिएको छ । शासकहरूको स्रष्टामाथिको दमनको बारेमा पनि केही कुरा उल्लेख गरिएको छ ।

निनु चापागाईंको **गरिमा** (वर्ष २६, अङ्क ३, २०६४ फागुन) मा प्रकाशित “वर्तमान समयमा लोकतान्त्रिक स्रष्टाहरूको दायित्व” भन्ने लेखमा विश्वसाहित्यका र नेपाली साहित्यका स्रष्टाहरूले शासक विरुद्ध गरेका आन्दोलन र अभियानको बारेमा जानकारी प्रस्तुत गरेका छन् ।

नागार्जुन साहित्य प्रतिष्ठानले आयोजना गरेको कार्यक्रममा **गणतन्त्रको थालनीमा स्रष्टाहरूको भूमिका** भन्ने विषयमा रामप्रसाद ज्ञवालीद्वारा प्रस्तुत कार्यपत्रमा जनआन्दोलनपछिको स्रष्टा आन्दोलनको दिशाबारे अवधारणा प्रस्तुत गरिएको छ ।

चितवनबाट प्रकाशन भएको **कवितामा गणतन्त्र** (२०६५) भन्ने गणतान्त्रिक लेख रचनाहरूको सँगालोमा चितवनमा भएको स्रष्टा आन्दोलनको बारेमा जानकारी प्रस्तुत गरिएको छ र गणतान्त्रिक चेतना भएका कविताहरू सङ्कलन गरिएको छ ।

दैनिक साप्ताहिक तथा मासिक पत्रिकाहरूमा पनि विभन्नि गीत, गजल, निबन्ध, तथा समालोचनात्मक लेख प्रकाशित भएका पाइन्छन् । **जनएकता** पत्रिकामा धेरै समीक्षात्मक लेखहरू प्रकाशित भएका छन् । साप्ताहिक रूपमा प्रकाशित हुने यस पत्रिकामा दर्जनौं समालोचनात्मक लेख तथा रचनाहरू रहेका छन् । त्यसैगरी जनादेश साप्ताहिकका विभिन्न अङ्कहरूमा प्रकाशित लेख रचना पनि अत्यन्तै महत्त्वपूर्ण रहेका छन् । **कलम** पत्रिकाका विभिन्न अङ्कहरूमा जनयुद्ध र त्यसपछिका दिनमा भएका साहित्यिक गतिविधि तथा लेख रचनाहरूमा निरङ्कुशताका विरोधमा उठेका आवाजलाई प्रस्तुत गरिएको छ । **संस्कृति, झिसमिसे, बुधबार, मिर्मिरे, नागार्जुन**लगायत अन्य राष्ट्रिय र स्थानीय स्तरका अन्य विविध पत्रिकामा समेत यस्ता लेख रचना प्रसस्त प्रकाशित भएका छन. । **कान्तिपुर, राजधानी, अन्नपूर्ण पोष्ट, समाचारपत्र** लगायतका समाचारमूलक पत्रिकाले पनि कार्यक्रमको बारेमा समाचारहरू प्रकाशन गरेका छन् ।

दरबार र राजतन्त्रको पक्षपोषण गर्ने केही सरकारी तथा गैरसरकारी पत्रपत्रिका बाहेक सबैमा यस्ता फुटकर लेख रचना यत्रतत्र छरिएका पाइन्छन् । जनपक्षीय र लोकतन्त्र पक्षधर धेरै पत्रपत्रिकाहरूमा यस्ता सामग्री पाइन्छन् जसको लामो सूची नै तयार गर्न सकिन्छ । त्यस्तैगरी आन्दोलनपछि र गणतन्त्र स्थापनापछि पनि विभिन्न सङ्घ-संस्थाको आयोजनामा भएका कार्यक्रममा प्रस्तुत गरिएका कार्यपत्रहरू पनि रहेका छन् ।

## १.७ शोधकार्यको सीमाङ्कन

लोकतान्त्रिक आन्दोलनका समयको र त्यसका पृष्ठभूमिका रूपमा समेत साहित्यको अध्ययन गर्ने क्रममा राजनीतिक पक्षको अध्ययन गरिने छैन साथै आन्दोलनको सन्दर्भसँग जोडिएका साहित्यिक पक्षबाहेक अन्य राजनीतिक घटनाक्रमको अध्ययन गरिने छैन । विभिन्न पत्रपत्रिकामा प्रकाशित राजनीतिक विषयसँग सम्बन्धित निबन्धात्मक लेख तथा स्तम्भको बारेमा सन्दर्भको क्रममा बाहेक खास अध्ययन गरिएको छैन । त्यस्तै नेपाल बाहिर भएका साहित्यिक गतिविधि र गैरनेपाली भाषासँग सम्बन्धित रहेका साहित्यिक गतिविधिको पनि कतिपय सन्दर्भमा उल्लेख गर्ने क्रममा बाहेक खास अध्ययन गरिएको छैन । लोकतान्त्रिक आन्दोलनको सामान्य

पृष्ठभूमिसहित आन्दोलनमा साहित्यको भूमिकाको बारेमा नै यो शोधकार्य केन्द्रित रहेको छ र सडकमै केन्द्रित भएर गरिएका कार्यक्रमको बारेमा जानकारी प्रस्तुत गरिएको छ । २०५९-०६५ सालसम्मको अवस्थामा कविता विधा नै बढी लोकप्रिय र चर्चित देखिन्छ र गणतन्त्रको आवाज पनि कविता विधामा बढी देखिएको हुँदा यो शोधकार्य कविता विधामा बढी केन्द्रित रहेको छ ।

## १.८ शोधकार्यको औचित्य

हालसम्म नेपाली साहित्यमा देखापरेको गणतान्त्रिक चेतनाको बारेमा अध्ययन हुन सकेको पाइँदैन । लोकतान्त्रिक आन्दोलनमा स्रष्टाहरूको सहभागिता र सिर्जनात्मक क्षेत्रबाट विकास गरेको गणतान्त्रिक चेतनाको बारेमा पनि फुटकर लेख रचनाबाहेक विस्तृत अध्ययन भएको पाइँदैन । प्रस्तुत शोधकार्यबाट नेपाली साहित्यमा गणतान्त्रिक चेतनाको विकास कसरी भयो र जनआन्दोलनमा स्रष्टाहरूले कसरी योगदान पुऱ्याए भन्ने बारेमा जानकारी उपलब्ध भएको छ । यस विषयमा अध्ययन अनुसन्धान गर्न चाहने र साहित्यको इतिहास लेख्नेहरूका लागि समेत यसको अध्ययन महत्त्वपूर्ण रहेको छ ।

## १.९ सामग्री सङ्कलन तथा शोधविधि

प्रस्तुत शोधकार्य गर्दा सामग्री सङ्कलनका लागि पुस्तकालयिय र क्षेत्रीय अध्ययन पद्धतिको अवलम्बन गरिएको छ । आन्दोलनमा सहभागी स्रष्टाहरूसँगको भेटवार्ता र अन्तर्वार्ताको साथै सम्बन्धित संस्थामा रहेका रेकर्डहरूको फाइलसमेत अध्ययन गरिएको छ ।

## १.१० शोधकार्यको रूपरेखा

प्रस्तुत शोधपत्र निम्न परिच्छेदमा वर्गीकरण गरी अध्ययन गरिएको छ –

पहिलो परिच्छेद -शोधपरिचय
दोस्रो परिच्छेद - कला साहित्यको भूमिका
तेस्रो परिच्छेद - नेपाली साहित्यमा गणतान्त्रिक चेतनाको विकास
चौथो परिच्छेद - गणतान्त्रिक आन्दोलनमा साहित्यिक पत्रपत्रिकाहरूको योगदान
पाँचौ परिच्छेद– आन्दोलनका कविताहरूको प्रवृत्ति
छैटौँ परिच्छेद - आन्दोलनमा स्रष्टा गतिविधि
सातौँ परिच्छेद - निष्कर्ष

उपर्युक्त परिच्छेदलाई आवश्यकताअनुसार विभिन्न शीर्षक तथा उपशीर्षकमा विभाजन गरी अध्ययन गर्न गरिएको छ ।

# दोस्रो परिच्छेद

# कला साहित्यको भूमिका

## २.१ कला र जीवन

साहित्यकार एउटा सामाजिक सांस्कृतिक परिवेशमा बाँचेको हुन्छ, जसको प्रभाव उसमा परिरहेको हुन्छ । शून्यमा रहेर स्रष्टाले सिर्जना गर्न सक्दैन । बाँचेको समाज र संस्कृति तथा प्रत्यक्ष-अप्रत्यक्ष रूपमा भोगेको अनुभव र अनुभूतिबाट उसको जीवन दृष्टिकोण बन्दछ । एउटा स्रष्टाले जीवन र जगत्को बारेमा गरेको अनुभव र अनुभूति सिर्जनात्मक रूपमा सुन्दर ढङ्गले प्रस्तुत गर्दछ । संसारका ताप र चापको अनुभूति गरेपश्चात् स्वस्थ र सुन्दर संसार निर्माणको लागि सिर्जनात्मक रूपमा अघि बढ्दछ ।

साहित्य विचार र कलाको सुन्दर संयोजन हो । वैचारिक पक्ष प्रधान हो वा कला पक्ष प्रधान हो भन्ने बारेमा पूर्वीय पाश्चात्य साहित्यमा प्राचीन कालदेखि नै विभिन्न मतहरू प्रस्तुत भएका छन् । पूर्वीय साहित्यमा भरतदेखि जगन्नाथसम्म र पाश्चात्य साहित्यमा प्लेटोदेखि हालसम्म पनि प्रत्यक्ष-अप्रत्यक्ष रूपबाट कला पक्ष र वैचारिक पक्षको बारेमा कुरा उठाइएको छ । नेपाली साहित्यमा पनि यस बारेमा कुरा उठिरहेकै छन् । पूर्वीय साहित्यमा भन्दा पाश्चात्य साहित्यमा यस सम्बन्धी बहस र छलफल धेरै भएको पाइन्छ । कलाको आफ्नै विशिष्ट सत्ता हुन्छ र धर्म, समाज, राजनीति, नैतिकता आदिका बन्धनबाट पूर्ण रूपमा मुक्त हुन्छ भन्ने कुरा 'कला कलाका लागि' भन्नेहरूले उठाउँदै आएका छन् ।[१] उनीहरूले काव्यमा विषयलाई गौण रूपमा हेरेका छन् र विषयवस्तुलाई भन्दा शैलीशिल्पलाई महत्त्व दिएका छन् । कलाको एकमात्र कसी सौन्दर्य भएकाले यसलाई उपयोगिताको कसीबाट हेर्नु हुँदैन, यसले समाज, दर्शन, धर्म, राजनीति आदि बाह्य पक्षको नियम पालना गर्दैन भन्ने मत कलावादीहरूको रहेको छ । तर 'कला कलाका लागि' नभएर 'जीवनका लागि' हुनुपर्ने मान्यता पनि जोडदार रूपमा उठ्दै आएको पाइन्छ । पाश्चात्य साहित्यमा नीतिवादी समालोचनाको विकाससँगै 'कला जीवनका लागि' हुनुपर्ने कुरा उठ्न थालेको पाइन्छ । कलावादीहरू सत्-असत्, असल-खराब, आदिका सीमाबाट मुक्त भएर कला नीतिका निम्ति होइन, कलाकै निम्ति हो भन्दछन् । कलावादीहरूले जीवनदेखि पूरै सम्बन्धविच्छेद गर्दै स्वशासित, स्वतःपूर्ण अनि आन्तरिक मूल्यमै केन्द्रित कलाजगत्को कल्पना गरेर अतिवादी मान्यता प्रस्तुत गरेका छन् ।[२]

'कला कलाकै लागि' हो भने एउटा कलाकार तथा साहित्यकारले आफ्नो सिर्जनाबाट आत्मरति त प्राप्त गर्न सक्ला तर उसबाट समाजले पाउने के त ? कवि कलाकारले सुन्दर संसार निर्माण गर्न कस्तो भूमिका खेल्ने त ? के कवि कलाकार कोठामा बसेर आफ्ना सिर्जना हेर्दै दङ्ग पर्ने मात्र हो ? यी विविध प्रश्नहरू स्वभाविक रूपमा आउँछन् । कुनै निश्चित उद्देश्य विनाको साहित्यको मूल्य उच्च हुन सक्दैन । सोद्देश्यपूर्ण रूपमा त्यो जीवनका लागि हुन्छ । कला-साहित्य

---

[१] मोहनराज शर्मा र खगेन्द्र लुँइटेल, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, (काठमाडौंः विद्यार्थी पुस्तक भण्डार, २०६१), पृ.१५ ।

[२] वासुदेव त्रिपाठी, **पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग १**, (काठमाडौंः साझा प्रकाशन,२०५०), पृ.२२५ ।

जीवनका लागि हो भने कलाले स्रष्टा स्वयं र त्यसका पाठक-दर्शकलाई सकारात्मक सन्देश दिन सक्नुपर्छ । त्यसैले साहित्य जीवनवादी हुनुपर्छ र आत्मसुख मात्र नभएर मानव जीवन सुन्दर बनाउन सकारात्मक भूमिका खेल्ने खालको हुनुपर्छ । समाजका विकृति र विसङ्गतिको अन्त्य गर्दै सही दिशा निर्देश गर्ने खालको हुनुपर्छ ।

पूर्वीय साहित्यमा पाश्चात्य साहित्यमा जस्तै 'कला कलाको लागि वा जीवनको लागि' भनेर सैद्धान्तिक मतहरू प्रस्तुत गरेको पाइदैन । भरतदेखि नै धर्म, अर्थ, काम, मोक्षलगायत अन्य पक्ष प्राप्तिको लागि काव्य प्रयोजन हुनुपर्ने [३] कुरा उठाएर कला जीवनका लागि हुनुपर्ने कुरा देखाउन खोजेको पाइन्छ । सामान्यतः पूर्वीय र पाश्चात्य साहित्यमा समेत आनन्द र शिक्षा(उपदेश) लाई मूल प्रयोजन मानिएको छ । त्यसो त भाववादी र रूपवादी (शिल्पवादी) हरूले वैचारिक पक्ष र कलात्मक पक्षमा आफ्ना मतहरू प्रस्तुत गरेका छन् । भावपक्ष र रूपपक्षको समन्वय हुनुपर्ने कुरा समेत कतिपय विद्वान्बाट उठेको पाइन्छ ।[४] रसवादी, ध्वनिवादी र अभिव्यजनावादी विद्वान्हरूले साहित्य जीवन सापेक्ष हुनुपर्ने कुरा उठाउन खोजेको देखिन्छ । 'कला कलाको लागि कि जीवनको लागि' भन्ने सन्दर्भ पूर्वीय साहित्यभन्दा पाश्चात्य साहित्यभित्र धेरै बहस र छलफल भएको पाइन्छ ।

पाश्चात्य सैद्धान्तिक समालोचनामा नीतिवादी समालोचनासँगै कुनै न कुनै रूपमा जीवनवादी साहित्य हुनुपर्ने धारणा अघि आएको पाइन्छ । साहित्यसम्बन्धी प्रचलित सदाचार र नैतिक सुधारसम्बन्धी पुराना ग्रिसेली मान्यताहरूको समायोजन गर्दै प्लेटोले इसा पूर्व तेस्रो सताब्दीमा नीतिवादी काव्यधारणा अगाडि ल्याएको पाइन्छ । स्वच्छन्दतावादी कवि शेलीले कविलाई विश्वको 'विधायिका' नै मानेका छन् भने म्याथ्यु आर्नोल्डले साहित्यलाई 'जीवनको समालोचक' ठानेका छन् ।[५] समाजपरक समालोचनाको सुरुवात भएपछि साहित्य जीवन र समाजको लागि हुनुपर्ने धारणा अझ सशक्त रूपमा उठ्यो । अठारौँ शताब्दीमा आएर हर्डर, टेन जस्ता समालोचकले स्रष्टा तत्कालीन समाज, संस्कृति, जाति र समयको संचेतनाबाट प्रभावित भएर लेखनकार्य अघि बढाएको हुन्छ भन्ने मान्यता प्रस्तुत गरे ।[६] समाजपरक समालोचनाले कलाकार/साहित्यकारले समाजको प्रतिबिम्ब कसरी उतारेको छ भन्ने कुरा हेर्दछ । साहित्य समाजसँग जोडिएको हुँदा लेखक, कृति र त्यस कृतिले समाजमा पार्ने प्रभाव तथा सामाजिक सम्बन्धहरूको मूल्याङ्कन गरिनुपर्छ । साहित्य केवल रचयिताको आत्मगत निजी अभिव्यक्ति मात्र होइन भन्ने कुरा साहित्य सम्बन्धी समाजपरक दृष्टिकोण राख्नेहरूको छ ।[७] आखिर साहित्य त जीवन र जगत्को लागि नै हुन्छ र हुनुपर्छ । १९ औं शताब्दीको सुरुवाततिर फ्रान्सका भिक्टर कुजेले कला कलाकै लागि हुनुपर्छ भन्ने सौन्दर्यवादी आन्दोलनलाई अघि बढाएका थिए । कलावादीहरूले वैचारिक पक्षलाई भन्दा सौन्दर्यपक्षलाई महत्त्व दिदै कलाको स्वयत्ततामा जोड

---

३ हेमाङ्गराज अधिकारी, **पूर्वीय समालोचना सिद्धान्त,** (काठमाडौँः साझा प्रकाशन, २०५०), पृ. १३ ।

४ केशवप्रसाद उपाध्याय, **पूर्वीय साहित्य सिद्धान्त,** (काठमाडौँः साझा प्रकाशन, २०५५), पृ.१३ ।

५ वासुदेव त्रिपाठी, पूर्ववत्,पृ.१४० ।

६ ऐजन, पृ.१४९ ।

७ ऐजन, पृ.१४० ।

दिएका छन् । कलावादी र जीवनवादी पक्षधरबीच चर्को विवाद भएको देखिन्छ । पछिल्लो समयमा आएर साहित्य जीवनको लागि सोद्देश्यपूर्ण हुनुपर्छ भन्ने कुरा मार्क्सवादीहरूले बढी उठाएका छन् । पूँजीवादी र बिस्तारवादी सभ्यता र संस्कृति हुर्किरहेको आजको दुनियाँमा साहित्यलाई रूपवादी जालोमा फसाउने र मनोरञ्जनको साधनको रूपमा मात्र हेर्न खोज्ने प्रवृति पनि विकसित भएको पाइन्छ । 'साहित्य जीवनको लागि' हो भने जीवनलाई मनोरञ्जन मात्र मान्ने र सिर्जनात्मक कार्यतर्फ अभिमुख नगराउने साहित्य वास्तवमै जीवनमुखी साहित्य बन्न सक्दैन । प्रगतितर्फ लम्कन र स्वतन्त्र, स्वाभिमानी मानव बन्न अनि मानवीय हक र अधिकार खोज्न पनि कलाकार/साहित्यकार लाग्नुपर्छ । आदर्श र समतापूर्ण समाज निर्माण गर्ने दिशामा स्रष्टाका पाइला अघि बढेको हुनुपर्छ । यसरी कला त 'कलाका लागि' नभएर 'जीवनका लागि' हुनुपर्छ । जीवन जीवन जस्तो बनाउन यसले सहयोगी भूमिका खेल्नुपर्छ ।

## २.२ राजनीति र साहित्यको अन्तरसम्बन्ध

प्रसिद्ध विद्वान् अरस्तुको एउटा भनाइ छ- 'प्राकृतिक रूपमा नै मानिस एउटा राजनीतिक प्राणी हो ।' आखिर जीवनसँग राजनीतिले प्रत्यक्ष सम्बन्ध राख्छ । राजनीति जनताको शान्ति सुरक्षा गर्ने, राज्यको शासन प्रणाली निर्धारण गर्ने, राष्ट्रिय एवं अर्न्तराष्ट्रिय नीतिको उर्पयुक्त सन्तुलन गर्ने, राज्यको शासन व्यवस्थासम्बन्धी नीति निर्माण गर्ने राज्य र प्रशासनसँग सम्बन्धित एक सामाजिक सम्बन्ध हो । तर साहित्य मानव जीवनका अनुभव र अनुभूतिहरूको सौन्दर्यपूर्ण कल्पनात्मक प्रस्तुति हो । प्रत्यक्ष रूपमा राजनीति र साहित्यको सोझो सम्बन्ध हुँदैन । ती बेग्लाबेग्लै विषय हुन् तर मानिस राजनीतिबाट टाढा रहन सक्दैन् भने त्यही मानिस जसले साहित्यको सिर्जना गर्दछ, त्यो पनि त राजनीतिबाट टाढा हुनसक्ने कुरै भएन । कला, साहित्य र राजनीति एउटै होइन । चेतनाका अन्य रूपले जस्तै कलाले पनि जनताको आवश्यकतालाई अभिव्यक्त गर्दछ । चेतनाका सबै शाखाका भिन्न-भिन्न पद्धति भए जस्तै कला साहित्यको पनि आफ्नै पद्धति हुन्छ । अभिव्यक्तिको विशिष्टताका कारण यो राजनीतिभन्दा भिन्न हुन्छ । राजनीतिले सत्ता र त्यसका विभिन्न अङ्गसँग सोझो सम्बन्ध राख्छ तर कला-साहित्य सौन्दर्यात्मक भूमिकासँग जोडिएर प्रस्तुत हुन्छ । राजनीतिक क्षेत्रमा प्रस्तुत हुने विचार सोझो रूपमा प्रस्तुत हुन्छ तर त्यही वैचारिक पक्ष साहित्यमा सौन्दर्यात्मक गुणलाई आत्मसात् गर्दै सौन्दर्यात्मक विधानमा प्रकट हुन्छ ।[८] जनताका केन्द्रीय आवश्यकतासँग सम्बन्धित नभएको र परिवर्तनलाई आत्मसात् गर्न नसक्ने साहित्य जतिसुकै सुन्दर र कलात्मक रूपमा प्रस्तुत भएपनि त्यसलाई सुन्दर भन्न सकिदैँन । रूपविधान पक्ष कलात्मक भयो र अर्न्तवस्तु पनि जनआवश्यकता अनुरूपको भयो भने त्यो उच्च र सौन्दर्यपूर्ण बन्न सक्छ ।[९]

कार्लमार्क्स र फ्रेडरिक एंगेल्सले द्वन्द्वात्मक भौतिकवादी विश्वदृष्टिकोण प्रस्तुत गरेपछि साहित्य र कला सम्बन्धी मान्यतामा पनि नवीन चिन्तन प्रस्तुत हुन थाले । उनीहरूले भिन्दै

---

८ ताराकान्त पाण्डेय, **कला साहित्य भूमिका र मूल्याङ्कन,** (काठमाडौँ: शीला योगी, २०५६), पृ.३ ।
९ ऐजन, पृ.३ ।

साहित्य र कला सम्बन्धी सिद्धान्त प्रस्तुत गरेका त छैनन् तर राजनीतिक सिद्धान्तसँग जोडेर आफ्ना मान्यत प्रस्तुत गरेका छन् । सम्पूर्ण समाज वर्गीय भएकाले साहित्य पनि वर्गीय हुने मान्यता यिनीहरूको छ । लेलिनले 'पार्टी सङ्गठन र साहित्य' भन्ने लेखमा साहित्य भित्र राजनीतिक सम्बन्ध प्रत्यक्ष रूपमा हुनुपर्ने कुरा उठाएका छन् । समाजवादी सर्वहारा वर्गले पार्टी साहित्यको सिद्धान्त अगाडि राख्नुपर्छ र सर्वहारा वर्गको साझा उद्देश्यको एक अङ्ग बन्नुपर्छ भनेका छन् । उनी साहित्य सुसङ्गठित, योजनाबद्ध, एकबद्ध, सामाजिक र जनवादी पार्टी कार्यको सङ्घटक अङ्ग बन्नुपर्ने तर्क राख्दछन् । उनको महान् जनवादी मेशिनको "दाँत र पेच" हुनुपर्ने धारणा छ ।[१०] उनी लाखौंलाख जनताको सेवा गर्ने साहित्य नै स्वतन्त्र साहित्य भएको धारणा राख्दछन् । आफूलाई वर्गभन्दा पर, राजनीतिभन्दा माथि ठान्ने लेखकहरू यथार्थत प्रतिक्रियावादी वर्गका पृष्ठपोषक हुने उनको धारणा छ । माओत्सेतुङ्ले पनि साहित्य कला सम्बन्धी येयान गोष्ठीमा प्रवचन दिने क्रममा प्रस्तुत गरेका मान्यता मार्क्सवादी साहित्यकारहरूले बारम्बार उठाउने गरेको पाइन्छ । उनका अनुसार "कला-कलाको निम्ति, वर्गहरूभन्दा माथिको कला, राजनीतिबाट अलग वा स्वतन्त्र कला भन्ने केही कुरा छैन ।" माओले त सांस्कृतिक परिवर्तनका लागि 'सांस्कृतिक पल्टन'कै कुरा उठाएका छन् । गोर्की, लुसुन लगायत विश्वप्रसिद्ध साहित्यकारले मार्क्स, एङ्गेल्स, लेलिन, माओका साहित्यसम्बन्धी दृष्टिकोणलाई आत्मसात् गरेर अघि बढेको पाइन्छ । लेलिनले साहित्य प्रत्यक्ष रूपमा पार्टीको नियन्त्रणमा हुनुपर्ने बताएका छन् । राजनीतिभन्दा पृथक रहेर लेखिने कला-साहित्यले जनताको केन्द्रीय आवश्यकतालाई अभिव्यक्त गर्न नसक्ने र त्यस्तो साहित्यले सुन्दर हुने अर्न्तवस्तुको निर्माण गर्न पनि नसक्ने मत प्रकट गरेका छन् ।[११]

राजनीतिक उद्देश्य बिना साहित्य र कलाको स्थापना गर्नु हावा र पानीविनाको जीवनको कल्पना गर्नु जस्तै असम्भव कुरा हो[१२]भनेर पुष्पलालले राजनीतिबाट बिल्कुल अलग स्वतन्त्र साहित्यको रचना हुन नसक्ने धारणा व्यक्त गरेका छन् । साहित्य र कला कि त समस्यामूलक कि त काल्पनिक उडानमा आधारित हुन्छ । समस्यामूलक साहित्य प्रष्टतः राजनीतियुक्त हुन्छ । काल्पनिक र उडन्ते साहित्यमा बाहिरबाट त राजनीतिक छाप देखिदैंन तर त्यस्तो साहित्य जनतालाई भुलभुलैयामा पार्न शोषक वर्गद्वारा तयार पारिने हुँदा त्यो पनि एउटा चालबाजी नै हो ।[१३] साहित्य-कला मनोरञ्जनका निम्ति बाहेक अर्ति, उपदेश, एकता, उत्साह, प्रेरणा, ज्ञान आदि कैयौं उद्देश्य पनि हुन्छन् ।

साहित्य जीवनका लागि हो भने जीवनसँग राजनीतिले प्रत्यक्ष सम्बन्ध राख्दछ । संसारका ठूला-ठूला विद्रोह र परिवर्तन राजनीतिक आन्दोलनका आधारमा भएको पाइन्छ । विद्रोहमा राजनीतिक चेतना प्रबल बन्दछ किनभने सामाजिक चेतनाका विविध रूपमध्ये राजनीतिक तत्त्वमा

---

१० लेलिन, **भ्या इ.लेलिन सङ्कलित रचना, भाग-१,** अनु. राजेन्द्र मास्के, (बुटवल : जनसाहित्य प्रकाशन समूह, २०६३), पृ.४० ।

११ ऐजन ।

१२ **पुष्पलालका छानिएका रचना भाग-३ ,** (काठमाडौ : पुष्पलाल स्मृति प्रतिष्ठान), पृ.१०५ ।

१३ ऐजन .।

सबैभन्दा बढी समाज रूपान्तरणकारी गुण रहेको हुन्छ ।[१४] राजनीतिले आर्थिक सामाजिक संरचनामा प्रभाव पार्दछ र आर्थिक सामाजिक संरचनामा भएको परिवर्तनले साहित्यमा पनि प्रभाव पार्दछ । मार्क्सवादी दृष्टिकोणले हेर्ने हो भने आर्थिक सामाजिक संरचना समाजको प्रमुख आधार हो र साहित्य तथा कला आधारमाथि उभिएको अधिरचनाको वैचारिक रूप हो । समाजको आधारमा हुने परिवर्तनले साहित्यिक-सांस्कृतिक पक्षमा परिवर्तन ल्याउँछ भने साहित्य-कला र सांस्कृतिक पक्षमा भएको परिवर्तनले आधारमा परिवर्तन ल्याउँछ ।[१५] साहित्य-कला आधार परिवर्तन वा आर्थिक सामाजिक परिवर्तनको दिशामा उन्मुख हुनुपर्छ । यथास्थितिबाट अघि बढ्न र परिवर्तन ल्याउनमा यसको भूमिका हुनुपर्छ ।

मार्क्सवादी (प्रगतिवादी) हरूले मात्र होइन, गैरमार्क्सवादीहरूले पनि साहित्य र राजनीतिको सम्बन्ध हुने कुरा स्वीकार्दछन् । मार्क्सवादी हुँदासाथ वैचारिक पक्ष सशक्त रूपमा आउने र नहुँदासाथ नआउने भन्ने होइन । फेरि समाजमा भएका विकृति र विसङ्गतिको विरोध गर्न मार्क्सवादी सिद्धान्त नै अबलम्बन गर्नुपर्छ भन्ने पनि होइन । प्रगतिशील विचारधारा भएका साहित्यकार जुनसुकै राजनीतिक वाद र विचारधाराका पनि हुन सक्दछन् । समाजमा परिवर्तन चाहनासाथ र हक-अधिकारका कुरा साहित्यबाट उठाउन साथ राजनीतिक कुरा उठिहाल्छ । यथार्थवादी साहित्यकार-कलाकारहरूले वस्तु जगत्मा यथार्थ वा सत्य जे-जस्तो छ त्यसको चित्रण गर्छन् । उनीहरूले समाजका विकृति र विसङ्गतिको यथार्थ जस्ताको तस्तै उतार्दा विकृत पक्षमाथि आम जनताको नकारात्मक धारणा बन्दछ र सकारात्मक पक्षप्रति लाग्नुपर्ने सन्देश जान्छ । यर्थाथवादी साहित्यकार बाल्जाकलाई मार्क्स, एङ्गेल्सले उच्च मूल्याङ्कन गर्नुको कारण समाज रूपान्तरण गर्ने शक्ति यर्थाथवादी साहित्यकारमा प्रत्यक्ष-अप्रत्यक्ष रूपमा हुने भएर नै हो ।[१६] आलोचनात्मक यर्थाथवाद गैह्रमार्क्सवादी मान्यता हो । नकारात्मक पक्षको यसले पनि मार्क्सवादले जस्तै विरोध गर्दछ । पूँजीवादी शोषण, दमन, उत्पीडन, अमानवीयता आदिको कटु आलोचना गर्ने काम आलोचनात्मक यर्थाथवादले गर्दछ ।[१७] समाजका नकारात्मक पक्षको विरोध गर्दै स्वस्थ समाजको निर्माणका लागि आलोचनात्मक यर्थाथवादी धारका साहित्यकार पनि अग्रसर हुन्छन् । प्रगतिशील विचार भएका गैरमार्क्सवादीहरू पनि आदर्श र स्वस्थ समाज निर्माणको लागि साहित्यले भूमिका खेल्नुपर्छ भन्ने पक्षमा छन् । कला र साहित्य यदि जीवनका लागि हो र प्रयोजनयुक्त छ भने कलावादीहरूको 'कला कलाका लागि' भन्ने मान्यता स्वीकार्न सकिदैंन । तसर्थ समाजका हरेक पक्षमा राजनीतिक अवस्थाले प्रभाव पारेको हुन्छ । समाजका विषयलाई छोएर कला-साहित्य सिर्जना गर्नासाथ प्रत्यक्ष-अप्रत्यक्ष रूपमा यो राजनीतिसँग सम्बन्धित भइहाल्छ ।

नेपालकै परिवेशमा हेर्दा पनि राजनीतिसँगै जोडिएर साहित्यको सुरुवात भएको पाइन्छ । प्राथमिककालीन भक्तिवादी साहित्य राजा-महाराजा र शोषकवर्गको भक्तिगान गरेरै सुरु भएको

---

[१४] घनश्याम ढकाल, "मुक्तिसंघर्ष भित्र अभिव्यक्तिगत विद्रोह चेत", **मुक्तिसंघर्ष**, (पोखरा : लोकतान्त्रिक वाङ्मय समाज, कास्की), पृ.५ ।

[१५] ऋषिराज बराल, **प्रगतिवाद**, (विराटनगर : हाम्रो साहित्य सदन,२०४९), पृ.५३ ।

[१६] ऋषिराज बराल, पूर्ववत्, पृ.३० ।

[१७] मोहनराज शर्मा र खगेन्द्र लुइँटेल, पूर्ववत् , पृ.२९६ ।

थियो । पछि राणाहरूको शासनको समयमा दरबारीयाहरूको भक्तिगानतर्फ परिणत भयो । कतिपय समयमा साहित्यकारहरूले शासक वर्ग र शोषकवर्ग विरुद्धमा जनपक्षीय आवाज उठाएका पनि छन् । सुब्बा कृष्णलाल अधिकारीले शासकवर्गकै विरोधमा आवाज उठाएको आरोपमा जेलभित्रै ज्यान गुमाउनु पऱ्यो । त्यसपछि पनि शासकवर्गबाट यातना पाउने र विदेशमा निर्वासित हुनेहरू धेरै छन् । २०३६ र २०४६ सालमा सडकमै पुगेर साहित्यकारहरूले गरेको आन्दोलन जनअपेक्षा अनुरूप राज्यसत्ता परिवर्तनको आन्दोलन थियो । त्यहाँ राजनीतिसँग प्रत्यक्ष-अप्रत्यक्ष जोडिएर स्रष्टाहरू आएका थिए । राजनीतिक क्षेत्रबाट आन्दोलनमा आएका र साहित्य-कलाबाट आन्दोलनमा आएकाहरूको साझा उद्देश्य जनताको शासन स्थापना गर्ने थियो ।

२०५९ पछि स्रष्टाहरूले विभिन्न माध्यमबाट निरङ्कुश राजतन्त्र र सामन्ती व्यवस्थाका विरोधमा गरेको आन्दोलन पनि त्यस्तै प्रकृतिको हो । कतिपय स्रष्टाहरूले राजनीतिबाट टाढै बस्नुपर्छ र विशुद्ध गैरराजनीतिक कला-साहित्य सिर्जनामा लाग्नुपर्छ भन्ने मत प्रकट गरेको पाइन्छ । एकथरीले कला-साहित्यको लागि राजनीति अछुत हो भनिरहँदा अर्काथरी भने राजनीतिक आन्दोलनको पक्षमा सिर्जना मार्फत मात्र होइन, भौतिक उपस्थितिबाटै सहयोग गरिरहेका थिए । दुवैथरीले यसो भनिरहँदा प्रत्यक्ष-अप्रत्यक्ष रूपमा एउटा एउटा राजनीतिक चिन्तनका पक्षमा काम गरिरहेको देख्न सकिन्छ । साहित्यमा राजनीति हुनुहुँदैन भन्नेहरू पनि अप्रत्यक्ष रूपमा शासक वर्गकै हितमा काम गरिरहेका हुन्छन् । कतिपय राजनीति गर्न हुँदैन भन्ने स्रष्टाहरूसमेत निरङ्कुशताको गुणगान गाउन ज्यानै फालेर लागेको पनि नपाइएको होइन । शासक वर्ग र तिनका समर्थक भनाउँदा कतिपय कलाकार-साहित्यकारहरू जनताको हितविपरीत काम गरेर देश र जनतामाथि खेलवाड गर्दछन् । तिनीहरू समाज यथास्थितिमै रहोस् र वैचारिक क्रान्ति नहोस् भन्ने चाहन्छन् ।[१८] सच्चा साहित्य र कलाले मान्छेबाट मान्छेको शोषण हुने परिपाटीको अन्त्य गर्ने सन्देश दिएको हुनुपर्छ । २०६२-२०६३ को आन्दोलन वरिपरि केही सामन्ती संस्कृति र निरङ्कुश राजतन्त्रका पक्षधर स्रष्टाले आन्दोलनको विरोध गरे । राजतन्त्रको समाप्ती भनेको सामन्ती संस्कृतिको उच्छेदको प्रारम्भ हो र नयाँ संस्कृति निर्माणतर्फको पाइला हो । सामन्ती राज्यसत्ता र समाज कायम रहँदा लिने गरेका प्रत्यक्ष-अप्रत्यक्ष फाइदाका अवसरबाट तिनीहरू बञ्चित हुन्छन् र सामन्ती भजन गाएर आफूलाई कथित महान् भनाउने अवसरबाट पनि वञ्चित हुन्छन् ।

राजनीति र सिर्जनाको कार्य क्षेत्र र भूमिका भिन्न भए पनि दुवैले समाजलाई समान लक्ष्यको दिशामा जान प्रेरित गर्दछन् । वास्तविक स्रष्टा त सधैंभरी नै परिवर्तनको पक्षमा रहेको हुन्छ । उसको हरेक सिर्जनाकर्म परिवर्तन र अग्रगमनका पक्षमा रहेको हुन्छ तर पनि स्रष्टा विशिष्ट परिस्थितिमा सिर्जनात्मक कर्मद्वारा मात्र नभएर भौतिक रूपमै पनि आन्दोलनमा सहभागी हुन्छन् ।[१९] २०६३, २०४६ र २०५९ पछि स्रष्टाहरू राजनीतिक आन्दोलनलाई समर्थन गर्दै सडकमा आए, त्यो विशिष्ट परिस्थितिमा सिर्जनात्मक प्रस्तुतिसहित भौतिक उपस्थितिको आवश्यकता पूर्तिको लागि गरिएको कार्य हो । निरङ्कुशता चरम रूपमा हावी भइरहेको समयमा स्रष्टाहरूले गरेको

---

[१८] श्रीधर गौतम, “साहित्य र राजनीतिको अर्न्तसम्बन्ध”, **हाँक** साप्ताहिक, (वर्ष २३, अङ्क २५,२०६२), पृ.६ ।

[१९] निनु चापागाई, “आन्दोलनमा स्रष्टाको भूमिका”,**जनएकता,** (वर्ष ९, अङ्क ४१, २०६१ जेठ), पृ.६ ।

दायित्वबोध हो । समाज रूपान्तरणको प्रश्न आर्थिक-सामाजिक पक्षसँग जोडिएको हुन्छ, जुन काम खासगरी राजनीतिक शक्तिहरूको सक्रियतामा हुन्छ तर स्रष्टाहरू पनि सधैं आर्थिक-सामाजिक रूपान्तरण तथा सत्य र न्यायका पक्षमा रहेका हुन्छन् । लोकतान्त्रिक आन्दोलनमा स्रष्टाहरूले गरेको आन्दोलन पनि आर्थिक-सामाजिक तथा हरेक पक्षको रूपान्तरणको लागि हो । जनअधिकारको ग्यारेन्टीका लागि हो । तत्कालीन अवस्थामा सङ्घीय गणतन्त्र हुँदै अघि बढ्नका लागि आफ्ना कलाकृति मार्फत् जनमत सिर्जना गर्नु स्रष्टाहरूको प्राथमिक दायित्व थियो । निरङ्कुश र अलोकतान्त्रिक राजतन्त्रलाई अन्त्य गर्नको लागि त्यतिखेर भौतिक र आत्मिक रूपले जसरी स्रष्टाहरू सडकमै आए, त्यो तत्कालीन आवश्यकता थियो ।[२०] राजनीति र साहित्य दुवै विषय परस्पर पूरक र अन्योन्याश्रित छन् । साहित्यमा समाजको प्रभाव पर्छ र समाजमा पनि साहित्यको प्रभाव पर्छ । साहित्यले सामाजिक आन्दोलन र राष्ट्रिय जागरणमा मात्र नभएर मानव जीवनको दैनिक व्यवाहरमा समेत प्रभाव पार्दछ । साहित्यमा प्रत्येक युगको संस्कृति, सभ्यता, इतिहास, राजनीति, सामाजिक चिन्तन एवं राज्यव्यवस्थाको प्रभाव परेको हुन्छ ।[२१] साहित्यले राष्ट्रको भौतिक समुन्नतिमा योगदान पुऱ्याउँछ भने लोकतन्त्रले जनचेतनाको लागि आवश्यक सहयोग गर्छ ।[२२] त्यही परिवर्तन र जनआकाङ्क्षा अनुरूपको राज्यव्यवस्था स्थापना गर्ने पवित्र उद्देश्य लिएर २०६२/२०६३ को आन्दोलनमा स्रष्टाहरू सडकमै आएका थिए । देशमा लोकतान्त्रिक सङ्कट आइपरेको विशिष्ट परिस्थितिमा स्रष्टाहरूले आफ्ना सिर्जनाहरूमा स्थुल राजनीतिको मात्रालाई स्थान दिनु उनीहरूको विशेष दायित्व हो । तारानाथ शर्माले "साहित्य सोझो राजनीतिक फलाको होइन...कलात्मकताको आवरणभित्र युगध्वनि प्रतिबिम्बित भएको हुन्छ" [२३] भनेर राजनीतिक अवस्थाले स्रष्टालाई छुने कुरा बताएका छन् ।

यसरी कला, साहित्य र राजनीति प्रत्यक्ष रूपमा सम्बन्धित रहेका हुन्छन् । देशको राजनीतिक अवस्थाले सामाजिक-आर्थिक सम्बन्धहरूमा परिवर्तन ल्याउँछ र कला-साहित्यलाई सामाजिक-आर्थिक धरातलले प्रभाव पार्दछ । प्राकृतिक रूपमै मान्छे राजनीतिक प्राणी भएकाले कला-साहित्य पनि त्यसभन्दा अलग रहन सक्दैन । हरेक राजनीतिक रूपान्तरण र त्यसपछिको अवस्थामा कला-साहित्य आफ्नै चरित्र अनुरूप भिन्न-भिन्न किसिमले प्रस्तुत हुन्छ । कलाकार, साहित्यकार जहिले पनि परिवर्तन र स्वतन्त्रताका हिमायती हुने हुँदा उनीहरूले न्यायपूर्ण आन्दोलन र सकारात्मक परिवर्तनलाई स्वीकारेका हुन्छन् । २०६२/२०६३ को राजनीतिक परिवर्तनको लागि २०५९ सालपछि स्रष्टाले गरेको आन्दोलनको महत्व नेपाली साहित्यमा उच्च छ र राजनीतिक इतिहासमा पनि । २०५२ मा माओवादी जनयुद्ध सुरु भएपछि सामन्ती राज्यव्यवस्थाका जरा हल्लाउन माओवादी समर्थक स्रष्टाले गरेको योगदान बिर्सन मिल्दैन । नेपालमा गणतान्त्रिक युगको नयाँ बिहानी ल्याउनमा स्रष्टाहरूले कलमका माध्यमबाट जगाएको जनचेतना र योगदानको

---

२० ऐजन ।

२१ तुलसी भट्टराई, **सामाजिक रूपान्तरणमा स्रष्टाहरूको भूमिका**, नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा २०६४ फागुन ४-७ मा काठमाडौँमा भएको राष्ट्रिय संगोष्ठीमा प्रस्तुत कार्यपत्र, पृ.३ ।

२२ ऐजन,पृ.४ ।

२३ तारानाथ शर्मा, **नेपाली साहित्यको इतिहास,** चौ.सं., (काठमाडौँ : अक्षर प्रकाशन ), पृ.७५ ।

मूल्याङ्कन हुन आवश्यक छ । यसलाई संस्थागत गर्न र सामन्ती संस्कृतिको अन्त्य गर्न स्रष्टा अझै लाग्नुपर्छ ।

## २.३ गणतन्त्र सम्बन्धी आधारभूत अवधारणा

### २.३.१ गणतन्त्र स्थापनाको राजनीतिक पृष्ठभूमि

नेपालको राजनीतिक वृत्तमा गणतान्त्रिक नेपालको आवाज जोडतोडका साथ उठ्न थालेको २०६१ सालदेखि हो । राणाकालभन्दा पहिला राजतन्त्रको विरुद्धमा सङ्गठित आवाज उठेको पाइँदैन । राणाकालमा शासनसत्ता राणाहरूकै हातमा भएको हुँदा राजाहरूप्रति लक्षित गरेर खासै आन्दोलन भएको पाइँदैन । राणाहरूको सामन्ती हैकमको विरोध गर्दै १९९० को दशकमा जनताहरू सङ्गठित आन्दोलनमा लाग्न थाले । १९९८ तिर अखिल नेपाल वर्ग महासभा र त्यसका मातहतमा गठन भएको रक्तपात कमिटिले 'गणतन्त्र नेपाल जिन्दावाद' को नारा लगाएको थियो त्यसपछि गणतन्त्रको आवाज २००६ सालमा नेपाल कम्युनिष्ट पार्टीको स्थापनापछि नै उठेको थियो र २०३५/३६ सालतिरबाट रामराजाप्रसाद सिंहको नेतृत्वमा स्थापित जनवादी मोर्चाले पनि राजतन्त्रको समाप्ति र गणतन्त्रको स्थापनाको माग राखेको थियो । २०४२ सालमा नारायणहिटी राजदरबार अगाडि बम विष्फोट भएको घटना पनि गणतन्त्रकै मागसँग जोडिएको थियो । २०३६ र २०४६ सालको आन्दोलनमा भने गणतन्त्रको मुद्दा दह्रोसँग उठेन । २०१७ सालमा महेन्द्रले सुरु गरेको निरङ्कुश पञ्चायती व्यवस्थाको अन्त्य गरी प्रजातन्त्रको पुनर्स्थापना गर्नु नै यस आन्दोलनको उद्देश्य थियो । २०५२ सालदेखि नेकपा माओवादीले सुरु गरेको सशस्त्र द्वन्द्वको उद्देश्य समाजवादी गणतन्त्रको स्थापना भएपनि दरबार हत्याकाण्डभन्दा पहिला गणतन्त्रको मुद्दामा केन्द्रित थिएन । दरबार हत्याकाण्ड पछि नै माओवादीले नेपालमा परम्परागत राजतन्त्रको औचित्य समाप्त भएको घोषणा गरेका थिए । २०५९ असोज १८ र २०६१ माघ १९ का घटनापश्चात् २०४६ को जनआन्दोलनबाट सीमित अधिकारहरूसमेत खोसिन पुगे । माघ १९ पछिका दिनमा नेपाली राजनीतिमा ध्रुवीकरण प्रक्रिया सुरु भयो । दरबारका विरुद्ध आन्दोलनरत सात दल र सशस्त्र युद्ध सुरु गरेर लडिरहेको माओवादी बीच २०६१ मंसीर ७ गते बाह्रबुँदे समझदारीपत्रमा हस्ताक्षर भयो । २०६२ वैशाख १ गते भित्र नगरपालिकाको निर्वाचन गराउने घोषणा राजाले गरिसकेका थिए तर त्यस निर्वाचनमा भाग नलिने घोषणा काङ्ग्रेस, एमाले, प्रजातान्त्रिक काङ्ग्रेस, जनमोर्चा र सद्भावना आनन्दीदेवी समूहले गरिसकेका थिए र माओवादीले समेत २०६१ फागुन १ गते एक वक्तव्य जारी गरी राजतन्त्रका विरुद्ध एकजुट हुनु सबैलाई आह्वान गरिसकेको थियो । त्यसपछि दलहरूले अघि बढाएका राजतन्त्र विरोधी कार्यक्रमलाई माओवादीले समर्थन गर्दै आएको थियो । बाह्रबुँदे सम्झौताभन्दा पहिलादेखि नै दरबारका विरुद्ध संसदीय दल र माओवादी एउटै ध्रुवमा देखिएका भएपनि यस राजतन्त्र विरोधी आन्दोलन भने पछि मात्र संयुक्त रूपमा अगाडि बढ्यो । माओवादी र सातदल गाउँ र सहर दुवैतिरबाट राजतन्त्रका विरुद्ध केन्द्रित भए । यसपछिका दिनमा लोकतान्त्रिक गणतन्त्रको स्थापना र संविधानसभाको निर्वाचनको लागि देशका सबैजसो ठाउँबाट आन्दोलन अघि बढ्यो । सातदल र माओवादीको संयुक्त आन्दोलनका कारण 'जनआन्दोलन-दुई' सफल भयो र संविधानसभाको निर्वाचन पनि भयो । संविधानसभाबाट निर्वाचित

जनप्रतिनिधिहरूको अत्यधिक बहुमतले २०६५ जेठ १५ गते 'गणतान्त्रिक नेपाल'को घोषणा गऱ्यो । यसरी २४० वर्षसम्म जरा गाडेर बसेको शाहवंशीय राजपरम्पराको अन्त्य भयो । यस गणतान्त्रिक आन्दोलनमा नेपाली स्रष्टहरूको योगदान पनि उल्लेखनीय छ ।

## २.३.२ गणतन्त्रको आधारभूत अवधारणा

कुनै पनि देशको राज्यप्रमुख राजा नभई जननिर्वाचित व्यक्ति भएको शासनव्यवस्थालाई आमरूपमा गणतान्त्रिक व्यवस्था भनेर बुझिएको पाइन्छ । गणतन्त्रमा कुनै पनि व्यक्तिले जन्मजात रूपमा विशेषाधिकार प्राप्त गरी वंशानुगत आधारमा राज्यप्रमुखको रूपमा रहँदैन र सम्पूर्ण जनताको राज्य संचालनमा सहभागिता रहेको हुन्छ ।[२४]

'गणतन्त्र' शब्दको व्युत्पत्तिगत आधारलाई हेर्दा यो शब्द 'गण' र 'तन्त्र' दुई शब्दहरूको योगबाट बनेको छ । गणको अर्थ समूह वा वर्ग र तन्त्रको अर्थ प्रणाली वा व्यवस्था भन्ने हुन्छ । यसरी गणतन्त्र भन्नाले जनताको समूह मिलेर समाजलाई सञ्चालन गर्ने नीति-नियम र विधि-विधानलाई सञ्चालन गरिने शासनव्यवस्था भन्ने बुझिन्छ । प्राचीन मनुष्य गणमा बस्दथ्यो र गणकै सामूहिक निर्णयका आधारमा चल्थ्यो । वर्गीय समाजको सुरुवात भएपछि गणलाई शासन गर्न शासकहरूको जन्म भयो र त्यस्तो शक्तिशाली शासकलाई राजा भन्न थालियो । सामन्ती युगमा आइसकेपछि वंशानुगत रूपमा राजा बन्ने परम्परा सुरु भयो । यसपछि धर्म, नीति, साहित्य आदिका माध्यमबाट वंशानुगत राजतन्त्रलाई अझ बलियो बनाउने काममा शासकहरू लागि परे । गणतन्त्र भन्नाले वंश, लिङ्ग, विचार, क्षेत्र कुनैमा भेदभाव नगरी राष्ट्रप्रमुख वा राष्ट्राध्यक्ष निर्वाचित हुने राज्यप्रणाली हो । गणतन्त्र शब्दलाई सुरुमा राज्यकै पर्यायका रूपमा बुझिन्थ्यो । ग्रीक दार्शनिक प्लेटोले आजभन्दा २५ सय वर्ष पहिले रिपब्लिकन लेख्दा यही अर्थमा लिएका थिए । नेपालकै इतिहासमा पनि बुद्धकालीन समय वा किराँतकालीन समयमा राज्यप्रमुख निर्वाचित नै हुने चलन थियो । लिच्छवीकालमा समेत राजाहरू निर्वाचित हुन्थे ।[२५]

नेपालमा राजतन्त्रको उत्पत्ति कुन मितिमा भयो भनेर किटान गर्न गाह्रो मात्र होइन असम्भव नै छ किनभने राजतन्त्रको सुरुवात कुनै निश्चित तिथिमितिबाट सुरु नभई समाज विकासको लामो क्रममा क्रमिक रूपमा विकसित भएको हो । वैदिककालीन ग्रन्थहरू तथा रामायण र महाभारतमा पनि राजा महाराजाको कुरा पाइन्छ । विश्वमै सामन्ती युगको विकाससँगै राजतन्त्रको विकास भएको हो । नेपाली भूमिमा राजतन्त्रको बारेमा इ.पू. चौथो शताब्दीभन्दा अघिको कुनै अभिलेख पाइँदेन । नेपाली राजाहरूको मिति किटान अभिलेख इ.पू. ४६४ को राजा मानदेवको चागुंनारायणको अभिलेख हो । नेपालमा पाइएको सबैभन्दा पुरानो वंशावली गोपाल वंशावलीमा उल्लेख भएअनुसार नेपालमा शासन गर्ने पहिलो राजखलक गोपाल वंश हो । स्थानीय सामन्तहरूको हालिमुहाली र पैत्रिक सम्पतिमा वाडफाड हुन

[२४] कृष्ण पोखरेल र अन्य, **लोकतान्त्रिक गणतन्त्र : संविधान, संविधानवाद,समावेशी लोकतन्त्र र राज्यको पुर्नसंरचना**, (काठमाडौँ : एसिया पब्लिकेसन,२०६३), पृ.५३ ।

[२५] नरहरि आर्चाय, "लोकतन्त्रको सैद्धान्तिक परम्परा", **गरिमा,** (वर्ष २५, अङ्क ५ ,२०६४ बैशाख), पृ.१०४ ।

थालेपछि  धेरै भुरे टाकुरे राज्यहरू विकसित हुन थाले । वर्तमान नेपाली भूमिभित्र  विभिन्न वंशका धेरै राजाहरूले शासन गरे ।  शक्तिशाली  बन्न पुगेका गोरखाका  शाह  वंशीय राजाहरूले नेपाललाई एकीकरण गर्दै लगे र  १८७२ मा मात्र नेपालले हालको स्वरूप प्राप्त गऱ्यो ।[२६] राजतन्त्रको उत्पत्तिका बारेमा धेरै सिद्धान्तहरू भए पनि मुख्यतः दैवी सिद्धान्त, सामाजिक अनुबन्ध र वर्ग सङ्घर्ष जस्ता मुख्य तीन सिद्धान्तहरू पाइन्छ । राजतन्त्रको दैवी सिद्धान्त बारे मनुस्मृतिले संसारमा अराजकताको कारणले सबैतिर डर फैलिएको बेला सृष्टिको रक्षा गर्न भगवान्‌ले राजाको सृष्टि गरे भनेको छ । सामन्तवादी युगमा सुरु भएको दैवी सिद्धान्तले राजालाई 'साक्षात् विष्णुका अवतार'का रूपमा लिएको छ ।[२७] सोह्रौं शताब्दीको मध्यसम्म पनि गोर्खाका विभिन्न ठाउँहरूमा मगर कविलाको स्वभाविक गणतन्त्रीय जनवादी व्यवस्था थियो । ती विभिन्न कविला समाजहरू मध्ये लिगलिग पनि एउटा थियो । लिगलिगमा वर्षेनी समाज भेला भई आफ्नो गण नायक छान्ने व्यवस्था थियो । त्यसै अवस्थामा द्रव्य शाह आफ्नो निजी सैन्य दल लिई त्यस ठाउँमा पुगेर उक्त इलाका कब्जा गरे । त्यसपछि गोर्खा राज्यमाथि आक्रमण गरी १६२५ मा शाहवंशको जग हालेका थिए ।[२८] त्यसपछिका दिनमा गोर्खा राज्य बलियो बन्न थाल्यो । द्रव्य शाहका सन्तान पृथ्वीनारायण शाहले टुक्रा-टुक्रामा छरिएर रहेका राज्यहरूलाई एकीकरण गरी एउटै विशाल केन्द्रीकृत राज्यको निर्माण गरेका थिए । १८२५ देखि नेपाल राज्यको स्थापना भएको मानिन्छ । नेपालमा राजतन्त्रको विकास लिच्छवी युगमा आएर भएको पाइन्छ । आदिम युगमा राजतन्त्र थिएन । सुरुमा विभिन्न इलाकामा सामन्ती सरदारहरू थिए । पछि सरदारहरू कमजोर हुन गई राजाहरू बलिया बन्दै गए र वंश परम्पराअनुसार राजकाज सञ्चालन गर्न थाले । मल्ल युगमा आए पछि मात्र स्थानीय सरदारहरूले आफ्नो निजी सेना राख्न नपाउने भए र राजाहरूले छुट्टै राज्य सेनाको गठन गर्न थाले । यसपछिका दिनमा हिन्दू धर्मको आडमा राजाहरूले आफूलाई 'विष्णुको अवतार' भनेर भ्रम छर्दै रजाईं गर्न थाले । [२९] यो प्रक्रिया शाहवंशले केन्द्रीकृत राज्यको स्थापना गरेपछि पनि चली नै रह्यो । यस परम्परालाई तोड्न र भ्रमलाई चिर्न २०६० को दशकसम्म पर्खनु पऱ्यो । पश्चिमी जगत्‌मा हेर्दा प्राचीन रोममा गणतन्त्रात्मक व्यवस्था रहेको पाइन्छ, जसलाई विस्थापित गरी पछि रोमन साम्राज्यको उदय भयो । आधुनिक युगमा सुस्थिर गणतन्त्रको प्रारम्भ अमेरिकाबाट भयो, जुन जन्मदै गणतन्त्रात्मक मुलुकका रूपमा देखिएको   थियो ।[३०]

नेपाली शब्दकोशले शासनप्रणाली स्थानीय तहदेखि केन्द्रीय तहसम्म नै जनताद्धारा निर्वाचित हुने प्रतिनिधिबाट सञ्चालित राजनीतिक व्यवस्थालाई गणतन्त्र भनेको छ । सङ्घीय मान्यतामा आधारित प्रादेशिक संरचना सहितको गणतन्त्रलाई 'गणराज्य' शब्दको प्रयोग गरिन्छ । गणतन्त्रले सङ्घात्मक अवस्थालाई बुझाउँछ ।

---

[२६] मुरारी अर्याल, नेपालमा सामन्तवाद, (काठमाडौँ: सहस्राब्दी प्रकाशन प्रा.लि. २०६१० पृ. ९९-१०० ।

[२७] पुष्पलाल, **छालिएका रचना भाग-१**, (काठमाढौँ : मदन आश्रित स्मृति प्रतिष्ठान, २०५३) , पृ.३३४-३३५।

[२८] ऐजन, पृ. ३३६ ।

[२९] ऐजन, पृ.२४३-२४४ ।

[३०] कृष्ण पोखरेल र अन्य, पूर्ववत्, पृ. ५४ ।

गणतन्त्र, लोकतन्त्र र प्रजातन्त्र जस्ता शब्द कतिपय अवस्थामा समानार्थी शब्दका रूपमा आएका पनि पाइन्छन् । हुनतः शब्दको अर्थ निर्धारण गर्ने काम त्यो शब्दको प्रयोगकर्ताहरूको बुझाइको आधारमा हुन्छ । कुनै देशमा जनपक्षीय शासनव्यवस्था छ कि छैन भन्ने कुरा शब्दले नभएर शासन सञ्चालनको पद्धतिले स्पष्ट पार्ने कुरा हो । त्यसैले शब्दभन्दा पनि 'सिस्टम' महत्त्वपूर्ण हुन्छ । बङ्गाली भाषामा लोकतन्त्रलाई गणतन्त्र भनिन्छ भने भारतको प्रजातन्त्रलाई लोकतन्त्र भनिन्छ । बेलायतको डेमोक्रेसीलाई धेरैले लोकतन्त्रसहितको प्रजातन्त्र भनेको पाइन्छ । बेलायतको डेमोक्रेसी राजा सहितको डेमोक्रेसी हो । अमेरिकी राष्ट्रपति अब्राहम लिङ्कनले भने जस्तै प्रजातान्त्रिक व्यवस्थामा जनताले, जनताका लागि जनताद्वारा नै निर्वाचित प्रतिनिधि मार्फत राज्यको शासनव्यवस्था सञ्चालन गरिन्छ । प्रजातान्त्रिक व्यवस्थामा कुनै पनि व्यक्ति, कुल, वंश वा परम्पराका आधारमा नभएर जनविश्वासका आधारमा राज्यसञ्चालनको तहमा पुग्दछ भन्ने सिद्धान्तका आधारमा हेर्ने हो भने पनि राजतन्त्र त प्रजातान्त्रिक मूल्य र मान्यता विपरीत हुन जान्छ नै । भाषा वैज्ञानिक मान्यताअनुरूप हेर्दा दुई वटा फरक-फरक शब्दले एउटै अर्थ दिन सक्दैनन् । हरेक शब्दको निर्माण आफ्नै विशिष्टता, आवश्यकता र अर्थमा भएको हुन्छ । त्यसैले 'गणतन्त्र', 'लोकतन्त्र', र 'प्रजातन्त्र' जस्ता शब्दहरूलाई नेपाली सन्दर्भमा कसरी बुझिदै आएको छ भन्ने कुरा हेर्नुपर्ने हुन्छ ।

राजनीतिज्ञ नरहरि आर्चायले गणतन्त्र वा गणराज्यलाई राज्यको संरचना अर्थात् ढाचाँलाई र लोकतन्त्र भन्नाले मूल्यपद्धतिलाई मानेका छन् । उनले विश्वभरी नै एकै किसिमले बुझिने व्यक्तिगत स्वतन्त्रता, मानव अधिकार, अभिव्यक्ति र प्रेस स्वतन्त्रता, जनताका प्रतिनिधिहरूले बनाएको कानुनबाट राज्य सञ्चालन, कानुनका अगाडि सबैलाई समान व्यवाहर गरिन्छ भन्ने कानुनी मान्यता, बहुदलीय र प्रतिस्पर्धात्मक शासनप्रणाली जस्ता कुरालाई लोकतान्त्रिक मूल्यका रूपमा स्वीकार गरेका छन् ।[३१] जनआन्दोलनपछि बनेको नेपालको 'अन्तरिम संविधान-२०६३' मा पनि लोकतान्त्रिक मूल्य र मान्यताका रूपमा प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासनव्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानवअधिकार, वालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र न्यायपालिका तथा कानुनी राज्यको अवधारणालाई लिइएको छ । हालको अन्तरिम संविधानमा 'प्रजातन्त्र' हटाई 'गणतन्त्र' शब्द राखिएको छ ।

प्रजातन्त्र र लोकतन्त्रलाई अङ्ग्रेजीमा 'डेमोक्रेसी' भनिन्छ । कतिपय देशमा लोकतन्त्र र प्रजातन्त्रलाई समानार्थी शब्दका रूपमा लिने गरेको पाइए पनि नेपालको सन्दर्भमा भिन्न अर्थका रूपमा बुझ्न थालियो । २०६२-६३ को जनआन्दोलकै पृष्ठभूमिमा यो शब्द अगाडि आयो अनि प्रजातन्त्र र लोकतन्त्र फरक हो भन्ने छाप आम जनमानसमा छाड्यो । निरङ्कुश राजतन्त्रको विरोधमा लड्दै आएका सात दल र माओवादी समेतले १२ बुँदे सम्झौतापश्चात् चर्को रूपमा 'लोकतन्त्र' शब्द उठाउन थाले । लोकतन्त्रलाई राजा विनाको शासनपद्धति र प्रजातन्त्रलाई राजासहितको शासनपद्धतिका रूपमा बुझिन थाल्यो । नेपाली बृहत् शब्दकोशले पनि प्रजा भनेको राजाद्वारा शासित जनता, राजतन्त्रात्मक देशका जनता, रैती भनेको छ र 'प्रजातन्त्र'लाई प्रजा वा

[३१] नरहरि आर्चाय, पूर्ववत् ।

जनताद्वारा निर्वाचित जनप्रतिनिधि मार्फत् चलाइने शासनव्यवस्था भनेको छ । लोकतन्त्र शब्दको अर्थ बहुसङ्ख्यक जनताद्वारा छानिएका प्रतिनिधिहरूको सम्मतिअनुसार कुनै देशको शासनव्यवस्था चल्ने र नीतिनिर्धारण आदि हुने शासनप्रणाली मानिएको छ । २०५९ सालपछिको राजनीतिक उतारचढावपछि विकसित भएको अवस्थाले प्रजातन्त्र र लोकतन्त्र एउटै होइन भन्ने अर्थ प्रवाह गऱ्यो र पछिल्ला दिनहरूमा त लोकतन्त्र र गणतन्त्र एउटै अर्थका रूपमा लिन थालियो । राजतन्त्रको समाप्ति, संविधानसभामार्फत् लोकतान्त्रिक गणतन्त्रको स्थापना र स्थायी शान्ति स्थापना जस्ता कुराहरू जनआन्दोलनका मुख्य उद्देश्य थिए ।

अहिले गणतन्त्र स्थापना भइसकेको अवस्था छ र 'लोकतान्त्रिक गणतन्त्र'लाई सबै राजनीतिक दलहरूले स्वीकार गरेका छन् । आफ्नो तत्कालीन उद्देश्य जनवादी गणतन्त्र अवलम्बन गरेको माओवादी र अन्य कम्युनिस्टहरूले समेत १२ बुँदे समझदारीदेखि नै लोकतान्त्रिक गणतन्त्र स्वीकार गरेका छन् र परम्परागत रूपमा राजतन्त्रलाई स्वीकार गर्दै आएको नेपाली काङ्ग्रेसले पनि गणतन्त्रलाई स्वीकार गरेको छ । १२ बुँदे समझदारीमा लोकतन्त्रको स्वरूप कस्तो हुन्छ भनेर स्पष्ट थिएन तर राजनीतिक घटनाक्रम बढ्दै जाँदा 'सङ्घीय लोकतान्त्रिक गणतन्त्र'को दिशामा सबै अगाडि बढिसकेको अवस्था छ । आन्दोलनको सुरुका दिनहरूमा केही पार्टीहरू गणतन्त्रको सवालमा स्पष्ट पनि थिएनन् । त्यस अवस्थामा विभिन्न विचारधारा बोकेका स्रष्टाहरूले 'लोकतान्त्रिक गणतन्त्र' स्थापनाको सिर्जनात्मक क्षेत्रबाट निरन्तर आवाज उठाइरहेका थिए र दबाव सिर्जना गरिरहेका थिए ।

गणतन्त्र जहिलेसुकै जनपक्षीय हुन्छ भन्न सकिदैंन । वंशपरम्परा अनुरूप राजा हुने व्यक्ति राज्यप्रमुख नहुँदा त्यहाँ गणतन्त्र त आउन सक्छ तर जनमुखी नहुन पनि सक्छ । संसारका धेरै देशहरूमा गणतन्त्र स्थापना भइसकेको छ तर सबै ठाउँमा जनपक्षीय गणतन्त्र छैन । गणतन्त्रमा पनि अधिनायकवादी शासन हुन सक्छ र राजतन्त्रात्मक मुलुकमा जति जनताले अधिकार र अवसर नपाएको अवस्था पनि हुन सक्छ । गणतन्त्रका विभिन्न मोडेल र प्रकारहरू देख्न सकिन्छ । राजनीतिशास्त्री कृष्ण पोखरेलले सङ्घीय गणतन्त्र, लोकतान्त्रिक गणतन्त्र, जनगणतन्त्र, इस्लामिक गणतन्त्र, सोसलिष्ट गणतन्त्र, पिपुल्स डेमोक्रेटिक रिपब्लिक जस्ता गणतन्त्रका प्रकारहरू उल्लेख गरेका छन् ।

संसारमा गणतन्त्र भएर पनि लोकतान्त्रिक मूल्य-मान्यता र पद्धति नभएका मुलुकहरू छन् । नेपालमा शाह वंशको तानाशाही व्यवस्थाको अन्त्य भएर अर्को तानाशाही व्यवस्था वा नाम मात्रको गणतन्त्र नहोस् र जनपक्षीय गणतन्त्र होस् भन्ने मान्यताका आधारमा लोकतान्त्रिक गणतन्त्रलाई सबै दलहरूले स्वीकार गरेको पाइन्छ । पाकिस्तान, बर्मा जस्ता केही मुलुकहरूमा गणतन्त्र त छ तर जनमुखी गणतन्त्र नभई अधिनायकवादी शासन छ । तीनसय वर्षभन्दा बढी समयसम्म प्रजातान्त्रिक अभ्यास गरेको बेलायतलाई धेरैले लोकतान्त्रिक व्यवस्था भएको मुलुक भन्ने गर्छन् तर त्यहाँ गणतन्त्र भने छैन । राजतन्त्र भित्र पनि लोकतन्त्र हुन सक्ने कुरा बेलायतको व्यवस्थाले देखाएको छ तर विगत लामो इतिहासले प्रमाणित गरिसकेको छ कि नेपालमा लोकतन्त्र र राजतन्त्र

सँगसँगै अघि बढ्न सक्दैनन् ।[३२] नेपालमा देशको सामाजिक, सांस्कृतिक र भौगोलिक विशेषताअनुरूप मौलिक किसिमको गणतन्त्रको कुरा उठिरहेको छ । सबै देशको भिन्न-भिन्न मौलिकता हुने हुँदा कुनै पनि देशको राजनीतिक पद्धति अर्को देशसँग ठ्याक्कै मिल्न सक्छ भन्ने कुरा गलत हुन पनि सक्छ । 'समावेशी चरित्रसहितको सङ्घीय लोकतान्त्रिक गणतन्त्र'लाई आज सबै क्षेत्रबाट स्वीकार गरिएको छ । अहिलेको राजनीतिक पद्धति त्यस दिशातर्फ उन्मुख छ भन्न सकिन्छ ।

लोकतान्त्रिक गणतन्त्रमा जनताको शासन, जनअधिकारको प्रत्याभूति, नीतिनिर्माणमा जनताको पहुँच जस्ता लोकतान्त्रिक तत्वहरू समावेश भएका हुन्छन् नै साथमा निर्वाचित कार्यपालिका, निर्वाचित व्यवस्थापिका, स्वतन्त्र न्यायपालिका र आधारभूत वैयक्तिक स्वतन्त्रताको प्रत्याभूति गरिएको हुन्छ ।[३३] राजनीतिशास्त्री रर्वट ए डाहलका अनुसार लोकतन्त्र एउटा त्यस्तो शासनप्रणाली हो, जहाँ सबै वयस्क नागरिकहरूबीच सहभागिताका अवसरको समुचित वितरण भएको हुन्छ ।[३४] रविन्द्र अधिकारी लेख्छन्–लोकतन्त्रमा बहुमतको मात्र होइन, अल्पसङ्ख्यकको सहभागितासमेत सुनिश्चित हुनुपर्छ । समावेशी लोकतन्त्र केवल समानुपातिक चुनावप्रणालीको विषय मात्र होइन । बरु यो पूरानो एक जाति, एक भाषा, एक धर्म, एक वर्ग, एक लिङ्गको अधिकारलाई भत्काएर समानतामा आधारित सबै समूह र अल्पसङ्ख्यकको प्रतिनिधित्व भएको व्यवस्था हो, जहाँ राज्यको सानो इकाइदेखि केन्द्रीय तहसम्मको पहुँच हुन्छ ।[३५] नेपालमा जुन केन्द्रीय राज्य संरचना रहेको छ, त्यसको अन्त्य गर्दै समावेशी चरित्रको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना जनताको माग र उद्देश्य रहेको छ । जनवादी गणतन्त्रका पक्षधर कम्युनिष्ट पार्टीहरूले पनि लोकतान्त्रिक गणतन्त्रलाई स्वीकार गरेर अगाडि बढेका छन् । कतिपय सैद्धान्तिक र व्यावहारिक कुराहरूमा दलहरूबीच मतभिन्नता भए पनि सबैले लोकतान्त्रिक गणतन्त्रलाई भने स्वीकार गरेका छन् । यसरी लोकतान्त्रिक मूल्य र मान्यता सहितको गणतन्त्र नै जनआन्दोलन-दुईको माग हो । सिर्जनात्मक क्षेत्रबाट निरङ्कुशता विरोधी आन्दोलनमा लागेका सर्जकहरू समेत लोकतान्त्रिक गणतन्त्रको माग राख्दै अगाडि बढेका थिए ।

## २.४ सामाजिक राजनीतिक रूपान्तरणमा साहित्य

सामाजिक राजनीतिक रूपान्तरणमा साहित्यको भूमिका के-कस्तो हुन्छ भन्ने बारेमा जान्नुभन्दा पहिला समाज, राजनीति र साहित्यको बारेमा जानकारी हुनु आवश्यक छ तर यहाँ समाज, राजनीति र साहित्यको सैद्धान्तिक पक्षको चर्चातिर नपुगी रूपान्तरणको प्रक्रियामा साहित्यको भूमिकासँग मात्र केन्द्रित हुन खोजिएको छ ।

---

[३२] ऐजन, पृ. ५८ ।

[३३] ऐजन, पृ. ५७ ।

[३४] रर्वट ए डाहल, **प्रजातन्त्र**, (कठमाडौं: क्रिएशन मिडिया प्रा. लि. सन्२००५), पृ. १४५ ।

[३५] रविन्द्र अधिकारी, **संविधानसभा, लोकतन्त्र र पुर्नसंरचना**, (पोखरा : न्यु हेलो स्टेशनरी एन्ड बुक्स हाउस, २०६३), पृ.६६ ।

समाज भन्नाले कतिपयले सामान्य सामाजिक परिवेश, मानवबस्ती र मानवीय क्रियाक्लापका रूपमा बुझ्दै आएका भए पनि सामाजिक पक्षले निश्चित काल, स्वरूप, चरित्र, गुण र मूल्य बोकेको समाजलाई बुझाउँछ । राजनीति भन्ने शब्दको अर्थ व्यापक र बहुआयामिक प्रवृत्तिको छ तर सामान्यतः राज्यको शासनव्यवस्था, नीतिनिर्माण र प्रशासनसँग सम्बन्धित एक सामाजिक सम्बन्ध हो । हरेक व्यक्ति समाज र राजनीतिसँग अभिन्न भएर रहेको हुन्छ । त्यस्तै सांस्कृतिक पक्ष पनि एक महत्त्वपूर्ण पक्ष हो , जसले समाज, राजनीति र त्यससँग प्रत्यक्ष सरोकार राख्ने व्यक्तिलाई प्रभाव पारिराखेको हुन्छ । राजनीतिक क्षेत्रमा आएको परिवर्तनले सामाजिक-सांस्कृतिक क्षेत्रमा प्रभाव पारिरहेको हुन्छ भने सामाजिक-सांस्कृतिक क्षेत्रमा आएको परिवर्तनले राजनीतिक संस्कार र चिन्तनमा समेत प्रभाव पारिराखेको हुन्छ । सामाजिक-सांस्कृतिक परिवर्तन हुन सकेको छैन् भने परिवर्तन पछि पनि उर्पयुक्त राजनीतिक परिवर्तनसमेत टिक्न नसक्ने अवस्था हुन्छ । राजनीतिक परिवर्तनले सामाजिक-सांस्कृतिक परिवर्तनलाई गतिशील बनाउन भने सक्छ । राजनीतिक परिवर्तन जति छिटो हुन सक्छ, सामाजिक सांस्कृतिक परिवर्तन त्यति छिटो हुन भने सक्दैन । सामाजिक-सांस्कृतिक परिवर्तनको गतिलाई राजनीतिक दर्शन र सिद्धान्तले पनि प्रभाव पार्दछ ।

साहित्य मानिसको सामाजिक संचेतनाको उपज हो । सामाजिक जीवनको अभिव्यक्तिको माध्यमका रूपमा साहित्यले जीवनको चित्रण गर्दछ । यसले स्रष्टाको आस्था, जीवनमूल्य र विचारलाई विशिष्ट कलामा रूपान्तरण गरी प्रस्तुत गर्दछ ।[३६] समाजबाट पृथक् भएर स्रष्टाले सिर्जनात्मक कार्य अगाडि बढाउन सक्दैन । समाजबाट पृथक रहेको साहित्यको कुनै मूल्य रहँदैन । समाज र समाज विकासको निश्चित अवधिसँग साहित्यको सिर्जना र विकास गाँसिएको हुन्छ । तत्कालीन सामाजिक-राजनीतिक परिवेशबाट भिन्दै रहेर स्रष्टाले सिर्जनात्मक प्रक्रिया अगाडि बढाउँछु भन्नु इतिहासविरोधी असङ्गत धारणा हो ।[३७] यसरी राजनीति र समाजसँग स्रष्टाको प्रत्यक्ष सम्बन्ध रहेको हुन्छ ।

जनपक्षीय साहित्यले नै सामाजिक-सांस्कृतिक तथा राजनीतिक रूपान्तरणमा अहम् भूमिका खेल्न सक्छ । गलत दिशाबाट सही दिशातर्फको सामाजिक-राजनीतिक रूपान्तरण गर्ने कार्य जनपक्षीय साहित्यले मात्र गर्न सक्छ । साहित्यलाई स्वान्त सुखायको रूपमा मात्र लिने र 'कला कलाका लागि' भन्दै कला-साहित्यलाई वैयक्तिक कुण्ठा प्रस्तुत गर्ने र मनोरञ्जनको साधनका रूपमा स्वीकार्ने प्रवृतिले रूपान्तरणको दिशातर्फ लैजान सक्दैन । कला-साहित्यमा सकारात्मक रूपान्तरणतर्फको वैचारिक पक्षलाई अस्वीकार गर्दै रूपवादको सेरोफेरोमा नाच्ने साहित्यकारले जनपक्षीय साहित्य सिर्जना गर्न सक्दैनन् । साहित्यमा कला पक्षलाई छाँयामा पार्दै वैचारिक पक्षलाई मात्र महत्त्व दिंदा कलात्मकतामा ह्रास आउँछ र प्रभावकारी बन्न सक्दैन भन्ने कुरालाई बिर्सनु अर्को भूल हुन्छ । जनपक्षीय साहित्य भन्नासाथ त्यसलाई सापेक्षित रूपमा हेर्नुपर्ने हुन्छ । निरङ्कुश शासकवर्गको स्तुति र सामन्ती संरचनाको पक्षपोषण गर्ने साहित्य पनि कुनै एक वर्गको लागि

[३६] रमेशप्रसाद भट्टराई, "लोकतान्त्रिक आन्दोलनमा स्रष्टाको भूमिका", **मधुपर्क**, (वर्ष ३९ ,अङ्क ३ , २०६३, साउन), पृ.४ ।

[३७] निनु चापागाई, **यर्थाथवादी रचनादृष्टि र विवेचना**, (काठमाडौं : दील वरदान, महिम चापागाई, २०५१), पृ.१६५ ।

उपर्युक्त भएको ठहर्‍याउँछ तर जबसम्म शोषित, पीडित र श्रमजीवी जनताको पक्षमा र सामाजिक सांस्कृतिक पक्षमा देखापरेका नकारात्मक पक्षहरूको अन्त्य गर्ने दिशामा केन्द्रित हुँदैन तबसम्म जनपक्षीय भन्न सकिँदैन । साहित्यले सकारात्मक दिशातर्फ परिवर्तनको सन्देश दिनुपर्छ र पाठकमा सकारात्मक छाप पार्न सक्नुपर्छ । निनु चापागाईंका अनुसार आजको नेपालको सन्दर्भमा नेपालमा विद्यमान आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक, वैयक्तिक सामन्ती प्रतिक्रियावादी, पुँजीवादी एवम् साम्राज्यवादी शोषण, उत्पीडन र अन्यायबाट जनतालाई मुक्त पार्ने आकाङ्क्षाअनुरूप लेखिएको साहित्य जनपक्षीय साहित्य हो । जनपक्षीय साहित्यले जीवनमा देखापर्ने घटनालाई केन्द्रीकरण गर्दछ र जनताको शत्रुसँगको अन्तर्विरोधलाई मूर्त रूपमा प्रतिबिम्बित गर्दछ । आफू रहेको समाज एवम् वातावरणलाई परिवर्तन गर्ने उद्देश्यले जनतालाई ऐक्यवद्ध भएर सामूहिक रूपबाट सङ्घर्षको मैदानमा उत्रन प्रेरणा र उत्साह प्रदान गर्छ ।[३८] रामप्रसाद ज्ञवालीले पनि स्रष्टाले अग्रगामी र लोकतान्त्रिक चेतना प्रस्तुत गरी समाज रूपान्तरणको दिशामा अग्रसर हुनुपर्ने धारणा व्यक्त गरेका छन् । ज्ञवालीका अनुसार स्रष्टाले ऐतिहासिक सामाजिक परिस्थितिअनुरूप सिर्जना गर्छ । युग परिवर्तन र रूपान्तरणका निम्ति सामाजिक तथा ऐतिहासिक परिस्थिति अनुरूप स्रष्टाको कलम अगाडि बढ्नुपर्छ । महान् स्रष्टाहरू नवीन युगका स्वप्नद्रष्टा र परिकल्पनाकार बनेका हुन्छन् । रूपान्तरण युगीन सापेक्षताका तुलनामा धेरै अग्रगामी र लोकतान्त्रिक देखिने स्रष्टाहरूमार्फत देखापर्छ । एउटा स्रष्टाले आफूमा समाज र समाजमा आफूलाई खोज्न सक्नुपर्छ ।[३९]

नेपाली साहित्यका सन्दर्भमा २०३६, २०४६ र २०६२/६३ को राजनीतिक आन्दोलनमा स्रष्टाहरूले निरङ्कुश शासकका विरोधमा लाग्न जनमत सिर्जना गर्दै आन्दोलनमा होमिएकाहरूलाई प्रेरणा र उत्साह प्रदान गरेको पाइन्छ । हुनतः स्रष्टाहरूको सामाजिक-राजनीतिक रूपान्तरणमा सहयोगी वा गौण भूमिका मात्र रहन्छ । प्रमुख भूमिका त राजनीतिक दलहरू र सङ्गठित सङ्घ-संस्थाहरूको नै रहन्छ । समाजलाई रूपान्तरण गर्ने सवाल मूलतः सामाजिक-आर्थिक रूपान्तरणको प्रश्नसँग जोडिएको छ । यो काम मूलतः राजनीतिक शक्तिहरूले गर्ने हुँदा राजनीतिक शक्तिहरूको सबैभन्दा ठूलो भूमिका रहन्छ । राजनीति र साहित्यको कार्यक्षेत्र र भूमिकामा भिन्नता भए पनि समाज परिवर्तनको दिशामा साझा लक्ष्य हुन पनि सक्छ ।[४०] साहित्यले राजनीतिक-सामाजिक परिवर्तनमा काम गर्न सक्छ भन्ने सन्दर्भमा निनु चापागाईंले प्रस्तुत गरेको हिन्दी साहित्यकार हरिशंकर प्रसाईको उद्धरण उपर्युक्त मान्न सकिन्छ -

समाजमा पार्ने साहित्यको प्रभाव अति नै सूक्ष्म हुन्छ, उपरि तहमा त्यो देखिँदैन । के तपाई ठान्नुहोला साहित्यमा कुनै जनक्रान्ति वा सामाजिक क्रान्ति हुन्छ ? तर त्यस्तो हुँदैन । साहित्यिक पुस्तकहरूबाट कुनै जनक्रान्ति वा सामाजिक परिवर्तन हुने होइन, सामाजिक परिवर्तनका लागि चेतना निर्माण हुन्छ । त्यसैले हाम्रो काम तपाईं यस्तो हुनुहुन्छ, यी खराबी हुन् भनेर समाजका

---

३८ ऐजन ।

३९ रामप्रसाद ज्ञवाली, “आधुनिक साहित्य र लोकतन्त्र”, **गरिमा,** (वर्ष २५, अङ्क ५, २०६४ बैशाख ), पृ.१८६ ।

४० निनु चापागाईं, ”जनआन्दोलनमा स्रष्टाहरूको भूमिका”, **जनएकता,** (वर्ष ६,अङ्क ४१, २०६१ जेठ), पृ.४ ।

मानिसहरूलाई आत्मसाक्षात्कार गराउनु मात्र हो । हामीले उनीहरूबाट के हुनुपर्ने हो त्यसको एउटा स्वप्न दिनुपर्छ र त्यो कसरी पूरा हुन्छ त्यसका लागि केही बाटा पनि प्रस्तावित गर्नुपर्छ । यसरी हाम्रो काम चेतना निर्माण गर्ने हो तर खुलमखुला सक्रिय हुने अवस्था आइपरेमा वा अवसर भएमा लेखकले लड्नु पनि पर्छ । सामाजिक परिवर्तन क्रान्तिकारी आन्दोलनबाट नै हुन्छ र त्यो सामाजिक आन्दोलन नै हो । यसमा कुनै शङ्का छैन । जतिखेर त्यो आन्दोलनको तयारी हुन्छ र सङ्गठित आन्दोलन हुन्छ त्यतिखेर लेखकले सामेल हुनैपर्छ ।[४१]

हरिशंकर यो कुरा नेपाली साहित्यका सन्दर्भमा जोडेर हेर्न पनि सकिन्छ । २००७ सालमा पनि साहित्यकारहरू सिर्जनात्मक क्षेत्रबाट परिवर्तनको पक्षमा कलम चलाएका थिए भने २०३६, २०४६ र २०६२/६३ को राजनीतिक परिवर्तनमा त स्रष्टाहरूको ठूलो पङ्क्ति खुलेरै आन्दोलनको पक्षमा सडकमै उत्रिएको थियो । सकारात्मक परिवर्तनका लागि मात्र होइन, शासक र सामन्तवर्गको पक्षमा स्तुतिगान गर्दै सत्ता र शक्तिको स्वाद चाटिरहने अनि समाजलाई यथास्थितिमा राख्ने भाट साहित्यले पनि समाजमा नकारात्मक नै भए पनि प्रभाव त पारिरहेकै हुन्छ । जनपक्षीय नभए पनि यस्तो साहित्य उद्देश्यमूलक चाहिँ भएकै हुन्छ । विश्वप्रसिद्ध साहित्यकार चार्ली च्याप्लिनले सामाजिक-राजनीतिक सन्दर्भसँग स्रष्टालाई कसरी हेरेका छन् भन्ने कुरा उनको चलचित्र एउटा चलचित्र **दि ग्रेट डिक्टेटर** को अन्त्यमा दिएको भाषणलाई निनु चापागाईंले एउटा लेखमा प्रस्तुत गरेको कुरा यहाँ जोडनु सान्दर्भिक हुन्छ । उनले भनेका छन् –

> . . . तानाशाहले स्वयम् आफूलाई स्वतन्त्र बनाउँछन् तर जनतालाई दास बनाउँछन् । हामी संसारलाई स्वतन्त्र बनाउने लडाई लडौं-राष्ट्रिय सीमा भत्काउने, लोभ, घृणा र असहिष्णुतालाई उन्मूलन गर्ने लडाई । एउटा यस्तो विश्वका लागि लडौं, जहाँ विज्ञान र उन्नतिले हामी सबैमा खुशी लिएर आऊन् । . . . . तपाईंमा सम्पूर्ण मानिसमा मेसिन निर्माण गर्ने शक्ति छ । त्यस जीवनलाई स्वतन्त्र र सुन्दर बनाउने अनि यस संसारलाई अद्भूत शक्तिमा रूपान्तरण गर्ने साहस छ । लोकतन्त्रको नाममा हामी त्यो शक्तिलाई उपयोग गरौं, आउनुहोस्, हामी सब एक हौं । हामी एक नयाँ संसारका लागि सङ्घर्ष गरौं, प्रत्येक मानिसलाई काम गर्न अवसर दिने, तरुणलाई भविष्य र वृद्धलाई सुरक्षा दिने एउटा सभ्य संसारका लागि सङ्घर्ष गरौं . . .।[४२]

नेपाली साहित्यका क्षेत्रमा मात्र होइन, विश्व साहित्यका क्षेत्रमा पनि साहित्यकार/कलाकारहरूले राजनीतिक आन्दोलनमा प्रत्यक्ष-परोक्ष रूपमा सहभागी भई परिवर्तनका पक्षमा सिर्जना गरेको पाइन्छ । यसरी सामाजिक दायित्व पूरा गर्दै परिवर्तनको लागि धेरै स्रष्टाहरू सिर्जनात्मक कार्यमा जुटेको छन् । वाइरन, शेली, फर्डिनान्ड, फेलिग्राथ, जर्ज वर्थले, युजे पोत्तियर, ज्या क्लेभ, जुल भाले, क्रिष्टोफर कड्वेल, राल्फ फक्स, डेभिड गेस्ट, गार्सिया लोर्का, केन सरोविन, सार्त्र, पाब्लो पिकासो, हरिशङ्कर परसाईं, विलियम ब्लेक, पाब्लो नेरुदा, बर्टोल्ड ब्रेख्त, वाल्ट

[४१] निनु चापागाईं, "वर्तमान समयमा लोकतान्त्रिक स्रष्टाहरूको भूमिका", **गरिमा,** (वर्ष २६, अङ्क ३, २०६४ फागुन), पृ.३८ ।

[४२] ऐजन, पृ.४२ ।

ह्विटमन, गोर्की, लुसुन, ज्याक लण्डन, सर्वान्तेज, शेक्सपियर, स्टेन्धल, डिकन्स, गोगोल, बाल्जाक, टोल्सटोय, दोस्तोएभ्स्की, तुर्गनेभ, चेखव, टमसम्यान, आनातोले फ्रान्स, अर्नेष्ट हेमिङ्वे, सोलोखोभ, ग्याब्रियल, गार्सिया, मार्खेज आदि धेरै साहित्यकारहरूले परिवर्तनका पक्षमा आवाज उठाएका छन् । कतिपय त परिवर्तनका लागि आन्दोलनमै होमिएका छन् र निरङ्कुश शासकहरूका हातबाट मारिएका छन् ।[४३]

अङ्ग्रेजी साहित्यका स्वच्छन्दतावादी कविहरू वाइरन, शेली आदिले क्रान्तिकारी परिवर्तनका पक्षमा आवाज उठाएका थिए । वाइरन त स्वतन्त्रताको लडाईंमा सहिद नै बनेका थिए भने शेली पनि आफ्नो समयमा भएको लोकतान्त्रिक आन्दोलनमा सहभागी भएका थिए । **प्रमिथस अन्‌वाउन्ड** उनको क्रान्तिकारी विचारले ओतप्रोत भएको कृति हो ।[४४] चार्टिस्ट आन्दोलन र पेरिस कम्युनका समयमा पनि स्रष्टाहरूले परिवर्तनका पक्षमा ठूलो योगदान पुऱ्याएका छन् । चार्टिष्ट आन्दोलनमा श्रमजीवीहरूको साहित्य निर्माण गरेर र आन्दोलनमै पनि सहभागी बनेर साहित्यकारहरूले ठूलो योगदान गरेका थिए । यस समयका चर्चित कवि अर्नेष्ट जोन्सले १९४८ मा गिरफ्तारीमा परेपछि पनि कलम बिसाएनन् । **नयाँ संसार** उनको आफ्नै रगतले लेखिएको कृति हो । जर्ज हर्वे, फर्डिनाण्ड, फेलिग्राथ, जर्ज वर्थले जस्ता अरू साहित्यकारमा पनि जनताप्रतिको प्रतिबद्धता थियो । पेरिस कम्युनका कविहरू युजे पोत्तियर, ज्याँ क्लेमैं, जुल भाले जस्ता कविहरूले आन्दोलनमा सहयोग पुऱ्याएका थिए । पोत्तियरको द इन्टरनेसनल त सर्वहारावर्गको अन्तर्राष्ट्रिय गीत नै बन्न पुग्यो ।[४५] फासिज्म विरुद्ध लड्नको लागि निर्माण गरिएको इन्टरनेसनल ब्रिगेडमा क्रिष्टोफर कड्वेल, राल्फ फक्स, डेभिड गेस्ट जस्ता थुप्रै लेखक/साहित्यकारहरूले सक्रिय सहभागिता जनाएका थिए । कड्वेल र फक्स त जनताका पक्षमा लोकतन्त्र र स्वतन्त्रताका लागि लड्दा-लड्दै सहिद भएका थिए ।[४६] आधुनिक स्पेनी साहित्यका सबैभन्दा प्रखर विद्रोही कवि फ्रेडरिको गार्सिया लोर्का पनि स्पेनी तानाशाही शासनका विरुद्ध लड्दा-लड्दै सहिद भएका थिए । ल्याटिन अमेरिकामा निरङ्कुश सत्ताका विरुद्ध चलाइएको सशस्त्र सङ्घर्षमा ठूलो सङ्ख्यामा गैरवामपन्थी स्रष्टाहरूको नै सहभागिता थियो । त्यस्तै दक्षिण अफ्रिकामा पनि थुप्रै लेखकहरू लोकतन्त्रका लागि भएको सङ्घर्षका क्रममा जेल परेका थिए । केन सेरविवाको बलिदानी यसै क्रममा भएको थियो ।[४७] फ्रान्सेली साहित्यकार सार्त्र पनि फासिष्टविरोधी आन्दोलनमा सक्रियतापूर्वक लागे । पिकासोले पनि आफ्नो चित्रकारितालाई शान्ति र परिवर्तनका पक्षमा लगाएका थिए । यिनी फ्रान्सेली कम्युनिष्ट पार्टीका सदस्यसमेत थिए ।[४८] यसरी विश्व साहित्यमा

---

[४३] ऐजन, पृ. ३८-३९ ।

[४४] ऐजन, २३९ ।

[४५] ऐजन ।

[४६] ऐजन, पृ. ३९-४० ।

[४७] ऐजन ।

[४८] ऐजन ।

हेर्दा धेरै स्रष्टाहरूले सामाजिक दायित्व पूरा गर्ने क्रममा परिवर्तनका पक्षमा सिर्जनात्मक कार्यलाई अघि बढाएको पाइन्छ । विश्वसाहित्यमा जस्तै नेपाली साहित्यमा पनि परिवर्तनको पक्षमा स्रष्टाहरूले सक्रिय सहभागिता जनाएका छन् ।

नेपाली साहित्यमा पनि सिर्जनात्मक क्षेत्रमा जनपक्षीय आवाज निकाल्दा शासकवर्गको कोपभाजनमा पर्ने साहित्यकारहरू धेरै छन् । कृष्णलालदेखि कृष्णसेन हुँदैं अरू धेरैं स्रष्टाहरू सहिद नै बनेका छन् (विस्तृत रूपमा अर्को अध्यायमा चर्चा गरिने छ ) । माओवादी जनयुद्धका क्रममा सहिद बन्ने कलाकार/साहित्यकार एक सय पचास भन्दा बढी छन् । राणाकालदेखि आजसम्म आउँदा अरू धेरै स्रष्टाहरूले जेलजीवन, गिरफ्तारी र चर्को यातनासमेत भोग्नु परेको छ । २०३६, २०४६ र २०६२/६३ को राजनीतिक आन्दोलनमा गिरफ्तारी पर्ने र सरकारी दमनको मारमा पर्ने सयौं साहित्यकारहरू छन् । यथास्थितिलाई कायमै राख्न खोज्ने र परिवर्तनलाई स्वीकार नगर्ने शासकवर्गहरूले परिवर्तनका वाहक बनेर आन्दोलनमा उत्रिएका स्रष्टालाई कठोर दमनद्वारा तह लगाउन खोज्दछन् तर सिर्जनात्मक गतिलाई र निरङ्कुशता विरुद्धका स्वरलाई दमनको नीतिले कहीं पनि रोक्न सक्दैंन । नेपालमा पनि निरङ्कुश शासकहरूले अग्रगामी सोंच र चिन्तनमा लगाएको प्रतिबन्ध आगोमा घिऊ बन्न पुगेको छ र अन्ततः त्यसले निरङ्कुश शासकलाई नै डढाएको छ ।

जब एउटा स्रष्टाले आफू र आफ्नो वरिपरिको वातावरणलाई देख्छ/भोग्छ, तब समाजका कुरूप मानवद्वेषी र अमानवीय पक्षहरूका आधारमा एउटा धारणागत निष्कर्ष तयार पार्छ । विकृति र विसङ्गतिलाई देखे-भोगेपछि ती नकारात्मक पक्षको अन्त्य गर्दै परिवर्तनको दिशातर्फ अग्रसर हुन्छ । अँध्यारोलाई उज्यालो, कुरूपलाई सुन्दर बनाउनुपर्छ भन्ने निष्कर्षमा जब स्रष्टा पुग्छ तब उसले सिर्जनाका विभिन्न विधाहरूमार्फत परिवर्तनको सचेतन अभियान प्रारम्भ गर्छ । सिर्जनाको प्रक्रिया समाज परिवर्तनको मूल राजनीतिक अभियानसँग गाँसिएपछि एउटा सामूहिक र सङ्गठित अभियान प्रारम्भ हुन्छ । कलाकृतिमार्फत जनमत सिर्जना गर्नु स्रष्टाहरूको प्राथमिक दायित्व हो र यसका लागि आत्मिक,भौतिक दुवै किसिमले आफूलाई सक्रिय तुल्याउनु दायित्व निर्माणको अग्रगामी प्रक्रिया हो ।[४९] सामाजिक दायित्व निर्वाहका क्रममा 'जनआन्दोलन-दुई' मा स्रष्टाहरूले खेलेको भूमिका नेपाली साहित्यको इतिहासमा हेर्दा प्रजातन्त्र, मानवअधिकार तथा जनताका अधिकार कुल्चदै निरङ्कुश राज सञ्चालन गर्ने शासकहरूका विरुद्ध साहित्यकारहरू पनि सिर्जनात्मक कर्मका साथ क्रान्तिकारी भएर देखापरेको पाइन्छ । स्रष्टाले शासकवर्गका बुटले कुल्चिएर हिंडेको सहेर बस्न सक्दैंन बरु त्यसको विरुद्ध आन्दोलनको उद्घोष गर्दै जनतालाई जगाउन र आफै पनि स्वतन्त्रताको लडाईंमा होमिन तयार हुन्छ ।

## २.५ गणतन्त्र, साहित्य र आन्दोलन

लाखौं नेपालीहरूको सहयोग, समर्थन र सहभागिताबाट सम्पन्न भएको 'जनआन्दोलन-दुई'मा लोकतान्त्रिक मूल्य र मान्यता सहितको गणतन्त्रात्मक शासन स्थापित हुनुपर्ने, निरङ्कुश

---

[४९] ऋषिराज बराल, **सामाजिक रूपान्तरणमा स्रष्टाहरूको भूमिका**, नेपाल प्रज्ञा प्रतिष्ठानद्वारा फागुन ४-७ गतेसम्म आयोजित राष्ट्रिय साहित्य सङ्गोष्ठी,२०६४ मा प्रस्तुत कार्यपत्र ।

राजतन्त्रको अन्त्य हुनुपर्ने र देशमा स्थायी शान्ति कायम हुनुपर्ने जस्ता मागहरू जनताका पक्षबाट उठेका थिए । यस आन्दोलनमा विभिन्न तह र तप्काका सङ्घ-सङ्गठन तथा विभिन्न क्षेत्र र पेशासँग सम्बन्धित व्यक्तिहरू सहभागी भएका थिए । तत्कालीन अवस्थामा केही राजनीतिक दलहरू गणतन्त्रका बारेमा स्पष्ट हुन नसकेका भए पनि कार्यकर्ता र जनताका तहबाट भने गणतन्त्रकै पक्षमा आवाज उठेको थियो । त्यस समयमा गणतन्त्रको पक्षमा जनमत सिर्जना गर्न र राजनीतिक दलहरूलाई समेत दवाव दिन स्रष्टाहरूले खेलेको भूमिका उल्लेखनीय छ । सडकमै आएर निरङ्कुशता विरुद्धको नारा लगाउने स्रष्टाहरू गणतन्त्रकै पक्षमा आवाज उठाइरहेका थिए । सडकमा उठेको गणतन्त्रको चर्को आवाजमा केवल राजतन्त्रको अन्त्य मात्र नभएर सम्पूर्ण सामन्ती संस्कार र संरचनाको अन्त्य हुनुपर्ने र सबै जनता सम्मानित नागरिक भएर बाँच्न पाउनुपर्ने आवाज पनि उठेको थियो । नेपाल र नेपालीको प्रगतिको प्रमुख बाधक तत्त्व राजतन्त्र नै हो र त्यसका आडमा निर्मित सामाजिक-सांस्कृतिक पक्षहरू गणतन्त्र स्थापनापछि स्वतः ढल्छन् भन्ने विश्वासका आधारमा लाखौं जनता सडकमा उत्रेका थिए । तत्कालको उद्देश्य राजतन्त्रको अन्त्य नै थियो जुन ऐतिहासिक आन्दोलनमा स्रष्टाहरूको पनि सहयोग, समर्थन र सहभागिता थियो ।

जीवनको सुरक्षा, सुख, स्वतन्त्रता, सम्मान र स्वाभिमानसित लोकतन्त्र जोडिएको छ र तिनै कुराहरूको कलात्मक अभिव्यक्ति साहित्य हो भन्ने लोकतान्त्रिक आन्दोलनका कवि तथा समालोचक रामप्रसाद ज्ञवालीले आधुनिक नेपाली साहित्य भनेको लोकतान्त्रिक साहित्य हो भन्ने विचार प्रस्तुत गरेका छन् । ज्ञवालीकाअनुसार महान् र आधुनिक साहित्यसँग लोकतान्त्रिक चेतना अभिन्न रूपमा गाँसिएको छ । लोकतन्त्र स्वयम् पनि सौन्दर्य हो भने साहित्य त सौन्दर्य हुँदै हो । दुई महान् सौन्दर्यको मनोहारी समन्वय नै आजको नेपाली साहित्यको सर्वश्रेष्ठ आधुनिकता हो । आधुनिक हुन चाहने स्रष्टाले के बुझ्नुपर्दछ भने स्वतन्त्रता र कर्तव्यपरायणता लोकतन्त्रका सौन्दर्य हुन् भने तिनको मनमोहक चित्रण साहित्यको सौन्दर्य हो ।[५०] तुलसी भट्टराईले लोकतान्त्रिक व्यवस्था स्रष्टाहरूको प्राण भएकाले यसमा मात्र अभिव्यक्ति स्वतन्त्रता हुने र त्यसपछि मात्र देशको समग्र विकास र उत्थान सम्भव हुने कुरा बताउँदै स्रष्टा र लोकतन्त्रबीच माछा र पानीको जस्तो अन्योन्याश्रित सम्बन्ध हुन्छ भन्छन् ।[५१]लोकतन्त्रप्रति आस्था र विश्वास राख्ने स्रष्टाहरू लोकतन्त्रको प्राप्ति र लोकतान्त्रिक संस्कृतिको निर्माण गर्ने आङ्काक्षाबाट प्रेरित निरङ्कुशताका विरुद्ध धेरै पहिलेदेखि नै लड्दै आएका थिए । एउटा स्रष्टा जहिले पनि स्वतन्त्रता र उन्मुक्तता चाहन्छ अनि न्यायपूर्ण समाजको स्थापना गरी जनतालाई अधिकारसम्पन्न बनाउन चाहन्छ । कुनै पनि रूपको निरङ्कुशताका उसलाई स्वीकार्य हुँदैन तर तानाशाही शासकहरू आफ्नो विचारभन्दा फरक विचार राख्नेहरूलाई कत्ति पनि सहन सक्दैनन् । लेखक, कलाकार र बुद्धिजीवी वर्गहरू समाजमा भएका सबै खराबी, अमानवीयता, अन्याय, अत्याचार, शोषण, दमन र उत्पीडनको अन्त्य गर्न चाहन्छन् । तानाशाहरू भने बन्दुकको बलमा जनताका अधिकारहरू लुट्दै निरङ्कुश शासन चलाइरहन चाहन्छन् । यसरी निरङ्कुशताले अमानवीय आङ्काक्षा र स्रष्टाको मानवीय चेतनामा अनिवार्य

[५०] रामप्रसाद ज्ञवाली, “आधुनिक साहित्य र लोकतन्त्र”, **गरिमा,** (वर्ष २५, अङ्क ५, २०६४ बैशाख), पृ.१८३ ।

[५१] तुलसी भट्टराई, “स्रष्टाहरूमाथि बर्बर दमन भएको त्यो दिन”, **स्रष्टा चैत्र ३०,** ( अङ्क १, पूर्णाङ्क १, २०६३ चैत्र), पृ.४।

अन्तर्विरोध हुन्छ, जसको कारण स्रष्टाहरू निरङ्कुशताको विरोध गर्दै लोकतान्त्रिक मूल्य र मान्यताको खोजीमा अगाडि बढ्दछन् ।[५२] लोकतन्त्रको मूल सम्बन्ध सामाजिक न्यायसँग र साहित्यको जीवनसौन्दर्यसँग हुन्छ । व्यक्ति समस्यादेखि सामाजिक समस्यासम्मका सम्पूर्ण समस्याहरूको मूल कारण सामाजिक न्यायको अभाव हो । लोकतन्त्रले सामाजिक अन्याय हटाउन चाहन्छ भने साहित्यले सामाजिक समस्याहरूको उद्घाटन गर्दै जीवनसौन्दर्यका पक्षमा कलात्मकरूपमा प्रकाश पार्दछ । यसरी समाज लोकतन्त्र र साहित्यमा अन्योन्याश्रित सम्बन्ध रहेको छ ।[५३]

'जनआन्दोलन दुई' वरिपरि कविहरूले जुन विषय र भावधारा भएका कविताहरू सुनाउँदै र जनतालाई आन्दोलित पार्दै हिडेका थिए, ती कवितालाई गणतन्त्रात्मक कविता भन्न सकिन्छ । हुनतः नेपाली साहित्यमा गणतान्त्रिक कविता सिर्जना यात्राको लामो पृष्ठभूमि रहेको छ । 'जनआन्दोलन दुई'सम्म आउँदा नेपाली समाजले ऐतिहासिक विकासयात्रामा राजनीति, श्रमसम्बन्ध, संस्कृति तीनै क्षेत्रमा सामन्ती राजतन्त्रलाई निषेध गर्ने क्षणको नजिक पुगेको थियो । यस अवस्थामा सामाजिक सङ्घर्ष र सङ्क्रमणको प्रक्रियालाई आन्दोलनकारी आवेगको ऊर्जाले थप जीवन्त र गतिमान, सरस र उत्कर्षमय तुल्याउन नेपाली कविले सामन्ती राजतन्त्रका विरुद्ध हाकाहाकी चुनौती दिए । राजतन्त्रका विरुद्ध चुनौती दिनुपर्ने बोध गरेका स्रष्टाहरूले कवितामा गणतन्त्रतर्फको सामूहिक अभियान अगाडि बढाए । जीवनको उज्यालो खोज्ने प्रभावकारी माध्यमको रूपमा कवितालाई ग्रहण गर्ने र त्यही बोधलाई इमान्दारितापूर्वक अभिव्यक्त गर्ने सन्दर्भमा जनआन्दोलनका कविता आएका थिए ।[५४]राजतन्त्रलाई निषेध गर्न साङ्गठनिक रूपबाट नै स्रष्टाहरू अगाडि बढे र राजतन्त्रलाई चुनौती दिए । त्यतिबेला निरङ्कुश राजतन्त्रको पक्षमा त केवल पहिलेदेखि दरबारको जुठोपुरो र दानापानी खाएका सीमित व्यक्तिहरू मात्र थिए । विभिन्न वाद र विचारधारासँग सम्बन्धित सबै स्रष्टाहरू एकजुट भएर र एउटै आवाज लिएर गणतान्त्रिक भावना भएका कविताहरू सिर्जना गरेको हुनाले यस समयका कवितालाई गणतान्त्रिक कविता भन्न सकिन्छ ।

'जनआन्दोलन-दुई'मा स्रष्टाहरू सिर्जनात्मक क्षेत्रबाट मात्र नभएर भौतिक रूपमा समेत सडकमै उत्रिएर आन्दोलनमा लागेका थिए । त्यतिखेर कतिपय निरङ्कुश राजतन्त्रका पक्षधर स्रष्टाहरूले त स्रष्टाहरू राजनीतिमा संलग्न हुन नहुने विचार व्यक्त गर्दै स्वतन्त्रताको पक्षमा आवाज उठाउँदैं हिडेका स्रष्टाहरूको घोर विरोध गरेका थिए । कतिपय ढुलमुले स्वभाव भएका दरबारको वरिपरि चक्कर लगाउन पनि भ्याउने र जनपक्षीय भएको पनि दावी गर्नेहरूले सडकमा गएर होइन सिर्जनात्मक कर्ममार्फत परिवर्तनको आवाज उठाउनु पर्छ पनि भन्थे तर धेरै स्रष्टाहरूले त जनताका आवाज खोसिएको, अभिव्यक्ति स्वतन्त्रता, प्रेस स्वतन्त्रता जस्ता पक्षहरूमा प्रतिबन्ध लागेको विशिष्ट परिस्थितिमा भौतिक रूपमै पनि आन्दोलनमा उत्रनुपर्ने धारणा राख्दै सडकमा आए । तुलसी भट्टराई भन्दछन्-"लोकतन्त्रको नारासँगै आन्दोलनमा उत्रिएका हजारौं व्यक्ति

---

[५२] निनु चापागाईं, "वर्तमान समयमा लोकतान्त्रिक स्रष्टाहरूको भूमिका", पूर्ववत्, पृ. ४६ ।

[५३] रामप्रसाद ज्ञवाली, पूर्ववत्, पृ. १८५-८६ ।

[५४] खगेन्द्र संग्रौला, "कवितामा गणतन्त्रको गुञ्जन", **वेदना,** (पूर्णाङ्क ७२, वर्ष ३३, अङ्क १, २०६३ जेठ), पृ.५ ।

जेलनेल परेका बेला, हजारौंको सङ्ख्यामा अङ्गभङ्ग भएका बेला, दर्जनौं मारिएका बेला, बाल, वृद्ध र निर्दोषसमेत निरङ्कुशताको आक्रमणमा परेका बेला स्रष्टाले घर भित्र बसेर उपदेशात्मक भाषामा सिर्जना गर्नु पर्याप्त हुँदैनथ्यो । स्रष्टा सामान्यभन्दा केही माथिको बौद्धिकताको पगरी भिरेको सचेत कहलिने व्यक्ति हो । यदि आवश्यक परेको बेलामा नबोल्ने, नलेख्ने र कार्यक्षेत्रमा नउभिने हो भने उसको औचित्य छैन ।"[५५] उनी स्रष्टा जिम्मेवार नागरिकसमेत भएको हुदाँ आइपरेको बेला र निरङ्कुशसत्ताले जकडेको बेला सडक सङ्घर्षका लागि पनि तयार हुन्छ र हुनुपर्छ भन्ने विचार राख्दछन् । गणतन्त्र प्राप्तिका लागि भएको त्यो आन्दोलनमा स्रष्टाहरूको प्रत्यक्ष सहभागिता औचित्यपूर्ण भएको भन्दै स्रष्टाहरूको संयुक्त मञ्चका अध्यक्ष बैरागी काँइलाले एक अन्तर्वार्तामा भनेको कुरा अर्थयुक्त छ । स्रष्टा समाजभन्दा बाहिरको अङ्ग नभएको हुँदा आवश्यक पर्दा आन्दोलनमा आउनुपर्छ भन्ने उनको विचार छ । अन्तर्वार्तामा उनी भन्छन् - "स्रष्टाहरूले देख्ने मात्र होइन, देखेको कुरालाई पत्रिकामा छाप्ने मात्र होइन, लेखेको कुरालाई बीच सडकमा, डबलीमा उभिएर जनता र स्रोतालाई सुनाउने बेला अहिले हो । अहिले नगरेर कहिले गर्ने ? त्यसकारण स्रष्टाले गरिरहेको काममा विचलन आएको यो होइन । समयको आवश्यकता हो । समयको आवश्यकता भएकै कारणले स्रष्टाहरूले राजाको गत २०६१ माघ १९ को कदम पछाडि अपहरणमा परेको र आक्रमणमा ध्वस्त भएको लोकतान्त्रिक मूल्य-मान्यतालाई स्थापना गर्न थालिएको हो । यो नितान्तै आवश्यक थियो र स्रष्टाहरूको यस समयमा सहयोग र सहभागिता आवश्यक छ ।"[५६]

तत्कालीन अवस्थामा स्रष्टाहरू सडकमा आउनुलाई विशिष्ट परिस्थितिमा स्रष्टाले चालेको उपयुक्त कदम भनेर आन्दोलनका पक्षधर सबै स्रष्टाले स्वीकार गरेका छन् । नेपाली साहित्यको इतिहासमा २०३६ र २०४६ सालमा पनि 'जनआन्दोलन-दुई'मा जस्तै स्रष्टाहरू सडकमै आएर आन्दोलनमा उत्रिएका थिए । 'जनआन्दोलन-दुई'मा जस्तै २०३६ र २०४६ सालमा पनि विशिष्ट परिस्थिति आएको हुँदा स्रष्टाहरूले सडकका चोक र डबलीमा गएर कविता सुनाउँदै हिंडेका थिए ।

हलन्त बहिष्कार आन्दोलन, झर्रोवादी आन्दोलन, आयामेली आन्दोलन, राल्फा आन्दोलन, बुट पालिस आन्दोलन, तरलतावाद जस्ता भाषासाहित्यसँग सम्बन्धित आन्दोलनभन्दा 'जनआन्दोलन-दुई'मा स्रष्टाहरूले गरेको आन्दोलन व्यापक र भिन्न रहेको छ । यसमा न त प्रर्वतक स्रष्टाहरू सीमित छन् न त यसको क्षेत्र नै सीमित छ । कहाँ-कहाँ, कहिले-कहिले र को-को आन्दोलनमा सहभागी थिए भनेर सबै घटनाको रेकर्ड पनि पाउन सकिदैन । स्रष्टाहरू जसले, जसरी, जहाँ सक्छ त्यहाँ कविता, गीत, गजल आदिका माध्यमबाट जनतालाई आन्दोलनमा उत्रन उत्प्रेरित गरेका थिए । नेपाली साहित्यमा अहिलेसम्म भएका साहित्यिक आन्दोलनहरूमा यो सबैभन्दा व्यापक, विस्तृत र अर्थयुक्त रहेको छ ।

---

[५५] तुलसी भट्टराई, पूर्ववत् ।

[५६] बैरागी काँइला, "सडकमा किन आउने ?", **नार्गाजुन,** (अन्तर्वार्ता, वर्ष ४, अङ्क ३, पूर्णाङ्क १३, २०६२ कात्तिक-पुस), पृ. २१-२२ ।

## २.६ निष्कर्ष

कला र साहित्य जीवनका लागि हुनुपर्छ । कला कलाकै लागि होइन । जीवनमा सकारात्मक परिवर्तन गर्न नसक्ने साहित्यले क्षणिक मनोरञ्जन वा आत्मरति बाहेक अरू केही दिन सक्दैन । साहित्यमा विचार र कलाको उचित संयोजन हुनुपर्ने हुन्छ । सपाट रूपमा प्रस्तुत गरिएको विचारले साहित्यको स्थान लिन सक्दैन भने वैचारिक शून्यता भएको सात्यिको अर्थ र महत्व हुन सक्दैन । स्रष्टा समाजको सचेत र बौद्धिक नागरिक समेत भएको हुँदा समाजमा रहेका नकारात्मक पक्षहरूको अन्त्य गर्दै आर्दश समाज स्थापनाका लागि सिर्जनात्मक क्षमता प्रयोग गर्न सक्नुपर्छ । राजनीतिक परिवर्तनले अन्य पक्षहरूमा समेत प्रभाव पार्ने हुनाले राजनीतिक अवस्था सही ढङ्गले जनचाहनाअनुरूप अगाडि बढ्नु आवश्यक छ । साहित्य र राजनीति बेग्लाबेग्लै विषय हुँदाहुँदै पनि यी २ पक्षको गहिरो अन्तर्सम्बन्ध रहेको हुन्छ । संसारका ठूला-ठूला विद्रोह र परिवर्तन राजनीतिक आन्दोलनका आधारमा भएको पाइन्छ । साहित्यले प्रत्यक्ष रूपमा विद्रोह र परिवर्तन गर्न सक्दैन तर त्यसको लागि चेतना निर्माण गर्ने काम चाहिँ गर्दछ । कलाकार-साहित्यकार जहिले पनि परिवर्तन र स्वतन्त्रताका हिमायती हुने हुँदा न्यायपूर्ण आन्दोलन र परिवर्तनका पक्षमा उभिएर चेतना निर्माण गरिरहेका हुन्छन् । विश्व साहित्यदेखि नेपाली साहित्यसम्म हेर्दा पनि स्रष्टाहरूले परिवर्तन र न्यायपूर्ण सामाजिक आन्दोलनमा प्रत्यक्ष-परोक्ष रूपमा सहभागी भएको पाइन्छ । त्यसो त शासक वर्गहरूको भजन गाउँदै भाट साहित्यको रचना गर्ने र राज्यबाट प्राप्त हुने पद, प्रतिष्ठा र पुरस्कार कुम्ल्याउनेतर्फ लाग्नेहरूको ठूलै जमात नपाइने पनि होइन ।

सच्चा साहित्यकारलाई कुनै पनि प्रकारको निरङ्कुशता मान्य हुँदैन । राणाकालदेखि नै साहित्यिक क्षेत्रबाट निरङ्कुशता विरोधी विद्रोही आवाज उठ्दै आएको हो । २०६३ र २०४६ सालमा त स्रष्टाहरू राजनीतिक परिवर्तनको नारा नै लिएर सडकमा आए र पञ्चायत विरोधी जनचेतना निर्माण गरे । त्यस्तै २०५९ पछि सुरु भएको तत्कालीन राजा ज्ञानेन्द्रको निरङ्कुश शासनको विरोध गर्दै स्रष्टाहरूले सडकमा भौतिक उपस्थितिका साथै सिर्जनात्मक गतिविधि सञ्चालन गरे । लोकतान्त्रिक गणतन्त्र स्थापना नभएसम्म नेपाली जनताका मौलिक अधिकार प्राप्त नहुने र सामाजिक आर्थिक परिवर्तन पनि नहुने भन्दै स्रष्टाहरू आन्दोलनमै उत्रे । नेपाली समाजको प्रगतिको बाधक राजतन्त्र भएकोले यसको विरोधमा देशव्यापी रूपमा आन्दोलन भयो र राजतन्त्रको अन्त्य पनि भयो । राजतन्त्रको अन्त्य भनेको सामन्ती संस्कृतिको उच्छेदको प्रारम्भ र नयाँ संस्कृति निर्माणतर्फको पाइला हो ।

# तेस्रो परिच्छेद

## नेपाली साहित्यमा गणतान्त्रिक चेतनाको विकास

नेपाली लेख्य साहित्यको विकास पृथ्वीनारायण शाहको राज्य बिस्तार अभियानसँगै भएको हो भन्ने कुरामा अधिकांश साहित्येतिहासकारको मत छ । सुवानन्द दासको **पृथ्वीनारायण** भन्ने कवितालाई नै अहिलेसम्मको सबैभन्दा प्राचीन लेख्य साहित्यको रूपमा लिइन्छ । सुवानन्द दासदेखि सुरु भएको नेपाली साहित्यको आजसम्मको इतिहासमा अनेक वैचारिक आयाम उठेका छन् । नेपाली साहित्यमा गणतान्त्रिक चेतनाको सुरुवात ठ्याक्कै यहीबाट भयो भन्न निकै कठिन छ । सामाजिक, आर्थिक, राजनितिक, सांस्कृतिक चेतनाको विकासमा आएको परिवर्तनले साहित्यमा पनि प्रभाव पार्दछ । जति सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक क्षेत्रमा परिवर्तन आउदै जान्छ त्यसको प्रभाव साहित्यमा पनि पर्दै जान्छ ।[५७] स्रष्टा शून्यमा रहेर सिर्जना गर्न नसक्ने हुँदा उसको वरिपरिका सम्पूर्ण गतिविधिले चेतनाको स्तरमा पनि असर पार्दछ । सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक लगायत विविध पक्षमा आएको परिवर्तनले चेतनाको स्तरमा परिवर्तन ल्याई परिवर्तनको पक्षमा स्वरहरू उठ्न थालेको पाइन्छ । नेपाली साहित्यको प्राथमिक कालमा हेर्दा क्रान्तिकारी मानिने ज्ञानदिलदास अहिलेको सन्दर्भमा हेर्दा क्रान्तिकारी ठहरिन सक्दैनन् । त्यसैले स्रष्टाको मूल्याङ्कन वर्तमान समयका आधारमा नभई तत्कालीन समयका आधारमा गर्नुपर्छ । राजामहाराजाहरूको भक्तिसँगै विकसित भएको नेपाली साहित्य आज सीमान्तीकृत जनताका हक, अधिकार उठाउने र सामाजिक-राजनीतिक परिवर्तनमा ठूलो प्रभाव पार्ने अवस्थामा पुगिसकेको छ ।

नेपाली साहित्यमा सबैभन्दा पहिला गणतन्त्र शब्दको प्रयोग धरणीधर कोइरालाले **नयपाली ठिटो** भन्ने कवितामा गरेको पाइन्छ । यसभन्दा पहिला पनि गणतान्त्रिक चेतना भएका कविताहरू रचना नभएका होइनन् तर गणतन्त्रकै आवाज उठेको भने पाइदैन । धरणीधरबाट सुरु भएको गणतान्त्रिक कविता सिर्जना यात्रामा २०५० को दशकसम्म आइपुग्दा सयौं कविहरू सामेल हुन आइपुगेका छन् ।[५८] फरक-फरक वाद र विचारधाराका कविहरू एउटै गणतान्त्रिक आवाजका साथ एकै ठाउँमा उभिएको पाइन्छ । कविहरूले अघि बढाएको गणतान्त्रिक अभियानले नेपालको सामाजिक, आर्थिक र राजनीतिक अवस्थाको परिवर्तनमा ठूलो भूमिका खेल्यो ।

नेपालमा राणाकालको अन्त्यतिर मुद्रण व्यवस्थाको विकास, विभिन्न पत्रपत्रिकाको प्रकाशन तथा नेपाल भित्र र बाहिर खुलेका राजनीतिक सङ्घ-सङ्गठनको कारणले नागरिक चेतना वृद्धि हुन थालेको पाइन्छ । देशको सामाजिक-राजनीतिक अवस्थामा आएको परिवर्तनको कारण साहित्यमा पनि क्रान्तिकारी आवाज सशक्त रूपमा उठ्न थालेको पाइन्छ । वि.सं.२०५९ असोज १८ गते तत्कालीन राजा ज्ञानेन्द्रले शेरबहादुर देउवाको प्रधानमन्त्रीत्वमा रहेको सरकारलाई असक्षम भनी

---

[५७] दयाराम श्रेष्ठ र मोहनराज शर्मा , **नेपाली साहित्यको संक्षिप्त इतिहास,** पाँ.सं., (काठमाडौं : साझा प्रकाशन ,२०५६), पृ.२६ ।

[५८] रमेश भट्टराई, "गणतन्त्र र नेपाली कविता", **वेदना,** (वर्ष ३३, गणतन्त्र कविता विशेषाङ्क १, पूर्णाङ्क ७२,२०६३ जेठ), पृ.११ ।

विघटन गरेको घोषणा गरेपछि राजाका विरुद्धमा सशक्त रूपमा आवाज उठ्न थाल्यो । वि.सं.२०५२ देखि सुरु भएको माओवादी जनयुद्धले सामन्ती व्यवस्था अडिने धरातल नै खस्काइदिएको अवस्थामा राजाले राजनीतिक दलहरूमाथि अघोषित प्रतिबन्ध लगाएर आफैं शासन सञ्चालन गर्ने प्रयास गर्न थाले । यसपछिका दिनहरूमा पाँच दल र पछि सात दलको प्रतिगमनविरोधी आन्दोलन सुरु भयो । यसैक्रममा संसद्वादी दलहरू र माओवादीबीच भएको सहमति र सहकार्यले देशलाई गणतन्त्रको दिशातिर धकेल्यो । एमालेले महाधिवेशनबाटै गणतन्त्रको प्रस्ताव पास गरायो भने नेपाली काङ्ग्रेसले पनि महासमितिको बैठकबाट 'संवैधानिक राजतन्त्र' भन्ने शब्दलाई हटाएर गणतन्त्रतिरको यात्रालाई खुल्ला गरिदियो । यसपछिका दिनमा कतिपय निरङ्कुश राजतन्त्रका पक्षधर स्रष्टाहरूबाहेक सबैले गणतन्त्रको नारा लगाए । यो आन्दोलन 'लोकतान्त्रिक आन्दोलन'का रूपमा अगाडि बढ्यो, जसले 'लोकतान्त्रिक गणतन्त्रात्मक शासन' स्थापनालाई आफ्नो लक्ष्य मान्यो । देशमा निरङ्कुशता विरोधी न्यायपूर्ण जनआन्दोलन अगाडि बढिरहेको विशिष्ट परिस्थितिमा स्रष्टाहरूले पनि आफ्ना सिर्जनाहरू सहित सडकमै आएर गणतन्त्र स्थापनाका लागि आवाज उठाए । नेपाली साहित्यमा गणतान्त्रिक चेतनाको विकास एकैपटक भएको होइन । यसको पछाडि आदिकालदेखिकै लामो पृष्ठभूमि रहेको छ । यस पृष्ठभूमिलाई यहाँ सङ्क्षिप्त रूपमा अध्ययन गर्ने प्रयास गरिएको छ । यहाँ वि.सं.२००७ भन्दा पहिला साहित्यमा प्रत्यक्ष रूपमा गणतन्त्रको आवाज नउठी गणतान्त्रिक चेतनाको विकास भएको समयको रूपमा हेरिएको छ । २००७ पछि २०५८ सालसम्मको समयावधिलाई साहित्यमा गणतान्त्रिक चेतनाको विकास भएको समयको रूपमा हेरिएको छ । २०५९ पछि २०६५ जेठ १५ सम्मको समयलाई गणतान्त्रिक कविता आन्दोलनको समयावधिको रूपमा हेरिएको छ । २०५९ सम्मको सामान्य अध्ययन मात्र गरिएको छ भने २०५९ पछिको समयमा लोकतान्त्रिक आन्दोलनमा नेपाली कविहरू कसरी लागे भन्ने कुराको अन्य विधाका सापेक्षतामै रहेर सर्वेक्षण गर्ने प्रयास गरिएको छ ।

## ३.१ वि.सं.२००७ पूर्वको गणतान्त्रिक चेतना

### ३.१.१ वि.सं.२००७ अघिको राजनीतिक-सामाजिक पृष्ठभूमि

पृथ्वीनारायण शाहले राज्य बिस्तार अभियान सुरु गर्दा नेपाल भित्र अनेक भुरे-टाकुरे राज्यहरू थिए । गोरखाका राजा पृथ्वीनारायण शाहले आफ्ना वरिपरिका राज्यहरूमा हमला गर्दै विजय प्राप्त गर्न थाले । उनले सुरु गरेको बिस्तार यात्रा सुगौली सन्धिसम्म पुग्दा बृहत् आयाममा फैलिइरहेको थियो । पृथ्वीनारायणपछि दरबारमा अनेक षड्यन्त्र चल्न थाल्छन् । राजनीतिक अस्थिरताका कारणले आर्थिक-सामाजिक परिवर्तन र विकासको गति अगाडि बढ्न सकेन । पृथ्वीनारायणबाट सुरु भएको एकीकरण अभियान सुगौली सन्धिसँगै अन्त्य भयो र नेपालले हालको स्वरूप प्राप्त गऱ्यो ।[५९] पृथ्वीनारायण शाहको राज्य एकीकरण अभियानसँगै नेपालमा हिन्दू सामन्ती केन्द्रीकृत राज्यव्यवस्थाको सुरुवात भयो । केन्द्रीकृत राज्यव्यवस्थासँगै हिन्दू सामन्तवादी

---

[५९] बालचन्द्र शर्मा, **नेपालको ऐतिहासिक रूपरेखा,** (वाराणासी : कृष्णकुमारी देवी,२०३३), पृ.४३६ ।

संरचनालाई वैधानिक रूपमा लागू गर्दै आदिबासी तथा अन्य जनताको मौलिक परम्परा र संस्कृतिलाई ध्वस्त पार्न थालियो । पृथ्वीनारायण शाहले 'अशील हिन्दूस्तान' बनाउने घोषणा सहित आधुनिक नेपालको एकीकरण गरेपछि नेपाललाई नै हिन्दू सामन्तवादी ढङ्गले तहगत संरचनामा ढाल्न थालेको दृष्टान्त पाइन्छ । त्यसपछि हिन्दू ब्राहम्णवादी सामन्ती संरचनाको विकास भयो । साहित्य र कलाको सिर्जनामा पनि सामन्ती प्रशंसा र स्तुतिले केही मात्रामा सहयोग पुऱ्याएको छ । नेपालको एकीकरण समयदेखि प्रजान्तन्त्रको प्राप्ति सम्मको समयावधिमा युगान्तर ल्याउने र सामाजिक राजनीतिक जीवनमा परिवर्तन ल्याउने मुख्य घटनाक्रमहरूमा एकीकरण र राज्यबिस्तार, नेपाल-अङग्रेज युद्ध, राणाहरूको उदय, विश्वयुद्ध र सातसालको क्रान्ति मुख्य रूपमा रहेका छन् । यसका अतिरिक्त अन्य साना-तिना घटना र सामाजिक-राजनीतिक वातावरणले साहित्यमा प्रभाव पारेको छ ।[६०] पृथ्वीनारायण शाहपछि सुगौली सन्धिसम्मको समय राज्यबिस्तारको समयावधि हो । राज्यबिस्तारको समय भएको हुँदा त्यतिखेरको राजनीतिक वातावरण युद्धमय थियो जसले सामाजिक पक्षका विभिन्न तत्वहरूमा पनि स्वभाविकै रूपमा असर पाऱ्यो । त्यसको प्रतिबिम्ब साहित्यमा पनि परेको पाइन्छ । साम्राज्यवादी अङग्रेजहरूसँग भएको असमान सुगौली सन्धिका कारण नेपालको ठूलो भू-भाग गुम्न पुग्यो भने राष्ट्रवादीहरूलाई यसले पीडादायी स्थिति नै निम्त्यायो । एकीकरण अभियानको अन्त्यपछि युद्धलाई बिषयवस्तु बनाएर साहित्य लेखिने क्रम अन्त्य जस्तै हुन्छ । त्यसपछि नेपाली साहित्य ईश्वरका साकार-निराकार स्वरूपको स्तुतिमा शरण लिन पुग्यो ।[६१]पृथ्वीनारायण शाहको मृत्युपश्चात् दरबारभित्र सत्ता सङ्घर्षका होडवाजी चल्ने क्रममा हत्या र षड्यन्त्रका श्रृङ्खला नै देखिन्छन् । सुगौली सन्धिपछि पनि दरबारभित्र सत्ता प्राप्तिका लागि शक्तिसङ्घर्षका खेलहरू समेत जारी नै रहे । एकीकरण र त्यसपछिको राजनीतिक प्रक्रियामा समेत हिसां र रक्तपातपूर्ण गतिविधि नै सत्ता प्राप्तिको आधार बन्न पुग्यो ।[६२] अधिकांश प्रधानमन्त्रीहरू कालगतिले मर्न नपाउनु, राजपरिवार भित्र नै हत्या र षड्यन्त्रका घटनाहरू एकपछि अर्को देखिनु, पाण्डे र थापा खलककाबीच तीव्र शक्तिसङ्घर्ष चल्न थाल्नु जस्ता विविध घटनाहरूले त्यसबेलाको षड्यन्त्रपूर्ण अवस्थालाई स्पष्ट रूपमा देखाउँछ । पृथ्वीनारायण शाहको मृत्यु पश्चात् शक्ति र सत्ताको प्राप्तिका लागि एक-अर्कालाई उचाल्ने र पछार्ने प्रक्रियाले संस्कारकै रूप लिन थालेको पाइन्छ । प्रतापसिंहको मृत्युपश्चात् सबै राजाहरू नावालक हुँदा नायवी र प्राइमिनिष्टरी शासन-व्यवस्थाको उदय हुन पुग्यो । वि.सं. १९०३ मा जङ्गबहादुर राणाले कोतपर्व मच्चाएर दरबारका धेरैजना शक्तिशाली व्यक्तिहरूको हत्या गरी शासन-सत्ता सम्पूर्ण रूपमा आफू र आफ्नो वंशमा केन्द्रित गरे । त्यसपछि त सिंहासनमा बसेका राजाहरू नाममात्रका हुन पुगे र राणा प्राइमिनिष्टरहरूले नै अधिनायकवादी शासनसत्ता सञ्चालन गरे । शासन-व्यवस्थाको सम्पूर्ण अधिकार एकै परिवारमा केन्द्रित हुन पुगेकोले देशमा अनौठो किसिमको सामन्तवादी प्रथाको उदय

---

६० दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यमो संक्षिप्त इतिहास**, पाँ.सं, (काठमाडौँ : साझा प्रकाशन, २०५६), पृ. २६ ।

६१ तारानाथ शर्मा ।

६२ भीम रावल, **नेपालमा साम्यवादी आन्दोलन उद्भाव र विकास**, (काठमाडौँ : पैरवी प्रकाशन २०४७), पृ. ११ ।

भयो । त्यसपछि क्षमता र योग्यताका आधारमा नभएर कूल र जन्मका आधारमा शासन-सत्ता सञ्चालन हुन थाल्यो ।[६३]

शक्तिशाली सामन्तवादी राजशाही चेतनाको परिमार्जन र प्रसारको निम्ति सबैभन्दा ठूलो तगारो हो । राणा शासनको सुरूवात भएपछि अर्को उपराजतन्त्रको जन्म भयो । यसपछि नेपालीहरू आन्तरिक र बाहृय शक्तिप्रति अझ निन्दनीय दासतामा जेलिन पुगे ।[६४] राणा शासनको सुरूवात भएपछि २००७ सालसम्म पारिवारिक नियन्त्रणमा नै नेपालको शासन व्यवस्था अघि बढ्यो । मल्लकालदेखि पृथ्वीनारायण शाह र उनका उत्तराधिकारीहरूका पालासम्म जुन मध्यकालीन सामन्तवादी प्रथा थियो त्यो केवल रूपमा मात्र परिवर्तन भएर अघि बढ्यो ।[६५] राणा शासनको सुरूवात भएपछि त सामन्ती शोषणको जाँतोमुनि पिल्सिएको नेपाली समाज साम्राज्यवादी जाँतोमा समेत पिल्सिन बाध्य भयो ।[६६] अङ्ग्रेजहरूसँग राणाको निकटता बढ्दै गएपछि नेपालको अङ्ग्रेजसँगको कुटनीतिक सम्बन्धमा समेत परिवर्तन आउन थाल्यो । राणाहरू अङ्ग्रेजहरूको निर्देशनअनुसार चल्ने र सहयोग पुऱ्याउने काम गने थाले । राणाकालमा अङ्ग्रेजले नेपालमा 'गोर्खा भर्ती केन्द्र' खोलेर फौजी भर्तीको सुरक्षित केन्द्रका रूपमा विकास गर्न थाल्यो । पश्चिमी देशहरूमा ज्ञान-विज्ञानले र भौतिक विकासले तीव्र गति लिइरहेको बेलामा नेपाल अन्धकारको महानिन्द्रामा सुतिरह्यो । त्यसबेला शिक्षाको ज्योतिलाई समेत निभाएर नागरिक चेतनामा प्रतिबन्ध लगाउने काम भयो । उनीहरूले नेपाली जनतालाई अशिक्षा र अन्धकारको भुमरीमा पिल्साएर एकछत्र निरङ्कुश शासन सञ्चालन गर्ने बाटो रोजे । विश्वमा आइरहेको स्वतन्त्रताको लहर र छिमेकी देश चीनमा समेत आएको परिवर्तनले नेपालमा समेत प्रभाव पाऱ्यो । नेपाली युवाहरूको अन्तर्राष्ट्रिय क्षेत्रसँगको सम्पर्क तथा शिक्षाको क्षेत्रमा भइरहेको थोरैधैरै विकासको कारण वि.सं. १९०० को उत्तरार्धतिर राणा विरोधी सङ्घ-सङ्गठनको देशभित्र र बाहिर स्थापना हुन थाल्यो । अन्ततः राणाहरूको अधिनायकवादी निरङ्कुश शासनका विरोधमा जनता व्यापक सङ्घर्षमा उत्रन बाध्य भए । जनताको उर्लदो शक्तिका अगाडि राणाहरूको कुनै तागत चलेन र उनीहरू २००७ साल फागुन ७ गते जनताका अगाडि घुँडा टेक्न बाध्य भए । पृथ्वीनारायण शाहले वाणिज्य र अर्थतन्त्रको क्षेत्रमा सुधार ल्याउने चेष्टा गरेका थिए । उनको समयमा भोटसँगको वाणिज्य व्यापारमा राम्रै उन्नति भएको थियो भने भारततर्फबाट आउने युरोपेली मालमा नियन्त्रण गरेका थिए । व्यापारको विषयलाई लिएर भोटसँग त युद्ध नै हुन पुगेको थियो ।[६७] त्यसबेला स्वदेशी उद्योगधन्दा र कलकारखानामा खासै उन्नति हुन सकेन । यतिबेलादेखि नै नेपाल विदेशी आयातको मुख ताकेर बस्ने अवस्थामा पुगेको थियो । राणाहरूले त्यस समयमा शक्ति सङ्घर्षका ठूला-ठूला उतार-चढाव हुने भएकोले स्थायित्वको अनुभूति गर्न सकेका थिएनन् । यही कारणले सदैव आफू र आफ्नो

---

[६३] बालचन्द्र शर्मा, पूर्ववत, पृ ४३६ ।

[६४] मुरारी अर्याल, "साहित्यमा गणतान्त्रिक चेत र आवश्यकता "**बेदना,** (वर्ष ३४, अङ्क ३१, पूर्णाङ्क ७३, २०६४ साउन), पृ २५ ।

[६५] बालचन्द्र शर्मा, पूर्ववत्, पृ ४२६-४३६ ।

[६६] भीम रावल, पूर्ववत्, पृ. १४।

[६७] वालचन्द्र शर्मा, पूर्ववत् , पृ. ४३७।

परिवारकै भविष्यको चिन्ता मात्र गर्न थाले जसको फलस्वरूप उनीहरूको ध्यान सधै देशको आर्थिक शोषणपट्टि नै लाग्यो । देशको विकासमा कुनै सरकारी सहयोग र सहायता उपलब्ध हुन सकेन । पुरानो परम्परागत कृषि अर्थतन्त्रले देशमा सुधार आउनेवाला थिएन । औद्योगिक विकासमा पनि कुनै ध्यान नै दिइएन । यसैले देशले कृषि युगबाट अगाडि पाइला चाल्न सकेन ।[६८] सामन्ती अर्थतन्त्रका कारण त्यस अवधिको उत्पादन प्रणालीमाथि पनि सामन्ती स्वामित्व कायम रह्यो त्यसबेला चर्को रूपमा सामान्य जनताबाट उठाइएको राष्ट्रिय सम्पत्ति शासकहरूले विलासी जीवन बिताउन खर्च गर्ने गरेका थिए । राणाकालमा नेपाली जनता सामन्ती शोषणको जाँतोमुनि पिल्सिन बाध्य भएका थिए । सामान्य मौलिक अधिकारबाट समेत पूर्णतया वञ्चित भई निरङ्कुश शासनको अत्याचार भोग्न विवश भएका थिए ।

## ३.१.२ शासक वर्ग विरोधी जनचेतना र सङ्गठित विरोधका प्रयास

राणाशासन सुरू हुनुभन्दा पहिला सर्वसाधारण जनताका तर्फबाट शासकवर्गको विरोधमा सङ्गठित आन्दोलन भएको पाइदैन । दरबारमा शक्तिसङ्घर्षका लागि भारदारहरू बीच भएका विभिन्न षड्यन्त्रका कार्यहरूलाई जनस्तरबाट नागरिक अधिकार प्राप्तिका लागि भएका विद्रोह वा आन्दोलनका रूपमा लिन सकिदैन । सामाजिक चेतनाको स्तर उठ्न पनि सकेको थिएन । कतिपय पढेलेखेका बौद्धिक वर्गहरू समेत दरबारको पिछलग्गु बनेको देखिन्छ । त्यतिबेलाका साहित्यकारहरूले शासक वर्गको स्तुतिगान गरेर व्यक्तिगत फाइदा लिनका लागि आफ्नो जीवन नै खर्चिएका छन् । शासक वर्गको प्रत्यक्ष रूपमा स्तुतिगान नगरेका कतिपय साहित्यकारहरू समेत ईश्वरभक्तिमै रमे । साहित्यका क्षेत्रबाट सुधारवादी चेतना घन्काउने साहित्यकारहरू हातका औंलामा गन्ने जति पनि भएनन् । नेपाली राजनीतिक इतिहासमा हेर्दा पहिलोपटक जनताका तर्फबाट आन्दोलनका बलमा परिवर्तन भएको २००७ सालमा नै हो । २००७ सालको क्रान्ति एकैपटक भएको होइन । यसको लामो पृष्ठभूमि रहेको छ । राणाहरूका विरुद्ध जनता जाग्नका लागि एकातिर शिक्षाका माध्यमबाट र अर्कातिर देश-विदेशबाट प्रकाशित विभिन्न पत्रपत्रिकाले महत्वपूर्ण सहयोग पुऱ्याएका थिए ।

राणाहरूको पालाभन्दा पहिला नेपालमा औपचारिक शिक्षाको व्यवस्था थिएन । गुरुकूल शिक्षा पद्धतिकै माध्यमबाट भएपनि शिक्षाको थोरै-धेरै विकास भने भएकै थियो तर ती शिक्षित र वौद्धिक व्यक्तित्वहरू समेत दरबारकै सेरोफेरोमा नाचिरहेका थिए । जङ्गबहादुर बेलायतबाट फर्केपछि १९१०मा दरबार हाइस्कूलको स्थापना गरे र सीमित परिवारका व्यक्तिहरूलाई मात्र पढ्न दिने व्यवस्था मिलाए ।[६९] राणाहरूले आफ्ना परिवारका व्यक्तिहरूका लागि स्कूल खोले पनि सर्वसाधारणलाई शिक्षाको ज्योति पाउनबाट बञ्चित गराई चेतनामा प्रतिबन्ध लगाउने प्रयास गरे । राणा प्र.म. देवशमशेरले सर्वसाधारण जनतामा समेत शिक्षाको पहुँच पऱ्याउने प्रयास गरेका थिए

---

[६८] ऐजन, पृ.४३८ ।

[६९] चिरञ्जीवी शर्मा र निर्मला शर्मा, **शिक्षाको समाजशास्त्रीय र दर्शन शास्त्रीय आधार,** (काठमाडौं : ए.के पब्लिशर्स एण्ड डिष्ट्रिब्युटर्स, २०५९), पृ.९५ ।

तर उनी सुधारवादी भएकै कारण धेरै लामो समय सत्तामा टिक्न सकेनन् ।[७०] त्यतिबेला भारततिर गएर अध्ययन गर्ने काम केही व्यक्तिहरूले गरे पनि ती सीमित थिए । वि.सं. १९७६ सालमा आएर त्रिचन्द्र कलेजको स्थापना भयो भने १९९० सालमा एस. एल.सी बोर्डको सुरूवात भयो । त्यसपछि शिक्षा सम्भ्रान्त वर्गबाट विस्तारै सामान्य वर्गको पहुँचमा पुग्न सुरु गर्छ । १९६६ सालमा भारतको उत्तरप्रदेश प्रशासनले प्रवेशिका र १९७५ मा आई. ए. र बी.ए. का परीक्षाहरूमा समेत नेपाली विषयलाई मान्यता दियो । यसरी देशभित्र र देश बाहिरसमेत स्थापना भएका विद्यालय-महाविद्यालयहरूको स्थापनासँगै आधुनिक शिक्षाको विकास भयो र जनचेतनाको स्तरमा वृद्धि हुन थाल्यो ।[७१] नेपालमा शिक्षाको विकास गर्न र जनचेतनाको विकास गरी निरङ्कुशता विरुद्ध जनतालाई जागरूक बनाउन नेपाल बाहिरका बनारस लगायतका विभिन्न स्थानको महत्त्वपूर्ण भूमिका छ । साहित्यको विकासमा पनि भारतबाट ठूलो योगदान रहेको छ । भारतका विभिन्न स्थानहरूबाट शिक्षित युवाहरूले प्रकाशित गरेका पत्रपत्रिकाले साहित्य र चेतनाको विकासमा ठूलो काम गरे ।

वि.सं. १९५८ सालबाट प्रकाशित हुन थालेको **गोर्खापत्र**ले पनि कुनै न कुनै रूपबाट चेतना फैलाउने काम गऱ्यो । बनारसबाट प्रकाशित **सुन्दरी, माधवी** जस्ता पत्रिका मार्फत् पनि जनचेतना जगाउने काम भयो । **गोर्खाली** र **चन्द्र** जस्ता पत्रिकाले समसामायिक परम्परा विपरीत जातीय जागरण र आर्थिक उन्नतीका निम्ति व्यग्र रहेका राजनीतिक चेतनायुक्त रचनाहरूको प्रकाशन गर्न थाले । सामन्त शाहीका उच्चपदस्थ भइसकेका सुब्बा देवीप्रसाद सापकोटा र खरिदार कृष्णप्रसाद कोइरालालाई **गोर्खाली**मा संलग्न गराएर गणतान्त्रिक चेतनातर्फ डोऱ्याउने मेघावी युवक मणिसिंह गुरुङ थिए ।[७२] जनचेतनाको प्रचारप्रसार गर्नमा बिदेशबाट प्रकाशित **गोर्खे खबर पत्रिका** (दार्जिलिङ), **चन्द्रिका** (खरसाङ, १९७४), **तरुण गोर्खा** (देहरादुन, १९८५), **नेपाली साहित्य सम्मेलन** (दार्जिलिङ, १९८८), **उदय** (वनारस, १९९४) र नेपाल भित्रैबाट प्रकाशित **शारदा** (१९९१), **उद्योग** (१९९२) जस्ता पत्रिकाले समेत जनचेतना अभिवृद्धि गर्ने काममा सशक्त भूमिका खेलेका छन् ।

राणाकालमा सीमित मात्रामा भए पनि प्रकाशित पत्रिका र शिक्षालयहरूको कारण जनचेतना अधिवृद्धिमा सहयोग पुगेको देखिन्छ । यसका साथै विश्वयुद्धमा लड्न विदेश गएका युवाहरूले फर्कदा नयाँ विचार र अनुभव भित्र्याउने काम गरे ।[७३] बाह्य संसारसँग नेपालको खुला सम्पर्क हुनुका साथै विश्वमा फैलिएको स्वतन्त्रताको लहर र विश्व साम्यवादी आन्दोलनको प्रभाव पनि पर्न थाल्यो । भारतमा अध्ययन गर्न गएका नेपाली युवाहरूको स्वतन्त्रता सङ्ग्राममा सहभागिता हुन थालेपछि उनीहरूमा पनि निरङ्कुशता विरोधी स्वतन्त्र चेतनाको विकास हुन

---

[७०] ऐजन, पृ.९६ ।

[७१] ऐजन, पृ. ९७ ।

[७२] मुरारी अर्याल, पूर्ववत् , पृ.२६ ।

[७३] भीम रावल, पूर्ववत्, पृ.१५ ।

थाल्यो । फलस्वरूप भारतमा रहेका विद्यार्थी र सैनिकहरू राजनीतिक रूपमा सङ्गठित भए, जसको प्रभावस्वरूप नेपालमा राणाविरोधी अभियानसमेत अघि बढ्यो ।[७४]

राणाहरूको विरोधमा जनताको तर्फकबाट भएको पहिलो विद्रोहको रूपमा लखन थापाले गरेको विद्रोहलाई लिन सकिन्छ । आफूलाई मनकामना देवीले जङ्गबहादुरलाई मारी नेपालको शासन गर्न भनेको भन्दै राणाहरूको विरोधमा गोरखाका केही मान्छेलाई सङ्गठित गर्ने प्रयास गरेका थिए ।[७५] लखन थापाले वि.सं. १९२३ मा भूतपूर्व सैनिक सहित अन्य केही मान्छेलाई सङ्गठित गरेर जङ्गबहादुरको विरोधमा लागेका थिए । लखन थापाले विद्रोह गरेको थाहा पाएर जङ्गबहादुरले आठ पहरिया सिपाहीको दल गोरखातिर पठाए । दलले एकाएक लखन थापाको मठमा छापा माऱ्यो र थापा लगायत आठजनालाई बैठक बसिरहेका अवस्थामा पक्राउ परे । खानतलास गर्दा ६० नाल बन्दुक सहित अरू हातहतियार फेला परे । केही समय पश्चात् लखन थापालाई आफ्नै मठमा र अन्य सात जनालाई मनकामनाको मन्दिरमा झुन्डाएर मारियो ।[७६]

लखन थापाले गरेको सङ्गठित प्रयासपछि लामो समयसम्म विद्रोहको प्रयास हुन सकेन । वि.सं.१९७७ मा भएको 'मकैपर्व'मा सुब्बा कृष्णलाललाई राणाविरोधी काम गरेको अभियोगमा पक्राउ गरी थुनामा राखियो । थुनामै रहेको समयमा उनको मृत्यु हुन पुग्यो भने अरूलाई जेल सजाय र जरिवाना गरियो ।[७७] तर यस घटनासँग सम्बन्धित 'मकैको खेती' भन्ने पुस्तकमा स्पष्ट रूपमा राजनीतिक विद्रोह नभएर लाक्षणिक आलोचना मात्र थियो । राणाहरूको विरोधमा सङ्गठित प्रयास भने देश बाहिरबाट सुरु भएको पाइन्छ । १९७८ तिर ठाकुरचन्दन सिंहले गोर्खा लिगको गठन गर्नुका साथै 'गोर्खा संसार' र 'तरुण गोर्खा' पत्रिकाको प्रकाशन गरी जागरणधर्मी काम गर्न थालेका थिए । त्यस्तै सन् १९३५ तिर वनारसमा 'नेपाली छात्रसङ्घ'को र १९४५ मा कलकत्तामा 'हिमाञ्चल विद्यार्थी सङ्घ'को गठन पश्चात् जागरणधर्मी कार्य अगाडि बढाएको देखिन्छ ।[७८]

राणाहरू जनतामा चेतनाको स्तर विकास नहोस् भन्ने चाहन्थे । जनतालाई सधैंभरी अन्धकारमा राखेर निरङ्कुश शासन सञ्चालन गर्ने उनीहरूको चाहना थियो । १९८६ मा केही व्यक्तिहरूले पुस्तकालय खोल्ने प्रयास गर्दा राणाहरूको कोपभाजनको सिकार हुनुपरेको थियो ।[७९] वि.सं. १९८८ मा 'प्रचण्ड गोर्खा' र १९९३ मा 'नेपाल प्रजापरिषद्'को गठन पश्चात् राणाविरोधी जनचेतना र सङ्गठित विरोधको प्रयास अघि बढेको थियो । १९९७ मा राणाहरूका विरुद्ध आवाज उठाउँदा शुक्रराज शास्त्री, दशरथ चन्द, धर्मभक्त माथेमा र गङ्गालाल श्रेष्ठले शहादत नै प्राप्त गर्न

---

[७४] ऐजन, पृ. १५-१६ ।

[७५] बालचन्द्र शर्मा, पूर्ववत्, पृ.३४१ ।

[७६] जनकलाल शर्मा, **जोसमनी सन्त परम्परा र साहित्य,** (काठमाडौं : रायल नेपाल एकेडेमी, २०२०), पृ.९०-९१ ।

[७७] तारानाथ शर्मा, पूर्ववत्, पृ.८३ ।

[७८] ताराकान्त पाण्डेय, **प्रगतिवादी नेपाली कवितामा अभिव्यञ्जित यर्थाथ,** अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय २०५६, पृ.१२७ ।

[७९] राजेश गौतम, **नेपालको प्रजातान्त्रिक आन्दोलनमा प्रजापरिषद्को भूमिका,** (काठमाडौँ : लेखक स्वयम् , २०४६), पृ .३९ ।

पुगे भने अरू धेरै व्यक्तिहरूले कारावास र जरिवाना सजाय भोग्नु परेको थियो ।[८०] यसै क्रममा महावीर स्कुलको स्थापना तथा नेपाली नागरिक अधिकार समितिले समेत जनचेतनाको विकास गर्नमा ठूलो भूमिका खेले । 'सहिद काण्ड' पश्चात् विद्रोहको ज्वाला निभ्नुको साटो झन्-झन् दन्किन थाल्यो । देशभर विभिन्न विद्रोहका कार्यक्रम अघि बढे । वि.सं. १९९८ तिर 'अखिल नेपाल वर्ग महासभा' र त्यसका मातहतमा 'रक्तपात कमिटी'को गठन भयो जसले 'गणतन्त्र नेपाल जिन्दावाद'को नारा लगाएको थियो ।[८१] राणाशासन विरोधी अभियान अघि बढिरहेकै समयमा २००३ सालमा अखिल भारतीय नेपाली काङ्ग्रेको स्थापना भयो । २००३ सालकै माघमा नेपाली राष्ट्रिय काङ्ग्रेसको स्थापना भयो । पछि यी दुई पार्टीहरू बीच एकीकरण भई नेपाली काङ्ग्रेसको गठन भयो ।[८२] २००६ सालमा आएर नेपाल कम्युनिष्ट पार्टीको स्थापना भएपछि राणा विरोधी अभियान अझ सशक्त रूपमा अघि बढ्छ । अन्ततः २००७ साल फागुन ७ गतेका दिन राणाहरूले प्रजातन्त्रको घोषणा गर्न बाध्य भए ।

यसरी २००७ को आन्दोलनको पृष्ठभूमि हेर्दा १९९० को दशकदेखि सशक्त रूपमा राणाविरोधी सङ्घ-सङ्गठनको स्थापना हुन थाल्छ । शैक्षिक क्षेत्रमा भएको विकास र राजनीतिक क्षेत्रबाट भएको निरङ्कुशता विरोधी सङ्गठित प्रयासले नागरिक चेतनाको स्तरमा समेत वृद्धि हुन्छ । राजनीतिक-शैक्षिक क्षेत्रमा आएको विकासले समाजका हरेक पक्षमा प्रभाव पार्दछ । यसै समयदेखि नै नेपाली साहित्यका फाँटमा विद्रोही आवाज घन्किन थाल्छ । धरणीधर कोइराला, लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, गोपालप्रसाद रिमाल जस्ता प्रतिभाहरूले साहित्यका क्षेत्रमा गणतान्त्रिक चेतनाको विकास गर्न थाल्दछन् । २००७ सालसम्म आउँदा त साहित्यमा विद्रोही चेतना सशक्त रूपमा देखिन थाल्छ ।

## ३.१.३ वि.सं.२००७ अघिको साहित्यिक पृष्ठभूमि र शासकस्तुति

नेपाली साहित्यको ऐतिहासिक पृष्ठभूमि खोज्दै जाने हो भने ऋग्वेदमा नै पुग्न सकिन्छ तर नेपाली भाषाका प्राचीनतम साहित्यिक उदाहरण पृथ्वीनारायण शाहका पालामा लेख्ने सुवानन्द दास र शक्तिवल्लभ अर्यालका पद्य नमुनाहरू नै हुन् । नेपाली भाषाका प्राचीनतम उदाहरणले चौधौँ शताब्दीसम्म पुग्न सकिने देखाए पनि त्यसबेलाका ग्रन्थहरूमा भने साहित्यिकता पाउन सकिदैन ।[८३] सबैजसो साहित्यकारले सुगौली सन्धिभन्दा पूर्वको साहित्यलाई वीरधाराका रूपमा मान्दै आएका छन् । दरबारका राजा-महाराजा र भारदारहरूको स्तुतिगानबाट सुरु भएको नेपाली साहित्यको परम्परा पछिल्लो समयसम्म पनि चलिरहेकै छ । सुगौली सन्धिसम्म आउँदा देशको राजनीतिक वातावरण युद्धमय भएको हुँदा त्यसको प्रभाव साहित्यमा पनि परेको छ । युद्ध र वीरता सम्बन्धी साहित्यको रचना भए पनि राजा-महाराजा र तिनका भारदारहरूलाई नायक बनाइएको

---

[८०] बालचन्द्र शर्मा, पूर्ववत् , पृ . ३७७ ।

[८१] भीम रावल, पूर्ववत्, पृ.१७ ।

[८२] ऐजन ।

[८३] तारानाथ शर्मा, पूर्ववत्, पृ.४ ।

छ । सुवानन्द दासभन्दा पहिलाका प्राप्त शिलालेखहरूसमेत राजा-महाराजा र तिनका भारदारहरूलाई नै नायक बनाइएको छ । सुवानन्द दासले त पृथ्वीनारायण शाहलाई कृष्णकै अवतारका रूपमा मानेर स्तुति गाएका छन् ।[८४] त्यसो त पृथ्वीनारायण शाहभन्दा अघिदेखि नै दरबारमा कवि, लेखक र कलाकार पाल्ने र राजाहरूको प्रसस्ति गाउन लगाउने चलन थियो । राजाहरूले प्रसस्ति लेखाउने, शिलालेखका स्तुतिहरू तयार गर्न लगाउने, 'इन्द्रस्त्वम् वरुणस्त्वतम्' जस्ता प्रार्थनाले जनतामा राजाको ईश्वरत्व सिद्ध गर्ने, राजा र राजपरिवारको कीर्ति बढाउन लगाउने गरेको पाइन्छ । मनोरञ्जनका निम्ति मूर्ति, तस्विर आदि बनाउने, नाटक खेल्ने जस्ता राजाहरूबाट कवि, कलाकार र लेखकलाई प्रयोग गरेर गरिन्थ्यो ।[८५] नेपाली साहित्यको आदि कालतिर जनपक्षीय साहित्यको निर्माण त भए होला तर सामन्ती दवदवा रहेको त्यस समयमा सुरक्षित भने रहेको पाँइदैन तर लोकसाहित्यमा भने जनमनका भावनाहरू प्रतिबिम्बित भएको पाइन्छ । सामन्त वर्गकै स्तुतिगानबाट सुरु भएको नेपाली साहित्यले २४० वर्ष पार गर्न लाग्दा जनताका पक्षमा आवाज उठाउने अवस्थासम्म आइपुगेको छ ।

सुवानन्दबाट सुरु भएको शासक स्तुतिवादी प्रवृत्ति उदयानन्द अर्यालमा समेत देखापर्छ । उदयानन्दले पृथ्वीनारायण शाहलाई झैं आफ्ना उपास्य प्रतापसिंह र बहादुर शाहलाई पनि अवतारी पुरुष नै सिद्ध गर्न खोजेका छन् ।[८६] उनको **पृथ्वीन्द्रोदय** महाकाव्य पृथ्वीनारायण शाहकै प्रशंसामा लेखिएको महाकाव्य हो । अर्का दरबारमै हुर्किएका कवि शक्तिवल्लभका प्राप्त कविताहरूमा समेत राजाको स्तुतिगान गरिएको पाइन्छ । सुगौली सन्धिभन्दा अगाडिको साहित्यको मूल प्रवृति युद्धकालीन वीरताको वर्णन हो तर सुवानन्द र शक्तिवल्लभले पृथ्वीनारायण शाहलाई प्रत्यक्ष-अप्रत्यक्ष रूपमा आलम्बन गराएर युद्धको वर्णन गरे भने उदयानन्दले पृथ्वीनारायण, प्रतापसिंह र बहादुर शाहलाई समेत नायक बनाएर वीरत्वको कविता लेखे ।[८७] शासकवर्गको भुरी-भुरी स्तुति गर्ने काममा यस समयका कविहरू लागेका छन् । त्यसोभन्दा शासकस्तुति बाहेक अन्य कविता लेख्दै नलेखिएको भने होइन तर त्यो पक्ष अत्यन्तै कमजोर पाइन्छ ।

सुगौली सन्धिपश्चात् कवि/कलाकारहरू वीरताको गायन छाडेर धार्मिक भावनातर्फ लागेर ईश्वरभक्तिका भजन-कीर्तन गाउँदै साहित्य रच्न थाले । रामलाई नायक बनाएर (भगवान् नै) भानुभक्तले **रामायण** जस्तो चर्चित कृति रचना गरे । निर्गुण धाराका सन्त कविहरूले ईश्वरको साकार रूपको नभएर निराकार रूपको वर्णन गरेका छन् । कर्मकाण्ड प्रथा, जातीय भेदभाव, हत्याहिंसाको विरोध, अत्याचार र दुराचारको विरोध गरी मानवताको पृष्ठपोषण गर्ने काम गर्नु र मुक्ति वा स्वर्गको प्राप्तिको कामना गर्नु यिनीहरूको अभीष्ट हो ।[८८] समाज सुधारका केही भावहरू

---

[८४] 'गोकुल पुग्यो नुवाकोट कृष्ण अवतारी है'

[८५] पुष्पलाल, **छानिएका रचना भाग-तीन** , (काडमाडौं : पुष्पलाल स्मृति प्रतिष्ठान, ), पृ ११४ । (**नयाँ जनवादी संस्कृति**, नेपाल कम्युनिष्ट पार्टीको बुलेटिन नं. ५)

[८६] केशवप्रसाद उपाध्याय, **प्राथमिककालीन कवि र काव्यप्रवृति**, ते.सं., (काठमाडौं : साझा प्रकाशन, २०४९), पृ.४२ ।

[८७] ऐजन, पृ.७२ ।

[८८] ऐजन, पृ.४९ ।

आए पनि त्यति धेरै प्रभावकारी बन्न सकेनन् । त्यस समयका कविहरूमध्ये ज्ञानदिलदासका रचनामा भने केही सुधारवादी-प्रगतिशील भावना रहेको पाइन्छ ।

राणाकाल सामाजिक चेतनाका दृष्टिले अँध्यारो समय हो । धेरैजसो समालोचकहरूले १९४०-१९७५ सम्मको समयलाई शृङ्गारिक युग भनेका छन् । राणाहरू भोगविलासमा लहसिएको हुनाले पनि शृङ्गारिकताले उग्र अभिव्यक्ति हुने वातावरण पायो । राणा दरबारबाट नै नग्न शृङ्गारिकतालाई प्रोत्साहन मिलेको थियो । यस समयमा विद्रोही र प्रगतिशील रचनाहरू त्यति धेरै देखा परेनन् । एकथरी शृङ्गारिकताको चरम अभिव्यक्तितिर लहसिए भने अर्काथरी शासकवर्गको भजन गाएर ठूलो स्वार्थ लुट्नतर्फ लागे । नेपाली साहित्यको सुरुवातदेखि नै देखिएको शासकभक्ति परम्परा यस समयमा पनि चर्को रूपमा नै देखियो । सुवानन्ददेखि नै धेरै साहित्यकारहरूले सामन्तवादको सेवा गर्दै आएका छन् । शासकवर्गका सामान्य कुरालाई पनि अतिरञ्जित ढङ्गले भुरी-भुरी प्रशंसा गर्नेहरूको ठूलो सूची नै बन्न सक्छ । जगन्नाथ-वैजनाथ सेढाईंले **रामायण** जतिकै आयामको **भूचन्द्र चन्द्रिका** र **चन्द्रमयुख** भन्ने शास्त्रीय काव्य लेखी सारा साहित्यिक जीवन चन्द्रशमशेरको प्रशंसामा बिताए । यसरी नै शम्भुप्रसाद ढुङ्गेलले पनि **श्री चन्द्रप्रताप वर्णन** र **चन्द्रोदय दर्शन** लेखे । विद्वान्कै रूपमा चिनिएका कुलचन्द्र गौतमले समेत **अलङ्कार चन्द्रोदय** लेख्न पुगे तर त्यसले जनताका बीच बदनाम भएको महसुस गरेर पछि त्यसलाई **राघवालङ्कार** नाम दिए ।[८९] सुवानन्ददेखि नै अघि बढेको शासकस्तुति निरन्तर रूपमा अहिलेसम्म पनि जारी नै छ । **जङ्गबहादुरहको सवाई**, **वीर षष्ठिका**, **भीम गीताञ्जली**, **जुद्धोदय वर्णन** , **मोहन प्रतापमाला**, **शाहवंश** महाकाव्य, **पृथ्वी-महेन्द्र** महाकाव्य आदि यस्ता उदाहरण हुन् ।[९०] चक्रपाणि चालिसेले ‘श्रीमान् गम्भीर नेपाली...’ भन्ने गीत लेखे जुन २०६३ सालसम्म नै राष्ट्रगानका रूपमा रह्यो । लेखनाथ र सोमनाथको समेत दरबारकै सेरोफेरोमा जीवन बित्यो । सोमनाथले **चन्द्रिका** भन्ने महाकाव्यसमेत लेख्ने प्रयास गरेका थिए तर पूर्ण भने हुन सकेन । उनले त व्याकरणका किताबहरू अगाडि समेत ‘चन्द्रिका’ शब्द राखेर चन्द्रशमशेरको भक्त हुने प्रयास गरे ।

राणाहरूले जनतामा जागरण र राजनीतिक चेतना आउन नपाओस् भनेर चेतनाका सम्पूर्ण ढोकाहरू बन्द गर्ने प्रयास गरेका थिए । त्यसबेला विश्व परिवेश सुहाउँदो शिक्षाको त के कुरा सामान्य साक्षर बन्ने अवसर समेत थिएन । राणाहरूका, राजा महाराजाहरूका र कुलीन वर्गका व्यक्तिहरूका स्तुतिगान तथा स्वर्ग, नरक, भाग्य, ईश्वर, देवीदेवता, परलोक आदिका थोत्रा गफ भरिएका पुराण मात्र सुन्न पाउँथे । त्यसबाहेक **मदनलहरी**, **प्रेमलहरी** जस्ता अश्लील किताब र **तोतामैना, वीरसिक्का** जस्ता बकम्फुस्से गफ मात्र पढ्न पाउँथे । शासकहरूले चेतनाको विकास हुन नदिन आध्यात्मिक हतियार प्रयोग गरेका थिए ।[९१]

यसरी राणाकालीन समयको साहित्य प्रत्यक्ष-अप्रत्यक्ष रूपमा सामन्तवर्गकै सेवामा केन्द्रित भएको छ । शासकवर्गले आफ्नो विरोधमा लागेको आरोप लगाएर ‘मकै पर्व’ र ‘लाइब्रेरी पर्व’मा

---

[८९] ऐजन ।

[९०] पुष्पलाल, पृ.११६ ।

[९१] ऐजन, पृ.१२२ ।

स्रष्टाहरूमाथि गरेको दमनले थोरै पनि चेतना नआओस् भन्ने पक्षमा राणाहरू थिए भन्ने कुरा स्पष्ट हुन्छ । तर पनि १९७० को दशकबाट देश-विदेशबाट प्रकाशित विभिन्न पत्रपत्रिकाले विद्रोही भावना जगाउन थालेका थिए । १९७५ देखि नै 'जाग जाग...' भन्दै उठेका धरणीधर कोइराला लगायत केही साहित्यकारहरू जनपक्षीय लेखनमा लागेको पाइन्छ । १९९० को दशकदेखि देवकोटा, सिद्धिचरण, रिमाल जस्ता केही साहित्यकारहरूले प्रगतिशील भावनालाई उजागर गर्न थालेका थिए । नेपाली साहित्यले पनि शृङ्गार र भक्ति परम्परा त्यागेर जनताका आवाज उठाउन थालेको थियो । यसै समयदेखि साहित्यका अन्य विधामा समेत यर्थाथवादी धारा, आदर्शोन्मुख यर्थाथवादी धारा, मनोवैज्ञानिक धारा र केही समयपछि प्रगतिवादी धाराको समेत विकास हुन थाल्यो । राणाविरोधी विभिन्न राजनीतिक क्रियाकलापसँगै साहित्यमा पनि विद्रोही र प्रगतिशील स्वरहरू उठ्न थालेको पाइन्छ ।

## ३.१.४ वि. सं. २००७ अघिका कवितामा गणतान्त्रिक चेतना

नेपाली कवितामा गणतान्त्रिक चेतनाको विकास ठ्याक्कै यहीबाट भयो भन्न गाह्रो छ । शासकस्तुतिबाट विकसित हुन थालेको नेपाली साहित्यले जनताका आवाज उठाउन धेरै पछि मात्र थालेको हो । शासकस्तुति र ईश्वरभक्तिको भावना लामो समयसम्म कायमै रह्यो । लामो समयपछि मात्र शासक वर्गप्रति असन्तुष्टिको भावना र सामाजिक विकृति र विसङ्गतिमाथि हल्का व्यङ्ग्य प्रहार गर्दै सुधारवादी चेतना देखापर्छ । धरणीधर कोइरालाले 'नयपाली ठिटो' जस्तो कविता लेखेर स्पष्ट रूपमा गणतन्त्रका पक्षमा बोलेका छन् तर त्यसभन्दा पहिला पनि गणतान्त्रिक चेतना नदेखिएको भने होइन । नेपाली साहित्यमा 'गणतन्त्र' शब्दको प्रयोग कहिलेदेखि भयो भन्ने कुरा निश्चय नै महत्वपूर्ण हो तर गणतान्त्रिक चेतना उठ्न थालेको सन्दर्भलाई समेत उल्लेख गर्नैपर्ने हुन्छ ।

सुगौली सन्धिभन्दा अगाडिका कविताहरूमा सुधारवादी र प्रगतिशील भावना देखिदैन । गुमानी पन्तको **धन्य गोर्खाली राजा** भन्ने कविता राजाप्रति व्यङ्ग्य गरेर लेखिएको कविता हो[९२] भनेर केशव उपाध्यायले भने पनि कतिपयले राजाप्रतिको स्तुति नै हो, व्यङ्ग्य होइन भनेर पनि भनेका छन् । पन्तलाई प्रगतिशील कित्तामा राख्न भने सकिदैन । भानुभक्त आर्चायसम्म आउँदा नेपाली कविता सामाजिक चेतनाका दृष्टिले केही अगाडि रहेको देखिन्छ । आंशिक रूपमा सामाजिक चेतनाको अभिव्यक्ति दिए पनि भानुभक्त सामन्ती सेरोफेरोभन्दा माथि उठ्न सकेका छैनन् । कर्मचारी प्रशासनका ढिलासुस्ती देखाउने, तत्कालीन न्याय व्यवस्थाका त्रुटि केलाउने जस्ता केही सामाजिक पक्षलाई ध्यान दिएका छन् । यसका साथै संस्कृत भाषा बौद्धिक-प्राज्ञिक क्षेत्रको भाषा मानिएको अवस्थामा पनि नेपाली भाषामा **रामायण** जस्तो महाकाव्य लेख्ने प्रयास गरे र नेपाली भाषाको विकासमा योगदान दिए भन्ने आधारमा कतिपयले उनलाई प्रगतिशील नै भन्न भ्याए पनि सैद्धान्तिक रूपमा **रामायण, रामगीता** जस्ता कृतिले सामन्तवादलाई नै सहयोग

[९२] केशव उपाध्याय, पूर्ववत् , पृ. ३९ ।

पुग्दछ ।[९३] लोकतान्त्रिक मूल्य-मान्यता तथा संस्कृति र भानुभक्तरचित साहित्य विपरीत ध्रुवका विषय हुन् ।[९४] २०६२/२०६३ को आन्दोलनसम्म आउँदा जुन लोकतान्त्रिक मूल्य र मान्यताको विकास भयो, त्यसका आधारमा उनको मूल्याङ्कन गरिनुपर्छ भन्ने ठीक होइन तर शासक वर्गका पक्षमा बोलेका छन् कि जनताका पक्षमा आवाज उठाएका छन् भन्ने पक्ष महत्त्वपूर्ण हो । यसका आधारमा उनमा आंशिक सुधारवादी चेतनासम्म थियो भन्न चाहि सकिन्छ ।

राणाहरूको चर्को निरङ्कुशता रहेकै अवस्थामा सन्त कविहरूले समाजमा व्याप्त धार्मिक-सामाजिक आडम्बर तथा ब्राहम्णवादी संस्कारको विरोधमा आवाज उठाएका छन् । जातीय भेदभाव, कर्मकाण्ड, बलिप्रथा, मूर्तिपूजा आदि सामाजिक विकृति र विसङ्गतिको विरोध गरी मानवताको पृष्ठपोषण गर्नु उनीहरूको उद्देश्य रहेको पाइन्छ । आध्यात्मिक चेतना प्रमुख रूपमा रहे पनि समाज सुधारको चेतनाको अंश भने पाउन सकिन्छ । सन्त कविहरूमध्ये ज्ञान दिलदासमा सबैभन्दा बढी सुधारवादी चेतना पाउन सकिन्छ । समाज सुधारक भएकैले जङ्गबहादुरले उनलाई पक्राउ गरेर ६ महिनासम्म नजरबन्दमा राखेका थिए । यिनका **उदयलहरी, झ्याउरे भजन, टुङना भजन** जस्ता कृतिमा जनपक्षीय र सुधारवादी भावना प्रस्तुत हुनुको साथै तत्कालीन जनजीवनको सङ्केतात्मक र यर्थाथ चित्रण पाइन्छ ।[९५] उनले तत्कालीन राजनीतिक व्यवस्थाद्वारा आर्थिक शोषण गरेको र ब्राहम्णवादी सामन्ती संस्कारले समाजमा विसङ्गति फैलाएको कुरालाई आफ्ना रचनामा देखाएका छन् । उनले लेखेको जनपक्षीय कविताको एउटा नमुना यस प्रकार छ -

*काम र किसान धन्दा धेरै गर्छ*
*लाउन खान नपाइ अकालैमा मर्छ ।*[९६]

नेपाली साहित्यले १९४० देखि थप गति लिन थाल्छ । मोतीराम भट्टको उदयपश्चात् छापखानाको युग प्रारम्भ हुनुको साथै सङ्गठित रूपमा साहित्यिक गतिविधि अगाडि बढेको पाइन्छ तर राणाहरूको कठोर शासनका अगाडि चेतनामूलक साहित्यको रचनाको लागि तत्कालीन समय प्रतिकूल थियो । यसपछिका धेरै साहित्यिक व्यक्तित्वहरू शृङ्गारिक रचनारर्फ तानिए भने कतिपयले धार्मिक विषयवस्तुलाई अङ्गालेर समेत लेख्न थाले । अर्को एउटा ठूलै जमात भने भुरी-भुरी शासक स्तुति गरेर वैयक्तिक स्वार्थतर्फ लाग्यो ।[९७] सामन्ती संरचना र निरङ्कुशताका विरोधमा आवाज उठाएको सानो मात्र सङ्केत पाउनासाथ राणाहरूले कडा निगरानीमा राख्थे र खुनी पञ्जाको शिकार नै बनाउन बेर लगाउँदैनथे । मोतीराम भट्टले राणाहरूको विरोधमा कुनै आवाज उठाउन सकेको त पाइदैंन तर उनी र उनको 'मोतीमण्डली'ले आफ्नो एउटा पद्य रचनामा भीमशमशेर

---

९३ पुष्पलाल, पूर्ववत्, पृ.११८ ।

९४ निनु चापागाईं, "भानुभक्त र लोकतन्त्र", **गरिमा** ,(वर्ष २५, अङ्क ५, २०६४ वैशाख), पृ.११६ ।

९५ जगदीशचन्द्र भण्डारी, पूर्ववत्, पृ.४१ ।

९६ जनकलाल शर्मा, पूर्ववत्, पृ.३३५ ।

९७ पुष्पलाल, पूर्ववत्,, पृ.११७ ।

राणालाई माझी जस्तो व्यक्तिसँग तुलना गरेको हुनाले मोतीमण्डली नै भङ्ग भयो ।[९८] मोतीमण्डलीमै संलग्न लक्ष्मीदत्त पन्त विद्रोही कविका रूपमा त्यति धेरै चर्चित त हुन सकेनन् तर राजाको हैकम विरुद्ध औंला उठाउने काम गरेर प्रगतिशील पाइलो भने चालेका छन् । उनले यस्तो कविता मार्फत् राजालाई औंलो ठड्याउने काम गरेका थिए –

*राजा भै सेखि तिम्रो म पनि गुरु कृपा वृद्धि भै टिम्किएको*
*धन्‌ले नामी तिमी छौ चहुँदिश म इलम्‌ले सुयश गाइएको*
*यस निम्ति हे घमण्डी तिमी र म दुईमा के फरक आज यहाँ*
*यस्तो मन्टो बटाछौं तिमीसित पनि राख्छु प्रवाह कहाँ ।* [९९]

कठोर राणाशासनको समयमा चन्द्रशमशेरकै बहिनी ज्वाई जयपृथ्वीबहादुर सिंहसमेत राणाहरूको तारो बने । सामान्य चेतना फैलाउने खालको बालउपयोगी पाठ्यसामग्री तयार पार्ने जयपृथ्वीबहादुर सिंह निर्वासनमा जान बाध्य भएका थिए ।[१००] राणाहरूले सामान्य राष्ट्रिय भावना जगाउने खालका कृतिलाई समेत नसहने त्यस समयमा आधुनिक चेतनाको विकास हुनु र राणाहरूको विरोधमा आवाज उठाउनु गाह्रो कुरा थियो तर पनि देशविदेशबाट प्रकाशित पत्र-पत्रिकाले भने जनचेतना ल्याउने काममा भूमिका खेले ।

नेपाली साहित्यमा 'मकै पर्व' (१९७७) अविस्मरणीय ऐतिहासिक घटना बन्न पुगेको छ । शासकवर्गहरूबाट स्रष्टा दमनको कुरा गर्दा धेरैले 'मकै पर्व' देखिको कुरा उठाउँदै आएको पाइन्छ । त्यसभन्दा पहिला पनि स्रष्टा दमनका काम हुँदै नभएका चाहि होइनन् तर धेरैजनाले जेल सजाय र जरिवाना तिरेको तथा तत्कालीन शासकले मुख्य दोषी ठहराएका कृष्णलाल अधिकारीको जेलजीवनकै क्रममा मृत्यु भएकाले यो घटनालाई महत्वका साथ लिएको पाइन्छ । वि.सं. १९७७ मा कृष्णलाल अधिकारीले कृषि शिक्षासम्बन्धी जानकारी दिन **मकैको खेती** भन्ने पुस्तक तयार गरेका थिए । त्यस पुस्तकमा राणाहरूको विरोध गरेको भन्ने अर्थ लगाएर शासकहरूले अधिकारी लगायत ९ जनालाई सजाय दिएका थिए । अधिकारी १९८० सालमा भ्यालखानामै सुकेनासको रोग लागेर मरेका थिए ।[१०१] हुनत यस किताबमा स्पष्ट रूपमा राणाहरूको विरोध गरिएको थिएन तर पनि अङ्ग्रेज भक्तिको आलोचना भने थियो ।[१०२] यसलाई लिएर जति बढी हल्ला मच्चियो त्यत्तिकै साहित्यिक महत्वको कृति भने यो होइन । पहाडी भागमा कसरी मकैको खेती गर्न सकिन्छ भन्ने बारेमा यो लेखिएको थियो । यसको गद्य भाग कृष्णलालले र पद्य भाग शम्भुप्रसाद ढुङ्गेल र साम्बभक्त सुवेदीले लेखेका थिए ।[१०३] यस घटनाका प्रमुख नायक कृष्णलाललाई छ वर्ष जेल

---

[९८] तारानाथ शर्मा, पूर्ववत्, पृ.४० ।
[९९] ऐजन, पृ.४४ ।
[१००] मुरारी अर्याल, पूर्ववत् पृ.७२ ।
[१०१] तारानाथ शर्मा, पूर्ववत् , पृ .७२ ।
[१०२] बालचन्द्र शर्मा , पूर्ववत् , पृ . ३६५ ।
[१०३] तारानाथ शर्मा, पूर्ववत् ।

सजाय तोकिएको थियो । प्रकाशित पुस्तकहरू मध्ये ९९९ प्रति राणाहरूले जफत गरी आगो लगाएर नष्ट गरेका थिए । बाँकी एक थान पुस्तक बुझाउन नसक्दा कैद सजाय तीन वर्ष थप गरिएको थियो । पुस्तक लेख्न सहयोगी भूमिका खेल्ने मुखिया शम्भुप्रसाद ढुङ्गेल, दीक्षागुरू दुर्गानाथ अधिकारी, सुब्बा ऋषिभक्त उपाध्याय, कुमारी चोकका खरदार चुणामणि, कौशलका डिट्ठा उपेन्द्रबहादुर बस्नेत, गोरखापत्रका कायममुकायम सम्पादक कृष्णचन्द्र अर्याल र अरू तीनजना समेत गरी नौं जनाको जागिर खोसियो । भाषा शुद्धाशुद्धी हेर्ने सोमनाथ सिग्देल र पुस्तक छाप्ने पशुपति प्रेसलाई पचास/पचास रूपैंयाँ जरिवाना गरियो । उता गाथगादी ताकेको भनेर सुराकी लगाउने भोजराज काफ्लेलाई खरदार र रामहरिलाई विचारी बनाइ एक-एक हजार नगद र दोसल्ला समेतले सम्मान गरिएको थियो ।[१०४] यसरी दर्जन व्यक्तिलाई दण्ड सजाय गरियो जसमा अधिकारीले त ज्यानै गुमाउनु पर्‍यो । अधिकारीले लेखनकै कारण जेलसजाय भोग्नुपर्‍यो र त्यही नै मरे । नेपाली विद्वत परम्परामा अधिकारी प्रथम साहित्यिक सहिद हुन् ।[१०५] यस घटनाले कलम समाउने व्यक्तिहरूका गतिविधिलाई अत्यन्तै नकारात्मक प्रभाव पारेको थियो । सबैले त्रासै-त्रासमा बाँच्नुपर्‍यो । यसबाट शासकवर्गहरू लेखक/साहित्यकारबाट कतिसम्म त्रसित हुँदारहेछन् र चेतनाको विकास हुन नदिन हरतरहले लागिरहेका हुन्छन् भन्ने कुरा स्पष्ट हुन्छ । अधिकारीले १९७८ मा जेलबाटै भाइहरूलाई लेखेको पद्यात्मक चिठीबाट पनि उनी क्रान्तिकारी स्वभावका थिए भन्ने कुरा प्रष्ट हुन्छ । त्यस चिठीमा उनले यस्तो लेखेका थिए-

*संसारमा कीर्ति छ धेर ठूलो*
*कीर्तिविना बन्दछ जीवन लुलो*
*संसार छाडे पनि हेर केही दिन*
*आउनेछ एउटा जनतन्त्रको दिन ।*[१०६]

नेपाली साहित्यको इतिहासमा हेर्दा शासक वर्गले लेखक/स्रष्टामाथि गरेको चरम दमनको ज्वलन्त उदाहरणका रूपमा यसलाई लिन सकिन्छ ।

'पुस्तकालय पर्व' प्रत्यक्ष रूपमा साहित्यिक आन्दोलन र घटनासँग सम्बन्धित नभए पनि यसबाट प्रत्यक्ष-अप्रत्यक्ष रूपमा साहित्यिक क्षेत्रका व्यक्तिहरूलाई नै प्रभाव पारेको पाइन्छ । वि.सं.१९८६ मा कृष्णप्रसाद कोइराला, धर्मराज थपलिया, जोगवीर सिंह, चित्तधर हृदय, हर्षदास तुलाधर, लक्ष्मीप्रसाद देवकोटालगायतको सक्रियतामा ४५ जनाको हस्ताक्षरसहित राणा प्रधानमन्त्री समक्ष निवेदन प्रस्तुत गरियो । रामचन्द्र अधिकारीले राजनीतिक रङ्ग लगाइदिएर पोल खोलेपछि सबैलाई गिरफ्तार गरियो । पक्राउ भएका सबैलाई एक/एक सय जरिवाना गरी 'अबदेखि यस्तो

---

[१०४] सुकुम शर्मा, **नेपाली भाषा साहित्यमा आन्दोलन**, (काठमाडौं : एकेडेमिक बुक सेन्टर, २०६४), पृ.२८ ।

[१०५] ऐजन, पृ.३० ।

[१०६] भूपहरि पौड्याल, **ऐतिहासिक मकैपर्व**, (दीपज्योति प्रकाशनका लागि ज्ञानेन्द्रराज पौखरेल, २०४०), पृ.२२ ।

गर्ने छैनौं' भन्ने कागजमा सही गराइ छोडिएको थियो ।[१०७] जनचेतनाको गतिमाथि रोक लगाउन राणाहरूले यस्तो काम गरेका थिए ।

लेखनाथ पौड्यालमा कतिपय सन्दर्भमा सामाजिक चासोको विषय भेट्टाउन सकिए पनि दरबारिया वृतलाई पूर्णतया नाघ्न सकेका छैनन् । जसको कारण कतिपय प्रगतिवादी समालोचकले उनलाई सामन्ती परम्पराका आदर्श गायक भनेका छन् ।[१०८] दरबारिया कवि नै भए पनि चन्द्रशमशेरको कोपभाजनमा यिनीसमेत परे । लेखनाथले **प्रभात वर्णन** भन्ने कवितामा चन्द्रमा अस्ताउन थालेको प्राकृतिक दृश्यलाई वर्णन गरेका छन् । गोरखा शिक्षाको तेस्रो भागमा प्रकाशित यस कविताको विषयलाई लिएर यसका सम्पादक राममणि र लेखनाथलाई राजद्रोही बनाउन राजकजी व्याख्या गरी उजुरी परेको थियो । तर यो काण्ड सामान्य दण्डबाटै टुङ्गिएको थियो ।[१०९]त्यतिखेर राणाहरूको वक्रदृष्टिमा पर्न विद्रोही र क्रान्तिकारी हुनु पर्दैनथ्यो । सामान्य कुरालाई निहुँ बनाएर पनि सजाय गर्थे । कवि/लेखकहरूले जनचेतना जगाउने र राणाविरोधी भावना ल्याउने खालका लेखहरू नलेखून् भन्ने ढङ्गले चन्द्रशमशेरले प्रत्यक्ष रूपमा नै यस्ता घटनाहरूप्रति सरोकार र नियन्त्रण गर्थे ।

योगमायालाई नेपाली साहित्यमा विद्रोही नारी स्रष्टाको रूपमा लिन सकिन्छ । भोजपुरमा जन्मिएकी योगमाया तत्कालीन ब्राह्मणवादी सामन्ती संस्कार र संस्कृतिको विरोधी थिइन् । राणाहरूको कठोर शासन चलिरहेका समयमा पनि विभिन्न मागहरू राख्दै सांस्कृतिक आन्दोलनको शङ्ख नै फुकेकी थिइन् । राणाहरूको विरोधमा आवाज उठाएको हुनाले १९९५ साल कार्तिक २७ गते धनुकटा जेल परेकी थिइन् । उनलाई अनुयायीहरू सहित तीन महिनासम्म जेल सजाय दिइएको थियो । सर्वसाधारण नेपाली महिलाले जेल पाएको यो पहिलो घटना हो ।[११०] उनका कविताहरूको **सङ्ग्रह सर्वाथ योगवाणी** हो, जुन उनकी छोरी नैनकलाले भनेका आधारमा पछि सङ्ग्रहित गरिएको थियो । एकातिर सामन्तवादसँगको विद्रोहका दृष्टिकोणले र अर्कोतिर यथार्थवादी जनभावना अनुकूलको साहित्य प्रचार-प्रसारका दृष्टिकोणले पनि यो सङ्ग्रह महत्वपूर्ण छ । १९९८ साल असार ३१ गतेका दिन ६८ जना भक्तहरूका साथ ८० वर्षको उमेरमा अरूण नदीको उर्लदो भेलमा जनसमाधि लिएकी थिइन् । यसभन्दा पहिला नै आत्मदाह गर्ने घोषणा गरे पनि राणाहरूले रोकेका थिए । आध्यात्मवादी विचार भएकी योगमायाले धर्मराज्यको माग गरेकी थिइन् । यस आन्दोलनका अग्रणीहरूमध्ये रत्नमान बस्नेतको त जेलमै मृत्यु भएको थियो ।[१११]

१९९७ सालको सहिद पर्वमा मारिएका शुक्रराज शास्त्री नागरिक अधिकार समितिका अध्यक्ष तथा नेपाली भाषाका लेखक पनि हुन् । **स्वर्गको दरबार** उनको चर्चित किताब हो र

---

[१०७] राजेश गौतम, **नेपालको प्रजातान्त्रिक आन्दोलनमा प्रजापरिषदको भूमिका,** (काठमाडौं : लेखक स्वयम्, २०४६), पृ.३९ ।

[१०८] रविलाल अधिकारी, पूर्ववत्, पृ.३० ।

[१०९] सुकुम शर्मा, पूर्ववत्, पृ.३१ ।

[११०] सुधा त्रिपाठी, "सोनाम धन्य महिला योगमाया", **सामाजिक आन्दोलनकी अग्रणी तथा कवि योगमाया,** (काठमाडौं : नेपाल अध्ययन केन्द्र, २०५७), पृ.१२१ ।

[१११] मातृका तिम्सिना, "नेपालको सामाजिक राजनीतिक आन्दोलनमा योगमाया", ऐजन, पृ.३ ।

यसबाहेक अरू चारवटा पुस्तकहरू पनि प्रकाशन गरेका छन् ।[११२] लक्ष्मीनन्दन चालिसे नेपाली साहित्यिक प्रतिभा दमनको सन्दर्भमा भुल्न नहुने प्रतिभा हुन् । चालिसेले बी.ए. को उत्तरपुस्तिकामा 'पृथ्वीनारायण शाहको उदय नभएको भए यी नपुङ्सक राणाहरूले केही गर्न सक्दैनथे' भन्ने वाक्य लेखेकाले उनी राणाहरूको तारो बने ।[११३]जुद्धशमशेर कहाँ उक्त कुरा पुगेपछि सुरुमा बाह्र वर्ष जेल सजाय तोकिएको थियो तर पद्मशमशेरले 'बाह्र वर्ष त अलि बढ्ता भयो कि' भनेर टेलिफोनबाट भनेपछि 'त्यसो भए ६ वर्ष त' भनेर ठाडो आदेश दिएका थिए ।[११४] १९९८ सालमा भ्यालखाना परेपछि चालिसे क्षयरोगले आक्रान्त भए । रोगले सिकिस्त भएपछि डाक्टरले बाँच्न नसक्ने घोषणा गरे । २००२ सालमा उनी छुट्न त छुटे तर केही दिन पछि आफ्नै घरमा नै मृत्यु भयो ।[११५] वि.सं. १९९८ मा नै लक्ष्मीनन्दन चालिसेको एउटा लेख **उद्योग** पत्रिकामा छापिएको थियो । त्यही लेखका कारण तत्कालीन शिक्षा निर्देशक मृगेन्द्रशमशेर राणाले चक्रपाणि चालिसेलाई पन्ध्र रूपैयाँ र रेखदेख नगरेको नाममा बालकृष्ण समलाई बीस रूपैयाँ जरिवाना गरेको थिए ।[११६]

नेपालमा कम्युनिष्ट पार्टीको स्थापना नभइसकेको अवस्थामा वि.सं.२००० तिर पुष्पलाल लगायत केही वाम विचारका व्यक्तिहरूले 'नेपाल प्रजातन्त्र सङ्घको गठन गरेका थिए । उक्त नेपाल प्रजातन्त्र सङ्घको एउटा परेड गीतमा पनि तीव्र रूपमा गणतान्त्रिक भावना प्रस्तुत भएको पाइन्छ । पुष्पलालले यस गीतलाई नेपाली सर्वहारा सुकुम्बासीको भावनालाई अभिव्यक्त गर्ने प्रथम नेपाली साहित्य हो भनेका छन् । जुन गीत यस प्रकार छ-

*पहाड पर्वत, खोला नाला जग्गा-जमीन सबको*
*मालिक हामी दास बनौं किन ?*
*हिस्सा सबमा सबको*
*नाश गरौं यो राणाशाही*
*ध्वस्त गरौं यो तानाशाही ।*[११७]

वि.सं. १९७० को दशकतिर देश-विदेशबाट प्रकाशित पत्रपत्रिका तथा शिक्षाका क्षेत्रमा भइरहेको सुधारले गर्दा नेपाली समाजमा चेतनाको विकास हुन थालको पाइन्छ । यसै समयमा देखापरेका धरणीधर कोइरालाले परम्परागत आध्यात्मिक मूल्यलाई स्वीकारे पनि जातीय जागरणको स्वर घन्काएका छन् । यिनको **नयपाली ठिटो** भन्ने कवितामा 'गणतन्त्र' शब्दको पहिलो पटक स्पष्ट

---

[११२]. माधवप्रसाद पोखरेल र रुद्र खरेलद्वारा स्रष्टा चैत्र ३ को कार्यक्रममा प्रस्तुत **मकैको खेतीदेखि चैत्र तीनसम्म** भन्ने कार्यपत्र ।

[११३] तारानाथ शर्मा, **सम र समका कृति,** पाँ. सं., (काठमाडौं : साझा प्रकाशन), पृ.३ ।

[११४] ऐजन, पृ.४ ।

[११५] ऐजन ।

[११६] ऐजन, पृ.३ ।

[११७] पुष्पलाल, **नेपालमा कम्युनिष्ठ आन्दोलनको संक्षिप्त इतिहास,** (काठमाडौं : पुष्पलाल स्मृति प्रतिष्ठान, २०५३), पृ.९ ।

रूपमा प्रयोग गरिएको छ । धरणीधरले प्रारम्भ गरेको गणतान्त्रिक कविता सिर्जना यात्रामा २०६२/२०६३ को जनआन्दोलनसम्म आउँदा सयौं कविहरू समावेश भएका छन् ।

धरणीधर कोइरालाको 'जाग-जाग अब जाग न जाग' (चन्द्रिका, वर्ष १, अङ्क १०, सन् १९१८) भन्ने कविता वि.सं. १९७५ तिर प्रकाशित भएको थियो जसले दार्जिलिङबाटै राणाहरूको विरोधमा लाग्नको लागि सुतेकाहरूलाई ब्युँझाउन आह्वान गरिसकेको थियो । सबै प्रकारले नेपाली भाषा, साहित्य, शिक्षा र समाजको विकास गराई नेपाली जनतामाथि भएको अन्याय र अत्याचारको सामना गर्नु र देशमा क्रान्ति ल्याउनु उनको उद्देश्य थियो ।[११८] कोइरालाले दार्जिलिङबाटै साहित्यका माध्यमबाट जनचेतना ल्याउने प्रयास गर्दा सन् ४ मई १९९४ मा राणाविरोधी क्रियाकलाप गरेको र गोर्खा सिपाहीहरूलाई भड्काएको आरोपमा भारत सुरक्षा कानुन अन्तर्गत कोइराला लगायत सूर्यविक्रम ज्ञवाली र हरिप्रसाद प्रधानलाई राजबन्दी बनाएर काराबास राखिएको थियो ।[११९] तीनजना मध्ये कोइरालालाई सबैभन्दा लामो समयसम्म (एक वर्ष) जेलमा राखिएको थियो । नेपाली भाषाको सेवा गर्दा र जातीय जागरणको स्वर उठाउँदा कोइरालाले धेरै प्रकारका यातना भोग्नुपरेको थियो ।[१२०] धरणीधरको **नैवेद्य** कविता सङ्ग्रहलाई राणहरूले घोषित रूपमा प्रतिबन्ध लगाउन त सकेनन् तर २००७ साल अघिसम्म नेपालमा अघोषित प्रतिबन्ध जस्तै थियो । राणाहरूले **नैवेद्य** पढ्नेहरूलाई आँखी नै बनाएका थिए ।[१२१] यसको प्रकाशन समय चन्द्रशमशेरको समय थियो । **भूचन्द्रचन्द्रिका, चन्द्रमुखय, चन्द्रप्रताप वर्णन, अलङ्कार चन्द्रोदय** जस्ता कविताहरू लेखिने समयमा यस्ता जागरणका कविता जोसुकैले लेख्ने हिम्मत गर्दैनथे तर कोइरालाले लेखे ।[१२२]यिनका **नैवेद्य, स्पनन्दन, पञ्चामृत** कविता सङ्ग्रहमा यस्ता जागरणधर्मी कविताहरू रहेका छन् । नेपाली साहित्यमा गणतान्त्रिक स्वर उठाउने काम पनि सबैभन्दा पहिले यिनले नै गरेका थिए । यिनले **नयपाली ठिटो** (युगवाणी, वर्ष ४, अङ्क ३९, २००७ फागुन) कवितामा अग्रगामी चेतनालाई मुखरित गर्दै सामन्ती राजशाहीको विपक्षमा गणतन्त्रको आवाज उठाएका छन् । उनको कविता यस्तो थियो –

*नयपाल स्वतन्त्र गराउनको रणभेरि सुनेर जुरुक्क उठ्यो*
*परतन्त्र हरे निज देश बुझ्यो अनि भाव र आग्रह भयो*
*गणतन्त्र गराउन गर्जी उठ्यो छरितो र छिटो नयपाली ठिटो ।*[१२३]

यसरी कोइरालाले गणतान्त्रिक सिर्जनयात्रालाई अघि बढाउने काम गरेका थिए । गणतन्त्रका बारेमा स्पष्ट नभए पनि धरणीधरकै समवयी महानन्द सापकोटाका कविता सामन्तवाद र

---

[११८] जगत क्षेत्री, "दार्जिलिङमा नेपाली समाज तथा भाषा साहित्यको विकास, पण्डित धरणीधर शर्माको भूमिका",**धरणीधर स्मृति ग्रन्थ** (सम्पा.), मोहन कोइराला, (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४९), पृ.५० ।

[११९] गणेश भण्डारी, "जातीय जागरणका प्रथम उद्गाता कवि धरणीधरसँग केही क्षण", **घरणीधर स्मुति ग्रन्थ**, ऐजन, पृ.५८ ।

[१२०] जगत क्षेत्री, पूर्ववत्, पृ.४२ ।

[१२१] गणेश भण्डारी, पूर्ववत्, पृ. ५२ ।

[१२२] घटराज भट्टराई, "कवि धरणीधर कोइराला :स्मृति चित्र", ऐजन, पृ.८३ ।

[१२३] प्रतापचन्द्र प्रधान, "जागरणकालीन दाजर्लिङ् र पण्डित धरणीधर कोइराला", पूर्ववत् , पृ.९३ ।

निरङ्कुशताका विरुद्ध तथा सामाजिक अन्यायका विरुद्ध धरणीधरभन्दा पनि सशक्त छन् । समाज परिवर्तनको सङ्घारमा पुगिसकेको उद्घोष गर्दै अब पनि सामन्ती संरचना र संस्कारका बलमा सीमित व्यक्तिहरू मात्र मोटाउँदै जाने हो भने त्यस्तो पद्धतिलाई नयाँ चेतना र संरचनाले अन्त्य गर्नेछ भन्ने ठोकुवा गरेका छन् ।[१२४] उनले विद्रोही र स्वतन्त्रताको चेत भएका धेरै कविताहरू लेखेका छन् । कतिपय कविताहरू २०६२/२०६३ को आन्दोलनको समयका कविताहरू भन्दा कम सशक्त छैनन् । त्यस्ता कविताहरूमध्ये एउटा कविता यस्तो छ –

*सयमा दश पाँच धनी गनिने /अरूले तिनैको करिया बनिने*
*विधिको यदि क्यै छ विधान भने/अब विधिको पनि आयु पुग्यो ।*

लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, गोपालप्रसाद रिमाल, युद्धप्रसाद मिश्र जस्ता कविहरूले १९९० को दशकको सुरुदेखि नै समकालीन विषयप्रति विद्रोहात्मक चेतना प्रकट गरेको पाइन्छ । १९९१-२००७ सालसम्मको स्वच्छन्दतावादी कविताधाराको एउटा प्रमुख प्रवृत्तिकै रूपमा विद्रोही र क्रान्तिकारी चेत देखापर्छ । स्वच्छन्दतावादी कविहरूमध्ये सिद्धिचरण श्रेष्ठले सर्वप्रथम सामन्ती निरङ्कुश शासक वर्गप्रति विद्रोही भावना प्रकट गरेका छन् । उनका **उच्छ्वास, खास नेपाली** (१९९५), **कुनै असफल दिनको सम्झना** (१९९५), **चम्क युवक** (१९९५), **दुई शब्द** (१९९६), **विश्वव्यथा** (१९९७) जस्ता कवितामा विद्रोही तथा क्रान्तिकारी चेतना राम्रैसँग आएको पाइन्छ । श्रेष्ठको देशद्रोही, जनद्रोही शासकवर्गलाई चुनौती दिएको परिचय कविताको एउटा अंश यस प्रकार छ –

*अत्याचारी यदि छ त कोही माथ नै ताक्छु त्यस्को*
*देशद्रोही यदि छ त कोही माथ नै ताक्छु त्यस्को ।*[१२५]

यसै अवधिमा गोपालप्रसाद रिमालले गणतन्त्रको आह्वान गर्दै कविता रचना गरेका छन् । उनका कवितामा प्रत्यक्ष रूपमा गणतन्त्रकै उल्लेख नभए पनि गणतान्त्रिक चेतना भने पाइन्छ । २००७ सालको क्रान्तिलाई समेत अधुरो र अपुरो भन्ने रिमाल सच्चा क्रान्तिकारी थिए ।[१२६] उनले आगमनलाई यसरी सङ्केत गरेका छन् –

*हो बा, त्यो आउँछ*
*त्यो बिहानको सूर्य झैं उज्यालो छर्दै आउँछ*
*त्यसको कम्मरमा झुण्डिएको, शीतजस्तै टल्कने*
*तिमी एक हतियार देख्नेछौ*
*त्यसैले ऊ अधर्मसित लड्नेछ*
*त्यो आउँदा तिमी पहिले त सपना हो कि भनेर*
*छामछुम गर्नेछौ, तर त्यो हिउँ र आगो भन्दा पनि*
*बढ्ता छोइने भएर आउनेछ ।* [१२७]

---

[१२४] मुरारी अर्याल, पूर्ववत्, पृ.२९ ।

[१२५] सिद्धिचरण श्रेष्ठ, **सिद्धिचरणका प्रतिनिधि कविता**, (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५४), पृ.३३ ।

[१२६] रमेशप्रसाद भट्टराई,"गणतन्त्र र नेपाली कविता", **वेदना,** (वर्ष ३३, अङ्क १, पूर्णाङ्क ७२, २०६३ जेठ), पृ.१४ ।

[१२७] गोपालप्रसाद रिमाल, **आमाको सपना,** दो.सं., (काठमाडौं: साझा प्रकाशन, २०२५), पृ.७ ।

रिमालका अधिकांश कविताहरूमा गणतान्त्रिक चेतना पाइन्छ । अहिलेसम्म पनि अत्यधिक सुनिने र जनआन्दोलन-२ ताका चर्चित बन्न पुगेको एउटा विद्रोही कवितांश यस प्रकार छ –

*एक जुगमा एक दिन एक चोटि आउँछ*
*उलट-पुलट उथल-पुथल हेरफेर ल्याउँछ ।*[१२८]

वि.सं.१९९१ देखि नै मानवतावादी भावना लिएर **गरिब**, **मुनामदन**सँगै देखापरेका लक्ष्मीप्रसाद देवकोटामा २००३/२००४ सम्म मन्द किसिमको विद्रोही चेतना पाइन्छ । वि.सं.२००३ सालकै अन्त्यतिरबाट 'क्रान्तिका लागि कविता लेख्ने' घोषणा गरी विद्रोही र क्रान्तिकारी कविता लेख्न थाल्दछन् । २००४ साल साउन ३ गते त्रिचन्द्र कलेजको जागिर नै छोडेर राणाशासन विरोधी अभियानलाई सशक्त बनाएर नेपाली जनतालाई मुक्ति दिलाउने अभियानमा सहभागी हुन भारतको बनारसतिर लागे । त्यहाँ कविता, कथा आदिद्वारा क्रान्तिको लाभा नै फैलाए । २००४ सालमा वनारसमै **युगवाणी** पत्रिकाको सम्पादन गर्न सुरु गरेपछि यिनमा झन् विद्रोही भावना देखा पर्न थाल्दछ । यस समयका धेरै रचनाहरूमा गणतान्त्रिक चेतना देखापर्दछ । २००७ सालअघि लेखेका कविताहरू मध्ये **भावना गाङ्गेय** कविता सङ्ग्रहमा प्रकाशित 'महाप्रस्थान' र 'ढेडुशाही' कविता राजसंस्थाप्रति नै लक्ष्यित छन् । 'महाप्रस्थान' कवितामा उनी लेख्छन्-

*सानो सङ्कुचित राजभवन भयो*
*विलासको आधार*
*अन्धो मदिरा भित्र डुबाउँछ*
*अन्धा नशाका व्यापार...।*[१२९]

देवकोटाको अर्को कविता 'ढेडुशाही' मा तत्कालीन शासक वर्गलाई 'ढेडुराजा'का रूपमा चित्रण गरिएको छ र यसमा शासकहरूले कविका विरुद्ध कस्तो षडयन्त्र गरेका छन् भन्ने कुरा देखाइएको छ । कविताको सानो अंश यस्तो छ –

*के तिमीहरू अराजकतावादी*
*कूँ-कूँ गर्थे हच्की पछाडि*
*ढेडु राजा जङ्गलका कानुन*
*लाल थुतुनो वीरै मानून्...।*

देवकोटाले २००५ सालमा वनारसमा छँदा लेखेको **पहाडी पुकार** खण्डकाव्य यस्तै विद्रोही र गणतान्त्रिक चेतनाले भरिएको छ । यद्यपि प्रत्यक्ष गणतन्त्रकै आवाज भने छैन । विद्रोही र परिवर्तनशील चेतनाको सचेत र सबल उद्घोष यसमा पाउन सकिन्छ । यस कुरालाई तलका कवितांशले पुष्टि गर्दछ –

*ज्यानै पो जाओस् प्राणै पो जाओस् पर्वाह गर्दैनौं*
*मानिसलाई चाहिने हक नलिइ छाड्दैनौं*
*मर्नु त एक दिन अवश्य पर्छ पशुझै नजिऊँ*
*मानिस हूँ मानिस झैं मानिसको हक लिऊँ...।*[१३०]

---

[१२८] ऐजन, पृ.१५ ।

[१२९] महादेव अवस्थी, **लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता**, (काठमाडौं : एकता बुक्स,२०६१), पृ.४६ ।

देवकोटाको गणतान्त्रिक चेतना भएका अरू पनि धेरै कविता पाउन सक्छौं । २००७ सालपछि लेखेको **प्रमिथस**लाई नै यस कोटीमा राख्न सकिन्छ । २००७ सालको आन्दोलन सफल पार्ने उद्देश्यकै साथ यिनी सिर्जनामा लागेका थिए । यस समयका अर्का कवि युद्धप्रसाद मिश्रमा समेत उत्तिकै विद्रोही र क्रान्तिकारी भावना पाउन सकिन्छ । मिश्रको **चरा** (१९९४) कवितासङ्ग्रहमा प्रकाशित कविताहरूमा तत्कालीन अवस्थामा भएको अन्याय र अत्याचारप्रति तीव्र विद्रोह प्रकट भएको पाइन्छ ।

यस समयमा राणाहरूको विरोधमा आवाज उठाउन सक्ने विद्रोही र क्रान्तिकारी कविहरूबाटै गणतान्त्रिक चेतनाको विकासको लागि पृष्ठभूमि बन्दै गएको देखिन्छ । देशमा राणाहरूले निरङ्कुश शासन सञ्चालन गरिरहेको र राजा नाममात्रका रहेको हुँदा राजाभन्दा राणाप्रति नै बढी जनआक्रोश देखिन्छ । साहित्यिक क्षेत्रबाट पनि राजाभन्दा राणाप्रति नै बढी आक्रोश देखिन्छ । २००७ सालपछि मात्र राजा शक्तिशाली बन्न पुग्छन् र राजा तथा राजतन्त्रको विरोधमा आवाज सुनिन थाल्छ । २००७ सालअघि केदारमान व्यथित, कृष्णचन्द्रसिंह प्रधान, श्यामप्रसाद शर्मा आदि कविहरूको समेत भूमिका उल्लेखनीय छ । खासगरी स्वच्छन्दतावादी कविहरूले तत्कालीन निरङ्कुश राणा शासकको अन्याय, अत्याचार र सामाजिक कुरूपताप्रति कही प्रत्यक्षरूपमा र कही लाक्षणिक रूपमा विरोधी र विद्रोही चेतना प्रकट गरेका छन् । यस समयमा पनि प्रत्यक्ष-अप्रत्यक्ष रूपमा गणतान्त्रिक चेतना प्रकट भएको पाउन सकिन्छ ।

२००७ सालको क्रान्तिलाई अगाडि बढाउन साहित्यकारहरूले प्रत्यक्ष-अप्रत्यक्ष रूपमा साहित्यका माध्यमबाट भूमिका खेलेको पाइन्छ । उनीहरूको लक्ष्य साहित्यका माध्यमबाट जनतालाई सचेत पारेर क्रान्तिकारी भावनातर्फ उन्मुख गराउनु थियो । कोरा राजनीतिबाट भन्दा साहित्यको माध्यमबाट कलात्मक रूपले राणाविरोधी आवाज उठाएर जनतामा चेतना भर्न सकिन्छ र जागृति ल्याउन सकिन्छ भन्ने उनीहरूको विचार थियो । २००७ सालको क्रान्ति सफल पार्न साहित्यकारहरूले प्रत्यक्ष-अप्रत्यक्ष रूपमा भूमिका खेलेका थिए ।

## ३.२ २००७ सालपछिको गणतान्त्रिक चेतना

### ३.२.१ राजनीतिक-सामाजिक पृष्ठभूमी

नेपाली साहित्यमा गणतान्त्रिक चेतनाको विकासमा २००७ सालको क्रान्ति र त्यस क्रान्तिसँगै सामाजिक-राजनीतिक क्षेत्रमा आइपरेको परिवर्तनले ठूलो भूमिका खेलेको छ । जनताले गरेको प्रजातान्त्रिक आन्दोलनका कारण राणाहरू झुक्न बाध्य भए र प्रजातन्त्रको स्थापना भएरै छाड्यो । प्रजातन्त्रको स्थापना पश्चात् मौलिक हक र अधिकारको स्थापना, अभिव्यक्तिको स्वतन्त्रता, विभिन्न सङ्घ-संस्थाहरूको गठन र राजनीतिक क्षेत्रमा जनताको चासो र सहभागिता जस्ता कुराहरू देखापरे । प्रजातन्त्र स्थापनापछि पनि राणाहरू नै सत्ता र शक्तिमा स्थापित रहिरहनु, २०१७ सालसम्म राजनीतिक अस्थिरता देखापर्नु र २०१७ सालपछि निर्दलीय पञ्चायती व्यवस्था

---

[१३०] लक्ष्मीप्रसाद देवकोटा, **पहाडी पुकार**, ते.सं, (चावहिल: देवकोटा जयन्ती आयोजक समिति, २०३८), पृ.९ ।

सुरू हुनु जस्ता घटनाले भने प्रजातान्त्रिक परिपाटीको विकासमा समेत असर पाऱ्यो । यी विभिन्न राजनीतिक घटनाक्रमले साहित्यका क्षेत्रमा पनि प्रभाव पारेको छ ।

वि.सं. २००७ सालमा दिल्ली सम्झौता पश्चात् केही दलले देशमा प्रजातन्त्र आएको भन्दै आन्दोलन स्थगित भएको घोषणा गरे भने केहीले दिल्ली सम्झौता जनतालाई धोका भएको र पूर्णरूपमा जनता स्वतन्त्र नभएको भन्दै विरोध जारी नै राखे । राणाहरूलाई फेरी पनि शक्ति र सत्तामा उभ्याएको विरोधमा सबैभन्दा पहिला नेपाली काङ्ग्रेसका नेता के.आई. सिहंले फागुन ८ गते भैरहवामा ठूलो आक्रमण गरे । यस घटनामा सरकार र विदोही तर्फ गरी १३ जनाको मृत्यु नै भयो भने अरू धेरै घाइते भए । सिहं त्यतिखेर भाग्न सफल भए पनि पछि पक्राउ गरियो ।[१३१] सिंहपछि नेपाल कम्युनिष्ट पार्टीले दिल्ली सम्झौताको विरोध गरेको थियो । विरोधका क्रममा विभिन्न सङ्घ-सङ्गठनहरू निर्माण गरिएका थिए । के.आई. सिंहको विद्रोहलाई सघाएको आरोपमा २००८ माघ १० गतेदेखि नेपाल कम्युनिष्ट पार्टीलाई सरकारले प्रतिबन्ध लगायो । यो प्रतिबन्ध २०१३ बैशाख ४ सम्म लगाइएको थियो । शान्तिपूर्ण आन्दोलन र वैधानिक राजतन्त्र मान्ने शर्तमा ने.क.पा. माथिको प्रतिबन्ध फुकुवा गरिएको थियो ।[१३२] दिल्ली सम्झौताकै विरोध गर्ने क्रममा २०१० सालमा भीमदत्त पन्तको नेतृत्वमा करिव ७०० व्यक्तिहरूले विद्रोह गर्न सुरु गरेका थिए । तर भारत सरकारको सहयोग लिई नेपाल सरकारले त्यसलाई दवायो । पन्त मारिए भने धेरैजना घाइते र गिरफ्तार भए ।[१३३] आजसम्म पनि कतिपयले दिल्ली सम्झौता प्रजातन्त्रको नाममा जनतामाथि धोका भएको भन्दै आएका छन् । विशेषगरी वामपन्थी दलहरूले दिल्ली सम्झौताको विरोधमा बढी आवाज उठाएको पाइन्छ ।

वि.सं. २००७ सालपछि विभिन्न राजनीतिक सङ्घ-सङ्गठनहरूको स्थापनाको कारण राजनीतिक चेतनामा वृद्धि हुन थाल्यो । स्वतन्त्रताको वातावरण स्थापना भएका कारण जनताले आफ्ना अधिकारका कुरा उठाउन सक्ने अवस्था त सिर्जना भयो तर नेपाली राजनीतिमा राणातन्त्रको अन्त्य भई राजतन्त्रको स्थापना हुन पुग्यो । एउटा सामन्ती व्यवस्थाको अन्त्य त भयो तर जनताले प्राप्त गरेका सिमित अधिकार पनि खोस्दै अर्को सामन्ती राजतन्त्र हावी हुन पुग्यो । २००७ साल फागुन ७ गते त्रिभुवनले देशबासीका नाममा शाही घोषणा जारी गर्दै निर्वाचित वैधानिकसभाले तर्जुमा गरेको गणतन्त्रात्मक विधानअनुसार देशको शासन चल्ने कुरा बताएका थिए ।[१३४]तर दलहरू साना-तिना विवादमै अल्झिए भने राजा शक्ति हत्याउने दाउमै लागि परे । गणतन्त्रात्मक विधानको लागि भने २०६५ सम्म कुर्नुपऱ्यो । त्यतिखेर संविधान सभाको निर्वाचन नै हुन सकेन । हुनत त्रिभुवनले त्यतिखेर गणतन्त्र भने पनि उनको शाही घोषणालाई हेर्दा 'गणतन्त्र' र 'प्रजातन्त्र'लाई समानार्थी रूपमा लिएको पाइन्छ । घोषणाको अङ्ग्रेजी प्रतिमा Democratic

---

[१३१] सूर्यमणि अधिकारी, **नेपालमा प्रजातान्त्रिक आन्दोलनको इतिहास,** (नई दिल्ली : निराला पब्लिकेसन्स, १९९८ई) , पृ.१२६ ।

[१३२] भीम रावल, पूर्ववत्, पृ.३५-३६ ।

[१३३] सूर्यमणि अधिकारी, पूर्ववत्, पृ. १३६ ।

[१३४] ऐजन, पृ. १२१ ।

contitution भन्ने उल्लेख गरिएको थियो ।[१३५] २००७ सालमा राजा त्रिभुवनले वैधानिक निर्वाचित संविधानसभाले संविधान नबनाएसम्मका लागि भनेर 'अन्तरिम शासन विधान' लागु गरे । जसबाट राजका हातमा शक्ति पुगी वैधानिक रूपमै निरङ्कुश बन्ने बाटो समाते । २००८ साल कार्तिक २० मा विद्यार्थी चिनिया काजीको प्रहरीको गोलीबाट मृत्यु भएपछि त्यो घटनाले विवादको रूप लिन थाल्यो । त्यस घटनाको विषयलाई लिएर वि.पी र मोहन शमशेरबीच विवाद बढेपछि मोहन शमशेरको सरकार आफ्नो कर्तव्य नै पूरा नगरी ढल्यो । २००७ सालको प्रजातन्त्र स्थापना गर्न काङ्ग्रेसले स्थापना गरेको मुक्तिसेनालाई प्रजातन्त्र स्थापना पश्चात् रक्षा दलमा परिणत गरिएको थियो । रक्षा दलले २००८ साल माघ ८-१० गते ठूलो विद्रोह गरी काठमाडौँका धेरै ठाउँ र विभिन्न कार्यालयहरूमा कब्जा जमायो ।[१३६] त्यसलाई सरकारले तत्काल दबाउन सफल भयो । मोहन शमशेरको सरकार ढलेपछि मातृकालाई प्रधानमन्त्री बनाइयो । उनी राजासँग बढी निकट भएकाले र काङ्ग्रेसले समेत उनलाई प्रधानमन्त्री बनाउन समर्थन नगरेकोले उनी समेत धेरै समय टिकेनन् । त्यसपछि राजाले झनै आफ्नो चाहनाअनुरूप नयाँ सरकार बनाउने र बिघटन गर्ने खेलहरू खेल्न थाले । बि.पी. लाई प्रधानमन्त्री बनाएमा आफू शक्तिशाली बन्न नसकिने र चुनाव गर्न सक्ने सम्भावना भएकाले उनलाई ल्याउन चाहेका थिएनन् । बरू मातृका सरकारले निरन्तर विरोध गरिरहेकाले २०१० असोजमा वि. पी लाई नजरबन्दमा नै  राखे । मातृकाले सरकारलाई बिघटन गरेर परामर्श दातृ सरकारको घोषणा गरेका राजाले 'परामर्श दातृ सरकार'को विरोध भएपछि पुनः मातृकालाई नै प्रधानमन्त्री बनाए । २०१० सालमा 'अन्तरिम शासन विधान-२००७' लाई परिवर्तन गरेर कार्यपालिका, व्यावस्थापिका र न्यायपालिका तीनवटै अङ्गका सम्पूर्ण अधिकार आफूमै निहित गरे । यसपछि त्रिभुवन संसारकै कुनैपनि शक्तिशाली तानाशाहभन्दा कम शक्तिशाली भएनन् । २०१० माघ ७ गते आफू शक्तिशाली भएको घमण्ड गर्दै देशवासीका नाममा सम्बोधन समेत गरेका थिए ।[१३७] २०१० सालमा विभिन्न मागहरू प्रस्तुत गर्दै नेपाली काङ्ग्रेसले सत्याग्रह थाल्ने घोषणा गरेको थियो । त्यतिखेर त्रिभुवन उपचारको शिलशिलामा विदेश भएकाले राजकीय परिषदका अध्यक्ष भएका महेन्द्रले मागहरू पूरा गर्ने र चुनाव गराउने लिखित प्रतिवद्धता जाहेर गरे । काङ्ग्रेसले त्यस प्रतिवद्धतालाई विजयको 'म्याग्नाकार्टा' भन्दै आन्दोलन स्थगित गरेको घोषणा गऱ्यो । आन्दोलनमा साथ दिएका वामपन्थीहरूले धोका दिएको भन्दै काङ्ग्रेसको कार्यालय समेत तोडफोड   गऱ्यो ।[१३८]

यसरी प्रजातन्त्र पुनर्स्थापना पश्चात् त्रिभुवन जनताप्रति कहिल्यै इमान्दार बनेनन् । उनले चाहेको भए ४ वर्षमा सजिलै चुनाव गराउन सक्थे । राजनीतिक नेताहरूबीच फुट ल्याएर आफूले राज्यसञ्चालनका सम्पूर्ण अधिकार हातमा लिई संसारकै निरङ्कुश राजाहरूमध्ये एक बने कतिपय इतिहासकारले 'राष्ट्रपिता' भन्नु र सरकारले समेत 'राष्ट्रिय विभूति' घोषणा गर्नु जनताप्रतिको

१३५ ऐजन, पृ. १२९ ।

१३६ ऐजन, पृ. १३५ ।

१३७ ऐजन, पृ. १३७ ।

१३८ ऐजन, पृ. १३८ ।

अपमान हो । २००७ सालमा प्रजातन्त्र स्थापना पश्चात् आफैले गरेको प्रतिवद्धतालाई पूरा गरेनन् । राणाकालमा गुमेका राजाका अधिकार प्रजातन्त्र स्थापना पश्चात् पुनर्वहाली भयो । राणाका ठाउँमा राजा निरङ्कुश शासक बनेर देखापरे । २०१७ सालपछि महेन्द्रले जुन बाटो लिए त्यसको गोरेटो त्रिभुवनले नै खनिदिएका थिए । राजा महेन्द्रसमेत संविधानसभाको चुनावप्रति प्रतिवद्ध रहेनन् । बरू राजा हुँदासाथ 'शाही सल्लाहकार मण्डल' गठन गरेर प्रत्यक्ष शासन गर्न सुरु गरे । महेन्द्रको यस प्रवृत्तिको विरोध हुन थाले पछि कहिले टंकप्रसाद आचार्यलाई, कहिले के.आई सिंहलाई आफूखुसी प्रधानमन्त्री बनाउन थाले । २०१४ साल मंसिर २२ मा चुनाव गराउनुपर्ने लगायतका माग राख्दै काङ्ग्रेसले 'भद्र अवज्ञा' आन्दोलन सुरु गऱ्यो । जसलाई वामपन्थीहरूले पनि साथ दिएका थिए । आन्दोलन सुरु भएपछि महेन्द्रबाट चुनाव गराउने प्रतिवद्धता जाहेर गर्दै शाही घोषणा जारी भयो । काङ्ग्रेसकै सुवर्ण शमशेरको अध्यक्षतामा मन्त्रीपरिषद्को गठन समेत भयो । महेन्द्रले एकातिर चुनावको घोषणा गरे भने अर्कोतिर षडयन्त्रका जाल फाल्न थाले । संविधानसभाको निर्वाचनमा जनताबाट चुनिएका प्रतिनिधिबाट संविधान लेखिनु पर्नेमा २०१५ सालमा 'नेपाल अधिराज्यको संविधान-२०१५' प्रस्तुत गरे । संविधानबाट राजाले सम्पूर्ण शक्ति आफ्नै हातमा लिएर निरङ्कुश र तानाशाही बन्ने बाटो समाते भने चुनाव संविधान सभाको नभई संसदीय निर्वाचनको भयो ।[१३९] महेन्द्रले यसै संविधानका आडमा २०१७ पुस १ गते अप्रजातान्त्रिक कदम अघि बढाएका थिए । २०१६ सालको आमनिर्वाचनमा नेपाली काङ्ग्रेसले दुई तिहाई बहुमत प्राप्त गरेपछि वि.पी. को नेतृत्वमा सरकार गठन गऱ्यो । वि.पी.ले केही सुधारका कामहरू गर्न थालेको र उनको व्यक्तित्वका अगाडि आफू छायामा परिने देखेर झस्केका राजाले २०१७ पुस १ गते संसद बिघटन गरेको घोषणा गरे । त्यसपछि विभिन्न दलका नेताहरूलाई पक्राउ गर्ने क्रम तीव्र रह्यो । पञ्चायतको समर्थन गर्नेहरूलाई छाडियो भने नगर्नेहरूलाई जेलमै राखियो । पुस १ गते प्रजातान्त्रिक सरकारले कुनै काम गर्न नसकेको आरोप लगाउँदै शाही घोषणा जारी गरेका थिए । पुस २२ गते त राजनीतिक उद्देश्यले खोलिएका सम्पूर्ण सङ्घ-संस्थाहरूमाथि प्रतिबन्ध नै लगाइयो । यसबाट प्रजातान्त्रिक अभ्यासका सम्पूर्ण वैध उपायहरू समाप्त भए र देशमा निरङ्कुश निर्दलीय व्यवस्थाको सुरूवात भयो । यसरी राजा महेन्द्र तानाशाही शासक बन्ने र आफै शासन गर्ने काम २०१७ सालदेखि स्पष्ट रूपमा गर्न थाले ।[१४०]

**२०१७–२०४६ सालसम्मको राजनीतिक–सामाजिक अवस्था –**

२०१७-२०४६ सालसम्म महेन्द्रले सुरु गरेको निर्दलीय पञ्चायती व्यवस्था कायम रह्यो । २००७ सालको आन्दोलनबाट प्राप्त भएका प्रजातान्त्रिक अभ्यासका ढोकाहरू निरङ्कुश र अनुदारवादी राजनीतिक संरचनाले बन्द गरेपछि स्वभाविक रूपमा त्यसको असर सामाजिक अवस्थामा पनि  पऱ्यो । राजतन्त्रले जनताका आखाँमा छारो हाल्न 'देशको हावा पानी र माटो सुहाँउदो' भनी पञ्चायती व्यवस्थाको नाम दिएर जनताका अगाडि पवित्र बन्न खोज्यो । सांगठनिक संरचना कमजोर भई शक्तिहीन भएका केही राजनीतिक दलका नेताहरूलाई समेत लिएर सबैको

---

[१३९] ऐजन, पृ. १४६-१४७ ।

[१४०] ऐजन, पृ. १८७ ।

नेता भएको अभिनय गर्न समेत महेन्द्रले भ्याए । सत्रसाल पूर्वका राजनीतिक विकृति र भ्रष्टनेताका उदाहरण प्रस्तुत गर्दै राष्ट्रवादको नारा उछालेर सामन्ती राजतन्त्रलाई बलियाृ बनाउन थाले ।[१४१] यस समयमा सामन्ती संरचना व्याप्त रहेकोले समाजमा प्रवेश पाउन खोजेको पूँजीवादी मान्यता र संस्कृति पनि सामन्ती संरचनाकै अनुकूल अगाडि बढ्यो । शहरी क्षेत्रमा भने पूँजीवादी संस्कृतिले टाउको सम्म उठाउन थाल्यो । निरङ्कुश राजनीतिक अवस्था व्यहोर्न परिरहेको यस अवस्थामा सामाजिक रूपले आर्थिक-सांस्कृतिक, उत्पीडन समेत व्यहोर्न परेको अवस्था छ । यसको प्रभाव नेपाली साहित्यमा समेत देखा पऱ्यो । प्रत्यक्ष रूपमा स्वतन्त्रताको आवाज उठाउन सक्ने अवस्था नहुँदा कतिपय साहित्यकार प्रयोगवादी धार समात्न पुगे । जटिल बिम्बहरूको प्रयोग गर्दै प्रतीकात्मक रूपमा आफ्ना छटपटीहरू प्रस्तुत गर्नु पर्ने अवस्था देखा पऱ्यो । यस समयमा केही स्रष्टाहरूले विद्रोही प्रवृति अगाल्दै गणतान्त्रिक चेतना भएका रचनाहरू समेत प्रस्तुत गरे तर संख्यात्मक र गुणात्मक रूपमा नै धेरै देखिन सकेन । २०३६ सालको आन्दोलन र त्यसपछिका दिनमा गणतान्त्रिक चेतना र स्वर चर्कै रूपमा आउन थाले भने २०४६ सालसम्म आउँदा यसले अझ विकसित रूप लिन थाल्छ । २०६२/६३ को राजनीतिक आन्दोलनले समाजका हरेक पक्षमा प्रभाव पाऱ्यो । साहित्यका क्षेत्रमा समेत यसको प्रत्यक्ष प्रभाव पऱ्यो जसको कारण सयौं स्रष्टाहरू गणतान्त्रिक सिर्जना यात्रामा आए ।

महेन्द्रले परम्परागत तानाशाही राज्यलाई सर्वसत्ताबादको नयाँ कलेवरमा पञ्चायतको नाम दिई प्रस्तुत गरे । त्यसको जरा राणाशाही थियो भने उद्देश्य एकदलीय व्यवस्थाको बलियो जग बसाल्नु थियो ।[१४२] पञ्चायतले राजनीतिक गतिविधिमा प्रतिबन्ध लगाएको भए पनि राजनीतिक दलहरूका गतिविधि भने पूर्ण रूपमा बन्द थिएनन् । नेपाली काङ्ग्रेस लोकतान्त्रिक मूल्यको राजनीतिक सत्ता प्राप्तिका लागि सङ्घर्षमा थियो भने वामपन्थी शक्तिहरू गणतान्त्रिक राज्यसंरचनाका लागि भूमिगत रूपमै राजनीतिमा लागेका थिए । २०१८ र २०३० मा नेपाली काङ्ग्रेसले सशस्त्र सङ्घर्षको घोषणा गऱ्यो भने २०२८ सालमा झापाली वामपन्थीहरूले सङ्घर्ष चलाए ।[१४३] तर यी प्रयासहरू लामो समय टिकेनन् र सफल हुन सकेनन् । निरङकुश पञ्चायती व्यवस्था विरुद्ध काङ्ग्रेस र वामपन्थी दलहरूले विभिन्न सङ्घर्षका कार्यक्रम चलाए पनि सम्झौता नीति अंगाल्दा पञ्चायत बलियो हुन पुग्यो । २०१८ सालमा राजाका विरोधमा सशस्त्र सङ्घर्ष गरेको नेपाली काङ्ग्रेसले २०२५ जेठ २ मा राजालाई 'भक्तिपूर्वक सहयोग टकयाउने' नीति लियो । काङ्ग्रेसका नेता सुवर्ण शमशेरले श्री ५ को निर्देशन र नेतृत्वमा वर्तमान संविधानमा अझै विकास हुने आशा राख्दै हार्दिक सहयोग टकयाउने निर्णय गरिएको छ भन्दै विज्ञप्ति निकाले ।[१४४] यस घटनाबाट वि.पी सहित धेरै नेताहरू जेलबाट छुटे तर पञ्चायतका अगाडि काङ्ग्रेसले

---

[१४१] पुण्यलाल, **छानिएका रचना भाग-३,** ऐजन ,पृ. १३७-१३८ ।

[१४२] सञ्जीव पोखरेल र अन्य, **नेपालमा लोकतन्त्र संकट तथा चुनौति,** (काठमाडौं : राष्ट्रिय शान्ति अभियान ), पृ. १०० ।

[१४३] ऐजन ,पृ. १०१ ।

[१४४] सूर्यमणि अधिकारी , पूर्ववत् , पृ. २५३-५४ ।

आत्मसमर्पणको बाटो अगाल्यो । आवश्यक पर्दा विद्रोहको बाटो अपनाउनुपर्छ भन्ने वि.पी. ले समेत २०३३ सालमा मेलमिलापको नीति लिएर स्वदेश फर्के ।

२०२८ सालमा राजा महेन्द्रको मृत्युपछि पञ्चायत चलाउने जिम्मा बीरेन्द्रको काँधमा आयो । २०३२ सालमा पञ्चायती संविधानमा दोस्रो संसोधन गरी 'गाउँ फर्क राष्ट्रिय अभियान'लाई सशक्त संवैधानिक अङ्ग बनाए भने नाम मात्रको चुनावमा पनि बलियो अङ्कुश लगाए । बीरेन्द्रले पनि पञ्चायती व्यवस्थामा कुनै सुधार ल्याएनन् । बाबुले सुरु गरेको कठोर असंयम तथा हिंसाप्रेरित शासन प्रणालीलाई नै निरन्तरता दिए ।[१४५] २०३७ सालको जनमत सङग्रह पश्चात् बहुदल पक्षको हार भएपनि जनचेतनाको स्तरमा भने वृद्धि हुन थाल्यो । निर्विकल्प रूपमा प्रचार गरिएको र 'देशको माटो र हावापानी सुहाउँदो' भनिएको व्यवस्थामाथि सामान्य जनताले समेत प्रश्न चिन्ह उठाउन थाले । २०३६ जेठ १० को जनमत सङग्रह हुनुमा २०३२ सालको विद्यार्थी आन्दोलन, २०३५ सालमा यज्ञबहादुर थापा र भीमनारायण श्रेष्ठलाई बमकाण्डको अभियोगमा फाँसी, पाकिस्तानी प्रधानमन्त्री जुल्फीकर अलि भुट्टोलाई फाँसी दिएको विरोधमा उठेको विद्यार्थी आन्दोलनले लिएको राजनीतिक स्वरूप, विद्यार्थी आन्दोलनकै क्रममा गोरखापत्र जनाइनु, जताततै विद्रोह र क्रान्तिले उग्र रूप लिएपछि सरकारले संहाल्न नसक्नु जस्ता विविध घटनाक्रमले गर्दा सरकार जनमत सङग्रहको घोषणा गर्न बाध्य भएको थियो ।[१४६] २०३६ जेठ २० गते राजाले जनमत सङग्रहको घोषणा गर्न बाध्य भए । २०३७ वैशाख १० मा जनमत सङग्रह त भयो तर बहुदल पक्षको हार भयो । जनमत सङग्रहबाट पञ्चायती व्यवस्थाको अन्त्य हुन त सकेन तर यसले जनतामा चेतनाको स्तरमा भने वृद्धि ल्यायो । 'देशको माटो सुहाउँदो र निर्विकल्प भनेर प्रचार गरिँदै आएको व्यवस्थामाथि सर्वसाधरणले समेत प्रश्नचिन्ह लगाउन थाले भने जनताको शक्ति अजेय र निर्णायक हुने रहेछ भन्ने कुरा सिकायो । समाजका शोषक साहू र सामन्तहरू त्रसित हुन थाले । विभिन्न सङ्घ-सङ्गठनहरू स्थापना भएको र सभा, सम्मेलन र गोष्ठीहरू समेत हुन थालेको कारण राजनीतिक चेतनामा वृद्धि भयो । समाजमा जुन जागरण र चेतना फैलियो त्यसले २०४६ सालको आन्दोलनको पृष्ठभूमि तयार गऱ्यो ।

नेपाली काङ्ग्रेस र केही वामपन्थी दलहरूको समेत समर्थनमा २०४२ सालमा सत्याग्रह आन्दोलन सुरु भयो । अहिंसात्मक हुदाँहुँदै पनि दलहरूका नेता-कार्यकर्ता गिरफ्तारीमा परिरहेका थिए । रामराजाप्रसाद सिंहको नेतृत्वमा रहेको जनवादी मोर्चाले राजतन्त्रको समाप्ति, गणतन्त्रको स्थापना, व्यक्तिगत सम्पतिको उन्मूलन, आर्थिक समानता जस्ता आन्दोलनका कार्यक्रम असार ६ गते नारायणहिटी राजदरबार अगाडि लगायत देशका विभिन्न भागमा बम विष्फोट गराउँदै घोषणा गऱ्यो । यसै आन्दोलनका कारण ८ जनाले ज्यान गुमाए भने १७५१ जनालाई गिरफ्तार गरिएको थियो ।[१४७]

---

[१४५] सञ्जीव पोखरेल र अन्य, ऐजन, पृ. १०२ ।

[१४६] रामकुमार पाण्डे, **नेपाल परिचय,** सा.स., (काठमाडौं : भुँणीपुराण प्रकाशन, २०५५) पृ. १०२ ।

[१४७] सूर्यमणि अधिकारी, पूर्ववत्, पृ.३०३ ।

२०४६ साल फागुन ७ गतेदेखि नेपाली काङ्ग्रेस र वाममोर्चाको संयुक्त आन्दोलन उत्कर्षमा पुगेपछि चैत्र २६ गते राति ११ बजे बहुदलको घोषणा भयो । यस आन्दोलन देशभरी नै चर्कियो । विभिन्न ठाउँमा हजारौं मान्छेहरू गिरफ्तारीमा परे भने धेरैजनाले ज्यान नै गुमाए । आन्दोलनमा विभिन्न तह र तप्काका सङ्घ-सङ्गठन तथा व्यक्तिहरूले समर्थन गर्दै सहभागी भएपछि ४९ दिनमै सफल भएको थियो । यस आन्दोलनले साहित्यकारहरूलाई समेत प्रभाव पार्‍यो । कालोपट्टि आन्दोलन र कीर्तिपुरको गिरफ्तारपछि शिथिल हुन थालेको आन्दोलन अघि बढेको थियो । विभिन्न ठाउँमा स्रष्टाहरूले सिर्जनात्मक कार्यक्रम सहित भौतिक रूपमै उपस्थिति जनाएर निरङ्कुशताको विरोधमा आवाज उठाए । यस समयका कविताहरूलाई ‘जनआन्दोलन कविता’ भनिन्छ ।

**२०४६ पछिको राजनीतिक सामाजिक अवस्था**

प्रजातन्त्रको पुर्नस्थापनापश्चात् खुला राजनीतिक वातावरणमा नेपाली समाज प्रवेश गर्दछ । गाँउगाँउमा समेत राजनीतिक चेतनाको विकास हुन थाल्दछ भने शिक्षा र सञ्चारको क्षेत्रमा समेत ठूलो परिवर्तन हुन थाल्छ । जनतामा परिवर्तन भएको हेर्ने ठूलो इच्छा र आकांक्षा थियो तर राजनीतिक क्षेत्रमा विकृति र विसङ्गति देखिन थालेपछि जनचाहना अनुरूप नेपाल अघि बढ्न सकेन । २०५२ सालमा ४० बुँदे मागहरू प्रस्तुत गर्दै जनयुद्ध सुरु भयो । संसदीय दलहरूमा विभिन्न कमीकमजोरीहरू तथा सत्ता राजनीतिको फोहरी खेलले गर्दा प्रजातन्त्रप्रति जनताको विश्वास घट्न थाल्यो । ग्रामीणस्तरमा जनता समक्ष परिवर्तनको अनुभूति नहुँदा र गलत राजनीतिक संस्कार विकसित हुँदा जनताले प्रजातन्त्रको विकल्प र त्यसभन्दा पनि जनपक्षीय व्यवस्थाको कल्पना गर्न थाले । विभिन्न राजनीतिक दल र माओवादी समेतले ग्रामिण स्तरमा आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक रूपान्तरणका विषयमा अन्तर्क्रियाहरू गर्न थाले । यसले नेपाली समाजको रूपान्तरणमा सैद्धान्तिक तथा व्यवाहरिक प्रक्रियाहरू तय गर्न ठूलो मद्दत पुर्‍यायो । रूपान्तरणका विभिन्न प्रक्रियाहरूमा जनताको महत्त्व र सान्दर्भिकता भएको देखिन्छ ।[१४८] जनतामा आएको राजनीतिक चेतनाको कारणले २०६२/६३ को आन्दोलन सफल भयो र परम्परागत रूपमा रहेको निरङ्कुश राजतन्त्रका जरा नै खल्बलिए । त्यही आन्दोलनको कारण विकसित भएको परिस्थितिले गर्दा नेपालको इतिहासमै पहिलोपटक २०६४ चैत्र २८ गते संविधानसभाको निर्वाचन भयो र २०६५ जेठ १५ मा गणतन्त्रको स्थापना भयो ।

२०४८ सालको आम निर्वाचन पश्चात् बहुमत प्राप्त नेपाली काङ्ग्रेसको सरकारले ५ वर्षको कार्यकाल पूरा गर्न सकेन । २०५१ सालमा भएको मध्यावधि निर्वाचनमा कुनै दलले स्पष्ट बहुमत हासिल गर्न सकेन । यसपछि देखापरेको राजनीतिक अस्थिरताले गर्दा माओवादी जनयुद्ध विकसित भयो । साहित्यका क्षेत्रमा त्यसले पनि प्रभाव पार्‍यो भने २०५८ जेठ १९ को त्रासदीपूर्ण दरबार हत्याकाण्डले उत्तिकै प्रभाव पार्‍यो । २०५८ पछि राजा बनेका ज्ञानेन्द्रको निरङ्कुश र स्वेच्छाचारी बन्ने महत्वकांक्षाले गर्दा प्रत्यक्ष शासनको अभ्यास सुरु भयो । असोज १८ पछिको

---

[१४८] सञ्जीव पोखरेल, पूर्ववर्त, पृ.११५ ।

घटनाले दरबार र संसदीय दलहरूबीच ध्रुवीकरणको स्थिति पैदा गरायो । माओवादीका ठूला-ठूला आक्रमणहरूले देशमा उथलपुथल मच्यायो । भने ग्रामिण क्षेत्रमा सामन्ती संरचनाका आधारहरू भत्कदै गए । सरकार माओवादीबीच पटक-पटक भएका वार्ताहरू समेत विना निष्कर्ष नै टुङ्गिए । सरकारले स्थानीय र संसदीय निर्वाचन समेत गराउन असफल भयो । २०६१ सालमा ज्ञानेन्द्रले आफै नै मन्त्रीपरिषदको अध्यक्ष बनेर प्रत्यक्ष शासन गर्न थालेपछि त माओवादी र संसदीय पार्टीबीच बाह्र बुँदे सम्झौता  भयो । यसपछि निरङ्कुश राजतन्त्रका विरुद्ध सात दल र माओवादीको आन्दोलन केन्द्रित भयो । सात दलको घोषणा र माओवादीको सक्रियतामा २०६२ चैत्र २४ गतेदेखि राजतन्त्रका विरुद्ध निर्णायक आन्दोलन सुरु भयो । २०६३ वैशाख ११ गते राजाले संसद पुर्नस्थापना घोषणा गर्न बाध्य भए । यी घटनाक्रमले गर्दा संविधानसभाको चुनाव भयो र गणतन्त्र स्थापना भयो । यी महत्त्वपूर्ण राजनीतिक घटनाहरूको प्रभाव साहित्यमा पऱ्यो । २०५९ सालको अन्त्यतिरबाट साहित्यकारहरू समेत लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि सडकमै आएर सिर्जनात्मक गतिविधि मार्फत् संलग्न भए । नेपालको इतिहासमा देखापरेको सबैभन्दा ठूलो परिवर्तनमा स्रष्टाहरूको आन्दोलनले पनि महत्त्वपूर्ण भूमिका खेल्यो । २०६३ मङ्सिर ७ गते सात दल र माओवादी बीच १२ बुँदे सम्झौता भएपछि आन्दोलनको गति तीव्र भएको हो । विभिन्न क्षेत्र र पेसासँग सम्बन्धित व्यक्तिहरू बिस्तारै-बिस्तारै खुलेरै राजतन्त्रको विरुद्धमा भएको आन्दोलनमा लागे । साहित्यका क्षेत्रबाट हेर्दा स्रष्टाहरूले गरेको यो काम नेपाली साहित्यकै इतिहासमा अत्यन्तै महत्त्वपूर्ण रहेको छ । राजनीतिक ढङ्गले हेर्दा पनि जनता जगाउनमा कविता, गीत, गजलले ठूलो भूमिका खेलेका थिए ।

## ३.२.२ २००७–२०५९ सम्मको साहित्यिक पृष्ठभूमि

वि.सं. २००७ को राजनीतिक परिवर्तनले नेपाली साहित्यमा पनि प्रभाव पारेको छ । १९९० को दशकदेखि नै नेपाली साहित्यमा लोकतान्त्रिक मूल्य र मान्यताअनुरूपका रचनाहरू देखापर्न थालेका थिए भने २००७ सालसम्म आउँदा धेरै सिर्जनाकर्मीहरू यो श्रृङ्खलामा उभिइसकेका थिए । राणाहरूको सामन्ती शासनको अन्त्यसँगै जीवनचेतना र काव्यचेतना दुवैमा गहिरो प्रभाव पर्न थाल्यो । साहित्यका क्षेत्रमा अभिव्यक्ति र विचार स्वतन्त्रताका कारणले गर्दा धर्म, दर्शन, कला, समाजका परम्परित मान्यताहरू टुक्रिन, खोक्रिन र ढल्न थाले । सांस्कृतिक क्षेत्रमा पनि पुराना र परम्परित मूल्य-मान्यताहरू भत्किएर नवीन मूल्य र मान्यता स्थापित हुन थाल्दछन्, जसको प्रभाव जीवनचेतना र काव्यचेतनामा पनि  देखापर्छ ।[१४९]२००७ सालमा स्वतन्त्रताको ढोका खुलेपछि साहित्यिक प्रचार-प्रसार र लेखन तीव्र  हुनथाल्यो । अनेक राजनीतिक र आर्थिक दर्शनका बारेमा स्वतन्त्र रूपले छलफल गर्नसक्ने वातावरण तयार भएपछि साहित्यका क्षेत्रमा पनि विभिन्न वाद र विचारधारा देखापर्न थाले । विश्वसाम्यवादी आन्दोलनको प्रभाव नेपाली साहित्यमा समेत पऱ्यो जसको कारण सामन्ती र शोषकवर्गको विरोध गर्दै निम्नवर्गीय जनताको पक्षमा आवाज उठाउने

---

[१४९] मोहनराज शर्मा र दयाराम श्रेष्ठ, **नेपाली साहित्यको संक्षिप्त इतिहास,** पाँ.सं., (काठमाडौं : साझा प्रकाशन, २०५६), पृ.५२ ।

प्रगतिवादी साहित्यको विकास हुन पुग्यो ।[१५०] विभिन्न साहित्यिक सङ्घ-सङ्गठनको स्थापना र पत्रिकाहरूको समेत प्रकाशनले गर्दा साहित्यिक गतिविधिमा तीव्रता आउन थाल्यो ।

वासुदेव त्रिपाठीले नेपाली कविताको काल विभाजनका क्रममा २००४-२०१६ सालसम्मको समयावधिलाई स्वच्छन्दतावादी-प्रगतिवादी काल भनेका छन् ।[१५१] यस समयका सबैभन्दा सशक्त र सबैका लागि प्रेरक व्यक्तित्वका रूपमा देवकोटालाई नै लिन सकिन्छ । २००४ सालपछि क्रान्तिकारी भावनाले ओतप्रोत भएका कविताहरू रचना गर्न थालेका देवकोटाले **प्रमिथस** जस्तो महाकाव्य र **कृषिवाला** जस्तो किसानहरूलाई आफ्ना हक र अधिकार लिनको लागि जागरूक गराउने खालको गीतिनाटक रचना गरेका छन् । मोहनराज शर्माले २००७ सालपछि आधुनिकता सुरु भएको मान्यता राखेका छन्[१५२] भने तारानाथ शर्माले २००७ सालपछिको समयलाई क्रान्तिउत्तर युग भनेका छन् ।[१५३]

वि.सं. २००७ पछि साहित्यिक क्षेत्रसँग सम्बन्धित विभिन्न सङ्घ-सङ्गठनको गठन, आन्दोलन र पत्रपत्रिकाको प्रकाशनकार्यले गर्दा साहित्यिक गतिविधिमा विकास हुन थाल्यो । २००८ सालमा ऋद्धिबहादुर मल्लको अध्यक्षतामा 'नेपाली लेखक सङ्घ'को गठन, २००९ सालमा श्यामप्रसाद शर्माको अध्यक्षतामा साम्यवादी आन्दोलनबाट प्रभावित 'प्रगतिशील लेखक सङ्घ'को गठन, २०१३ सालमा झर्रोवादी आन्दोलनको घोषणा, २०१६ सालमा धर्मराज थापाको अध्यक्षतामा 'प्रगतिशील नेपाल लेखक सङ्घ'को गठन (प्रगतिशील लेखक सङ्घ निष्क्रिय भइरहेको अवस्थामा यसलाई पुनर्गठन गरी सक्रिय बनाएको थियो) भयो । २०१२ सालमा मदन पुरस्कार गुठीको स्थापना, २०१४ सालमा प्रज्ञा-प्रतिष्ठान (तत्कालीन शाही नेपाल एकेडेमी) को गठन जस्ता कार्यले पनि साहित्यिक माहौलको निर्माणमा ठूलो भूमिका खेलेको पाइन्छ । त्यसैगरी श्यामप्रसाद शर्माको सम्पादनमा प्रकाशित **सेवा** मासिक, नारायण बास्कोटाको सक्रियतामा २०१० सालमा प्रकाशित **प्रगति,** २०११ सालमा 'नेपाल जनसाहित्य सङ्घ-जनसाहित्य कार्यालय'को प्रकाशनमा निस्किएको **जनसाहित्य,** २०१३ सालमा बनारसबाट प्रकाशित **नौलो पाइलो,** २०१५ सालमा शशिकलाका सम्पादनमा प्रकाशित **स्वास्नीमान्छे** जस्ता पत्र-पत्रिकाले साहित्यको विकासमा ठूलो योगदान पुऱ्याएका छन् । त्यस्तै **डाँफेचरी, धरती, छहारी, हाम्रो नेपाल, साहित्य** जस्ता पत्रिका र अन्य साहित्यिक सङ्घसंस्थाहरू पनि देखापरेका छन् ।

२०१७ सालपछि तुलनात्मक रूपमा राणाकालमाभन्दा सरल र सहज अवस्था त देखापऱ्यो तर सत्ता र शक्तिमा रहेका पुरानै अनुहारहरू नै देखापरे । अर्कोतिर राजनीतिक अस्थिरताले गर्दा जनआकांक्षाअनुरूप काम हुन सकेन । २००७ सालमा भएको दिल्ली सम्झौताले जनतालाई धोका भएको र जनताका अधिकार पूर्ण रूपमा स्थापित नभएको भन्दै विरोध गरे भने कतिपयले जनताको जीत भएको भन्दै विजयोत्सव मनाउन थाले । यस समयका कवितामा मात्र नभएर आख्यान,

---

[१५०] तारानाथ शर्मा, पूर्ववत्, पृ. १२३ ।

[१५१] वासुदेव त्रिपाठी र अन्य, **नेपाली कविता भाग-४,** ते.सं., काठमाडौं : साझा प्रकाशन, २०५४), पृ ५२ ।

[१५२] मोहनराज शर्मा, पूर्ववत् ।

[१५३] तारानाथ शर्मा, पूर्ववत्, ।

निबन्ध जस्ता विधामा पनि जनताका आवाजलाई सम्बोधन गर्ने रचना र कृतिहरू देखापरेको पाइन्छ ।

**२०१७–२०४६ सालसम्मको अवस्था**

राजा महेन्द्रले वि.पी कोइरालाको जननिर्वाचित सरकारलाई अपदस्थ गर्दै २०१७ सालदेखि निरङ्कुश पञ्चायती व्यवस्थाको स्थापना गरे । यसपछि कठोर र अनुदारवादी शासनव्यवस्थाको कारणले गर्दा साहित्यकारहरू उन्मुक्त भएर सिर्जनाकर्ममा लाग्ने अवस्था रहेन । २०१७ सालपूर्वको राजनीतिक अवस्था अपेक्षाकृत सहज र सरल देखिन्छ भने त्यसपछिको युग कठोर र अनुदारवादी देखिन्छ । २०१७ सालपछिको कठोर राजनीतिक-सामाजिक परिस्थितिको प्रतिक्रियात्मक अभिव्यक्ति स्वरूप नेपाली साहित्यमा प्रयोगवादी धार विकसित भएको भन्ने मत पनि पाइन्छ ।[१५४] २०१७ सालपछि समाज, सत्ता, राजनीति र परिवर्तनलाई हेर्ने तीन किसिमका प्रवृति पाइन्छन् । एउटा प्रवृति सत्तासँग सम्भmौता गरेर स्तुतिवाद र यथास्थितिवादमा फस्यो भने अर्को प्रवृति न त यथास्थितिलाई अङ्गाल्दै सम्भmौता स्वीकार गऱ्यो न प्रतिरोध नै गर्न सक्यो । आत्मकुण्ठित, आत्मविद्रोह र अस्तित्ववादको सहारामा प्रयोगवादी रूपवादको जालोमा आफूलाई घुमाउन थाल्यो । अस्तित्ववादी आत्मकेन्द्रित विद्रोहको बाटोतिर लागेर प्रयोगवादको नाममा कुण्ठा रोज्यो अर्कोतिर निरङ्कुशता विरुद्ध मार्क्सवादी चेत बोकेको प्रवृति देखापऱ्यो ।[१५५]

निरङ्कुश पञ्चायती व्यवस्थाको सुरुवात भएपछि यसको विरोध र असमतिकै प्रतिक्रियास्वरूप राल्फा, अस्वीकृत जमात, अमलेख, बुटपालिस, तरलवाद जस्ता आन्दोलनहरू समेत देखापरेको पाइन्छ । सामूहिक रूपमा स्रष्टाहरू द्वारा सञ्चालन गरिएका यी आन्दोलनमा प्रत्यक्ष रूपमा गणतान्त्रिक चेतना आउन नसकेको भए पनि तत्कालिन सामाजिक-राजनीतिक व्यवस्थाप्रति वितृष्णा र विद्रोहको भावना भने देखापरेको पाइन्छ । २०१७ सालपछि प्रगतिवादी र विद्रोही कविहरू पनि या त चुप लागेर बस्नुपर्ने अवस्था त आयो या त विदेशिनुपर्ने अवस्था आयो । भूमिगत र अर्धभूमिगत रूपबाट निरङ्कुशता विरुद्ध आवाज उठाउने र जनचेतना जगाउने काम भएको भए पनि सरकारले भने प्रतिबन्ध नै लगाएको थियो । प्रगतिशील क्षेत्रका बाहेक मनोवैज्ञानिक, प्रयोगवादी, अस्तित्ववादी, विसङ्गतिवादी जस्ता धाराका स्रष्टाहरू पनि देखापरेका छन् ।

२०१७ सालपछि विभिन्न पत्रपत्रिकाको प्रकाशन तथा साहित्यिक सेमिनारहरूसमेत प्रशस्त भएको पाइन्छ भने साहित्यिक-सांस्कृतिक सङ्घ-सङ्गठन समेत स्थापना भएको पाइन्छ । सरकारी क्षेत्रबाटै पनि भाषा साहित्यको विकासमा केही काम भएको पाइए पनि पञ्चायती व्यवस्थाका विरोधमा जाने साहित्यकारलाई नियन्त्रण गर्न प्रयास गरेको पाइन्छ । २०१७ सालपछिको अवस्थामा गणतान्त्रिक मूल्य र मान्यताका रचना लिएर आउन सक्ने अवस्था देखिदैंन तर असहज अवस्थामा

---

[१५४] वासुदेव त्रिपाठी, पूर्ववत् ।

[१५५] ऋषिराज बराल, **सामाजिक रूपान्तरणमा स्रष्टाहरूको भूमिका**, ऐजन ।

समेत केही काम भने भएका छन् । २०३६ सालतिरबाट भने गणतान्त्रिक चेतना भएका रचनाहरू पहिलेभन्दा अलि बढी नै देखिन थाल्छन् ।

वि.सं. २०३५/२०३६ तिरबाट नेपाली कविता परम्परामा नयाँ मोड देखापर्न थालेको छ । 'सडक कविता' सँगै मोहन कोइरालाजस्ता प्रयोगवादी धारका कविहरू समेत सरल र सहज कविता लिएर जनताका अगाडि जान्छन् । दुर्वोध्यता र क्लिष्टता भएको कारणले जनताबाट टाढा हुन पुगेका कवि र कविता फेरि सरलतातिर उन्मुख हुन थाल्छन् । यसपछिका कविताले जनतासँग सम्पर्क कायम गर्दै विद्रोही र क्रान्तिकारी स्वर लिएर देखापर्छन् । वासुदेव त्रिपाठीले २०३० देखि यताको समयलाई समसामयिक धाराको रूपमा लिएको पाइन्छ ।[१५६] २०३० को दशकदेखि यताका कवितामा विभिन्न नवीन प्रयोगहरू हुन थालेको पाइन्छ र कविताको परिणात्मक र गुणात्मक रूपमा समेत वृद्धि भएको देखिन्छ । भानुभक्त पोखरेलले त प्रयोगवादोत्तर कविता धारालाई नवरोमान्टिक प्रगतिवादी वा रोमान्टिक प्रगतिवादी काव्यधारा भनेको पाइन्छ ।[१५७] २०३६ सालको आन्दोलन र 'सडक कविता क्रान्ति' सँगै विद्रोही र क्रान्तिकारी विचारधारा भएका स्रष्टाहरूले पञ्चायती व्यवस्थाका विरोधमा आवाज उठाउने हिम्मत गर्न थालेका छन् र गणतान्त्रिक चेतना विकास हुन थालेको पाइन्छ । २०४६ सालको आन्दोलनसँगै गणतान्त्रिक चेतनामा विकास हुन थाल्छ भने विष्णुको अवतारका रूपमा राजालाई मान्नेहरूको विश्वास पनि हराउँदै जान थाल्छ ।

वि.सं. २०४६ को परिवर्तनपश्चात् सीमित भए पनि जनता हक, अधिकार र अभिव्यक्ति स्वतन्त्रता प्राप्त गर्न सफल भए । विभिन्न पत्रपत्रिका तथा रेडियो एफ.एम.हरूको विकास भएको कारण धेरै नयाँ कवि र कविताहरू देखापर्न थाल्छन् भने गीत, गजलको विकास पनि उत्तिकै भएको पाइन्छ । २०५२ सालबाट माओवादी जनयुद्ध सुरु भएपछि एकथरी स्रष्टाहरू त्यसको समर्थनमा देखापरे, अर्काथरी युद्धको विरोध गर्दै शान्तिको कामना गर्न थाले । माओवादी समर्थक स्रष्टाहरूलाई कडा निगरानीमा राख्ने र मानसिक-शारीरिक यातना दिने काम भयो । स्रष्टालाई गिरफ्तार गर्ने, यातना दिने र मार्ने काम सरकारी पक्षबाट हुन थाल्यो । परिवर्तनको आवाज उठाउने विद्रोही र क्रान्तिकारी स्रष्टाहरू पनि माओवादीका नाममा सरकारी आक्रमणको शिकार बन्न पुगे । २०५८ पछि दरबार हत्याकाण्डसँग सम्बन्धित रचनाहरू पनि केही समय देखापरे । कविहरूले २०५९ असोज १८ पछिका दिनमा त निरङ्कुश राजतन्त्रको विरोध गर्दै गणतन्त्रका पक्षमा आवाज उठाउँदै सडकमा आएर आन्दोलन गर्न थाले । पछिल्लो चरणमा आएर नवीन प्रयोग र विभिन्न आन्दोलनहरू समेत देखापरेको पाइन्छ । यसरी गुणात्मक र परिमाणात्मक रूपमा नेपाली कविताले फड्को मारिरहेको छ ।

## ३.२.३ २००७ देखि २०५९ सम्मका कवितामा गणतान्त्रिक चेतना

वि.सं. २००७ को क्रान्तिले राजनीतिक, सामाजिक, सांस्कृतिक, साहित्यिक क्षेत्रहरूमा पनि प्रभाव पाऱ्यो । २००७ सालअघि नै नेपाली कविताका क्षेत्रमा गणतान्त्रिक चेतनाको विकास हुन

---

१५६ वासुदेव त्रिपाठी, पूर्ववत् ।

१५७ भानुभक्त पोखरेल,"प्रयोगवादोत्तर नेपाली कविता : सहज अनुभूतिको निकटता", **गरिमा,** (अङ्क ८, वर्ष ९०, २०४७ जेठ), पृ.८६ ।

थालेको भए पनि २००७ सालको क्रान्ति र त्यसपछिको वातावरणले गर्दा झनै हुर्कने र बढ्ने अवसर पायो ।[१५८] कवितामा बढी मात्रामा देखापरेको सामाजिक परिवर्तनको चेतना २००७ सालपछि त कथा, उपन्यास, निबन्धजस्ता विधामा समेत बिस्तारित भयो । हृदयचन्द्रसिंह प्रधान, बल्लभमणि दाहाल, देवमणि ढकाल लगायतका आख्यानकारहरू र श्यामप्रसाद शर्मा, डी.पी.अधिकारीजस्ता व्यक्तिहरू निबन्धमार्फत गणतान्त्रिक चेतना अघि बढाउन सक्रिय रहे । कविताका क्षेत्रमा लक्ष्मीप्रसाद देवकोटा, भूपि शेरचन, कृष्णचन्द्रसिंह प्रधान, गोकुल जोशी, केवलपुरे किसानजस्ता कविहरू विद्रोही र गणतान्त्रिक चेतनायुक्त रचनाहरू लिएर देखापरे । केवलपुरे किसानले त जनगणतन्त्रकै उद्घोष गरेका छन् ।[१५९] मुरारी अर्यालले युद्धप्रसाद मिश्रलाई "गणतान्त्रिक चेतनाका सम्भवत पहिला अविचलित कवि हुन्" भनेका छन् । मिश्रका 'यो सङ्ग्राम महानको विजय श्री भोका र नाङ्गाप्रति/यौटा पनि रहन्न अब धर्तीमहा भूपति' भन्ने जस्ता कविताले गणतान्त्रिक चेतना बोकेका कवि थिए भन्ने कुरा स्पष्ट हुन्छ । २००७ सालपछि नेपाली साहित्यमा गणतान्त्रिक चेतनाको विकास गर्नमा सङ्गठित रूपमा भएका प्रयास र स्वतन्त्र रूपमा भएका प्रयासलाई अलग-अलग राखेर हेर्न सकिन्छ । विभिन्न आन्दोलन, सङ्घसङ्गठन र वादका नाममा भएका सङ्गठित साहित्यिक प्रयास र कुनै आन्दोलन वा वाद विशेषसँग नजोडिई वैयक्तिक तवरबाट भएका गणतान्त्रिक चेतना जगाउने प्रयासलाई यसरी दुई भागमा राखेर हेर्न सकिन्छ –

- सङ्गठित रूपमा गरिएका साहित्यिक आन्दोलन
- व्यक्तिगता रूपमा देखापरेका गणतान्त्रिक चेतना

## ३.२.३.१ सङ्गठित रूपमा गरिएका साहित्यिक आन्दोलन

वि.सं.२००६ मा नेपाल कम्युनिष्ठ पार्टीको गठन भएपछि मार्क्स-एङ्गेल्सद्वारा प्रतिपादित द्वन्द्वात्मक भौतिकवादी विश्वदृष्टिकोण अनुरूपको प्रगतिवादी साहित्य लेखन अगाडि बढ्न थाल्छ । सामन्तवादका कुनै पनि स्वरूपलाई स्वीकार नगर्ने यस विचारधाराले राजतन्त्र पनि स्वाभाविकै रूपमा स्वीकार गर्दैन । २००९ साल असोज ५ गते श्यामप्रसाद शर्माको अध्यक्षतामा प्रगतिशील लेखक सङ्घको स्थापना भएको थियो । यसमा सङ्गठित भएर लाग्नेहरूमा गोविन्दप्रसाद लोहनी, हृदयचन्द्रसिंह प्रधान, गोकुलप्रसाद जोशी, देवीप्रसाद किसान, भूपि शेरचन, भवानी घिमिरे लगायत रहेका छन् । साहित्यकारहरूको सामाजिक दायित्व र वर्गीय पक्षधरतासँगै कला साहित्यमा विचार, दर्शन र यर्थाथको बिम्बको प्रश्न मूल रूपमा उठाउनु यस प्रगतिवादी आन्दोलनको मूल विशेषता हो ।[१६०] कम्युनिष्ट विचारधारासँग सम्बन्धित प्रगतिवादी स्रष्टाहरूले यस संस्थाको स्थापना कालदेखि नै गणतान्त्रिक चेतनाको विकासमा ठूलो भूमिका खेलेका छन् । 'सडक कविता क्रान्ति' (२०३६), 'जनआन्दोलन २०४६ र जनआन्दोलन-दुई मा समेत यस विचारधाराका स्रष्टाहरूको

---

[१५८] ऋषिराज बराल, पृ.५ ।

[१५९] ऐजन ।

[१६०] विष्णुप्रसाद अर्याल, **नेपाली साहित्यमा प्रगतिशील लेखक सङ्घको योगदान,** अप्रकाशित शोध, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर काठमाडौं, २०५३ ।

उपस्थिति र सक्रियता निकै देखिन्छ । प्रगतिशील लेखक सङ्घले आफ्ना गतिविधि राम्रोसँग अगाडि बढाउन नसकेको र निस्क्रिय जस्तै भएकाले २०१६ सालमा पुनः धर्मराज थापाको अध्यक्षतामा प्रगतिशील नेपाल लेखक सङ्घको गठन भयो । २००८ सालमा नेपाल लेखक सङ्घको स्थापनापश्चात् प्रजातान्त्रिक धारका लेखक/कलाकारहरू सङ्गठित रूपमा अगाडि बढेको पाइन्छ ।

वि.सं. २०१७ मा जननिर्वाचित सरकारलाई अपदस्थ गर्दै राजा महेन्द्रले पञ्चायती व्यवस्थाको सुरुवात गरे । २००७ सालको क्रान्तिपश्चात् प्राप्त भएका सीमित हक-अधिकार र राजनीतिक स्वतन्त्रताको पनि २०१७ सालपछि अन्त्य हुन्छ । निरङ्कुश शासकहरूका विकृति-विसङ्गति, अन्याय-अत्याचारको पनि खुलेर विरोध गर्न सक्ने अवस्था रहेन । यसपछि कतिपय साहित्यकारहरू दरबारको भक्तिगानमा लाग्दछन् भने कतिपयले त विभिन्न खतराहरूको सामना गर्दै लेखनकार्यलाई निरन्तरता दिन्छन् । यस क्रममा अग्रगामी चेतना बोकेका विभिन्न पत्रपत्रिकाहरू प्रकाशित भए । जसले गणतान्त्रिक चेतनाको विकास गर्नमा ठूलो भूमिका खेले । यस्ता पत्रपत्रिकाहरूमा **पञ्चामृत, नौलो हाँक, मुक्ति ज्वाला , चौराली, दोभान, जस्केलो, हिमाली, नौलोपथ, आँधीखोला, नौलो राँको, छाँयाप्रकाश, विगुल, नेपाली, सुस्केरा, प्रभात, सगरमाथा, जनअमृत, सन्देश, छात्रप्रभा, कोशीको सुषमा, नवज्योति, साहित्यसुधा** लगायत रहेका छन् । यस्ता पत्रिकाहरू मार्फत् निर्भीक र क्रान्तिकारी भावनाले ओतप्रोत भएका साहित्यकारहरू नवीन चेतना लिएर व्युँभिइरहेका देखिन्छन् । [१६१]

वि.सं. २०१७ पछि पञ्चायतीव्यवस्थाको विकृति र विसङ्गति देखापरेको तथा अभिव्यक्ति स्वतन्त्रतामाथिको कडा प्रतिबन्ध लागेको अवस्थामा केही विद्रोही स्वरहरू उठ्न थालेको पाइन्छ । राजनीतिक दलहरूबाट पनि पञ्चायती व्यवस्थाका विरोधमा विभिन्न कार्यक्रमहरू अघि ल्याइएको थियो । आयामेली आन्दोलन, राल्फा, बुटपालिस, अमलेख, अस्वीकृत जमातजस्ता साहित्यिक आन्दोलनहरू पञ्चायती व्यवस्थाले लादेको निरङ्कुशताको छटपटीका परिणति थिए जसमा धेरैथोरै सत्ताप्रतिको असन्तुष्टि र विद्रोही स्वर पाइन्छ । सडक कविता आन्दोलन र जनआन्दोलन कविता त सत्ता परिवर्तनका लागि निरङ्कुशताका विरोधमै लक्षित गरेर चलाइएका सङ्गठित आन्दोलन नै हुन् । यस्ता आन्दोलनहरू मार्फत् गणतन्त्रकै आवाजलाई प्रमुख मुद्दा नबनाए तापनि गणतान्त्रिक चेतना भने पाउन सकिन्छ । यस्ता आन्दोलनहरूका बारेमा सङ्क्षिप्त जानकारी यहाँ प्रस्तुत गरिन्छ ।

**आयमेली आन्दोलन-**बैरागी काइँला, ईश्वरवल्लभ र इन्द्रबहादुर राईको सक्रियतामा चलेको आयामेली आन्दोलनले पनि निरङ्कुशताका विरोधमा आवाज उठाउने प्रयास गरेको पाइन्छ । आन्दोलनमा लागेकाहरूमध्ये वैरागी काइँलामा यस्तो प्रवृति पाउन सकिन्छ । 'मातेको मान्छेको भाषणः मध्यरातको सटकसित'मा विद्रोही र क्रान्तिकारी स्वर सशक्त रूपमा उठेको छ ।[१६२]

**राल्फा आन्दोलन-** पञ्चायती व्यवस्थाको स्थापना पश्चात् विभिन्न असन्तुष्टि र छटपटीको प्रतिक्रियास्वरूप राल्फा आन्दोलनको जन्म भएको हो । परम्परागत रूढिवादी संस्कार, इतिहास,

---

[१६१] पुष्पलाल, पूर्ववत्, पृ.१३० ।

[१६२] सुकुम शर्मा, पूर्ववत्, पृ.६३ ।

परम्परा, नियम, कानुन , लिङ्ग तथा वर्णभेद र जातीयताको मतभिन्नता र साहित्यिक विधा विभाजनमा असहमति जनाउँदै क्लिष्ट सिर्जनाद्वारा सबै किसिमका अन्याय, अत्याचार, शोषण, दमन, भ्रष्टाचार उन्मुलन गर्न सरकारी रवैया र यन्त्रका विरुद्ध नौलो परिवर्तनको आकाङ्क्षा सहित राल्फा आन्दोलन अगाडि बढेको थियो ।[१६३] पछि यस आन्दोलनमा लागेका सबैको मार्क्सवादी क्षेत्रमा प्रवेश भएको पाइन्छ । सुरुमा कुनै वैचारिक धरातल विना नै अराजक भीडका रूपमा विकसित भएको यो समूह पछि प्रगतिवादी आन्दोलनमा समाहित भएको पाइन्छ । यस समूहमा पारिजात, निनु, विमल, नारेम, रामेश, रायन, मञ्जुल, अरिम लगायत थिए । यस आन्दोलनले गणतन्त्र स्थापनाको नारा नै लगाएर साहित्यिक क्षेत्रमा अगाडि नबढेको भए पनि तत्कालीन शासक वर्ग तथा सामन्ती संस्कार र संस्कृतिको विरोध गर्दै अगाडि बढेको पाइन्छ ।[१६४] सबैजसो राल्फालीहरूको कम्युनिष्ट पार्टीमा प्रवेश भएपछि यो आन्दोलनका रूपमा अगाडि नबढे पनि विद्रोही र प्रगतिशील भावना भने विकास भएको पाइन्छ ।

**अस्वीकृत जमात-** वि.सं.२०२६/२०२७ तिर देखिएको अस्वीकृत जमातले गणतान्त्रिक मूल्य र मान्यता लिएर देखापरेको नभए पनि तत्कालीन अवस्थाको सत्ता र समाजले ल्याएको विषम परिस्थितिप्रति विद्रोह गर्न खोजेको पाइन्छ । यस जमातमा संलग्न साहित्यकारहरूमा शैलेन्द्र साकार, कविताराम, अञ्जीरप्रधान, प्रकाश प्रेमी, सा.वि.ठाकुर, पुष्कर लोहनी, जगरञ्जन, इन्द्रराज भण्डारी, प्रेमनारायण, भाउ पन्थीलगायत रहेका छन् ।[१६५]

**अमलेख-** अमलेख आन्दोलन पनि तत्कालीन राजनीतिक, सामाजिक, आर्थिक विषमतापूर्ण अवस्थाका कारण जन्मिएको हो । यस आन्दोलनको मूल लक्ष्य स्वतन्त्रता र तत्कालीन समयको अन्धकारबाट मुक्त हुन वैचारिक क्रान्तिमा अग्रसरता थियो । यसले आफ्ना लेखरचना मार्फत् सरकार र सरकारी प्रकाशनलाई असहयोग गर्ने, सरकारी पुरस्कारको समेत बहिष्कार गर्नेजस्ता मूल मान्यता वा लक्ष्य राखेको पाइन्छ ।[१६६] सरकारी निरङ्कुशता र दमनका विरोधमा साहित्यकारहरूले सङ्गठित रूपमा अगाडि बढाउन खोजेको यस आन्दोलनलाई तत्कालीन अवस्थामा क्रान्तिकारी अभियान मान्न सकिन्छ । यस आन्दोलनमा संलग्न द्वारिका श्रेष्ठ, भूपी शेरचन, मोहन कोइराला, मदन रेग्मी, ध्रुवचन्द्र गौतम, रत्नशमशेर थापा, भुवन कोइराला, पुरुषोतम बस्नेत आदि थिए ।[१६७]

**बुटपालिस-** योङ्ग राइटर्स फ्रन्ट भन्ने युवाहरूको सङ्गठनले युवालेखन प्रकाशनार्थ अर्थ सङ्कलन गर्न २०३१ असोज १२ मा काठमाडौंको पीपलबोट नजिकै बुटपालिस गरेका थिए । आफूलाई अवमूल्यनको स्थितिमा राख्न नचाहने युवा लेखकहरूको विद्रोहको पूर्ण अभिव्यक्ति यस अभियानमा

---

[१६३] ऐजन, पृ.६६ ।

[१६४] बाबुराम शर्मा, **नेपाली साहित्यमा राल्फा आन्दोलन,** अप्रकाशित स्नातकोत्तर शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय कीर्तिपुर २०५२, पृ. ५२ ।

[१६५] सुकुम शर्मा, पूर्ववत्, पृ.७० ।

[१६६] गेविन्दराज भट्टराई, **काव्यिक आन्दोलनको परिचय,** (काठमाडौं : साझा प्रकाशन, २०६२), पृ.१९० ।

[१६६] ऐजन ।

[१६७] दयाराम श्रेष्ठ, **साहित्यको इतिहास र सन्दर्भ,** (काठमाडौं : त्रिकोण प्रकाशन, २०६१), पृ.१४५ ।

थियो । स्वार्थपूर्ण मनोवृत्ति लिएका सङ्घसंस्था, व्यक्ति र वर्गविशेषलाई हाँक दिदै पुराना मान्यता एवम् परम्पराग्रसित सोचाइका विरुद्ध सङ्गठित रूपमा उठाएको चर्को आवाज थियो ।[१६८] यसरी आन्दोलन अगाडि बढाउनेमा शैलेन्द्र साकार, भाउपन्थी, कविताराम, काशीनाथ तमोट, मोहन घिमिरे, सन्तोष भट्टराई, ध्रुव सापकोटा, नारायण ढकाल, तेज खरेल, आनन्द जङ्गली, विजय शर्मा, विनोद रिमाल, हरि न्यौपाने, बद्री घिमिरे, विश्वनाथ न्यौपाने आदि रहेका छन् ।[१६९]

**सडक कविता-क्रान्ति-** वि.सं. २०३६ जेठ १५ गते जनमत सङ्ग्रहको घोषणा भएपछि निरङ्कुश पञ्चायती व्यवस्थाको अन्त्य गर्दै प्रजातन्त्र स्थापनाका लागि सचेत कविहरूले चलाएको आन्दोलन सडक कविता-क्रान्ति हो । २०१७ सालमा महेन्द्रले पञ्चायती व्यवस्थाको सुरुवात गरे पछि अन्त्य हुन पुगेको प्रजातान्त्रिक अधिकारहरूको पुर्नस्थापना गर्ने उद्देश्यले २०३६ असार २७ गतेदेखि काठमाडौं उपत्यका लगायत देशका विभिन्न भागमा यो आन्दोलन सञ्चालन भएको थियो । नेपाली साहित्यको इतिहासमा साहित्यकार राजनीतिक-सामाजिक परिवर्तनको उद्देश्य लिएर सङ्गठित रूपमा सडकमै उत्रेको यो पहिलो घटना हो । यस कार्यक्रममा धेरै कविहरूले धेरै श्रोताहरूलाई प्रत्यक्ष रूपमा कविता सुनाए । यस अघि यति धेरै सङ्ख्यामा कविहरूले सङ्गठित रूपमा कविता सुनाउँदै हिड्ने र कविता सुनाउने काम कहिल्यै भएको थिएन । राजधानीको नयाँ सडकको पीपलबोटबाट २०३६ जेठ २७ गते साँझ ५ बजे भवानी घिमिरे, मोहन कोइराला, हरिभक्त कटुवाल आदि कविहरूले कविता वाचन गरी कार्यक्रमको सुरुवात गरेका थिए ।[१७०] जेठ १० गतेको शाही घोषणापश्चात् जेठ २७ गतेदेखि नेपाली युवा कविहरूले मुलुकमै पहिलोपटक 'सडक कविता क्रान्ति'का नाममा असार २७ गतेसम्म काठमाडौं, ललितपुर र भक्तपुर लगायत काठमाडौं छेउछाउका अन्य ठाउँहरूमा समेत कार्यक्रम गरेका थिए । यस क्रममा तीस दिनमा छत्तीस ठाउँहरूमा सडक कविता भन्दै हिंडेका थिए ।[१७१] काठमाडौं उपत्यकामा मात्र नभएर बाहिरका विभिन्न ठाउँहरूमा पनि सडक कविता अभियान सञ्चालन भएको थियो । यसक्रममा असार २९ गतेदेखि साउन २ गतेसम्म भानुभक्तको जन्मस्थल तनहूँ र पोखराका विभिन्न ठाउँहरूमा कार्यक्रम गरिएको थियो । यस बाहेक पनि बनेपा, धनकुटा, सिरहाको पडरिया, लहान, राजविराज, विराटनगर, धरान, धनकुटा, भोजपुर, दोलखा, भद्रपुर, जनकपुरधाम, वीरगञ्ज, खोटाङ, उदयपुर, दिक्तेल, धौलागिरीका केही क्षेत्र लगायतका ठाउँहरूमा पनि कार्यक्रम भएका थिए ।[१७२]

'सडक कविता क्रान्ति' कति ठाउँमा सम्पन्न भयो र कवितामा कविले कहाँ-कहाँ भाग लिए भन्ने सबै रेकर्ड त उपलब्ध छैन तर **भानु** सडक कविता क्रान्ति विशेषाङ्कमा यस बारेमा धेरै सूचनाहरू पाउन सकिन्छ । यो कार्यक्रम २०० भन्दा बढी ठाउँहरूमा सम्पन्न भएको र २५० भन्दा बढी कविहरूले भाग लिएको भन्ने पाइन्छ । यस आन्दोलनमा अशेष मल्ल र भवानी घिमिरे

---

१६८ ऐजन, पृ.१५० ।

१६९ ऐजन, पृ.१४९ ।

१७० कुमार प्रधान, "सडक कविता क्रान्ति र यसको औचित्य", **भानु**,सडक कविता विशेषाङ्क, (वर्ष १६, अङ्क २९, २०३६) पृ.३७-३८।

१७१ भवानी घिमिरे (सम्पा.), **भानु**,सडक कविता विशेषाङ्क, ऐजन, पृ ३८ ।

१७२ ऐजन ।

सबैभन्दा बढी सक्रिय रहेको पाइन्छ । यस कार्यक्रममा धेरैजसो युवाकविहरूले नै भाग लिएका थिए भने आन्दोलनका श्रोताको सङ्ख्या पाँच लाखभन्दा बढी रहेको छ ।[१७३] यस आन्दोलनमा भाग लिने कविहरूमा भवानी घिमिरे, अशेष मल्ल, मोहन कोइराला, हरिभक्त कटुवाल, शैलेन्द्र साकार, ओममणि शर्मा, वनमाली निराकार, मीनबहादुर विष्ट, गगन विरही, गोविन्द गिरी 'प्रेरणा', किशोर पहाडी, विनोद अश्रुमाली, कणाद महर्षि, लव गाउँले, ध्रुव सापकोटा, जे.एल. श्रीवास्तव, कृष्ण प्रधान, कुमुद देवकोटा, मञ्जु काँचुली, वेञ्जु शर्मा, सन्तोष भट्टराई, श्रीहरि फुयाँल, भूमिनन्द देवकोटा, प्रकाश प्रेमी, विमल कोइराला, दीपक जोशी, दिव्य गिरी, गिरिराज आचार्य, विजय वजिमय, भैरव निराशीलगायत छन् ।[१७४]

यस आन्दोलनका बारेमा सकारात्मक-नकारात्मक टिप्पणी सहित विभिन्न पत्रपत्रिकामा समाचार तथा लेखहरू आएको पाइन्छ । आन्दोलनका बारेमा सबैभन्दा बढी विस्तृत जानकारी दिने पत्रिका **भानु** सडक कविता क्रान्ति विशेषाङ्क नै हो । धरानका युवाकवि एवम् योद्धा गिरिराज आर्चायको सम्पादनमा केही कविहरूका कविता समावेश गरी **सडक कविता क्रान्ति भाग-१** नामको बुलेटिन प्रकाशित भएको पाइन्छ ।[१७५]

'सडक कविता क्रान्ति' सोझै राजनीतिसँग गाँसिएर आएको साहित्यिक आन्दोलन हो । उन्नाइस वर्षसम्म निर्दलीयताको नाममा निर्दयी, निरङ्कुश, निर्विकल्प र र्निलज्ज पञ्चायती व्यवस्थाले गरेको निर्मम अत्याचार र अन्यायको विरोध गर्दै सच्चा प्रजातन्त्रका लागि बहुदलीय व्यवस्थाप्रति नैतिक सहानुभूति राखी जनतामा प्रजातान्त्रिक भावना जगाउनु नै यसको प्रमुख लक्ष्य रहेको थियो ।[१७६] यसको उद्देश्य राजतन्त्रको अन्त्य गर्दै गणतान्त्रिक व्यवस्था स्थापना त थिएन तर 'राजा सबैका साझा' जस्ता नारा लगाउँदै 'देशको माटो र हावापानी सुहाउँदो' भनेर प्रचार गरिएको व्यवस्थाप्रति जनताले औंला ठड्याउन थाले । राजा र राजसंस्थाप्रति जनताको जुन आस्था र विश्वास थियो त्यसलाई भत्काउने काममा सडक कविता क्रान्तिले भूमिका खेलेको पाइन्छ । यस आन्दोलनबाट साहित्यका क्षेत्रमा सोझै गणतन्त्रको आवाज नउठे पनि गणतान्त्रिक चेतनाको विकासमा भने यसले ठूलो भूमिका खेल्यो ।

सडक कविता क्रान्तिले कवितालाई सामाजिक, राजनीतिक प्रयोजनका लागि सोझै उपयोग गर्ने नयाँ परिपाटीको सूत्रपात गरेको छ । कविता र समाजका बीच अझ सम्बन्ध बिस्तार गर्नका लागि यसबाट सहयोग मिलेको छ र जनजीवनमा कविताको सार्थकतालाई यसले पुष्टि गरेको कुरा वासुदेव त्रिपाठीले बताएका छन् ।[१७७] भवानी घिमिरेले यस आन्दोलनलाई हरेक हिसाबले आन्दोलन भएको बताएका छन् र स्पष्ट रूपमा निरङ्कुश व्यवस्थाका विरोधमा गरिएको साहित्यिक आन्दोलन

---

[१७३] ऐजन ।

[१७४] ऐजन, पृ.३९-४० ।

[१७५] ऐजन ।

[१७६] ऐजन ।

[१७७] वासुदेव त्रिपाठी, "सडक कविता क्रान्तिमा मेरो दृष्टि", **भानु** कविता विशेषाङ्क, पूर्ववत्, पृ.१४१ ।

हो भनेका छन् ।[१७८] सडक कविता क्रान्ति तत्कालीन अवस्थाको पीडा र अनुभवको यर्थाथ प्रतिबिम्ब हो । जनताले भोगेका यातना, पीडा, र बाध्यता कविता बनेर सडकमा पोखिएका थिए । कवितपय आलोचकले यसलाई राजनीति गरेको भनेर पनि भनेका छन् तर राजनीति जीवनको सम्पूर्णता नभए पनि सम्पूर्णता भित्रको एक अङ्ग भएकाले यसको प्रभाव कवितामा पर्नु स्वभाविकै हो । जीवनको एक महत्वपूर्ण पक्ष भएको हुनाले सडक कविता क्रान्तिका कवितामा राजनीतिक प्रभाव पर्नु स्वाभाविकै पनि हो ।[१७९] **भानु** सडक कविता विशेषाङ्कको सम्पादकीयमा पनि यो आन्दोलन प्रजातन्त्र स्थापनाका लागि भएको साहित्यिक आन्दोलन हो भन्दै फासिष्ट र निरङ्कुशताका विरुद्ध सङ्गठित रूपमा भएको सांस्कृतिक क्रान्तिका रूपमा लिएको पाइन्छ । नेपाली साहित्यको इतिहासमा यस किसिमको घटना यसअघि नभएको र लेखक कविहरूले राष्ट्र र जनताको व्यापक, महत्वपूर्ण एवम् निर्णायक प्रश्नमा एकजुट भई परिवर्तनका लागि आवाज उठाएको पहिलो अभूतपूर्व घटना हो । विश्व इतिहास कविहरूले सामूहिक रूपमा यतिधेरै व्यापक आधार र उद्देश्य लिएर आन्दोलनमा संलग्न भएको भेटिन्न । यो युवाहरूको क्षणिक आवेग र आक्रोश नभएर तत्कालीन समयको माग थियो ।

आन्दोलनका कविताहरूको सन्दर्भलाई लिएर मोहन कोइराला भन्छन्-'कवितामा बारुद छैन । गोलीको शिशा छैन । तोप, गोली, मेसिनगन, के-के भनिने हतियार पनि यसमा छैन । तर त्यस्तै त्योभन्दा शक्तिशाली, त्योभन्दा बलियो र त्योभन्दा महत्तम काम गर्न सक्छ कविताले । कविताहरू माटोका बौद्धिक शक्ति हुन् ।[१८०]

यस समयका कवितामा क्रान्ति चेत र प्रगतिको चाहना रहेको पाइन्छ भने उन्नाइस वर्षसम्मको पञ्चायती निरङ्कुश शासनप्रतिको आक्रोश पनि उत्तिकै पाइन्छ । यस्तै किसिमको मोहन कोइरालाको कवितांश यस्तो छ -

*सटक त्यसै कराएको हुँदैन*
*सटक त्यसै बाङ्गेको हुँदैन,सटक त्यसै सोभिएको हुँदैन*
*जिब्रोमा उन्नाइस वर्ष, घाँटीमा उन्नाइस वर्ष*
*मतिष्कमा त्यतिकै लामो वर्ष*
*उम्लिएका व्यथा कथा हामी भन्न आएका छौं ।*

(**भानु** कविता विशेषाङ्क)

**आरोहण रङ्गमञ्चीय अभियान र सर्वनाम नाट्य समूह-** वि.सं.२०३८ बाट सुरु भएको 'आरोहण रङ्गमञ्चीय अभियान' र 'सर्वनाम नाट्य समूह'ले पनि निरङ्कुशता विरुद्ध जनतालाई सचेत र सजग गराउने काम गरेको पाइन्छ । आरोहणका सदस्यहरू २०४६ सालको आन्दोलनमा पनि सहभागी भएका थिए । २०४६ साल चैत्र ३ गते यसका सदस्यहरूको गिरफ्तारीले पनि यो

---

[१७८] कुमार प्रधान, "नेपालमा सडक कविता क्रान्ति र यसको औचित्य", पूर्ववत्, पृ.१३२ ।

[१७९] अशेष मल्ल, "सडकमा कविता शास्वत खोजी", ऐजन, पृ.१४८ ।

[१८०] मोहन कोइराला, "सडक कविताले गरिमा थपिदिएको छ", ऐजन, पृ.१५४ ।

संस्था निरङ्कुश शासकहरूका विरोधमा थियो भन्ने कुरा स्पष्ट हुन्छ ।[१८१]सुनिल पोखरेल, निशा शर्मा, बद्री अधिकारी लगायतको सक्रियतामा गठन भएको यस आरोहण रङ्गमञ्चले २०६२/६३ को आन्दोलनमा पनि निरङ्कुशता विरोधी नाटकहरू प्रर्दशन गरेको थियो ।

'सर्वनाम नाट्यसमूह' २०३६ सालमा **मूर्दावादमा उठेका हातहरू** नाटक प्रर्दशनमा तत्कालीन शासकले रोक लगाएपछि त्यस कार्यबाट विद्रोही बनेका युवाहरूले सर्वनाम समूहको स्थापना गरेका थिए । अशेष मल्ल, किशोर पहाडीजस्ता 'सडक कविता क्रान्ति'मा सहभागी व्यक्तिहरूले यसलाई स्थापना गरेका थिए । 'हामी वसन्त खोजिरहेछौं' भन्ने नाटकसँगै नाट्य अभियान सुरु गरेको यस समूहले २०६२/२०६३ को आन्दोलनमा समेत निरङ्कुशताविरोधी नाटकहरू प्रस्तुत गरेको थियो ।

**भोक कविता आन्दोलन-** तत्कालीन पञ्चायती व्यवस्थाको निरङ्कुश प्रवृत्तिको प्रतिक्रियामा २०३९ सालमा 'भोक कविता आन्दोलन' अगाडि बढेको थियो । यो आन्दोलनले शारीरिक भोक मात्र नभएर मानसिक भोकलाई समेत सङ्केत गरेको छ । मानवीय मूल्य र मान्यताको संरक्षण तथा स्वतन्त्रता, समानता, शोषणरहित समाज तथा शान्ति र अहिंसाका पक्षमा प्रतिबद्ध भएर अगाडि बढेको थियो । यसमा भवानी घिमिरे, प्रकाश बुढाथोकी, कृष्ण धराबासी, अमृतलाल श्रेष्ठ, राजेन्द्र परदेशी, इन्द्रकुमार श्रेष्ठ, यज्ञराज प्रसाईं, केशव आर्चाय , दुर्गा दाहाल लगायतले झापाबाट यो आन्दोलन सञ्चालन गरेका थिए ।[१८२]

**तरलवाद-** २०४० सालमा फणीन्द्र नेपाल, विनय रावल, र तीर्थ श्रेष्ठले अघि बढाएको 'तरलवाद' आन्दोलनमा पनि निरङ्कुता विरोधी भावना पाउन सकिन्छ । फणीन्द्र नेपालको 'जीवनको उदादत्ता वैचारिक क्रान्तिको विगुलमा बज्छ' भन्ने कविताले यस कुरालाई स्पष्ट पार्छ तरपनि गणतान्त्रिक चेतनाको विकासलाई सशक्त रूपमा उठाउन सकेको भने देखिदैंन ।[१८३]

**सांस्कृतिक फाँटका सङ्घ-संस्थाहरू-** गणतान्त्रिक चेतनाको विकासमा सांस्कृतिक फाँटका विभिन्न सङ्घसंस्थाको भूमिकालाई पनि उल्लेखनीय मान्नैपर्छ । २०२० सालमा बुटवलबाट सुरु भएको रेलिमै सांस्कृतिक मण्डल, प्रलेस निस्क्रिय जस्तै भइरहेको अवस्थामा २०३६ सालमा गठन गरिएको प्रगतिशील लेखक-कलाकार सङ्घ र २०४३ सालदेखि सुरु भएको रक्तिम सांस्कृतिक अभियान यसै सन्दर्भमा जोडिन आउँछन् । रक्तिम सांस्कृतिक अभियान अहिलेसम्म पनि चलिरहेको छ । गीत, सङ्गीत र नृत्यका माध्यमबाट शहरी र ग्रामिण क्षेत्रमा गणतान्त्रिक चेतनाको विकास गर्नमा यसको ठूलो भूमिका रहेको छ । २०४४ सालमा प्रलेस पुनः समेटिएर आएपछि यसले देशका विभिन्न ठाउँहरूमा विचार गोष्ठी र कविता गोष्ठीको आयोजना गरी परिवर्तनको आवाज सशक्त रूपमा उठायो । यसै समयमा 'राष्ट्रिय जनसांस्कृति मञ्च' र 'इन्द्रेणी सांस्कृतिक समाज','आस्था परिवार', 'सामना परिवार' वेदना संकल्पले पनि क्रान्तिकारी माध्यमबाट लोकजागरणाका कामहरू गरे । काठमाडौंमा 'साहित्य सन्ध्या', 'प्रतिभा प्रवाह', जस्ता संस्थाहरूले पनि २०४६ सालपछिको

---

[१८१] सुकुम शर्मा, पूर्ववत्, पृ.९८-९९ ।

[१८२] गोविन्दराज भट्टराई, **काव्यिक आन्दोलनको परिचय,** (काठमाडौं : साझा प्रकाशन), पृ.२०३ ।

[१८३] ऐजन, पूर्ववत् , पृ.२१८ ।

अवस्थामा गणतान्त्रिक चेतनायुक्त साहित्यको वातावरण तयार गर्न पुगे । धरान, बाग्लुङ, चितवन, बुटवललगायतका ठाँउका स्रष्टा पनि परिवर्तनको पक्षमा उभिदै सिर्जनात्मक कार्यमा लागि रहे । प्रगतिशील र प्रजातान्त्रिक धारका केही चित्रकार र मूर्तिकारहरू पनि सिर्जनाका माध्यमबाट सक्रिय रहे ।[१८४] गोपालराज मैनाली, हरिवंश आर्चाय, मदनकृष्ण श्रेष्ठ, साम्दे शेर्पा जस्ता कलाकारका हास्यव्यङ्ग्य स्टेज कार्यक्रम र गीती क्यासेटहरूले पनि जागरण पैदा गर्न भूमिका खेले । सांस्कृतिक फाँटका अरू धेरै कलाकारहरूले जनजागरणमूलक गीतहरू गाएर तथा क्यासेट एल्बमहरू प्रकाशित गरेर गीत सङ्गीतका क्षेत्रमा पनि सामाजिक चेतनाको विकास गर्ने काममा महत्वपूर्ण योगदान गरे ।

**जनआन्दोलन कविता-** 'जनआन्दोलन-२०४६' मा प्रजातन्त्रको पुर्नस्थापनाको लागी भएको राजनीतिक आन्दोलनमा साहित्यकार, लेखक, कलाकारको सहभागिता र ऐक्यबद्धता रहेको थियो । आन्दोलनमा प्रत्यक्ष-अप्रत्यक्ष रूपमा सहयोग पुग्ने गरी रचना गरिएका र सडकमा समेत सुनाँउदै हिंडेका कविताहरूलाई जनआन्दोलन कविता भनिन्छ । नेपाली काङ्ग्रेस र वाममोर्चाको नेतृत्वमा २०४६ फागुन ७ गतेबाट अगाडि बढेको आन्दोलनलाई नैतिक-भौतिक रूपमा साथ दिने र सहयोग गर्ने उद्देश्यले स्थापित र नवोदित कविहरूले निरङ्कुश पञ्चायती व्यवस्था विरोधी कविताहरू सिर्जना गरेका थिए । यो आन्दोलन तीस वर्षसम्म पञ्चायती व्यवस्थाले लादेको निरङ्कुशता र अप्रजातान्त्रिक परिपाटीका विरूद्ध उठेको राजनीतिसापेक्ष युगीन स्वर थियो ।[१८५] यो २०३६ सालको जनमत सङग्रहमा जस्तै राजनीतिक आन्दोलसँग जोडिएर अगाडि बढेको आन्दोलन हो । २०३६ सालमा जुन उद्देश्य प्राप्तिका लागि स्रष्टाहरू आन्दोलनमा उत्रिएका थिए त्यो उद्देश्य पूर्ण हुन नसकेपछि २०४६ सालमा पुनः प्रजातान्त्रिक व्यवस्थाको स्थापना गर्न अगाडि बढेका थिए । संवैधानिक राजतन्त्रलाई स्वीकार गर्ने शक्ति नेपाली काङ्ग्रेस र सिद्धान्ततः नै गणतन्त्रको पक्षधर रहेका वामपन्थी शक्तिहरूबीच सम्झौता भई संयुक्त रूपमा भएको यस आन्दोलनमा साझा एजेण्डाका रूपमा प्रजातन्त्रको स्थापना रहेको थियो । वाममोर्चा र नेपाली काङ्ग्रेसको साझा उद्देश्य गणतन्त्र नभएर संवैधानिक राजतन्त्र सहितको प्रजातन्त्र भएको हुँदा आंशिक रूपमा गणतन्त्रको स्वर देखिएको भए पनि गणतन्त्रको स्वर टड्कारो रूपमा देखापर्न सकेन । प्रजातन्त्रको पुर्नस्थापना मूलस्वर भए पनि गणतान्त्रिक चेतनाको विकास गर्नमा भने जनआन्दोलन कविताको भूमिका रहेको छ ।

जनआन्दोलन कविताको कुनै घोषणापत्र वा सैद्धान्तिक व्याख्या-विश्लेषण छैन । २०४६ सालको आन्दोलन नै यसको घोषणा पत्र हो ।[१८६]त्यसबेला कविहरूले आफ्नो कलमका माध्यमबाट जनआन्दोलनमा जनतालाई सहभागी बनाउनमा उत्प्रेरकको भूमिका खेलेका थिए । राजनीतिक वृत्तमा गणतन्त्रको आवाज नउठेको हुनाले कवितामा पनि गणतन्त्रकै आवाज त उठेन तर सामन्ती व्यवस्था र त्यसले जनतामा थोपरेको नकारात्मक पक्षको भने चित्रण गरेको पाइन्छ ।

---

[१८४] हरिगोविन्द लुइटेल,"चैत्र ३ को स्मृतिस्तम्भको छेउमा उभिएर", **गरिमा,** (वर्ष-१५०, अङ्क ५, पूर्णङ्ग २९३, २०६४ बैशाख) पृ.२५९ ।

[१८५] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, पूर्ववत, पृ १५८-१५९ ।

[१८६] ऐजन, पृ.१५९ ।

जनआन्दोलन कविता जनआन्दोलन सुरु भएकै दिन फागुन ७ गतेबाट सुरु भएको थियो । फागुन ७ गते नै **वसन्तको खोजी** भन्ने कविता सङ्ग्रह प्रकाशित भएको थियो । यसको प्रकाशकीयमा नै भनिएको थियो-“संसार अप्ठ्यारोमा परेको बेला मान्छेलाई साहित्यिक सिर्जनाले अङ्गालो हालेको इतिहास छ । अहिले पनि सम्पूर्ण विश्व परिवर्तनको ठूलो वेगबाट गुज्रँदै छ । यसबाट चेतनशील मानव समुदाय प्रभावित नभइरहन सक्दैन । यस उथलपुथललाई सकारात्मक मोड दिएर वर्तमान स्थितिबाट मान्छेलाई एउटा प्रकारको भूमिका रहने कुरा निर्विवाद छ ।” गोविन्दराज भट्टराईले **काव्यिक आन्दोलनको परिचय** मा करिब ५०० जति कविहरूले यस आन्दोलनमा भाग लिएको र दुई सय जति गिरफ्तारमा नै परेको सूचना दिएका छन् । २०४६ फागुन १६ गते हस्ताक्षर अभियान सुरु भयो र प्रेस वक्तव्य प्रकाशित भयो जसमा ४६ जना साहित्यकारहरूले हस्ताक्षर गरेका थिए ।[१८७] यो घटना सञ्चारमाध्यमबाट प्रसारण भएपछि झनै उत्तेजनापूर्ण स्थिति सिर्जना भयो । आन्दोलन सुरु भएकै दिन प्रकाशित भएको **वसन्तको खोजी** कविता सङ्ग्रह आन्दोलन कविताको घोषणापत्र जस्तै बन्न पुगेको छ । आन्दोलन चलिरहेकै बेला चैत्रमा जङ्गम चौहानको सम्पादनमा **पग्लेर तिम्रो मुटुबाट** कविता सङ्ग्रह प्रकाशित भएको थियो । आन्दोलन चलिरहेकै बेला खुलापाना साहित्य अभियानबाट **इन्द्रेणी साहित्य**का दुई अङ्कहरू पारिजात र हरिगोविन्द लुइँटेलको सम्पादनमा प्रकाशित भएका छन् । आन्दोलन सम्पन्न भएपछि आन्दोलनका कविताहरू समेटेर रुद्र खरेलको सम्पादनमा **आन्दोलन कविता** २०४७ जेठ ४ मा प्रकाशित भएको थियो । त्यस्तै आन्दोलनका सहिदहरूका बारेमा लेखिएका कविताहरू समेटेर जङ्गब चौहानको सम्पादनमा **सहिद कविता** २०४७ प्रकाशित भएको छ । २०५२ सालमा **प्रयोग** पत्रिकालाई सहिद कविता अङ्कको रूपमा गोविन्दप्रसाद शर्माको सम्पादनमा प्रकाशित गरिएको छ । विनय रावलको सम्पादनमा **मुकुट** (वर्ष १४, अङ्क ३/४, २०४८) पत्रिका जनआन्दोलन अङ्कका रूपमा प्रकाशित गरिएको छ । त्यस्तै बद्री पालिखेको सम्पादनमा **सडक कविता सङ्ग्रह** (२०४८) पनि प्रकाशित भएको छ ।

२०४६ सालको आन्दोलनको उत्कर्षमा चलिरहेको र सरकारले दमनको क्रम तीव्र पारिरहेको अवस्थामा भएको चैत्र ३ गतेको घटना यस क्रममा भएका घटनाहरूमा सबैभन्दा महत्वपूर्ण घटना हो । यसै घटनाको स्मरणका रूपमा अहिले ‘सिर्जना चैत्र ३’ भन्ने संस्था नै गठन गरिएको छ ।[१८८]जनआन्दोलन उत्कर्षमा पुगिरहेका बेला चारैतिर राज्य आतङ्कको जगजगी थियो । यस्तो समयमा चैत्र ३ गते एक सय पचासभन्दा बढी लेखक, साहित्यकार, कलाकारहरूले त्रिचन्द्र कलेजको सरस्वती सदन प्राङ्गणमा भेला भई तुल टाँगेर मुखमा कालोपट्टी बाँधी राजाको निरङ्कुशताको विरोध गरेका थिए । कार्यक्रम सुरु भएको बीस मिनेटपछि नै सरकारी हस्तक्षेप हुन पुग्यो । धेरै स्रष्टाहरू गिरफ्तार भए जसमा असी वर्ष नाघेका युद्धप्रसाद मिश्रदेखि सुम्निमा तुलाधरसम्म थिए । बी.बी.सी. लगायत सञ्चारमाध्यमहरूमा यसको व्यापक प्रचार-प्रसार भएको

---

[१८७] गोविन्दराज भट्टराई, पूर्ववत् ।

[१८८] **चैत्र तीन**, समसामयिक बुलेटिन-२, (सिर्जना चैत्र ३, साहित्यिक अभियान)

थियो ।[१८९] गिरफ्तारमा परेकामध्ये केही त्यसै दिन साँझ र केही अर्को दिन बिहान छुटेका थिए । त्यस दिन उपस्थित भई पक्राउ परेर थुनिने कलाकारहरू यसप्रकार रहेका छन् ।

अञ्जु दीक्षित, अरूणा उप्रेती, अशेष मल्ल, अरूण मिश्र, आनन्ददेव भट्ट, आहूती, अच्युतरमण अधिकारी, आर.के. धर्मस्थली, कृष्णसेन 'इच्छुक', ईश्वरचन्द्र ज्ञवाली, इस्माली, उत्तम नेपाली, कमल दीक्षित, कणाद महर्षि, कृष्णचन्द्रसिंह प्रधान, कुन्दन अर्याल, खगेन्द्र संग्रौला, गोविन्द वर्तमान, गोविन्प्रसाद लोहनी गंगाप्रसाद उप्रेती, जगदीशचन्द्र भण्डारी, जीवराज पोखरल, ताराकान्त पाण्डेय, दुर्गालाल श्रेष्ठ, डा. ध्रुवचन्द्र गौतम, नन्दू परिश्रमी, नातिबज्र, नीरमान नेवा, नारायण पुरी, प्रकाश सायमी, पारिजात, पूर्ण विराम, परासर रिजाल, बासु शशी, बेञ्जु शर्मा, विष्णुविभु घिमिरे, वासुदेव अधिकारी, विमल निभा, भुवनाल प्रधान, डा. महेश मास्के, मल्लके सुन्दर, मदनकृष्ण श्रेष्ठ, मोहन कोइराला, मुरारी अर्याल, मणि थापा, रमण घिमिरे, राजेश ढुङ्गाना, राजेन्द्रप्रसाद अधिकारी, राजकुमार के.सी, राजेन्द्र शलभ, राजेन्द्र सुवेदी, रायन, रामेश, रुद्र, खरेल, ललिजन रावल, लिखत पाण्डे, शार्दूल भट्टराई, शारदा शर्मा, शिव अधिकारी, सुवास देवकोटा, सुनील पोखरेल, स्नेह सायमी, सत्यमोहन जोशी, शक्ति लम्साल, सुम्निमा तुलाधर, सरोज पन्त, हरि अधिकारी, हरिवंश आचार्य, हरिगोविन्द लुइँटेल, त्रिरत्न शाक्य, डायमन शम्शेर, राजभाइ जःकमी, निनु चापागाई, रघु पन्त, शैलेश श्रेष्ठ, मोहन खड्का, तारक धिताल, मुक्ता ढकाल, सीताराम तामाङ्ग, दीनानाथ शर्मा, प्रेम कैदी, इन्दिरा शाह, युद्धप्रसाद मिश्र, हरि भण्डारी, शीला योगी, उषा हमाल ।[१९०] चैत्र ३ गतेको स्रष्टाहरूको साामूहिक गिरफ्तारीले संकटमा परेको राजनीतिक आन्दोलनलाई ऊर्जा दिने काम गरेको थियो । बोद्धिक क्षेत्रका व्यक्तिहरूलाई पनि निरङ्कुशता विरुद्ध थप आक्रामक भएर लाग्नुपर्ने अवस्था सिर्जना भयो । चैत्र सात गते कीर्तिपुरको विश्वविद्यालय स्थित अडिटोरियम हलमा प्राध्यापक, शिक्षक, वकिल, डाक्टर, इन्जिनियर लगायत सात सय जति विभिन्न क्षेत्रका व्यक्तिहरूको सामूहिक गिरफ्तारी भएको थियो । स्रष्टाहरूले जनआन्दोलन कविता लिएर देशका विभिन्न क्षेत्रहरूमा आन्दोलनका कार्यक्रम अघि बढाएका थिए । यस आन्दोलनका क्रममा दुई सय जना भन्दा बढी लेखक-कलाकार गिरफ्तार भएको थिए भने पाँच सय जति सहभागी भएका थिए । यस आन्दोलनमा सक्रिय सहभागी हुनेहरूमा युद्धप्रसाद मिश्र, पारिजात, मोहन कोइराला, शिव अधिकारी, सरला विष्ट, नारायण पाण्डे, भिष्म काफ्ले, फणीन्द्र नेपाल, अशेष मल्ल, विनय रावल , ज्ञानुवाकर पौडेल, रमेश तुफान, वियोगी वुढाथोकी, ध्रुव मधिकर्मी, केदार न्यौपाने, शारदा शर्मा, पूर्ण विराम, दुबुस क्षेत्री, शङ्कर थपलिया, भाउपन्थी, ललितजन रावल, लिखत पाण्डे, जीवनाथ धमला, प्रल्हाद धमला, रामचन्द्र भट्टराई, विक्रम सुब्बा, विमल निभा, श्यामल, विष्णुविभु घिमिरे, आदि रहेका छन् ।[१९१]

यसरी निरङ्कुश शासकहरूले जनतामाथि कठोर शासन चलाइरहेका बेला त्यसका विरुद्ध सिर्जनात्मक क्षेत्रबाट पनि प्रभाव पार्नु स्वभाविकै हो । सिर्जनात्मक क्षेत्रबाट कवितामा जति

---

[१८९] हरिगोविन्द लुइँटेल, पूर्ववत्, पृ.२५४ ।

[१९०] माधवप्रसाद पोखरेल, र रुद्र खरेल, पूर्ववत् ।

[१९१] ऐजन ।

आन्दोलनको प्रभाव अरू क्षेत्रबाट देखिएन । समाज परिवर्तनका लागि उठेको यस आन्दोलनमा साहित्यकारहरूले सिर्जनात्मक कर्म सहित सडकमै आएर सहभागी भई निरङ्कुशताका विरोधमा आवाज उठाएका थिए ।

**सिर्जना चैत्र तीन-** २०४६ साल चैत्र ३ गते काठमाडौंमा लेखक कलाकारहरूले अभिव्यक्ति स्वतन्त्रताका लागि मुखमा कालोपट्टी बाँधेर पञ्चायती व्यवस्था विरुद्ध विरोध प्रर्दशन गर्दा सरकारले सामूहिक गिरफ्तारी गरेको थियो । स्रष्टाहरूको स्वतन्त्रताका लागि भएको त्यस लडाईको दिनको सम्झनास्वरूप २०५४ सालदेखि 'सिर्जना चैत्र तीन' साहित्यिक अभियान संचालन भएको छ ।[१९२] यस अभियानमा खगेन्द्र सङग्रौला, नारायण ढकाल, विमल निभा, हरिगोविन्द लुइँटेल, रुद्र खरेल, गोविन्द वर्तमान, इस्माली, स्नेह सायमी, राजकुमार के.सी., राजेन्द्र अधिकारी, पुरुषोतम सुवेदी, अनिल पौडेल, लगायत रहेका छन् ।[१९३] यसले निरङ्कुशताविरुद्ध जागरण अभियानका साथै सांस्कृतिक जागरण, नवसंस्कृति निर्माणको प्रयास र विभिन्न साहित्यिक गतिविधिहरू सञ्चालन गरेको पाइन्छ । गणतान्त्रिक चेतना निर्माणको दिशातर्फ यसका कार्यक्रमहरू अघि बढेको पाइन्छ ।

**प्रजातान्त्रिक अधिकार जोगाऔं आन्दोलन-**२०५४ सालमा सरकारले 'आतङ्ककारी तथा विध्वंसात्मक अपराध नियन्त्रण तथा सजाय व्यवस्था गर्न बनेको विधेयक'प्रस्ताव गरिसकेपछि केही लेखक तथा साहित्यकारहरूले यस विधेयकलाई आस्था र अभिव्यक्ति स्वतन्त्रतालाई पूर्णतः कुण्ठित तुल्याउने मनशाययुक्त भएकाले देशमै सङ्कट निम्त्याउन सक्ने भन्दै पारित नगर्न आग्रह गरेका थिए । आन्दोलनको समर्थन गर्दै एक सय पैतीस जना लेखक, कलाकार र साहित्यकारले २०५४ भाद्र ११ गते प्रसारित वक्तव्यमा हस्ताक्षर गरेका थिए ।[१९४]

## ३.२.३.२ व्यक्तिगत रूपमा देखापरेको गणतान्त्रिक चेतना

२००७ सालको क्रान्तिपछि देखापरेको खुला राजनीतिक वातावरणले गर्दा साहित्यकारहरूले सामन्ती संस्कार र संस्कृति तथा शासकहरूले जनतामाथि गरेका अत्याचारको विरोध गर्न थाले । द्वन्द्वात्मक भौतिकवादबाट प्रभावित कम्युनिष्ट विचारधाराका लेखक-कलाकार एवम् साहित्यकारहरूले गणतान्त्रिक चेतना जगाउनमा ठूलो भूमिका खेले । २०१७ सालमा महेन्द्रले पञ्चायती व्यवस्थाको सुरुवात गरे पछि केही समयसम्म क्रान्तिकारी र विद्रोही स्वर मधुरो बन्यो । २०३० को दशकपछि प्रगतिवादी चिन्तनका क्षेत्रमा धेरै स्रष्टाहरू देखापर्न थाले । २०५९ असोज १८ भन्दा पहिलाका दिनहरूमा गणतान्त्रिक चेतनायुक्त कविताहरू सिर्जना गर्नेहरूमा प्रगतिवादी क्षेत्रका कविहरूको बाहुल्यता देखापर्छ तर केही गैरवाम विचारका कविहरू पनि नदेखिएका होइनन् । २०१७ सालभन्दा अघि गणतान्त्रिक चेतनायुक्त कविता लेख्नेहरूमा लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, भूपि शेरचन, देवीप्रसाद किसान, युद्धप्रसाद मिश्रलगायत देखापरेका छन् ।

[१९२] हरिगोविन्द लुइँटेल, पूर्ववत्, पृ.२२२ ।

[१९३] गोविन्द वर्तमान, पूर्ववत्, पृ.३६ ।

[१९४] गोविन्द भट्ट, निनु चापागाईं र अशेष मल्लको हस्ताक्षरमा समितिको तर्फबाट सांसदहरूलाई गरिएको आग्रह पत्र ।

लक्ष्मीप्रसाद देवकोटाको कविताायात्राको पछिल्लो चरण (२००४-२०१६) का कविताहरूमा विद्रोही र क्रान्तिकारी चेतना प्रशस्त मात्रामा देखिन्छ । पहाडी पुकारमा गणतान्त्रिक चेतना प्रस्तुत गरिसकेका देवकोटाले २००७ पछि **प्रमिथस** जस्तो क्रान्तिकारी र प्रगतिशील महाकाव्य रचना गर्न पुग्छन् । **कृषिवाला** गीतिनाटक पनि कृषक वर्गको हक र अधिकारलाई उठाएको सामन्तवाद विरोधी कृति हो । यिनका कतिपय फुटकर कवितामा पनि यो प्रवृत्ति पाइन्छ । **प्रमिथस** महाकाव्यमा राजा-महाराजाहरू सत्ता र शक्तिका लागि जस्तोसुकै नीच काम गर्न पनि पछि पर्दैनन् भन्ने कुरालाई चित्रण गरेका छन् । देवकोटाले राजाहरूको अत्याचारी र विलासी प्रवृत्तिलाई यसरी चित्रण गरेका छन् -

*अत्याचारी क्रुर अतिबली भूपति,*
*सुवर्ण महलमा गुलावसेज*
*मदिरामस्त, सुन्दरीप्रशस्त,*
*विजित-सपत्न, सपनामा सुमधुर,*
*अचेत बनेझैं महाभूकम्पकको, पलपछि*
*जसले बनाउनु छ लूढिदेर दरबार ।*
*. . .भयले कंसले बालहत्या गरे*
*भय छ क्षत्रियहरूको समर-बल*
*भय छ एक उत्तेजक हरामज्यादा शक्ति*
*भय नै हो सङ्ग्रामशूर*
*आफ्नो नामेटको त्रासले बनाउँछ मानव*
*शूर, क्रूर, क्रोधाग्नि, चूर*
*राजशक्ति हो भयको भयङ्कर प्रबन्ध*

(***प्रमिथस**: पृ.३० )*

देवकोटाको समयमा प्रत्यक्ष रूपमा राजतन्त्रको विरोधमा आवाज उठाउनु चुनौतीपूर्ण कुरा थियो । तत्कालीन अवस्थाको राजनीतिक परिवेश पनि त्यस्तो थिएन । उनी प्रत्यक्ष रूपमा गणतन्त्र नै नभने पनि तत्कालीन सामन्ती व्यवस्थाको भने विरोधी थिए । गणतान्त्रिक चेतनाको विकास गर्नमा उनका कविताहरूको महत्वपूर्ण योगदान रहेको छ ।

सिद्धिचरण श्रेष्ठ यस समयका अर्का क्रान्तिकारी र विद्रोही कवि हुन् । यिनका सबै कवितामा गणतान्त्रिक चेतना आउन नसकेको भए पनि केही कवितामा भने गणतान्त्रिक स्वर देखिएको पाइन्छ । **छात्रहरूलाई सन्देश** भन्ने कवितामा सामन्ती संस्कार विरुद्ध सशक्त रूपमा लाग्नुपर्ने आवाज उठाएका छन् । सामन्ती सत्ता र दरबारका विरुद्ध यस्तो आवाज उठाएका छन् –

*खतम् गरेर फूर्तिलो सामन्ती धाक इज्जत*
*मनुष्यलाई दिलाऊ लौ मनुष्य जातिको हक*
*मनुष्यले मनुष्यको स्वभाव नै भुलीकन*
*गली, ढली, सडी, कुही सजाय भोग्नु होइन ।*

(**बाँचिरहेको आवाज**: पृ.२१ )

यस्तैगरी **म मात्रै किन आइरहूँ** भन्ने कवितामा पनि दरबारको धाक र रवाफलाई यसरी चुनौती दिएका छन् –

*तिमी मेरो झोपडीमा आउन*
*आफ्नो इज्यतको बर्खिलाप सम्झन्छौ भने*
*म मात्रै तिम्रो दरबारमा किन आइरहूँ*
*धन-जन-मनले तिमी आफूलाई*
*ठूलै ठान्छौ भने*
*म पनि तिमीलाई किन सानो नठानूँ ?*

यस समयका सबैभन्दा बढी क्रान्तिकारी कवि युद्धप्रसाद मिश्र देखिन्छन् । उनले २००७ सालको क्रान्तिलाई अपूर्ण भएको र एकथरी सामन्तहरू पाखा लागी फेरि अर्काथरी सामन्तहरूले नै रजाइ गर्न थालेकाले वास्तविक रूपमा जनताको शासन आउन नसकेको कुरा कवितामा प्रस्तुत गरेका छन् । दरबार दिनदिनै मोटाउँदै र अग्लिदै गइरहेको तर जनताहरू रातदिन नङ्ग्रा खियाउँदा पनि एकपेट खान र एकसरो कपडा लगाउन समेत नपाउने अवस्थालाई मिश्रले देखेका थिए । शोषणमुक्त समाजको निर्माणमा लाग्नुपर्ने र क्रान्तिकारी चेतनालाई अझ बलियो बनाउनुपर्ने कुरा उठाउँदै उनी लेख्छन् –

*छाप्रो चाहिं हुँदैछ दिन्दिन खत्तम् दर्बार चाहिं खडा*
*बारीका तटबाट बग्दछ कुलो रित्तो छ हाम्रो घडा ।*

. (**क्रान्तिकारीको नाममा एउटा तार** : पृ.११)

२०१७ सालपछि निरङ्कुश राजतन्त्रले जरा फिजाइरहेको बेलामा पनि उनले जब भोका र नाङ्गाहरू आफ्नो हक र अधिकार लिएर उठ्छन् तब सामन्ती अवशेषका रूपमा रहेका राजा-महाराजाहरू नरहने घोषणा गरिरहेका थिए । उनी कवितामा यसो भन्दछन् –

*यो सङ्ग्राम महान्को विजयश्री भोका र नाङ्गाप्रति*
*यौटासम्म पनि रहन्न अब यो धर्तीमहाँ भूपति ।*

(**भविष्य** : पृ.२७)

युद्धप्रसाद मिश्रका धेरैजसो कवितामा जागृति चेत पाइन्छ र नेपाली समाजले चाहेको परिवर्तनलाई सम्बोधन गरेको देखिन्छ । गणतान्त्रिक चेतनाको विकास गर्नमा यिनका कविताले ठूलो भूमिका खेलेको पाइन्छ ।

भूपि शेरचन यस समयका अर्का सशक्त रूपमा लोकतान्त्रिक भावना फैलाउने कवि हुन् । **भ्याउरे** र **निर्झर** कविता सङ्ग्रह भित्रका कविताहरूमा गणतान्त्रिक चेतना स्पष्ट देख्न सकिन्छ । **घुम्ने मेचमाथि अन्धो मान्छे**मा पनि गणतान्त्रिक चेतना पाउन सकिन्छ तर कलात्मकता र कवित्वका दृष्टिले उच्च रहे पनि वैचारिक सशक्तता भने कम छ । उनले जनवादी व्यवस्थाकै समेत कल्पना गरेका थिए । भुपेन्द्रमान सर्वहाराका नामबाट पनि यस प्रवृतिका प्रशस्त कविताहरू रचना गरेका छन् । उनले लेखेका छन –

*धनवाद तिम्रो जनवाद हाम्रो एकदिन दाजौंला*
*आमाको काखमा देशको नाममा एकदिन बाभौंला*
*तिमी र हामी सङ्घर्षरत छौं हेरौंला को थाक्छ ?*

केवलपुरे किसान सशक्त प्रगतिवादी कवि हुन् । २०१० सालतिरबाटै गणतान्त्रिक चेतनायुक्त कविता लेख्ने किसानले अहिलेसम्म पनि सिर्जनात्मक कार्य जारी राखेका छन् । जनताको गुमेको अधिकार सङ्घर्ष नगरी फिर्ता लिन नसकिने हुँदा अधिकारका लागि हातपाउ फैलाएर हुँदैन, सङ्घर्ष नै गर्नुपर्छ भन्ने विचार उनले व्यक्त गरेका छन् । **सङ्घर्षले ठीक गर** भन्ने कवितामा उनी लेख्छन् –

*जाली दमनका कठोर र तिखा कानुन कटाइकन*
*सारा मानिसलाई प्रेम गर्दै राम्रो चलन ल्याउन*
*गाँउमा बढ फूर्तिसाथ डट लौ सब चेतनाले भर*
*भिक्षाले हक पाँइदैंन, बुझ लौं सङ्घर्षको ठीक गर ।*

केवलपुरे किसानले नेपालमा भएका आन्दोलनहरू जनतालाई धोका दिंदै सम्झौतामा टुङ्गिने गरेको कुरालाई विरोध गरेका छन् । अबको आन्दोलन गणतन्त्र प्राप्तिका लागि हुनुपर्ने कुरालाई कवितामार्फत यसरी प्रस्तुत गरेका छन्

*तेस्रो क्रान्ति किन र कसरी रोकियो जान्नुपर्छ*
*अर्को क्रान्ति अब सुरु हुँदा डङ्डङ्गी हान्नुपर्छ ।*

(**डङ्डङ्गी हान्नुपर्छ**)

अर्का क्रान्तिकारी र विद्रोही कवि गोकुलप्रसाद जोशीले पनि सामन्तवर्गको विरोध गरेका छन् । यिनका धेरै कविताहरू जनपक्षीय र लोकतान्त्रिक भावना अनुरूपका छन् । यस समयका अन्य क्रान्तिकारी र जनपक्षीय कविता लेख्ने व्यक्तिहरूमा कृष्णचन्द्रसिंह प्रधान, श्यामप्रसाद शर्माको नाम अग्रपङ्तिमा आउँछ । २०१७ सालकाअघि नै साहित्यलाई अनेक आडम्बर र मपाईंत्वबाट मुक्त गरी प्रष्टरूपले जनताको सुख-दुःखको प्रश्नमा गाँसिने कवि कलाकारहरूमा सरोजकुमार, केदार ढकाल, जनकप्रसाद हुमागाईं, कृष्ण सर्वहारा, टी.आर.विश्वकर्मा, डी.पी. अधिकारी, आनन्देव भट्ट, शान्तदास, बी.ए. कृष्ण, जयप्रसाद, के. पी.मल्ल, त्रिरत्न व्रजाचार्य, भवानी घिमिरे, जगतबहादुर जोशी आदिको नाम उल्लेखनीय छ ।[१९५]

तत्कालीन राजा महेन्द्रले २०१७ सालमा नेपाली काङ्ग्रेसको जननिर्वाचित सरकारलाई अपदस्थ गरी निरङ्कुश पञ्चायती व्यवस्था लागू गरेपछि जनताका प्राप्त सीमित हक-अधिकार र राजनीतिक स्वतन्त्रताको पनि अन्त्य हुन पुग्छ । यसपछि राजा महेन्द्रले जनपक्षीय लेखक-कलाकारहरूमाथि कडा नियन्त्रण र निगरानी राख्न थाले । कतिपय साहित्यकारहरू चुप लागेर बस्नुपर्ने अवस्था भयो भने कतिपय प्रवासतिर लागे । २०१७ सालपछि क्रान्तिकारी भएर देखापरेका कतिपय स्रष्टाहरूले त आत्मसमपर्णवादी नीति लिए र राजा महेन्द्रको गुणगान गाउनमै समय खर्च गरे । यस समयमा शासकवर्गको गुणगान गाउने एउटा जमात पनि देखापरेको पाइन्छ । अत्यन्तै

१९५ पुष्पलाल, **सङ्कलित रचना भाग तीन**, पूर्ववत्, पृ.१३० ।

प्रतिकूल समयमा पनि केही जनपक्षीय साहित्यकारहरूले निरङ्कुश शासकवर्गका विरुद्ध लगातार आवाज उठाइ नै रहे ।

वि.सं.२०१७ सालपछि दार्जिलिङबाट देखापरेको आयामेली आन्दोलनका प्रवर्तकहरूमध्ये एक बैरागी काइँलाले केही कविताहरूमा स्वतन्त्रताको आवाज उठाएको पाइन्छ । जनआन्दोलन २०६२/६३ को समयमा पनि लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्चका अध्यक्ष भएका काइँलाले 'मातेको मान्छेको भाषण मध्यरातको सटकसित' भन्ने कवितामा गणतान्त्रिक चेतनायुक्त भाव प्रस्तुत गरेका छन् । उनले त्यस कवितामा भनेका छन् –

*यी पेटीहरूलाई*
*मुटुदेखि मस्तिष्कसम्म चिरिने गरेर*
*तिमी च्यातिदेऊ, फाटिदेऊ*
*कोलम्बसको पाइतालाले*
*यस सडकमाथि टेक्न पाउनुपर्छ*
*एउटा विद्रोहले यहाँ*
*शिर उचालेर हिंड्न पाउनुपर्छ ।*

वि.सं.२०२३ मा **मानव** र २०३० सालमा **देवासुर सङ्ग्राम** जस्ता महाकाव्य लिएर देखापरेका प्रगतिवादी कवि मोदनाथ प्रश्रितले गणतान्त्रिक चेतनाको विकास गर्ने खालका धेरै कविताहरू सिर्जना गरेका छन् । उनको एउटा कवितांश हेरौं -

*ए देशका गरिब हो*
*पिटाइमा, लुटाइमा, थिचाइमा, चुसाइमा*
*थिलो थिलो परेर पिल्सियौ युगौं युग यहाँ*
*ल उत्र युद्धभूमिमा मिलाऊ काँधमा काँध*
*यहाँ छ गर्नु सिर्जना नहेपिने समाजको ।*

(**पचास रूपैंयाँको तमसुक**)

जगदीशशमशेर राणाको **नरसिंह अवतार** महाकाव्य पनि तानाशाही व्यवस्थाका विरुद्धको एउटा सशक्त महाकाव्य हो । उनले **नरसिंह अवतार**कै बारेमा आफै लेखेका छन्- "अत्याचार र प्रजापीडन वा तानाशाही नै काव्यको मूल विषय हो ।" (पृ.१३९) शिल्पशैलीमा नवीनता र क्लिष्टता भएको यस महाकाव्यमा स्वतन्त्रता र समानताकै पक्षमा आवाज उठाइएको पाइन्छ । उनी लेख्छन् -

*हिजोसम्म सही बस्ने आज सबै जागे*
*किन ? कसो ? कहाँ ? कहिले ? सबै सोध्न आँटे*
*निखिएको रगतमा आज चढ्यो लाली*
*हिजोसम्म तिम्रो पालो अब हाम्रो पाली ।*

*(**नरसिंह अवतार**,पृ.५१)*

पारिजातले २०३० को दशकको सुरुदेखि नै प्रगतिवादी कविताहरू लेख्न थालिन् । उनका त्यसपछिका अधिकांश कविताहरूमा मुक्ति र स्वतन्त्रताको कामना गर्दै निरङ्कुश शासकहरूका विरुद्ध लेखिएका धेरै कविताहरू छन् । उनको 'एउटा निमुखा बुढाको भविष्य' भन्ने कविता–

*त्यसैले ए युवामनहरू हो*
*हुरी र आँधीको वेगहरूसँग निखिएर आऊ*
*या त ज्यानमारा भावीको*
*परम्परा हत्या गरिदेऊ*
*महान् वाणीहरूमा पनि हत्या गरिदेऊ*
*या त व्यवस्थालाई टक्टकाउन थाल*
*या त व्यवस्थालाई हिसाब माग*
*यो त पसिना नुहाउनेहरूको मुक्ति आन्दोलन हो*
*यो त एउटा वर्गको नै भविष्यको ग्यारेन्टी हो*
*यो त एउटा भीषण युद्ध हो ।*

'सडक कविता क्रान्ति'का अगुवा कवि भवानी घिमिरे त २०३७ सालको जनमत सङ्ग्रहताका नै साहित्य परिवर्तनको लागि हुनुपर्छ भन्दै निरङ्कुशताका विरोधमा उत्रेका थिए । राजनीतिक आन्दोलनसँग साहित्यलाई जोडेर निरङ्कुश पञ्चायती व्यवस्थाका विरोधमा उत्रेका भवानी घिमिरेका धेरै कविताहरूले गणतान्त्रिक चेतना बोकेका छन् । **मेरो प्रिय वस्तु नखोज्नु र मैले** भन्ने कविता उनी यसरी लेख्छन् –

*तिमी मेरा अगुवा हौ कसरी भनूँ ?*
*थाहा छ मलाई*
*तिम्रो विश्वसनीयतामा पहिरो गइसकेको छ*
*यतिबेला तिमीले बारम्बार झुक्याएको*
*कसरी नसम्झनु र मैले*
*हराएको मेरो प्रिय वस्तु*
*फेरि पनि किन नखोज्नु र मैले ?*

(**नवकविता** : पृ.४२ । )

जनआन्दोलन २०४६ वरिपरि शासकहरूका विरुद्ध धेरै कविता लेखिए । त्यतिखेरका कतिपय कवितामा त गणतान्त्रिक चेतना प्रबल रूपमा आएको देखिन्छ । प्रजातन्त्र स्थापनाका लागि लडिएको त्यस लडाईंमा राजसंस्थाप्रति नै जनताको आस्था र विश्वास भत्किइसकेको थियो । त्यतिखेरका कविताले गणतन्त्रकै माग नगरेका भए पनि गणतान्त्रिक चेतनाको विकास गर्न भने पृष्ठभूमिको काम गरे । केही कवितामा राजा र राजसंस्थाका विरुद्ध तीव्र आक्रोश पोखिएको पनि पाइन्छ । जनआन्दोलनकै समयमा राजेन्द्र सुवेदीले लेखेको **अन्तिम प्रहार गर्न बाँकी छ** भन्ने कविताको एउटा अंश यस्तो छ –

*सत्ताको बेलुन प्रदुषणयुक्त हावाले टन्न भरिएको छ*
*मुक्तियोद्धाका प्रखर तापले खारिएको छ*
*आफ्नो मुट्ठी दरिलो पार्नुहोस्*
*अब त आखिरी प्रहार गर्न मात्र बाँकी छ ।*

(**आन्दोलन कविता** : पृ.५२-५३)

राजनीतिक नेता तथा कवि मदन भण्डारीले पनि गणतान्त्रिक चेतनायुक्त केही कविताहरू लेखेका छन् । उनले राजाका विरुद्ध लेखेको एउटा कविताको हरफ यस्तो छ । जुन २०६२/६३ को आन्दोलनमा सडकमा सुनाइने कविताभन्दा पनि सशक्त छ

*ए राजा ! ल तलाई बल्ल मजाले जाने दलाहा र'छस्*
*छाती फोरी गरिबको रगतले बाँच्ने चुसाहा र'छस्*
*पैसे मित्र लगौटीयार तँसँगै तेरा भरौटे सब*
*के बाँच्लान र ! किसान हौं, बल भए लौं, उत्र सङ्घर्षमा ।*

(**वेदनाः** १११)

२०१७ सालपछिको अवस्थामा क्रान्तिकारी विचार भएका कविता लेख्नेहरूमा पुराना र नयाँ पुस्ताका पनि देखापरे । युद्धप्रसाद मिश्र, भूपि शेरचन, बैरागी काइँला, भवानी घिमिरे, विजय मल्ल, हरिभक्त कटुवाल जस्ता केही कविहरूले निरङ्कुशता विरुद्ध आवाज उठाउने प्रयास गरे ।[१९६] प्रयोगवादी कविहरूमा राजतन्त्र विरोधी चेतना प्रस्तुत हुन सकेको पाइँदैन । प्रयोगवादी कवि मोहन कोइरालाले गणतन्त्रका पक्षमा स्पष्ट रूपमा आवाज नउठाए पनि निरङ्कुशता विरुद्ध व्यङ्ग्य भने प्रस्तुत गरेका छन् । २०३० को दशकसम्म आइपुग्दा विभिन्न साहित्यिक आन्दोलनहरू तथा पत्रपत्रिकाले लोकतान्त्रिक चेतनातर्फ उन्मुख हुने वातावरणको सिर्जना गरे । २०३६ सालको आन्दोलनले पनि धेरै स्रष्टाहरूलाई विद्रोही बनायो । मोहन कोइराला, हरिभक्त कटुवाल, भवानी घिमिरे, अशेष मल्ल, कर्णाद महर्षि, किशोर पहाडी, नारायण ढकाल जस्ता पुराना र नयाँ कविहरू निरङ्कुश पञ्चायती व्यवस्थाका विरुद्ध आवाज लिएर देखापरे । पञ्चायती कालमा प्रगतिवादी विचारधारा बोकेका धेरै कविहरूले गणतान्त्रिक चेतनाको विकास गर्ने र त्यसको पृष्ठभूमि तयार गर्ने काममा ठूलो भूमिका खेले । युद्धप्रसाद मिश्र, पारिजात, मोहनविक्रम सिंह, आनन्ददेव भट्ट, दुर्गालाल श्रेष्ठ, ऋषिराम न्यौपाने, रामचन्द्र भट्टराई, मञ्जुल, कुन्ता शर्मा, विमल निभा, विक्रम सुब्बा, पूर्ण विराम, राजव, हरिगोविन्द लुइँटेल, अनिल पौडेल, वासुदेव अधिकारी, मित्रलाल पङ्गेनी, विजय सुब्बा, मीनबहादुर विष्ट, यज्ञप्रसाद प्रसाईं, हीरा आकाश, डा.जगदीशचन्द्र भण्डारी, ईश्वरचन्द्र ज्ञवाली, कृष्णसेन इच्छुक, आहूति, मातृका पोखरेल, रामविनय, हरिहर खनाल, पोषराज पौडेल, दिल सहनी लगायतका कविहरू प्रगतिवादी कविता सिर्जना क्षेत्रबाट देखापर्दछन् । २०३६ कै सेरोफेरोबाट वेञ्जु शर्मा, विष्णुविभु घिमिरे, मञ्जु काँचुली, किशोर पहाडी, जीवन आचार्य, विधान आर्चाय लगायतका कविहरू देखापर्छन् । २०४० को दशकदेखि देखापरेका भीष्म उप्रेती, प्रल्हाद

[१९६] रमेश भट्टराई, "गणतन्त्र र नेपाली कविता", **वेदना**, (वर्ष ३३, अङ्क १, पूर्णाङ्क ७३, २०६३ जेठ), पृ.२३ ।

पोखरेल, जङ्गम चौहान, ललितजङ्ग रावललगायतका कविहरूले पनि निरङ्कुशता विरुद्ध कविता लेखेको पाइन्छ ।[१९७]

२०१७ सालपछिको अवस्थामा क्रान्तिकारी विचार भएका कविता लेख्नेहरूमा पुराना र नयाँ पुस्ताका पनि नेपाली कविताका क्षेत्रमा २०५० को दशकमा गणतान्त्रिक चेतना भएका कविता लेख्नेमा नयाँ र पुराना धेरै कविहरू देखापरेको पाइन्छ । २०५२ फागुन १ बाट माओवादी जनयुद्ध सुरु भएपछि एकथरी स्रष्टाहरू जनयुद्धको पक्षमा देखापरे भने अर्काथरी स्रष्टा जनयुद्धको विरोधमा देखापरे । कतिपय त जनयुद्धको खुलेर समर्थन गर्न पनि नसक्ने र विरोध गर्न पनि नसक्ने ढुलमुले प्रवृत्ति लिएर देखापर्छन् । २०५० को दशकमा गणतान्त्रिक चेतनायुक्त कविता लेख्नेहरूमा जनयुद्ध निकट कविहरू नै बढी सक्रिय देखिन्छन् । २०५९ असोज १८ पछिका दिनहरूमा त सबै विचारधाराका कविहरूबाट गणतान्त्रिक चेतनायुक्त कविता लेखिए । २०६० देखि भने वामपन्थी र गैरवामपन्थी दुवै विचारधाराका कविहरू यस क्षेत्रमा देखापर्दछन् । २०५० को दशकमा देखापरेका कविहरू २०६० पछि भने झनै सशक्त रूपमा अगाडि आए । २०५९ असोज १८ पछिको आन्दोलनमा देखापरेका कविहरू र कविताको भूमिकाका बारेमा भने छुट्टै अध्यायमा चर्चा गरिनेछ । विमल निभा, कृष्ण सेन 'इच्छुक', ईश्वरचन्द्र ज्ञवाली, रामप्रसाद ज्ञवाली, मातृका पोखरेल, वेञ्जु शर्मा, मञ्जु काँचुली, विष्णुविभु घिमिरे, भवानी घिमिरे, वियोगी बुढाथोकी, पूर्ण विराम, अर्जुन पराजुली, मित्रलाल पङ्गेनी, विजय सुब्बा, रामविनय, कुसुम ज्ञवाली, प्रदीप ज्ञवाली, हरिगोविन्द लुइँटेल, श्यामल, गोविन्द वर्तमान, अनिल पौडेल, अशोक सुवेदी, सुकुम शर्मा, राजेन्द्र पौडेल, पीताम्बर भण्डारी, बद्री भिखारी, सुशीला प्रधानाङ्ग, श्रवण मुकारुङ, भूपाल राई, सुधा त्रिपाठी, सीता शर्मा, धनकुमारी सुनार, नर्मदेश्वरी सत्याल, अमर गिरी, राजन मुकारुङ, धर्मेन्द्र नेम्वाङ्ग, स्वप्निल स्मृति, आहूति, सरोज धिताल, मधु घिमिरे, सुलोचना मानन्धर, चन्द्रा थानी, लक्ष्मी माली, स्नेह सायमी, रमेश पोखरेल, विवश वस्ती, वासुदेव अधिकारी, कैलाशकुमार शिवाकोटी, उमेश उपाध्याय, जगदीशचन्द्र भण्डारी, विष्णु ज्ञवाली, सुषमा शर्मा, नारायण ढकाल, धीरेन्द्र प्रेमर्षी, दुर्गालाल श्रेष्ठ, मधुसूदन गिरी, प्रकाश सिल्वाल, यज्ञनिधि दाहाल, नन्दकृष्ण जोशी, भवानी थापा, आर.एम. डङ्गोल, चंकी श्रेष्ठ, लिखत पाण्डे, झमककुमारी घिमिरे, पुण्य कार्की, नरनाथ लुइँटेल, कुन्ता शर्मा, विवश पोखरेल, बलभद्र भारती, बूँद राना, नुमराज बराल, ललित बस्नेत 'भीमानी', कृष्णज्वाला देवकोटा, अर्जुन विरक्ति, रमेशजङ्ग सिजापति, देवी नेपाल, पुरुषोतम सुवेदी, विक्रम सुब्बा, राजकुमार के.सी., मोदनाथ प्रश्रित, डा. अरूणा उप्रेती, जगन्नाथ खतिवडा, रामचन्द्र भट्टराई, ऋषिराम भुसाल, वनमाली निराकार, मुरारी पराजुली, गीता पन्थ लगायतका कविहरू रहेका छन् ।[१९८] २०५८ सालको राजदरबार हत्याकाण्डपछि राजतन्त्रप्रति मोह भएका केही कविहरूमा समेत मोहभङ्ग भएको देखिन्छ । २०५९ असोज १८ मा ज्ञानेन्द्रले देउवा सरकारलाई अपदस्थ गरी प्रत्यक्ष शासन गर्न थालेपछि त गणतन्त्रको पक्षमा दह्रो रूपमा आवाज उठ्न थाल्यो । २०६१ माघ १९ भन्दा पहिलाका दिनहरूमा 'लोकतन्त्र' शब्द नै बढी प्रयोगमा आयो तर बिस्तारै लोकतान्त्रिक

---

[१९७] ऐजन, पृ.२४ ।

[१९८] ऐजन, पृ.२५-२६ ।

गणतन्त्रको आवाज चर्को बन्दै गयो । निरङ्कुशता विरुद्ध आन्दोलनरत केही दलहरूले गणतन्त्र भनेर हाक्काहाक्की भन्न नसके पनि स्रष्टाहरूले भने निरन्तर रूपमा लोकतान्त्रिक गणतन्त्रका आवाज उठाइ नै रहे ।[१९९]

तत्कालीन राजा महेन्द्रले २०१७ सालमा नेपाली काङ्ग्रेसको जननिर्वाचित सरकारलाई अपदस्थ गरी निरङ्कुश पञ्चायती व्यवस्था लागू गरेपछि जनताका प्राप्त सीमित हक-अधिकार र राजनीतिक स्वतन्त्रताको पनि अन्त्य हुन पुग्छ । यसपछि राजा महेन्द्रले जनपक्षीय लेखक-कलाकारहरूमाथि कडा नियन्त्रण र निगरानी राख्न थाले । कतिपय साहित्यकारहरू चुप लागेर बस्नुपर्ने अवस्था भयो भने कतिपय प्रवासतिर लागे । २०१७ सालपछि क्रान्तिकारी भएर देखापरेका कतिपय स्रष्टाहरूले त आत्मसमर्पणवादी नीति लिए र राजा महेन्द्रको गुणगान गाउनमै समय खर्च गरे । यस समयमा शासकवर्गको गुणगान गाउने एउटा जमात पनि देखापरेको पाइन्छ । अत्यन्तै प्रतिकूल समयमा पनि केही जनपक्षीय साहित्कारहरूले निरङ्कुश शासकवर्गका विरुद्ध लगातार आवाज उठाइ नै रहे ।

## ३.२.३.३ माओवादी जनयुद्ध र गणतान्त्रिक चेतना

ने.क.पा. माओवादीले २०५२ फागुन १ बाट सुरु भएको सशस्त्र जनयुद्धको उद्देश्य सामन्ती राज्यसंस्थाको अन्त्य गर्दै सर्वहारा वर्गको राज्यसत्ता स्थापना गर्नु रहेको थियो । जनयुद्ध नेपाली कम्युनिष्ट आन्दोलनलाई संसदीय गोलचक्करबाट मुक्त पार्न महान् ध्वंश र निर्माणको अभियान हो । परम्परागत सामन्ती मूल्य र मान्यताका स्थानमा नवीन मूल्य र मान्यताको स्थापना गर्नको लागि भएको लडाईं थियो । प्रतिक्रियावादी सत्ता र संरचनाको स्थानमा नयाँ सत्ता र संरचना, नयाँ आधार र अधिरचना निर्माण गर्ने यो एउटा राजनीतिकेन्द्रित अभियान हो । यो आमूल परिवर्तनका लागि समग्र युद्ध हो ।[२००] सामाजिक सांस्कृतिक परिवर्तनसँग पनि यो जनयुद्ध गाँसिएर आएको छ । प्रचण्डपथीय सौन्दर्यशास्त्रका आधारमा जनयुद्धसँग सम्बन्धित साहित्य-कलाको विश्लेषण गरिएको पाइन्छ । युद्धसाहित्यलाई गणतान्त्रिक चेतना र गणतान्त्रिक आन्दोलनसँग जोडेर त्यतिधेरै मूल्याङ्कन गरिएको त पाइदैन तर सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक परिवर्तनका मुद्दासँग गणतान्त्रिक चेतनाको विकासलाई पनि जोडेर हेर्नै पर्ने हुन्छ । जनयुद्ध सुरु गर्दाका विभिन्न मागहरूमध्ये राजतन्त्रको अन्त्य र गणतान्त्रिक व्यवस्थाको स्थापना पनि थियो । २००६ सालमा स्थापना भएको कम्युनिष्ट पार्टी सिद्धान्ततः नै गणतन्त्रवादी भए पनि २०१३ सालपछि केही समूह राजतन्त्रसापेक्ष बन्दै आएको पाइन्छ । यसपछि विभिन्न चिरामा देखिएका कम्युनिष्ट पार्टीहरूमध्ये केहीले राजतन्त्र स्वीकार गरेको र केहीले नगरेको पाइन्छ । माओवादी जनयुद्ध सुरु भएपछि गणतन्त्रको मुद्दा फेरि उठ्न थाल्यो । २०५८ जेठ १९ को वीरेन्द्रको वंशविनाश नै हुने गरी भएको दरबार हत्याकाण्डपछि राजतन्त्रको विधिवत् अन्त्य भएको भन्दै माओवादीले गणतन्त्रको नारालाई चर्को बनाउन थाले । २०५९ असोज १८ पछिका दिनहरूमा त संसद्वादी दलहरूले समेत

[२००] प्रचण्ड, **संस्कृति , कला र सौन्दर्य चिन्तन** , (काठमाडौं : केन्द्रीय सांस्कृतिक शाखा ,२०६१ ), पृ.७५ ।

राजतन्त्रका विरुद्ध चर्को आवाज उठाउन थालेपछि राजतन्त्र विरुद्धको लडाईं साहित्यका क्षेत्रबाट पनि व्यापक बन्न थाल्यो । राजतन्त्र सामन्ती संरचनालाई संस्थागत रूपमा टिकाइराख्ने बलियो आधार भएको हुँदा ग्रामीण क्षेत्रहरूमा सामन्ती संरचना र संस्कृतिको अन्त्य गर्दै जनपक्षीय संस्कृतिको निर्माण गर्न जनयुद्धको समयमा धेरै कामहरू अघि बढे । जनयुद्धले राजतन्त्र अडिने सामन्ती धरातल ध्वस्त पार्दै सामाजिक चेतना जागृत गर्नमा ठूलो भूमिका खेलको पाइन्छ । माओवादी जनयुद्धसँग नजोडिए पनि सहयात्री जस्तै बनेर धेरै स्रष्टाहरू साहित्यका क्षेत्रमा देखापरेका छन् । २०५८ सालसम्म वर्गीय पक्षधरतासँग जोडिएर राज्य आतङ्क, साम्राज्यवाद र सामन्तवादको विरोध गर्दै युद्धसँग सम्बन्धित साहित्य सिर्जना गर्ने क्रममा गणतान्त्रिक चेतनाले बिस्तार पाएको कुरालाई नकार्न मिल्दैन । माओवादी निकट स्रष्टाहरूले समेत प्रत्यक्ष रूपमा राजतन्त्रकै विरोधमा साहित्यलाई अघि बढाउने काम भने २०५८ को दरबार हत्याकाण्डपछि मात्र तीव्र पारेको पाइन्छ । माओवादी जनयुद्धको समयमा लेखक, साहित्यकार र सांस्कृतिक क्षेत्रका कलाकारले शहरदेखि गाउँसम्म गणतान्त्रिक चेतनाको विकासमा ठूलो भूमिका खेलेको देखिन्छ । ग्रामीण क्षेत्रमा गणतान्त्रिक चेतनाको विकास गर्नमा सांस्कृतिक क्षेत्रका कलाकर्मीहरूको प्रत्यक्ष र प्रभावकारी भूमिका रहेको देखिन्छ ।

माओवादी जनयुद्धको समग्र अवधि बर्बर दमन र प्रतिरोधको अवधि हो । समालोचक चैतन्यले जनयुद्धको समग्र अवधिलाई जनयुद्धको प्रारम्भदेखि वार्तासम्मको अवधि, सङ्कटकालको अवधि र प्रतिगमनको अवधिका रूपमा विभाजन गरेर हेर्न उर्पयुक्त हुने बताएका छन् ।[२०१] चैतन्यले विभाजन गरेका तीन अवधिमध्ये प्रतिगमनको अवधिमा सबैभन्दा बढी गणतान्त्रिक चेतनाको विकास गर्ने खालका कविता प्रकाशित भएका देखिन्छन् । यस्ता कविता २०५२ सालदेखि नै प्रकाशित हुँदै आएका भएपनि प्रतिगमनको अवधिका तुलनामा अन्य अवधिमा चेतनाको स्तर गुणात्मक र परिमाणात्मक रूपमा कम पाइन्छ । युद्धको समयमा धेरै सर्जक र कलाकारहरू युद्ध मैदानमै सहभागी बनेर युद्धका कविता लेख्दै र गीत गाउँदै हिंडे ।

माओवादी जनयुद्धका क्रममा राज्यपक्षबाट दमन र आतङ्क मच्याउने काम भयो । आतङ्ककारीका नाममा धेरै व्यक्तिहरूलाई हत्या गर्ने र ग्रामीण क्षेत्रहरूमा आतङ्कित बनाउने काम तत्कालीन सरकारले गरेको पाइन्छ । दमन र हत्याको शृङ्खलामा साहित्य, कला र संस्कृतिका फाँटमा काम गर्ने व्यक्तिहरू समेत शिकार भएको पाइन्छ । द्वन्द्वकै क्रममा २०५३ वैशाख १३ मा मस्तबहादुर विष्टले पहिलोपटक सहादत प्राप्त गर्न पुगे । यो कलाकारमाथि भएको हत्या शृङ्खलाको पहिलो घटना हो । यसपछि २०५५ असारमा अञ्जान विरहीको हत्या गरिएको थियो । काभ्रे जिल्लाको अनेकोटमा २०५५ चैत्र ५ गते एउटा घरमा बसिरहेका बेला सात जना कलाकारहरूको सामूहिक हत्या भएको थियो । अखिल नेपाल जनसांस्कृतिक मञ्चका केन्द्रीय सदस्य च्याङ्वा लामा, निर्मला देवकोटा, मञ्जु कुँवर, चिनिमाया लामा, डम्बर श्रेष्ठ, सुभद्रा सापकोटा, गुम्बसिंह तामाङ्लाई घरमै बसिरहेको बेला आगो लगाइदिए पछि घरबाट बाहिर निस्कँदा गोली

[२०१] चैतन्य, **क्रान्ति र सौन्दर्य,** (काठमाडौं : प्रगतिशील अध्ययन केन्द्र,२०६४), पृ.३२ ।

हानी हत्या गरेका थिए ।[२०२] यस समयमा सांस्कृतिक फाँटबाट अगाडि बढेका कलाकार र सांस्कृतिक अभियानमाथि कठोर दमन गर्ने र प्रतिबन्ध लगाउने काम गरेको पाइन्छ । कतिपय ठाँउमा सिर्जनात्मक क्षेत्रसँग सम्बन्धित व्यक्तिहरूलाई पक्राउ गर्ने र लामो समयसम्म जेलमै राख्ने तथा वेपत्ता पार्ने कामसमेत भएको देखिन्छ । यस समयमा अखिल नेपाल जनसांस्कृतिक सङ्घलाई पहिले अघोषित रूपमा र पछि घोषित रूपमा नै प्रतिबन्ध लगाइयो । देशका अन्य भागहरूमा क्रियाशील जलजला, जनसंगम, सिस्ने, फिक्कल, शृङ्खला, शारदा लगायत विभिन्न सांस्कृतिक परिवारका संस्कृतिकर्मीलाई र लेखक-कलाकारलाई गिरफ्तार गर्ने, वेपत्ता पार्ने, कडा यातना दिने, थुन्ने र नृशंस हत्या गर्ने काम भएका छन् ।[२०३] अछामको डुङ्गलमा नौ जना कलाकारहरूले स्टेजमा कार्यक्रम देखाइरहेको बेला दर्शकको भेषमा आएका प्रहरीहरूले अन्धाधुन्ध गोली चलाउँदा नौजना कलाकार र आठजना सर्वसाधारण सहिद भएका थिए । त्यस्तै अछामकै विनायकमा सांस्कृतिक कार्यक्रम भइरहेको समयमा हेलिकप्टरबाट बमवर्षा गरी छजना कलाकारहरूलाई मारियो । त्यस्तै रोल्पाको भवाङ्मा सांस्कृतिक प्रशिक्षण लिइरहेका समयमा लुकेर आएका सरकारी पुलिसहरूले एघारजना संस्कृतिकर्मीहरूको हत्या गरेका थिए । डोटीको मुडभराको शारदा मा.वि. मा पनि सांस्कृतिक कार्यक्रम सञ्चालन गरिरहेको समयमा मञ्च र दर्शकदीर्घामा एकाएक गोली चलेपछि सातजना कलाकार र पाँचजना सर्वसाधरणसमेत सहिद भएका थिए ।[२०४] यसबाहेक स्याङ्जा, बर्दिया, ताप्लेजुङ, मोरङ लगायतका ठाउँहरूमा पनि कलाकारहरूमाथि हत्या र दमनका शृङ्खला अगाडि बढाएको पाइन्छ । शासकहरूले कृष्ण सेन 'इच्छुक', शिव श्रेष्ठ, डी.बी. थापा, शारदा श्रेष्ठ, हर्षबहादुर शाही, रोहित कोइराला, पुण्य चौधरी, चुनु गुरुङ, जयन्ता धर्ती, तारा सुनार, मञ्जु सलामी लगायत एक सय पचासभन्दा बढी सांस्कृतिककर्मीहरूको हत्या गरिसकेका छन् ।[२०५] २०५६ वैशाखमा गिरफ्तार भई दुई वर्ष जति बन्दी जीवन बिताइसकेका कृष्ण सेनलाई पुनः २०५८ जेठमा गिरफ्तार गरियो र हिरासतमै हत्या गरियो ।[२०६] सांस्कृतिककर्मीहरूले जनयुद्धको समयमा ग्रामिण क्षेत्रसम्म पुगेर जनतालाई आफ्ना हक र अधिकारका लागि चेतना जगाउँदै हिँडेका थिए । सांस्कृतिकर्मीहरूले ग्रामीण क्षेत्रमा विकसित भइरहेको सामन्ती संरचनाका जरा काट्दै कमजोर बनाउन थालेको पाइन्छ । २०६२/६३ सालको जनआन्दोलनसम्म आउँदा सांस्कृतिककर्मीहरूले सामन्ती व्यवस्था र राजतन्त्रको विरोधमा जनतालाई जागरूक बनाउन ठूलो भूमिका खेलेका छन् । अखिल नेपाल जनसांस्कृतिक मञ्च जलजला, जनसङ्गम, सिस्ने, फिक्कल, शृङ्खला, शारदा, सामना, सांस्कृतिक बटालियन, अनेकोट स्मृति सांस्कृतिक कम्पनी, सेनच्याङ् सांस्कृतिक कम्पनी लगायतका विभिन्न सांस्कृतिक टिमहरूले गाँउदेखि शहरसम्म गणतान्त्रिक चेतनाको विकास गर्नमा भूमिका खेलेको पाइन्छ । यस समयमा गाँउदेखि केन्द्रसम्म विभिन्न सांस्कृतिक टोलीहरू गठन भएका छन् ।

---

[२०२] जनादेश (वर्ष ८, अङ्क ३१, २०५५ चैत्र), पृ.१ ।

[२०३] चैतन्य, पूर्ववत्, पृ.३३ ।

[२०४] ईश्वरचन्द्र ज्ञवाली, "प्रतिरोध दिवसको सन्दर्भ र सहिदका सपना पूरा गर्ने दायित्व", **जनादेश**, (२०६३ चैत्र), पृ.४ ।

[२०५] गणेश भण्डारी, सांस्कृतिक आन्दोलन र सांस्कृतिक प्रतिरोध दिवस विषयक कार्यक्रममा प्रस्तुत कार्यपत्र, (काठमाडौं : २०६४ चैत्र ५)

[२०६] चैतन्य, पूर्ववत्, पृ. १७६ ।

केन्द्रमा सामना परिवार क्रियाशील रहेको छ भने पूर्वदेखि पश्चिमसम्म र प्रवासमा समेत सांस्कृतिक टोलीहरू गठन भएका छन् । सामना परिवारको गठनसँगै **जलजला, अभिवादन, आँधी हुरी चल्दैछ, रातो घाम** आदि गीतिक्यासेटहरू प्रकाशित भएका छन् । प्रतिरोध परिवारले **एकै रातमा धर्ती हल्लियो** र **अब छिट्टै हाम्रो आधार क्षेत्र बन्दैछ** भन्ने गीति चक्काहरू प्रकाशित गरेको छ । त्यस्तैगरी क्षितिज परिवारको **युगको आवाज, युद्धको मैदान** र **जनताको सुनौलो राज आउँदैछ**, सेनच्याङ् परिवारको **एक्काइसौ शताब्दीको जनयुद्ध**, शैलुन परिवारको **मुक्तिका धुनहरू**, मणि थापाको **गाथा** गीतिचक्का प्रकाशित भएका छन् । त्यसैगरी विसु परिवार, चुली परिवार, सिस्ने परिवार, जलजला परिवार आदिले पनि स्थानीय स्तरमा गीतिचक्काहरू प्रकाशित गरेका छन् । पछिल्लो चरणमा सेती-महाकाली, भेरी-कर्णालीबाट पनि चक्काहरू प्रकाशित भएका छन् ।[२०७] गीत-सङ्गीतका क्षेत्रमा खुशीराम पाखिन, मणि थापा, हितमान शाक्य, माइला लामा, शिव श्रेष्ठ, चुनु गुरुङ, रोहित कोइराला, धनकाजी गुरुङ, ध्रुव ज्ञवाली, डी.बी.थापा, शारदा श्रेष्ठ, हर्षबहादुर मल्ल, विना शर्मा, जुगल किशोर रेणु, पुष्पराज चौधरी, सत्यनारायण भगत, धीरेन्द्र आदि यससँग गाँसिएर आएका छन् ।[२०८]

नेपाली कविताका क्षेत्रमा एकैपटक गणतन्त्रको आवाज गुञ्जिएको होइन । धेरै लामो समयावधिदेखि नै स्रष्टाहरूले गणतान्त्रिक चेतनायुक्त कविताहरू लेख्दै आएको पाइन्छ । सामन्यतया प्रगतिवादी धारका स्रष्टाहरूले गणतान्त्रिक चेतनालाई तीव्र रूपमा उठाउँदै आएको पाइन्छ । माओवादी जनयुद्ध सुरु भएपछि युद्धमोर्चामा खटिएर पनि कविता सिर्जनालाई निरन्तरता दिने र युद्धमोर्चामा नभएपनि जनयुद्धलाई नैतिक समर्थन गर्ने स्रष्टाहरूले गणतान्त्रिक चेतनायुक्त रचना सिर्जनामा ठूलो भूमिका खेलेका छन् । जनतन्त्र नै स्थापना गर्ने लक्ष्य र उद्देश्यका साथ अघि बढेका कवि/कलाकारहरू सिद्धान्ततः राजतन्त्रको विरोधमा टड्कारो रूपमा उत्रेको पाइन्छ । जनयुद्धसँग साङ्गठनिक रूपमा गाँसिएर कविता सिर्जना गर्ने कविहरूमा कृष्ण सेन 'इच्छुक', चुनु गुरुङ, मणि थापा, ईश्वरचन्द्र ज्ञवाली, गंगा श्रेष्ठ, लोकेन्द्र विष्ट, अनिल शर्मा, सत्य पहाडी, बलराम तिम्सिना, उषा मगर, रामप्रसाद तिम्सिना, दीपशिरण, पोषराज पौड्याल, वीरबहादुर के.सी., निभा शाह, गणेश भण्डारी, दिलिप श्रेष्ठ, राजु क्षेत्री लगायत रहेका छन् । साङ्गठनिक रूपले माओवादीसँग नगाँसिएर पनि पूर्ण विराम, दिल सहनी, राजकुमार के.सी., मातृका पोखरेल, पुण्य कार्की, विष्णु भण्डारी, मोदनाथ मरहट्ठा, चेतकान्त चापागाईं, अशोक सुवेदी लगायतका कविहरू सहयात्रीका रूपमा यस क्षेत्रमा देखापरेका छन् ।[२०९] युद्ध साहित्यसँग जोडिएर गणतान्त्रिक चेतनाको प्रत्यक्ष-अप्रत्यक्ष रूपमा विकास गर्ने केही कवि र कवितासङ्ग्रह यसप्रकार छन् – कृष्ण सेन 'इच्छुक'का **इतिहासको यस घडीमा**, (२०५५), **बन्दी र चन्द्रागिरी** (२०५७), ईश्वरचन्द्र ज्ञवालीका **हुरीका स्पन्दनहरू** (२०५६), **यसरी देश मरिरहेछ** (२०५९), **हाम्रो रातो यात्रा** (२०६३), र **आगोका शब्दबिम्ब** (२०६३), गंगा श्रेष्ठका **म प्रतिध्रुवीय यात्री** (२०५५), **जुनको देशबाट** (२०५७) र

---

[२०७] ऋषिराज बराल, " क्रान्तिकारी दश वर्ष र सौन्दर्य शास्त्रीय विकास", **नौलो बिहानी,** (वर्ष ९, अङ्क ४, २०६३ कार्तिक ), पृ.१४ ।

[२०८] ऐजन ।

[२०९] ऐजन, पृ.११ ।

**एक्काइसौं शताब्दीका प्रमिथसहरू** (२०६३), मणि थापाको **बगिरहेको सुनकोशी** (२०५८), लोकेन्द्र विष्टको **रगतको इतिहास** (२०६०) र **अग्निपरीक्षाका गीतहरू** (२०६३), गणेश भण्डारीको **आस्थाको निहारिकाबाट** (२०६२), अनिल शर्माका **मनका खाडलहरू** (२०६०) र **अग्निपक्षीका गीतहरू**, अशोक सुवेदीका **गाउँको रङ्ग फेरिएको छ** (२०६२) र **चिहानमा ठडिएको छ शालिक** (२०६२), हीरामणि दुःखीको **परिभाषा** (२०६१), विष्णु भण्डारीका **फेरी एउटा तारा खस्यो** (२०६२) र **देश जागेको बेला** (२०६२), बलराम तिम्सिनाको **युद्धभूमिका गीतहरू** (२०६३), धनेश्वर पोखेलको **विद्रोहका युग** (२०६३), निभा शाहको **इन्क्लाब** (२०६३), गंगामुक्ति पुनको **मृत्युञ्जय**, पुरन क्षेत्रीको **जलजलाको सन्देश** (२०६४), शोभा थापा 'छाल'को **कठीन सङ्घर्षको यात्री** (२०६४) आदि । यसका साथै संयुक्त कविता सङ्ग्रह **समकालीन नेपाली कविता** (२०५४) र पैतालीस जना कविका कविता सम्मिलित **विजय शब्दबिम्ब** (२०६३) जस्ता कवितासङ्ग्रहरू रहेका छन् ।[२१०] यी सङ्ग्रहमा युद्धका कविताहरू तथा २०५८ पछिका राजतन्त्रका विरुद्ध गणतान्त्रिक स्वर मुखरित गरेका कविताहरू समावेश गरिएका छन् । यी कविता सङ्गहका साथै **कलम, नयाँ संस्कृति, नौलो बिहानी, सम्बोधन, उद्बोधन, जनादेश, महिमा, जनआह्वान** लगायतका पत्रपत्रिकाहरूमा यस प्रवृतिका कविताहरू प्रकाशित छन् ।

यसरी माओवादी जनयुद्धको सुरुदेखि नै साहित्यका क्षेत्रमा प्रत्यक्ष-अप्रत्यक्ष रूपमा गणतान्त्रिक चेतना विकसित हुँदै गएको पाइन्छ । २०५९ पछि माओवादी बाहेकका अन्य धारका साहित्यकारहरू समेत गणतन्त्रको नारा लिएर सडकमै ओर्लिए र राजनीतिक आन्दोलनलाई पनि पछाडि पार्दै स्रष्टाहरू आन्दोलनमा उत्रिए । त्यस्तो अवस्था सिर्जना गर्नमा माओवादी निकट स्रष्टाहरूको ठूलो भूमिका रहेको पाइन्छ ।

माओवादी जनयुद्धको विधिवत् अन्त्य भएको घोषणा २०६३ मङ्सिर ५ गते सरकार र माओवादीबीच विस्तृत शान्ति सम्झौतापछि भएको हो । समालोचक चैतन्यले जनयुद्धकालीन साहित्यलाई प्रारम्भदेखि वार्तसम्मको अवधि, कथित सङ्कटकालको अवधि र प्रतिगमनको अवधिका रूपमा विभाजन गरेर हेर्न उपर्युक्त हुने बताएका छन् । राजनीतिक रूपमा हेर्दा माओवादी जनयुद्धको अवधि र खुला राजनीतिमा प्रवेश गरेपछिको अवधिमा रूपमा पनि हेर्न सकिन्छ । विभिन्न राजनीतिक घटनाक्रम तथा आरोह-अवरोहहरूले जनयुद्ध निकट स्रष्टाहरूको लेखनमा पनि ठूलो पभाव पारेको छ । माओवादी निकट स्रष्टाहरूमा पार्टी प्रतिबद्धता बढी हुने हुँदा माओवादीले तय गरेको राजनीतिक दिशाले स्रष्टाहरूमा पनि ठूलो प्रभाव पारेको छ । प्रतिगमनको अवधि र जनआन्दोलनपछिको अवधिमा निरङ्कुश राजतन्त्रको विरोधमा धेरै स्रष्टाहरू केन्द्रित भए । युद्धकै बीचबाट लेखिएको साहित्यमा गणतान्त्रिक चेतना के कस्तो देखियो भन्ने बारेमा छुट्टै अध्ययनको विषय बन्न सक्छ तर यहाँ त सामान्य चर्चा मात्र गरिएको छ ।

माओवादी निकट साहित्यकार र कलाकारहरू सामन्ती संरचनाको बलियो स्तम्भ राजतन्त्रलाई पल्टाउँदै सामन्ती संस्कृतिको उच्छेद गर्ने दिशामा त २०५२ सालदेखि नै लागेका थिए तर शान्ति प्रक्रियामा आएपछि गणतन्त्रको अन्त्य प्रमुख विषय बन्न पुगेको छ । साहित्यकारहरूले

[२१०] ऐजन, पृ.११ ।

विभिन्न गोष्ठी र कार्यक्रम बाहेक विशेष अभियान नै सञ्चालन गरेको त पाइँदैन तर सांस्कृतिक क्षेत्रका कलाकारहरूले भने गाउँदेखि सहरसम्म राजतन्त्र विरोधी चेतना जगाउने आन्दोलन नै लिएर अगाडि बढेको पाइन्छ । सांस्कृतिक क्षेत्रमा गठन गरिएका विभिन्न सांस्कृतिक परिवारहरूले नयाँ परिस्थितिमा नयाँ किसिमका गीत तथा नृत्यहरूमार्फत् अभियान अगाडि बढाएको पाइन्छ । राष्ट्रिय जनसांस्कृतिक महासङ्घले गाउँदेखि सहरसम्म नै विभिन्न सांस्कृतिक कार्यक्रमहरू सञ्चालन गरेको पाइन्छ । जनयुद्ध लड्दै र विभिन्न ठाउँमा सांस्कृतिक कार्यक्रमहरू प्रस्तुत गर्दै आएका माओवादी कलाकाराहरूले नयाँ परिस्थितिमा कसरी सांस्कृतिक अभियान अगाडि बढाउने भनेर २०६३ मङ्सिर-पुसतिर देशभरि नै प्रशिक्षण कार्यक्रम सञ्चालन गरेको देखिन्छ । सामना सांस्कृतिक बटालियनले आफ्ना पाँच सयभन्दा बढी कलाकारलाई विधागत प्रशिक्षण दिएर गणतन्त्रको प्राप्तिका लागि सांस्कृतिक मोर्चामा आफूलाई तयारी गरेको देखिन्छ । अन्य सांस्कृतिक मोर्चाका कलाकारहरूले पनि प्रशिक्षण लिएका थिए ।[२११]जनयुद्धको समयमा ग्रामीण क्षेत्रमा केन्द्रित कलाकारहरू खुला राजनीतिक जीवनमा आइसकेपछि सहरी क्षेत्रमा पनि कार्यक्रमहरू सुरु गरेका थिए । २०६३ असोज ३० गते पछि काठमाडौंमा भ्याली गणतान्त्रिक अभियान सुरु भएको थियो । देशका अन्य सहर र गाउँमा पनि यस किमिसका अभियानहरू सञ्चालन भएका थिए ।[२१२] अखिल नेपाल जनसांस्कृतिक सङ्घ अन्तर्गतका सांस्कृतिक परिवारहरू जलजला, जनसङ्गम, सिस्ने, फिक्कल, श्रृङ्खला, शारदा क्षितिज, गण्डकी, प्रतिरोध, राप्ती, सेनच्याङ, काठमाडौं, शैलुङ, जनकपुरलगायतका विभिन्न सांस्कृतिक परिवारहरूले गाउँदेखि सहरसम्म गणतान्त्रिक सांस्कृतिक अभियान लिएर हिडेको देखिन्छ ।

विभिन्न सांस्कृतिक परिवारले प्रकाशन गरेका गीति क्यासटेहरू पनि पाइन्छन् । गणतान्त्रिक चेतनासँग राजतन्त्र विरुद्धका गीतहरू ती क्यासेटमा पाइन्छन् । त्यस्ता केही गीति एल्बमहरूमा **जनविद्रोह, परिवर्तित युगसँगै, आस्थाका स्वरहरू, जनमुक्ति यात्रा, सांस्कृतिक क्रान्तिका यात्रीहरू, रक्त क्रान्तिका गीतहरू, राता मान्छेहरू, गर्जन, मार्क्सवाद पुरानो छैन, रातो घाम, जनताको सुनौलो राज आउँदैछ लगायत रहेका छन् ।**

ऋषिराज बराल, ईश्वरचन्द्र ज्ञवाली, पूण विराम बलाराम तिम्सिना, दील साहनी , गणेश भण्डारी, हिरामणि दुःखी, गङ्गा श्रेष्ठ, निभा शाह, लोकेन्द्र विष्ट, अनील शर्मा, अशोक सुवेदी, पुण्य गौतम 'विश्वास'लगायतका धेरै माओवादी निकट स्रष्टाहरू गणतान्त्रिक सिर्जनायात्रामा देखापरेका छन् ।

## ३.३ निष्कर्ष

नेपालको साहित्यिक इतिहासलाई हेर्दा २०५९ पछि करिब ५ वर्ष लामो समय साहित्यकारहरूले राजतन्त्र विरुद्धको आन्दोलनमा बिताए । यस अवधिमा अधिकांश सात्यिकारहरू राजतन्त्र विरुद्धको आन्दोलनमा सहभागी भई गणतान्त्रिक चेतनायुक्त रचना सिर्जनामा केन्द्रित

---

[२११] सूर्यकिरण शर्मा, "सिक्दै सिकाउँदै जनकलाकारहरू" जनादेश

[२१२] सङ्गीता खड्का , "भ्याली गणतान्त्रिक अभियान", जनादेश

भए । कला साहित्यका अन्य विधाको तुलनामा काव्य क्षेत्रमा आन्दोलनको प्रभाव सबैभन्दा बढी परेको देखिन्छ । निरङ्कुश राजतन्त्रका विरोधमा २०६० को दशकमा आएपछि चर्को गरी सङ्गठित आवाज उठ्न थालेको भए पनि गणतान्त्रिक साहित्य यात्राको लामो इतिहास रहेको छ । कृष्णलाल अधिकारीदेखि कृष्ण सेन 'इच्छुक' सम्मका धेरै साहित्यकारहरू शासकवर्गका विरोधमा आवाज उठाउन खोज्दा शिकार बने । अरू धेरै स्रष्टाहरूले जेलजीवन बिताउनु पर्‍यो भने कतिपय त प्रवासमा जान बाध्य भए ।

धरणीधर कोइराला, लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, गोपालप्रसाद रिमाल, युद्धप्रसाद मिश्र, गोकुल जोशी, भूपि शेरचन, केवलपुरे किसान लगायतका पुराना र अग्रज साहित्यकारहरूबाट नेपाली साहित्यमा गणतान्त्रिक चेतनाको विकास हुन थालेको पाइन्छ । प्रगतिशील लेखक सङ्घले गणतान्त्रिक चेतनाको विकास गर्नमा सङ्गठित रूपले अगाडि बढाउने काम गर्‍यो । पञ्चायतीकालमा भएका आयामेली आन्दोलन, राल्फा आन्दोलन, याङ्ग राइटर्स फ्रन्स, बुटपालिस आन्दोलन, तरलतावाद, भोककविता आन्दोलन जस्ता आन्दोलन निरङ्कुश शासकहरूको आन्यायी व्यवस्था विरुद्धको छटपटिकै कारण भएका थिए । २०३६ र २०४६ सालमा त स्रष्टाहरू राजनीतिक परिवर्तनको नारा लिएर सडकमा नै आएका थिए । यी आन्दोलनहरू पञ्चायती व्यवस्थाको अन्त्य गरी प्रजातन्त्र स्थापना गर्ने उद्देश्यका साथ अघि बढेका थिए ।

२०१७ सालदेखि २०४६ सालसम्मको अवधिमा धेरै स्रष्टाहरूले जेलजीवन बिताए भने कतिपय भूमिगत भए र प्रवासमा बस्न बाध्य भए । २०५२ सालमा माओवादी जनयुद्ध सुरु भएपछि माओवादीको आरोपमा कृष्ण सेन जस्ता धेरै स्रष्टाहरू मारिए भने कतिपय बाध्य भएर भूमिगत बने । २०५९ असोज १८ मा तत्कालीन राजा ज्ञानेन्द्रले शासन हातमा लिएपछि त सबै विचारका स्रष्टाहरूमाथि कडा नियन्त्रण र निगरानी राख्ने, खानतलासी लिने, गिरफ्तार गर्ने र वेपत्ता बनाउनेसम्मका कामहरू भए । २०५९ सालसम्म स्रष्टाहरू सङ्गठित रूपमै राजतन्त्रको विरोध गरेर गणतन्त्रको आवाज चर्को रूपमा नउठाए पनि गणतान्त्रिक चेतनाको विकास भने भएको पाइन्छ । २०६० देखि गणतन्त्रको लागि दर्जनौं स्रष्टाहरू सडकमै उत्रनुभन्दा पहिला त्यो अवस्था सिर्जना गर्नमा लामो पृष्ठभूमि रहेको पाइन्छ । २०६० भन्दा पहिले जे-जस्ता शासकवर्ग विरोधी र विद्रोही चेतना देखिए ती गणतान्त्रिक साहित्यिक आन्दोलनका पृष्ठभूमिका रूपमा रहेका छन् । राजनीतिक क्षेत्रमा आएको परिवर्तन र आन्दोलनले साहित्यका क्षेत्रमा पनि प्रभाव पारेको छ । २०३६, २०४६ र २०६२/०६३ को स्रष्टा आन्दोलन पनि राजनीतिसँगै जोडिएर आएको देखिन्छ ।

# चौंथो परिच्छेद

## गणतान्त्रिक आन्दोलनमा साहित्यिक पत्रपत्रिकाहरूको योगदान

जनआन्दोलन-२ लाई सफल पार्न समाचारमूलक र साहित्यिक पत्रपत्रिकाको अत्यन्तै ठूलो भूमिका रहेको छ । २०५९ असोज १८ र २०६१ माघ १९ पछिका दिनहरूमा निरङ्कुशताको समर्थन नगर्ने पत्रपत्रिकाहरूले अत्यन्तै कठीन अवस्था भोग्नुपर्‍यो । निरङ्कुश शासकहरूको कडा प्रतिबन्धका बाबजुद पनि निरन्तर प्रकाशित पत्रपत्रिका तथा निडरताका साथ जनताका पक्षमा कलम चलाईरहने पत्रकार र स्तम्भकारले आन्दोलनमा ऊर्जा थप्ने काम गरे । राजनीतिक दलहरू थकित र गलित भएर आन्दोलनलाई कछुवा गतिमा अघि बढाइरहेको बेलामा पनि पत्रपत्रिकाहरूले सधैं झक्झकाउने काम गरे । आन्दोलनका पक्षमा समाचार र लेखरचना प्रकाशन गरेको कारण दर्जनौं पत्रकार, लेखक तथा साहित्यकारहरूले गिरफ्तारी र जेलजीवन भोग्नु पर्‍यो । प्रशासनले सञ्चारगृहहरूमा पनि छापा पार्ने र धम्की दिने काम गरेर आतङ्कको कालो छायाँ बिच्छ्याइरह्यो । निरङ्कुश शासकहरूको विरोधमा आवाज उठाइरहने पत्रपत्रिकाहरूले जनतालाई मात्र नभएर राजनीतिक दल र तिनका कार्यकर्ताहरूलाई समेत सधैं आन्दोलनमा होमिन उत्प्रेरणा प्रदान गरिरहे ।

साहित्यिक पत्रपत्रिकाहरूले २०५९ सालदेखि नै गणतान्त्रिक चेतनामूलक लेखरचनाहरूलाई ठूलो स्थान दिएर नेपाली साहित्यलाई नै गणतन्त्रमय बनाए । आन्दोलन आँधीमय गतिमा अगाडि बढिरहेको बेला गणतान्त्रिक सिर्जनायात्रामा धैरै पत्रपत्रिकाहरू समावेश भए । लोकतान्त्रिक/गणतान्त्रिक विशेषाङ्ककै रूपमासमेत धैरै पत्रपत्रिकाहरू प्रकाशित भएको पाइन्छ । देशभरका पत्रपत्रिकाहरूले गणतान्त्रिक सिर्जनायात्रामा पुर्‍याएको योगदानको बारेमा एउटा छुट्टै अध्ययनको विषय बन्न सक्छ तर यहाँ गणतान्त्रिक लेखरचना मात्र समावेश गरेर विशेषाङ्कको रूपमा प्रकाशन गरिएका पत्रिका तथा सङ्ग्रहको मात्र सामान्य जानकारी प्रस्तुत गर्न खोजिएको छ । कतिपय साहित्यिक तथा समाचारमूलक पत्रपत्रिकाले समेत निरन्तर रूपमा गणतान्त्रिक लेखरचना प्रकाशन गरेर पनि विशेषाङ्क प्रकाशित गरेनन् । त्यस्ता पत्रपत्रिकाको योगदानलाई उच्च मूल्याङ्कन गर्नैपर्ने हुन्छ तर अनुसन्धाताको पहुँच सबै क्षेत्रमा पुग्न नसकेको हुनाले न्याय दिन नसकेको भए प्रकाशक, सम्पादक तथा स्रष्टाहरूप्रति विनम्रतापूर्वक क्षमा माग्नै पर्ने हुन्छ । गणतान्त्रिक/ लोकतान्त्रिक कविता (मुक्तक, गीत, गजल, हाइकूसमेत) भनेर प्रकाशन गरिएका एकल तथा संयुक्त कृतिलाई समेत समावेश गरिएको छ । राजतन्त्रको विरुद्धमा र आन्दोलनसँग प्रत्यक्षरूपमा विषयवस्तु जोडिएर आएका कृतिहरूको चर्चा गरिएको छ । आन्दोलन र गणतन्त्रलाई विषयवस्तु बनाएका धैरै रचना हुँदाहुँदै पनि अन्य विषयलाई पनि छोएर लेखिएका रचना समावेश भएका स्तरीय सङ्ग्रहहरूलाई समेत समावेश गरिएको छैन । सङ्ख्यात्मक र गुणात्मक रूपले समेत उच्च मूल्य बोकेका त्यस्ता केही सङ्ग्रहको नामबाहेक चर्चा गरिएको छैन । यसो गर्दा छायामा पार्न खोजिएको वा अन्याय गरेको नठान्न विनम्रतापूर्वक अनुरोध गर्नैपर्ने हुन्छ । प्राप्त भएसम्मका

देशभरिका विशेषाङ्कको संक्षिप्त जानकारी प्रस्तुत गर्ने जमर्को गरिएको छ । यो अध्ययन पूर्ण नभएर थप अनुसन्धानका लागि खनेको गोरेटो मात्र हो । प्रस्तुत छ केही पत्रपत्रिका र तीसँग जोडिएका सर्जकहरूको जानकारी -

## ४.१ संस्कृति

राष्ट्रिय जनसांस्कृतिक मञ्च नेपालले मुखपत्रको रूपमा प्रकाशन गर्दै आएको **संस्कृति** पत्रिकाको २०६० असोज अङ्क गणतान्त्रिक कविता विशेषाङ्कका रूपमा प्रकाशन भएको छ । २०५९ असोज १८ को राजाको प्रतिगामी कदमपछि प्रकाशन भएको यस सङ्ग्रहका कविताहरूले २०६१ माघ १९ को घटनाभन्दा पहिला नै स्रष्टाहरू राजतन्त्रको विरोधमा कसरी कविता लेख्न थालिसकेका थिए भन्ने कुरा देखाउँछन् । यस सङ्ग्रहका कविताहरू गणतान्त्रिक चेतनायुक्त रहेका छन् । यसका अधिकांश कविताहरू प्रतिगमनका विरुद्ध स्रष्टाहरू सडकमा उत्रिएको समयमा सुनाइएका थिए ।

**संस्कृति**को यस अङ्कमा ६२ वटा कविता, गीत र गजल रहेका छन् । यसमा ५२ जना निम्न कविहरूका एक-एकवटा कविता रहेका छन्-अनिल पौडेल, अमर गिरी, अर्जुन पराजुली, अर्जुन विरक्ति, आत्माराम शर्मा, आहूति, ईश्वरचन्द्र ज्ञवाली, उत्तम नेपाली, उदय श्रेष्ठ, ऋषिराम न्यौपाने, कुसुम ज्ञवाली, खगेन्द्र राई, खेम नेपाली, गण्डकीपुत्र, गोपालकुमार मैनाली, जगन्नाथ खतिवडा, जयन्ती स्पन्दन, दाहाल यज्ञनिधि, देवी नेपाल, धनकुमारी सुनुवार, नर्मदेश्वरी सत्याल, नुमराज बराल, पुन्य गौतम 'विश्वास', पूर्णविराम, बाबुराम विश्वकर्मा, डा.बेञ्जु शर्मा, मातृका पोखरेल, मित्रलाल पङ्गेनी, मोतिराम बम, मोदनाथ प्रश्रित, रमेश पोखरेल, रमेश श्रेष्ठ, रामचन्द्र भट्टराई, रामप्रसाद मिश्र, रामप्रसाद ज्ञवाली , रामविनय, लक्ष्मण गाम्गाने, वासुदेव अधिकारी, विदुर चालिसे, विवश वस्ती, विश्वप्रकाश शर्मा , विष्णु रिमाल, शकुन्तला जोशी, शार्दूल भट्टराई, शीतविन्दु, स्वागत नेपाल, सञ्जय थापा, डा. सरोज धिताल, सीताराम नेपाल, सुधा त्रिपाठी, सुरेश रानाभाट र हरिगोविन्द लुइँटेल ।

यस्तैगरी ६ जनाका गीतहरू रहेका छन् । जसमा जगत प्रेक्षित , जगन्नाथ खतिवडा, जङ्ग पहाडी, जी शर्मा, जीवन शर्मा, लक्ष्मण रायमाझी र होम नेपाली/रश्मी आचार्यका रहेका छन् । त्यस्तै अधिकारी राजुश्री, धीरेन्द्र प्रेमर्षि, प्रतिरोध कार्की र विजय सुब्बा (२) का गजलहरू रहेका छन् । तत्कालीन प्रलेसका अध्यक्ष आनन्ददेव भट्टसँगको अन्तर्वार्ता र जीवेन्द्रदेव गिरीको प्रतिगमन विरोधी आन्दोलनको बारेमा जानकारीमूलक लेखसमेत रहेको छ ।

गणतान्त्रिक चेतनायुक्त यी कविताहरूले त्यस समयलाई प्रतिबिम्बित गरेका छन् । यस सङ्ग्रहको सम्पादन बासुदेव. अधिकारीले गरेका छन् भने विवश वस्ती अतिथि सम्पादक रहेका छन् । प्रबन्ध सम्पादकमा लक्ष्मण रायमाझी रहेका छन् । त्यस्तै संरक्षणमा जे.बी. टुहुरे छन् । यो १२४ पृष्ठको आयाममा फैलिएको छ ।

## ४.२ नागार्जुन

नागार्जुन साहित्य प्रतिष्ठान, काठमाडौंले त्रैमासिक रूपमा प्रकाशन गर्दै आएको **नागार्जुन** पत्रिकाको २०६२ कात्तिक-पुस अङ्क लोकतान्त्रिक साहित्य विशेषका रूपमा प्रकाशित गरेको छ । २०५८ सालपछि त्रैमासिक रूपमा प्रकाशित भएको यस पत्रिकाले गणतान्त्रिक चेतनायुक्त रचनाहरू प्रकाशन गर्दै आइरहेको भए पनि पूर्णाङ्क १३ लाई विशेषाङ्कै रूपमा प्रकाशित गरेको छ । यस अङ्कमा रहेका ४८ वटा कविताहरूमध्ये ४२ वटा मुक्त छन्दमा र ६ वटा शास्त्रीय छन्दमा रचना गरिएका छन् । यसबाहेक तीनवटा गजल, हाइकू र मुक्तक एक-एकवटा, निबन्ध चारवटा, विचारमूलक लेख एउटा, लघुकथा एउटा, दुईवटा अन्तर्वार्ता र समाचारमूलक गतिविधिहरूसमेत समावेश गरिएको छ ।

निरङ्कुशताका विरुद्ध सडक तात्न थालिसकेको र स्रष्टाहरूले समेत आन्दोलन अघि बढाइरहेको समयमा प्रकाशित भएको यस पत्रिकाका कविताहरूले गणतान्त्रको आवाज उठाएका छन् । हरेक महिनाको पहिलो शनिबार "मुक्तिका लागि कविताको प्रयत्न'को उद्घोषसहित **शुभप्रभात काव्य गोष्ठी**समेत सञ्चालन गरेको नागार्जुन साहित्य प्रतिष्ठानले गणतान्त्रिक आन्दोलन अघि बढाउन विभिन्न कार्यक्रम गरेको पाइन्छ । यस अङ्कमा निम्न कविहरूका कविता समावेश गरिएका छन्- स्व.कृष्णसेन 'इच्छुक', विश्व सिग्देल, आहूति, कुसुम ज्ञवाली, सुशीला प्रधानाङ्ग, झमक घिमिरे, मातृका पोखरेल, दील पौडेल, पुण्यप्रसाद खरेल, केशवराज सिलवाल, आनन्दराम पौडेल, यज्ञराज प्रसाईं, रमेश शुभेच्छु लुइँटेल, घनश्याम शर्मा, स्व. स्वप्नील स्मृति, प्रेम सिलवाल, लीला उदासी, भवानी क्षेत्री, मोहन दुवाल, डी. कौडिन्य, बलभद्र भारती, कृष्ण धरावासी, माधव निर्दोष, अभिनव शर्मा, लक्ष्मी माली, डा. जगदीशचन्द्र भण्डारी, स्नेह सायमी, अर्जुन पराजुली, रामप्रसाद ज्ञवाली, विक्रम सुब्बा, राम विनय, वासुदेव अधिकारी, विनोदविक्रम के.सी., यम बास्तोला, मनोज न्यौपाने, प्रदीप ज्ञवाली, लिखत पाण्डे, शिवहरि पाण्डे, विवश वस्ती, आर.एम. डङ्गोल, पुण्य कार्की, रोज राई, यादव थपलिया, शुशिला शर्मा, गौरी दाहाल र श्यामकृष्ण खुसिमली । यसैगरी शेषयात्री, कृष्ण न्यौपाने, 'कुसुम' र माधव निर्दोषका गजल रहेका छन् भने चेतनाथ धमला र यशोदा अधिकारीका गजल र मुक्तक रहेका छन् ।

कपिल लामिछानेको लघुकथा, रुद्र खरेलको निबन्ध, निनु चापागाईंको तत्कालीन अवस्थामा स्रष्टाले खेल्नुपर्ने भूमिकाको बारेमा विचारमूलक लेख तथा बैरागी काइँला र आनन्देव भट्टको आन्दोलनको बारेमा दृष्टिकोण प्रस्तुत गरेको अन्तर्वार्ता रहेका छन् ।

नागार्जुन साहित्य प्रतिषठानले प्रकाशन गरेको यस पत्रिकाको सम्पादक प्रकाश सिलवाल छन् भने कार्यकारी सम्पादकमा यादव थपलिया रहेका छन् । त्यस्तै अतिथि सम्पादकमा मातृका पोखरेल, प्रबन्ध सम्पादकमा सुशीला शर्मा र सम्पादन सहयोगीमा रोजन राई, माधव निर्दोष, केशरी अमगाई, गौरी दाहाल, शिवहरि पाण्डे, श्यामकृष्ण खुलिमुली रहेका छन् । सल्लाहकारमा शारदारमण नेपाल, हरिगोविन्द लुइँटेल, रामप्रसाद ज्ञवाली, दाहाल यज्ञनिधि र कपिल लामिछाने छन् । यस पत्रिकाको आयाम ८६ पृष्ठको रहेको छ ।

## ४.३ लोकतन्त्रको शङ्खनाद

**लोकतन्त्रको शङ्खनाद** नागरिक जागरण अभियान, रूपन्देहीले २०६२ सालमा प्रकाशन गरेको कविता सङ्ग्रह हो । लोकतन्त्रका लागि आन्दोलन चलिरहेको समयमा प्रकाशित यस सङ्ग्रहमा कविहरू रामचन्द्र भट्टराई, दिल साहनी, बुँद राना, वनमाली निराकार, ऋषिराम भुसाल र मुरारी पराजुलीका पाँच-पाँचवटा कविताहरू समावेश गरिएको छ । यो कविता सङ्ग्रह निरङ्कुशताको आगो दनदनी बलिरहेको बेला मृत्युसँग पौँठेजोरी खेल्दै हिम्मतका साथ प्रकाशन गरिएको कविता सङ्ग्रह हो । बन्दुकसँग पौँठेजोरी खेल्दै कविता सिर्जना गर्नुपर्ने र सुनाउनुपर्ने सङ्गीन घडीमा रचना गरिएका कविताहरू यसमा रहेका छन् । **लोकतन्त्रको शङ्खनाद**मा सङ्कलन गरिएका कविताले सामन्तवाद र राजतन्त्रका छातीमा ड्याम्ड्याम्ती हिर्काउँदै गणतान्त्रिक नेपालको स्थापना हुनुपर्ने आवाज उठाएका छन् ।  यस सङ्ग्रहकै प्रकाशकीयमा भनेझैं कविताहरू जनताको जित, हित र मुक्त भविष्यप्रति आस्थावान् र समर्पित छन् ।

यस सङ्ग्रहभित्र रामचन्द्र भट्टराईका ५ वटा कविता बाहेक अरू सबै मुक्त छन्दमा रहेका छन् । ३० वटा रचनाहरूमध्ये बुँद रानाका दुईवटा गजल छन् भने बाँकी सबै कविताहरू नै हुन् । आन्दोलनको समयमा रूपन्देहीलगायत विभिन्न ठाउँमा वाचन गरिएका कविताहरू यसमा रहेका छन् । ६३ पृष्ठमा रहेको यस सङ्ग्रहको सम्पादन ऋषिराम भुसाल र मुरारी पराजुलीले गरेका छन् । देशमा लोकतान्त्रिक गणतन्त्रको स्थापना हुनुपर्ने र निरङ्कुश राजतन्त्रको अन्त्य हुनुपर्ने वैचारिक भावना भएका कविताहरू यसमा सङ्कलित छन् ।

## ४.४ असहमतिका स्वरहरू

**असहमतिका स्वरहरू** निरङ्कुशता विरुद्ध ललितपुरका स्रष्टाहरूले चलाएको आन्दोलनका कविताहरूलाई सङ्कलन गरेर प्रकाशन गरिएको हो । २०६२ मङ्सिर १८ गते ललितपुरको लेलेको खुला प्राकृतिक वातावरणमा 'समसामयिकताका सन्दर्भमा आजका कविता-ललितपुर विशेष' भन्ने कार्यक्रम नेपाली कविता डट कम, अमरकान्ति सेकेन्डरी इङ्गलिस स्कुल र बज्रबराही साहित्य समूहले आयोजना गरेका थिए । त्यस कार्यक्रममा भाग लिएका ललितपुरका छानिएका कविहरू र उपस्थित अतिथिहरूले सुनाएका कविताहरूलाई सङ्कलन गरी **असहमतिका स्वरहरू** प्रकाशन गरिएको पाइन्छ । त्यस समयलाई सम्बोधन गर्ने गणतान्त्रिक चेतनायुक्त रचनाहरू यसमा समावेश गरिएको छ ।

**असहमतिका स्वरहरू**मा कविताहरू मात्र समावेश गरिएको छ । यसमा २९ जना स्रष्टाका ३६ वटा कविताहरू छन् । यसमा निम्न कविहरूका रचना सङ्कलित छन्- नर्मदेश्वरी प्रधान (२), सुधिर ख्वबी (२), डा. आनन्दराज जोशी, शाक्य सुरेन (३), डा. सुन्दरकृष्ण जोशी (२), दिव्य गिरी (२), केशवराज सिलवाल (२), श्यामकृष्ण बोहरा, खगेन्द्र सङ्ग्रौला, विमल निभा, विक्रम सुब्बा, पुरुषोत्तम सुवेदी, श्यामल, नरेश शाक्य , नारायण ढकाल, दाहाल यज्ञनिधि, गोविन्द वर्तमान, डा. जङ्गव चौहान, पदम गौतम, चंकी श्रेष्ठ, मणि लोहनी, पुण्य मुनंकर्मी, रामगोपाल आशुतोष, अमोध काफ्ले, शीला सुनार, सुनिला सिलवाल, असिम भुजेल, शर्मिला श्रेष्ठ र कल्पना थापा ।

यस सङ्ग्रहमा भएका सबै कविताहरूले तत्कालीन राजनीतिक सन्दर्भलाई उतार्दै गणतान्त्रिक चेतना फैलाउने काम गरेको पाइन्छ । सबै कविताहरू मुक्त छन्दमा रचना गरिएका छन् । यसको सम्पादक केशवराज सिलवाल रहेका छन् भने नेपाली कविता डटकम र अमरकान्ति सेकेन्डरी इङ्गलिस स्कुलले प्रकाशन गरेका छन् । २०६२ माघमा प्रकाशन गरिएको यो सङ्ग्रह ४८ पृष्ठको रहेको छ ।

## ४.५. लोकतान्त्रिक कविता

जनआन्दोलनका आँधीमय १९ दिनका बीचमा रूपन्देहीका कविहरूको सक्रियतामा प्रकाशित भएको **लोकतान्त्रिक कविता** भन्ने लघु पत्रिका राजतन्त्रका विरुद्ध कडा हतियार बनेर आएको छ । २०६३ वैशाख ११ गते पहिलो अङ्क प्रकाशित भएको थियो । त्यसपछिका ५ अङ्क क्रमशः वैशाख १२, वैशाख १८, जेठ १०, २०६४ वैशाख १२ र वैशाख १८ मा प्रकाशित भएका थिए ।

**लोकतान्त्रिक कविता**को पहिलो अङ्कको प्रकाशन २०६२ वैशाख ११ गते भएको थियो । आन्दोलन अत्यन्तै उत्कर्षमा पुगेको बेला प्रकाशित भएको यस पत्रिकाको पहिलोदेखि चौंथो अङ्कको सम्पादक मण्डलमा लेखनाथ ज्ञवाली, दील साहनी र दीपक वि.क. रहेका छन् । यसमा ऋतुराज, दील साहनी, लेखनाथ ज्ञवाली, सुमेरु, दीपक वि.क. धर्मराज थापा, प्रदीप प्रधान र विवेक परिश्रमीका कविता रहेका छन् ।

**लोकतान्त्रिक कविता**को दोस्रो अङ्क वैशाख १४ गते प्रकाशित भएको थियो । यसमा लेखनाथ ज्ञवाली, धर्मराज थापा, ऋतुराज, ओमकारनाथ ज्ञवाली, चतुर्भुज आत्रेय, शोभाखर भण्डारी 'आकाश', अर्जुन ज्ञवाली, दील साहनी, मुरारी पुराजुली र दीपक वि.क. का कविता रहेका छन् ।

**लोकतान्त्रिक कविता**को तेस्रो अङ्कमा ऋतुराज, दुर्गाप्रसाद अधिकारी, उत्तरकुमार पराजुली, कुशलता न्यौपाने, दुर्गा पौडेल, दील साहनी, हिरण्यलाल ज्ञवाली, ध्रुव पन्थी, दीपक विश्वकर्मा, खेमराज आत्रेय र सुवास रिजाल गरी ११ जनाका एक-एकवटा कविता रहेका छन् ।

चौंथो अङ्कमा दील साहनी, अर्जुन ज्ञवाली, लेखनाथ ज्ञवाली, सन्त खरेल, वसन्त पोखरेल, मुरारी पराजुली, दीपक वि.क., हिरण्यलाल ज्ञवाली, ओमकारनाथ ज्ञवाली , खेमराज आत्रेय, पं. बाबुराम भट्टराई र ज्ञानु के.सी. गरी १२ जनाका कविता छन् भने गंगा 'अभिलासी'को गजल रहेको छ ।

पाँचौ अङ्कको सम्पादन लेखनाथ ज्ञवाली, दिल साहनी, बसन्त पोखरेल, दीपक विश्वकर्मा, खेमराज आत्रेय र मुरारी पराजुलीले गरेका छन् । यसमा बसन्त पोखरेल दिल साहनी, हिरण्यलाल ज्ञवाली, शान्तराम गिरी, मुरारी पराजुली, दीपक विश्वकर्मा, लेखनाथ ज्ञवाली, दुर्गा पौडेल र चतुर्भुज आत्रेयका कविता रहेका छन् ।

**गणतान्त्रिक कविता**को छैटौं अङ्कको सम्पादक मण्डलमा लेखनाथ ज्ञवाली, दील साहनी दीपक विश्वकर्मा, बसन्त पोखरेल, गुरुदत्त ज्ञवाली, खेमराज आत्रेय, मुरारी पराजुली, दुर्गा पौडेल र शान्तराम गिरी रहेका छन् । दील साहनी, लेखनाथ ज्ञवाली, वसन्त पोखरेल, गुरुदत्त ज्ञवाली, दुर्गा पौडेल, मुरारी पराजुली, माणिकलाल श्रेष्ठ, खेमराज आत्रेय र ओमकारनाथ ज्ञवालीका एक-एकवटा कविता रहेका छन् ।

जनआन्दोलन उत्कर्षमा बढिरहेको बेला प्रकाशन भएको यस पत्रिकामा जनआन्दोलन सफल भएपछि पनि गणतन्त्र स्थापनाका लागि खबरदारी गर्दै बेला-बेलामा प्रकाशित भएको पाइन्छ । २०६४ वैशाख १२ मा प्रकाशित पाँचौं अङ्कको सम्पादकीयमा "राजतन्त्र फेरि जाग्रित हुने खतरा बढेकाले गणतान्त्रिक कवितालाई हामीले प्रकाशन गर्न थालेका छौँ" भनेर लेखिएको छ । यसमा भएका सम्पूर्ण कविता राजतन्त्रको विरुद्ध तरबार बनेर उभिएका छन् । कला पक्षमाभन्दा वैचारिक पक्षमा सशक्त भएर आएका छन् र तत्काल गणतन्त्र स्थापना हुनैपर्छ भन्ने भावना लिएका छन् ।

## ४.६ परिवर्तन

लोकतान्त्रिक गणतन्त्रवादी साहित्यिक आन्दोलनको मुखपत्रको रूपमा **परिवर्तन** प्रकाशित भएको पाइन्छ । लोकतान्त्रिक गणतन्त्रवादी साहित्यिक विद्यार्थी मञ्चले त्रिभुवन विश्वविद्यालयमा केन्द्रित भई विभिन्न साहित्यिक कार्यक्रममार्फत् राजतन्त्रको विरोधमा आवाज उठाएको थियो । २०५९ असोज १८ र २०६१ माघ १९ पछिका दिनहरूमा प्रत्येक हप्ताको सोमबार 'गणतान्त्रिक साहित्यिक कार्यक्रम' सञ्चालन गरेको यस मञ्चले २०६२/०६३ को आन्दोलन पश्चात् पनि गणतन्त्रको नारा जारी राखिरहनु पर्ने धारणा राख्दै **परिवर्तन** पत्रिकासमेत प्रकाशन गर्न थालेको पाइन्छ । यस पत्रिकाका दुईवटा अङ्कहरू प्रकाशन भएका छन् ।

**परिवर्तन** पत्रिकाको पहिलो अङ्क २०६३ वैशाख-जेठ अङ्क हो जुन राजतन्त्रको अन्त्य र त्यसपछि पनि रजौटा प्रवृत्तिको अन्त्य गर्नुपर्ने घोषणाका साथ प्रकाशित भएको पाइन्छ ( सम्पादकीय) । यसमा गणतान्त्रिक चेतनायुक्त कविता र गजलहरूका साथै लोकतान्त्रिक गणतन्त्रवादी साहित्यिक आन्दोलनको घोषणापत्रसमेत प्रकाशित भएको छ । यसमा निम्न १९ जना कविका कविताहरू रहेका छन् - सुकुम शर्मा, एकराज दाहाल, गंगाधार अधिकारी, खगेन्द्र दाहाल, देवेन्द्रप्रसाद भट्ट, रमेशचन्द्र भट्टराई, हीराकुमार यादव, लेकप्रसाद प्याकुरेल, भरतरोदन साउद 'पाखे', सुरेश घिमिरे, सरोज गिरी, कृष्ण पन्त, कल्पना काफ्ले, जीवराज पाण्डेय 'दीनकर', रमेश थापा, सी.एम.भट्टराई , प्रकाश तिम्सिना 'पोषण', सुधा त्रिपाठी र केशवप्रसाद ढुङ्गेल । यस्तैगरी ९ जना गजलकारका गजलहरू पनि रहेका छन् । जसमा मधुसूदन पन्थी, कृष्ण पौडेल 'बी', ओमकान्त कँडेल, डिजन भट्टराई, विभत्स स्याङ्जाली, डिल्लीराम सङ्ग्रौला, भावना पौड्याल, सुरज मानन्धर 'आँशु' र सीता शर्माका गजलहरू रहेका छन भने हिमाल शर्माको मुक्तक पनि रहेको छ । यसमा लोकतान्त्रिक गणतन्त्रवादी साहित्यिक विद्यार्थी मञ्चको घोषणापत्र पनि समावेश गरिएको छ ।

लोकतान्त्रिक गणतन्त्रवादी साहित्यिक विद्यार्थी मञ्च, त्रि.वि. कीर्तिपुरले प्रकाशन गरेको यस पत्रिकाको सम्पादन डिजन भट्टराई, सुरेश घिमिरे, मधुसूदन पन्थी र लेकप्रसाद प्याकुरेलले गरेका छन् । लोकतान्त्रिक गणतन्त्रवादी साहिहित्यक विद्यार्थी मञ्चले मुखपत्रको रूपमा **परिवर्तन**को दोस्रो अङ्क पनि प्रकाशन गरेको छ । २०६३ (असार-कात्तिक) मा प्रकाशित यस पत्रिकामा गणतान्त्रिक चेतनायुक्त लेखरचनाहरू रहेका छन् । कविता, गजल, समालोचना अन्तर्वार्ता, जीवनी, हाइकू, पत्रसाहित्य जस्ता विधालाई समेटिएको छ ।

यस पत्रिकामा कार्लमार्क्स र खलिल जिब्रानका एक-एकवटा चर्चित कविता सहित ९ जना कविका एक-एकवटा कविता समावेश गरिएको छ । यसमा निम्न कविहरूका कविता रहेका छन् – रमेश शुभेच्छु, माधव सापकोटा, मोदनाथ अधिकारी, गोकर्ण अविरल, मणि काफ्ले, चेतनाथ पौडेल र रमेशसिंह धामी । त्यस्तैगरी डिल्लीराम सङ्ग्रौला, लेकप्रसाद प्याकुरेल, बुद्धिराज ढकाल र भावना पौड्यालका गजलहरू रहेका छन् । सुशिल आस्थाको हाइकू पनि रहेको छ । सुकुम शर्माको प्रगतिवादी साहित्यिक आन्दोलनका बारेमा लेख रहेको छ । मधुसूदन पन्थीले लोकतान्त्रिक कविताहरूको संयुक्त सङ्ग्रह **लोकतन्त्रको शङ्खनाद**को समीक्षा गरेका छन् । त्यस्तै बेनोज भट्टराईले प्रगतिवादी समालोचक चैतन्यको चिनारी प्रस्तुत गरेका छन् । प्रगतिवादी साहित्यकार आहूतिसँगको अन्तर्वार्ता छ र विश्वविख्यात साहित्यकार म्याक्सिम गोर्कीको चिनारी रामबाबु रिजालले दिएका छन् । डिजन भट्टराई र खलिल जिव्रानका कथा रहेका छन् । सन्तोष भट्टराईको पत्र-साहित्य पनि रहेको छ । यस अङ्कको प्रधानसम्पादक डिजन भट्टराई र सम्पादक मधुसूदन पन्थी रहेका छन् । त्यस्तै सहायक सम्पादकमा लेकप्रसाद प्याकुरेल र सुरेश घिमिरे रहेका छन् भने सम्पादन सहयोगीमा भावना पौडेल, भरतरोदन साउद 'पाखे' र बुद्धिराज ढकाल छन् ।

## ४.७ वेदना

**वेदना** २०६३ जेठ अङ्कलाई गणतन्त्र कविता विशेषाङ्कका रूपमा प्रकाशित गरिएको छ । वि.सं. २०३० देखि प्रकाशित हुन थालेको यस पत्रिकाले प्रकाशन कालदेखि नै प्रगतिशील लेख रचनाहरूलाई स्थान दिएको पाइन्छ । पञ्चायती कालदेखि नै निरङ्कुश शासकहरूका विरोधमा लेखरचनाहरू प्रकाशित गर्दै गणतान्त्रिक चेतनाको विकास गर्नमा महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । २०५९ असोज १८ पछिका दिनहरूमा निरङ्कुश शासकहरूको जनपक्षीय साहित्यमाथि कडा प्रतिबन्ध लगाएको अवस्थामा पनि यसले गणतान्त्रिक चेतना विकास गर्न लेखरचना प्रकाशन गरेको थियो ।

यस विशेषाङ्कमा कविता, गीत, गजल गरी जम्मा ९२ वटा रचनाहरू सङ्कलन गरिएको छ । नेपालका विभिन्न क्षेत्रमा रहेर निरङ्कुशता विरुद्ध आन्दोलन अघि बढाउने स्रष्टाका रचनाहरूलाई यसमा समावेश गरिएको छ । यसमा कविता लेख्ने कविहरूले निरङ्कुशता विरुद्ध आवाज उठाएका थिए । खगेन्द्र सङ्ग्रौलाले यसै विशेषाङ्कको लेखमा भनेझैं यस सङ्कलनका कविताको विशिष्टता, अनुभूतिको सूक्ष्मता र शिल्पको निथार नभएर गड्गडाहट्कारी चेतनाको स्थूलप्रायः अभिव्यञ्जना हो । सीमित अपवादलाई छाडेर यी कविता भेलका गर्जन हुन् । यसमा भौतिक रूपले दिवाङ्गत भइसकेका केही अग्रज साहित्यकारहरूका गणतान्त्रिक चेतनायुक्त कविताांशहरू पनि राखिएको छ । आन्दोलनको सन्दर्भलाई लिएर प्रकाशित भएका विशेषाङ्कहरूमध्ये सबैभन्दा धेरै कविका कविताहरू एकै ठाउँमा सङ्कलन गरिएको पत्रिका/ पुस्तक यही नै देखिन्छ । वैचारिक पक्ष र कलात्मक पक्ष दुवैका दृष्टिकोणले कविताहरू उत्कृष्ट देखिन्छन् ।

यसमा भएका कुल ९२ वटा रचनामध्ये गीत र गजल दुई-दुईवटा रहेका छन् । यसमा निम्न कविहरूका कविता छन् - अर्जुन पराजुली, अमर गिरी, अशोक सुवेदी, अविनास श्रेष्ठ, अनिल पौडेल, आनन्दराम पौडेल, आहुति , आर.एम. डङ्गोल, ईश्वरचन्द्र ज्ञवाली, ऋषिराम भुसाल, कृष्ण

धरावासी, कृष्णसेन 'इच्छुक', कुसुम ज्ञवाली, कपिल लामिछाने, कृसु क्षेत्री, के.एल. पीडित, खिलबहादुर भण्डारी, गोविन्द वर्तमान, चंकी श्रेष्ठ, चेतनाथ धमला, जगन्नाथ आचार्य, जङ्गब, झमक घिमिरे, डा. जगदीशचन्द्र भण्डारी, ठाकुर बेलवासे, दीपकराज पाण्डे, दिल साहनी, देवी नेपाल, नारायण ढकाल, पदम गौतम, पुण्य कार्की, पुण्यप्रसाद खरेल, पुण्य खरेल, पुरुषोत्तम सुवेदी, पूर्ण वैद्य, प्रकाश सिलवाल, प्रदीप ज्ञवाली, प्रमोद धिताल, प्रोल्लास सिन्धुलीय, बद्रविशाल पोखरेल, बलभद्र भारती, बालकृष्ण लामिछाने, डा. बेञ्जु शर्मा, विजय सुब्बा, भवानी क्षेत्री, मिलन श्रेष्ठ, मणि लोहनी, मनोज न्यौपाने, मञ्जु काँचुली, मिश्र वैजयन्ती, महेश मास्के, मातृका पोखरेल, मित्रलाल पङ्गेनी, मुरारी पराजुली, मोदनाथ प्रश्रित, मोहन दुवाल, मधुसूदन गिरी, यज्ञराज प्रसाईं, यानेन्द्र विवश जी.सी., रामबहादुर थापामगर, रमेश पोखरेल, रमेश भट्टराई, रामचन्द्र भट्टराई, राजकुमार के.सी., राजेन्द्र पौडेल, रामगोपाल आँशुतोष, रामप्रसाद ज्ञवाली, रामविनय, लक्ष्मी माली, लिखत पाण्डे, लीला उदासी, वासुदेव अधिकारी, विक्रम सुब्बा, विमल निभा, विष्णु ज्ञवाली, वियोगी बुढाथोकी, विवश वस्ती, विष्णुविभु घिमिरे, श्रवण मुकारुङ, सङ्गीतश्रोता, सरिता तिवारी, सीता शर्मा, सुधा त्रिपाठी, सुरेश किरण, स्नेह सायमी, स्व. स्वप्नील स्मृति, श्यामल, शार्दूल भट्टराई, हरिगोविन्द लुइँटेल र हेमराज अधिकारीका कविता रहेका छन् । त्यस्तै दाहाल यज्ञनिधिको गीति कविता पनि रहेको छ । यसमा रहेका कविताहरूमध्ये ७ वटा शास्त्रीय छन्दमा छन् भने बाँकी मुक्त छन्दमा रहेका छन् । बुँद राना र रामबहादुर थापामगरका गजल छन् भने विजय सुब्बा र कपिल लामिछानेका गीत रहेका छन् ।

**वेदना**को यस अङ्कमा खगेन्द्र सङ्ग्रौलाको "कवितामा गणतन्त्रको गुञ्जन" भन्ने शीर्षकको लेख रहेको छ । तत्कालीन अवस्थामा स्रष्टाहरू आन्दोलनमा होमिनुको सान्दर्भिकतालाई प्रस्तुत गर्दै निरङ्कुश राजतन्त्रका नकारात्मक पक्षलाई केलाएका छन् । रमेश भट्टराईले "गणतन्त्र र नेपाली कविता" भन्ने लेखमा गणतन्त्रको परिभाषासमेत दिँदै नेपाली कवितामा देखापरेको गणतान्त्रिक चेतनको ऐतिहासिक पक्षलाई सङ्क्षिप्त रूपमा प्रस्तुत गरेका छन् । यस सङ्ग्रहमा गणतान्त्रिक कविता आन्दोलनको अवधारणा पत्रलाई पनि अभिलेखका रूपमा प्रकाशित गरिएको छ ।

यस पत्रिकाको सम्पादन निनु चापागाईं र मातृका पोखरेलले गरेका छन् भने खगेन्द्र सङ्ग्रौला र हरिगोविन्द लुइँटेल अतिथि सम्पादक रहेका छन् । १२८ पृष्ठमा रहेको यस त्रैमासिक पत्रिकाका सहयोगीमा इस्माली, महेश मास्के र शारदारमण नेपाल रहेका छन् ।

## ४.८ बन्दी शिविरका आवाजहरू

नेपालको राजनीतिक इतिहासमा सर्वाधिक महत्व राख्ने जनआन्दोलन दुईका आँधीमय १९ दिनका समयमा प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जमा बन्दी बनाइएका २०० जना आन्दोलनकारीहरूको आवाज समेटिएको ऐतिहासिक दस्तावेज हो **बन्दी शिविरका आवाजहरू** । चैत्र २४ देखि वैशाख १२ गतेसम्मका दिनमा गिरफ्तारमा परी बन्दी बनाइएकाहरूले शिविरभित्र गरेका सभा, गोष्ठी, छलफल, लगायत विविध घटनाहरूलाई समेटेर यो पुस्तक तयार पारिएको छ । तीन खण्डमा विभाजित यस पुस्तकको पहिलो खण्डमा साहित्यिक लेखरचनाहरू छन् । दोस्रो खण्डमा विभिन्न व्यक्तिहरूका लेख र भावी लोकतान्त्रिक नेपालको स्वरूप कस्तो हुने भन्ने विषयमा दिएका

सुझावहरू रहेका छन् भने तेस्रो परिशिष्ट खण्डमा बन्दीहरूको नामावली प्रकाशित प्रेस विज्ञप्तिहरू, बन्दीगृहभित्रका नियम तथा सुझाव आदि समेटिएका छन् । यसमा साहित्यिक र गैरसाहित्यिक लेखरचनाहरू सङ्कलित छन् । विभिन्न पार्टीका केन्द्रीयस्तरका नेता तथा कार्यकर्ता, विभिन्न पेसासँग सम्बद्ध व्यक्तिहरू, प्राध्यापकहरू, साहित्यकारहरूलगायतका व्यक्तिहरूका लेखहरू रहेका छन् । बन्दी बनाइएकाहरूका बौद्धिक बहस र छलफलहरूलाई लेखका रूपमा प्रकाशित गरिएको हुँदा गैरसाहित्यिक लेखहरू पनि उत्तिकै महत्त्वका छन् ।

पहिलो खण्डमा रहेका साहित्यिक लेखरचनाहरू मध्ये २९ वटा कविता, तीनवटा गीत, चारवटा गजल, दुईजनाका पाँचवटा मुक्तक, दुईवटा लघुकथा, सातवटा लेख /निबन्ध र एउटा संस्मरण रहेका छन् । जसमध्ये निम्न व्यक्तिहरूका एक-एकवटा कविता रहेका छन् - अशोक महर्जन, प्रा.डा. उपेन्द्र कोइराला, कुसुमाकर न्यौपाने, केशवप्रसाद मैनाली, गोविन्दप्रसाद कोइराला, डा.गोविन्दराज पोखरेल, घनश्याम शर्मा पौडेल, जयराज पन्त, जगदीशचन्द्र भण्डारी, टङ्क राई, दीपकुमार उपाध्याय, नवीन चित्रकार, प्रकाश ज्वाला, प्रदीप ज्ञवाली, बद्री अर्याल, मोदनाथ प्रश्रित, मोहनबहादुर के.सी., रामचन्द्र अधिकारी, लक्ष्मीकुमार कोइराला, बाचस्पति देवकोटा, वामदेव अधिकारी, विदुरप्रसाद पौडेल, विजुलकुमार भट्ट र सुरेश कार्की । कमानसिंह लामा र नन्दगोपाल महर्जनका कविता भने नेपाली भाषामा छैनन् । अर्जुनजङ्गबहादुर सिंह, झल्कु यादव (मैथली) र ठाकुरकुमार श्रेष्ठका गीत रहेका छन् । कृष्ण अविरल, त्रिवेणी चोङवाङ, बद्रीप्रसाद मुडभरी र किरणका गजल तथा गोविन्दप्रसाद कोइराला र भूपति ढकाल ‘कमल’, (चारवटा) का मुक्तक रहेका छन् । त्यस्तैगरी निनु चापागाईं, बुद्धिप्रसाद लामिछाने, भुवनराज खनाल, मधुसूदन पाण्डे, रुद्र खरेल, सुशीलमान शेरचन र हरिप्रसाद सिलवालका लेखनिबन्ध तथा इस्माली र डा. विजय पौडेलका कथाहरू समावेश गरिएका छन् ।

खण्ड २ मा भावी नेपालको संरचना कस्तो हुने भन्ने बारे १० वटा विषयमा भिन्दाभिन्दै समितिले प्रस्तुत गरेका सुझावहरू रहेका छन् । जसमध्ये विषय र तिनका संयोजकहरू यसप्रकार छन्- लोकतान्त्रिक नेपालको उद्योग तथा वाणिज्य (अर्जुन थापा), कला, संस्कृति र साहित्य (विदुरप्रसाद पौडेल), कृषि र भूमिव्यवस्था (प्रभुनारायण चौधरी), पिछडिएका वर्गको उत्थान (रामबहादुर गुरुङ्ग), राजनीतिक सशक्तीकरण (रामचन्द्र पोखरेल), राज्यको पनुर्संरचना (घनश्याम शर्मा पौडेल), शिक्षा र रोजगार (मोदनाथ प्रश्रित), सूचना, वातावरण, विज्ञान र प्रविधि (वाचस्पती देवकोटा), स्रोत र सम्पदाको सदुपयोग (शुभराज शर्मा) र स्वाथ्य क्षेत्र (रामचन्द्र अधिकारी ) रहेका छन् । त्यसैगरी मथुराप्रसाद श्रेष्ठ, दिपेन्द्र कँडेल, डा.मदन कोइराला, रामचन्द्र पोखरेल, जीवनबहादुर शाही र सुन्दर पुर्कुटीका विविध विषयमा लेखकहरू रहेका छन् ।

यस **बन्दी शिविरका आवाजहरू** भित्र रहेका साहित्यिक र गैर साहित्यिक लेखहरू स्थापित लेखक-स्रष्टादेखि नवोदित सम्मका रहेका छन् । विषयवस्तुको गाम्भीर्य र प्रस्तुतिजन्य गुणात्मकताका दृष्टिले सबै लेख-रचना स्तरीय नभए पनि यिनको ऐतिहासिक महत्व रहेको छ । सबैजसो लेख रचनाहरू जेल भित्र नै तयार गरिएका सामग्री हुन् । यसका सम्पादन समूहमा जयराज पन्त, रुद्र खरेल, सुरेशकुमार भट्ट र हरिप्रसाद सिलवाल रहेका छन् । २०६३ जेष्ठमा प्रकाशित यस सङग्रहको प्रकाशक जेल सङ्घर्ष समिति, राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान

महाराजगञ्ज, काठमाडौं रहेको छ । यस समितिका अध्यक्ष रामचन्द्र अधिकारी हुन् । यसको आवारण सज्जा राजन काफ्लेले तयार गरेका छन् भने मूल्य रु ५० रहेको छ । यसमा (९६+१२) १०८ पृष्ठ रहेका छन् र आवरण पृष्ठमा जनआन्दोलनका तस्वीरहरू रहेका छन् ।

## ४.९ लोकतान्त्रिक स्रष्टाहरूका स्वरहरू

लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्च, नेपाल, सुनसरीले ऐतिहासिक दस्तावेजका रूपमा **लोकतान्त्रिक स्रष्टाहरूका स्वरहरू** प्रकाशन गरेको छ । निरङ्कुशताका विरुद्ध संयुक्त रूपमा लड्नुपर्ने आवश्यकता महसुस गरी सुनसरीका लोकतन्त्र र गणतन्त्र पक्षधर सबै स्रष्टाहरूले लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्च सुनसरी गठन गरेका थिए । २०६२ माघ १८ गते मञ्चको स्थापना भएपछि यसले सुनसरी जिल्लाभरी गरेका आन्दोलनका विभिन्न कार्यक्रमबारे जानकारी प्रस्तुत गर्न ऐतिहासिक दस्तावेजको रूपमा यसलाई प्रकाशन गरिएको हो ।

**लोकतान्त्रिक स्रष्टाहरूका स्वरहरू**मा जानकारीमूलक लेख, रचना, प्रतिवेदन, स्रष्टा मञ्चको बैठकका प्रताव र निर्णयहरू, स्रष्टाहरूका गतिविधि तथा विभिन्न पत्रपत्रिकामा प्रकाशित समाचारहरूलाई समेत समेटिएको छ । पुस्तकमा मञ्चले गरेका अपिल, सातदल र माओवादी बीच भएको १२ बुँदे समझदारी पत्र, अध्यक्षको भनाई तथा राजाको सम्पत्ति सार्वजनिक गर्न गरिएको हस्ताक्षर अभियानका बारेमा जानकारी दिइएकोछ । बद्री पालिखेको “लोकतन्त्रिक सडक कविता आन्दोलन” गिरिराज आचार्यको “जनआन्दोलनका स्रष्टाहरूको भूमिका” राजेन्द्र रिमालको “नियमित अभियान”, आनन्द श्रेष्ठको “धराने कलाकारको आन्दोलित कलायात्रा” जस्ता लेखहरूले सुनसरीमा भएका विभिन्न कार्यक्रमका बारेमा सूचना उपलब्ध गराएका छन् । स्रष्टामञ्चले बैठकमा गरेका प्रस्ताव र निर्णयलाई पनि यस पुस्तकमा राखिएको छ भने विभिन्न कार्यकमका संयोजकले प्रस्तुत गरेका प्रतिवेदन समेत समावेश गरिएको छ । स्रष्टाका गतिविधि भनेर सुनसरीका विभिन्न क्षेत्रहरूमा भएका कार्यकमको बारेमा सामान्य जानकारी दिएको छ । विभिन्न पत्रपत्रिकामा प्रकाशित समाचारहरूको साभार र आन्दोलनका झलक प्रस्तुत गर्ने तस्विरहरू पनि यसमा समावेश छन् । ९८ पृष्ठको आयाममा फैलिएको यस ऐतिहासिक दस्तावेजले सुनसरीका स्रष्टाहरूले गणतान्त्रिक आन्दोलनमा पुऱ्याएको योगदानलाई जानकारीमा ल्याउन सहयोग पुऱ्याएको छ तर मञ्च गठन हुनुभन्दा पहिलाका गतिविधि, मञ्च बाहेक अन्य सङ्घ-संस्थाको आयोजनामा भएका र्कायकमको बारेमा खासै चर्चा गरिएको छैन । यसका प्रबन्ध सम्पादक बद्री पलिखे हुन् भने प्रधान सम्पादक राजकुमार कार्की, सम्पादक गोपाल देवान, कार्यकारी सम्पादक राजेश विद्रोही, सहसम्पादक सागर सुवेदी र उपसम्पादक भीम राई ‘ज्वाला’ रहेका छन् । यस्तै वेणु आचार्य, बद्री पलिखे, भीष्म काफ्ले र बद्रीविशाल पोखरेल संरक्षक रहेका छन् ।

## ४.१० स्रष्टा ,चैत्र ३०

**स्रष्टा ,चैत्र ३०** भन्ने पत्रिका स्रष्टा आन्दोलनको आलेखनको रूपमा स्रष्टा, चैत्र ३० भन्ने संस्थाले प्रकाशन गरेको हो । २०६२ चैत्र ३० गते गुरुकुलमा स्रष्टाहरूले निरङ्कुश शासनका

विरोधमा कार्यक्रम गर्दा सरकारद्वारा गरिएको वर्वर दमनको सम्झनास्वरूप यस संस्थाको गठन गरिएको हो । यस पत्रिकामा जनआन्दोलन ६२/६३ को सन्दर्भमा भएका विभिन्न गतिविधिका बारेमा जानकारी प्रस्तुत गरिएको छ । पत्रिकामा ४ वटा कविता, १५ वटा जानकारीमूलक लेखहरू, ६ वटा दस्तावेज तथा स्रष्टा आन्दोलनका गतिविधिका बारेमा पनि जानकारी प्रस्तुत गरिएको छ । यसका साथै जनआन्दोलनका समयका तस्वीरहरू समेत रहेका छन् ।

**स्रष्टा,चैत्र ३०** मा डा. वेञ्जु शर्मा, विमल निभा, श्रवण मुकारुङ र लक्ष्मण गाम्गानेका कविताहरू रहेका छन् । स्रष्टा आन्दोलनका बारेमा जनकारी दिने लेखहरू रहेका छन् । यस्ता लेख लेख्ने लेखकहरूमा बैरागी काँइला, तुलसी भट्टराई, अमर गिरी, रमेशप्रसाद भट्टराई, डा.सञ्जीव उप्रती, डा. खुमनारायण पौडेल, आर .एम,डङ्गोल, रत्नमणि नेपाल, पदम गौतम, देवेन्द्र भट्टराई, चङ्की श्रेष्ठ, कुसुम ज्ञवाली, युवराज घिमिरे, प्रकाश सिलवाल रहेका छन् । यसैगरी गणतान्त्रिक कविता आन्दोलनको घोषणापत्र, स्रष्टाहरूको प्रतिगमन विरोधी संयुक्त समितिको अपिल, २०६२ चैत्र ३० मा गुरुकुलमा भएको कार्यक्रममा सहभागिता जनाउने सङ्घ-संस्थाहरूको नामावली, संस्थागत रूपमा राजतन्त्रका विरुद्ध जारी भएका प्रेस विज्ञप्तिहरू, २०६३ चैत्र २८ गते जनआन्दोलनमा ऐक्यवद्धता जनाउनका लागि भएको छलफल कार्यक्रममा सहभागी स्रष्टाहरूको नामावली पनि रहेको छ । यसैगरी स्रष्टाहरूले विभिन्न ठाँउमा गरेका कार्यक्रमहरूको संक्षिप्त सूचना दिइएको छ भने विण्णु निष्ठुरीको **जनआन्दोलनका १९ दिन** भन्ने पुस्तकबाट साभार गरेर साहित्यिक कार्यक्रमको बारेमा जानकारी प्रस्तुत गरिएको छ । अनुशील श्रेष्ठले जनआन्दोलनमा सहभागिताको बारेमा र नवदीप अजनवीले नुवाकोटका स्रष्टाहरूको गतिविधिका बारेमा जानकारी दिएका छन् ।

आर.एम. डङ्गोलको संयोजकत्वमा रहेको स्रष्टा चैत्र ,३० भन्ने संस्थाले प्रकाशन गरेको यस पत्रिकाको कार्यकारी सम्पादकमा मनोज न्यौपाने रहेका छन् भने सम्पादकमा रत्नमणि नेपाल ,केशवराज शिलवाल र भोजराज न्यौपाने रहेका छन् । ५२ पृष्ठमा रहेको यस पत्रिकामा स्रष्टा दमनका तस्विर र आन्दोलनको बारेमा केही जानकारी गराइएको छ ।

## ४.११ मुक्ति सङ्घर्ष

लोकतान्त्रिक वाङ्मय समाज कास्कीले आन्दोलनको समयमा सडकमा वाचित रचनालाई समेटेर **मुक्ति सङ्घर्ष** नामको सङ्ग्रह प्रकाशन गरेको छ । १९ दिने जनआन्दोलन अघि बढिरहेको समयमा गठन भएको लोकतान्त्रिक वाङ्मय समाज कास्कीले ऐतिहासिक दस्तावेजका रूपमा यसलाई प्रकाशन गरेको देखिन्छ । लोकतान्त्रिक वाङ्मय समाज कास्कीको स्थापना २०६३ वैशाख ४ गते भएको थियो । यसपछि १९ दिने आन्दोलनमा दिनहुँजसो पोखराका सडक-सडकमा निरङ्कुशता विरुद्ध साहित्यिक कार्यक्रम गरेको देखिन्छ । तिनै सडकमा उठेका आवाजहरूलाई सङ्ग्रह गरी **मुक्ति सङ्घर्ष** प्रकाशन गरेको कुरा सम्पादकीयमै उल्लेख गरिएको छ ।

**मुक्ति सङ्घर्ष**भित्र ५७ जना स्रष्टाका कविता, गीत, गजल रहेका छन् । यसमा २७ जना स्रष्टाका ३१ वटा कविता र ७ वटा गीत रहेका छन् भने एउटा लेख रहेको छ । कविहरूको नाम यसप्रकार छ- कमलनाथ सापकोटा, कृष्ण उदासी, कृष्ण भण्डारी 'मुमुक्षु', गणेश शर्मा, चिरञ्जीवी

आचार्य, जनार्दन 'सायद' सुवेदी, ताराप्रसाद पोखरेल, तीर्थ श्रेष्ठ, तेजनाथ घिमिरे (२), दिलिप दोषी, दिलू पन्त, नारायण परिश्रमी, नारायण मरासिनी (२), परशुराम कोइराला, माधव सुवेदी, रामचन्द्र अधिकारी, रामजी लम्साल, रुपिन्द्र 'प्रभावी' कटु, रेशम अधिकारी, लक्ष्मण गौतम, हृदयराज खनाल, विजया सुवेदी 'उदासी' (२), विष्णु अल्पविराम, शिवबहादुर बराल, सन्तोष अधिकारी, सुरेश रानाभाट, क्षेत्रबहादुर थापा, सरस्वती शर्मा 'जिज्ञासु' । यसैगरी निम्न २४ जना कविका ८३ वटा मुक्तकहरू रहेका छन् - ईश्वरमणि अधिकारी (६), कमलनाथ सापकोटा, कल्याण पन्त (४), गणेश शर्मा (४), गोविन्द गिरी (३), जीवनसागर भण्डारी (३), ताराप्रसाद पोखरेल (४), दिलिप दोषी (४), दीपक समीप (५), दुराबाबु (५), प्रकाश गिरी, भीम रानाभाट (७), मदन भण्डारी (३), रामचन्द्र अधिकारी (४), रुद्रबहादुर थापामागर (३), रुपिन्द्र प्रभावी कटु (४), लक्ष्मण थापा (४), सन्जीव पौडेल (३), सन्तोष पौडेल (३), सफल घिमिरे (४), सविता पौडेल (३), सूर्य खड्का विखर्ची (६), हेमन्त हितैषी (५) र अर्जुन पौडेल 'निर्जन' । ८ जना निम्न गजलकारका १० वटा गजलहरू रहेका छन् -डी.डी निर्दोष 'कृष्ण' (२), दीपेन्द्र रानामगर, नारदमणि काफ्ले, रामजी लम्साल, सुष्मा पौडेल, विश्वराज रसाइली, सविना सुनाम, सफल घिमिरे (२) । त्यसैगरी निम्न जनाका ७ वटा गीतहरू रहेका छन् - ताराप्रसाद तिमिल्सेना, पद्मराज ढकाल (२), पदम भुर्तेल, सीता हुमागाईं (२), सूर्य खड्का बिखर्ची, शेखर गौतम । त्यस्तैगरी नारदमणि काफ्लेको हाइकू पनि रहेको छ । घनश्याम ढकालको "मुक्तिसङ्घर्षभित्र अभिव्यञ्जित विद्रोह चेत" शीर्षकको लेख रहेको छ जसमा कास्कीमा जनआन्दोलनका समयको गतिविधिको बारेमा संक्षिप्त चर्चा गर्दै यसै पुस्तकका कविताहरूको संक्षिप्त जानकारी दिएका छन् ।

यसमा रहेका कविता, मुक्तक, गीत, गजल सबै राजतन्त्रको विरोधमा केन्द्रित रहेका छन् । राजतन्त्रप्रति तीव्र आक्रोश र घृणा प्रस्तुत गर्दै परिवर्तनको उत्कट चाहना प्रस्तुत गरिएको छ । यी कविताको मूल्य जनतालाई आन्दोलित गर्न र सडक तताउनुमा रहेको छ । यस पत्रिकाको सम्पादन कृष्ण उदासीले गरेका छन् भने सहसम्पादकको काम हेमन्त हितैषीले गरेका छन् । यस पुस्तकको आयाम १०० पृष्ठको छ ।

## ४.१२ सुसेली

**सुसेली** साहित्यिक परिवार, मेचीनगरबाट प्रकाशन हुँदै आएको **सुसेली** (वर्ष ४ अङ्क ४ २०६३) जनआन्दोलन विशेष रूपमा प्रकाशित भएको छ । विशेष गरी झापा जिल्लामा जनआन्दोलनको समयमा रचना गरिएका गणतान्त्रिक चेतना भएका कविताहरू यसमा समावेश गरिएको छ । यसमा ६४ जना स्रष्टाका कविता, गीत गजल र लेखहरू पनि रहेका छन् । जनआन्दोलनको समयमा रचित यी कविताहरूमा राजतन्त्रप्रतिको घृणा, गणतन्त्रप्राप्तिको चाहना, सहिदप्रति सम्मान तथा सामाजिक, राजनीतिक परिवर्तनको उत्कट चाहना प्रस्तुत भएको पाइन्छ ।

सुसेलीको यस अङ्कमा सङ्ग्रह गरिएका रचनाहरूमा २ वटा लेखहरू २२ वटा गजल र गीत तथा ५८ जना कविका कविताहरू रहेका छन् । यसमा उमेश उपाध्याय, गोपालप्रसाद रिमाल, गोकुल जोशी, झमक घिमिरे, पारिजात, मोदनाथ प्रश्रित (२) रामप्रसाद ज्ञवाली, विक्रम सुब्बा (२), युद्धप्रसाद मिश्रका (२) कविताहरू रहेका छन् जसलाई सम्मानित कलमहरू भनेर विशेष सम्मान

दर्शाइएको छ । अन्य कविहरू यसप्रकार छन् -कमल जङ्गली, कर्णकुमार श्रेष्ठ, कनक कार्की, कल्पना ओली (२) कमलप्रसाद दाहाल, कुलप्रसाद घिमिरे, केन्द्रप्रसाद भट्टराई, के.पी.ढकाल, ज्योतिकिरण रिजाल, ज्ञानेन्द्र ढुङ्गाना, गोविन्दप्रसाद घिमिरे, तेराख, दुर्गाप्रसाद निरौला, देवकीनन्दन अग्रवाल, नरेश खरेल, परशुराम तिमसिना, पुष्पप्रसाद खरेल, पुण्य खरेल, बन्धन मुण्डा, भवानी क्षेत्री, भुवन सुब्बा, मनोज तपस्वी, मिश्र वैजयन्ती, मोहन पाठक, मोहन पौडेल, रामचन्द्र उप्रेती, रीता खड्का, रेग्मी षड्कुशा, लीला उदासी, विजय खरेल, विरही अधिकारी, विनोद खनाल, शान्ता बास्तोला, सुवास योङहाङ, हनुमान डालमीया, हिरा आकाश, हेम अधिकारी, होम सुवेदी र यज्ञराज प्रसाईं । यसैगरी बालस्तम्भ भनेर निम्न ८ जना कविका कविताहरू पनि समावेश गरिएको छ- विशाल चौलागाईं, राजीव गौतम, रेवती राजवंशी, शुभ राजवंशी, सुषमा बास्तोला, सुशीला सिवाकोटी, अनिल गोर्खाली र भीम खवास । डिकेश लामा र मधु पोखरेलका गजल रहेका छन् भने तारा दाहाल र शारदा सापकोटामा गीत पनि छन् । अच्युत घिमिरेको जनआन्दोलनमा सक्रिय झपाली स्रष्टाहरूको बारेमा लेख छ भने चूडामणि रेग्मीको पनि लेख रहेको छ ।

विशेष गरी झापाका स्रष्टाहरूका रचना सङ्कलन गरिएको यस विशेषाङ्कमा भएका कविताहरू राजतन्त्र विरुद्धका दह्रा अस्त्र हुन् । यसका प्रधान सम्पादक विजय खरेल छन् भने सम्पादक मण्डलमा पुण्यप्रसाद खरेल, मोहनकुमार पाठक, श्रीमती भुवन खरेल र परशुराम तिमसिना रहेका छन् । यसको आयम ८२ पृष्ठमा वितरित छ ।

## ४.१३ जनआन्दोलन भाग-२ मा दङगाली स्रष्टाहरूको भूमिका

पदमप्रसाद शर्माद्वारा लिखित **जनआन्दोलन-२ मा दङ्गाली स्रष्टाहरूको भूमिका** पुस्तकमा दाङ्गमा जनआन्दोलन २०६२/६३ मा स्रष्टाहरूले गरेको योगदानको इतिहास प्रस्तुत गरिएको छ । २०५९ असोज १८ गतेको प्रतिगमनकारी घटनापश्चात् दाङ जिल्लाका साहित्यिक सङ्घ-संस्था तथा विभिन्न व्यक्तिहरूबाट भएका साहित्यिक कार्यक्रमका बारेमा जानकारी गराइएको छ । विभिन्न कार्यक्रमको तिथि मिति तथा कार्यक्रममा मन्तव्य दिने, रचनावाचन गर्ने व्यक्तिहरू तथा आयोजक पक्षको समेत नाम प्रस्तुत गरिएको छ । दाङ जिल्लामा स्रष्टाहरू कसरी निरङ्कुशताका विरुद्ध आन्दोलिनमा होमिए भन्ने कुरा यस सानो पुस्तकबाट थाहा पाउन सकिन्छ । यसलाई लेखक शर्माले इतिहासनै भनेर प्रस्तुत गरेका छन् । यसमा निरङ्कुशता विरुद्ध चलेको आन्दोलनदेखि लिएर संविधासभाको निर्वाचनका लागि स्रष्टाहरूले गरेका दवावमूलक सिर्जनात्मक कार्यक्रमहरूका बारेमा समेत जानकारी दिइएको छ ।

नारायणप्रसाद शर्मा, अमर गिरी र गिरिराज शर्माले यस किताबको भूमिका लेखेका छन् । यसमा विभिन्न सङ्घ-संस्थाले गरेका कार्यक्रमका बारेमा छुट्टाछुट्टै उल्लेख गरिएको छ । संयुक्त साहित्यिक लोकतान्त्रिक अभियान साझा संस्थाको रूपमा गठन भएपछि भएका विभिन्न कार्यक्रम, राप्ती साहित्य परिषद् र चेतन क्लव बिजौरीले गरेका कविताका कार्यक्रमहरू, प्रलेस, लेखक सङ्घ, संयुक्त साहित्यिक मञ्च, सिर्जनशील साहित्यिक समूह (तुलसीपुर), निर्झर साहित्य सम्प्रेषण अभियान, साहित्य सौजन्य माला, सांस्कृतिक विभाग नेपाल, शिक्षक सङ्घ, इन्द्रेणी साहित्य परिवार (देउखुरी) जस्ता संस्थाको आयोजनामा भएका कार्यक्रमको बारेमा जानकारी प्रस्तुत गरिएको छ ।

जम्मा २६ पृष्ठको आयाम रहेको यो पुस्तक दाङ जिल्लाका स्रष्टाहरूले जनआन्दोलन-२ मा सिर्जनात्मक क्षेत्रबाट खेलेको भूमिकाको बारेमा जानकारी दिने महत्त्वपूर्ण ऐतिहासिक दस्तावेजका रूपमा रहेको छ ।

## ४.१४ आन्दोलित कलमहरू

लोकतान्त्रिक स्रष्टा समाज, चन्द्रनिगाहपुर, रौतहतले प्रकाशन गरेको **आन्दोलित कलमहरू**मा जनआन्दोलन २०६२/६३ को क्रममा चन्द्रनिगाहपुरमा वाचन गरिएका रचनाहरूलाई सङ्कलन गरिएको छ । २०६२ चैत्र २४ गतेदेखि नै चन्द्रनिगाहपुरमा स्रष्टाहरूले लोकतान्त्रिक कविता, गीत, गजल तथा सडकनाटक लिएर आन्दोलनमा ऐक्यवद्धता जनाएका थिए । वैशाख ५ र १२ गते स्रष्टाहरूले गरेको साहित्यिक कार्यक्रममा सुनाइएका कविता, गीत, गजललाई यसमा समावेश गरिएको छ ।

आन्दोलनको समयका गणतान्त्रिक चेतना भएका रचनाहरू यस **आन्दोलित कलमहरू**मा समावेश गरिएको छ । यसमा १९ जना स्रष्टाका रचनाहरू समावेश गरिएको छ जसमा १६ जनाका कविता रहेका छन् । यसमा निम्न कविहरूका कविता छन् -ईश्वर पोखरेल, रमेश समर्थन, हरिकृष्ण काफ्ले, डा. शालिग्राम शर्मा, रमेशमोहन अधिकारी, राम उदित, कदम आचार्य 'लक्ष्मण', श्रद्धासुमन, गोपिकृष्ण खतिवडा, मोनापो, अस्मित पोखरेल, गणेश बस्नेत, सुमन घिमिरे 'केशव', ध्रुवमोहन अधिकारी, शिव आचार्य र लक्ष्मी बराल । त्यस्तैगरी अम्बिका ढुङ्गेल र रामबहादुर घलानका गीत रहेका छन् भने नितेश गौतमका २ वटा गजलहरू रहेका छन् । शङ्कर भट्टराईको यस सङ्ग्रह भित्रका रचनाहरूको बारेमा छोटो समीक्षात्मक लेख पनि रहेको छ ।

यस सङ्ग्रहमा सङ्कलित सबै रचनामा गणतान्त्रिक चेतना रहेको पाइन्छ । राजतन्त्रका विरुद्ध आन्दोलन चलिरहेको बेला रचना गरिएका यी कविता, गीत, गजलमा गणतान्त्रिक व्यवस्थाको स्थापना हुनुपर्ने र राजतन्त्र सदाका लागि अन्त्य हुनुपर्ने स्वर गुञ्जेको पाइन्छ । यो ३२ पृष्ठमा रहेको छ ।

## ४.१५ गरिमा

साझा प्रकाशनबाट वि.सं. २०३९ देखि मासिक रूपमा प्रकाशन हुँदै आएको **गरिमा** पत्रिकाको २०६४ वैशाख अङ्क लोकतन्त्र विशेषका रूपमा प्रकाशित भएको छ । जनआन्दोलनका समयमा रचित लेखरचनाका साथै आन्दोलनमा स्रष्टाका गतिविधिको बारेमा पनि जानकारीमूलक लेखहरू रहेका छन् । यस अङ्कलाई साझा प्रकाशनले विशेष महत्वको रूपमा हेरेको छ । यसको सम्पादकीयमा नै भनिएको छ -"सम्पूर्ण बन्धनहरू काटेर नागरिक सर्म्पकमा जान चाहिरहेको आजको मान्छेलाई स्वतन्त्रता चाहिन्छ भनेर जनता आन्दोलनमा उत्रिरहेको बेला स्रष्टाहरूले जनआन्दोलन २ मा देखाएको समर्थन र समर्पणप्रति गौरव अनुभव गर्न निकालिएको प्रस्तुत अङ्क यो देशको गौरवशाली इतिहासको अङ्क हो ।" यसमा प्रकाशित रचनाहरू जनआन्दोलनको समयमा रचना गरेर सडकमा गाउँदै-सुनाउँदै हिंडेका र त्यसको सन्दर्भलाई लिएर लेखिएका हुन् ।

**गरिमा**को यस अङ्कमा कविता, कथा, गजल, लेख-निबन्ध, समीक्षा, हाइकू गरी ६५ जना स्रष्टाका रचनाहरू रहेका छन् । यस अङ्कमा निम्न ३७ जना कविका ३८ वटा कविताहरू रहेका छन् - अमर गिरी, आर.एम. डङ्गोल, ईश्वरचन्द्र ज्ञवाली, कृष्ण धरावासी, डा. खुमनारायण पौडेल, गण्डकीपुत्र, चेतनाथ धमला, गोपाल पराजुली, ठाकुर बेलवासे, दाहाल यज्ञनिधि, नरेश शाक्य, नारायण ढकाल (२), निमेष निखिल, पुरुषोत्तम सुवेदी, पूर्ण विराम, डा.बेञ्जु शर्मा, भवानी क्षेत्री, भूपाल राई, मञ्जु काँचुली, महेश पौडेल, मिश्र वैजयन्ती, मुकुन्दराज पराजुली रामविनय, लक्ष्मी माली, लीला अनमोल, विक्रम सुब्बा, विजय सुब्बा, विप्लव ढकाल, विमल निभा, वियोगी बुढाथोकी, विश्वप्रकाश शर्मा, विष्णुविभु घिमिरे र श्यामल । यसैगरी निम्न १७ जना स्रष्टाका निबन्ध र सूचनामूलक लेखहरू पनि रहेका छन् – निनु चापागाईं, ऋषिराज बराल, डा. कृष्णप्रसाद दाहाल, घिमिरे युवराज, डा. जगदीशचन्द्र भण्डारी., डा. तुलसी भट्टराई, मोदनाथ प्रश्रित, रमेशप्रसाद भट्टराई, रामप्रसाद ज्ञवाली, रुद्र खरेल, बैरागी काइँला, सुधा त्रिपाठी, सृजन लम्साल, हरिगोबिन्द लुइँटेल, हेमनाथ पौडेल नरहरि आचार्य र डा. सुरेन्द्र के.सी. । यसैगरी धीरेन्द्र प्रेमर्षीका २ वटा गजल र कविताराम श्रेष्ठका ९ वटा हाइकू रहेका छन् । कथा लेख्नेहरूमा कुसुम ज्ञवाली (४), देवीप्रसाद सुवेदी, ध्रुव सापकोटा, ममता शर्मा नेपाल, मातृका पोखरेल, खगेन्द्र सङ्ग्रौला र हरिहर खनाल रहेका छन् भने आनन्ददेव भट्टको अन्तर्वार्ता पनि रहेको छ । त्यस्तै मुरारी पराजुलीले एउटा कविताको समीक्षा पनि गरेका छन् ।

जनआन्दोलनमा स्रष्टाका गतिविधि र रचनाहरू एकै ठाउँमा राखेर प्रकाशन गरिएको यो विशेषाङ्कमा विशेष गरी काठमाडौं उपत्यकाका साहित्यिक गतिविधि र कार्यक्रमका बारेमा जानकारी पाउन सकिन्छ । प्रधान सम्पादक ध्रुवचन्द्र गौतम र सम्पादक गोपाल पराजुली रहेको यस पत्रिकाको सम्पादन मण्डलका अध्यक्षमा विष्णुविभु घिमिरे रहेका छन् भने सदस्यमा प्रा.घनश्याम कँडेल, राजेन्द्र पराजुली, रामप्रसाद शर्मा 'प्रदीप', रामस्वरूप सिन्हा र शारदा अधिकारी (ढकाल) रहेका छन् । २८० पृष्ठमा रहेको यो पत्रिका साझा प्रकाशनबाट प्रकाशन गरिएको हो ।

## ४.१६ परिवर्तन

प्रगतिशील लेखक सङ्घ नेपाल, बाँके शाखाले आफ्नो मुखपत्रको रूपमा प्रकाशन गर्दै आएको **परिवर्तन** पत्रिकाको दोस्रो अङ्कलाई गणतन्त्र विशेषाङ्कका रूपमा प्रकाशन गरेको छ । २०६४ असोजमा प्रकाशित भएको यस अङ्कमा बाँके जिल्लामा रहेर गणतान्त्रिक आन्दोलनमा सक्रिय भएका र बाहिरका साहित्यकारहरूका समेत रचना सङ्कलन गरिएको छ ।

परिवर्तनमा कविता, गीत, गजल, कथा/लघुकथा, लेख/समालोचना, एकाङ्की र हास्यव्यङ्ग्यजस्ता विधाका रचनाहरू सङ्कलित छन् । यस सङ्ग्रहमा ५७ जना निम्न कविहरूका कविता सङ्कलित छन्- मधुसूदन गिरी, वासुदेव अधिकारी, हरि तिमिल्सेना, रिमा कणेल, हिरण्य दाहाल, कविराज रेग्मी, मणि अर्याल, खगेन्द्रनाथ योगी, वेदराज 'अमृत', चिरञ्जीवी सुवेदी, ईश्वरीप्रसाद रिजाल 'उल्कापात', दिवाकर शर्मा, रामप्रसाद ज्ञवाली, जगत् उपाध्याय 'प्रेक्षित', बन्दना ढकाल, धिरु विचित्र, अमृता रेग्मी 'पर्वत', जनक सम्वेदक, मित्रलाल पङ्गेनी, भरतरोदन साउद 'पाखे', कमलराज खनाल, पङ्कजकुमार श्रेष्ठ, निरेश के.सी., हीरालाल प्रसाईं, अमित

तिमिल्सेना, इन्द्रबहादुर बस्नेत, राजकुमार श्रेष्ठ, अनुप ज्ञवाली, चम्पा कडायत, झलकजी 'विकल्प', रेशम विरही, स्व.वि विकास, हीरालाल शर्मा 'चिन्तक', रत्नवली शर्मा, प्रा.डा. भागवतप्रसाद शर्मा, हीराबहादुर खत्री, घनश्याम पोखरेल, जितबहादुर शाह, कोपिल अधिकारी (कोसिस), दामोदार उपाध्याय, हरिहर सविता, पुष्कर रिजाल, सन्देश ज्ञवाली, खगेन्द्र घोडासैनी, हुकुम ठिमा 'धड्कन', सुदीप चौधरी, रवि एन.एस., चन्द्र महतरा, जनकराज शर्मा रेग्मी, श्रीराज गौतम, विजयराज धिताल, मीना रानाभाट, जमुना ढकाल, खुमा बोहरा, पुष्पमणि प्रधान, ज्ञानेन्द्र पौडेल 'विद्रोही' र रितेश तिमिल्सेना । त्यस्तैगरी प्रभात सुवेदी र सुवर्णविक्रम शाहका गीत रहेका छन् । यसमा निम्न १३ जना गजलकारका एक-एकवटा गजलहरूसमेत रहेका छन् - इद्रिस सायल, प्रकाश गिरी 'निश्चल', नारायणप्रसाद शर्मा गैरे, रामचन्द्र आचार्य, अब्दुल लतिफ शौक, लेकप्रसाद प्याकुरेल, युगज्योति क्रियाशील, ध्रुव सापकोटा, भावना पोखरेल, आसफाक 'सङ्घर्ष' डम्बर पुन, मुस्तफा हसन कुरेसी र मित्र 'विरही' ओली ।

यस सङ्ग्रहमा काव्यविधा मात्र नभएर गणतान्त्रिक चेतनामूलक आख्यान र निबन्धलाई समेत समेटिएको छ । यसमा कविन्द्रराज भट्टराई, जनप्रिय खनाल र कुसुम ज्ञवालीका कथा तथा इन्द्रबहादुर भण्डारी 'इन्द्रेणी' को एकाङ्की र लक्ष्मण गाम्गानेको हास्यव्यङ्ग्य कथा पनि सङ्कलित छन् । लेख समालोचनामा राजेन्द्र 'ओजस्वी', डा.ऋषिप्रसाद शर्मा, डा.गोपालप्रसाद शर्मा अधिकारी, ध्रुव आचार्य र नरेन्द्रजङ्ग पिटरका रहेका छन् ।

यस **परिवर्तन** विशेषाङ्कको प्रधान सम्पादकमा प्रलेस बाँकेका अध्यक्ष हरिप्रसाद तिमिल्सिना रहेका छन् भने सम्पादकहरूमा इन्द्रबहादुर बस्नेत, कवीन्द्रराज भट्टराई र ईश्वरीप्रसाद रिजाल 'उल्कापात' रहेका छन् । ११६ पृष्ठमा रहेको यस सङ्ग्रहका रचनाहरू गणतान्त्रिक चेतनायुक्त छन् ।

## ४.१७ नयाँ नेपालको बाटो

**नयाँ नेपालको बाटो** कला विमर्श केन्द्र पाल्पाले प्रकाशन गरेको संविधान सभा विषयक संयुक्त कविता सङ्ग्रह हो । २०६४ भदौ २९ गते देशको प्रमुख मुद्दा बनेको संधिवानसभाका पक्षमा तानसेनको टुँडिखेलमा आन्दोलनसम्बन्धी कविता वाचनको कार्यक्रम आयोजना गरिएको थियो । त्यस कार्यक्रममा वाचन गरिएका रचनाहरूलाई प्रकाशनका माध्यमबाट पाठकवर्गसम्म पुऱ्याउने उद्देश्यले संधिानसभा विषयक कविता सङ्ग्रह प्रकाशन गरिएको हो । लोकतान्त्रिक गणतन्त्र र संविधानसभा नै नयाँ नेपालको निर्माण गर्ने आधार र प्रस्थानबिन्दु भएकाले यस सङ्ग्रहका कविताहरू यसै अन्तर्वस्तुमा केन्द्रित रहेका छन् । कविताका माध्यमबाट नयाँ नेपालको निर्माणतर्फ अघि बढ्नुपर्ने सन्देश यस सङ्ग्रहबाट पाउन सकिन्छ । ५२ जना कविका एक/एकवटा कविताहरू यसमा रहेका छन् । पाल्पाका पुरानो र नयाँ पुस्ताका कविहरूका यी कविताले संविधानसभामार्फत् गणतान्त्रिक नेपालको स्थापना गरेर नयाँ नेपालको निर्माण गर्न अघि बढ्नुपर्ने सन्देश दिएका छन् ।

**नयाँ नेपालको बाटो**मा संविधानसभालाई नै नयाँ नेपालको बाटोका रूपमा उभ्याउन खोजिएको छ । एकदर्जन कविताका शीर्षकमा त 'संविधानसभा' भन्ने शब्द नै आएको छ । सबै कविताहरूमा संविधानसभाको चुनावपछि गणतन्त्रको स्थापना भई सबै जनताका अधिकार स्थापित

हुनेछन् भन्ने आशा र विश्वास व्यक्त गरिएको छ । यसमा निम्न कविहरूका कविता रहेका छन्- टङ्क पन्थ, अमला शर्मा, अम्बिका आचार्य, अर्पणा रेग्मी, अविराम, आर.बी. 'निश्चल', इन्द्र गहतराज, उज्जल अधिकारी, एकनारायण पौड्याल, कमल खत्री, कुलप्रसाद भण्डारी, कृष्णप्रसाद कोइराला, केशवराज चालिसे, गंगानाथ कोइराला, गुणाकर अर्याल, गोविन्द खनाल, चित्रवलिराम सुवाल, चिरञ्जीवी शर्मा ढुङ्गाना, जनक रावत, जागिरे नेपाली, दयाराम पड्गेनी, दामोदर घिमिरे, नारायण अधिकारी, नारायणी घिमिरे, निर्मल श्रेष्ठ, नीलकण्ठ न्यौपाने, नेत्रप्रसाद न्यौपाने, नेत्रलाल पाण्डेय, पुरुषोत्तम अर्याल, पुष्करराज रेग्मी, पूर्णबहादुर राना, बुद्धिराज नेपाल, महेन्द्र पन्थी, मिराज, राधाकृष्ण शर्मा, विश्वनाथ गैरे, विष्णुप्रसाद पाण्डेय, शङ्करप्रसाद गैरे, शालिग्राम अधिकारी, शिवकुमार मिश्र, श्यामकृष्ण शर्मा, सरोज काफ्ले, सुदीप भण्डारी, हरिप्रसाद बस्याल, हव कुँवर, हिमा भण्डारी । त्यस्तैगरी अतीत मुनु, जनक रावत र सन्तोष सागरका गजल रहेका छन् भने दामोदर घिमिरेका ११ वटा हाइकू रहेका छन् । भेषराज सुवेदी र मुक्ति समाज जिल्ला सांकृतिक मञ्च, पाल्पा र राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान, पाल्पाका गीत रहेका छन् । डा. लक्ष्मणप्रसाद गौतमले यस सङ्ग्रहमा सङ्कलित रचनाहरूको संक्षिप्त समीक्षात्मक लेख प्रस्तुत गरेका छन् । ७३ पृष्ठमा रहेको यस सङ्ग्रहको प्रकाशक संस्थाका अध्यक्ष नेत्रप्रसाद न्यौपाने रहेका छन् ।

## ४.१८ कवितामा गणतन्त्र

लामो समयसम्मको राजतन्त्र विरुद्धको लडाईपछि २०६५ जेठ १५ गते नेपाल गणतान्त्रिक मुलुक घोषणा भयो । गणतान्त्रिक लडाईमा लागेका स्रष्टाहरू गणतन्त्र स्थापना भएपछि त्यसको स्वागत गर्न र जनपक्षीय गणतन्त्र होस् भन्ने कामना गर्न पनि सिर्जनात्मक क्षेत्रबाट लागेको पाइन्छ । चितवनका स्रष्टारुले गणतन्त्रको स्वागतमा रचना गरेका र आन्दोलनको समयका केही कविताहरू सङ्कलन गरी कवितामा गणतन्त्र भन्ने ऐतिहासिक दस्तावेज नै प्रकाशन गरेका छन् । २०६५ जेठ ३२ गते चितवनका साहित्यिक संघ-संस्थाको आयोजनमा भएको 'गणतान्त्रिक कविता उत्सव'मा वाचित कविताहरू तथा चितवनको स्रष्टा आन्दोलनको सङ्क्षिप्त जानकारी यसमा रहेको छ । यसको प्रकाशन गणतान्त्रिक कविता उत्सव संयोजन समितिले २०६५ ले गरेको हो ।

**कवितामा गणतन्त्र** भन्ने यस ऐतिहासिक दस्तावेजमा समीक्षा खण्ड, कविता खण्ड क र ख अनि परिशिष्ट खण्ड रहेको छ । समीक्षा खण्डमा डा.लक्ष्मण गौतमको लेखले चितवनका स्रष्टाहरूले लोकतान्त्रिक आन्दोलनमा गरेका विभिन्न कार्यक्रमहरूको बारेमा सङ्क्षिप्त जानकारी प्रस्तुत गरेको छ । डी.आर. पोखरेल र पूर्णप्रसाद अधिकारीले गणतान्त्रिक कविता उत्सवको बारेमा लेखेका छन् । कविता खण्ड क मा गणतान्त्रिक कविता उत्सवमा वाचन गरिएका ७१ वटा कविता, गीत, गजल र मुक्तक रहेका छन् । कविता खण्ड ख मा २५ वटा कविता र गजल रहेका छन् भने परिशिष्ट खण्डमा गणतान्त्रिक कविता उत्सवका आयोजक सङ्ख्याहरूको नामवली, समितिको नामवली, सहभागी साहित्यकारको नामावली पुस्तक सहयोगार्थ आर्थिक सहयोग गर्नेको नामवली र कविता उत्सवका केही झलकहरू प्रसतुत गरिएको छ । यस पुस्तकको खण्ड क मा निम्न ६० जना कविहरूका एक एक वटा कवि रहेका छन्-

प्रेमविनोद नन्दन, गोविन्दराज विनोदी, प्रकाश चापागाई, सुरेन्द्र अस्तफल, भूपिन व्याकुल, सरिता तिवारी , केदारनाथ खनाल, इन्द्र रेग्मी, श्रीभक्त अच्युत वाग्ले, होमनाथ सापकोटा, किसान प्रेमी, कपिल अज्ञात, बालकृष्ण थपलिया, धनराज गिरी, केशवराज आमोदी, डा. लक्ष्मणप्रसाद गौतम, डी.आर. पोखरेल, गोर्खे साइँलो, राजेन्द्र घायल, द्वारिका नेपाल, खनाल रेवतीरमण, रमेश प्रभात, धनेश्वर भट्टराई, डा. ईश्ववरचन्द्र घिमिरे, धर्मराज अर्याल, सूर्यप्रकाश कँडेल, देवराज पौडेल, रामहरि श्रेष्ठ, श्रीप्रसाद ढुङ्गाना, सङ्गीत आयाम, डी.डीं शर्मा, हरिहर सविता, मोदनाथ मरहठ्ठा, हुसैन खाँ, नकुल परिचित, रमा घिमिरे, नारायणदत्त शास्त्री, कृष्णदेवी शर्मा, मुरलीधर घिमिरे, अश्रु अधिकारी, 'तितेपाती', इन्द्रलाल श्रेष्ठ 'अद्वितीय', बालकृष्ण सुवेदी, सफल पण्डित, सिन्धु गौतम, प्रमिला कोइराला, उदयनाथ रेग्मी, चूणामणि ओली, गुरूप्रसाद सुशील, मायादेवी पोखरेल, निरञ्जन पोखरेल, आशिष न्यौपाने, शिवहरि अधिकारी, एकनारायण पौडेल, मिलन खरेल, सन्तोष सापकोटा, तारा बराल, निर्मला काप्री, बाबुराम बसेल र चन्दा बर्तौल ।

यस सङ्ग्रहमा विनोद अनुज, विमलप्रकाश देवकोटा, भीम न्यौपाने, सोवित सालिनी, भावना पाठक र सन्तोष निर्दोषका एक-एकवटा गजल रहेका छन् । नमुना शर्मा र हरि योञ्जनकमा गीत तथा पुण्य अधिकारी अञ्जलि (७) , गणेश शर्मा पौडेल (४) र सन्तोष पन्थी (२) का १३ वटा मुक्तक रहेका छन् ।

आन्दोलनको समयका केही कविताहरू कविता खण्ड ख मा रहेका छन् । यसमा चितवनका मात्र नभएर अन्य स्थानका स्रष्टाहरूका उत्कृष्ट कविताहरू समेटिएका छन् । यस खण्डमा निम्न स्रष्टाहरूका कविता रहेका छन् - सरुभक्त, श्रवण मुकारुङ, तीर्थ श्रेष्ठ, प्रकाश सायमी, भीष्म उप्रेती, मनु मञ्जिल, निमेष निखिल, कृष्ण प्रसाईं, सरस्वती श्रेष्ठ सरु, एकु घिमिरे, साम्ब ढकाल, विक्रम सुब्बा, सरस्वती प्रतीक्षा, रमेश क्षितिज, रामकृष्ण कँडेल, एकदेव रिमाल, अमर न्यौपाने, गणेशप्रसाद शर्मा, श्यामजी अतिथि, प्रसन्न हरिहर पौडेल, पुण्य पौडेल र शैलेन्द्रप्रककाश नेपाल । यसैगरी डा. नारायणप्रसाद खनाल, सामना पहाड र विष्णु तिवारी उषाका गजल रहेका छन् ।

गणतान्त्रिक कवितासङ्ग्रहका रूपमा रहेको यस ऐतिहासिक दस्तावेज १७६ पृष्ठको रहेको छ । यसका प्रधान सम्पादक प्रकाश चापागाई, कार्यकारी सम्पादक सुरेन्द्र अस्तफल र सम्पादकमा भूपिन व्याकुल, सरिता तिवारी र बालकृष्ण थपलिया रहेका छन् ।

## २४.१९ जनआन्दोलनका १९ दिन र सडकका कविताहरू

जनआन्दोलन-२ को समयका एक चर्चित कवि गण्डकीपुत्रको मुक्तक सङ्ग्रह **जनआन्दोलनका १९ दिन र सडकका कविताहरू** हो । गण्डकीपुत्र मोरङ जिल्लाका स्रष्टा हुन् । यस सङ्ग्रहभिका जनआन्दोलनको समयमा लेखिएका निरङ्कुशता विरोधी ३२ वटा मुक्तकहरू रहेका छन् । यी मुक्तकहरू लोकतन्त्रका शत्रुलाई थला पार्ने वाग्वाणका रूपमा रहेका छन् । आन्दोलनको समयमा निडर र निर्भिक भएर कविता लेख्ने गण्डकीपुत्रले आन्दोलनकै आँधीबेहरीका बीचबाट यी मुक्तकहरू रचना गरेका हुन् ।

यसै सङ्ग्रहको भूमिकामा कृष्ण वस्तीले लेखेका छन्- ". . . जनआन्दोलनका क्रममा लेखिएका र सडकमा वाचन गरिएका यी मुक्तकहरूलाई जनताका हजारौँहजार हातहरूले ताली

बजाएर अनुमोदन गरको दृश्य अहिले पनि मेरा आँखामा नाचिरहेको छ र ध्वनिले कानलाई गुञ्जायमान गरिरहेको छ । कविकै नाम टिपेर भन्नुपर्दा यी मुक्तकहरू आन्दोलनरूपी गण्डकीले कविका हातबाट कुँदेका जनप्रिय शालिग्राम हुन् । आन्दोलनका छालहरूलाई उरालेर उचाइमा लैजान यी मुक्तकहरूको ठूलो योगदान पुऱ्याइएका छन् ।" वस्तीका यी शब्दहरूबाटै यस पुस्तकको बारेमा स्पष्ट हुन्छ । कलापक्षलाई खार्नभन्दा पनि आन्दोलनका पक्षमा सशक्त भएर आवाज उठाइ निरङ्कुशहरूलाई थला पारुञ्जेल हिर्काउने उद्देश्य यसले लिएको छ । यसमा सङ्ग्रहित मुक्तकहरू निरङ्कुश शासकका विरोधमा अत्यन्तै कडा अस्त्र बनेका छन् । स्रष्टाहरूको संयुक्त मञ्च, मोरङका अध्यक्ष नारायण तिवारीले लेखका छन् ". . . बहिरो शासकलाई सडकबाट चुनौति दिन जस्ता शब्द र पङ्क्तिहरू चाहिन्थे उनले त्यही लेखे । बिना डर र विना त्रास जनताका भावनालाई जनताले बुझ्ने गरी लेखे । जनताले दिनहुँजसो सडकमा उनका कविता, मुक्तक सुने र वाहवाही गर्दै ताली पिटे । सबैमा यो साहस हुँदैन ।"

यसरी आन्दोलनको समयमा लेखिएका सशक्त गणतान्त्रिक चेतनायुक्त मुक्तकहरू यस सङ्ग्रहमा रहेका छन् । कृष्ण वस्तीले भूमिका लेखेका छन् भने प्रकाशक निर्मला खतिवडा रहेकी छन् । २०६३ वैशाखमा प्रकाशित यस सङ्ग्रहको मूल्य व्यक्तिगत रु.२५।- र संस्थागत रु.५०।- रहेको छ ।

## ४.२० लोकतान्त्रिक कविता– १

**लोकतान्त्रिक कविता- १** कवि द्वय सुमेरु र ऋतुराजको संयुक्त कविता सङ्ग्रह हो । यसमा सुमेरु खण्डमा सुमेरुका ९ वटा र ऋतुराज खण्डमा ऋतुराजका १२ वटा कविताहरू रहेका छन् । यसमा रहेका सबै कविताहरू जनआन्दोलनको वरिपरि रचना गरिएका हुन् । देशमा चलिरहेको लोकतान्त्रिक आन्दोलनलाई उचाइमा पुऱ्याउने र जनतालाई आन्दोलित तुल्याएर राजतन्त्रका विरुद्धमा जनमत तयार पार्ने उद्देश्य यी कविताहरूको रहेको छ ।

यस कविता सङ्ग्रहका सर्जकहरू सुमेरु र ऋतुराजले 'हाम्रो भन्नु'मा नै यस सङ्ग्रहभित्रका कविताहरूको बारेमा बोल्ने जमर्को गरेका छन् । उनीहरूले भन्छन्- "हामीले जे लेखेका छौं भावनामा बगेर माग लेखेका छैनौं, तत्कालीन परिवेशमा जे देख्यौं, जस्तो अनुभवहरू गऱ्यौं त्यसैलाई कविताको माध्यमबाट व्यक्त गर्ने प्रयासम्म गरेका हौं । यस भित्रका सृजनाहरू अग्रगमनको पक्षमा अमूल परिवर्तनका लागि बोलेका छन् भन्ने हाम्रो बुझाइमात्र हो । नेपाली जनताको टाउकोमा गिर खेलेको २३८ वर्षे सामन्तवादी र सर्वसत्तावादी चरित्रको शासनव्यवस्थालाई जरैदेखि उखेलेर फाल्दै जनगणतन्त्रका लागि हामी सबै नेपालीहरू तयार रहेको अवस्थामा यस विरुद्ध हुन थालेका षड्यन्त्रका गन्धहरू र जनताको आमूल परिवर्तनको चाहनालाई कुल्चन खोज्नेहरूका विरुद्धका आवाज हुन् हाम्रा सृजनाहरू ।" त्यस समयलाई प्रतिबिम्बित गर्ने र निरङ्कुशतालाई पीडा हुञ्जेलसम्म हिर्काएका यस सङ्ग्रहका कविता जनआन्दोलनको समयमा सडकमा सुनाइएका र विभिन्न पत्रिपत्रिकामा छपाइएका कविताहरू हुन् ।

गणतान्त्रिक चेतनाले युक्त यस सङ्ग्रहका कविताहरू तत्कालीन समयका जनताका आवाज हुन् । २०६३ असोजमा प्रकाशित यस सङ्ग्रहका प्रकाशक शारदा ज्ञवाली र माधवी पोखरेल रहेका छन् । ३२ पृष्ठमा रहेको यस सङ्ग्रहको मूल्य व्यक्तिगत रु.२५।- र संस्थागत रु.५०।- रहेको छ ।

## ४.२१ देश जागेको बेला

**देश जागेको बेला** कविता सङ्ग्रह विष्णु भण्डारीले उन्नाइसदिने जनआन्दोलनका समयमा रचना गरेका कविताहरूको सङ्ग्रह हो । यस सङ्ग्रहमा जनआन्दोलन सुरु भएको दिन चैत्र २४ गतेदेखि वैशाख १२ गतेसम्मका आँधीमय २० दिनको समयमा रचना गरेका ३० वटा कविताहरू रहेका छन् । कवि भण्डारीले प्रत्येक दिनका घटनाहरूलाई लिएर कविता रचना गरेको पाइन्छ । कविले वैशाख ४, ५,१० र १२ गते तीन/तीनवटा कविता रचना गरेका छन् भने ३० र २ गते दुई/दुईवटा रचना गरेका छन् । अन्य दिनहरूमा एक-एकवटा कविता रचना गरेको पाइन्छ । भण्डारीका यस सङ्ग्रहभित्रका सम्पूर्ण कविता उन्नाइसदिने आन्दोलनका उपज हुन् भन्ने कुरा उनका कविताबाट स्पष्ट हुन्छ ।

गणेश भण्डारीले भूमिकामा पनि आन्दोलनको काव्यिक अभिव्यक्ति भएको चर्चा गरेका छन् । उनले भूमिकामा लेखेका छन् ". . . यो कविता सङ्ग्रह सामन्ती तानाशाही निरङ्कुशताका विरुद्ध जनआन्दोलन-२ का बेला मृत्युलाई चुनौति दिँदै स्वतन्त्रताका लागि लड्ने इतिहासका निर्माता जनसमुदायको बहादुरीताका अनेकौँ उपक्रमहरूको काव्यिक वर्णन हो । यसो पनि भन्न सकिन्छ, यो सङ्ग्रह १९ दिने महान् जनआन्दोलनलाई सचित्र वर्णन गरिएको काव्यिक अभिव्यक्ति हो । यसलाई काव्यिक दैनन्दिनी भन्न पनि सकिन्छ ।" कवि आफैले पनि त्यो कुरा स्वीकार गरेका छन् । सबै कविताहरू मुक्त छन्दमा रहेका छन् भने संरचनात्मक दृष्टिले मझौला आकारका रहेका छन् ।

**देश जागेको बेला** कविता सङ्ग्रह जम्माजम्मी ८८ पृष्ठको रहेको छ भने ७४ पृष्ठमा कविता मात्र छन् । हंसराज वाग्ले प्रकाशक रहेको यस सङ्ग्रहको मूल्य व्यक्तिगत रु.४०।- र संस्थागत रु. १००।- रहेको छ । २०६३ सालमा यस सङ्ग्रह प्रकाशित भएको हो ।

## ४.२२ आह्वान

चतुर्भुज आत्रेयका लोकतान्त्रिक कविता र गीतहरूको सङ्ग्रह हो **आह्वान** । यसमा २०६२-६३ को आन्दोलनको समयमा रचना गरिएका लोकतान्त्रिक चेतनामूलक कविता र गीत रहेका छन् भने कतिपय गीत र कविताहरू २०३६ र २०४६ सालको आन्दोलनको समयमा रचना गरिएका पनि छन् । विभिन्न आन्दोलनका समयमा रचित ३८ वटा रचनाहरूमध्ये १६ वटा कविताहरू रहेका छन् भने २१ वटा गीतहरू रहेका छन् । आत्रेयका जनआन्दोलन-२ को समयका र त्यसभन्दा अघि रचना गरिएका सबै कविताहरू लोकतान्त्रिक चेतनायुक्त छन् ।

आत्रेयले रचना गरेको कविताहरूको यस सङ्ग्रह २०६४ फागुनमा प्रकाशित भएको हो । व्यक्तिगत मूल्य रु. ३० र संस्थागत मूल्य रु.५० रहेको यस सङ्ग्रहको प्रकाशक सारांश एजुकेशनल एलायन्स बुटवल रहेको छ । ५० पृष्ठको यस सङ्ग्रहको भूमिका माधव पन्थीले लेखेका छन् ।

## ४.२३ अन्य

जनआन्दोलनका समयमा तत्कालीन समसामयिक विषयवस्तुलाई लिएर लेखिएको सङ्ग्रहहरू धेरै छन् । माथि उल्लेख गरिएका बाहेक विशेषाङ्कका रूपमा प्रकाशित भएका अरू पनि सङ्ग्रहहरू हुन पनि सक्छन्, त्यो खोजको विषय पनि हो । विशेषाङ्क मात्र नभएर नियमित रूपमा प्रकाशन हुँदै आएका साहित्यिक पत्रपत्रिकाहरूले पनि यस्ता लेख रचनाहरूलाई अत्यन्तै महत्त्व दिएको पाइन्छ । कविताको लामो रूप खण्डकाव्यसम्म पनि यस विषयमा लेखिएको पाइन्छ । रामप्रसाद ज्ञवालीको **एकादेशमा** (२०६१) खण्डकाव्य पनि राजतन्त्रकै विरोधमा लेखिएको छ । ५ सर्गमा लेखिएको यस खण्डकाव्यमा बादरराजको अन्त्य भएको देखाएर राजतन्त्रको अन्त्य एक दिन अवश्य हुनेछ भन्ने देखाउन खोजिएको छ । गणतान्त्रिक चेतना सशक्त रूपमा देखिएको खण्डकाव्यका रूपमा यसलाई लिन सकिन्छ ।

आन्दोलनको समयमा कविता, गीत, गजल आदि कृतिका रूपमा मात्र आएका छैनन् । सि.डी. र क्यासेटहरूमा पनि आन्दोलनसँग सम्बन्धि कविता, गीत, गजल, प्रकाशित भए । मणि काफ्लेको एकदर्जन कविताहरू समावेश भएको एल्वम जनआन्दोलन सफल भए लगत्तै प्रकाशित भएको थियो । राष्ट्रिय जनसांस्कृतिक मञ्चले **गणतन्त्र ल्याउन** र **संविधान सभा** भन्ने गीति एल्वमहरू प्रकाशित गरेको छ । बद्री पङ्गेनीको पनि आन्दोलन गणतन्त्र स्थापना गर्नुपर्ने विषयलाई लिएर एउटा एल्वम नै प्रकाशन गरेका छन् । यस क्रममा गणतान्त्रिक चेतना भएका, एल्वमहरूको नाम अरू पनि जोड्न सकिन्छ । कतिपय गीतहरू पहिलेदेखिकै भए पनि यस समयमा निकै चर्चामा आएका थिए । रामेश रायनले गाएको गाउँ गाउँबाट उठ . . . जस्ता गीतहरू धेरै गुञ्जिए । रक्तिम सांस्कृतिक परिवार र माओवादीसँग सम्बन्धित राष्ट्रि जनसांस्कृतिक महासंघलगायतका सांस्कृतिक टोलीहरूले प्रकाशन गरेका एल्वमहरूलाई पनि गणतान्त्रिक चेतना जगाउने गीतहरू प्रशस्त मात्रामा रहेका छन् । माओवादीसँग सम्बन्धित सांस्कृतिक टोलीहरूका त जनयुद्ध यताका धेरैजसो गीतहरू गणतान्त्रिक चेतनायुक्त नै छन् । गणतान्त्रिक चेतना जगाउन गीतहरूले ठूलो प्रभाव पारेको देखिन्छ । जनआन्दोलन वरिपरि गाउँदेखि सहरसम्म नै गणतान्त्रिक चेतना जगाउने खालका क्रान्तिकारी गीतहरू सुनिन्थे । यस श्रृङ्खलामा अरू धेरै एल्वमहरू र गीतहरू जोडेर छुट्टै अध्ययनको विषय बनाउन सकिन्छ ।

आन्दोलनको समयमा अधिकांश साहित्यकारहरूको सिर्जनाको विषयवस्तु पनि आन्दोलन नै भएको हुँदा गणतान्त्रिक सिर्जनायात्रमा सयौँ कवि र कविता जोडिएको पाइन्छ । नियमित रूपमा प्रकाशन हुँदै आएका साहिहित्यक पत्रपत्रिकामा यस्ता धेरै रचनाहरू पाउन सकिन्छ । समाचारमूलक पत्रपत्रिकाले पनि यस्ता रचनाहरूलाई राम्रै स्थान दिएको पाइन्छ । यस्ता केही पत्रपत्रिकामा **वेदना, नागार्जुन, शब्द संयोजन, मिर्मिरे** आदिलाई लिन सकिन्छ । **मूल्याङ्कन समय, नेपाल, हिमाल, जनएकता** जस्ता मासिक⁄ साप्ताहिक तथा दैनिक पत्रिकाहरूले गणतान्त्रिक लेख रचनालाई ठाउँ

दिए । देशभरका यस्ता पत्रपत्रिकाहरूको ठूलो सूची नै यतरा गर्न सकिन्छ । यस लेख विशेषाङ्कका रूपमा प्रकाशित सङ्ग्रहमा केन्द्रित भएको हुँदा त्यस्ता पत्रपत्रिकाहरूको नाम उल्लेख गर्न सकिएको छैन ।

पत्रपत्रिका बाहेक व्यक्तिगत रूपमा प्रकाशित कतिपय कविता सङ्ग्रहमा पनि गणतान्त्रिक चेतनायुक्त कविता, गीत गजल आदि भेटिन्छन् । यस क्रममा रामप्रसाद ज्ञवालीको **असुरग्याँस !** हरिगोविन्द लुइँटेलको **निर्माणाधीन**, यशोदा अधिकारीको **निषेधविरुद्ध** जस्ता सङ्ग्रह लिन सकिन्छ । यस्ता धेरै सङग्रहहरू छन् जसमा आन्दोलनका समयमा निरङ्कुशता विरुद्ध लेखिएका कविताहरू पनि समावेश भएको पाइन्छ । माओवादी जनयुद्धको समयमा र युद्धविरामपछि पनि लेखिएका धेरैजसो सङ्ग्रहहरूमा पनि जनयुद्धको सन्दर्भ जोडिएर गणतान्त्रिक चेतना आएको देखिन्छ । जनयुद्धमै होमिएका स्रष्टाहरूले सिर्जना गरेका रचनाहरूमा त जनयुद्धको सुरुदेखि नै गणतान्त्रिक चेतना आएको देखिन्छ । जनयुद्धसँग सम्बन्धित कृतिहरू यहाँ उल्लेख गरिएको छैन ।

## ४.२४ निष्कर्ष

साहित्यिक समाचार गतिविधि सम्बन्धी र गणतान्त्रिक चेतना जगाउने खालका लेख रचना प्रकाशन प्रसारणबाट साहित्यकारलाई मात्र होइन आम जनतालाई नै आन्दोलित बनाउन समाचारमूलक र साहित्यिक पत्रपत्रिकाले ठूलो भूमिका खेलेको देखिन्छ । विशेषाङ्क र कविता सङ्ग्रह गरी करिब २ दर्जन जति कृति लोकतान्त्रिक /गणतान्त्रिक सङ्ग्रह भनेर नै प्रकाशित भएको पाइन्छ । यस बाहेक पनि धेरै साहित्यिक र समाचारमूलक पत्रपत्रिकाले राजतन्त्रका विरोधमा लेखिएका रचनाहरू प्रकाशन गरेका थिए । २०५९ पछिको साहित्यिक माहोल नै गणतन्त्रमय बनाउनुमा स्रष्टाहरूका विभिन्न गतिविधिका साथै पत्रपत्रिकाको ठूलो योगदान रहयो ।

# पाँचौं परिच्छेद
# आन्दोलनका कविताहरूको प्रवृत्ति

## ५. नेपाली कवितामा गणतान्त्रिक चेतना

नेपाली साहित्यमा कविताको प्रारम्भ राजा-महाराजाहरूको स्तुतिगान र युद्धको विषयवस्तुलाई लिएर भएको पाइन्छ । कविताले जनताका आवाज उठाउने र समाज परिवर्तनका लागि सन्देश दिने काम काम गर्छ र गर्नुपर्छ तर लामो समयसम्म नेपाली साहित्य भाट साहित्यको स्तरभन्दामाथि पुग्न सकेन । जनताका पक्षमा आवाज उठाउँदा र शासकवर्गका नकारात्मक पक्षहरूप्रति थोरै पनि असन्तुष्टि व्यक्त गर्नासाथ शासकहरूले कडा कारवाही गरेको पाइन्छ । वि.सं. १९९० को दशकको राजनीतिक चेतनासँगै साहित्यमा नवीन आयामहरू थपिन थाल्छन् र केही साहित्यकारहरूले जनताका आवाज उठाउने हिम्मत गर्न थाल्छन् । कृष्णलालदेखि धरणीधर हुँदै कृष्णसेनसम्म आउँदा गणतन्त्रको आवाज एकपछि अर्को उचाइमा पुग्दै गएको पाइन्छ । नेपाली साहित्यमा सङ्गठित रूपमा चर्को गरी गणतन्त्रको आवाज उठेको २०५९ पछि नै हो । मार्क्स एङ्गेल्सद्वारा प्रतिपादित द्वन्द्वात्मक भौतिकवादलाई स्वीकार गर्ने प्रगतिवादी धारका स्रष्टाहरू सिद्धान्ततः गणतन्त्रवादी नै रहेका हुन्छन् । वि.सं. दुई हजारको पहिलो दशकदेखि नै प्रगतिवादी स्रष्टाहरूले गणतान्त्रिक चेतनायुक्त रचनाहरू सिर्जना गर्न थालेको पाइन्छ र २०५२ को माओवादी जनयुद्धसँगै केही स्रष्टाहरूले सामन्ती राज्यव्यवस्थाकै अन्त्यका लागि आवाज उठाउने क्रममा पनि सङ्गठित रूपमा गणतन्त्रको आवाज उठाइएको देखिन्छ । २०५९ भन्दा पहिला जे-जस्ता गणतान्त्रिक आवाज उठे र सङ्गठित प्रयास भए त्यसलाई स्रष्टाहरूको गणतान्त्रिक आन्दोलनको पृष्ठभूमि मान्नुपर्ने हुन्छ । २०६०-६५ सम्मको ५ वर्षमा नेपाली साहित्य राजनीतिबाट प्रत्यक्षरूपमा प्रभावित भएको छ र गणतन्त्रमय नै बन्न पुगेको छ । यद्यपि साहित्यमा राजनीतिक प्रभाव हुनु हुँदैन भन्ने र प्रत्यक्ष अप्रत्यक्ष रूपमा निरङ्कुश शासकको पृष्ठपोषण गर्नेहरूको पनि एउटा जमात नभएको चाहिँ होइन ।

२०५८ जेठ १८ को दरबार हत्याकाण्डपछि राजा बन्न पुगेका ज्ञानेन्द्रको प्रत्यक्ष शासन गर्ने महत्वकाङ्क्षा, राजतन्त्रसहित सामन्ती राज्यव्यवस्थाको अन्त्य गर्न २०५२ देखि सुरु भएको माओवादी जनयुद्ध, दरबारबाट धोका पाएका नेपाली काङ्ग्रेस र ने.क.पा. (एमाले) जस्ता ठूला संसदीय पार्टीहरूको दरबार विरोधी नीति जस्ता कारणले नेपाली राजनीतिमा ठूलो हलचल पैदा भयो । जननिर्वाचित प्रधानमन्त्रीलाई अपदस्थ गरी राजाले प्रत्यक्ष शासन सुरु गरेपछि नेपाली राजनीतिमा ध्रुवीकरण सुरु भयो र दरबारका विरोधमा संसदीय दल र माओवादी एकजुट भए । त्यसको प्रभाव नेपाली साहित्यमा पनि पर्‍यो र स्रष्टाहरूले चर्को गरी गणतन्त्रको पक्षमा कलम चलाउन थाले ।

एकीकृत नेपालको निर्माणअघि लिच्छवी, किराँत, सेन, मल्ल र एकीकरणपछि शाहवंशको २०४० वर्षे लामो शासन तथा १०४ वर्षे राणशासनको कालमा सामन्ती सामाजिक संरचना कायम भएको पाइन्छ । स्रष्टाहरूको गणतान्त्रिक आन्दोलन यही हजारौँ वर्षदेखि विकास भएको अन्यायी

सामन्ती सामाजिक परम्पराको विरोधमा थियो । सामन्ती नेपाली समाजको परिवर्तनमा लागि नेपाली साहित्यले लामो अनुभवको क्षितिज बनाएको छ जसको बारेमा पहिलाका अध्यायहरूमा चर्चा गरिसकिएको छ । यहाँ २०५९ पछि गणतन्त्र प्राप्तिका लागि भएको ५ वर्ष लामो अवधिमा रचना गरिएका गणतान्त्रिक कविताको सामान्य अध्ययन गरी प्रवृत्तिका बारेमा सङ्क्षिप्त रूपमा चर्चा गरिएको छ ।

यहाँ कविताको परिभाषा, वर्गीकरण, तत्व आदि सैद्धान्तिक पक्षका बारेमा चर्चा नगरी कवितासम्बन्धी जे-जस्ता आधारभूत मान्यता रहेका छन् त्यसका आधारमा कवितालाई छुट्टाइएको छ । गीत, गजल, मुक्तकमा सन्दर्भमा पनि यसै गरिएको छ । स्रष्टाहरूको सडक आन्दोलनका क्रममा कविता, गीत, गजल र मुक्तक नै धेरै सुनिए र सुनाइए । गणतान्त्रिक आन्दोलनमा स्रष्टा सहभागिताका कुरा गर्दा आख्यानकार, समालोचक, रङ्कर्मी, कलाकर्मी, नाट्यकर्मीहरूको पनि उत्तिकै सहयोग र सहभागिता रहेको पाइन्छ । सडकमा भएका आन्दोलनका कार्यक्रमको बारेमा अघिल्लै अध्यायमा जानकारी प्रस्तुत गरिएको छ ।

यहाँ मूलतः कविताहरूको विश्लेषण गरिएको छ । कवितासँगै सडक तताउने गरी गाइएका र सुनाइएका गीत, गजल र मुक्तकलाई पनि एकै ठाउँमा विश्लेषण गरिएको छ । विधागत समानता र पृथकताका कुराहरू उठाएर एकै ठाउँमा विश्लेषण गर्नु ठीक र बेठीक भन्ने पश्न उठ्न पनि सक्छन् तर उद्देश्य, विषयवस्तु, भाव आदिमा समानता देखिन्छ । बाह्यपक्षका संरचनात्मक स्वरूप निश्चय नै भिन्दै छन् तर यहाँ बाह्य संरचनाभन्दा आन्तरिक संरचना र कलात्मकताको लेखाजोखाभन्दा प्रयोजनगत आधारलाई बढी महत्त्व दिनु उचित हुन्छ । यहाँ कला साहित्यको पद्य विधाको मात्र विश्लेषण गरिएको छ । अन्य विधाको विश्लेषणमा शोधका सीमाहरू रहेका छन् ।

स्रष्टा आन्दोलनको मुख्य उद्देश्य राजसंस्थालगायत सामन्ती राज्यव्यवस्थामा परिवर्तन गरी जनपक्षीय शासनव्यवस्था स्थापना गर्नु रहेको थियो । नेपाली जनताको दमन, उत्पीडन, शासना र ताडनाको मूल तत्त्व वा शक्तिका रूपमा राजतन्त्र नै हो र त्यो बाधक शक्तिका विरुद्ध उभिनुपर्छ भन्ने भावना भएको देखिन्छ । नेपाली समाज र जनताको रुचि भनेकै गणतन्त्र हो र त्यसको बाधक राजतन्त्र हो भन्ने कुरामा यस अवधिमा आन्दोलनमा उत्रने स्रष्टाहरू स्पष्ट छन् । बाहिरी र भित्री दुवै रूपमा कविहरू राजतन्त्रका विरुद्ध उभिएका छन् र आफ्ना कविताको अन्तर्वस्तु गणतन्त्र नै बनाएका छन् । अन्य प्रवृत्ति गणतान्त्रिक /लोकतान्त्रिक चेतनाकै अभिव्यक्तिको परिपुरक प्रवृत्तिका रूपमा देखापरेका छन् । आन्दोलनका कविता (गीत, गजल र मुक्तक समेतको) को प्रवृत्तिलाई बुँदागत रूपमा यसरी प्रस्तुत गर्न सकिन्छ ।

- राजतन्त्रप्रति विरोध र आक्रोशको भावना,
- लोकतन्त्र/ गणतन्त्रप्रति आस्था र विश्वास,
- राजतन्त्रको अन्त्यको सुनिश्चितता र सुदूर भविष्यको चित्रण,
- विद्रोही चेतनाको अभिव्यक्ति,
- संविधानसभाको सुनिश्चितता र नेताहरूप्रतिको खबरदारी,
- सहिदको त्याग र बलिदानको सम्मानका साथै सपना साकार पार्ने प्रतिबद्धता,
- सीमान्तीकृत वर्ग, क्षेत्र, लिङ्ग, जात आदिबाट अधिकारको खोजी,

- वंशविनाश हुने गरी भएको दरबार हत्याकाण्डको विरोध ।

(प्रवृत्ति विश्लेषणको मूल आधार चौंथो अध्यायमा समेत चर्चा गरिएका लोकतन्त्र/गणतन्त्र विशेषाङ्कका रूपमा प्रकाशित पत्रिका र पुस्तकहरूलाई मानिएको छ ।

## ५.१ राजतन्त्रप्रति आक्रोश र विरोध

जनआन्दोलनका धेरै कवितामा राजतन्त्रप्रति कडा आक्रोश र विरोधको भावना पाउन सकिन्छ । जनतामा भएको प्रजातान्त्रिक अधिकारसमेत खोसी निरङ्कुश शासन चलाउन थालेको विरोधमा कविहरू सशक्त ढङ्गले प्रतिकारमा उत्रेका छन् । जनतालाई अधिकारबाट वञ्चित गराउने र सदियौंदेखि सामन्ती संस्कारको जाँतोमुनि पिल्सन बाध्य बनाइरहने राजतन्त्रका विरोधमा कविहरूले आक्रोश पोखेका छन् । जनताका हक र अधिकारको प्राप्ति तथा अग्रगामी विकासको लागि राजतन्त्रलाई बाधकका रूपमा देखाइएको छ । आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक रूपमा नेपाल पछाडि पर्नुमा राजतन्त्र र त्यसले हुर्काएको सामन्ती संस्कार कारकका रूपमा रहेको कुरा प्रस्तुत गरिएको छ । विश्वमा सामन्ती राज्यव्यवस्थाको स्थापनासँगै स्थापित भएको राजतन्त्र पूँजीवादी युगको विकाससँगै भएका क्रान्तिहरूबाट अन्त्य भएको र विश्वले विकासका ठूला-ठूला फड्का मारिरहेको तर नेपाल त्यही सामन्ती युगमा विकास भएको राजतन्त्रको बुटमुनि किचिइरहनुपरेको अवस्थालाई कवितामा प्रतिबिम्बित गरिएको छ । एक्काईसौं शताब्दीको युगसम्म पुग्दा पनि नेपाल उन्नति र प्रगतिको दिशातर्फ लम्कन नसक्नुमा राजतन्त्र बाधका भएको देखाइएको छ । कुनै प्रयोजन नभएको राजसंस्थालाई वर्षेनी करोडौं खर्च गरेर पाल्न परिरहेको र गरिब देशका जनताले राजसंस्थाको ठूलो आर्थिक भार बोक्न नसक्ने कुरा कवितामा प्रस्तुत भएको देखिन्छ । तत्कालीन राजा ज्ञानेन्द्र र राजसंस्थाप्रति घृणा उत्पन्न गर्ने आक्रोशपूर्ण भाव भएका केही कविताहरू हेरौं - *खान्न पीपलका पात धौताका मूर्ति घिच्दछ*

*पानी प्यूँदैन यो आफ्नै वंशको रगत प्यूँदछ*
*श्वेत आतङ्कारी यो यसको कुन काम छ ?*
*यो अस्ताचलको राहू राख्दा नेपाल जाम छ ।*

-रामचन्द्र भट्टराई, **लोकतन्त्रको शङ्खनाद**, सेतो हात्ती

प्रस्तुत कवितामा राजालाई सेतो हात्ती, श्वेत आतङ्कारी, अस्ताचलको राहू जस्ता विशेषणहरू दिँदै शास्त्रीय अनुष्टुप छन्दमा कलात्मक रूपमा प्रस्तुत गरिएको छ । प्रतिफल प्राप्त नहुने क्षेत्रमा करोडौंको लगानी भइरहेकोले यो राख्दाम्म नेपालीको प्रगति र उन्नति नहुने कुरालाई यहाँ प्रस्तुत गरिएको छ । तत्कालीन राजा ज्ञानेन्द्रलाई वंशविनाशको समेत आरोप लगाउँदै श्वेत आतङ्कारीका रूपमा प्रस्तुत गरिएको छ । यो राख्दासम्म प्रगति र उन्नतिको बाटो जाम भइरहने हुँदा लात लगाएरै भए पनि पल्टाउनु पर्ने विचार प्रस्तुत गरिएको छ । अर्का कविले राजसंस्था कहिल्यै पनि जनहितमा नभएको भन्दै फल नलाग्ने बूढो रुखले त्यसमुनि खेतीपाती गर्न नदिने र अरू रुखहरूलाई हुर्कन पनि नदिने गरेजस्तै राजतन्त्रको निरङ्कुश र आतङ्कारी छायामा देश वर्वाद हुँदै गएको कुरा प्रस्तुत गरेका छन् । आफूले त उहिल्यै त्यस रुखको जरासमेत खोतलेर फाल्नुपर्ने बताएको भन्दै अब जरासमेत पलाउन नसक्ने गरी त्यसको अन्त्य गर्नुपर्ने बताएका छन्-

*तिमीलाई मैले त्यतिबेलै भनेको थिएँ*
*त्यो रुखलाई फेदबाटै ढाल्नुपर्छ*
*र यसका जरासमेत उखेलेर दाउरा बाल्नुपर्छ*
*डोब पुरेर त्यसमाथि जुनेलो छर्नुपर्छ*
*तर तिमीले मानेनौ*
*र त्यसका हाँगामात्र लाछ्यौ*
*तिमीले सुनेनौ र टुप्पोमात्र भाँच्यौ*
*आखिर*
*अहिले तिमी स्वयम् आश्चर्यचकित भएका छौ।*

-कृष्ण धरावासी, **वेदना**, मैले त उतिबेलै भनेको थिएँ

कविहरूले एक्काईसौं शताब्दीको दुनियाँमा कसैको हुकुम र प्रलापबाट देश चल्दैन भन्दै राजतन्त्रलाई इतिहासका पानामा मात्र कैद गर्नुपर्ने विचार व्यक्त गरेका छन् । श्रीपेच लगाएर जनतालाई ब्रह्मलुट गर्दै खाने दिनको अन्त्य भएको घोषणा प्रष्टैसँग गरिदिएका छन्-

*मैले त प्रस्टैसँग भनिदिएको छु*
*अब सुहाउँदैन कल्की कसैका कपालमा*
*र चल्दैन हुकुम कसैको प्रलापमा*
*तिमीसँगको भेट मात्र सङ्ग्रहालयमा सम्भव छ ।*

-मुरारी पराजुली, **लोकतन्त्रको शङ्खनाद,** मैले प्रष्टै भनिदिएको छु

राजाले लगाउने गरेको पोशाक पटक्कै नसुहाएको र दुनियाँमा सबैभन्दा बैगुन मान्छेजस्तो देखिने कुरा प्रस्तुत गरेर राजतन्त्रप्रति घृणा प्रस्तुत गरेका छन् –

*ख्वामित*
*पोशाकले हजुरलाई पटक्कै सुहाएन*
*के एकपल्ट आफै ऐना हेर्नुहुन्छ ?*
*माफ पाऊँ*
*हजुर त एक्काइसौं शताब्दीकै*
*सबैभन्दा खुनी मान्छेजस्तो देखिनुहुन्छ*
*शायद दरबारमा जन्मने जनावरलाई*
*घरजस्तो देशको माया लाग्दैन*

स्वप्नील स्मृति, **नागार्जुन,** ख्वामित

सधैं घोकाइएको राजा-महाराजाको कीर्ते इतिहासका स्थानमा जनताको इतिहास लेखेर अगाडि बढ्नुपर्ने र जाली मान्यतालाई कुल्चेर जनताको अधिकार स्थापना गर्न लाग्नुपर्ने धारणा धेरै कविहरूले प्रस्तुत गरेका छन् । राजालाई विष्णुको अवतार, राजा सबका साझा, राष्ट्रिय एकताको प्रतीक जस्ता प्रायोजित भ्रमहरूका विरुद्धमा लड्नुपर्ने धारणा कविले यसरी प्रस्तुत गरेका छन्-

*आज इतिहासका खण्डहरू उधिन्ने बेला आएको छ*
*हाम्रो तोते बोलीसँगै बलजफ्ती घोकाइएका*
*इतिहासका ठप्पा लागेका घटिया पानाहरू*
*धुजा-धुजा पारेर च्यात्ने बेला आएको छ*
*आज इतिहासका खण्डहरू . . .*

-ऋषिराम भुसाल, **लोकतन्त्रको शङ्खनाद**, इतिहासका प्रायोजित मिथकहरू

राजाको शासनकालमा स्वतन्त्रताको पक्षमा बोल्न खोज्नेहरूलाई बन्दुकका बलमा तह लगाउन खोजिन्थ्यो । श्वेत आतङ्क बनेर राजतन्त्रले जनतालाई तर्साइरहेको थियो । यसलाई आदीम टोप भिरेको एउटा पागल पागलखानाबाट निस्केर आतङ्क मच्चाइरहेकोले त्यसका विरोधमा जुट्न भनिएको छ -

*अचेल गाउँ*
*टोप आतटङ्कले ग्रस्त छ*
*र सहर मध्यान्ह नहुँदै*
*टोप आतङ्कको विरोधमा जुट्छ*
*हावा हुण्डुरी चलेको यो बेला*
*पागलखानाबाट निस्केर*
*फेरि एउटा पागल*
*हावाका झोक्काहरूले*
*भुइँमा झार्न खोजिरहेको र*
*रगत लतपतिएको*
*एउटा आदीम टोप भिरेर*
*हाम्रो बस्तीमा निस्केको छ ।*

-मातृका पोखरेल, **नागार्जुन,** टोप आतङ्क

तानाशाहहरूले जनताका इच्छा र आकाङ्क्षाहरूलाई जति दमन गर्न खोज्यो त्यति जोडसँग बिस्फोट हुने र एकदिन बिस्फोटमा परी अन्त्य हुने कुरालाई कविले यसरी व्यक्त गरेका छन् -

*मार, मार इच्छाहरूलाई*
*तर जति प्रयत्न गरे पनि*
*हात्ती , घोडा , भाला, तरबार*
*सेना, तोप लगाएर पनि*
*इच्छाहरू मार्न सकिएन*
*थकित भए*
*हार माने*
*सेनापति, भारदार, गुप्तचर र सिपाहीहरू*
*यही असफलताको शोकमा*
*बादशाहको मृत्यु भयो ।*

-विमल निभा, **वेदना,** इच्छा

लामो समयसम्म जनतामाथि राज गर्दै आइरहेको निरङ्कुश शासकहरूलाई बुख्याँचाका रूपमा प्रस्तुत गरेर तुच्छ र घटिया प्राणीको रूपमा यसरी प्रस्तुत गरिएको छ -

*नर्कटको हातगोडा*
*फुटेको हाँडीको टाउको*
*भुत्राम्याम्टा लुगामा*
*बुख्याँचा*
*आफूलाई अभिनेता सम्भिरहेछ*
*नायक मानिरहेछ ।*

-बेञ्जु शर्मा, **वेदना,** बुख्याँचा

देश सङ्कटमा परिरहेको बेलामा पनि सयौं राइफलधारीहरू वरिपरि लगाएर राष्ट्रिय ढुकुटी रित्याउँदै अभिनन्दन ग्रहण गर्न देशका ठाउँ-ठाउँमा घुम्नेलाई लोकतन्त्र प्राप्तिपछि अपराधीको रूपमा कडा सजाय दिनुपर्ने कुरालाई यसरी प्रस्तुत गरिएको छ -

*जनताको एकताको दह्रो माला उन्नुपर्छ*
*निरङ्कुशतालाई पछारेर लोकतन्त्र चुन्नुपर्छ*
*दुईचार दिन हो हेलिकप्टर चढेर डुलोस् माइलो*
*लोकतन्त्र आएपछि त्यसलाई अरू जनावरसँगै चिडियाखानामा थुन्नुपर्छ*

-गण्डकी पुत्र, **आन्दोलनका उन्नाइस दिन र सडकका कविता** (मुक्तक)

राजाको विरोधमा उठेका मुर्दावादका हातहरू सामाजिक न्याय स्थापना गर्नका लागि उठ्नैपर्ने थिए र उठे । त्यो उचित काम थियो भन्दै कवि लेख्छन्-

*उसले तिमीलाई सराप्यो त*
*के बिरायो ?*
*सराप्नलायक बैगुनीभन्दा अरू बढी*
*के छ तिमीसँग ?*
*तिम्रा बैगुनले आजित भएर उसले*
*तिमीलाई मुर्दावाद भन्यो त*
*के बिरायो ?*
*रातको जनुकिरीले*
*शरीरमा आगो सल्कायो त*
*के भयो ? ठीकै भयो*

-राजेन्द्र पौडेल, **वेदना,** उसले ठीकै गऱ्यो

स्रष्टाहरूले राजसंस्था अहिले आएर मात्र खराब भएको नभई पहिलेदेखि नै जनताविरोधी भएको देखाएका छन् । तत्कालीन राजामात्र होइन नेपाल एकीकरण गर्ने राजा पृथ्वीनारायण र

त्यसपछिका राजाहरूलाई समेत सामन्ती व्यवस्थाको संरक्षकका रूपमा उभ्याएका छन् । पृथ्वीनारायण शाहको नियतमाथि नै शङ्का गर्दै कवि लेख्छन् -

*मैले मेरो देशलाई माया गरेको छु*
*सट्टामा सधै दुःख पाएको छु*
*त्यसैले पृथ्वीनारायण तिमीले ठड्याएको औँला*
*एकताको हो कि एकलौटीको*
*तिमीलाई प्रश्न सोधिरहेको छु ।*

-तीर्थ श्रेष्ठ, **मुक्ति सङ्घर्ष**, प्रश्न

राजालाई इतिहासकै सबैभन्दा दुष्ट मानिसको रूपमा उभ्याएर संसारकै कुख्यात तानाशाहको रूपमा यसरी प्रस्तुत गरिएको छ -

*मान्छे चपाउन अभ्यस्त*
*इतिहासकै सबैभन्दा दुष्ट मान्छे हो ऊ*
*अँध्यारो रातमा*
*बन्दुक भुक्न लगाएर*
*पूरै बस्तीलाई*
*मसानघाट बनाउन सक्छ*
*सहिदको रगतलाई सैनिक बुटले कुच्चिएर*
*झण्डालाई पुनः प्रतिबन्ध*
*लगाउन पनि सक्छ*
*ऊ ज्याउलहकको नकिजको मान्छे हो*
*प्रजातन्त्रलाई फाँसीमा झुण्डाएर*
*मृत्युदण्ड दिन पनि सक्छ ।*

लिखत पाण्डे, **वेदना,** इतिहासको सबैभन्दा दुष्ट मान्छे

देशलाई सङ्कटको अवस्थामा पुऱ्याउने र जनतालाई भोकै राखेर आफूले डकार्ने गरेको राजसंस्थाप्रति घृणा व्यक्त गरिएको छ । कवि लेख्छन्-

*खोसी खान्छ र जो डकार्दछ जो लाखौं रुवाइकन*
*पैसा लग्छ विदेशका सहरमा देशै डुवाइकन*
*आस्था छैन यहाँ, छ दुरतिरको अन्त कतै चिन्तन*
*त्यै हो सङ्कटकालको मुहान धमिलो यो देशको दुश्मन ।*

-मित्रलाल पङ्गेनी, **वेदना,** सेना र प्रहरीसँग

जनआन्दोलनको समयमा गणतान्त्रिक चेतना भएका गजलहरू पनि लेखिएको पाइन्छ । सामान्यतया गजल शृङ्गारिक चेतना भएका लेखिएको पाइन्छ । आन्दोलनका समयमा गजलको विषय माया र प्रेम नभएर अधिकारको खोजी भएको पनि देखिन्छ । राजतन्त्रको विरोधमा यस्ता गजलहरू लेखिएको छ -

*कोही काठ बटुल है कोही मट्टितेल खोज*
*रावणको लङ्का फेरि परेको छ जलाउन*
*अन्धो धृतराष्ट्रलाई भनिदिए हुन्छ अब*
*हामी पनि सक्षम छौँ राजकाज चलाउन ।*

-बुँद राना, **लोकतन्त्रको शङ्खनाद** (गजल)

कतिपय कविताहरूमा शासकलाई नरभक्षी बाघका रूपमा उभ्याइएको छ । बाघभन्दा पनि बढी खतरनाक र रक्तपिपासु बनेर उभिएको राजसंस्थाको कुरूपतालाई यसरी प्रस्तुत गर्दै अन्त्य गर्नुपर्ने घोषणा गरिएको छ-

*कसरी सकिन्छ एक्काइसौँ शताब्दीमा*
*बाघ पाल्न एउटा व्यस्त शरहमा*
*जसले मागिरहन्छ*
*प्यास मेटाउन हेरकपल्ट*
*देशभक्त मानिसको आलो रगत*
*सेता महलमा सजाउन*
*युगनिर्माता कालीगढहरूको*
*भर्खरै काटिएको टाउको*
*उत्कृष्ट कलाकारहरूका*
*भर्खरै काटिएका हातहरू*
*त्यसैले हामीले*
*निर्णय गरिसक्यौँ*
*अब सिध्याउनुपर्छ*
*सहरको नरभक्षी जनावरलाई*
*यसको सिङ्गै वंश परम्पराहरू*

-कुसुम ज्ञवाली, **वेदना**, बाघ, चिडियाखाना र सहर

## ५.२ लोकतन्त्र (गणतन्त्र) प्रति आस्था र विश्वास

जनआन्दोलनका क्रममा सिर्जना गरिएका कविताहरूले लोकतान्त्रिक चेतना मुख्य रूपमा अभिव्यञ्जित भएको पाइन्छ । जनताका अधिकारको सु-निश्चिततताको माग गर्दै अन्याय, अत्याचार र निरङ्कुशताको विरोध गरी लोकतान्त्रिक व्यवस्थाको स्थापना गर्नुपर्ने भाव त्यस बेलाका कवितामा पाइन्छ । जनआकाङ्क्षा पूरा गर्नका लागि लोकतान्त्रिक व्यवस्थाको स्थापना हुनुपर्ने कुरा कविहरूले उठाएका छन् । तत्कालीन समयको राज्यसंरचना र त्यसले विकास गरेका सामाजिक संरचनाबाट राज्यको प्रगति हुन नसक्ने भन्दै परिवर्तनको आकाङ्क्षा प्रकट गरेको देखिन्छ । नेपाली जनताको आस्था र विश्वास लोकतान्त्रिक व्यवस्थामा थियो र स्रष्टाहरूले पनि राजतन्त्रका सम्पूर्ण अवशेषहरूको अन्त्य गरी लोकतन्त्र स्थापना गर्नुपर्ने माग गरेका थिए । राजनीतिक पद्धतिकै लागि परिवर्तनका पक्षमा स्रष्टा आवाज उठेको पाइन्छ । लोकतान्त्रिक व्यवस्था स्थापनाकालागि राजतन्त्र

प्रमुख बाधकशक्तिका रूपमा रहेकोले राजतन्त्रप्रति कडा आक्रोश र घृणा व्यक्त हुनु स्वाभाविकै देखिन्छ । लोकतन्त्रप्रति धेरै कविहरूको आस्था र विश्वास रहेको देखिन्छ । जस्तै –

*संविधानका पन्ना पन्नामा फलेका*
*गुलिया चिल्ला धारिला अक्षरहरू*
*भोक मार्ने मकै भटमास बन्न सकेनन्*
*तसर्थ सुरु भएको गणतन्त्रको खेती ।*

-विक्रम सुब्बा, **वेदना,** गणतन्त्रको खेती

देशमा प्रजातान्त्रिक व्यवस्था स्थापना भएपछि बनेको संविधानमा जे जस्ता जनअधिकारका कुरा उल्लेख भएको भए पनि त्यो संविधान र त्यसबाट चलेको शासनव्यवस्थाले जनताका इच्छा र आकाङ्क्षाहरू पूरा हुन नसकेको हुँदा गणतन्त्र प्राप्तिका लागि लडाई सुरु भएको कुरा यी पङ्क्तिमा देखाइएको छ । गणतन्त्रको स्थापनापछि मात्र जनमुखी शासनव्यवस्था स्थापना हुने विश्वास प्रकट गरिएको छ । अहिलेसम्मका विभिन्न शासनव्यवस्थामा जनताले राहत महसुस गर्न नपाएको र गणतन्त्रमा मात्र त्यस्तो अवस्था आउँछ भन्ने विश्वास स्रष्टाहरूले लिएको पाइन्छ । कवि भन्दछन्-

*राजतन्त्र हुँदा केही राजा मात्र खुसी भए*
*प्रजातन्त्र हुँदा केही नेता मात्रै खुसी भए*
*जनता त्यही सुखी हुन्छ जहाँ पूर्ण स्वतन्त्र छ*
*व्यवस्था देखियो धेरै बाँकी त्यै गणतन्त्र छ ।*

-रामप्रसाद ज्ञवाली , **नागार्जुन**, बाँकी त्यै गणतन्त्र छ

अहिलेसम्म नेपाली जनताले मुक्तिको अनुभूति गर्न नसकेको र गणतान्त्रिक व्यवस्थामा मात्र जनताले मुक्ति प्राप्त गर्ने विश्वास कविले लिएका छन् । वंश, लिङ्ग , धर्म आदिका आधारमा जनतामाथि राज गर्ने दिन गएको बताउँदै प्रजातन्त्रप्रति आस्था र विश्वास राखेको पाइन्छ । गणतन्त्रप्रतिको प्रतिबद्धता अर्का कविले यसरी व्यक्त गरेका छन् -

---

*अब निर्णायक युद्ध लड्न बाँकी छ ,*
*मान्छे मार्ने, हार्ने र जित्ने युद्धभन्दा पनि*
*मान्छेलाई मान्छे बनाउने युद्ध लड्नै बाँकी छ*
*समतामूलक लोकतान्त्रिक समाजको निर्माणार्थ*
*एकाधिकारका विरुद्ध*
*अन्याय अत्याचारका विरुद्ध*
*एउटा निर्णायक युद्ध लड्नै बाँकी छ ।*

-वनमाली निराकार, **लोकतन्त्रको शङ्खनाद,** युद्ध जारी छ रहनुपर्छ

प्रस्तुत कवितामा निराकारले जनताका नाममा इतिहासकमा धेरै लडाई लडिएको तर मानवमुक्तिको लडाई आजसम्म नलडिएको हुँदा सबैले जित्ने र मान्छेलाई मान्छे बनाउने युद्ध लड्न बाँकी रहेको कुरा प्रस्तुत गरेका छन् । निर्णयक युद्ध नलडेसम्म युद्ध जारी रहनुपर्ने र कसैले रोक्न नपाउने भन्दै खबरदारी गरेका छन् ।

सदियौँदेखि दासत्वको जञ्जिरमा बाँधिएकाहरू मुक्त हुन गणतन्त्रको बाढी उर्लेर आएको र यसलाई कसैले बाँध बाँधेर रोक्न नसक्ने कुरा कवि यसरी व्यक्त गर्दछन्-

*आऊ सदियौदेखि अज्ञाताको साङ्लोले बाँधिएका*
*तन र मनहरू फुकाएर*
*स्वतन्त्रताको उडान भरौँ*
*समानताको उडान भरौँ*
*यो गणतन्त्रको आवाज हो*
*गणतन्त्रको आवाजलाई छेकेर छेकिँदैन*
*गणतन्त्रको आवाजलाई साम्राज्यवादी दुर्भावहरूले थिचेर थिचिँदैन ।*

-सरुभक्त , **कवितामा गणतन्त्र**, गणतन्त्रको नाममा एउटा कविता

राजतन्त्र लोकतन्त्रको विरोधमा छ र त्यसको अन्त्य नभएसम्म स्वतन्त्रता स्थापना हुन सक्दैन । जनताको स्वतन्त्रताको अधिकार शासकहरूले भिख मागेर दिँदैनन् त्यसैले लडेर र खोसेर भए पनि अधिकार प्राप्त गर्नुपर्ने कुरालाई यसरी प्रस्तुत गरिएको छ -

*म त सम्राटहरूका मुकुटका जुत्ता लगाई*
*खुला सडकमा परेड खेल्न चाहन्छु शायद*
*म त भुरे टाकुरेहरूलाई*
*मेरो विश्वविजय यात्राको*
*रथ तान्ने घोडा बनाई*
*कोर्रा लगाउँदै*
*कुदाउन चाहन्छु शायद*
*म त चार्ल्सहरूका चिहान खोतलेर*
*जनअदालतमा*
*नरहत्याको मुद्दा चलाउँछु शायद*
*उनीहरूका निरङ्कुश टाउकाहरू उडाउने*
*फैसला सुनाउँछु शायद*

-दिल साहनी, **वेदना**, आग्रगमनको इतिहास लेख्छु

लोकतन्त्रप्रति आस्था र विश्वास भएको र त्यो व्यवस्था जनताको असल मित्रका रूपमा स्थाापित हुने कुरालाई यसरी प्रस्तुत गरिएको छ -

*हामीले आँखामा सजाएको*
*त्यो जुनको मार्गचित्र*
*हामी सबैका लागि सधैंका लागि*
*एकमात्र अजर अमर मित्र*
*लोकतान्त्रिक गणतन्त्र !*
*लोकतान्त्रिक गणतन्त्र !!*

-मञ्जु काँचुली, **गरिमा,** लोकतान्त्रक गणतन्त्र

सबै क्षेत्र समुदाय र जातिका मान्छेहरू एकजुट भएर जुरुक्कै उठ्नुपर्ने र निरङ्कुशतालाई फ्याँकेर जनताको राज स्थापना गर्नुपर्ने विचार कवितामा यसरी आएको छ -

*मान्छे हुनका निम्ति अब*
*सतार शेर्पा एकै स्वर*
*तामाङ तमुको एकै आवाज*
*थारु थामीका एकै बोल हुन परेका है है है*
*धिमाल थामीका एकै लहर लिएर उर्लिएर*
*लोकराजमा जानै परेका है है है ।*

-दाहाल यज्ञनिधि, **वेदना**, द्याले बोक्सोको चिनारी

गणतन्त्रतर्फका पाइलाहरू बाढी बनेर अगाडि बढिसकेको हुँदा बाँधहरूले ती पाइलाहरू रोक्न नसक्ने कुरालाई प्रतीकात्मक रूपमा यसरी कवितामा व्यक्त गरिएको छ -

*आगो सल्काएर पुच्छरमा हनुमानको*
*समुन्द्रसम्म पुग्ने उसको गौंडो नथुन*
*बन्द गरेर झ्याल ढोकाहरू*
*व्यर्थै नजिस्क्याऊ बिरालाहरूलाई*
*तिमीले ख्वाएको नुन भुटुनले*
*चल्दैन लोकतन्त्रको छाक अब*
*तिम्रा छक्का, पञ्जा र बाग्जालहरूले*
*रोकिँदैनन् गणतन्त्रतर्फका पाइला अब ।*

-सुधा त्रिपाठी, **परिवर्तन**, सक्छौ भने जोगाऊ

जनआन्दोलनका समयमा विद्रोही र राजतन्त्र विरोधी गीतहरू निकै चर्चामा आएका थिए । गीति एल्वमहरूमा प्रकाशित गीतहरू गाउँ सहर जताततै गुञ्जेको सुनिन्छ । गायक, कलाकार तथा विभिन्न पार्टीका सांस्कृतिक क्षेत्रका कलाकर्मीहरू आन्दोलनमै केन्द्रित भएको पाइन्छ । इच्छुक सांस्कृतिक सङ्गम भेरी कर्णालीले प्रकाशन गरेको एल्वममा सङ्कलित एउटा गीत-

*गाउँ उठौँ, सहर उठौँ*
*विद्रोहको आँधीबेहरी सृष्टि गरौँ*
*निरङ्कुश शाहीतन्त्रलाई ध्वस्त पारौँ*
*लोकतान्त्रिक गणतन्त्र निर्माण गरौँ ।*

-खुसिराम पाखिन, **सांस्कृतिक क्रान्तिका यात्रीहरू**

## ५.३ राजतन्त्रको अन्त्यको सुनिश्चितता र सुदूर भविष्यको चित्रण

जनताका अगाडि चरम अलोकप्रियता प्राप्त गर्दै गइरहेको सामन्ती निरङ्कुश राजतन्त्रको अन्त्य निकट भविष्यमै अवश्यम्भावी छ र त्यसको अन्त्यपछि देशमा नयाँ बिहानीका किरणहरू झुल्कने छन् भन्ने विचार प्रकट भएका धेरै कविताहरू आन्दोलनको समयमा लेखिएको पाइन्छ । सम्पूर्ण जनताको मुक्तिको बाधकको रूपमा पहाड बनेर उभिएको राजतन्त्रलाई ढालेपछि जनताका

हक र अधिकार प्राप्त हुनाका साथै सामाजिक, राजनीतिक स्थिरता प्राप्त हुने आशा र विश्वास कविहरूले लिएको पाइन्छ । राजतन्त्रविहीन सुन्दर भविष्यको चित्रण गरिएका केही कवितांशलाई यहाँ प्रस्तुत गरिएको छ -

*घामको उज्यालो त्यही हुनेछ*
*यही रहनेछ रातको जून*
*घुमिरहनेछ माटोलाई स्वाई खाएर शीतल पवन*
*तर रहने छैनन् कतै बादशाहहरू*
*बज्ने छैनन् धतुराका फूलजस्ता विषालु विगुलहरू*
*बाध्य हुने छैनन् बनाउन शिशुहरू*
*बाँसुरी जस्ता नलीहाडलाई बन्दुकका नाल*
*पसिना र रगतको आगामी सय वर्षको नदीले*
*पखाल्नेछ धर्तीको धेरै-धेरै कुरूप शेष*
*बाइसौँ शताब्दीमा*
*इतिहास बन्नेछ जङ्गबहादुरको आजको अवशेष*

-आहुति, **वेदना,** बाइसौँ शताब्दीमा

सङ्घर्षशील र विद्रोही भावनाका साथ प्रस्तुत भएको यस कवितामा राजतन्त्रलाई चुनौति दिइएको छ । बाइसौँ शताब्दीमा आजका राजाहरूको कुरूप अवशेषसमेत पखालिनेछ भन्ने कुरालाई जून, शीतल, पवन, धुतराका फूल, विषालु विगुल, पसिना, रगतको नदी, जङ्गबहादुरको इतिहासजस्ता बिम्ब र प्रतीकको प्रयोग गर्दै सुन्दर ढङ्गले प्रस्तुत गरिएको छ ।

विश्वका ठूला-ठूला तानाशाहहरूको समेत अन्त्य भएको र एकदिन नेपालको राजाले पनि त्यही नियति भोग्नुपर्ने कुरा कवितामा आएको छ । नेपाली भूमिमा सामन्ती राजतन्त्रको कालो छायाँ धेरै दिन नटिक्ने र एकदिन अन्त्य भएरै छाड्ने कुरालाई यसरी प्रस्तुत गरिएको छ-

*देख्दैनस् के जार ढले, हिटलर, नदिर, मञ्चु ढले*
*मै हुँ भन्ने शाहहरूका बाबु शाहंशाह ढले*
*तेरो शान र तानाशाही नोकरशाही अड्दैन*
*अब यो सेतो हिमाल मुन्तिर कालो छाँया टिक्दैन ।*

-मोदनाथ प्रश्रित, **सुसेली**, कालो छाँया टिक्दैन

राजतन्त्रको दिनदशा लागिरहेको कुरालाई कविले यसरी प्रस्तुत गरेका छन्-

*कुहिएको मठको पुननिर्माण गरेर*
*पुरानै स्तोत्र भट्याउने धृष्टता*
*गर्ने प्रयास नगर्नुहोस् महाराज*
*कुहिएको मठको भग्नावशेष बनाउने*
*किरिया खाएर बगिरहेको नारायणी नदी*
*अशक्त भइसकेको अवस्था छैन*
*तपाईंले भट्याउने पुरानो स्तोत्र जलाउन*

*नियुक्ति पाएको आगोले*
*अवकाशको पूर्जी पाइसकेको छैन*
*नयाँ तसलाले तपाईंका निम्ति*
*पिण्ड पकाउँदैछ महाराज*
*तपाईंका निम्ति नै पिण्ड पकाउन*
*अनुशासित बन्दुकको नयाँ लाम समेत लाग्देछ महाराज ।*

-पूर्ण विराम, **संस्कृति**, नयाँ तसलाले तपाईंका निम्ति पिण्ड पकाउँदैछ . . .)

साढे २ महिनासम्म प्रहरीद्वारा वेपत्ता पारिएका कवि पूर्ण विरामको प्रतिगमन विरोधी आन्दोलनका सुरुवातका दिनहरूमा लेखिएको यस कविताले राजतन्त्रका अन्त्यका दिनहरू नजिकै आइरहेको कुरालाई देखाएको छ । तसलाले पिण्ड पकाउँदै गरेको कुरालाई प्रस्तुत गरेर प्रतीकात्मकरूपमा राजतन्त्रको अन्त्य हुन थालेको कुरालाई देखाएको छ । यस्तै कविताहरू लेखेको कारण कवि पूर्ण विरामलाई आफ्नै घरबाट गिरफ्तार भई वेपत्ता पारिएका थिए । आजसम्म जनतामाथि शासन गर्दै आएको भए पनि अबको युगमा त्यो नचल्ने भन्दै अर्का कवि लेख्छन्-

*ओ जाहिर शाह*
*तिम्रो जाहिरतन्त्र*
*यो शताब्दीको हुन सक्दैन*
*यो शताब्दी*
*स्वतन्त्र तन्त्र जनतन्त्रको हुनेछ*
*मुक्त तन्त्र गणतन्त्रको हुनेछ ।*

-जगदीशचन्द्र भण्डारी **वेदना**, जाहिर शाहलाई सम्बोधन

कवि भण्डारीले निरङ्कुश राजतन्त्रलाई जाहिरतन्त्रको संज्ञा दिएका छन् । सहरका चोक-चोकमा बाटो नै छेक्ने गरी ठड्याइएका राजा-महाराजाहरूका सालिकसमेत आन्दोलनलाई देखेर थर्थर काम्न सुरु गरेको सन्दर्भलाई लिएर यसरी कविता लेखिएको छ -

*चोकमा उभ्याइएको*
*तानाशाहको सालिक*
*जुनसुकै बेला पनि डराइरहन्छ*
*मानौँ अब डर र तानाशाह*
*पुरानो व्याकरणका पर्यायवाची शब्द हुन् ।*

-नारायण ढकाल, **वेदना**, डर र तानाशाह

२०६२ चैत्र ३० गते पुरानो वानेश्वरको सडकका कर्फ्यू लागिरहेको समयमा कर्फ्यू तोड्दै दर्जनौं स्रष्टाहरू माझ डा.बेञ्जु शर्माले सुनाएको कविताको अंश -

*घाँटीमा कर्फ्यू*
*पाइलामा कर्फ्यू*
*आँखामा कर्फ्यू*
*सम्पूर्ण सम्वादमा कर्फ्यू*

*कर्फ्यूको भाइरसले*
*निस्लोट ज्वारमा*
*देशलाई पकाउँदा*
*कर्फ्यूको ठिँगुरोमा*
*देशलाई ठिँगुऱ्याउँदा*
*अरूलाई ताकेको बन्दुक*
*उल्टिएर कहिले*
*आफ्नै छातीमा पड्कन सक्छ*
*शायद त्यही समय आएको छ ।*

-डा बेञ्जु शर्मा, **स्रष्टा चैत्र ३०,** कर्फ्यू

२०६२ चैत्र ३० गते यही कविता सुनाउँदा सुनाउँदै प्रहरीले कार्यक्रममाथि आक्रमण गरी १ दर्जनलाई गिरफ्तार गरेको थियो र आधा दर्जनभन्दा बढीलाई घाइते बनाएको थियो । यस कवितामा कर्फ्यूको भरमा बन्दुक पड्काएर शासन गर्न खोज्नेहरूका छातीमा नै बन्दुक फर्किने बेला आएको कुरा देखाइएको छ । राजतन्त्रको अन्त्यपछिका दिन उज्याला हुनेछन् भन्ने कुरालाई यसरी प्रस्तुत गरिएको छ -

*सबै अटाउने छन् भोलि खनिने नयाँ बाटामा*
*कोही कसैसँग ठोक्किनुपर्ने छैन*
*समाप्त हुनेछन् झगडा र युद्धका बीउ*
*कमिसन विना बनाइने यो बाटो*
*टिकाउ हुनेछ शतकभन्दा पनि बढी*
*आकाश जस्तै फैलिएको हुनेछ यो बाटो*
*सुगम सुन्दर र सेतो हुनेछ*
*सबै आ-आफ्नो भेषभुषामा नाच्नेछन्*
*आफूलाई जतिसक्दो फुकाएर*
*मन लागे जति हिड्नेछन् सबै*
*बिर्सनेछन् इतिहासका काला अनुहारहरू*
*यसैका लागि खनिदैछ नयाँ ढङ्गले*
*जनताद्वारा आफ्नो बाटो आफै-आफै ।*

-एकनारायण पौडेल, **नयाँ नेपालको बाटो**, जनताले खन्ने बाटो

संविधानसभाद्वारा लोकतान्त्रिक गणतन्त्रमा पुग्ने बाटोलाई जनताले भविष्य निर्माणका लागि खन्ने नयाँ बाटाका रूपमा प्रस्तुत गरिएको छ । यहाँ संविधानसभाले खन्ने नयाँ बाटोमा सबै अटाउन सक्ने कुरालाई देखाइएको छ । आन्दोलनको समयमा सुरक्षाकर्मीले चरम दमन गरेका थिए । कविहरूले ती सुरक्षाकर्मीहरूलाई काव्यात्मक भाषामै अब दमनमा नउत्र बरु मालिकतिर नै तिमीहरूको बन्दुक फर्काऊ, उसको अन्त्यका दिन नजिक आउँदैछन् भनेर लेखिएको एउटा मुक्तक –

*जनताको तलब खाने सेना हो , तिमी दुश्मनलाई थर्काइदेऊ*
*गरिबको हैन सामन्तको हात, गोडा, ढाड मर्काइदेऊ*
*धेरै हान्यौ जनताको छाती र टाउको ताकेर बन्दुक*
*अब बेला भयो तिमी बन्दुक दरबारतिरै फर्काइदेऊ ।*

-लक्ष्मण थापा, **मुक्तिसङ्घर्ष** (मुक्तक)

साङ्गीतिक क्षेत्रबाट पनि षड्यन्त्रका काला रातहरूको एकदिन अवश्य अन्त्य हुनेछ र नयाँ बिहानी आउनेछ भन्ने आशावादी गीतहरू प्रशस्त सुनिन्छन् । रक्तिम सांस्कृतिक अभियानले गणतान्त्रिक चेतना भएका गीतहरू गाउँदै गाउँ-शहरमा हिंडेको पाइन्छ । निरङ्कुश शासनलाई औंसीको कालो रात, आकाशको कालो बादल, जस्ता बिम्बहरूमार्फत प्रस्तुत गर्दै एकदिन जनताको सागर उर्लेर आउनेछ र राजतन्त्र अडिने धर्ती बगर बनाउनेछ भन्ने गीत-

*हिँउ फुटे हिमनदी जनता जुटे जनसागर*
*औंसीको यो रात पनि हट्छ छिट्टै चिन्तै नगर*
*जनताको खोस्यो अधिकार सामन्तले जाल बुनेर*
*सकिन्छ कि फर्काउन पञ्चायती काल भनेर*
*हिँउ फुटे .......................*
*आकाशभरि कालो बादल धर्तीभरि प्रतिगामी खेल*
*बाटोभरि जनसगार बगिरहेछ रगतको भेल*
*लाठी गोली वर्षिरह्यो जनआन्दोलन दमन गर्नलाई*
*तर झन्-झन् जनता उठ्दैछन् नयाँ नेपाल निर्माण गर्नलाई*
*हिँउ फुटे .......................*

रचना/सङ्गीत जीवन शर्मा

## ५.४ विद्रोही चेतनाको अभिव्यक्ति र निरङ्कुशताको विरोध

गणतन्त्र प्राप्तिका लागि राजतन्त्र विरुद्ध भएको आन्दोलनमा नथाकी निरन्तर रूपमा लाग्न उत्प्रेरित गर्ने खालका विद्रोही भाव भएका कविताहरू प्रशस्त मात्रामा देखिन्छन् । माओवादी जनयुद्धसँग जोडिएका कविहरूले त यस्तो व्रिदोही चेतनाको अभिव्यक्ति पहिलेदेखि नै सशक्त रूपमा प्रस्तुत गरेका छन् । यस्ता कविताहरूमा पनि निरङ्कुश राजतन्त्रसहित सम्पूर्ण सामन्ती राज्यव्यवस्थाको अन्त्य गरी जनताको शासनव्यवस्था स्थापना गर्नुपर्ने आवाज दह्रोसँग उठेको छ । जनताका प्राप्त अधिकारसमेत हनन् गरी निरङ्कुश शासन सञ्चालन गर्ने प्रगिगामी कदमका विरुद्ध सङ्घर्ष गर्न विद्रोही चेतना फैलाउने कविताहरू प्रशस्त देखिन्छन् । निरङ्कुशताको विरोधमा लेखिएको कविता हेरौं -

*पर्दा बेग्लै झ्याल उही*
*छाला बेग्लै स्याल उही*
*जिब्रो बेग्लै र्‍याल उही*
*सत्रसाल भाग दुई ।*

-अर्जुन पराजुली, **सत्र साल भाग दुई**

कवि पराजुलीले व्यङ्ग्यात्मक कथन पद्धतिको प्रयोग गर्दै २०५९ असोज १८ र २०६१ माघ १९ का राजाका कदमहरू सत्र सालमा जस्तै प्रजातन्त्रको गला रेट्दै पञ्चायती व्यवस्था दोहोऱ्याउने कदम हुन भन्ने कुरालाई प्रस्तुत गरेका छन् । जनआन्दोलनको समयमा पनि निकै चर्चामा आएको यस कविताकै नामबाट गुरुकुलमा एकल कविता वाचन कार्यक्रम भएको थियो । यहाँ राजाले सत्रसाल दोहोऱ्याएर पञ्चायती व्यवस्था फर्काउन थालेको भन्दै त्यसका विरुद्ध उत्रन आह्वान गरिएको छ ।

निरङ्कुश शासकहरूको हातबाट ज्यान गुमाउन पुगेका कवि कृष्णसेन 'इच्छुक' लाई गणतान्त्रिक चेतना भएका सशक्त कविको रूपमा लिन सकिन्छ । इच्छुकको विद्रोही चेतना भएको एउटा कवितांश-

*ओ शासक-प्रशासकहरू, अस्वीकार्य छ हामीलाई*
*तिम्रा निरङ्कुशताका आदेशहरू*
*तिमी जतिसुकै हुकुम र फरमानहरू जारी गर*
*तिमी जतिसुकै जुलुस र उत्पीडनहरू सुरु गर*
*सक्छौ भने हाम्रा चेतनाहरूमा प्रतिबन्ध लगाऊ*
*र सत्यलाई कैद गर*
*तर, ओ तानाशाहहरू !*
*तिम्रा बर्बर स्वेच्छाचारका विरुद्ध*
*हामी भने निरन्तर आवज उठाइरहन्छौं ।*

-कृष्ण सेन 'इच्छुक', **इतिहासको यस घडीबाट,** प्रतिबन्ध

सेनले यस कवितामा जनताले अन्तिमयुद्ध नजितेसम्म तानाशाहहरूको विरोधमा निरन्तर रूपमा युद्ध गरिरहने विचार व्यक्त गरेका छन् । क्रान्तिकारी र विद्रोही भावना भएको अर्को कविता –

*मृत्युले पनि हामी मर्दैनौं*
*यातनाबाट पनि हामी दुर्बल पर्दैनौं*
*कायरहरू गल्छन्*
*शान मरेका ढल्छन्*
*मरेपछि सपना गद्दारी गर्छन्*
*हामी भने बढिरहन्छौं*
*रगतले जमिन्छ स्वतन्त्रता भने*
*बलिदानले मुक्ति हुर्किन्छ भने*
*राता ताराहरू बलिबेदीमा फुल्नेछन्*
*हामी आफैमा नमर्दै कहिल्यै मर्ने छैनौं*
*हामी सपना बदल्दै कहिल्यै मर्ने छैनौं*
*हामी सपना बदल्दै कहिल्यै ढल्ने छैनौं ।*

-ईश्वरचन्द्र ज्ञवाली, **वेदना,** उकाली ओराली पार गर्दा

कवि ज्ञवालीले बन्दुक र लाठीहरू लिएर निरङ्कुश शासकहरूले स्वतन्त्रताको लडाईंमा लगेकाहरूलाई जतिसुकै तर्साए पनि अघि बढेका पाइलाहरू नरोकिने बरु स्वतन्त्रता स्थापनाका लागि रगत दिन तयार भएको विचार प्रस्तुत गरेका छन् ।

आजसम्म आफ्ना हक र अधिकार खोसिँदा पनि चुप लागेर बसेको तर अति गर्न थालेपछि स्वतन्त्रताको गीत गाउँदै सडकमा आउने आह्वान गरेको पाइन्छ । यी देश राज्य महाराजाको नभएर श्रमजीबी जनताको रगत र पसिनाबाट निर्माण भएको भन्दै कवि लेख्दछन्-

*तिमी गाऊँ वा नगाऊ स्वतन्त्रताको गीत*
*मैले त अब गाएँ गाएँ*
*तिमी आऊ वा नआऊ स्वाभिमान खोस्न*
*म त अब सडकमा आएँ आएँ ।*

*-पुण्यप्रसाद खरेल, **सुसेली,** म त सडकमा आएँ ।*

त्यस्तै अहिले चुप लागेर बस्ने वा अन्य माया प्रेमका कुरा लेख्ने समय होइन निरङ्कुशताको विरोधमा केन्द्रित हुनुपर्छ भन्दै कवि भन्छन-

*सिङ्गो देश आगोमा जलिरहेको पल बाँसुरीका धुनमा लठ्ठिएर*
*निरोको क्यारिकेचर गर्न सक्दिन म*
*आगोका लप्काले अखबारका पाना भष्म भइरहेको क्षण*
*प्रेमका गीत लेख्न सक्दिन म, मलाई माफ गर ।*

-महेन्द्र पन्थी, **नयाँ नेपालको बाटो**, मलाई माफ गर

यहाँ प्रणयपरक चेतनामा क्रान्ति चेतनाको अभिव्यक्ति प्रस्तुत गरिएको छ । गाउँ, सहर, हिमाल, पहाड, तराई जताततैबाट जोसँग विद्रोह गर्न सक्ने जे क्षमता छ त्यही लिएर आन्दोलनमा उत्रन आह्वान गरेको पाइन्छ -

*जो जे छौ उठ रे उदार मनले हातै समाई सब*
*माटोको कणमा छरेर पसिना धर्ती उठाऊ सब*
*सत्ता शासकको झुकेर पदमा उत्थान भेटिन्न रे*
*मान्छे मर्दछ रे विचार उसको मारेर मर्दैन रे ।*

*-कृष्ण उदासी, **मुक्तिसङ्घर्ष,** विचार मर्दैन रे*

## ५.५ सीमान्तकृत वर्ग, क्षेत्र, लिङ्ग, जात आदिबाट अधिकारको खोजी

वर्षौवर्षदेखि वर्गीय, क्षेत्रीय, जातीय, लिङ्गीय विभेदको शिकार हुँदै आएकाहरूबाट आफ्ना हक र अधिकारका लागि जागृत हुनुपर्छ भन्ने विचार भएका प्रशस्त कविताहरू भेटिन्छन् । उत्पीडनमा परेकाहरूले आफ्नो मुक्तिको बाधकका रूपमा सामन्ती राज्यव्यवस्था र त्यसको जगमा उभिएको राजसंस्थालाई बाधकका रूपमा उभ्याएका छन् । परम्परागत रूपमा स्थापित मूल्य र मान्यतामाथि प्रश्नचिन्ह उठाउँदै नवीन मूल्य र मान्यताको खोजीतर्फ स्रष्टाहरू लागेका छन् । स्थापित केन्द्रहरूमाथि औंला ठड्याउँदैं सतहमा भएकाहरू जागृत भएको पाइन्छ । माओवादी जनयुद्धदेखि सामन्ती संस्कार र संस्कृतिमाथि निरन्तर रूपमा प्रहार भइरहेको थियो । आन्दोलनपछि

सबै सीमान्तकृत जनताहरू हक र अधिकारहरू खोज्न जाग्नु महत्वपूर्ण पक्ष मान्न सकिन्छ । देशमा भएको जनजागरणको प्रतिबिम्ब कविताहरूमा पनि भेट्न सकिन्छ भने कविताहरूले पनि जनजागरण अभियानलाई विकास गरेको पाइन्छ । यसरी कविताबाट अधिकार खोज्ने काम भएको छ -

*मालिक !*
*म यो गोरखा राज्यमा*
*अढाईसय वर्षपछि बौलाएँ*
*मेरो टाउको फनफनी घुमिरहेछ*
*जमिन आकाशतिर*
*आकाश जमिनतिर भइरहेछ*
*आँखा तिर्मिर तिर्मिर भएर*
*हजुरको शिर दसवटा देखिरहेछु*
*खोइ मेरो पाइताला कहाँनिर छ*
*कहाँनिर छ बिसे नगर्ची*
*मालिक ! म बौलाए ।*

- श्रवण मुकारुङ, **वेदना**, बिसे नगर्चीको बयान

कवि मुकारुङको 'बिसे नगर्चीको बयान' जनआन्दोलनको समयमा धेरै पत्रपत्रिकामा प्रकाशित भएको र चर्चामा आएको कविता हो । पृथ्वीनारायण शाहलाई एकीकरणको समयमा ठूलो सहयोग गर्ने दलित पात्रलाई उभ्याएर उसद्वारा अधिकारको माग गरिएको छ । यो देश निर्माण गर्न धेरै रगत पसिना बगाएका बिसे नगर्चीजस्ता पात्रहरूले आफ्ना अधिकारको खोजी गर्न जुर्मुराएर उठेको कुरा यस कविताले देखाएको छ । बिसे सीमान्तकृत जाति, क्षेत्र, वर्ग र समुदायको प्रतिनिधि पात्र हो । शासकहरूबाट हुने गरेका थिचोमिचोलाई सहेर बसेका जनताहरूले आफू कहाँनेर उभिएको छु भन्ने जान्न खोजिरहेको र मुक्तिको बाधकका रूपमा रहेको राजतन्त्रका विरोधमा जाग्न थालेको कुरा यहाँ प्रस्तुत गरिएको छ । त्यस्तै विचार भएको अर्को कविता -

*मेरा माता*
*मेरा बा, बाजे र जिजु बाजेहरू*
*एउटा दुःखद इतिहास छ उनीहरूको*
*मेरो जस्तै*
*जसले गुमाएका थिए आफ्नो आकाश*
*जसले हराएको थियो आफ्नो धर्ती*
*कतै जुन र ताराहरू थिएनन् उनीहरूका*
*तिमीले खोसेका थियौ सबै*
*बिल्कुल तिमीले*
*ती सबै निर्वासित थिए आफ्ना धर्तीमा*
*अँध्यारो श्रापित चेतनामा टेकेर*

*अग्लिरह्यो तिम्रो दरबार*
*निक्लिरहे तिम्रा सिपाहीहरू*
*विजय अभियानमा*
*तर आज*
*सबैथोक बदलिएको छ महाराज*
*समय ब्युँझिएको छ*
*इतिहासको मूर्च्छनाबाट ।*

-अमर गिरी, **वेदना,** मूर्च्छनाबाट ब्युँझिएको समय

बाबु बाजेहरूको जस्तै दुःखद स्थितिमा अब आफूहरू गुज्रन नसक्ने र अब समय ब्युँझिसकेको कुरा गिरीले प्रस्तुत गरेका छन् । यस्तै अढाई सय वर्षदेखिको हुकुमी शासनबाट आजित भएर सबै उठ्न थालेको विचार यसरी व्यक्त भएको छ -

*सही वात् सरकार*
*इतिहासको यस घडीमा*
*अचाक्ली उग्र भएको छ बिसे नगर्ची*
*अचाक्ली अराजक भएको छ मनिराम गाइने*
*र यिनीहरू*
*अचाक्ली भड्किएका छन्*
*जसबीर कामी र बाँगे सार्कीहरू पनि*
*र अढाइसय वर्षदेखि*
*नारायणहिटीले चर्केको भूगोलमाथि*
*हाकीहाकी गरिरहेका छन् ।*

-के. एल. पीडित, **वेदना**, सही वात सरकार

## ५.६ सहिदको त्याग र बलिदानको सम्मानका साथै सपना साकार पार्ने प्रतिबद्धता

जनआन्दोलन-दुईको समयमा मात्र पच्चीसजना नेपाल आमाका छोराछोरीले जनअधिकार प्राप्तिको लागि बलिदान गरेका थिए भने सयौं व्यक्तिहरू गम्भीर रूपमा घाइते भएका थिए । सामन्ती राज्यव्यवस्थाका विरोधमा लड्दा माओवादी जनयुद्धको समयमा समेत धेरै व्यक्तिहरूले नेपाली धर्तीमा रगत सिंचेका छन् । देश र जनताका लागि लड्दा-लड्दै सहादत प्राप्त गर्नेहरूले रगत सिंचेको यस धर्तीमा गुलाब फूलाउने प्रतिबद्धता पनि कवितामा पाइन्छ । सहिदका महान् बलिदानीको उच्च प्रशंसा गर्दै सपना साकार पार्न कटिबद्ध भएर लाग्ने प्रतिबद्धताका साथ धेरै कविताहरू लेखिएका छन् । यस्ता कविताहरूमा पनि लोकतान्त्रिक चेतना नै अन्तर्वस्तुका रूपमा आएको छ –

*अब रगतले खोजिरहेछ गणतन्त्रको रातो थुङ्गा*
*विकीर्ण आलो रगतले मागिरहेछ उत्सर्गका अमर प्रतिफलहरू*
*कसैलाई नितान्त कुर्सी होइन, जनताले गाँस-बास मागिरहेछ*
*निरङ्कुशताको उच्छेद गर्दै, नामेट गर्दै , सधैका लागि*
*जनता अन्तहीन हाँसो मागिरहेछ युद्धको मोर्चाबाट*

-यज्ञराज प्रसाईं, **सुसेली**, रातको मूल्य स्थापित गर्न लागेका छौं

२०६३ वैशाख ६ गते झापाको चन्द्रगढीमा भएको विरोधसभामा हत्या गरिएका सहिदहरूको सम्झनामा लेखिएको यस कवितामा सहिदको रगतको मूल्य स्थापित गर्न लागेको कुरा प्रस्तुत गरिएको छ ।

नेपाली साहित्यको इतिहासमा कलमकै माध्यमबाट स्वतन्त्रताको माग गर्दा कृष्णलाल अधिकारीदेखि आजसम्म धेरै व्यक्तिहरू सहिद बन्न पुगेका छन् । कला र साहित्यका माध्यमबाट जनतालाई जगाउँदै हिड्नेहरूलाई सरकारले हत्या गरेको विरोधमा र जनआन्दोलनका समयमा सडकमा उत्रने स्रष्टाहरूमाथि कडा दमन गरेको विरोधमा यसरी कविता लेखिएका छन्-

*सेन खोसिए र खोसिए च्याङ्वाहरू*
*तर खोसिएनन् उनका आदर्शहरू*
*जिउँदै जले मुर्चुङ्गा र मादल बादकहरू*
*तर जलेनन् सङ्गीतका धुनहरू ।*

-विष्णु भण्डारी, **देश जलेको बेला,** न कलम झुक्यो न रङ्ग झुक्यो

गजलमा पनि सहिदको रगतको सट्टा गणतन्त्र ल्याएर छाड्ने प्रतिबद्धता व्यक्त भएको पाइन्छ । जस्तै -

*जनतन्त्र उदाउनेछ , रगतको साटो भीमसेन दाइ*
*अनि बल्ल फेरिनेछ, देशको नयाँ पाटो भीमसेन दाइ ।*

- सफल घिमिरे, **मुक्तिसङ्घर्ष,** गजल

पोखरामा सहिद बन्न पुगेका भीमसेन दाहाललाई सम्बोधन गर्दै लेखिएको यस गजलमा सहिदको रगतलाई खेर जान नदिने प्रतिबद्धता व्यक्त गरेको पाइन्छ ।

## ५.७ संविधानसभाको सुनिश्चितताका लागि आन्दोलनको निरन्तरता र नेताहरूप्रति खबरदारी

२०६३ वैशाख ११ गते जनआन्दोलन सफल भएपछि पनि आन्दोलनबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्न संविधानसभाको निर्वाचन र वैधानिक रूपमै राजतन्त्रको अन्त्य गर्न स्रष्टाहरूले पनि विभिन्न कार्यक्रमका साथ सिर्जनात्मक गतिविधि सञ्चालन गरेको पाइन्छ । स्रष्टाहरूको आन्दोलन नरोकिएको र निरन्तर रूपमा अगाडि बढिरहेको कुरा विभिन्न गतिविधिबाट प्रष्ट हुन्छ । संविधानसभाको निर्वाचनको मिति पटक-पटक सरेको अवस्थामा स्रष्टाहरूले त्यस्तो कामप्रति चिन्ता व्यक्त गर्दै खबरदारी गरेको पाइन्छ । संयुक्त रूपमा सरकारमा गएका पार्टीहरू बीच कुर्चीको लडाई हुन थालेको र बाह्रवर्षे संसदीय कालमा जस्तै फोहोरी राजनीतिक खेल हुन थालेको देखेर

स्रष्टाहरू चिन्तित बनेर नेताहरूलाई खबरदारी गरेको पाइन्छ । राजसंस्था घाइते मात्र भएको तर पूर्णरूपमा नहारिसकेको अवस्था भएको हुनाले सबै सजग रहनुपर्ने विचार प्रकट भएको पनि पाइन्छ । आन्दोलन सम्पन्न नहुञ्जेलसम्म राजाप्रति जति बढी आक्रोशपूर्ण कविता लेखिए आन्दोलनपछि राजसंस्था निरीह बन्दै गएकोले तुनात्मक रूपले कम देखिन थालेको पाइन्छ । बरु नेताप्रति खबरदारी गर्ने र संविधानसभा तर गणतन्त्रको प्रचारप्रसार गर्ने खालका सिर्जनात्मक गतिविधि सञ्चालन भएको पाइन्छ । **नयाँ नेपालको बाटो**मा रहेका अधिकांश कविता यस्तै प्रवृत्तिका छन् । स्रष्टाको आन्दोलन निरन्तर जारी रहेको कुरालाई काव्यात्मक रूपमा यसरी प्रस्तुत गरेको पाइन्छ –

*हैकमी कालो बादल नहटुञ्जेलसम्म*
*स्रष्टाको आन्दोलन जारी छ*
*यो देशमा रातो घाम नउदाउञ्जेलसम्म*
*स्रष्टाको आन्दोलन जारी छ ।*
*डबली नाटक जारी छ*
*चौतारो कविता जारी छ ।*

-हरिगोविन्द लुइँटेल, **निर्माणाधीन कविता,** स्रष्टाको आन्दोलन

जनआन्दोलनको सफलता पश्चात् रचिएको यस कविताले स्रष्टाहरू निरन्तर रूपमै आन्दोलनमा जुटिरहेको कुरालाई देखाएको छ । देशमा हुन थालिरहेको संविधानसभाको निर्वाचनप्रति सबै कविहरू आशावादी रहेका छन् । संविधानसभाले नयाँ समाज निर्माण गर्ने आशा व्यक्त भएको कविता -

*नयाँ पुस्ताले नयाँ समाज मागिरहेको छ*
*आउँ हामी सबै एकै थलोमा बसी*
*संवैधानिक अन्योलताको अन्त्य गरी*
*अग्रगामी विकासका लागि*
*सहिदहरूको रगतलाई साक्षी राखी*
*समावेशी संविधान निर्माण गरौँ*
*सम्पन्न गरौँ, पूरा गरौँ ।*

-चित्र बलिराम सुवाल, **नयाँ नेपालको बाटो**, संविधानसभा

नेपालको इतिहासमा बेला-बेलामा हुने गरेका आन्दोलनहरू जनताका माग पूरा नहुँदै सम्झौतामा अन्त्य हुने गरेको भन्दै कविहरूले यो आन्दोलनमा त्यस्तो नहोस् भन्न नेताहरूप्रति खबरदारी गरेको पाइन्छ । कविहरूले लोकतन्त्रभन्दा तल झरेर राजासँग सम्झौता गरेमा राजाका विरुद्ध उठेका जनता नेताका विरुद्ध पनि उठ्नेछन् भन्दै चेतावनी दिएका छन्-

*लोकतन्त्रभन्दा तल तिमी झुक्यौ भने*
*तिमीलाई नै नुनचुक छर्लान् जनताले*
*नकमाऊ खुट्टा तिमी, नचपाऊ जिब्रो*
*भोलि तिम्रो पनि सबथोक हर्लान् जनताले*

*जनतालाई भुक्याएर सम्झौतामा चुक्यौ भने*
*तिम्रै पनि शवयात्रा गर्लान् जनताले ।*

-ईश्वरमणि अधिकारी, **मुक्तिसङ्घर्ष**, मुक्तक

साहित्यकार कलाकारहरूले आन्दोलनपछि पनि गणतन्त्रको पक्षमा जनमत सिर्जना गर्ने र संविधानसभाको प्रचार-प्रसार गर्ने काम गरेको पाइन्छ । विभिन्न पार्टीका सांस्कृतिक टोलीहरू पनि देशभर प्रचार-प्रसार अभियानमा लागेका थिए । पार्टी प्रचार-प्रसारको क्रममा पनि संविधानसभाको र गणतन्त्रको पक्षमा आवाज उठाइरहेको पाइन्छ । राष्ट्रिय जनसांस्कृतिक मञ्च, नेपालले प्रकाशन गरेको **गणतन्त्र ल्याउन** भन्ने एल्वममा भएको मधु गुरुङ्ग, मञ्जु बस्नेत लगायतले गाएको एउटा गीत-

*हिँड्यौ हामी गणतन्त्र ल्याउन सामन्ती राजतन्त्र भत्काउन*
*जनता जगाउन, संविधानसभाको चुनाव गराउन ।*

-लक्ष्मण रायमाझी , **गणतन्त्र ल्याउन**

## ५.८ दरबार हत्याकाण्डको आरोप

वि.सं २०५८ जेठ १९ गते नारायणहिटी राजदरबारमा तत्कालीन राजा वीरेन्द्र र उनको वंश नै विनाश हुने गरी भएको त्रसादीपूर्ण हत्याकाण्ड पश्चात् ज्ञानेन्द्र शाह राजा भएका थिए । सरकारबाट गठित जाँचबुझ आयोगले हत्याको दोषी राजकुमार दीपेन्द्र भएको प्रतिवेदन पेस गरेको थियो तर आन्दोलनका समयका कतिपय कविताहरूमा त्यस हत्याकाण्डको आरोप ज्ञानेन्द्र शाहलाई लगाएको पाइन्छ । हत्यारो र अपराधी व्यक्तिलाई राजा स्वीकार नगर्ने विचार प्रस्तुत भएको पाइन्छ । राजामात्र होइन तत्कालीन युवराज पारसलाई पनि सनकी र अपराधी व्यक्तिका रूपमा प्रस्तुत गरिएको छ । यसरी राजा र राजकुमारलाई नै अपराधी व्यक्ति र राजसंस्थालाई अपराधिक संस्थाका रूपमा उभ्याएर राजतन्त्रप्रति नै जनताको घृणा र आक्रोश जगाउने काम भएको देखिन्छ । कविताहरू यसरी आएका छन्-

*आफ्नै दाजुमाथि नृशंस धावा बोलेर*
*आफ्नै भाउजूको चीरहरण गरेर*
*लाक्षागृहहरूमा आफ्नो वंश पोलेर*
*सम्राट हुने सपनामा*
*दुर्योधन द्वन्द्वको दुन्दुभी बजाइरहेछ ।*

-बद्रीविशाल पोखरेल, **वेदना**, दुर्योधन

पोखरेलले महाभारतको खलपात्र दुर्योधनको उपमा दिँदै आफ्नो वंश सखाप पारेर सम्राट बन्न पुगेको अपराधीलाई राजा स्वीकार गर्न नहुने र त्यसका विरुद्ध ज्वालामुखी बनेर बिस्फोट हुनुपर्ने धारणा राखेका छन् । त्यस्तै गरी -

*निमोठेर घाँटी*
*सबेरै बस्ने भालेको*
*बिहानी छेक्ने धुनमा*
*हात रङ्गाइरहेछ एउटा बगरे*

*चिमोटेर कोपिला*
*रातो सिमल फूलको*
*बसन्त रोक्ने भ्रममा*
*नङग्रा उध्याइरहेछ एउटा हत्यारा ।*

-प्रदीप ज्ञवाली, **बन्दी शिविरका आवाजहरू,** इतिहासको यो झिसमिसेमा

यस कवितामा विम्ब र प्रतीकहरूको प्रयोग गरेर राजालाई खुनी र अपराधिक चरित्रको व्यक्तिका रूपमा उभ्याइएको छ । राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जमा बस्दा कविहरूले यो र यस्ता खालका धेरै कविताहरू लेखिएका थिए जुन **बन्दी शिविरका आवाजहरू**मा सङ्कलित छन् । त्यस्तै–

*हार्दिकताको तलाउमा ढुङ्गा हानेर*
*कलिलो मस्तिष्कमा आतङ्क रोप्ने*
*उम्रँदै गरेको विश्वासको मुना*
*विषालु हत्केलाले बलपूर्वक छोप्ने*
*हाम्रो सिङ्गै अंश खाने*
*यो नाटकको निर्देशक को हो ?*
*आफ्ना सिङ्गै वंश खाने*
*यो नाटकको निर्देशक को हो ?*

-अनिल पौडेल, **संस्कृति,** यो नाटकको निर्देशक को हो ?

राजालाई रगतको आहालमा पौडी खेल्न चाहने अपराधिक व्यक्तिको रूपमा यसरी चित्रण गरिएको छ -।

*सङ्लो त्यो मन भैदिए रगतको आहाल रोज्थ्यौ किन !*
*दाजैको परिवार राजसहितै सर्वस्व खोस्थ्यौ किन !!*
*राराभित्र पुऱ्याई चिरसुखमा कोच्थ्यौ बुहारी किन !!!*
*स्वार्थान्धै नभए विनाशमतिको लिन्थ्यै नि बाटो किन !!!!*

-हरि तिमिल्सेना, **परिर्वतन**, ज्ञानेन्द्रलाई पत्र

यसरी ज्ञानेन्द्र र पारसलाई अपराधी व्यक्तिका रूपमा चित्रण गरिएका कविताहरू प्रसस्तै पाउन सकिन्छ ।

## ५.९ निष्कर्ष

गणतन्त्र प्राप्तिका लागि भएको (२०५९-२०६५ सम्म) आन्दोलनको समयमा अधिकांश साहित्यकार तथा कलाकार आन्दोलनमै सक्रिय भएको पाइन्छ । विभिन्न प्रकाशन/प्रसारणका माध्यमहरूबाट धेरै स्रष्टाहरूले गणतान्त्रिक चेतना भएका कविता, गीत, गजल, मुक्तक आदि प्रकाशन/प्रसारण गरेको पाइन्छ । पुस्तककार कृति तथा गीति क्यासेटहरूमा पनि धेरै नै रचनाहरू पाउन सकिन्छ । नेपाली साहित्य नै गणतन्त्रमय भएको समयमा धेरै रचनाहरू प्रकाशन/प्रसारण भएको हुँदा सबैको सङ्कलन गरेर अध्ययन गर्नु गाह्रो कुरा हो तर विशेषाङ्कका रूपमा प्रकाशित

पत्रिका तथा कृति र अन्य पत्रपत्रिकामा प्रकाशित रचनाहरूको अध्ययनकै आधारमा भन्न सकिन्छ कि यस समयका कविता, गीत, गजल, मुक्तकको मुख्य प्रवृत्ति लोकतान्त्रिक चेतना हो र यस अन्तर्वस्तु भित्र रहेर अन्य प्रवृत्तिहरूसमेत देखापरेका छन् । गणतान्त्रिक सिर्जना यात्रामा सयौं कविहरू समावेश भएका छन् र लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न भएको जनआन्दोलनमा साहित्यिक क्षेत्रबाट योगदान पुऱ्याएका छन् । लोकतान्त्रिक चेतना अन्तर्वस्तुका रूपमा आएको भए पनि अन्य परिपूरक प्रवृत्तिहरूमा राजतन्त्रप्रति आक्रोश र विरोध, लोकतान्त्रिक गणतन्त्रप्रति आस्था र विश्वास, राजतन्त्रको अन्त्यको सुनिश्चितता र सुदूर भविष्यको चित्रण, विद्रोही चेतनाको अभिव्यक्ति र निरङ्कुशताको विरोध, सीमान्तीकृत वर्ग, क्षेत्र, लिङ्ग आदिबाट अधिकारको खोजी, सहिदको त्याग र बलिदानका साथै सपना सरकार पार्ने प्रतिबद्धता, संविधानसभाको सुनिश्चितताका लागि आन्दोलनको निरन्तरता र नेताहरूप्रति खबरदारी, तत्कालीन राजा ज्ञानेन्द्रलाई दरबार हत्याकाण्डको आरोप आदि भेटाउन सकिन्छ ।

आन्दोलनका कविताको मूल्याङ्कन बाह्य संरचनाभन्दा आन्तरिक संरचनाका आधारमा गरिनुपर्ने हुन्छ । वैचारिक पक्ष र प्रयोजन पक्षका आधारमा नहेर्ने हो भने यी कविताको सही मूल्याङ्कन हुँदैन । तसर्थ बाह्य कलापक्षको कसी लगाउनु विश्लेषणको सही आधार मान्न सकिन्न । त्यसो त कविताका आधारभूत संरचनात्मक धरातल नै छाडेका छन् भन्ने चाहिँ होइन होइन । यस समयका अधिकांश कविताहरू मुक्त छन्दमा रचना गरिएका छन् भने भाषा शैली सरल सहज र ओजपूर्ण रहेको छ । कतिपय कविताहरू सडकमा उत्रेका सर्वसाधारण जनतालाई लक्षित गरी सडक तताउने गरी लेखिएको हुनाले कलात्मकताको न्यूनता रहेको कुरा मान्नै पर्ने हुन्छ तर पनि प्रयोजनगत दृष्टिले हेर्दा उच्च कोटिमा राख्नैपर्ने हुन्छ । निरो, बादशाह, जङ्गली बाघ, बूढो रुख, विषालु सर्प जस्ता बिम्बहरूको प्रयोगबाट राजालाई खराब पात्रका रूपमा उभ्याइएको छ । आयामका दृष्टिले हेर्दा अधिकांश कविता लघु आयामका छन् । सडकमा उत्रेका श्रोताहरूलाई ध्यानमा राखेर लेखिएका कविता हुनाले त्यति धेरै लामा नपाइनु स्वभाविकै हो । जसरी पानीको सुन्दरता छङ्छङ् बगिरहेको झरनामा पनि देखिन्छ तर त्यसभन्दा बढी सुन्दरता त पानी नपाएर छट्पटाएको व्यक्तिले पानी पिएर जीवनदान पाउँदा देखिन्छ । यी कविता जनताको अधिकार र स्वतन्त्रता प्राप्तिका लागि उपयोगी भएको हुँदा सुन्दर र उच्चकोटिका रहेका छन् । गणतन्त्र आइसकेको अवस्थामा केही कविताहरूको औचित्य समाप्त हुन सक्छ । त्यो स्वभाविकै हो तर सबै कविताहरू त्यो कोटिमा राख्न पनि मिल्दैन ।

# छैठौँ-परिच्छेद

# आन्दोलनमा स्रष्टा गतिविधि

## ६.१ राजीतिक पृष्ठभूमि

स्रष्टाहरूले लोकतन्त्र प्राप्तिका लागि सिर्जनात्मक क्षेत्रबाट गरेको आन्दोलन राजनीतिसँग प्रत्यक्ष रूपमा नै जोडिएको छ । २०५९ असोज १८ पछिका दिनहरूमा स्रष्टाहरू सिर्जनात्मक क्षेत्रबाट भौतिक उपस्थितिसहित निरङ्कुश राजतन्त्रको अन्त्य गर्न अगाडि बढे । २०५८ जेठ १८ गतेको त्रासदीपूर्ण दरबार हत्याकाण्डपश्चात् राजा बनेका ज्ञानेन्द्रले प्रत्यक्ष शासन गर्ने महत्वकाङ्क्षा लिएपछि राजतन्त्रप्रतिको विश्वास र आस्था भत्कँदै गएको पाइन्छ । आफूलाई नागरिक अधिकारबाट समेत बञ्चित गराउँदै कडा नियन्त्रण र निगरानीबाट शासन सञ्चालन गर्न थालेपछि दरबारका विरुद्धमा नागरिकहरू सङ्गठित रूपले नै लाग्न थाले । जनताका मौलिक अधिकारहरू खोसिँदै गएको र लेखक साहित्यकाहरूमाथि कडा नियन्त्रण र निगरानी भएको अवस्थामा लेखक साहित्यकार चुप लागेर बस्न सकेनन् । दरबारकै सेरोफेरोमा नाच्ने र राजभक्तिमा समय बिताउने भाट लेखक साहित्यकारबाहेक स्वाभिमानी स्रष्टाहरूले त्रासदीपूर्ण अवस्थामा बाँच्नु पर्‍यो । धेरै लेखक साहित्यकाहरूलाई पुलिस, प्रशासनले गिरफ्तार गर्ने खानतलास लिने, धम्क्याउने, माओवादीको आरोपमा आतङ्कारी भन्दै कडा सजाय दिनेजस्ता काम गर्न थालेपछि स्वतन्त्र पक्षमा रहेका स्रष्टाहरू लोकतान्त्रिक पद्धतिको विकास हुनुपर्ने र त्यसको बाधक रातन्त्रको अन्त्य गर्नुपर्ने उद्घोष गर्दै आफ्नो कलमलाई अघि बढाउन थाले । जनताको राजनीतिक अधिकार गुमेको बेला स्रष्टाद्वारा सिर्जनात्मक क्षेत्रबाट सङ्गठित रूपमै सडकमा आएर आन्दोलन अघि बढाउने काम गरे । स्रष्टाहरूले अगाडि बढाएको आन्दोलनलाई महत्त्वपूर्ण राजनीतिक घटनाक्रमले प्रत्यक्ष-परोक्ष रूपमा प्रभाव पारेको हुँदा साहित्यिक आन्दोलनका बारेमा चर्चा गर्दा राजनीतिक घटनाक्रम पनि बुझ्नुपर्ने हुन्छ ।

यहाँ सङ्क्षिप्त रूपमा राष्ट्रिय राजनीतिक घटनाक्रमहरूका बारेमा सामान्य जानकारी प्रस्तुत गरिएको छ । ती घटनाक्रमले साहित्यिक क्षेत्रमा समेत सानो-ठूलो असर पुर्‍याएको पाइन्छ । वि.सं. २०५८ असोज १८ गते तत्कालीन राजा ज्ञानेन्द्रले प्रधानमन्त्री शेरबहादुर देउवालाई संसदीय निर्वाचन गराउन नसकेको आरोपमा असक्षम भएको घोषणाा गर्दै अपदस्थ गरेर नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२७ को अपव्याख्या गर्दै आफ्नो हातमा शक्ति लिई राज्य सञ्चालन गर्न थाले । लोकेन्द्रबहादुर चन्दलाई प्रधानमन्त्री बनाई निरङ्कुश र स्वेच्छाचारी शासन सञ्चालन गर्न सुरु गरे । दरबारबाट किनारा लगाइएका काँग्रेस, एमालेलगायतका दलहरू बिस्तारै एउटै मोर्चामा सङ्गठित हुन थाले र ज्ञानेन्द्रशैलीका विरोधमा आन्दोलनको बाटो समाते । जनयुद्ध गरिरहेको माओवादीलाई दमनबाटै ठेगान लगाउने र संसदवादी पार्टीहरूलाई पनि पाखा लगाएर शासन गर्ने सोचले गर्दा नेपाली राजनीतिमा ध्रुवीकरणको प्रक्रिया सुरु भयो । ज्ञानेन्द्रले राज्यकोषको ठूलो ढुकुटी खर्च गरी देशका विभिन्न ठाउँमा भ्रमण गर्दै हिंड्न थाले । आफू दाजु वीरेन्द्रजस्तै टुलुटुलु

हेरे नबस्ने र सुनिने मात्र होइन, देखिने पनि हुने भन्नेजस्ता अभिव्यक्ति दिँदै हिड्न थाले । ज्ञानेन्द्र महत्त्वाकाङ्क्षी बनेर निरङ्कुशताको बाटो अपनाउन थालेपछि त्यसका विरोधमा धेरै क्षेत्रबाट आवाज उठ्न थाल्यो । २०६० वैशाख २५ गते गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा नेपाली काँग्रेस, नेकपा (एमाले), राष्ट्रिय जनमोर्चा नेपाल, नेपाल मजदुर किसान पार्टी र नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) को ५ दलीय सहमति बनेपछि संयुक्त आन्दोलन सुरु भयो । ५ दलहरूको आन्दोलनको दवावमा परेर लोकेन्द्रबहादुर चन्द प्रधानमन्त्रीबाट राजिनामा दिन बाध्य भए । चन्दले प्रधानमन्त्रीबाट राजिनामा दिएपछि राजाबाट स्वच्छ छवि भएको व्यक्तिका लागि विज्ञापन माग गर्ने काम भयो । आन्दोलनरत ५ दलहरूको तर्फबाट माधव नेपाललाई प्रधानमन्त्रीका लागि सिफारिस गरियो तर ज्ञानेन्द्रले पञ्चायतकालमै पटक-पटक प्रधानमन्त्री भइसकेका सूर्यबहादुर थापालाई प्रधानमन्त्री बनाए । २०६० जेठ २८ गते प्रधानमन्त्री भएका सूर्यबहादुर थापा राजनीतिक दलहरूको संयुक्त आन्दोलनको दवाव बढेपछि २०६१ वैशाख २५ गते राजिनामा दिन बाध्य भए । थापाले राजिनामा दिएपछि राजाले पहिलेजस्तै गरी विज्ञापन नै माग गरे । ३५ जनाको दरखास्त परे पनि राजा ज्ञानेन्द्रले पहिले आफैले नै असक्षम भन्दै अपदस्थ गरेका शेरबहादुर देउवालाई नै प्रधानमन्त्री बनाए । देउवा न त दरखास्त हालेका व्यक्ति थिए न त ५ दलको समर्थन पाएका व्यक्ति नै थिए । यसपछिका दिनमा भने आन्दोलनरत ५ दलका बीचमा असहमति देखा पर्दै गयो । यसबाट माधव नेपाललाई प्रधानमन्त्रीको रूपमा प्रस्ताव गर्न बाँकी ४ दलहरू सहमत भएनन् । फलतः एमाले ५ दलीय गठबन्धनबाट बाहिरियो र आधा प्रतिगमन सच्चियो भन्दै देउवा सरकारमा सहभागी भयो तर देउवा सरकार पनि लामो समय टिक्न सकेन । राजा ज्ञानेन्द्रले देउवाको सरकारलाई पनि कठपुतली बनाए । २०६१ माघ १९ गते शेरबहादुरलाई पुनः अपदस्थ गरे ।

शेरबहादुर देउवालाई अपदस्थ गरेपछि ज्ञानेन्द्र आफै नै मन्त्री परिषदको अध्यक्ष बनेर तुलसी गिरी र कीर्तिनिधि बिष्टलाई उपाध्यक्ष बनाई प्रत्यक्ष शासन सञ्चालन गर्न थाले । २०६१ माघ १९ गते शेरबहादुर देउवाको सरकारलाई अपदस्थ गरी सुरक्षा निकायलाई व्यापक रूपमा परिचालन गरियो भने देशमा सञ्चार सर्म्पक पनि विच्छेद भयो । सञ्चार गृहहरूमा छापा मार्ने, धम्काउने र गिरफ्तार गर्नेजस्ता काम गरेर त्रासदीपूर्ण वातावरण सिर्जना गरियो । राजनीतिक दलका नेता र कार्यकर्ताहरू पनि भूमिगत जस्तै भए भने कतिपय गिरफ्तारमा नै परे । गिरिजाप्रसाद कोइराला, माधवकुमार नेपाल जस्ता नेताहरू समेत नजरबन्दमा परे । राजा ज्ञानेन्द्रले सेना र पुलिसका बलमा कडा सुरक्षा व्यवस्था अपनाउँदै बन्दुकका बलमा शासन सञ्चालन गर्न थाले । राजाको निरङ्कुश र स्वेच्छाचारी शासनको विरोधमा फेरि नेपाली काङ्ग्रेस, नेकपा (एमाले), नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक), राष्ट्रिय जनमोर्चा नेपाल र नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) ले फागुन १ गते बैठक बसी आन्दोलनमा जाने प्रण गरे । उता ज्ञानेन्द्रले २०६२ वैशाखभित्र नगरपालिकाको निर्वाचन गराउने घोषणा समेत गरे । आन्दोलनमा उत्रने घोषणा गरिसकेका दलहरूले भने नगर निर्वाचनको बहिष्कार गरे । ठूला राजनीतिक दल विना नै पनि सरकारले बन्दुकका भरमा चुनाव गरेको नाटक गऱ्यो । उता माओवादीले समेत चुनावको सक्रिय बहिष्कारको घोषणा गऱ्यो । राजाको कदमले गर्दा दल र माओवादी बीचको दुरी घट्दै गएको पाइन्छ । भूमिगत रूपमा जनयुद्ध सञ्चालन गर्दै आएको माओवादीले संसदवादी दलहरूसँग मिलेर

राजाका विरुद्ध आन्दोलन गर्ने नीति लियो । माओवादीले २०६१ फागुन ३० गते एक वक्तव्य जारी गर्दै निरङ्कुश राजतन्त्रका विरुद्ध एकजुट हुन सबैलाई आह्वान गऱ्यो । उता संसदवादी ७ दलले वैशाख २५ गते निरङ्कुशताका विरुद्ध लड्न संयुक्त मोर्चा गठन गरेको घोषणा गरे । एमाले नेता वामदेव गौतमको पहलमा माओवादीसँग गोप्य वार्ता अगाडि बढिरहेको थियो । जेठ १४ गते वामदेव गौतम माओवादीसँग वार्ता गर्न दिल्ली पुगे भने एक हप्तापछि जेठ २१ गते गिरिजाप्रसाद कोइराला पनि दिल्लीतिर प्रस्थान गरे । असार ४ गते सातदलले माओवादीसँग वार्ता गर्ने र संविधानसभाको चुनावमा जाने निर्णय गरे । यो निर्णयलाई माओवादी पार्टीबाट स्वागत गरियो । यसैक्रममा भदौ १८ गते माओवादीले युद्ध बिरामको घोषणा गऱ्यो । कार्तिक २ गते ७ दलले औपचारिक रूपमा माओवादीसँग वार्ता गर्ने निर्णय गरे भने मंसिर ७ गते सात दल र माओवादीका बीच बाह्रबुँदे समझदारी पत्रमा हस्ताक्षर भयो । यसपछि माओवादीले सशस्त्र रूपमा र ७ दलले शान्तिपूर्ण रूपमा आन्दोलन गरी सरकारलाई घुँडा टेकाए । बाह्रबुँदे सम्झौता अनुरूप नै सात दल र माओवादीले संयुक्त रूपमा २०६२ चैत्र २२ देखि आम हड्तालको घोषणा गरे । देशभर गाउँदेखि सहरसम्म एकसाथ आन्दोलन अघि बढ्न थाल्यो । प्रहरी प्रशासनको व्यापक दमन र धरपकड हुँदाहुँदै पनि कुनै प्रवाह नगरी जनता आन्दोलनमा सहभागी भए । जनताको उर्लदो भेललाई थेग्न नसकी ज्ञानेन्द्रले बाध्य भएर संसद पुनर्स्थापनाको घोषणा गरे । २ दर्जनभन्दा बढीले सहादत प्राप्त गरेको, डेढ दर्जनजति वेपत्ता भएको र सयौं घाइते तथा अङ्गभङ्ग भएको त्यस आन्दोलनमा जनताको ठूलो सहयोग, समर्थन र उत्साहपूर्ण सहभागिता रहेको थियो ।

२०६३ वैशाख ११ गते राति ज्ञानेन्द्रले संसद पुनर्स्थापना भएको र सम्पूर्ण अधिकार जनतामा नै प्रदान गरेको घोषणा गरेपछि राजनीतिक दलहरूबाट सञ्चालन भएको आन्दोलन स्थगित भयो र र माओवादीले पनि वैशाख १३ गते नै युद्ध विराम भएको घोषणा गऱ्यो । जेठ १२ गते सरकार र माओवादीबीच २५ बुँदे युद्धविराम आचारसंहिता जारी भयो भने असार २५ गते सरकार र माओवादीबीच ८ बुँदे सहमति भयो र माओवादी नेता प्रचण्ड बालुवटारबाट खुला भए । २०६३ मंसिर २५ गते १० बुँदे विस्तृत शान्ति सम्झौता भयो र ११ वर्ष जनुद्धको समाप्त भएको घोषणा गरियो । २०६३ माघ १ गते माओवादी र अन्य दलसमेतको प्रतिनिधिसभाको बैठकले नयाँ संविधानलाई अनुमोदन गऱ्यो र २०४७ सालको संविधान खारेज भयो । २०६४ पुस १३ गते भएको संविधानको तेस्रो संशोधनले नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य हुने भनी उल्लेख गऱ्यो । संविधानसभाको निर्वाचन २ पटकसम्म सरेको थियो र अन्ततः २०६४ चैत्र २८ गते संविधानसभाको निर्वाचन भयो । युद्ध लडेर आएको माओवादी देशको सबैभन्दा ठूलो राजनीतिक दल बन्न पुग्यो । २०६५ जेठ १५ गते बसेको संविधानसभाको पहिलो बैठकले नेपाललाई गणतान्त्रिक मुलुक घोषणा गऱ्यो । यसरी २४० वर्षसम्म नेपालमा शासन गर्दै आएको शाहवंशको अन्त्य भयो । यस गणतान्त्रिक आन्दोलनमा स्रष्टाहरूले पनि लामो समय लडेका थिए ।

## ६.२ काठमाडौं उपत्यकामा स्रष्टा आन्दोलनका गतिविधि

### ६.२.१ प्रतिगमन विरोधी स्रष्टाहरूको संयुक्त समिति

प्रतिगमन विरोधी स्रष्टाहरूको संयुक्त समितिको गठन २०६० साउन ४ गते भएको थियो । २०५९ असोज १८ मा शेरबहादुर देउवालाई असक्षम घोषणा गर्दै राजाले प्रत्यक्ष शासनको अभ्यास गर्न थालेपछि राजनीतिक ध्रुवीकरण देखियो । एकातिर नेपाली काँग्रेस र एमाले जस्ता संसदवादी दलहरू उभिए भने अर्कोतिर दरबारियाहरूको शक्ति देखापर्‍यो । २०५२ सालदेखि भूमिगत रूपमा जनयुद्ध सञ्चालन गरिरहेको माओवादी अर्को बलियो शक्तिका रूपमा देखापर्‍यो । लेखक साहित्यकारहरू पनि तीन ध्रुवमा बाँडिएर कलम चलाउन थाले । राजाको सक्रिय शासनको समर्थन गर्ने एकथरि साहित्यकारहरू दरबारको सेरोफेरोमा नाच्न थाले भने संसदवादी दहरूलाई समर्थन गर्ने स्रष्टाहरूको ठूलो समूह राजाको सक्रिय शासनको विरोधमा गर्दै पूर्ण लोकतन्त्र स्थापना हुनुपर्छ भनेर सडकमै उत्रिए । अर्कोतर्फ माओवादी जनयुद्धलाई समर्थन गर्ने स्रष्टाहरूले सर्वहारावर्गको मुक्तिका लागि नयाँ जनवादी व्यवस्था स्थापना गर्ने लक्ष्यका साथ युद्धकै पक्षमा कलम चलाइरहे । प्रतिगमनविरोधी स्रष्टाहरूको संयुक्त समिति पूर्ण लोकतन्त्रको पक्षमा उभिएका संसदवादी दल निकट स्रष्टाहरूको समिति थियो ।

असोज १८ को राजाको प्रतिगामी कदमका विरोधमा स्वाभीमानी स्रष्टाहरू सिर्जनात्मक क्षेत्रबाट र भौतिक उपस्थितिबाटै पनि आन्दोलनमा होमिन थाले । राजा निरङ्कुश र स्वेच्छाचारी बन्दै गइरहेको अवस्थामा स्रष्टाहरूले असङ्गठित रूपबाटै भए पनि विरोधमा कलम चलाइरहेका थिए । सरकारले झन् झन् दमन गर्न थालेपछि स्रष्टाहरू सङ्गठित संयन्त्रमार्फत् अगाडि बढ्न थाले । यसै क्रममा २०६१ साउन ४ गते प्रतिगमन विरोधी स्रष्टाहरूको संयुक्त समिति गठन भयो । तत्कालीन अवस्थामा ५ राजनीतिक दलले सञ्चालन गरेको आन्दोलनका कार्यक्रममा यस समितिको सक्रिय सहभागिता रहेको थियो भने समितिले पनि विभिन्न साहित्यिक/सांस्कृतिक कार्यक्रमको आयोजना गरेको थियो । यस समितिका कार्यक्रममा अन्य साहित्यिक सङ्घ-संस्थाहरूको सहयोग, समर्थन र सहभागिता रहेको पाइन्छ । प्रलेस नेपालले यस संस्थाको स्थापना गर्न र अघि बढाउन ठूलो भूमिका खेलेको पाइन्छ ।

प्रतिगमन विरोधी स्रष्टाहरूको संयुक्त समितिको स्थापना २०६० साउन ४ गते भएको थियो भने २०६१ वैशाखमा यसलाई बिस्तार गरी बृहत् आकारको बनाइयो । २०६० साउन ४ गते गठन भएको यस समितिमा उत्तम नेपाली, आन्ददेव भट्ट, निनु चापागाइँ, डा. तुलसी भट्टराई, रुद्र खरेल, विष्णुविभु घिमिरे, रमेशप्रसाद भट्टराई, विजय सुब्बा, मातृका पोखरेल, अमर गिरी, सुनिल पोखरेल थिए ।[२१३]२०६१ वैशाखमा यसलाई बिस्तार गरी ३० सदस्यीय समिति बनाइएको थियो । यस समितिमा डा. धुव्रचन्द्र गौतम, डा. खुमनारायण पौडेल, जे.बी. टुहुरे, उदय श्रेष्ठ, जीवन शर्मा, विनय रावल, नारायण ढकाल, डा.वेञ्जु शर्मा, खगेन्द्र सङ्ग्रौला, हरिगोविन्द लुइँटेल, ओममणि शर्मा, डा.ताराकान्त पाण्डेय, नवीन चित्रकार, डा.जगदीशचन्द्र भण्डारी, राजन काफ्ले, कोशव नेपाल,

---

[२१३] रमेशप्रसाद भट्टराई, "लोकतान्त्रिक आन्दोलनमा स्रष्टहरूको भूमिका", **मधुपर्क**, (वर्ष ३९, अङ्क ३, २०६३ साउन), पृ. ६ ।

चन्द्रबहादुर उलक, आशकुमार चिकवञ्जार र शोभा त्रिपाठी रहेका थिए ।[२१४] तर सङ्ग्रह भने प्रकाशित हुन सकेको देखिँदैन । स्रष्टाहरूको प्रतिगमन विरोधी संयुक्त समितिको गठन भएपछि प्रकाशित भएको अपिलमा यस समिति गठनको उद्देश्य र प्रक्रियालाई स्पष्ट पार्दै भनिएको छ -". . . देशमा चलिरहेको शान्तिपूर्ण संयुक्त जनआन्दोलनलाई समर्थन गर्नु र सफल पार्नु यति बेला देशका सचेत नागरिकको कर्तव्य हो । यो कर्तव्यलाई ध्यानमा राख्दै यही श्रावण ४ गते काठमाडौंमा भएको लेखक कलाकारको एउटा भेलाले स्रष्टाहरूको प्रतिगमन विरोधी संयुक्त समिति गठन गरेको हो ।[२१५]

प्रतिगमन विरोधी समितिले पहिलोपटक साउन १७ गते रत्नपार्कमा कवितावाचन र गायनको कार्यक्रम राखेको थियो । मूल व्यानरमा 'स्रष्टाहरूको प्रतिगमन विरोधी संयुक्त समितिद्वारा आयोजित प्रतिगमन विरोधी कवितावाचन तथा गीति कार्यक्रम' भन्ने लेखिएको थियो राजनीतिक दलका वरिष्ठ नेताहरू समेत यस कार्यक्रममा उपस्थिति भएका थिए । कार्यक्रममा आन्दोलनका पक्षमा लेखिएका कविता, गीत, गजल आदि सुनाइएको थियो । कार्यक्रममा कृष्णचन्द्र सिंह प्रधान, खगेन्द्र सङ्ग्रौला, निनु चापागाईं, आनन्ददेव भट्ट, जिवेन्द्रदेव गिरी जे.वि. टुहुरे, मोदनाथ प्रश्रित, बेञ्जु शर्मा, वासुदेव अधिकारी, कुस्मिता दर्लामी, मञ्जु काँचुली, अमर गिरी, पूर्ण विराम, किशोर पहाडी, जीवन शर्मा, अनिल पौडेल, हरिगोविन्द लुइँटेल, सीता शर्मा, खुमनाराण पौडेल, यज्ञनिधि दाहाल, विमला तुम्खेवा, भुपाल राई, नवराज पुडासैनी, गोपी सापकोटा, सुलोचना मानन्धर, मधु गुरुङ, शिव अधिकारी, विष्णुविभु घिमिरे, आहुति, शीतबिन्दु, बलभन्द्र भारती, चन्द्रबादुर उलक, उदय श्रेष्ठ, मित्रलाल पङ्गेनी, मोहन दुवाल, रामकृष्ण दुवाल, देवी नेपाल, ठाकुर बेलवासे, रामप्रसाद ज्ञवाली, पुण्य गौतम लगायतका स्रष्टाले रचना वाचन गरेका थिए । राष्ट्रिय जनसांस्कृतिक मञ्च प्रगतिशील सांस्कृतिक अभियान सङ्गठन रक्तिम परिवारका कलाकारले गीतहरू प्रस्तुत गरेका थिए । सो कार्यक्रममा अर्जुन नरसिंह के.सी., केशव बडाल, अमृत बोहरा, भारतमोहन अधिकारी, सिन्धुनाथ प्याकुरेल लगायतका राजनीतिक व्यक्तित्वहरूको समेत उपस्थिति थियो ।[२१६]

प्रतिगमन विरोधी स्रष्टाहरूको संयुक्त मञ्चले आयोजना गरेको अर्को कार्यक्रम 'वसन्त कवि गोष्ठी' हो । २०६१ वैशाख ९ गते नेपाल प्रज्ञाप्रतिष्ठानको हलमा प्रतिगमन विरोधी कवि गोष्ठी भएको थियो । प्रतिष्ठानको कार्यक्रमपछि स्रष्टाहरूले सडकमा आएर विरोध जुलुस प्रदर्शन गरेका थिए । जुलुसमा उत्रिएका स्रष्टाहरूलाई प्रहरीले गिरफ्तारी गरी महाराजगञ्ज तालिम केन्द्रमा पुऱ्याएको थियो । रमेश भट्टराईले **मधुपर्क** (२०६३ साउन) मा ६० जना गिरफ्तारमा परेको उल्लेख गरेका छन् भने बलभद्र भारतीले **जनएकता** (२०६१ जेठ ४) मा ६४ जनाको नाम दिई ११७ जना गिरफ्तारमा परेको जनाएका छन् । महाराजगञ्ज तालिम केन्द्रभित्र गरिएको हस्ताक्षर सङ्कलनका दुई

---

[२१४] स्रष्टहरूको प्रतिगमन विरोधी संयुक्त समितिको तर्फबाट निनु चापागाइँ र विष्णुविभु घिमिरेको हस्ताक्षरमा प्रकाशित प्रेस विज्ञप्ति ।

[२१५] ऐजन ।

[२१६] बलभद्र भारती, "प्रतिगमन विरोधी जनआन्दोलन र रत्नपर्कको मूल सडकमा स्रष्टहरूको गर्जन ", जनएकता, (वर्ष ९, अङ्क ६, २०६० साउन १७) , पृ. ४ ।

प्रतिमध्ये एउटामा ५५ जना र अर्कोमा ७२ जना रहेका छन् भने ८ जनाको नाम एक अर्कामा दोहोरिएको छ । त्यसको आधारमा गिरफ्तारमा पर्ने ११९ जनाको नामावली यसप्रकार छ -

नरहरि आचार्य, खगेन्द्र सङ्ग्रौला, दुर्गालाल श्रेष्ठ, रामचन्द्र भट्टराई, बैरागी काइँला, रामप्रसाद ज्ञवाली, हेमनाथ पौडेल, अर्जुन पराजुली, जीवन शर्मा, नन्दकृष्ण जोशी, जनकप्रसाद हुमागाईं, कुसुमाकर न्यौपाने, जगत प्रेक्षित, लक्ष्मण रायमाझी, केदार न्यौपाने मधुसूदन गिरी, जे.बि. टुहुरे, दुर्गा खड्का, सुरेश कसजू, कृष्णबहादुर नेपाल, पृथ्वीनारायण श्रेष्ठ, जङ्ग पहाडी , सुदीप, राजन काफ्ले, सुरेश ढकाल, पदम खड्का, शरद पौडेल, भोगिराज चाम्लिङ, तुलसी भट्टराई, देवीप्रसाद गौतम, विक्रममणि त्रिपाठी, प्रभात सापकोटा, गोपिन्द्र पौडेल, राजेन्द्र पराजुली, मदन प्रभात, सुरेश रानाभाट, तेजविलास अधिकारी, विजयप्रसाद न्यौपाने, टीकाराम पन्थी, घनश्याम कँडेल, मोदनाथ प्रश्रित, भक्त राई, नवराज शर्मा, बालचन्द्र मिश्र, जिवेन्द्रदेव गिरी, ध्रुवचन्द्र गौतम, सनत रेग्मी, ध्रुव सापकोटा, देवविक्रम राई, हिसन समाल, कुस्मिता दर्लामी, हरिगोविन्द लुइँटेल, मनोज गजुरेल, बुद्धिसागर चपाईं, मनोज न्यौपाने, विष्णुविभु घिमिरे, पुरुषोत्तम बस्नेत, गोविन्द वर्तमान, बिन्दा मैनाली, उर्मिला शर्मा, कपिलराज सुवेदी, विष्णु खानाल, मधुसूदन गिरी, नर्मदेश्वरी सत्याल, आत्माराम शर्मा, धनकुमारी सुनार, पृथ्वीबहादुर सिंह, विष्णु ज्ञवाली, अम्बिका प्रसाद डाँगी, राजेन्द्रकुमार लिम्बू, अनिल अधिकारी, शालिकराम गौतम, कुलानन्द गैरे, सुरेश कसजू पिताम्बर भण्डारी, शम्भू बास्कोटा, डा. ताराकान्त पाण्डेय, घनश्याम भुसाल, गणेश गुरुङ्ग, दीपेन्द्र सुवेदी, बालकृष्ण अधिकारी, रामकृष्ण शर्मा, महेन्द्रराज सुवेदी, बसन्त कँडेल, चेतनाथ धमला, बलभद्र भारती, प्रोल्लास सिन्धुलीय, विमल निभा, केशव नेपाल, प्रेमसागर पौडेल, चन्द्रा थानी, बेञ्जु शर्मा, बालकृष्ण लामिछाने, विष्णुभक्त मरहठ्ठा, मञ्जु काँचुली, देवीका तिमिल्सिना, हरि रोका, जङ्गव चौहान, श्यामल, निनु चापागाईं, सीताराम अधिकारी, सुधा त्रिपाठी, गौरा रिजाल, इस्माली, सुकदेव दवाडी, आहुति, आनन्ददेव भट्ट, रमेशप्रसाद भट्टराई, केदार न्यौपाने, अमर गिरी, मातृका पोखरेल, रुद्र खरेल, शारदा शर्मा, भागिरथी श्रेष्ठ र नरेन्द्र श्रेष्ठ ।[२१७]

तत्कालीन राजा ज्ञानेन्द्रको प्रगिगामी कदमको विरोध गर्ने क्रममा यस संयुक्त समितिको आयोजनामा २०६१ जेठ २ गते रत्नपार्कको रातो घरबाट कवि गोष्ठी सञ्चालन गरिएको थियो । बृहत् जनसमुदायको बीच सम्पन्न भएको त्यस कार्यक्रममा लोकतन्त्र पक्षधर स्रष्टाहरूको उल्लेख्य सहभागिता रहेको थियो ।[२१८] संयुक्त समितिले विभिन्न अन्तर्क्रिया र विचार गोष्ठीको समेत आयोजना गरेको पाइन्छ । यसै क्रममा २०६१ जेठ ९ गते आन्दोलनमा स्रष्टाहरूको भूमिका विषयमा विचार गोष्ठीको आयोजना गरेको थियो । बलदेव मजगैया, मोदनाथ प्रश्रित र घनश्याम पौडेल प्रमुख वक्ता रहेको उक्त कार्यक्रममा समितिका अन्य १० जनाले पनि आफ्ना विचार प्रस्तुत गरेका थिए ।[२१९] दाहाल यज्ञनिधि, विमल निभा, डा.वेञ्जु शर्मा, पूर्ण विराम, नारायण ढकाल, डा.

---

२१७ तुलसी भट्टराईले उपलब्ध गराएको हस्ताक्षर सहितको नामावली ।
(भट्टराईले दुईवटै हस्ताक्षर सहितको नामावलीको सूची महाराजगञ्ज तालिम केन्द्र भित्र सङ्कलन गरिएको जनाएका छन् ।)

२१८ रमेश भट्टराई, पूर्ववत् ।

२१९ ऐजन ।

सरोज धिताल, सुधा त्रिपाठी, सीता शर्मा, विष्णुविभु घिमिरे, विजय सुब्बा, मधुसूदन गिरी, मञ्जु काँचुली, आहुति, रामप्रसाद ज्ञवली, जगदीशचन्द्र भण्डारी, देवी नेपाल, गोपाल मैनाली, रामविनय, पीताम्बर भण्डारी, अर्जुन पराजुली, अमर गिरी, मातृका पोखरेल, धनकुमारी सुनार, नर्मदेश्वरी सत्याल, मनोज गजुरेल, डा. मधु घिमिरे, डा. खुमनारायण पौडेल, श्रवण मुकारुङ् श्यामल, विक्रम सुब्बा, हरिगोविन्द लुइँटेल, लक्ष्मी माली, स्नेह सायमी, कुसुम ज्ञवाली, रामचन्द्र भट्टराई, मोदनाथ प्रश्रित, भूपाल राई, मित्रलाल पङ्गेनी, धीरेन्द्र प्रेमर्षि लगायतका कविहरूले प्रतिगमनविरोधी आन्दोलनमा सिर्जनात्मक क्षेत्रबाट उल्लेख्य सहभागिता जनाएको रमेशप्रसाद भट्टराईले उल्लेख गरेका छन् ।[२२०] त्यस्तै रामेश, रायन, जे.बी. टुहुरे, रामकृष्ण दुवाल, नन्दकृष्ण जोशी, माधव प्रधान, मधु गरुङ्गलगायत राष्ट्रिय जनसांस्कृतिक मञ्च र प्रगतिशील सांस्कृतिक सङ्गठनका कलाकारहरूले पनि प्रतिगमन विरोध सांस्कृतिक स्वर घन्काएका थिए ।[२२१]

यस समितिको पहलमा आन्दोलनसँग सम्बन्धित लेख-रचना सङ्कलन गरी प्रकाशन गर्नका लागि ५ सदस्यीय समिति तथा आर्थिक व्यवस्थानका लागि ३ सदस्यीय समिति बनेको भए पनि काम अघि बढ्न सकेको पाइँदैन । तत्कालीन समयमा एमाले र प्रजातान्त्रिक काँग्रेस आधा प्रतिगमन सच्चिएको भन्दै सरकारमा गएपछि यो अभियानले तीव्रता लिन सकेन । २०५९ सालपछि प्रतिगमनका विरुद्ध सशक्त आवाज उठाउनका लागि सबै विचारधाराका स्रष्टा एकैठाउँमा उभिएर बनाएको संयुक्त मोर्चाको रूपमा यसलाई लिन सकिन्छ । यसमा राजनीतिक दलहरूको समेत प्रत्यक्ष-परोक्ष रूपमा सहयोग र सहभागिता रहेको देखिन्छ । प्रतिगमनका विरुद्ध अन्दोलनमा उत्रिए पनि यति बेलासम्म गणतन्त्रको आवाज स्पष्ट रूपमा सबैले उठाउन हिच्किचाएको देखिन्छ । कतिपय राजनीतिक दल गणतन्त्रको बारेमा स्पष्ट नभएको कारण पनि त्यस्तो भएको हो । तर राजनीतिक दलहरू गणतन्त्रका पक्षमा बोल्नुपर्ने अवस्थाको सिर्जना गर्नमा स्रष्टाहरूको पनि भूमिका छ ।

## ६.२.२ लोकतान्त्रिक साहित्यकार सङ्घ

लोकतान्त्रिक साहित्यकार सङ्घको स्थापना २०४६ सालको आन्दोलनबाट प्राप्त उपलब्धिसमेत खोसिदै गएको र प्रजातान्त्रिक मूल्य मान्यताका विरुद्ध मुलुकमा प्रतिगामी शक्तिहरूको नाङ्गो हस्तक्षेप बढेको अवस्थामा लोकतान्त्रिक मूल्य र मान्यताको स्थापना गर्न सङ्गठित रूपले लाग्ने उद्देश्यका साथ भएको हो । तत्कालीन राजा ज्ञानेन्द्रले २०५९ असोज १८ पछि निरङ्कुश शासन सुरु गर्न थालेको र जनताका अधिकारहरूमाथि प्रतिबन्ध लगाउँदै गएको अवस्थामा लोकतान्त्रिक पद्धतिमा विश्वास राख्ने स्रष्टाहरूको छाता सङ्गठन निर्माण गर्ने क्रममा यसको स्थापना भएको हो । २०६० साउन ४ गते स्थापना भएको प्रतिगमन विरोधी स्रष्टाहरूको संयुक्त समिति निस्क्रिय भएको अवस्थामा स्रष्टा आन्दोलन अघि बढाउन संयोजन संयन्त्र स्थापना गर्ने क्रममा यसको स्थापना भएको देखिन्छ । २०६१ मङ्सिर २५ गते र पुस २ गते नागार्जुन

[२२०] ऐजन ।

[२२१] ऐजन ।

साहित्य प्रतिष्ठानको आयोजनामा सम्पन्न स्रष्टाहरूो भेलाले लोकतान्त्रिक साहित्यकार सङ्घ स्थापनाका लागि ठोस कदम चाल्ने काम गरेको पाइन्छ ।[२२२] २०६१ मङ्सिर २५ गते दर्जनभन्दा बढी स्रष्टाहरूको भेलाले 'वर्तमान सन्दर्भमा स्रष्टा तथा सङ्घ-संस्थाको भूमिका'को बारेमा छलफल गऱ्यो । भेलाले निनु चापागाईं, विष्णुविभु घिमिरे, दाहाल यज्ञनिधि, हरिगोविन्द लुइँटेल र विजय सुब्बा रहेको एउटा संयोजन समिति गठन गऱ्यो । [२२३] पुस २ गते अनामनगरस्थित दाहालको दैलोमा तीन दर्जन जति स्रष्टाहरूको भेला भयो । भेलामा मङ्सिर २५ गते बनेको समितिको तर्फबाट हरिगोविन्द लुईटेलले अवधारणा पत्र प्रस्तुत गरे जुन केही संशोधनसहित पारित भयो । यसै भेलाबाट साझा संस्थाको नाम लोकतान्त्रिक साहित्यकार सङ्घ राख्ने भन्ने निर्णय भएको थियो । सङ्घको बृहत् भेला भई तदर्थ समिति नबनेसम्मका लागि हरिगोविन्द लुईटेलको संयोजकत्वमा चंकी श्रेष्ठ, ठाकुर बेल्वासे, डा. तुलसी भट्टराई, निनु चापागाईं, नर्मदेश्वरी सत्याल, पदम गौतम, प्रकाश सिलवाल, विजय सुब्बा, विष्णुविभु घिमिरे, यज्ञनिधि दाहाल रहेको ११ सदस्यीय समिति गठन भएको थियो ।[२२४] लोकतान्त्रिक साहित्यकार सङ्घ स्थापना भएको सार्वजनिक गर्ने र अवधारणा प्रस्तुत गर्ने काम पुस १६ गते मानवअधिकार तथा शान्ति समाजको कार्यालय कालिकास्थानमा पत्रकार सम्मेलनमार्फत भएको थियो ।

लोकतान्त्रिक साहित्यकारसँगको अवधकारणासँग सहमत हुने स्रष्टाहरूलाई सदस्यता वितरण गर्ने कामसमेत भएको थियो । यस सङ्घ स्थापनाको उद्देश्य बारे आवधारणा पत्रमा भनिएको छ -"२०४६ को आन्दोलनको प्रजातान्त्रिक मूल्य-मान्यताका विरुद्ध मुलुकमा प्रतिगामी शक्तिहरूको नाङ्गो हस्तक्षेप बढेको छ । समाजप्रति प्रतिबद्ध र स्वाभिमानी स्रष्टाहरू सामु यो हस्तक्षेपले थुप्रै चुनौति र दायित्व थपेको छ । अब सिर्जना र सङ्घ शक्ति दुवैको बलद्वारा यी थप चुनौति र दायित्वहरूप्रति रचनात्मक सम्बोधन गर्नु जरुरी छ ।" यस अवधारणापत्रमा ८ वटा बुँदाहरू रहेका छन् । ती बुँदाहरूमध्ये पहिलो बुँदामा यस्तो लेखिएको छ -" यसले मूलतः नेपाली समाजमा लोकतान्त्रिक संस्कृति निर्माणका दिशामा रचनात्मक पहल गर्नेछ । लोकतन्त्रलाई पूर्णता दिने पहल यसको रहनेछ । सामन्ती ठालूवादले आक्रान्त समाजलाई लोकतन्त्रको दिशामा अघि बढाउने प्रयत्न यसको रहनेछ । निरङ्कुशताको तावेदारी गर्ने प्रवृत्ति यसलाई स्वीकार्य हुने छैन ।" यो सङ्घ स्पष्ट रूपमा गणतन्त्रको पक्षमा उभिएको छ । यसको अवधारणापत्रमा भनिएको छ- "पटक-पटक लोकतन्त्रको खाकाभित्र मुलुकलाई लोकतन्त्र विरोधीहरूको शिकार बनाइँदै आएको यथार्थबाट सचेत नागरिकहरूले गम्भीर पाठ सिक्नु जरुरी भएको अनुभव गर्दै यो सङ्घ यस्ता षडयन्त्रहरूको समूल नष्ट हुने लोकतन्त्रको स्थापनाका पक्षमा उभ्याउँछ । लोकतन्त्रको त्यस्तो उच्च रूप गणतन्त्र नै हुन सक्छ भन्ने यसको मान्यता रहेको छ । यो लोकतान्त्रिक गणतान्त्रिक चेतले मुलुकमा र सामाजिक जीवनका हरेक पक्षमा विद्यमान कुनै पनि प्रकारको ठालुवादलाई

---

२२२ लोकतान्त्रिक साहित्यकार सङ्घ स्थापनाबारे २०६१ पुस १६ गते संयोजक हरिगोविन्द लुइँटेलले प्रस्तुत गरेको प्रेस विज्ञप्ति ।

२२३ लोकतान्त्रिक साहित्यकार सङ्घको निर्णय पुस्तिका ।

२२४ पूर्ववत् ।

अमान्य ठान्दछ . . . ।"[२२५] यसरी साहित्यकार सङ्घको स्थापनाको उद्देश्य र यसका मान्यताहरू स्पष्ट रहेका छन् । यो राजतन्त्रविरुद्ध लड्न गरेको सामूहिक प्रयास हो ।

२०६१ माघ १६ गते बृहत् भेला गर्ने तयारी भएको थियो तर तयारी पूरा हुन नसकेको कारण भेला फागुनमा गर्ने भन्ने निर्णय भयो । माघ १६ गतेका दिन 'लोकतान्त्रिक संस्कृति निर्माणमा स्रष्टाहरूको भूमिका' भन्ने विषयमा अन्तर्क्रिया कार्यक्रम भएको थियो । काठमाडौंको प्रदर्शनी मार्गस्थिति नेपाल ल क्याम्पसमा भएको त्यस कार्यक्रममा प्रदीप ज्ञवाली, बेञ्जु शर्मा, खगेन्द्र सङ्ग्रौला, प्रदीप नेपाल र नरहरि आचार्य वक्ताको रूपमा रहेका थिए । यज्ञनिधि दाहालको सञ्चाालन र हरिगोविन्द लुइँटेलको सभापतित्वमा उक्त कार्यक्रम भएको थियो ।[२२६]

माघ १९ गते तत्कालीन राजा ज्ञानेन्द्रले चालेको कदमले गर्दा झनै असहज अवस्था सिर्जना भएको थियो । सैनिकका बलमा निरङ्कुश शासन सञ्चालन गर्ने अभ्यासमा राजा ज्ञानेन्द्र लागे । लोकतान्त्रिक साहित्यकार सङ्घले प्रजातन्त्र र मानवअधिकारमाथि भएको प्रहारलाई असहनीय मान्दै मुलुलकमा अविलम्ब लोकतन्त्रको बहाली हुनुपर्ने माग गर्दै फागुन २ गते प्रेस विज्ञप्ति जारी गरेको थियो ।[२२७] माघ १९ पछिको असहज अवस्थाका कारण फागुनमा हुने भनिएको बृहत् भेला स्थगित भएको थियो ।

लोकतान्त्रिक साहित्यकार सङ्घले २०६२ असार ३१ गते 'लोकतान्त्रिक सिर्जनायात्रा' अन्तर्गत सिनामङ्गलको सञ्चारग्राममा कविता गोष्ठी गरेको थियो । अभिव्यक्ति स्वतन्त्रतालगायतका सम्पूर्ण लोकतान्त्रिक हक अधिकारको बहालीका निम्ति सर्जकहरूको अभियान लोकतान्त्रिक सिर्जनायात्रा सम्पन्न भएको थियो । कार्यक्रममा बैरागी काँइला, आनन्ददेव भट्ट, खगेन्द्र सङ्ग्रौला, उत्तम नेपाली, निनु चापागाईं, डा.तुलसी भट्टराईलगायतले मन्तव्य राखेका थिए भने मोहन कोइरालालगायत डेढ दर्जनभन्दा बढी स्रष्टाले कवितावाचन गरेका थिए । कार्यक्रमको सञ्चालन विष्णुविभु घिमिरेले गरेका थिए र सभापतित्व हरिगोविन्द लुइँटेलले गरेका थिए ।[२२८] २०६२ साउन १० गते विभिन्न पेसामा क्रियाशील नागरिक समाजका सदस्यहरूलाई सरकारले गिरफ्तार गरेको थियो । यसको सङ्घले १० गते नै विज्ञप्ति प्रकाशन गरेर विरोध गरेको थियो ।[२२९]

यस संस्थाको स्थापनामा नागार्जुन साहित्य प्रतिष्ठानको योगदान पनि महत्वपूर्ण रहेको देखिन्छ । सङ्घको आफ्नै कार्यालय नभएको अवस्थामा अनामनगर स्थित दाहालको दैलोमा रहेको नागार्जुन साहित्य प्रतिष्ठानको कार्यालयलाई सम्पर्क स्थानका रूपमा राखिएको थियो । माघ १९ भन्दा अघिको केही समय यो एकदमै सक्रिय रहेको पाइन्छ । यो संस्था साहित्यकारहरूको मात्र थियो । बदलिदो परिस्थितिअनुरूप सबै क्षेत्रका स्रष्टाहरूलाई समेटेर अझ व्यापक र फराकिलो

---

[२२५] २०६१ पुस २ गतेको भेलाद्वारा पारित लोकतान्त्रिक साहित्यकार सङ्घको अवधारणापत्र ।

[२२६] लोकतान्त्रिक साहित्यकार सङ्घको निर्णय पुस्तिका ।

[२२७] लोकतान्त्रिक साहित्यकार सङ्घको तर्फबाट २०६१/११/२ मा संयोजक हरिगोविन्द लुइँटेलले जारी गरेको प्रेस विज्ञप्ति ।

[२२८] लोकतान्त्रिक साहित्यकार सङ्घको निमन्त्रणा पत्र ।
लोकतान्त्रिक साहित्यकार सङ्घको संयोजक हरिगोबिन्द लुइँटेलबाट प्राप्त जानकारी ।

[२२९] लोकतान्त्रिक साहित्यकार सङ्घका संयोजक हरिगोविन्द लुइँटेलबाट हस्ताक्षरित प्रेस विज्ञप्ति ।

प्रवृत्तिको छाता सङ्गठनको निर्माण गर्न पहल गरेको देखिन्छ । यस सङ्घका संयोजक नै लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्चको स्थापना भएपछि साहित्यकार सङ्घका सबै सदस्यहरू संयुक्त मञ्चभित्रै बसेर काम गरेको बताउँछन् ।[२३०] संयुक्त मञ्च स्थापनाको पृष्ठभूमिका रूपमा लोकतान्त्रिक साहित्यकार सङ्घ र प्रतिगमन विरोधी स्रष्टाहरूको संयुक्त समिति रहेको देखिन्छ । नेपाली साहित्यमा गणतान्त्रिक आन्दोलनलाई संस्थागत रूपमा अगाडि बढाउन यसले पहल गरेको पाइन्छ ।

## ६.२.३ लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्च

संसदवादी राजनीतिक दलहरूले गरेका कतिपय कमीकमजोरीबाट फाइदा उठाउँदै तत्कालीन राजा ज्ञानेन्द्रले २०५९ असोज १८ पछि प्रत्यक्ष र निरङ्कुश शासन सञ्चालन गर्न थाले । २०६१ माघ १९ पछि त राजाको प्रतिगामी कदमले अरू नाङ्गो र क्रूर रूप धारण गर्न थाल्यो । राजाको निरङ्कुश प्रवृत्तिका विरुद्ध आवाज उठाउन खोज्ने जो कोहीलाई पनि कडा कारवाही गर्न थालियो । प्रजातन्त्रका पक्षमा बोल्ने र मानवअधिकारका कुरा उठाउने साहित्यकार, लेखक, कलाकारहरूमाथि पनि कडा नियन्त्रण र निगरानी राख्न थालियो । हक र अधिकारका कुरा गर्दा धेरै लेखक-साहित्यकाहरूले गिरफ्तारी, अपहरण र धम्की सहनु पऱ्यो । आफ्नो ब्रह्मले देखेको कुरा लेख्न र बोल्नसमेत नपाउने अवस्था सिर्जना भएपछि स्रष्टाहरू सङ्गठित विरोधमा लाग्न थाले । लोकतान्त्रिक स्रष्टाहरूको स्थापनाभन्दा पहिला पनि स्रष्टाहरूले विभिन्न संयोजन संयन्त्रहरूमा आबद्ध भएर प्रजातान्त्रिक हक र अधिकारका पक्षमा बोल्दै आएका थिए । २०६४ साउन ४ गते स्थापना भएको प्रतिगमन विरोधी स्रष्टाहरूको संयुक्त समिति पनि एमाले र प्रजातान्त्रिक काङ्ग्रेस प्रतिगमन सच्चिएको नाममा सरकारमा गएपछि निष्क्रिय जस्तै भएको थियो । २०६१ पुस २ गते गठित लोकतान्त्रिक साहित्यकार सङ्घ पनि सक्रिय थियो तर निरङ्कुश शासकहरूलाई दह्रो धक्का दिन साहित्यकार सङ्घभन्दा अझ सशक्त सङ्गठनको आवश्यकता परेको हुनाले सबै क्षेत्रका स्रष्टाहरूलाई समेटेर संयुक्त मञ्चको स्थापना गरिएको पाइन्छ । निरङ्कुशता विरुद्ध सङ्गठित आन्दोलन प्रतिगमन विरोधी स्रष्टाहरूको संयुक्त समितिबाट सुरु भएको थियो ।संयुक्त समिति र लोकतान्त्रिक साहित्यकार सङ्घ पनि वाम र प्रजातान्त्रिक विचारधाराका स्रष्टाहरूलाई सङ्गठित रूपले अगाडि बढाउने काममा पृष्ठभूमिका रूपमा आएका देखिन्छन् ।

लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्चको गठन २०६२ साउन २३ गते भएको थियो तर यसको अवधारणा र तयारी भने पहिलादेखि नै भएको पाइन्छ । लोकतन्त्रका लागि स्रष्टाहरूको ऐक्यबद्धताका लागि २०६२ असार २१ गते काठमाडौंको वानेश्वरमा आनन्ददेव भट्ट, डा. तुलसी भट्टराई, रुद्र खरेल, प्रदीप ज्ञवाली, विष्णुविभु घिमिरे, अमर गिरी, विजय सुब्बा, मातृका पोखरेल, रमेशप्रसाद भट्टराई कर रामविनयको उपस्थितिमा छलफल भयो । छलफल पछि निरङ्कुशता विरोधी सांस्कृतिक आन्दोलनलाई अघि बढाउन निरङ्कुशता विरुद्ध स्रष्टाहरूको अभियान सञ्चालन

[२३०] लोकतान्त्रिक साहित्यकार सङ्घका संयोजक हरिगोविन्द लुइँटेलसँग २०६५/८/१४ गते गरेको कुराकानी ।

गर्ने र त्यसका लागि आवश्यक संयन्त्र निर्माण गर्ने निर्णय भयो ।[२३१] साउन ७ गते असार २१ मा उपस्थित स्रष्टासहित निनु चापागाईं, हरिगोविन्द लुईंटेल, आहूति र डा. जगदीशचन्द्र भण्डारीको उपस्थितिमा लोकतन्त्रका पक्षमा स्रष्टाहरूको ऐक्यबद्धतालाई सुदृढ पार्न लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्च निर्माण गर्ने निर्णय भएको थियो । त्यसै बैठकले मञ्चको अवधारणा पत्र निर्माण गर्नका लागि हरिगोविन्द लुइँटेल, विष्णुविभु घिमिरे र रमेशप्रसाद भट्टराईलाई जिम्मा दिइएको थियो ।[२३२] २०६२ साउन ११ गते गुरुकुलमा भेला भई अवधारणापत्रलाई अन्तिम रूप दिइयो र २०६२ साउन २३ गते हुने भेलामा प्रस्तुत गरियो । साउन २३ गते हुने भेलामा निम्नलिखित साहित्यिक सांस्कृतिक संस्थाहरूको आवद्धता रहने निर्णय भयो ।

प्रगतिशील लेखक सङ्घ नेपाल, नेपाल साहित्यकार सङ्घ, प्रगतिशील सांस्कृतिक सङ्गठन, राष्ट्रिय जनसांस्कृतिक मञ्च, साहित्य सन्ध्या, नेपाली लेखक सङ्घ, जनकला सिर्जना समाज, लोकतान्त्रिक साहित्यकार सङ्घ, सिर्जना चैत्र ३, आरोहण नेपाल, क्रान्तिकारी सांस्कृतिक सङ्घ र नेपाल जनवादी कला समाज । यस बाहेक किराँत लेखक सङ्घ र नागार्जुन साहित्यिक प्रतिष्ठानले पनि २३ गते आफ्नो सम्बद्धता जनाएका थिए ।[२३३]

नेपाल बार एशोसियसनको हलमा २०६२ साउन २३ गते लोकतन्त्र पक्षधर स्रष्टाहरूको भेला भयो । ११८ जना सष्टाको उपस्थितिमा भएको त्यस भेलाले बैरागी काँइलाको अध्यक्षतामा ३५ सदस्यीय कार्यसमिति गठन गरेको थियो । मञ्चको अध्यक्ष सभाका सदस्यहरूमा आनन्ददेव भट्ट, तुलसी भट्टराई र निनु चापागाईं रहेका थिए भने महासचिवमा रमेशप्रसाद भट्टराई र सचिवमा मातृका पोखरेल थिए । त्यस्तै सचिवालय सदस्हरूमा विष्णुविभु घिमिरे, हरिगोविन्द लुईंटेल, डा. वेञ्जु शर्मा, अमर गिरी, आहूति, नवीन सुब्बा र विजय सुब्बा थिए । समितिका सदस्यहरूमा माथिका सदस्यहरू बाहेक खगेन्द्र सङ्ग्रौला, डा.खुमनारायण पौडेल, चन्द्रबहादुर उलक, डा. जगदीशचन्द्र भण्डारी, डा.ताराकान्त पाण्डेय, देशभक्त खनाल, नन्दकृष्ण जोशी, पुष्पराज राजकर्णिकार, प्रदीप ज्ञवाली, बलदेव मजगैया, रमेशरञ्जन झा, रमेश वान्तवा, रामविनय, राजन काफ्ले, रुद्र खरेल, लक्ष्मी माली, वियोगी बुढाथोकी, श्यामल, सुनिल पोखरेल, दाहाल यज्ञनिधि, राजन मुकारुङ र प्रकाश सिलवाल रहेका थिए ।[२३४]

लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्च लोकतान्त्रिक मूल्य र मान्यतामा विश्वास राख्ने सबै स्रष्टाहरूको छाता सङ्गठनको रूपमा स्थापना भएको देखिन्छ । यस मञ्चको अवधारणा पत्रमा यसको स्थापनाको सन्दर्भलाई लिएर भनिएको छ -

"लोकतन्त्र प्राप्ति र लोकतान्त्रिक संस्कृति निर्माणको यही महत्वपूर्ण अभिष्टले प्रेरित भएर लोकतान्त्रिक स्रष्टा र साधकहरूले पनि आजको स्थितिमा आफ्नो भूमिकालाई अरू ठोस, अरू सङ्गठित र अरू व्यवस्थित गर्न आवश्यक ठानी पटक-पटक भेटघाट र अन्तर्क्रियाहरू गरी एउटा

---

२३१ लोकतान्त्रिक साहित्यकार स्रष्टहरूको संयुक्त मञ्चको निर्णय पीुस्तका रमेशप्रसाद भट्टराई, पूर्ववत् , पृ. ६ ।

२३२ ऐजन ।

२३३ ऐजन ।

२३४ ऐजन ।

साझा मार्ग पहिल्याउने प्रयत्न गर्दै आएका छन् । मुलुकमा निरङ्कुशतन्त्रले खुनी पञ्जा फैलाइरहेको बेला त्यस खुनी पञ्जाका विरुद्ध मन, वचन र कर्मले सक्रिय रहनु नै पनि सचेत एवम् स्वाभिमानी स्रष्टा र साधकहरूको विशेष दायित्व हो । यसै दायित्वबोधले अभिप्रेरित भएर लोकतान्त्रिक स्रष्टाहरू मिली एउटा संयुक्त मञ्च नै निर्माण गरी काम अघि बढाउने टुङ्गो भएको छ" (विस्तृत रूपमा हेर्नुहोस् परिशिष्ट) । यसको प्रमुख उद्देश्य निरङ्कुशता विरुद्ध सक्रिय हुने र लोकतान्त्रिक संस्कृतिको निर्माणका लागि साझा बुँदाहरूमा एकताबद्ध भएर अगाडि बढ्ने रहेको छ ।

२०६२ साउन २३ गते विधिवत रूपमा स्थापना भएको लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्च केन्द्रीय संयोजन समितिको अवधारणा पत्रसँग सहमत हुने स्रष्टाहरूले अन्य स्थानमा पनि समिति गठन गर्न सक्ने व्यवस्था रहेको छ । यस अवधारणा पत्रसँग सहमत भएर देशका विभिन्न स्थानहरूमा पनि समितिहरू गठन गरेको पाइन्छ । यहाँ काठमाडौंमा गठन भएको केन्द्रीय संयोजन समितिको बारेमा सामान्य जानकारी प्रस्तुत गरिएको छ । मञ्चका अन्य शाखाहरूको बारेमा छुट्टै जानकारी प्रस्तुत गर्ने काम भएको छ ।

लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्चले छाता सङ्गठनको रूपमा रहेर धेरै कार्यक्रमहरू गरेको पाइन्छ । मञ्चको तर्फबाट गरिएको पहिलो कार्यक्रम २०६२ भाद्र ३ गते इन्द्रचोकमा भएको थियो । त्यहाँ स्रष्टाहरू जम्मा भई मुखमा कालोपट्टी बाँधेर निरङ्कुशता विरुद्ध प्रदर्शन गरेका थिए । निरङ्कुशताका विरुद्ध स्रष्टाहरूको ऐक्यवद्धतामा साहित्यकार, प्रगतिशील लेखक, कलाकार, गीतकारलगायत झण्डै दुई सयजना सहभागी थिए । प्रदर्शनमा आदिवासी स्रष्टा मञ्च, नेपाल, सामाजिक उत्तरदायित्वका निम्ति चिकित्सकहरू र किराँत लखेक सङ्घ नेपालले पनि ऐक्यबद्धता जनाएका थिए ।[२३५] त्यस्तै भदौ ११ गते ललितकला सम्बद्ध मूर्ति, चित्रकला, फोटो पत्रकार र कार्टुनिष्टहरूसँग लोकतन्त्रको प्राप्तिमा कलाकारको भूमिका भन्ने विषयमा छलफल भएको थियो ।[२३६] यस मञ्चकै आयोजनामा भदौ २४ गते भोटाहिटीमा जुलुस प्रदर्शन गरी निषेधाज्ञा उल्लङ्घन गर्ने कार्यक्रममा राजनीतिक दलका नेता, कार्यकर्ता र विद्यार्थीहरूको समेत सहभागिता रहेको थियो । स्रष्टाहरूले पहिलोपटक स्वतन्त्रताको माग गर्दै निषेधाज्ञा उल्लङ्घन गरेका थिए । सो कार्यक्रममा आदिवासी स्रष्टा मञ्च, किराँत लेखक सङ्घ, लोकतान्त्रिक चलचित्रकर्मी मञ्चले पनि ऐक्यबद्धता जनाएका थिए । त्यहाँ ३३ जना लोकतान्त्रिक स्रष्टाहरू सहित १५८ जनालाई प्रहरीले गिरफ्तार गरेको थियो । त्यस कार्यक्रममा बैरागी काँइला, तुलसी भट्टराई, निनु चापागाई, आनन्ददेव भट्ट, मोदनाथ प्रश्रित, प्रदीप ज्ञवाली, आहुति, हरिगोविन्द लुइँटेल, विष्णुविभु घिमिरे, बलदेव शर्मा मजगैया, शक्ति लम्साल, खगेन्द्र सङ्ग्रौला, नन्दकृष्ण जोशी, राजन मुकारुङ, धर्मराज गुरुङ, अमर गिरी, वेदनिधि अधिकारी, जगदीशचन्द्र भण्डारी, खुमनारायण पौडेल, रामप्रसाद ज्ञवाली, रमेशजङ्ग सिजापति, मनोज न्यौपाने, राजन काफ्ले, धनकुमारी सुनार, चेतनाथ धमला, श्रीकृष्ण अणु, नवीन चित्रकार, एस.बी. विवेक, निरञ्जन साङपाङ, यादव देवकोटा, भोगेन्द्र लिङ्देव, जयहाङ् राई,

---

२३५ नारायण वाग्ले (सम्पा.), "लोकतन्त्र माग गर्दै कालोपट्टी", **कान्तिपुर,** (वर्ष १३, अङ्क ८४, २०६२ भदौ), पृ. २ ।

२३६ पूर्ववत् ।

विष्णुभक्त फुँयाललगायत थिए । हस्तक्षेप र गिरफ्तारीको विरोध गर्दै तत्काल स्रष्टाहरूले भोटाहिटी चोकमा कोणसभा गरे । कोणसभलाई चलचित्रकर्मीका तर्फबाट तीर्थ थापा, लेखक तथा कसाहित्यकाहरूको तर्फबाट डा. वेञ्जु शर्मा र कार्टुनिष्टहरूको तर्फबाट रमेश विष्ट लगायतले सम्बोधन गर्दै लोकतन्त्रका लागि एकताबद्ध भएर अघि बढ्न आह्वान गरेका थिए । यसलाई सञ्चार माध्यमले महत्वका साथ प्रकाशन-प्रसारण गरेका  थिए । कान्तिपुर दैनिकले त यसलाई नै प्रमुख समाचार बनाएको थियो ।[२३७] यस कार्यक्रमलाई बैरागी काँइलाले लोकतान्त्रिक स्रष्टाको संयुक्त मञ्चको सबैभन्दा बहृत् र ऐतिहासिक कार्यक्रम भएको बताएका छन् । यस कार्यक्रममा स्थापितदेखि नवोदित स्रष्टाहरूको समेत सहभागिता रहेको थियो ।[२३८]

काठमाडौं वानेश्वरमा २०६२ माघ ८ गते 'लोकतान्त्रिक सिर्जना यात्रा'को आयोजना गरिएको थियो । यसको आयोजना गर्ने काम लोकतन्त्र र शान्तिका लागि नागरिक आन्दोलनले गरेको थियो भने संयोजन गर्ने काम लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्च नेपालले गरेको थियो ।[२३९] स्रष्टाहरूले आफ्ना रचना प्रस्तुत गरिरहेको समयमा प्रहरीहरूले निर्मम ढङ्गले लाठी प्रहार गरी स्रष्टा तथा उपस्थित श्रोता र दर्शकहरूमाथि जघन्य व्यवहार गरेका थिए । त्यहाँबाट लछार-पछार गर्दै १५ जना स्रष्टाहरूलाई गिरफ्तार गरिएको थियो । प्रहरीको लाठी प्रहारबाट कार्यक्रमका सभापति निनु चापागाईंको दाहिने हातको कान्छी औंला दुई ठाउँबाट भाँचिएको थियो भने कार्यक्रमका सञ्चालक रमेशप्रसाद भट्टराई र मातृका पोखरेललाई खुट्टा र पिठ्यूमा निलडाम बस्ने गरी लाठी प्रहार गरिएको थियो ।[२४०] गिरफ्तार भएका स्रष्टाहरूलाई वानेश्वर प्रहरी चौकीमा राखेको थियो । प्रहरीले चौकीभित्र लगिसकेपछि पनि धम्काउने र दुर्व्यवहार गर्ने काम गर्न छाडेनन् । त्यहाँ सफा पानी समेत खान नदिई राखेको थियो तर त्यसै समयमा इयान मार्टिनको टोली त्यहाँ पुगेर दुर्व्यवहार नगर्न भनेपछि त्यस्तो काम गर्न छाडेका थिए ।[२४१] त्यहाँ निम्न स्रष्टाहरू गिरफ्तारमा परेका थिए -

डा.तुलसी भट्टराई, रामप्रसाद ज्ञवाली, अर्जुन पराजुली, नन्दकृष्ण जोशी, कुसुम ज्ञवाली, हरिगोविन्द लुईंटेल, डा.जगदीशचन्द्र भण्डारी, आनन्ददेव भट्ट, रमेश भट्टराई, अनुभव अजित, निर्मल अर्याल, भाष्कर गौतम, रुद्र खरेल र मुक्ता श्रेष्ठ ।[२४२]नागरिक आन्दोलनको आयोजना र लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्चको संयोजनमा २०६२ माघ १६ गते नयाँ वानेश्वरमा लोकतान्त्रिक कविता, गीत, हाँस्यव्यङ्ग्य र सडक नाटक प्रस्तुत गरिएको थियो । यस्तैगरी १७ गते पनि यलमायाा केन्द्र पाटनमा लोकतान्त्रिक चित्रकला, मूर्तिकला, व्यङ्ग्य चित्रकला, फोटा र आवाज

---

[२३७] नारायण वाग्ले (सम्पा.), "स्रष्टा उत्रे सडकमा", **कान्तिपुर**, (वर्ष १३, अङ्क २०५, २०६२ भदौ २५), पृ. १-३ ।

[२३८] दिनेश आचार्य, "लोकतान्त्रिक स्रष्टहरूले तोडे निषेधाज्ञा", **राजधानी,** (वर्ष ५, अङ्क ९७, २०६२ भदौ २५), पृ. ८ ।

[२३९] बैरागी काँइला, "लोकतन्त्र र स्रष्टहरू", **गरिमा,** (वर्ष २५, अङ्क ५, २०६४ वैशाख), पृ. २२६-२७ ।

[२४०] लोकतान्त्रिक स्रष्टहरूको संयुक्त मञ्चको तर्फबाट तुलसी भट्टराईद्वारा २०६२/१०/१० मा प्रकाशित प्रेस विज्ञप्ति ।

[२४१] हरिगोविन्द लुइँटेलसँग २०६५/८/१५ मा गरेको कुराकानी ।

[२४२] बलराम /उजिर, "निषेधाज्ञा तोड्दै प्रदर्शन", **कान्तिपुर,** (वर्ष १३, अङ्क ३३४, २०६२ माघ), पृ. ३ ।

भन्ने लोकतान्त्रिक भिडियो चलचित्रको समेत प्रदर्शनी गरिएको थियो । तत्कालीन नेपाली राजनीतिक परिस्थिति र यो भिडियोमा देखाइएको विषयवस्तु मिल्दोजुल्दो रहेको छ ।[२४३] यो अभिव्यक्ति स्वतन्त्रताको विषयमा बनाइएको थियो ।

यस बाहेक स्रष्टाहरूको संयुक्त मञ्चको राजनीतिक दलहरूको कार्यक्रममा पनि प्रत्यक्ष-अप्रत्यक्ष रूपमा सहयोग र सहभागिता रहेको पाइन्छ । अन्य साहित्यिक सङ्घ-संस्थाहरूले आयोजनामा गरेका कार्यक्रमहरूमा पनि संस्थागत र व्यक्तिगतरूपमा सहयोग र सहभागिता रहेको पाइन्छ । मञ्च भित्र रहेका स्रष्टाहरू अन्य साहित्यिक सङ्घ-संस्थाहरूमा समेत आबद्ध भएका हुँदा अप्रत्यक्ष रूपमा यसको सहभागिता धेरै ठाउँमा भएको पाइन्छ । "लोकतान्त्र र शान्तिका लागि नागरिक आन्दोलन" नामक नागरिक समाजका पाय: सबै कार्यक्रममा यो मञ्चका स्रष्टाहरू सक्रिय थिए । यहाँ मञ्चले संस्थागत रूपमा गरेका कार्यक्रमहरूको बारेमा मात्र संक्षिप्त रूपमा प्रस्तुत गर्ने प्रयास गरिएको हो ।

उन्नाइस दिनको आन्दोलनको समयमा पनि राजनीतिक दलहरूले चलाएको आन्दोलनमा यस संस्थाले पनि सक्रिय सहभागिता जनाएको पाइन्छ । विभिन्न ठाउँका आन्दोलनका कार्यक्रमहरूमा सहभागिता जनाउँदा घाइते हुने र गिरफ्तारीमा पर्ने स्रष्टाहरूको सङ्ख्या पनि धेरै छ । मञ्चको ब्यानर नै बोकेर योजनाबद्ध रूपले धेरै ठाउँमा स्रष्टाहरू पुगेनन् तर जहाँ जसले जसरी सक्छ त्यसरी नै आन्दोलनलाई अगाडि बढाउने काम भएको थियो । उन्नाइस दिनको आन्दोलनमा लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्चमा आबद्ध व्यक्तिहरू घाइते भएका र गिरफ्तारीमा परेका थिए । चैत्र २६ गते महाराजगञ्जबाट कर्फ्यू तोड्ने कार्यक्रममा पनि नागरिक समाजका व्यक्तिहरूसँग यस मञ्चका सदस्यहरूको सहभागिता थियो । त्यहाँ मञ्चका महासचिव रमेशप्रसाद भट्टराई, कवि अर्जुन पराजुली लगायतका स्रष्टाहरू गिरफ्तारीमा परेका थिए । त्यहाँबाट नागरिक समाजका व्यक्तिहरूसमेत गरी २४ जना गिरफ्तार भएका थिए ।

चैत्र ३० गते गुरुकुलमा भएको कार्यक्रम ऐतिहासिक रहेको छ । त्यस ऐतिहासिक दिनको सम्झना गर्दै आर.एम. डङ्गोलको संयोजकत्वमा 'स्रष्टा, चैत्र ३०' भन्ने संस्था नै स्थापना भएको छ ।[२४४] चैत्र २८ गते केही स्रष्टाहरूको उपस्थितिमा भएको छलफलपछि ३० गते गुरुकुलमा व्यापक छलफल र प्रदर्शन गर्ने निर्णय भयो । स्रष्टा चैत्र ३० मा जनआन्दोलन २ मा ऐक्यबद्धता जनाउन छलफल कार्यक्रममा सहभागीहरूको उपस्थिति भनेर ६७ जना स्रष्टाहरूको नाम उल्लेख गरिएको छ ।[२४५] २०६२ चैत्र ३० गते गुरुकुलमा ८६ वर्षीय स्रष्टा सत्यमोहन जोशीको प्रमुख अतिथ्यमा कार्यक्रम भएको थियो । कलाकार मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यले **पञ्चायतको श्राद्ध** भन्ने नाटकसमेत प्रस्तुत गरेका थिए । तुलसी भट्टराईको सभापतित्व र विष्णुविभु घिमिरेको सञ्चालनमा भएको त्यस कार्यक्रममा दुई सय जनाभन्दा बढी स्रष्टाहरू उपस्थित भएका थिए । लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्च र गुरुकुलको आयोजनामा यो कार्यक्रम भएको

---

२४३ रमेशप्रसाद भट्टराई, पूर्ववत्, पृ. ७ ।

२४४ स्रष्टा चैत्र ३० को तर्फबाट संयोजक आर.एम. डङ्गोलले २०६३/१२/२६ मा प्रस्तुत गरेको प्रेस विज्ञप्ति ।

२४५ रत्नमणि नेपाल र अन्य (सम्पा.), **स्रष्टा, चैत्र ३०,** (वर्ष १, अङ्क १, २०६३ चैत्र), पृ. ४५ ।

थियो ।[२४६]त्यस दिन स्रष्टाहरूलाई सडकमा कार्यक्रम गर्ने भनेर नबोलाई गुरुकुलभित्र गर्ने भनेर सूचना प्रवाह गरिएको थियो । आन्दोलन सफलतातिर गइरहेको र सुरक्षित स्थलमा पनि हुन थालेकोले धेरै नै स्रष्टाहरूको उपस्थिति थियो । स्रष्टाहरू गुरुकुलबाट निस्केर कर्फ्यू तोड्दै पुरानो वानेश्वर चोकमा पुगी सडकमा बसेर कविता वाचन गर्न सुरु गरे । बेञ्जु शर्माले कविता भन्न थालेकी मात्र थिइन्, प्रहरीले स्रष्टामाथि बर्बर आक्रमण गर्न सुरु गरि हाले । धेरै स्रष्टाहरू घाइते भए र लछारपछारमा परे । लाठी प्रहार गर्ने र अश्रुग्याँस छाड्ने मात्र होइन गोली नै चलाउने कामसमेत भयो ।[२४७] त्यस दिन गिरफ्तारमा पर्नेहरूमा डा. तुलसी भट्टराई, हरिगोविन्द लुईंटेल, देशभक्त खनाल, डा. सञ्जीव उप्रेती, आर.एम. डङ्गोल, मनोज न्यौपाने, ठाकुर बेल्वासे, कुसुम ज्ञवाली, युवराज घिमिरे, भोलाराज सापकोटा, राजकुमार राई र गणेश पौडेल थिए । गिरफ्तारमा परेका सबैलाई गौशाला प्रहरी चौकीमा लगियो र केही क्षण हिरासत कक्षमा राखेपछि पुनः गाडीमा राखेर दशरथ रङ्गशालामा पुऱ्याइयो । दशरथ रङ्गशालाको कवर्ड हलबाट राति नौ बजे मात्र छाडियो तर ठाकुर बेल्वासेलाई भने छोडिएन । तीन महिने थुनुवा पूर्जी दिई प्रहरी तालिम केन्द्र महाराजगञ्जमा पुऱ्याइयो ।[२४८] प्रहरीले स्रष्टाहरूलाई गिरफ्तार गर्ने क्रममा पटक-पटक ईटा र ढुङ्गा समेत वर्षाएका थिए । लाठी र बुट प्रहार गर्ने तथा छातीमा नै ताकेर गोली हान्ने काम समेत गरेका थिए । यस प्रहारबाट हरिगोविन्द लुईंटेल, देशभक्त खनाल, आर.एम. डङ्गोल सख्त घाइते भएका थिए । उनीहरूलाई त ढालिसकेपछि पनि प्रहरीले लाठी र बुटले हानिरहेको थियो ।[२४९] विष्णुविभु घिमिरे, किरण मानन्धर र सुनिल पोखरेल लगायतका स्रष्टाहरू पनि घाइते भएका थिए ।[२५०] यस लोकतान्त्रिक स्रष्टाहरूको सिर्जनायात्रा कार्यक्रममा ऐक्यबद्धता जनाउने ५९ वटा साहित्यिक- सांस्कृतिक सङ्घ-संस्थाहरूको नामावली **स्रष्टा, चैत्र ३०** ले विष्णुविभु घिमिरेलाई स्रोत उल्लेख गर्दै प्रकाशन गरेको छ । ती सङ्घ-संस्थाहरूको नामावली यसप्रकार छ-

लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्च, नेपाल साहित्यकार सङ्घ, महसञ्चार काठमाडौं, नेपाली लेखक सङ्घ, सर्वदा वाङ्मय प्रतिष्ठान, नागार्जुन साहित्यिक प्रतिष्ठान, आरोहण, लोकतान्त्रिक चलचित्रकर्मी मञ्च काठमाडौं, नेपाल चलचित्रकर्मी निर्माता सङ्घ काठमाडौं डबली नाट्य समूह, प्रतिबिम्ब पोखरा, किराँत लेखक सङ्घ काठमाडौ, सृष्टि नाटक समूह धरान, सिर्जना चैत्र ३ काठमाडौं, मिथिला नाट्यकला परिषद् जनकपुरधाम, राष्ट्रिय जनसांस्कृतिक मञ्च काठमाडौं, मण्डपिका कला समूह काठमाडौं, तरङ्ग सांस्कृतिक परिषद् हेटौंडा, कोर ग्रुप आर्ट काठमाडौं, सर्वनाम, नेपाल चलचित्र निर्देशक समाज काठमाडौं, साहित्य सन्ध्या काठमाडौं, नेपाल चलचित्र प्राविधिक सङ्घ काठमाडौं, चलचित्र लेखक सङ्घ काठमाडौं, नेपाल कलाकार समाज काठमाडौं, कटहरी नाटक समूह सिन्धुली, अनाम नाट्य जगत धरान, पम्किन थिएटर काठमाडौं, वर्तमान

---

[२४६] तुलसी भट्टराई, "स्रष्टहरूमाथि प्रहार भएका त्यो दिन", **मधुपर्क**, (वर्ष ३९, अङ्क ३, २०६३ साउन), पृ. ५६ ।

[२४७] ऐजन ।

[२४८] पूर्ववत्, पृ. २ ।

[२४९] रमण घिमिरे, "कोही तटस्थ रहन पाउँदैन", **नेपाल,** (२०६३, वैशाख १०), पृ. ३२ ।

[२५०] तुलसी भट्टराई, पूर्ववत् ।

साहित्य प्रतिष्ठान झापा, भक्तपुर साहित्य समाज भक्तपुर, चलचित्र समीक्षक समाज नेपाल ( फिक्सन) काठमाडौं, नेपाल कमर्सियल आर्टिस्ट सङ्घ, आकृति नाट्य समूह जनकपुर, शङ्कर लामिछाने निबन्ध कोष काठमाडौं, भावक अभियान नेपाल, सिस्नुपानी नेपाल, सात्विक नाट्य मन्दिर काठमाडौं, स्टार थिएटर (कला कुन्ज) मुगु, कन्चनजङ्घा नाट्य समूह मोरङ, अक्षर अध्ययन विन्दू, नेपाली कविता डट कम, क्रिएटिभ आर्ट थिएटर, शिवपुरी साहित्य समाज, द हिमालयन थिएटर काठमाडौं, गजल मञ्च नेपाल काठमाडौं, विलयन लेखन, प्रगतिशील कला समूह, थिएटर नेपाल उदयपुर, शिवपुरी सन्देश त्रैमासिक, हाइकू समाज नेपाल, सङ्गम भिजन तथा कञ्चन कला ग्राफिक डिजाइन डिल्लीबजार, रिपोर्टर्स क्लव, रूपवाणी साहित्य, नेपाल साहित्यिक विद्यार्थी समाज, त्रिचन्द मझेरी साहित्य र कपन साहित्य समाज ।[२५१] तीस गते गुरुकुलमा भएको कार्यक्रमको बारेमा सञ्चार माध्यमहरूले पनि प्राथमिकताका साथ प्रकाशन-प्रसारण गरेको पाइन्छ ।

वैशाख ८ गते राजाको सम्बोधन आयो तर त्यस सम्बोधनबाट जनताका अधिकारहरूको स्थापना नभएको भन्दै आन्दोलन जारी नै राखियो । वैशाख ९ गते गुरुकुलमा साहित्यकार, चलचित्र कर्मी, चित्रकार, लगायतको भेलाले संविधानसभा नै तत्कालीन समयको निकास हो भन्ने निष्कर्ष निकालेको थियो । शाही घोषणा धोका भएकोले आन्दोलन जारी राख्नुपर्ने भन्दै दल, नागरिक समाज र पेसागत सङ्घ-संस्थाहरूलाई अनुरोध गरिएको थियो । गुरुकुलमा मदनकृष्ण श्रेष्ठ, हरिवंश आचार्य, तुलसी भट्टराई, हरिगोविन्द लुइँटेल, मातृका पोखरेल, अमर गिरी, विष्णुविभु घिमिरे, कुसुम ज्ञवाली, अशोक श्रेष्ठलगायतका स्रष्टाहरू भेला भएका थिए ।[२५२]

जनआन्दोलन २०६२-०६३ को ऐतिहासिक जनआन्दोलनका लागि स्रष्टाहरूले सिर्जनात्मक क्षेत्रबाट जनतालाई जागरुक गराउने काम निरन्तर रूपमा जारी राखे । यस मञ्चमा आवद्ध भएका स्रष्टाहरू विभिन्न ठाउँबाट गिरफ्तारमा परेका छन् र आन्दोलनका मोर्चाहरूमा सिर्जनात्मक गतिविधि समेत सञ्चालन गरेका छन् । त्यतिबेला स्रष्टाहरू मञ्चको नाम लिने र रचनाहरू मात्र वाचन गर्ने धुनमा नलागी आन्दोलनको मोर्चामै रहेर जसरी आन्दोलन अगाडि बढ्छ त्यसरी नै काम गरेको पाइन्छ । गिरफ्तार भएकाहरूमध्ये धेरैजसोलाई महाराजगञ्ज प्रहरी तालिम केन्द्रमा पुऱ्याएको पाइन्छ । गिरफ्तार भएर महाराजगञ्जमा बसेका स्रष्टाहरूको सक्रियतामा **बन्दी शिविरका आवाजहरू** भन्ने सङ्ग्रह नै प्रकाशित भएको छ । त्यसबाट पनि त्यहाँ को -को थिए भन्ने कुराको जानकारी पाउन सकिन्छ । त्यस बाहेक पनि विभिन्न ठाउँमा स्रष्टाहरू थुनिएका थिए ।

जनआन्दोलन सफलतापश्चात् मञ्चको पहिलो बैठक २०६३ वैशाख १६ गते बस्यो । वैशाख ११ गते ज्ञानेन्द्रले झुकेर देशवासीका नाममा सम्बोधन गरेपछि मञ्चले सानो अंश भए पनि उपलब्धि भएको स्वीकार्दै उपलब्धिलाई अन्तिम अवस्थामा पुऱ्याउन निशर्त संविधानसभाको चुनाव, माओवादी सहितको सरकार गठन, नयाँ संविधान निर्माण लगायतका कुरामा अघि बढ्नुपर्ने र त्यसका लागि स्रष्टाहरूले आफ्नो क्षेत्रबाट क्रियाशीलता जारी राख्ने भन्ने बारेमा छलफल तथा

---

[२५१] रत्नमणि नेपाल र अन्य (सम्पा.), पूर्ववत्, पृ. ४१-४२ ।

[२५२] विष्णु निष्ठुरी, **उन्नाइस दिनमा स्रष्टा आन्दोलन**, ऐजन, पृ. ४९ ।

निर्णय भए । राजनीतिक रूपान्तरणका साथसाथै सामाजिक सांस्कृतिक रूपान्तरणका लागि अघि बढ्नुपर्ने र बहस छलफल चलाउने जस्ता कुरामा मञ्च अघि बढ्नुपर्ने कुरा उठ्यो । मञ्चले एकेडेमीको नाम परिवर्तन गर्नुपर्ने र लोकतान्त्रीकरण गर्नुपर्ने, लोकतान्त्रिक संस्कृतिको निर्माण गरिनुपर्ने, राजा-महाराजाका नाममा स्थापना गरिएका संस्थाहरू, पुरस्कार, विद्वत्वृत्ति आदिको नाम परिवर्तन गरी लोकतान्त्रिक नामकरण गर्ने, शिक्षा सञ्चार तथा सरकारी क्षेत्रमा निरङ्कुशतन्त्र र प्रतिगमनकालीन नियुक्ति खारेजी गर्नुपर्ने, पाठ्यक्रम निर्माण लगायतका महत्वपूर्ण पक्षमा वैचारिक समावेशीकरण गरिनुपर्ने र अवैज्ञानिक लोकतन्त्र विरोधी विभेदयुक्त सामग्री तुरुन्त हटाउनुपर्ने, सहिदगेटमा भएको त्रिभुवनको सालिक हटाउनुपर्ने लगायतका विभिन्न कुराहरू उठाएको पाइन्छ ।[२५३] मञ्चले तत्कालीन समयको स्तुतिवादी राष्ट्रियगान 'श्रीमान् गम्भीर नेपाली ...'लाई परिवर्तन गरी राष्ट्रिय गानको लागि विज्ञापन गर्ने, चयन गर्ने र संयोजन गर्ने कामका लागि डा. वेञ्जु शर्माको संयोजकत्वमा रमेश भट्टराई, हरिगोविन्द लुइँटेल, दाहाल यज्ञनिधि, डा. ताराकान्त पाण्डेय, आहूति, नवीन सुब्बा, लक्ष्मी माली र रमेशरञ्जन झा रहेको नौ सदस्यीय समिति गठन गरेको थियो । राष्ट्रिय गानका लागि बनेको यो समितिले एउटा कार्यक्रम गर्ने बाहेक अरू काम गरेको पाइँदैन । स्रष्टा आन्दोलनको अभिलेख राख्नका लागि डा.तुलसी भट्टराई, निनु चापगाईं, रुद्र खरेल, डा. बेञ्जु शर्मा, हरिगोविन्द लुइँटेल, रमेशप्रसाद भट्टराई र मातृका पोखरेल रहेको एउटा समिति गठन भएको थियो । २०६३ असोज मसान्त भित्रमा अभिलेखीकरण गर्ने र डा. तुलसी भट्टराईलाई सम्पादन समूहको संयोजकको जिम्मेवारी दिने निर्णय भएको थियो[२५४] तर हालसम्म पनि अभिलेखीकरणको काम हुन सकेको छैन । देशभर कति ठाउँमा यसका शाखाहरू गठन भए र के-कति गतिविधि भए भन्ने कुराको रेकर्ड पनि छैन ।

रेडियो, टेलिभिजन, गोरखापत्र लगायत सञ्चार माध्यमका प्रकाशन/ प्रसारण सामग्रीका साथै शिक्षा पाठ्यक्रम, सांस्कृतिक क्षेत्र लगायतको अध्ययन अनुगमन र सुझावका लागि डा. तुलसी भट्टराई, हरिगोविन्द लुइँटेल, डा. बेञ्जु शर्मा, विष्णुविभु घिमिरे, आहूति, नवीन सुब्बा र रमेश भट्टराई रहेको एउटा समिति पनि गठन भएको थियो ।[२५५]लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्च स्थापना कालदेखि जनआन्दोलनसम्म निकै नै सक्रिय थियो । सबै विचारधाराका स्रष्टाहरूको साझा चौतारीका रूपमा यो रहेको देखिन्छ । यसको स्थापनापछि काठमाडौं उपत्यका भित्र भएका अधिकांश स्रष्टा आन्दोलनका कार्यक्रम यसकै सक्रियतामा भएको देखिन्छ । गणतन्त्र स्थापनापछिका दिनमा भने यो निस्क्रिय जस्तै बनेको छ । यस मञ्चको गठन काठमाडौं बाहिर पनि विभिन्न क्षेत्रमा भएको थियो । त्यसको बारेमा भने सम्बन्धित क्षेत्रको बारेमा चर्चा गर्ने क्रममा नै उल्लेख गरिनेछ ।

---

[२५३] लोकतान्त्रिक स्रष्टहरूको संयुक्त मञ्चको निर्णय पुस्तिका ।

[२५४] ऐजन ।

[२५५] पूर्ववत् ।

## ६.२.४ प्रगतिशील लेखक सङ्घ

स्थापना कालदेखि नै गणतान्त्रिक चेतनाको विकास गर्नमा महत्वपूर्ण भूमिका खेलेको प्रगतिशील लेखक सङ्घले २०५९ पछिका दिनमा निरङ्कुश र प्रतिगामी राजतन्त्रका विरुद्ध केन्द्रीय कार्यका रूपमा नै आन्दोलनमा केन्द्रित भएको थियो ।[२५६] प्रलेसका जिल्ला शाखाहरू पनि आन्दोलनमा सक्रिय भएका थिए । यहाँ प्रलेस केन्द्रीय समितिले काठमाडौंभित्र गरेका आन्दोलनका कार्यक्रमहरूको बारेमा मात्र सङ्क्षिप्त जानकारी प्रस्तुत गर्ने प्रयास गरिएको छ । प्रतिगमनविरोधी संयुक्त समिति, लोकतान्त्रिक साहित्यकार सङ्घ, लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्च, नागार्जुन साहित्यिक प्रतिष्ठान, साहित्य सन्ध्या लगायतका साहित्यिक सङ्घ-संस्थाले गरेका निरङ्कुशता विरोधी कार्यक्रमहरूमा प्रलेसको प्रत्यक्ष-अप्रत्यक्ष रूपमा सहयोग र सहभागिता हुने गरेको थियो । राजतन्त्र विरुद्ध लड्न वामपन्थी र गैरवामपन्थी स्रष्टाहरू एकै ठाउँमा जुट्नुपर्ने अवस्था आएपछि प्रलेस पनि साझा संस्थाको झण्डामुनि बसेर अगाडि बढ्यो । निरङ्कुशता विरुद्ध स्थापना भएका विभिन्न समितिका पदाधिकारीदेखि लिएर आन्दोलनमा उपस्थित हुने, गिरफ्तारीमा पर्ने, घाइते हुने आदि सबै काममा प्रलेसमा आबद्ध भएका स्रष्टाहरूको बाहुल्य देखिन्छ । २०५९ सालदेखि गणतन्त्र स्थापना नहुञ्जेलसम्मका धेरैजसो गतिविधिमा प्रलेसको प्रत्यक्ष-परोक्ष रूपमा सहयोग र सहभागिता हुने गरेको भए पनि यहाँ प्रलेसले नै आयोजना गरेका कार्यक्रमहरूको बारेमा सामान्य जानकारी प्रस्तुत गर्न खोजिएको छ ।

प्रगतिशील लेखक सङ्घ नेपालले राजाको १८ असोजको कदमको विरोधमा विभिन्न कार्यक्रमहरू गरेको पाइन्छ । संस्थामा आबद्ध स्रष्टाहरूबाट लेख रचनामार्फत् विरोध गर्ने र विज्ञप्ति प्रकाशन गर्ने काम भएका थिए । २०६० वैशाख २८ गते प्रलेसको आयोजनामा 'वर्तमान सङ्कटको निकासको निम्ति लेखकहरूको भूमिका' विषयमा विचार गोष्ठीको आयोजना गरिएको थियो । गोष्ठीका वक्ताहरूमा डा. जगदीशचन्द्र भण्डारी, भुवन ढुङ्गाना, यादव खरेल, नरहरि आचार्य, ईश्वर बल्लभ, सुधा त्रिपाठी, प्रदीप ज्ञवाली, डा. ऋषिराज बराल र निनु चापागाईं थिए । यस कार्यक्रमका वक्ताहरूले स्रष्टाहरू आन्दोलनमा सशक्त रूपले उत्रनुपर्ने बेला आएको बताएका थिए ।[२५७] २०६० भदौ १३ गते 'प्रतिगमनविरुद्ध अग्रमनका सम्भावनाहरू' शीर्षकमा विचार गोष्ठी भएको थियो । २०६० भदौ १२ मा साहित्यकारहरू पूर्ण विराम र नवीन विभासलाई गिरफ्तार गरी वेपत्ता पारेको विरोधमा पत्रकार सम्मेलन गर्ने, वक्तव्य प्रकाशित गर्ने, विभिन्न राजनीतिक पार्टीका कार्यकर्ता तथा मानवअधिकारवादी सङ्घ-संस्थामा डेलिगेसन जाने जस्ता काम गरेको पाइन्छ । त्यस्तैगरी सरकारले प्रगतिशील विचारका पुस्तक र पत्रपत्रिकामा रोक लगाएको विरोधमा वक्तव्य निकाल्ने र प्रगतिशील विचारप्रति आस्थावान् सङ्घ-संस्थाहरूसँग एकाकार गरी विरोधका कार्यक्रम गरेको पाइन्छ ।[२५८] 'प्रतिगमनविरुद्ध अग्रगमनका सम्भावनाहरू' भन्ने शीर्षकमा २०६० भदौ ३० मा

---

[२५६] रमेशप्रसाद भट्टराई, "लोकतान्त्रिक आन्दोलन प्रगतिशील लेखक सङ्घको भूमिका", **प्रलेस**, (वर्ष ११, पूर्णाङ्क १५, २०६३ माघ) , पृ. १३ ।

[२५७] आनन्ददेव भट्ट , "वर्तमान सङ्कटको निकासमा लेखकको भूमिका", **जनएकता,** (वर्ष ८, अङ्क ३८, २०६० जेठ २), पृ. ४ ।

[२५८] पूर्ववत ।

विचार गोष्ठीको आयोजना गरिएको थियो । त्यस्तै २०६० मङ्सिरमा पनि 'कलमको रक्षाका लागि लेखकहरू' शीर्षकमा विचार गोष्ठी भएको थियो ।[२५९]

२०६० चैत्र १८ गते 'शान्ति लोकतन्त्र र अग्रगमनका पक्षमा स्रष्टाहरू' शीर्षकमा रत्नपार्क अगाडि विद्युत प्राधिकरणको भित्तामा निरङ्कुशता विरोधी चित्र र मूर्तिको सिर्जना र प्रदर्शन तथा व्यङ्ग्य कविता र फोटो प्रदर्शन गरी प्रतिगमन विरुद्ध भित्तेलेखनको कार्यक्रम भएको पाइन्छ । दिनभरि नै भएको त्यस कार्यक्रममा प्रतिगमन विरुद्धका कविता, गीत, गजलका साथै मन्तव्यसमेत प्रस्तुत गर्ने काम गरिएको थियो । यस कार्यक्रममा भारतका कलाकार गोपाल नाइडूलगायत राजन काफ्ले, उषा तितिक्षु, लक्ष्मण भुजेल, अर्जुन पराजुली र प्रलेसका सल्लाहकार तथा पदाधिकारीहरू थिए । प्रगतिशील लेखक सङ्घ भक्तपुरको आयोजनामा २०६१ माघ ९ गते कविता गोष्ठी र मन्तव्यको कार्यक्रम गरी प्रतिगमन विरुद्धको आन्दोलनको कार्यक्रमलाई अघि बढाउने काम भएको थियो ।[२६०]

तत्कालीन राजा ज्ञानेन्द्रले २०६१ माघ १९ गते प्रधानमन्त्री शेरबहादुर देउवालाई अपदस्थ गरी निरङ्कुश शासन सञ्चालन गर्न थाले । सामन्ती अधिनायकवाद लागू गर्ने उद्देश्यका साथ लादिएको निरङ्कुशतन्त्रका विरुद्ध प्रलेसले विभिन्न किसिमका विरोध कार्यक्रमहरू गरेको देखिन्छ भने विभिन्न प्रेस विज्ञप्तिहरू पनि प्रकाशन गरेको पाइन्छ ।[२६१] माघ १९ पछिका दिनहरूमा राजाको कदमको विरोधमा आवाज उठाउने सबैलाई कडा निगरानीमा राख्ने, धम्काउने, गिरफ्तार गर्ने जस्ता कामहरू भएका थिए ।

प्रलेसले २०६२ असार ११ गते 'वर्तमान सन्दर्भमा अभिव्यक्ति स्वतन्त्रता, चुनौति र हाम्रो दायित्व' विषयक विचार गोष्ठीको आयोजना गरेको पाइन्छ । विचार गोष्ठीका वक्ताहरूले निरङ्कुश शासनमा अभिव्यक्ति स्वतन्त्रता कुण्ठित हुन पुगेको अवस्थामा आन्दोलन नै विकल्प भएको निष्कर्ष निकालेका थिए । २०६१ असोज ८ मा पनि 'लोकतान्त्रिक आन्दोलनमा स्रष्टाहरूको भूमिका' बारे विचार गोष्ठी भएको थियो । गोष्ठीमा राजन काफ्ले, नवीन सुब्बा, निनु चापागाईं, सुधा त्रिपाठी, विजय सुब्बा, अमर गिरी, रुद्र खरेल, रमेश भट्टराई र आनन्ददेव भट्टले आफ्ना विचार प्रस्तुत गरेका थिए ।[२६२] इन्द्रचोक र कीर्तिपुरको नयाँ बजारमा पनि सडक कविता अभियान कार्यक्रम गर्ने काम यस सङ्घले गऱ्यो ।

असोज १८ र माघ १९ पछि प्रलेसका सबैजसो कार्यक्रमहरू निरङ्कुश राजतन्त्रको विरुद्धमै भएको पाइन्छ । २०६० साउन ४ गते गठित प्रतिगमन विरोधी स्रष्टाहरूको संयुक्त समितिको स्थापनामा प्रलेसको विशेष भूमिका रहेको थियो भने धेरैजसो सदस्यहरू प्रलेससँग सम्बन्धित नै थिए । २०६१ वैशाख ९ गते प्रज्ञाप्रतिष्ठानमा भएको कार्यक्रममा प्रलेसले साङ्गठनिक रूपमा नै

---

२५९ प्रगतिशील लेखक सङ्घ नेपालको सातौँ राष्ट्रिय सम्मेलन (२०६० जेठ २८-२९) मा महासचिव घनश्याम ढकालद्वारा प्रस्तुत एवम् पारित प्रतिवेदन ।

२६० पूर्ववत, पृ.१४-१५ ।

२६१ ऐजन, पृ. ५ ।

२६२ ऐजन, पृ. १५-१६ ।

सबैलाई उपस्थित हुन अनुरोध गरेको थियो भने गिरफ्तार भएका मध्ये धेरैजसो जना प्रलेसकै सदस्य थिए । जेठ २ गते रत्नपार्कको रातो घरबाट भएको कविताको कार्यक्रममा पनि प्रलेसको सहयोग र समर्थन थियो । प्रलेसले २०६२ साउन-भदौमा निरङ्कुशता विरोधी स्रष्टाहरूलाई समेत आमन्त्रण गरेर काठमाडौंका नयाँ वानेश्वर, इन्दचोक, कीर्तिपुरलगायतका स्थानमा सडक कतिता वाचन गरी जनजागृति अभियान सञ्चालन गरेको थियो । आन्दोलनरत दलहरू तथा नागरिक समाजले गरेका आन्दोलनका कार्यक्रमहरूमा पनि प्रलेसको संस्थागत सहभागिता नै रहेको पाइन्छ । प्रतिगमन विरोधी स्रष्टाहरूको संयुक्त समिति, लोकतान्त्रिक साहित्यकार सङ्घ जस्ता संस्थाको स्थापना र कार्यक्रमहरूमा पनि सक्रिय सहयोग, समर्थन र सहभागिता रहेको पाइन्छ । लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्च स्थापनामा पनि प्रलेसको उल्लेखनीय भूमिका रहेको थियो । यस मञ्चका तर्फबाट गरिएका सङ्घर्ष र आन्दोलनका विभिन्न कार्यक्रममा प्रलेस सिङ्गो रूपमा सहभागी रहेको थियो । अघोषित रूपमा भए पनि मञ्चको सचिवालयको रूपमा प्रलेसले काम गरेको थियो । मञ्च गठन भएपछि प्रलेसका कार्यक्रमलाई पनि मञ्चकै कार्यक्रमसँग समायोजन गरी आन्दोलनलाई अघि बढाएको पाइन्छ । २०६१ भदौ ३ को इन्द्रचोकको कार्यक्रम, भदौ २४ को रत्नपार्कको कार्यक्रम, २०६२ माघ ८ को वानेश्वरको कार्यक्रम, माघ १६ र १७ गतेका कार्यक्रम लगायत विभिन्न ठाउँमा संयुक्त मञ्चले गरेका कार्यक्रममा प्रलेसको सहयोग र सहभागिता रहेको पाइन्छ ।[२६३]

प्रलेसका आनन्ददेव भट्ट, निनु चापागाइँ, रुद्र खरेल, सुधा त्रिपाठी, रमेश भट्टराई, डा जगदीशचन्द्र भण्डारी, मोदनाथ प्रश्रित, प्रदीप ज्ञवाली, घनश्याम पौडेल, प्रदीप नेपाल, रघु पन्त, अर्जुन पराजुली, लगायतका स्रष्टाहरू बारम्बार गिरफ्तारमा परेका थिए । गिरफ्तार हुनेहरूका बारेमा छुट्टै शीर्षकमा विस्तृत चर्चा गरिएको छ । जनआन्दोलन २०६२/०६३ सफल भएपछि पनि प्रलेसको सक्रियतामा र विभिन्न साहित्यिक सङ्घ-संस्थाहरूको समेत सहयोग र सहभागितामा प्लेकार्ड कविता आन्दोलन सम्पन्न भएको थियो ।

यसरी २०५९ पछिका दिनहरूमा प्रलेस निरङ्कुशता विरुद्धकै आन्दोलनका कार्यक्रममा केन्द्रित भएको छ । जनआन्दोलन सफल भएपछि पनि संविधानसभाको निर्वाचनको सुनिश्चितता र गणतान्त्रिक चेतनाको विकासका लागि जनजागृति अभियान सञ्चालन गर्ने काम गरेको पाइन्छ ।

## ६.२.५ नागार्जुन साहित्यिक प्रतिष्ठान

नागार्जुन साहित्यिक प्रतिष्ठान २०५९ सालको राजाको प्रतिगामी कदमपछि सक्रिय हुने संस्थाहरूमध्ये एक हो । २०५६ सालमा स्थापना भएको यो संस्था राजाको निरङ्कुश शासनको विरोधमा विभिन्न कार्यक्रमहरू लिएर सडकमै उत्रन थालेपछि चर्चामा आउन थालेको हो । प्रतिष्ठानले आफ्नै आयोजनामा तथा अन्य साहित्यिक-सांस्कृतिक सङ्घ-संस्थाहरूको सहकार्यमा निरङ्कुशताविरुद्ध धेरै कार्यक्रम गरेको पाइन्छ । काठमाडौंमा हुने गरेका निरङ्कुशता विरोधी आन्दोलनमा सहभागिता, लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्च स्थापनाजस्ता कार्यक्रममा यस

---

[२६३] ऐजन, पृ. १२-१९ ।

प्रतिष्ठानको प्रत्यक्ष-अप्रत्यक्ष रूपमा सहभागिता रहेको थियो । यस संस्थाले गर्ने नियमित मासिक शृङ्खला तथा त्रैमासिक पत्रिकालाई समेत विशेषाङ्कका रूपमा प्रकाशन गरेको छ ।

नागार्जुन साहित्यिक प्रतिष्ठानले प्रतिगमनविरुद्ध सशक्त रूपमा उत्रेका कवि पूर्ण विरामको गिरफ्तारीको विरोधमा 'कलम बचाऊ अभियान' सञ्चालन गरेको थियो । पूर्ण विरामलाई वडा प्रहरी कार्यालय सिंहदरबारबाट आएको बताउने सादा पोशाकधारी सुरक्षाकर्मीले भदौ १२ गते सिफलस्थित आफ्नै घरबाट अपहरणको शैलीमा गिरफ्तार गरेका थिए ।[२६४] पूर्ण विराम मात्र होइन विनोद मञ्चन र नवीन विभासहरू पनि सरकारी नियन्त्रणमा परेको अवस्थामा 'कलम बचाऊ अभियान'को सूत्रपात भएको थियो ।[२६५] २०६० भदौ २० गतेदेखि हस्ताक्षर अभियान सञ्चालन भएको थियो । नागार्जुनको आयोजनामा शिक्षा पत्रकार समूहको हलमा कवि स्वागत नेपालको **पहाड हाँस्दा पहिरो जान्छ** कविता सङ्ग्रहको कार्यक्रमका विमोचनको दिनु निनु चापागाईंबाट सो कार्यक्रमको सुरुवात भएको थियो ।[२६६] २९ गतेसम्म यो अभियान जारी रह्यो । २९ गते २५० जना स्रष्टारुको हस्ताक्षरसहित १२ बजे प्रधानमन्त्रीको (जसले गृहमन्त्रीको समेत कार्यभार सम्हालेका थिए) कार्यालयमा गई ज्ञापन पत्र बुझाएको थियो ।[२६७] पूर्ण विराम गिरफ्तार हुनुमा राजमुकुट सम्बन्धी पहिलो समयमा लेखिएको कविता कारक भएको मानिन्छ ।[२६८] २०६० असोज २५ गते ११ वटा साहित्यिक सङ्घ-संस्थाले प्रेस विज्ञप्ति जारी गरी साहित्यकार पूर्ण विराम र नवीन विभासको रिहाइको लागि आवाज उठाएका थिए । ती संस्थाहरू निम्न थिए - प्रगतिशील लेखक सङ्घ, प्रगतिशील सांस्कृतिक सङ्गठन, अभियान साहित्य प्रतिष्ठान, मध्यपश्चिमाञ्चल साहित्य परिषद्, युद्धप्रसाद मिश्र स्मृति प्रतिष्ठान, नागार्जुन साहित्य प्रतिष्ठान, नेपाल पेरोल साहित्य समाज, पेरोल साहित्य प्रतिष्ठान, सिर्जना चैत्र-३ र सिस्नुपानी नेपाल ।[२६९] गिरफ्तार भएपछि वेपत्ता पारिएका पूर्ण विराम ७५ दिनको सैन्य हिरासतपछि मात्र मुक्त भएका थिए ।[२७०] यस 'कलम बचाऊ अभियान', नागार्जुन साहित्य प्रतिष्ठानको सक्रियतामा अघि बढाइएको भए पनि विभिन्न साहित्यिक सङ्घ संस्थाहरूले सहयोग गरेका थिए ।

'मुक्तिका लागि कविताको प्रयत्न' भन्ने उद्घोष सहित २०६० फागुन ७ गतेदेखि यस प्रतिष्ठानले 'शुभप्रभात काव्य गोष्ठी'को आयोजना गरेको पाइन्छ । प्रत्येक महिनाको पहिलो शनिबार बिहान नियमित रूपमा चल्दै आएको यस कार्यक्रम भृकुटीमण्डपबाट सुरु भएको थियो । यसपछिका अधिकांश कार्यक्रमहरू वानेश्वरको गणतान्त्रिक चोकमा गणतान्त्रिक अभियानकै रूपमा

---

[२६४] प्रकाश सिलवाल, "कवितादेखि डराएको सरकार" **नागार्जुन,** ( पूर्णविराम विशेष, वर्ष २, अङ्क ३, २०६०, असोज-पुस ), पृ. १ ।

[२६५] ऐजन, पृ. ३ ।

[२६६] ऐजन, पृ. २ ।

[२६७] ऐजन, पृ. ३ ।

[२६८] ऐजन, पृ. ५ ।

[२६९] २०६०/६/ मा ११ वटा संस्थाका तर्फबाट प्रकाशित प्रेस विज्ञप्ति ।

[२७०] पूर्ववत् , पृ. १ ।

सम्पन्न भएका थिए । यस आन्दोलनले जनआन्दोलनको सफलतापछि पनि निरन्तरता पाइरहेको थियो ।[२७१] नागार्जुन आन्दोलनको समयमा चर्चामा आउनुमा यो कार्यक्रम पनि कारक रहेको छ । २०६३ चैत्रमा **शुभप्रभात काव्य बुलेटिन** नै प्रकाशित भएको छ । प्रतिष्ठानले २०६३ देखि शुभप्रभात काव्य सम्मान पुरस्कारको घोषणा गरेको छ । यो पुरस्कार पहिलोपटक आन्दोलनका चर्चित कवि श्रवण मुकारुङको **बिसे नगर्चीको बयान** भन्ने कवितालाई प्रदान गरिएको थियो । यसपछि पनि आन्दोलनमा सक्रिय व्यक्तिहरू देवी नेपाल, विनोदविक्रम के.सी. र कुसुम ज्ञवालीलाई प्रदान गरिएको छ ।[२७२]

नागार्जुन साहित्यिक प्रतिष्ठानले त्रैमासिक रूपमा प्रकाशन गर्दै आएको नागार्जुन पत्रिकाको २०६२ कात्तिक-पुस अङ्कलाई लोकतान्त्रिक साहित्य विशेषका रूपमा प्रकाशन गरेको छ । यसमा भएका पाँच दर्जनभन्दा बढी रचनाहरू निरङ्कुश राजतन्त्रको विरोधमा रहेका छन् । [२७३] **नागार्जुन** त्रैमासिकमा छापिएका उत्कृष्ट रचनाहरूमध्ये छनोट गरी प्रदान गरिने वार्षिक रचना पुरस्कार अर्जुन पराजुलीको यसै विशेषाङ्कको **अब पिङ खेल** भन्ने कवितालाई प्रदान गरिएको थियो ।[२७४] नागार्जुन साहित्य प्रतिष्ठानले आन्दोलनको समयमा गठित लोकतान्त्रिक साहित्यकार सङ्घ र लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्चको स्थापनामा पनि सक्रिय भूमिका खेलेको पाइन्छ । २०६१ मंसिर २५ गते यसै प्रतिष्ठानको आयाजनामा 'वर्तमान समयमा स्रष्टाहरूको भूमिका' विषयमा छलफल कार्यक्रम भएको थियो । यस भेलाको छलफलले लोकतान्त्रिक स्रष्टाहरूलाई सङ्गठित गरी एउटा समिति बनाउनु पर्ने र उक्त समितिमार्फत् नै आन्दोलनका कार्यक्रम अघि बढाउने निर्णय गरेअनुरूप लोकतान्त्रिक साहित्यकार सङ्घको गठन प्रक्रिया अघि बढेको हो । सङ्घका सबैजसो बैठकहरू यसै प्रतिष्ठानको कार्यालयमा हुने गरेको र सम्पर्क स्थानका रूपमा पनि यसै कार्यालयलाई प्रयोग गरेको पाइन्छ । लोकतान्त्रिक साहित्यकार सङ्घ पछिल्लो चरणमा सक्रिय हुन नसकेको र यसभन्दा अझ सङ्गठित र बृहत् प्रकृतिको छाता सङ्गठनको आवश्यकताअनुरूप लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्चको गठन गर्ने प्रक्रियामा पनि यसले सक्रिय भूमिका खेलेको पाइन्छ । मञ्चको २०६२ साउन २३ गते स्थापना भएपछि यो प्रतिष्ठानले पनि यसैको छातामुनि बसेर आन्दोलनमा सक्रिय भएको पाइन्छ । १९ दिनको आन्दोलन र त्यसपछि पनि यस संस्थाका सदस्यहरू आन्दोलनमा सक्रिय थिए ।[२७५]

प्रतिष्ठानले प्रत्येक महिनाको दोस्रो शुक्रबार 'शुक्रबारे अर्न्तमन्थन' कार्यक्रम राख्ने गरेको थियो । २०६३ जेठ १६ गते नयाँ बानेश्वर स्थित न्यू मिडिया क्लवको हलमा 'परिवर्तित सन्दर्भमा लोकतान्त्रिक स्रष्टाहरूको दायित्व' विषयमा छलफल कार्यक्रम भएको थियो । कार्यक्रममा साहित्यकार रामप्रसाद ज्ञवालीले कार्यपत्र प्रस्तुत गरेका थिए भने आनन्ददेव भट्ट, निनु चापागाईं,

[२७१] **शुभप्रभात काव्य बुलेटिन** (नागार्जुन साहित्य प्रतिष्ठान, २०६३ चैत्र), पृ. १ ।

[२७२] नागार्जुन साहित्य प्रतिष्ठाका अध्यक्ष प्रकाश सिलवालबाट २०६५/८/७ मा प्राप्त जानकारी ।

[२७३] प्रकाश सिलवाल (सम्पा), **नागार्जुन**, (वर्ष ४, अङ्क ३, २०६२ कात्तिक-पुस) ।

[२७४] पूर्ववत् ।

[२७५] लोकतान्त्रिक साहित्यकार सङ्घको निर्णय पुस्तिका ।

हेमनाथ पौडेल, भारतराज पीडित, स्वागत नेपाल लगायतले मन्तव्य राखेका थिए । हरिगोविन्द लुइँटेलको सभापतित्व र यादव थपलियाको सञ्चालनमा उक्त कार्यक्रम भएको थियो ।[२७६]

जनआन्दोलन २ सफल भएपछि जेठ २३ गते संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा एउटा ज्ञापन पत्र पनि दिने काम भएको थियो । जेठ १६ गतेको कार्यक्रमबाट प्राप्त सुझावहरूलाई समेत समेटी ९ बुँदे सुझाव प्रस्तुत गरिएको थियो । प्रस्तुत गरिएका सुझावहरूमा साहित्यिक सांस्कृतिक निकायहरूलाई लोकतान्त्रिकीकरण गरिनुपर्ने, राष्ट्रिय गानको निर्माणका लागि प्राज्ञिक दलको निर्माण गर्नुपर्ने, आन्दोलनमा सहयोग पुऱ्याउने स्रष्टाहरूलाई यथायोग्य सम्भार गर्नुपर्ने, आन्दोलनमा सहयोग पुऱ्याउने स्रष्टाहरूको अभिलेख राख्नुपर्ने लगायतका थिए । [२७७]

यस बाहेक पनि गणतन्त्र घोषणा नहुँदाका दिनसम्म आफ्नै आयोजनामा तथा अन्य संस्थाहरूसँगको समन्वयमा गणतन्त्रको स्थापना, संविधानसभाको सुनिश्चितता जस्ता विषयमा विभिन्न कार्यक्रमहरू आयोजना गरेको थियो । यसरी आन्दोलनको समयमा काठमाडौं उपत्यका भित्र सक्रिय रूपमा साहिहित्यक गतिविधिहरू सञ्चालन गरेको पाइन्छ ।

## ६.२.६ लोकतान्त्रिक गणतन्त्रवादी साहित्यिक आन्दोलन

लोकतान्त्रिक गणतन्त्रवादी साहित्यिक आन्दोलन त्रिभुवन विश्वविद्यालय कीर्तिपुरका विद्यार्थीहरूले सञ्चालन गरेको आन्दोलन हो । विश्वविद्यालयमा अध्ययनरत विद्यार्थी स्रष्टाहरूले लोकतान्त्रिक गणतन्त्रवादी साहित्यिक विद्यार्थी मञ्च गठन गरी यो आन्दोलनलाई अघि बढाएका थिए । यस आन्दोलन अगाडि बढाउनुको कारण र उद्देश्यबारे भनिएको छ -". . . राजतन्त्रको अन्त्य र लोकतान्त्रिक गणतन्त्रको स्थापना हुनु नै नेपालको आगामी सुनौला दिनहरू हुन् । तिनै सुनौला दिनहरूको शङ्खघोष गर्न लोकतान्त्रिक गणतन्त्रको निम्ति आ-आफ्नो ठाउँबाट सकेसम्म लाग्नुपर्छ भन्ने मान्यताअनुरूप साहित्यका विद्यार्थी तथा साहित्य सिर्जना गर्न कम्मर कसेका युवा विद्यार्थीले साहित्यका माध्यमद्वारा जनचेतना जगाउनका निम्ति लोकतान्त्रिक गणतन्त्रवादी साहित्यिक आन्दोलन एउटा अभियानको रूपमा सञ्चालन गरिरहेका छौं । त्यस साहित्यिक आन्दोलनको लक्ष्य हो- नेपालबाट राजतन्त्रको अन्त्य गर्दै लोकतान्त्रिक गणतन्त्रको स्थापनाको निम्ति कलात्मक माध्यमबाट जनचेतना जगाउनु . . .।[२७८]

यसरी राजतन्त्र विरुद्ध देशव्यापी रूपमा आवाज उठिरहेको बेला कीर्तिपुरका विद्यार्थी पनि साहित्यिक क्षेत्रबाट अगाडि बढेको देखिन्छ । २०५९ पछिका दिनहरूमा नै राजतन्त्रका विरुद्धमा विविध कार्यक्रमहरू हुँदै आएका थिए । २०६२ भदौ ६ गते कीर्तिपुरमा बैरागी काँइला, निनु चापागाईं, सुधा त्रिपाठी, दाहाल यज्ञनिधि, अर्जुन पराजुलीलगायतका स्रष्टाहरूको उपस्थितिमा सयौं विद्यार्थीहरूमाझ दर्जनौं स्रष्टाहरूले कविता, गीत, गजल आदि रचना सुनाएका थिए । त्यसपछिका दिनहरूमा प्रत्येक सोमबार दिउँसो १ बजेदेखि देवकोटाको सालिकनेर गणतान्त्रिक कविताहरू

---

२७६ प्रकाशन सिलवाल (सम्पा.), **नागार्जुन,** (वर्ष ४, अङ्क ३, २०६२, कात्तिक पुस ।

२७७ २०६३/२/२३ मा संस्कृतिक, पर्यटन तथा नागरिक उड्डयान मन्त्रालयमा पेश गरिएको ज्ञापनपत्रको प्रतिलिपि ।

२७८ मधुसूदन पन्थी (सम्पा.) सम्पादकीय, **परिर्तन,** (वर्ष १, अङ्क २, २०६३ असार-कार्तिक), पृ. १ ।

सुनाउने कार्यक्रम हुन्थ्यो । यो अभियान २०६३ सालसम्म निरन्तर रूपमा चलिरहेको थियो । यस अभियानअन्तर्गत कतिवटा श्रृङ्खला सम्पन्न भए र कतिजनाले भाग लिए भन्ने रेकर्ड आयोजकहरूसँग छैन तर ५० भन्दा बढी शृङ्खला सम्पन्न भएको र दर्जनौं स्रष्टाहरूले भाग लिएको पाइन्छ ।

आन्दोलन संयोजन समितिका संयोजक डिजन भट्टराई थिए भने सह-संयोजक मधुसूदन पन्थी थिए । सदस्यहरूमा भावना पौडेल, सुरेश घिमिरे, लेकप्रसाद प्याकुरेल, एकराज दाहाल 'पूर्वेली', रमेश थापा 'भ्रमित', भरतरोदन साउद 'पाखे', बिभत्स स्याङ्जाली, डिल्लीराम सङ्ग्रौला, कृष्ण पौडेल, खेमप्रसाद घिमिरे, सरोजकुमार गिरी , हिराकुमारी यादव, रामबाबु रिजाललगायत रहेका थिए ।[२७९]

राजतन्त्र र सम्पूर्ण सामन्ती संरचनाको अन्त्य गर्नुपर्ने उद्घोषका साथ अगाडि बढेको यो आन्दोलनको घोषणापत्र नै जारी भएको पाइन्छ । ७ वटा बुँदाहरू रहेको त्यस घोषणापत्रसँग सहमत हुने स्रष्टाहरू यस आन्दोलनमा सहभागी भएको पाइन्छ । यो आन्दोलन कीर्तिपुर विश्वविद्यालयमा मात्र सीमित नभई बाहिरसम्म पुगेर पनि कार्यक्रम गरको पाइन्छ । कीर्तिपुरको नयाँबजारमा पनि २०६३ भदौ १६ गते सडक कविता कार्यक्रम भएको थियो ।

जनआन्दोलन २ सम्पन्न नहुञ्जेलसम्म प्रहरीका आँखा छल्दै कार्यक्रम हुने गरेको थियो । एक-दुईवटा कार्यक्रम त प्रहरी आएर कार्यक्रमस्थलमा सुरु हुनुभन्दा पहिलेदेखि नै बसेपछि स्थगित भएका  थिए । यस मञ्चले मुखपत्रको रूपमा **परिवर्तन** पत्रिका प्रकाशनसमेत गरेको थियो, जसका २ अङ्क प्रकाशित छन् । जनआन्दोलन सफल भएपछि पनि राजतन्त्र र रजौटा प्रवृत्तिको अन्त्य नभएको भन्दै आन्दोलन जारी रहेको पाइन्छ । यस आन्दोलनमा सक्रियतापूर्वक लागि कविता, गीत, गजल आदि वाचन गर्नेहरूमा डिजन भट्टराई, मणि काफ्ले, मधुसूदन पन्थी, सुरेश घिमिरे, लेकप्रसाद प्याकुरेल, रमेश थापा, भावना पौडेल, भरतरोदन 'पाखे', नारायण देवकोटा, जुना चापागाईं, सीता शर्मा, इन्दिरा दाहाल, एकराज दाहाल, बिभत्स स्याङजाली, यादेवी ढकाल, एकराज दाहाल 'पूर्वेली', डिल्लीराम सङ्ग्रौलालगायतका रहेका थिए । यस आन्दोलनमा लागेका विद्यार्थीहरूले १९ दिने आन्दोलनमा कीर्तिपुरमा हुने विरोधका सभाहरूमा पनि रचनाहरू वाचन गरेका थिए ।

## ६.२.७ गणतन्त्र कविता आन्दोलन

२०५९ असोज १८ को राजाको प्रतिगामी कदमपछि नै केही स्रष्टाहरूले गणतन्त्रको पक्षमा आवाज उठाउन थालिसकेका थिए । दरबारहत्याकाण्ड पछि राजा बन्न पुगेका ज्ञानेन्द्रले राज्य सञ्चालनमा आफ्नो सक्रियता बढाउन थालेपछि संवैधानिक राजतन्त्रको औचित्य समाप्त भएको थियो । राजा निरङ्कुश र स्वेच्छाचारी ढङ्गले अगाडि बढ्न थालेपछि वाम र गैरवाम स्रष्टा-लेखकले समेत गणतन्त्रको पक्षमा वकालत गर्न थालेका थिए । त्यतिबेला नै लोकतन्त्र भन्ने शब्द बढी प्रचलनमा आउन थाल्यो । स्रष्टाहरूले व्यक्तिगत रूपमा मात्र नभएर विभिन्न सङ्गठन संयन्त्रहरूमार्फत् समेत लोकतन्त्रको पक्षमा लडाई गरिरहेका भए पनि कतिपयले भने सिधै गणतन्त्र

---

[२७९] डिजन भट्टराई र अन्य (सम्पा.), **परिवर्तन,** (वर्ष १, अङ्क १, २०६३ वैशाख-जेठ) ।

भन्न सकिरहेका थिएनन् । यस्तो अवस्थामा गणतन्त्रको नारा अगाडि बढाउनुपर्ने अवस्था देखेर केही स्रष्टाहरू त्यो दिशातर्फ लाग्न थालेका थिए । नेपाली साहित्यको इतिहासमा गणतान्त्रिक सिर्जनायात्रा २०५९ पछि मात्र सुरु भएको भने होइन कृष्णलाल र धरणीधर हुँदै २०५९ सालपछि मात्र यस आवाजले तीव्रता पाउन थालेको हो । २०५९ देखि २०६५ सम्म नेपाली साहित्यको मूलधार गणतन्त्र कविता आन्दोलनका रूपमा नै देखापरेको पाइन्छ । यहाँ खगेन्द्र सङ्ग्रौला, विमल निभा, विक्रम सुब्बा, श्यामल, हरिगोविन्द लुइँटेल र मातृका पोखरेलले गणतन्त्र कविता आन्दोलनको अवधारणापत्र नै प्रकाशन गरी घोषणा गरेको आन्दोलनको मात्र संक्षिप्त जानकारी प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

खगेन्द्र सङ्ग्रौला, विमल निभा, विक्रम सुब्बा, श्यामल, हरिगोविन्द लुइँटेल र मातृका पोखरेलले **गणतन्त्रवादी कविता आन्दोलनः सन्दर्भ र सार्थकता** भन्ने शीर्षकमा एउटा अवधारणापत्र नै प्रकाशित गरेको पाइन्छ । अवधारणापत्रमा यस आन्दोलनको मूल ध्येय नै गणतन्त्रको प्राप्ति भएको उल्लेख गरिएको छ । नागरिक अधिकारमाथि आक्रमण भइरहेको अवस्थामा स्रष्टाहरू चुप लागेर बस्न नहुने भन्दै सामन्तवादको कुनै पनि रूप र पक्षलाई अस्वीकार गरेर काव्यात्मक हस्तक्षेपका साथ अगाडि बढ्ने र लोकतान्त्रिक उपलब्धिका निम्ति सङ्घर्षको नेतृत्वकारी भूमिकामा आफूलाई उभ्याउने घोषणाका साथ यो आन्दोलन सुरु भएको पाइन्छ ।

गणतन्त्र कविता आन्दोलनको घोषणापत्रमा आन्दोलनको महत्व र आवश्यकताबारे भनिएको छ-

> यद्यपि गणतन्त्रवादी कविता आन्दोलनको परिकल्पनाकारको रूपमा देखिएका हामी केही लेखक, कविहरू आफ्नो लेखनको आरम्भदेखि नै सामन्तवाद विरोधी सांस्कृतिक अभियानमा क्रियाशील रहिआएका छौँ । परन्तु नयाँ विकसित भइरहेको सामाजिक राजनीतिक सन्दर्भले हामीलाई त्यही स्तरमा बस्न अनुमति दिँदैन । यसलाई बृहत् अभियानको रूपमा स्थापित र व्यापक बनाउँदै लैजान सकिएन भने सामन्तवाद विरुद्धको हाम्रो सुचेष्टा कमजोर हुनेछ । त्यसो भयो भने हाम्रा रचनाहरूको असर घट्दै जानेछ र सत्तामार्गीहरूका जयगान र कथित राष्ट्रगानहरूको दवदवा बढ्दै जानेछ, हामी अप्रासाङ्गिक हुनेछौँ । यही भावना र मान्यताअनुरूप गणतन्त्रवादी कविता आन्दोलन पुर्नसंयोजनको आवश्यकता महसुस गरिएको हो ।"

गणतन्त्र कविता आन्दोलनको सुरुवात गणतन्त्रका लागि स्रष्टाहरूको आवाज भन्ने नाराका साथ २०६१ जेठ २ गते भएको थियो । काठमाडौंस्थित रुसी सांस्कृतिक केन्द्रमा २ दर्जनभन्दा बढी स्रष्टाहरूले कविता, गीत, गजल आदि वाचन गरी सुरु भएको थियो । गणतन्त्र कविता आन्दोलनको दोस्रो श्रृङ्खला कीर्तिपुरका विद्यार्थीहरूको समेत सक्रियातामा जेठ ८ गते 'गणतन्त्र कविता आन्दोलन' भन्ने व्यानरसहित कार्यक्रम भएको थियो । यस कार्यक्रममा २ दर्जन जति

स्रष्टाले भाग लिएका थिए । यसको तेस्रो जेठ १२ गते प्रदर्शनी मार्गस्थित आर.आर. क्याम्पसमा भएको थियो ।[२८०]

यस आन्दोलनमा सहभागी हुने अन्य कविहरूमा निनु चापागाईं, अर्जुन पराजुली, सुधा त्रिपाठी, रामप्रसाद ज्ञवाली, दाहाल यज्ञनिधि, वेञ्जु शर्मा, अनिल पौडेल, स्नेह सायमी, लक्ष्मी माली, जङ्गव चौहान, धीरेन्द्र प्रेमर्षि, पुरुषोत्तम सुवेदी, मधुसूदन गिरी, बलभद्र भारती, विष्णु ज्ञवाली, विनोद मञ्जन, रेशम विरही, बालकृष्ण लामिछाने, रमेश शुभेच्छु, स्वागत नेपाल, रमा पोखरेल, मनोज जोशी लगायतका रहेका छन् ।[२८१] यस आन्दोनका केही कविताहरू **वेदना** गणतन्त्र विशेषाङ्कमा पनि समावेश गरिएको पाइन्छ ।

## ६.२.८ राष्ट्रिय जनसांस्कृतिक मञ्च

लोकतान्त्रिक आन्दोलनमा सांस्कृतिक क्षेत्रका कलाकारहरूको भूमिका पनि उल्लेखनीय रहेको छ । वैचारिक रूपमा ने.कपा. (एमाले) सँग निकट रहेको राष्ट्रिय जनसांस्कृतिक मञ्च, नेपालका विभिन्न जिल्लामा रहेका यसका शाखाहरूले आन्दोलनलाई ऊर्जा थप्ने खालका कार्यक्रमहरू गरेको पाइन्छ । २०५९ असोज १८ पछिको प्रतिगमन विरोधी आन्दोलनमा सहभागी हुँदै आएको जनसांस्कृतिक मञ्चले गणतन्त्र स्थापना नहुञ्जेलसम्म नै विभिन्न जिल्लाहरूमा कार्यक्रम प्रस्तुत गर्दै आएको पाइन्छ । एमालेद्वारा आयोजना गरिएका विभिन्न कार्यक्रम तथा पाँच दल र पछि ७ दलद्वारा आयोजना गरिएका आन्दोलनका कार्यक्रमहरूमा सहभागी भएको पाइन्छ । जनआन्दोलनपछि पनि गणतान्त्रिक चेतना जगाउने कार्यक्रमहरू लिएर सहरी क्षेत्रदेखि ग्रामीण क्षेत्रसम्म पुगेको पाइन्छ ।

राष्ट्रिय जनसांस्कृतिक मञ्चको आयोजनामा २०६० असार १४ देखि २१ गतेसम्म 'प्रतिगमन विरोधी स्रष्टाहरूको आवाज' कार्यक्रम सञ्चालन भएको थियो । काठमाडौंका विभिन्न स्थानहरूमा भएको यस कार्यक्रमका संयोजक आनन्ददेव भट्ट थिए भने समितिका अन्य सदस्यहरूमा गङ्गाप्रसाद उप्रेती, जे.बी. टुहुरे, अमर गिरी, विजय सुब्बा, विष्णु प्रभात, वासुदेव अधिकारी र जीवेन्द्रदेव गिरी थिए ।[२८२] २०६० असार १४ गते नयाँ वानेश्वरको चोकबाट यो अभियानको थालनी भएको हो । यसपछि १५ गते नयाँ सडकमा, १८ गते चावहिलमा, १९ गते रत्नपार्कमा, २० गते राष्ट्रिय सभागृहमा र २१ गते नेपाल ल क्याम्पसको सभाकक्षमा कार्यक्रम गरी यस अभियानको बिसर्जन गरिएको थियो । यस कार्यक्रममा सहभागी भएर आन्दोलनलाई अघि बढाउनेहरूमा भवानी घिमिरे, पूर्ण विराम, शीतबिन्दु, वासुदेव अधिकारी, अमर गिरी, विजय सुब्बा, रामविनय, स्नेह सायमी, सुलोचना मानन्धर, मातृका पोखरेल, मित्रलाल पङ्गेनी, रामप्रसाद ज्ञवाली, सुधा त्रिपाठी, नुमराज बराल, नर्मदेश्वरी सत्याल, चन्द्रा थानी, उमेश उपाध्याय, भारद्वाज मित्र, आत्माराम शर्मा, जयन्ती स्पन्दन, हरिमाया भेटवाल, उदय श्रेष्ठ, बैरागी जेठा, नवीन पौडेल, कृष्ण

---

[२८०] बलभद्र भारती, "गणतन्त्र कविता आन्दोलनः उत्पीडित कविहरुको विद्रोही आवाज", **जनएकता,** (वर्ष १०, अङ्क ११, २०६१ असोज), पृ.६ ।

[२८१] ऐजन ।

[२८२] जीवेन्द्रदेव गिरी, "प्रतिगमनका विरोधमा घन्केको साहित्य सांस्कृतिकर्मीहरुको आवाज", **संस्कृति**, (अङ्क ५, २०६०), पृ. ११८ ।

राई, अनिल पौडेल, सरोज धिताल, विमल निभा, नारायण ढकाल, नवीन विभास, रामचन्द्र भट्टराई, मोदनाथ प्रश्रित, आनन्ददेव भट्ट, कृष्णप्रसाद पराजुली, खगेन्द्र सङ्ग्रौला, रुद्र खरेल, घनश्याम ढकाल लगायत रहेको पाइन्छ ।[२८३]

प्रतिगमनविरोधी आन्दोलनका क्रममा राष्ट्रिय जनसांस्कृतिक मञ्च, विराटनगरका कलाकाहरूको उपस्थितिमा काठमाडौंका विभिन्न स्थानमा सडक नाटक प्रदर्शन भएको थियो । सो नाटकको निर्देशन तथा लेखन गण्डकीपुत्रले गरेका थिए । मञ्चले साहित्यकार पूर्ण विरामलाई पनि गिरफ्तार गरी वेपत्ता पारेको अवस्थामा रिहाइको लागि पहल गर्ने र प्रेस विज्ञप्ति प्रकाशित गर्ने काम गरेको थियो । २०६० भदौ १५ गते काठमाडौंको रत्नपार्क र कीर्तिपुरमा विजय सुब्बा र माधव प्रधानको संयोजकत्वमा सडक गीत तथा कविता गोष्ठी भएको थियो ।[२८४]

प्रतिगमन सच्चिएको नाममा एमाले सरकारमा गएपछि भने यस मञ्चका कार्यक्रमहरू भएको पाइँदैन । २०६१ माघ १९ पछिका दिनहरूमा भने यस मञ्चको पुनः सक्रियता देखापरेको पाइन्छ । लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्च, नागरिक आन्दोलन र राजनीतिक दलका कार्यक्रमहरूमा समेत यस मञ्चका कलाकारहरूको सहभागिता रहेको पाइन्छ । मञ्चको आफ्नै आयोजनामा २०६२ चैत्र २० गतेका दिन काठमाडौंको नयाँ वानेश्वरमा गीत र कविता वाचन कार्यक्रम भएको थियो । त्यस्तै २२ गते पनि ललितपुरको मङ्गलबजारमा विविध सांस्कृतिक कार्यक्रम र कविता वाचनको कार्यक्रम भयो । चैत्र २४ गतेदेखि भएको जनआन्दोलनको समयमा पनि यस मञ्चका सदस्यहरू सक्रिय रूपमा सहभागी भएको पाइन्छ भने मञ्चले घाइतेहरूको सहयोगार्थ आर्थिक सहयोग पनि गरेको छ ।

राष्ट्रिय जनसांस्कृतिक मञ्च नेपालको मुखपत्रको रूपमा प्रकाशित हुँदै आएको **संस्कृति** पत्रिकाको २०६० असोज अङ्कलाई लोकतान्त्रिक कविता विशेषाङ्कको रूपमा प्रकाशन गरेको पाइन्छ । सम्पादक बी. अधिकारी रहेको यस अङ्कमा प्रतिगमन विरोधी आन्दोलनको समयका कविता, गीत, गजल तथा लेख रहेका छन् । गणतान्त्रिक रचनाहरूको सङ्ग्रहको रूपमा निस्किएका २ दर्जनजति पत्रिकाहरूमध्ये यो पहिलो पत्रिका हो । मञ्चले २ वटा गीति एल्वमहरू समेत प्रकाशन गरेको पाइन्छ । **गणतन्त्र ल्याउन** र **संविधानसभा** भन्ने ती २ वटा क्यासेटमा गणतान्त्रिक चेतना जगाउने गीतहरू रहेका छन् । **गणतन्त्र ल्याउन**मा ८ वटा राजतन्त्र विरोधी गणतान्त्रिक चेतनायुक्त गीतहरू रहेका छन् । **संविधानसभा**मा रहेका गीतहरू एमालेको संविधानसभाको निर्वाचनका लागि चुनावी प्रचारप्रसारमा केन्द्रित भएर प्रकाशन गरिएका भए पनि गणतन्त्रको पक्षमा प्रचार गर्ने गीतको रूपमा लिन सकिन्छ ।

जनआन्दोलनको सफलतापश्चात् पनि यस मञ्चले विभिन्न सांस्कृतिक अभियानका साथ सहरदेखि गाउँसम्म पुगेको पाइन्छ । २०६४ वैशाख-जेठमा 'संस्कृतिकर्मीहरूको चाहना, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना' भन्ने मूल नाराका साथ मेची-महाकाली सांस्कृतिक अभियान अघि बढेको थियो । वैशाख २० गतेदेखि आरम्भ भएको यस कार्यक्रम पश्चिम नेपालको

[२८३] ऐजन, पृ. ११७-१९ ।

[२८४] ऐजन, पृ. १२४ ।

लमजुङबाट सुरु भएर सल्यानमा पुगी अन्त्य भएको थियो । लमजुङ, पर्वत, बाग्लुङ , स्याङ्जा, पाल्पा, रूपन्देही, नवलपरासी, रोल्पा, सुर्खेत बाँके, बर्दिया, कैलाली, कञ्चपुर महाकाली पारिका चाँदनी र दोधारा लगायतका ठाउँमा यस मञ्चले कार्यक्रम प्रस्तुत गर्दै गणतान्त्रिक चेतना बिस्तार गर्ने काम गरेको थियो । यस कार्यक्रमका संयोजक माधव प्रधान थिए भने सहसंयोजकमा राजेश थापा र मुधु गुरुङ थिए ।[२८५]

राष्ट्रिय जनसांस्कृतिक मञ्चले गरेका सांस्कृतिक अभियान तथा विभिन्न कविता र गीतहरूका कार्यक्रममा सहभागी हुनेमा आनन्ददेव भट्ट, जे.बी. टुहुरे, लक्ष्मण रायमाझी, माधव प्रधान, वासुदेव अधिकारी, विजय सुब्बा, भिक्टर प्रधान, सुधा त्रिपाठी, जीवेन्द्रदेव गिरी, अनिल पौडेल, रमेश भट्टराई, शान्तकुमार राई, मधु गुरुङ, राजेश थापा, अमर गिरी, गण्डकी पुत्र, मोदनाथ प्रश्रित, प्रदीप ज्ञवाली, खेम नेपाली, डम्बर पहाडी, जङ्ग पहाडीलगायतका रहेका छन् ।

## ६.२.९ रक्तिम सांस्कृतिक परिवार

रक्तिम सांस्कृतिक परिवारको गठन २०४३ चैत्र १ गते जीवन शर्माको पहलमा भएको हो । स्थापना कालदेखि नै रक्तिम सांस्कृतिक अभियानले गणतान्त्रिक चेतनायुक्त गतिविधि सञ्चालन गर्दै आएको पाइन्छ । सामन्तवादी संस्कृतिको अन्त्य गर्दै नवसंस्कृति निर्माणको दिशातर्फ यसका सांस्कृतिक गतिविधि केन्द्रित रहेका छन् ।

राजा ज्ञानेन्द्रले प्रत्यक्ष शासन गर्न सुरु गरेपछि नै रक्तिम सांस्कृतिक अभियानलाई अघोषित रूपमा प्रतिबन्ध लगाइएको देखिन्छ । रक्तिमका गीति क्यासटेहरू विक्री वितरण गर्न प्रतिबन्ध लगाउने र विक्री गरेवापत प्रहरी प्रशासनले व्यापारीलाई समेत धम्क्याउने, पक्राउ गर्ने र माओवादीको आरोप लगाउने कामसमेत गरेको देखिन्छ । २०६१ माघ १९ पछिका दिनमा रक्तिमका कलाकारहरू अर्धभूमिगत भएर बस्न परेको थियो । विभिन्न अवरोधका बाबजुद पनि गाउँदेखि सहरसम्म निरङ्कुश राजतन्त्रका विरुद्धमा अभियान लिएर हिँडेको देखिन्छ । रक्तिमका अध्यक्ष जीवन शर्माको घरमा पक्राउ गर्ने नियतले २०६१ माघ २१ गते प्रहरीले छापा मारेको थियो तर उनी बच्न सफल भएका थिए । माघ १९ पछि महेन्द्रनगरदेखि बुटवलसम्म 'गणतन्त्रका लागि सांस्कृतिक अभियान' सञ्चालन भएको थियो । २०६२ फागुन-चैत्रमा महेन्द्रनगर, कञ्चनपुर, बाँके, सुर्खेत, दाङ, प्यूठान, अर्घाखाँची, गुल्मी, बाग्लुङ, पोखरा, बुटवललगायतका ठाउँमा यो कार्यक्रम सञ्चालन भएको थियो । २०६१ सालमा पनि बृहत् 'लोकतान्त्रिक सांस्कृतिक अभियान' सम्पन्न भएको थियो । मङ्सिरदेखि माघसम्म भएको यस कार्यक्रम पर्सा, बारा, रूपन्देही, पाल्पा स्याङ्जा हुँदै पोखरालगायत विभिन्न ठाउँमा अगाडि बढेको थियो । १९ दिने लोकतान्त्रिक आन्दोलनको समयमा रक्तिमको केन्द्रीय टोली बुटवलमा थियो । बुटवलमा विभिन्न सांस्कृतिक कार्यक्रमहरू मार्फत आन्दोलनमा सहभागी भयो ।

जनआन्दोलनपछि पनि रक्तिमले संविधानसभाको निर्वाचन र गणतन्त्रको स्थापनाका लागि विभिन्न दवावमूलक कार्यक्रमहरू गरेको थियो । २०६३ वैशाख-जेठमा काठमाडौं, बुटवल,

---

[२८५] माधव प्रधान, "मेची-महाकाली सांस्कृतिक अभियान-२०६४", **संस्कृति**, (अङ्क ६, २०६४), पृ. ११९-१२४ ।

नारायणघाट, दाङलगायतका विभिन्न ठाउँहरूमा यस्ता कार्यक्रमहरू भएका थिए । २०६३ भदौदेखि मङ्सिरसम्म संविधानसभा र गणतन्त्रका लागि रक्तिम अभियान सञ्चालन भयो । बुटवलबाट सुरु भई विभिन्न जिल्लाका ३० ठाउँमा यो कार्यक्रम सञ्चालन भएको थियो । २०६३ फागुन चैत्रमा पनि राष्ट्रियता र गणतन्त्रको सुदृढीकरणका लागि रक्तिम सांस्कृतिक अभियान बागलुङदेखि सुरु भई २० ठाउँमा सञ्चालन भएको थियो । संविधानसभाको निर्वाचनको समयमा पनि चुनावी प्रचार-प्रसार अभियानसँगै गणतान्त्रिक सांस्कृतिक कार्यक्रमहरू भएका थिए ।

रक्तिम सांस्कृतिक परिवारका विभिन्न जिल्लाका ४० वटा शाखाहरूले पनि गणतान्त्रिक अभियानका साथ सांस्कृतिक गतिविधि सञ्चालन गरेका थिए । बागलुङ, अर्घाखाँची, रूपन्देही, नवलपरासी, चितवन, काठमाडौंलगायतका शाखाको विशेष सक्रियता रहेको थियो । यस अभियानमा जीवन शर्मा, रेम राना, नारायण शर्मा , तेजेन्द्र थापा, लक्ष्मी गुरुङ, निलमाया पुन, मानबहादुर भण्डारी, थुमराज ढुङ्गाना, गीता थापा, दलबहादुर भण्डारी, डम्बर भण्डारी, रीता पुन, शिला डी.सी., पम्फा बञ्जाडे, कमला के.सी. जीवन पुनलगायतका कलाकाहरू रक्तिम अभियासँग जोडिएर गणतान्त्रिक सांस्कृतिक यात्रालाई अघि बढाएको पाइन्छ । यस अभियानले **फेरि पनि हुकुमी शासन चल्दैछ . . . छेकेर छेकिन्न इतिहासको पाङ्ग्रा, हिउँ फुटे हिमनदी जनता फुट जनसागर** जस्ता गीतहरू गाउँदेखि सहरसम्म घन्काउँदै हिँडेको पाइन्छ ।[२८६]

## ६.२.१० गुरुकुल

गणतान्त्रिक सिर्जनायात्राको कुरा गर्दा काठमाडौंमा रहेको गुरुकुल स्रष्टाहरूको जमघटको महत्वपूर्ण केन्द्रका रूपमा रह्यो । यो निरङ्कुश राजतन्त्रको विरोधमा उत्रने सबै स्वाभिमानी स्रष्टा/सर्जकहरूको केन्द्र नै बन्न पुगेको थियो । ज्ञानेन्द्र सरकारले गुरुकुललाई तारो बनाउने र बन्दुक ताक्ने काम गरे पनि यो गणतान्त्रिक आन्दोलनका दिशामा अविचलित रूपमा अगाडि बढिरह्यो । स्रष्टाहरू भेला हुने, आन्दोलनका कार्यक्रमहरूको तयारी गर्ने र कार्यक्रमहरू सञ्चालन गर्ने काम पनि यहाँबाट भएको पाइन्छ ।

लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्चको स्थापनादेखि लिएर विभिन्न गतिविधिहरू सञ्चालन गर्ने क्रममा गुरुकुल प्रायः सँगसँगै भएको देखिन्छ । मञ्च स्थापना गर्न भेला हुनेदेखि लिएर चैत्र ३० को बृहत् कार्यक्रम गर्ने जस्ता काम गुरुकुलमा नै भएका थिए । गुरुकुलसँग जोडिएका सुनिल पोखरेल, निशा शर्माजस्ता स्रष्टाहरूले आन्दोलनकै मोर्चामा सहभागी हुने र आन्दोलनलाई अघि बढाउन स्थान उपलब्ध गराउने काम गरेका थिए । २०६२ भदौ २५ गते कवि अर्जुन पराजुलीले गुरुकुलको सम नाट्यघरमा **सत्रसाल भाग २** नामक व्यङ्ग्य कविता कार्यक्रम प्रस्तुत गरेका थिए । टिकट काटेर कविता सुन्न गएका २२० भन्दा बढी दर्शक/ श्रोताबाट उठेको २० हजार रूपैयाँ रकम अर्जुनले आन्दोलनलाई सहयोग गर्न नागरिक समाजलाई प्रदान गरेका थिए । चैत्र ३० गतेको आन्दोलन र यसको तयारी पनि गुरुकुलमा नै भएको थियो । २०६३ वैशाख १९ गते गुरुकुलमा दर्जनौं कवि र कलाकारहरू भेला भएर जनआन्दोलन २०६३ लाई चित्रमा उतारे ।

---

[२८६] जीवन शर्मासँग २०६५/९/२० मा गरेको कुराकानीबाट प्राप्त जानकारी ।

कविहरूले राजनीति, आन्दोलन र समाजमा झल्कने कविताका पङ्क्तिहरू कोरे । किरण मानन्धरले बनाएको जनआन्दोलनलाई प्रतिबिम्बित गर्ने चित्रहरू नेपाली चित्रकलाको इतिहासमा नै महत्वपूर्ण रहेका छन् । यस अघिका सामाजिक परिवर्तनलाई चित्रकलामा उतार्ने प्रयास कसैले पनि गरेका थिएनन् । त्यहाँ तयार भएका सय जति चित्रकला तत्कालै बुकिङ्ग भए र बिक्रिबाट उठेको सबै रकम सहिदका परिवारलाई दिइयो ।

गुरुकुलअन्तर्गतको आरोहण नाट्य मञ्चले जनआन्दोलनको समयमा नाटकहरू प्रदर्शन गरेको पाइन्छ । जनआन्दोलनपछि पनि सिंहरदरबार अगाडि धर्ना बसिरहेका नागरिक समाजका अगाडि **खबरदारी** नामक नाटक मञ्चन गऱ्यो । विक्रम सुब्बाले २०६३ वैशाख २६ गते **गणतन्त्रको खेती** नामक कविता कार्यक्रम लिएर गुरुकुलमा प्रस्तुत भएका थिए । २०६२ चैत्र गते गुरुकुलमा भएको स्रष्टा दमनको सम्झना स्वरूप 'स्रष्टा चैत्र ३०' ले प्रत्येकवर्ष चैत्र ३० विभिन्न कार्यक्रमका साथ मनाउँदै आएको पाइन्छ । २०६४/०६५ चैत्र ३० मा साहित्यिक कार्यक्रमको आयोजना गरी आन्दोलनमा सक्रिय सहभागी स्रष्टाहरूलाई सम्मान गरेको थियो । त्यस्तै २०६५ चैत्र ३० मा जनआन्दोलन र स्रष्टादमनको बारेमा वृत्तचित्र प्रदर्शनी गरिएको थियो ।

## ६.२.११ साहित्य सन्ध्या

प्रत्येक महिनाको पहिलो शनिबार दिनको एक बजेदेखि कविता वाचन कार्यक्रम सञ्चालन गर्दै आएको साहित्य सन्ध्याले आफ्ना कार्यक्रमहरू लोकतान्त्रिक आन्दोलनलाई अगाडि बढाउने क्रममा नै केन्द्रित गरेको पाइन्छ । ज्ञानेन्द्रको समयमा साहित्य सन्ध्याका कार्यक्रमहरू नियमित रूपमा सञ्चालन हुन सकेका थिएनन् । कतिपय कार्यक्रमहरू पुलिस प्रशासनका आँखा छल्दै अन्य ठाउँमा पनि सञ्चालन भएका थिए । प्रगतिशील विचारधाराका स्रष्टाहरूको जमघट हुने त्यस कार्यक्रममा लोकतन्त्रका पक्षधर स्रष्टाहरू मात्र आउने गरेको देखिन्छ । राजतन्त्रको समर्थन गर्ने र दरबारका पक्षमा वकालत गर्नेहरू यस संस्थाका कार्यक्रममा आउने गरेको पाइँदैन । यसले कतिपय श्रृङ्खलाहरू त 'लोकतन्त्र विशेष' कै रूपमा सञ्चालन गरेको छ भने लोकतन्त्र विशेष नभनिकनै नियमित रूपले सञ्चालन हुने कार्यक्रममा पनि अधिकांश रचनाहरू गणतान्त्रिक चेतनायुक्त हुने गरेका थिए । २०६१ माघ १९ पछिको समयमा केही श्रृङ्खला नियमित रूपले कार्यक्रम हुँदै आएको रत्नराज्यलक्ष्मी क्याम्पसमा हुन सकेका थिएनन् ।[२८७]

## ६.२.१२ भक्तपुर साहित्य प्रतिष्ठान

भक्तपुर साहित्य प्रतिष्ठान आन्दोलनको समयमा भक्तपुर क्षेत्रमा सक्रियताका साथ लागेको पाइन्छ । यस प्रतिष्ठानको आयोजनामा विभिन्न कार्यक्रमहरू भएका छन् । २०६२ भदौ १८ गते नेपाली कविता डट कम र भक्तपुर साहित्य प्रतिष्ठानद्वारा भक्तपुरमा समसामयिक कविता वाचन

---

२८७ साहित्य सन्ध्याका अध्यक्ष राम विनय, पूर्व अध्यक्ष मित्रलाल पङ्गेनी र सल्लाहकार वासुदेव अधिकारीसँग गरिएको कुराकानीबाट प्राप्त जानकारी ।

कार्यक्रम भएको थियो ।[२८८] ललितपुरको लेले मा २०६२ माघ १५ गते 'समसामकिताका सन्दर्भमा आजका कविता ललितपुर विशेष' भन्ने कार्यक्रम भएको थियो । भक्तपुर साहित्य प्रतिष्ठान र नेपाली कविता डट कमले आयोजना गरेको त्यस कार्यक्रममा केशवराज सिलवालले सम्पादन गरेको **असहमतिका स्वरहरू** भन्ने सङ्ग्रह नै सार्वजनिक गरिएको छ । यसै कार्यक्रमको दोस्रो सत्रमा नेपाल भाषाको कवि गोष्ठी समेत भएको थियो । त्यस दिनका कार्यक्रममा करिब ३ दर्जन जति स्रष्टाहरूले रचना वाचन गरेका थिए ।[२८९] २०६३ वैशाख १ गते भक्तपुर साहित्य प्रतिष्ठान र भक्तपुर आर्ट ग्रुपले लोकतन्त्र बहाली नहुञ्जेलसम्म टोलटोलमा आन्दोलन जारी राख्ने जनाउँदै सडक आन्दोलन सुरु गरेका थिए । न्यातपोलमा २० जना कविहरूले लोकतान्त्रिक कविता वाचन गरेका थिए भने ७ जनाले चित्रकारले सोही स्थानमा लोकतान्त्रिक चित्र बनाएर प्रदर्शन समेत गरेका थिए । भक्तपुर साहित्य प्रतिष्ठानलने जनआन्दोलनका घाइतेहरू बढेको र रगतको अभाव भएको अवस्थामा वैशाख १३ गते रक्तदान कार्यक्रमको आयोजना गरेको थियो । प्रतिष्ठानले प्रत्येक महिनाको अन्तिम शनिबार गर्दै आएको मासिक साहित्य शृङ्खला पनि २०५९ असोज १८ पछिका दिनमा लोकतन्त्र स्थापना गर्न आन्दोलनकै रूपमा सञ्चालन गरेका थिए ।[२९०]

## ६.२.१३ ललितकला लोकतान्त्रिक अभियान

ललितकलाका क्षेत्रमा काम गर्ने ललितकलाकर्मीहरूले असङ्गठित रूपमा र अन्य सङ्घ संस्थाहरूमा आबद्ध भएर आन्दोलनमा सहभागी भएका भए पनि आन्दोलनमा सङ्गठित एवम् सक्रिय रूपमा उभिनका लागि २०६३ वैशाख ४ गते ललितकला लोकतान्त्रिक अभियानको गठन गरेको पाइन्छ । वैशाख ४ गते कलाकार समाजको प्राङ्गणमा भएको ललितकलाकर्मीहरूको भेलाले किरण मानन्धरको संयोजकत्वमा सो समिति गठन गरेको हो । उत्तम नेपाली सल्लाहकार रहेको यस समितिमा १५१ जना सदस्य रहेका थिए भने सङ्घर्षलाई सशक्त र प्रभावकारी बनाउन १३ सदस्यीय आन्दोलन संयोजन समिति गठन गरिएको थियो । यस समितिका सहसंयोजक रविन कोइराला रहेका छन् भने सदस्यहरूमा शान्तकुमार राई, उत्तम खरेल, भोलानाथ पौड्याल, सृजन चित्रकार, सुन्दर बस्नेत, ओम खत्री, कृष्ण ओझा, आर खनाल, भीषणराज भण्डारी र राजन काफ्ले रहेका छन् । यस आन्दोलनमा ऐक्यबद्धता जनाउने संस्थाहरूमा नेपाल कलाकार समाज, नेपाल कमर्सियल आर्टिस्ट सङ्घ, सिर्जना कन्टेम्पररी आर्ट ग्यालरी, युवा कलाकार समूह, आरम्भ सूत्र, शून्य शताब्दी नेपाल, ललितकला समीक्षा समाज, नेपाल वाटर कलर सोसाइटी, आर्टिष्ट सर्कल, ललितकला द्वैमासिक, क्यानभास साप्ताहिक पत्रिका, कलाकर्म त्रैमासिक, क्यानभास रेडियो पत्रिका, सिर्जनशील कलाकार समाज, न्यू आर्ट सर्कल, एस्पेक्ट्रम कलालय, काष्टमण्डप आर्ट, प्लाजम आर्ट

---

[२८८] रत्नमणि नेपाल र अन्य (सम्पा.), पूर्ववत् ,पृ. ४७ ।

[२८९] नारायण वाग्ले (सम्पा.), "लोकतन्त्रका स्वरहरु", **कान्तिपुर,** (वर्ष १३, अङ्क ३४१, २०६२ माघ १६), पृ. १४ ।

[२९०] भक्तपुर साहित्य प्रतिष्ठानका चंकी श्रेष्ठबाट २०६५/८/२० मा प्राप्त जानकारी ।

सङ्गम, स्वविपु ललितकला क्याम्पस, फाइन आर्ट, नेपाल डटकम, ग्राफिक डिजाइनर्स लगायत ५१ संस्था रहेका छन् ।[२९१]

## ६.२.१४ लोकतान्त्रिक कलाकार सङ्घ

२०६३ वैशाख १ गते लोकतान्त्रिक कलाकारहरूको एक भेलाद्वारा नेपाल लोकतान्त्रिक कलाकार सङ्घ गठन भएको थियो । तीर्थ थापाको अध्यक्षतामा गठित सङ्घको तदर्थ समतिमा उपाध्यक्ष नरेश पौड्याल, महासविच जनार्दन आचार्य, सचिव कमल न्यौपाने, कोषाध्यक्ष मनोजकुमार के.सी. रहेका छन् भने सदस्यहरूमा निखिल उप्रेती, विपना थापा, विकास आचार्य, हेमन्त बुढाथोकी, रमेश धमला, पल्लवी भट्ट, रामशरण घिमिरे, सुरज आचार्य, शान्तिराम राई रहेका छन् भने प्रवक्तामा सुरेश पोखरेल छन् ।[२९२]

# ६.३ स्रष्टाहरूलाई फौजदारी अभियोग र गिरफ्तारी

जनआन्दोलनको समयमा ठाउँठाउँबाट धेरै स्रष्टाहरू गिरफ्तरीमा परेका थिए । २०५९ असोज १८ पछिको आन्दोलनका क्रममा स्रष्टाहरू पक्राउ पर्ने र छाडिने क्रम बारम्बार चल्यो । यसै क्रममा २०६२ चैत्र २६ गते स्रष्टा र नागरिक आन्दोलनमा लागेका केही व्यक्तिहरूलाई सरकारले गिरफ्तार गरेको थियो । चैत्र २६ गते महाराजगञ्जबाट कर्फ्यू उल्लङ्घन गर्दा केही स्रष्टाहरूसहित नागरिक समाजका व्यक्तिहरू पनि गिरफ्तारमा परे । गिरफ्तारीमा परी फौजदारी अभियोग लाग्ने पहिला र अन्तिम स्रष्टाहरू तिनै भएको रमेश भट्टराईले उल्लेख गरेका छन् । यसरी पक्राउ पर्नेहरूमा २४ जना थिए । नागरिक आन्दोलनकै केही व्यक्तिहरू पनि साहित्यिक व्यक्तित्व थिए । त्यहाँ गिरफ्तारीमा पर्नेहरूमा रमेशप्रसाद भट्टराई, अर्जुन पराजुली, डा. सरोज धिताल, डा. शरद वन्त, डा. महेश मास्के, डा. मधु घिमिरे, पदमरत्न तुलाधर, दमननाथ ढुङ्गानालगायत नागरिक आन्दोलनका व्यक्तिहरूसमेत थिए ।[२९३]

प्रतिष्ठान महाराजगञ्जमा पुऱ्याइएका स्रष्टाहरू चैत्र २४ गतेदेखि सात दल र माओवादीको संयुक्त आयोजनामा सुरु भएको देशव्यापी आन्दोलन १९ दिन लामो समयसम्म चल्यो । देशका विभिन्न ठाउँमा भएको आन्दोलनमा स्रष्टा सहभागिता उल्लेखनीय रूपमा रहेको थियो । विभिन्न ठाउँमा स्रष्टाहरू गिरफ्तारमा परेका थिए । कतिपयलाई गिरफ्तार गरेपछि केही समय राखेर छाडेको पाइन्छ भने कतिपयलाई आन्दोलन सफल भएपछि मात्र छोडियो । काठमाडौं उपत्यका भित्र विभिन्न ठाउँबाट गिरफ्तार भएका स्रष्टालाई ठाउँ-ठाउँमा राखिएको थियो ।

ठूलो सङ्ख्यामा आन्दोलनकारीलाई राख्ने ठाउँमध्ये प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्ज पनि पर्दछ । चैत्र २४ देखि वैशाख ११ गतेसम्म पक्राउ परेर १२ गते मात्र छुटेका २२३ जनाको

---

२९१ ललितकला लोकतान्त्रिक अभियानको तर्फबाट २०६३ वैशाख ५ गते प्रकाशित प्रेस विज्ञप्ति ।

२९२ रत्नमणि नेपाल र अन्य (सम्पा.), **स्रष्टा, चैत्र ३०,** (वर्ष १, अङ्क १, २०६३ चैत्र), पृ. ४७ ।

२९३ रमेशप्रसाद भट्टराई, "आन्दोलन, कर्फ्यू र जीवन", **गरिमा**, (वर्ष २५, अङ्क ५, २०६४ वैशाख), पृ. १७९-८० ।

नाम **बन्दी शिविरका आवाजहरू** भन्ने जेल सङ्घर्ष समितिले प्रकाशन गरेको पुस्तकमा छ । पक्राउ परेकाहरूको एउटा समिति नै बनेको छ र साहित्यिक तथा गैर साहित्यिक लेखरचनाहरू तथा महत्वपूर्ण सूचनाहरू सङ्कलन गरी **बन्दी शिविरका आवाजहरू** भन्ने पत्रिका प्रकाशन गरिएको छ । **बन्दी शिविरका आवाजहरू**को सम्पादन जयराज पन्त, रुद्र खरेल, सुरेशकुमार भट्ट र हरिप्रसाद सिलवालले गरेका छन् । यसमा ४८ जना स्रष्टाका जेलभित्र रचना गरिएका र सुनाइएका कविता, गीत, गजल आदि रहेका छन् । ती स्रष्टाहरूको नाम यसप्रकार छ (यस सङ्ग्रहमा साहित्यिक लेखरचनाहरू भएका राजनीतिक क्षेत्रबाट परिचित व्यक्तिहरूलाई समेत स्रष्टाका रूपमा प्रस्तुत गरिएको छ भने साहित्यिक व्यक्तिहरू सबैजसोले लेखरचना दिएका हुँदा त्यसका आधारमा स्रष्टाह रू को-को थिए भन्ने जानकारी पाउन सकिन्छ । स्रष्टाको नाम वर्णानुक्रमअनुसार यसरी प्रस्तुत गरिएको छ -

अशोक महर्जन, अर्जुनबहादुर सिंह, इस्माली, उपेन्द्र कोइराला, कमानसिंह लामा, कुसुमाकर न्यौपाने, केशवप्रसाद मैनाली, कृष्ण अविरल, गोविन्दप्रसाद कोइराला, गोविन्दराज पोखरेल, घनश्याम शर्मा पौड्याल, जयराज पन्त, जगदीशचन्द्र भण्डारी, झल्कु यादव, टङ्क राई, ठाकुर कुमार श्रेष्ठ, त्रिवेणी चोङ्वाङ, दलवीर लामा, दीपकुमार उपाध्याय, नन्दगोपाल महर्जन, नवीन चित्रकार, निनु चापागाईं, प्रकाश ज्वाला, प्रदीप ज्ञवाली, बद्री अर्याल, बद्रीप्रसाद मुडबरी, 'किरण', बुद्धिप्रसाद लामिछाने, भुवनराज खनाल, भुपति ढकाल 'कमल', भोजविक्रम बुढामगर, मधुसूदन पाण्डे, मोदनाथ प्रश्रित, मोहन बहादुर के.सी. यज्ञराज सुनुवार, रामवीर मानन्धर, रामचन्द्र अधिकारी, रुद्र खरेल, लक्ष्मीकुमार कोइराला, वाचस्पति देवकोटा, वामदेव अधिकारी, विदुरप्रसाद पौडेल, शान्तिकृष्ण अधिकारी, शुभनाथ मिश्र, सुरेशकुमार भट्ट, सुरेश कार्की, सुशीलमान शेरचन र हरिप्रसाद सिलवाल ।[२९४]

२०६३ चैत्रको आन्दोलनमा लोकतान्त्रिक स्रष्टाको संयुक्त मञ्चका अध्यक्ष सभाका सदस्य आनन्ददेव भट्ट र निनु चापागाईं तथा मञ्चका सदस्य नन्दकृष्ण जोशी पनि १९ दिने आन्दोलनका क्रममा गिरफ्तारीमा परेका थिए ।[२९५] त्यस्तै गुरुकुलबाट चैत्र ३० गते १२ जना स्रष्टाहरू गिरफ्तारीमा परेका थिए । त्यस्तैगरी २०६१ वैशाख ९ गते प्रज्ञाप्रतिष्ठानबाट पुतली सडकतिर अगाडि बढिरहेका स्रष्टाहरूको जुलुसमाथि आक्रमण गरी गिरफ्तार गरिएको थियो । त्यहाँ सयभन्दा बढी स्रष्टाहरू गिरफ्तार भएका थिए । २०६२ भदौ २४ गते भोटाहिटीमा जुलुस प्रदर्शन गरी निषेधाज्ञा उल्लङ्घन गर्ने क्रममा ३३ जना स्रष्टाहरू गिरफ्तार भएका थिए । माघ ८ गते वानेश्वर चोकमा भएको स्रष्टाहरूको कार्यक्रममा १५ जनालाई गिरफ्तार गरिएको थियो । (लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्च भन्ने शीर्षकमा भोटाहिटी र रत्नपार्कमा गिरफ्तारीमा पर्नेहरू तथा प्रतिगमन विरोधी स्रष्टाहरूको संयुक्त समिति भन्ने शीर्षकमा २०६१ वैशाख ९ गते गिरफ्तारीमा पर्नेहरूले नामावली दिइएको हुँदा यहाँ पुनः प्रस्तुत गरिएको छैन ।) स्रष्टा आन्दोलनको क्रममा मञ्चका अध्यक्ष सभाका सदस्य आनन्ददेव भट्ट, सदस्यहरू रुद्र खरेल, बलदेव शर्मा मजगैया, प्रदीप

---

[२९४] जयराज पन्त (सम्पा.), **बन्दी शिविरका अवाजहरु**, (जेल सङ्घर्ष समिति, प्रहरी प्रशिक्षण प्रतिष्ठान, महाराजगञ्ज, २०६३) ।

[२९५] पूर्वपत्, पृ. ७-८ ।

ज्ञवाली, स्रष्टाहरू मोदनाथ प्रश्रित, रघु पन्त, सुधा त्रिपाठी, कुसुमाकर न्यौपाने, रमेशजङ्ग सिँजापति गिरफ्तारमा परी तीन महिने पुर्जीअन्तर्गत १३ दिने जेलजीवन गुजारेका थिए ।[२९६] स्रष्टा आन्दोलनका क्रममा पटक-पटक गिरफ्तार हुने र रिहाइ हुने स्रष्टाहरू धेरै छन् । आन्दोलनका क्रममा सक्रिय सहभागिता जनाउने केही स्रष्टाहरूले त आफू पटक-पटक गिरफ्तार भएको तर यत्ति नै पटक गिरफ्तार भएको भन्ने याद नभएको समेत बताउँछन् ।

आन्दोलनका क्रममा घाइते हुने स्रष्टाहरू पनि धेरै छन् । निनु चापागाईंको हातको औंला भाच्चिएको, रत्नमणि नेपालको दाँत नै भाच्चिएको घटना उल्लेख गर्नै पर्ने हुन्छ । यसबाहेक लाठी, बुट र अश्रु ग्यासको प्रहारबाट घाइते हुनेहरूको ठूलो नामावली नै बनाउन सकिन्छ । तर अन्य कार्यक्रमहरूको सन्दर्भमा उल्लेख भएको हुँदा यहाँ स्रष्टाहरूको नामावली प्रस्तुत गर्ने काम गरिएन । जनआन्दोलन सुरु भएकै दिन चैत्र २४ गते प्रलेसका तत्कालीन अध्यक्ष आनन्ददेव भट्ट मैतिदेवीबाट गिरफ्तारमा परे भने सल्लाहाकार निनु चापागाई र जगदीशचन्द्र भण्डारी लगनटोलबाट गिरफ्तार भए । यी तीन जनालाई नै तीन महिने पूर्जी दिइएको थियो । प्राध्यापकहरूको आन्दोलनमा रुद्र खरेल दुईपटकसम्म गिरफ्तारमा परी तीन महिने पूर्जी पाए भने सुधा त्रिपाठीले पनि प्राध्यापकको आन्दोलनमा सहभागी हुँदा तीन महिने पूर्जी पाइन । आन्दोलनकै क्रममा मोदनाथ प्रश्रित, प्रदीप ज्ञवाली, घनश्याम पौडेल, प्रदीप नेपाल, रघु पन्त जस्ता स्रष्टाहरू पटक-पटक गिरफ्तारीमा परे ।[२९७] चैत्र ३० गते गुरुकुलबाट निस्केको जुलुस पुरानो वानेश्वरमा पुगेपछि सडकमा कविता वाचन सुरु गर्न लाग्दा हस्तक्षेप गरी १२ जनालाई गिरफ्तार गरेको थियो ।

२०५९ सालपछि सेना र प्रहरीद्वारा हुने गिरफ्तार र यातनाका घटनाहरू सामान्य जस्तै बनेका थिए । कवि पूर्ण विराम, साहित्यकार नवीन विभास, कवि पोषनाथ पौडेल, चेतकान्त चापागाईं, रविकिरण निर्जीव जस्ता स्रष्टाहरूलाई वेपत्ता पार्ने र यातना दिने कामहरू भए । २०६२ साउन १० गते नागरिक समाजद्वारा आयोजित निषेधित क्षेत्र तोड्ने काममा प्रलेसका आनन्ददेव भट्ट समेत गिरफ्तार भएका थिए ।[२९८] आन्दोलनका समयमा धेरै स्रष्टाहरू बारम्बार सडकबाटै गिरफ्तारीमा परेको पाइन्छ तर को-को स्रष्टाहरू कहिले कहाँबाट कतिपटक गिरफ्तारमा परे भन्ने कुराको सम्पूर्ण रेकर्ड आयोजक संस्थाहरूसँग पनि भएको पाइँदैन ।

रमेशप्रसाद भट्टराईले **मधुपर्क**को लेखमा निषेधाज्ञा तोड्ने र कविगोष्ठीका क्रममा पक्राउ पर्नेहरूको नाम यस प्रकार उल्लेख गरेका छन् - बैरागी काँइला, आनन्ददेव भट्ट, निनु चापागाईं, डा. तुलसी भट्टराई, रमेशप्रसाद भट्टराई, हरिगोविन्द लुइँटेल, डा. जगदीशचन्द्र भण्डारी, आहूति, विष्णुविभु घिमिरे, खुमनारायण पौडेल, अमर गिरी, प्रदीप ज्ञवाली, मोदनाथ प्रश्रित, बलदेव शर्मा मजगैया, शक्ति लम्साल, नन्दकृष्ण जोशी, रामप्रसाद ज्ञवाली, रमेशजङ्ग सिंजापती, मनोज न्यौपाने, राजन काफ्ले, धनकुमारी सुनार, चेतनाथ धमला, नवीन चित्रकार, एस.बी. विवेक, मधुसूदन पाठक,

---

[२९६] रमेशप्रसाद भट्टराई, "लोकतान्त्रिक आन्दोलनमा स्रष्टहरूको भूमिका", पूर्ववत् , पृ. ६-७ ।

[२९७] रमेशप्रसाद भट्टराई, "लोकतान्त्रिक आन्दोलनमा प्रगतिशील लेखक सङ्घको भूमिका", पूर्ववत्, पृ. १७-१८ ।

[२९८] ऐजन्, पृ. १२-१३ ।

निरञ्जन साङपाङ, यादव देवकोटा, राजन मुकारुङ, भोगेन्द्र लिङ्देल, जयहाङ राई, श्रीकृष्ण अणु, अर्जुन पराजुली, कुसुम ज्ञवाली आदि ।

यसरी २०६०-२०६३ को बीचमा स्रष्टादमनका घटना अत्यधिक रूपमा भएका देखिन्छन् । चैत्र २४ देखि भएको आन्दोलनमा सबैभन्दा बढी स्रष्टा दमनका घटना भेटिन्छन् । २०६१ माघ १९ भन्दा पहिलाका तुलनामा पछि लेखक स्रष्टाहरूले धेरै सास्ती भोग्नुपर्‍यो । पत्रपत्रिकामा समेत अत्यन्तै कडा नियन्त्रण र निगरानी रहेको थियो । प्रकाशन/प्रसारणका क्षेत्रमा प्रकाशक, सम्पादक तथा पत्रकारहरूको गिरफ्तारी, जेलजीवन र वेपत्ताका घटनाहरू छुट्टै अनुसन्धानका विषय बन्न सक्छन् । यहाँ साहित्यका क्षेत्रमा भएका घटनाहरूको मात्र सङ्क्षिप्त जानकारी प्रस्तुत गरिएको छ ।

## ६.४ मुख्य सहरी क्षेत्रमा स्रष्टा आन्दोलनका गतिविधि

### ६.४.१ पोखरा

राजतन्त्रका विरुद्धमा सारा जनता एक भएर उठेको बेला र स्रष्टाहरू समेत आन्दोलनमा होमिएको बेला कास्कीका स्रष्टाले पनि राजतन्का विरुद्ध आवाज उठाउने काम गरे । कास्कीको पोखरा र त्यस वरिपरिका साहित्यिक संघ-संस्था र साहित्यकारहरूले असोज १८ पश्चात् नै राजतन्त्रका विरुद्ध सङ्गठित रूपमा र व्यक्तिगत रूपमा पनि आन्दोलनका कार्यक्रम अगाडि सारेका थिए । सञ्चारमाध्यमहरूले पनि गणतान्त्रिक चेतनायुक्त रचनालाई प्रकाशन प्रसारण गरेर ठूलो योगदान पुऱ्याएका थिए । असोज १८ पछिका दिनहरूमा पोखरेली साधकहरूले आफ्ना सिर्जनामार्फत् प्रतिगमनको विरोध गर्दै 'उज्यालोको खोजी वाङ्मयिक आन्दोलन' गरेका थिए । यो आन्दोलनको प्रभाव पोखरा र बाहिरका अन्य क्षेत्रहरूमा समेत परेको थियो । यो आन्दोलन लोकेन्द्रबहादुर चन्दको सरकार विघटन भई प्रजातान्त्रिक काङ्ग्रेस र एमालेको सरकार गठन भएपश्चात् प्रतिगमन आंशिक रूपमा सच्चिएको बहानामा सुस्तायो ।[२९९] यसपछिका दिनहरूमा विभिन्न साहित्यिक संस्थाका नियमित साहित्यिक कार्यक्रम तथा अन्य कार्यक्रमहरूमा गणतान्त्रिक रचना वाचन गर्ने काम पनि हुँदै आएको थियो । देशभरिका स्रष्टाहरू जुर्मुराएर उठेको बेला जनआन्दोलनका पक्षधर पोखराका सर्जक तथा साहित्यिक संघ-संस्थाहरू आ-आफ्नै ढङ्गले क्रियाशील रहे पनि स्रष्टाहरूको आन्दोलन अगाडि बढाउने सामूहिक मञ्च भने थिएन । यही अभावलाई पूर्ति गरी आन्दोलनलाई अझ गति दिने उद्देश्यले २०६३ वैशाख ४ गते लोकतान्त्रिक वाङ्मय समाज पोखराको गठन भयो । समाजका अध्यक्ष कृष्ण उदासी थिए भने उपाध्यक्षमा पदमराज ढकाल, सचिव विष्णु अल्पविराम, कोषाध्यक्ष सविना सुनाम र सहसचिव गणेश शर्मा थिए । सदस्यहरूमा तारा तिमिल्सेना, रुपिन्द्र 'प्रभावि' कटु, हेमन्त हितैषी, भीम रानाभाट, रामचन्द्र अधिकारी, सञ्जीव पौडेल, नारायण मरासिनी, कमलनाथ सापकोटा, विनित जोजिजू, डी.डी.अधिकारी, तारा पोखरेल र सीता हुमागाईं थिए । यस समितिका सल्लाहकारमा निम्न स्रष्टाहरू थिए । तेजनाथ घिमिरे, दुर्गा बराल, घनश्याम ढकाल, डा. भवानी पाण्डे (भाष्कर), डा. रविलाल अधिकारी, तीर्थ श्रेष्ठ, लक्ष्मण थापा, दीपक समीप, दिलिप दोषी, मदन भण्डारी, क्षेत्रलाल कायस्थ, कृष्णबहादुर श्रेष्ठ, श्यामलाल श्रेष्ठ, सूर्यचन्द्र बस्नेत, ईश्वरमणि अधिकारी, बुद्धि गुरुङ, रामचन्द्र पोखेरल, कृष्ण भण्डारी, 'मुमुक्षु', माधव वियोगी, प्रकाश घिमिरे, राजेन्द्र चापागाईं 'आहूत' र कृष्णप्रसाद पौडेल ।[३००] आन्दोलनको समयमा गठन गरिएको लोकतान्त्रिक वाङ्मय समाज आन्दोलनको अवधिभर सक्रियतापूर्वक लागेको पाइन्छ । यसले पोखराका विभिन्न ठाउँमा साहित्यिक कार्यक्रमहरू सञ्चालन गर्दै र जनतालाई आन्दोलनमा लाग्न उत्साह र प्रेरणा दिँदै अगाडि बढेको देखिन्छ । जसअनुसार २०६३ वैशाख ५ गते बी.पी. चोकमा, ७ गते बगर चोकमा,

---

[२९९] कृष्ण उदासी (सम्पा.) प्रकाशकीय, **मुक्तिसङ्घर्ष**, (लोकतान्त्रिक वाङमय समाज, कास्की, २०६३), पृ. ४ ।

[३००] ऐजन ।

८ गते भीमसेन चोक (महेन्द्रपुल) मा, १० गते सभागृह चोकमा, ११ गते बिरौटाचोकमा १२ गते अमरसिंहचोकमा कविता वाचनका कार्यक्रम भएका थिए ।[३०१] यस आन्दोलनमा सक्रियतापूर्वक लागि सहभागी भएर कविता, गीत, गजल आदि वाचन गर्नेहरूमा तेजनाथ घिमिरे, तीर्थ श्रेष्ठ, पदमराज ढकाल, कृष्ण उदासी, विष्णु अल्पविराम, रामजी लम्साल, दिलिप दोषी, भीम रानाभाट, परशुराम कोइराला, लक्ष्मण थापा, दीपक समीप, रुपिन्द्र 'प्रभावी' कटु, दुराबाबु, रामचन्द्र अधिकारी, सुशील हुमागाईं , नारायण मरासिनी, लक्ष्मण गौतम, माधव सुवेदी, सूर्य खड्का (विखर्ची), क्षेत्रबहादुर थापा, रुद्रबहादुर थापा, प्रकाश गिरी, सन्तोष पौडेल, सन्तोष अधिकारी, रेशम अधिकारी, सफल घिमिरे, पदम भुर्तेल, सविता पौडेल, सञ्जीव पौडेल, कृष्ण भण्डारी 'मुमुक्षु', हेमन्त हितैषी पराजुली, गणेश शर्मा, ताराप्रसाद पोखरेल, विजया सुवेदी 'उदासी' कमलनाथ सापकोटा, ताराप्रसाद तिमिल्सिना, जनार्दन 'शयद' सुवेदी, मदन भण्डारी, चिरञ्जीवि आचार्य, कल्याण पन्त, शेखर गौतम, हृदयनारायण खनाल, विश्वराज रसाइली, सविना सुनाम, दिल पन्त, गोविन्द गिरी, सुरेश रानाभाट, नारायण परिश्रमी, अर्जुन पौडेल 'निर्जन', सुष्मा पौडेल, सरस्वती शर्मा 'जिज्ञासु', डी. डी. अधिकारी, शिवबहादुर बराल लगायत थिए ।[३०२]

आन्दोलनको समयमा वाचित कविता, गीत, गजललाई लोकतान्त्रिक वाङ्मय समाज, कास्कीले **मुक्ति संघर्ष** नाम दिएर सङ्ग्रह नै तयार गरेको छ । ५७ जना स्रष्टाहरूका कविता, गीत, गजल सङ्कलन गरेर २०६३ सालमा कृष्ण उदासीको सम्पादनमा यो सङ्ग्रह प्रकाशित भएको पाइन्छ । कास्कीबाट आन्दोलनका क्रममा कुलप्रसाद खनाल, डा. पशुपतिनाथ तिमिल्सेना, परशुराम कोइराला, डा. भवानीप्रसाद पाण्डे र सङ्गीत श्रोतालाई प्रहरीले गिरफ्तार गरेको थियो ।[३०३] नमुना साहित्य समूहका अध्यक्ष टङ्कप्रसाद गैरे, सचिव सन्तोष अधिकारी, कोषाध्यक्ष शेखर गौतमलाई तत्कालीन शाही सरकारले निर्घात रूपले कुट्ने र जेलको चिसो छिँडीमा राख्ने काम गरेको थियो ।[३०४] लोकतान्त्रिक वाङ्मय समाज पोखराले २०६३ वैशाखमा पृथ्वीनारायण क्याम्पसमा 'लोकतान्त्रिक आन्दोलनमा स्रष्टाहरूको दायित्व' विषयक गोष्ठीको आयोजना गरेको थियो । गोष्ठीमा घनश्याम ढकाल, भवानी पाण्डे 'भाष्कर', कृष्णबहादुर श्रेष्ठ, परशुराम कोइराला, लक्ष्मण थापा, दुर्गा बराल, मदन भण्डारी, राजेन्द्र चापागाईं, आहत लगायतले आफ्ना धारणाहरू प्रस्तुत गरेका थिए भने कृष्ण उदासीको सभापतित्व र विष्णु अल्पविरामको सञ्चालनमा भएको थियो ।[३०५]

पोखरामा आन्दोलनको समयमा गण्डकी साहित्य सङ्गम पनि सक्रिय थियो । लोकतान्त्रिक वाङ्मय समाज, पोखराकै छातामुनि बसेर धेरै कार्यक्रमहरू अघि बढाएको भए पनि आफ्नै आयोजनामा पनि केही कार्यक्रमहरू गरेको पाइन्छ । सङ्गमले गणतान्त्रिक सांस्कृतिक अभियान

---

[३०१] घनश्याम ढकाल, "मुक्तिसङ्घर्षभित्र अभिव्यञ्जित विद्रोह चेत", **मुक्तिसङ्घर्ष,** (लोकतान्त्रिक वाङमय समाज, कास्की, २०६३), पृ. २ ।

[३०२] ऐजन, पृ. ५-६ ।

[३०३] प्रलेसको सातौं राष्ट्रिय सम्मेलनमा महासचिव घनश्याम ढकालद्वारा प्रस्तुत प्रतिवेदन ।

[३०४] सन्तोष अधिकारी, "ऐतिहासिक जनआन्दोलनमा नमुना साहित्य समूहको भूमिका", **प्रस्फुटन,** (वर्ष ७,अङ्क ७, २०६४ पुस), पृ. ४६ ।

[३०५] घनश्याम ढकाल, पूर्ववत्, पृ. ६ ।

सञ्चालन गरेको थियो । यस साहित्यिक अभियानले २ वटा कार्यक्रमहरू सञ्चालन गरेको थियो । २०६३/१२/१७ मा लेखनाथ नगरपालिकाको पचभैया देउरालीमा पोखराबाट गएका एकदर्जन र स्थानीय आधादर्जन सर्जकले कविता वाचन गरे र केहीले वैचारिक प्रस्तुति गरे । घनश्याम ढकालको सभापतित्व र नारायण मरासिनीको सञ्चालनमा उक्त कार्यक्रम सम्पन्न भएको थियो । ग्रामीण भेगका जनतामा गणतान्त्रिक चेतना जगाउनका लागि उक्त कार्यक्रम गरिएको थियो ।[३०६] त्यस्तैगरी सङ्गमले २०६४ वैशाख ११ गते पोखराको बाटुलेचौरमा अर्को कार्यक्रम सम्पन्न गरेको थियो । शुक्ला साहित्य समितिको पनि त्यस कार्यक्रममा ऐक्यबद्धता रहेको थियो । सो कार्यक्रम ढकालको सभापतित्व र मरासिनीकै सञ्चालनमा सम्पन्न भएको थियो ।[३०७]

२०६३ वैशाख ८ गते नमुना साहित्य समूहको आयोजनामा पृथ्वीनारायण क्याम्पस गेटदेखि भीमसेन चोकसम्म हात र मुखमा कालोपट्टि बाँधेर विरोध ऱ्याली निकालिएको थियो । ऱ्याली भीमसेन चोकमा पुगेर कविता वाचनमा परिणत भएको थियो । त्यस्तै गरी २०६३ वैशाख ११ गते पनि दिउसै लालटिन बालेर रचना वाचन गर्ने काम भएको थियो । नमुना साहित्य समूहमा गणेश शर्मा, डी.डी. अधिकारी, टङ्कप्रसाद गैरे, सन्तोष अधिकारी, कृष्ण उदासी, शेखर गौतम, कुलप्रसाद खनाल, रविलाल अधिकारी लगायत सक्रिय थिए ।[३०८]

यसरी पोखरामा गणतन्त्र स्थापना गर्नका लागि स्रष्टाहरूले पनि ठूलो भूमिका खेले । लेखक पत्रकारहरूले सञ्चार माध्यमहरू मार्फत् निर्भीक रूपमा कलम चलाएको र बोलेको कुरालाई पनि उच्च मूल्याङ्कन गर्नैपर्छ । उता भूमिगत रूपमा लडिरहेका माओवादी सम्बद्ध स्रष्टाहरूले पनि प्रत्यक्ष-अप्रत्यक्ष रूपमा साहित्यिक गतिविधि सञ्चालन गरेका थिए ।

## ६.४.२ चितवन

चितवनमा निरङ्कुशता विरुद्ध भएको गणतान्त्रिक सिर्जनायात्रामा दर्जनौँ स्रष्टाहरू जोडिन आएको पाइन्छ भने त्यहाँ क्रियाशील साहित्यिक सङ्घ-संसथाहरूले पनि योगदान गरेको पाइन्छ । चितवनका स्रष्टाहरूले निरङ्कुशता विरुद्धको आन्दोलनमा सडकमै ओर्लिएर विभिन्न साहित्यिक कार्यक्रमहरू गरेका थिए भने सञ्चारमाध्यमहरूले प्रकाशन/प्रसारणको काम गरेर साहित्यिक गतिविधिलाई जनसमक्ष पुऱ्याउने काम गरेका थिए । दर्जनौं स्रष्टाहरूले लेख रचनाका माध्यमबाट साहित्यिक वातावरण गणतन्त्रमय बनाएका थिए । यहाँ संस्थागत प्रयासलाई प्रस्तुत गर्ने काम गरिएको छ ।

चितवनमा प्रतिगमन विरुद्ध स्रष्टाहरूको पहिलो सामूहिक कार्यक्रम २०६० साउन १७ गते भएको थियो । २०६० साउन ८ गते प्रतिगमन विरोधी साहित्यकार तथा सांस्कृतिक क्षेत्रका कलाकारहरूको भेलाले जगतराज पौडेलको संयोजकत्वमा देवराज पौडेल, इन्द्र रेग्मी, कपिल अज्ञात र टङ्कराज ढकाल भएको आयोजक समिति गठन गरेको थियो । यस समितिको सक्रियता र

---

[३०६] घनश्याम ढकाल र अन्य (सम्पा.), **गण्डकी सङ्गम**, (वर्ष १४, पूर्णाङ्क ७ , २०६४ जेठ), पृ. ८० ।

[३०७] डी.डी अधिकारीबाट २०६५/११/ २८ मा प्राप्त जानकारी ।

राजनीतिक दलहरूको समर्थनमा तीनवटा कार्यक्रम भएका थिए । साउन १७ गते चितवनको वीरेन्द्र बहुमुखी क्याम्पसको गेटमा, १९ गते पूर्वी चितवनको पर्सा बजारमा र २२ गते चनौली बजारमा कविता, गीत, गजल, मुक्तक आदि प्रस्तुत गरिएको थियो ।[३०९]

२०६२ कार्तिक ५ गते सप्तगण्डकी बहुमुखी क्याम्पसको सभाकक्षमा 'गजलमा लोकतन्त्र' भन्ने कार्यक्रम भएको थियो । गजल मञ्च चितवनको आयोजनामा भएको त्यो कार्यक्रम धनराज गिरीको संयोजकत्वमा भएको थियो भने बुँद राना, खगेन्द्र सङ्ग्रौला, नरेन्द्रराज पौडेललगायतका स्रष्टाहरू सहभागी भएका थिए ।[३१०] वाल्मीकि साहित्य सदनको आयोजनामा २०६२ चैत्रमा रत्ननगरको बकुलहरमा लोकतान्त्रिक कविता वाचन कार्यक्रम भएको थियो । उक्त कार्यक्रम रामबाबु घिमिरेको अध्यक्षतामा भएको थियो । प्रगतिशील लेखक सङ्घको आयोजनामा २०६२ चैत्रको अन्त्यतिर 'लोकतान्त्रिक गणतान्त्रिक सडक कविता कार्यक्रम' भएको थियो । जनआन्दोलनको समयमा भएका स्रष्टा आन्दोलहरूमध्ये वैशाख ३ गते सम्पन्न भएको 'बृहत् लोकतान्त्रिक साहित्यायात्रा'लाई सबैभन्दा महत्वपूर्ण कार्यक्रमका रूपमा लिन सकिन्छ । यस कार्यक्रममा चितवन साहित्य परिषद , चितवन वाङ्मय प्रतिष्ठान, साहित्य सङ्गम चितवन, प्रगतिशील लेखक सङ्घ चितवन, गजल मञ्च चितवन, हाम्रो मझेरी साहित्य प्रतिष्ठान, अभिव्यञ्जना साहित्य प्रतिष्ठान, सिस्नुपानी नेपाल चितवन शाखा, अक्षर समूह, वाल्मीकि साहित्य सदन, त्रिवेणी साहित्य परिषद्लगायतका संस्थाको संलग्नता रहेको थियो । वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरको प्राङ्गणबाट ११:४५ बजे प्रस्थान गरेको स्रष्टाहरूको मौन जुलुस नारायणगढ पुलचोकमा पुगी चालीस हजारभन्दा बढी जनताको उपस्थितिमा साहित्यिक कार्यक्रममा भएको थियो । करिव तीनसय जति स्रष्टाहरूको सहभागितामा भएको त्यस कार्यक्रमको सञ्चालन लक्ष्मणप्रसाद गौतमले गरेका थिए ।[३११] २०६३ वैशाख र २०६४ जेठ-असारमा प्रगतिशील सांस्कृतिक सङ्गठनको आयोजनामा 'गणतान्त्रिक कविता शृङ्खला' सम्पन्न भएको थियो । इन्द्र रेग्मीको अध्यक्षतामा सम्पन्न यस कार्यक्रमका ५ वटा शृङ्खला भएका थिए ।[३१२] उन्नाइस दिने जनआन्दोलन सम्पन्न भएपछि पनि गणतान्त्रिक चेतना जगाउने र संविधानसभाको निर्वाचन गर्न दवाव दिने उद्देश्यले यस्ता विभिन्न कार्यक्रमहरू सञ्चालन भएको पाइन्छ । प्रलेसको आयोजनामा २०६४ असारमा 'गणतन्त्रका लागि सिर्जना' विषयक सडक कविता गोष्ठी सम्पन्न भएको थियो । त्यस्तै प्रलेसकै आयोजनामा २०६४ असोज ५ गते वीरेन्द्र बहुमुखी क्याम्पसको चोकमा प्लेकार्डमा कविता प्रदर्शन

[३०९] प्रतिगमन विरोधी साहित्यिक सांस्कृतिक समितिको निर्णयपुस्तिका र यस समितिका सदस्य इन्द्र रेग्मीले दिएको जानकारी ।

[३१०] लक्ष्मण गौतम, "लोकतान्त्रिक गणतान्त्रिक आन्दोलन र चितवनको साहित्यिक परिवृत्तको सङ्क्षिप्त इतिवृत्त", **कवितामा गणतन्त्र,** (गणतान्त्रिक कविता उत्सव संयोजन समिति, २०६५), पृ. ३-४ ।

[३११] लक्ष्मण गौतम, "चितवनको लोकतान्त्रिक आन्दोलनमा स्रष्टहरूको भूमिका-विवरणात्मक विचरण", **चितवन महोत्सव,** (चितवनः चितवन महोत्सव स्टेयारिङ कमिटि, २०६३), पृ. ४५-४८ ।

[३१२] पूर्ववत्, पृ.७ ।

कार्यक्रम सम्पन्न भएको थियो । दुवै कार्यक्रमहरूको अध्यक्षतामा प्रलेस अध्यक्ष होमनाथ सापकोटाले गरेका थिए ।[३१३]

साहित्य सङ्गम चितवनको आयोजनामा २०६४ भदौमा नारायणगढको लायन्स चोकमा 'गणतान्त्रिक कविता आन्दोलन' कार्यक्रम सम्पन्न भएको थियो । यस्तै खालको कार्यक्रम २०६४ जेठ ३ गते पनि भएको थियो ।[३१४] २०६४ भदौ २८ का दिन 'पारिजात काव्ययात्रा' काठमाडौं र चितवनका १५ साहित्यिक सङ्घ-संस्थाहरूको आयोजनामा गणतान्त्रिक कविता प्रतियोगिता सम्पन्न भएको थियो । भूपिन व्याकुलको संयोजकत्वमा भएको त्यस कार्यक्रममा प्रतियोगी र अप्रतियोगी गरी ५५ जना कविहरूले गणतान्त्रिक कविता वाचन गरेका थिए । त्यस्तैगरी २०६४ कार्तिक १० का दिन अखिल नेपाल जनसांस्कृतिक महासङ्घ चितवनको आयोजनामा प्रतियोगितात्मक 'गणतान्त्रिक कवि गोष्ठी' सम्पन्न भएको थियो । पोषराज पौडेलको संयोजकत्वमा भएको यस कार्यक्रममा तीनदर्जन जति प्रतियोगी र अप्रतियोगी कविहरूले भाग लिएका थिए ।[३१५] अखिल नेपाल जनसांस्कृतिक महासङ्घ, चितवनको आयोजनामा २०६३ पुस २ गते नारायणगढको लायन्स चोकमा गणतान्त्रिक सडक कविता गोष्ठीको आयोजना भएको थियो । महासङ्घकै आयोजनामा २०६४ जेठ ११ गते तत्कालीन राजा ज्ञानेन्द्रको मलामी जुलुस र २०६४ जेठ १३ गते कृष्ण सेन 'इच्छुक' स्मृति दिवसमा गणतान्त्रिक कार्यक्रम भएको थियो ।[३१६]

नेपाल गणतान्त्रिक देश घोषणा भएको उपलक्ष्यमा प्रकाश चापागाईंको अध्यक्षतामा ११ सदस्यीय गणतान्त्रिक उत्सव समितिको बनेको थियो । यस समितिको आयोजनामा जेठ ३२ गते नारायणगढको पुलचोक र सहिदचोकका बीचमा 'बृहत् गणतान्त्रिक कविता गोष्ठी' सम्पन्न भएको थियो । चितवनका विभिन्न १६ वटा संस्थाहरूको आयोजनामा भएको यस कार्यक्रममा चितवन र नवलपरासीका ७० भन्दा बढी स्रष्टारुले गणतान्त्रिक कविता वाचन गरेका थिए । यो कार्यक्रम संयोजक प्रकाश चापागाईंको सभापतित्व र सचिव सुरेन्द्र अस्तफलको सञ्चालनमा सम्पन्न भएको थियो ।[३१७]

चितवनमा गणतान्त्रिक आन्दोलनमा धेरै पत्रिकाहरूले लोकतान्त्रिक/गणतान्त्रिक अन्तर्वस्तुमा आधारित कविताहरू प्रकाशित गरे । यहाँका साहित्यिक गोष्ठीहरूमा पनि प्रायः यस्तै खालका कविताहरू वाचन गरिएको पाइन्छ । 'बृहत् गणतान्त्रिक कविता उत्सव' सम्पन्न भएपछि त्यहाँ वाचन गरिएका कविताहरू र गणतान्त्रिक आन्दोलनको समयका कविताका साथै चितवनको साहिहित्यक कार्यक्रमहरूका बारेमा ऐतिहासिक दस्तावेजका रूपमा **कवितामा गणतन्त्र** भन्ने पुस्तक नै प्रकाशन भएको पाइन्छ । गणतान्त्रिक कविता उत्सव संयोजन समितिले नै यसको प्रकाशन गरेको छ । यसको प्रधान सम्पादक प्रकाश चापागाई, कार्यकारी सम्पादक सुरेन्द्र अस्तफल

---

[३१३] ऐजन ।

[३१४] ऐजन , पृ. ७-८ ।

[३१५] ऐजन, पृ ७ ।

[३१६] ऐजन, पृ. ९ ।

[३१७] ऐजन, पृ. ९-११ ।

र सम्पादक समूहमा भूपिन व्याकुल, सरिता तिवारी र बालकृष्ण थपलिया रहेका छन् । लोकतान्त्रिक आन्दोलनलाई अघि बढाउन चितवनका दर्जनौं स्रष्टाहरू लागेको पाइन्छ । प्रेमविनोद नन्दन, गोविन्दराज विनोदी, प्रकाश चापागाईं, सुरेन्द्र अस्तफल, भूपिन व्याकुल, सरिता तिवारी, केदारनाथ खनाल, इन्द्र रेग्मी, श्रीभक्त अच्युत वाग्ले, होमनाथ सापकोटा, किसान प्रेमी, कपिल अज्ञात, बालकृष्ण थपलिया, धनराज गिरी, केशवराज आमोदी, पुण्य अधिकारी 'अञ्जली', विनोद अनुज, डा. लक्ष्मणपसाद गौतम, डी.आर. पोखरेल, विमलप्रसाद देवकोटा गोर्खे साइलो लगायतका दर्जनौं स्रष्टाहरूले यस आन्दोलनलाई अघि बढाएका थिए ।

## ५.४.३ झापा

झापामा निरङ्कुश राजतन्त्रका विरोधमा स्रष्टाहरू व्यक्तिगत रूपमा र साङ्गठनिक रूपमै पनि आन्दोलनमा उत्रिएको पाइन्छ । त्यहाँ क्रियाशील विभिन्न सङ्घ-संस्थाहरूले निरङ्कुशताका विरोधमा विभिन्न कार्यक्रमहरू गरेको पाइन्छ भने आन्दोलनकै लागि स्रष्टाहरू सङ्गठित भएर अगाडि बढेको पनि पाइन्छ । यस क्रममा प्रलेस, नेपाली लेखक सङ्घ, सुसेली साहित्यिक परिवार, दोमुखा साहित्य सङ्गम, जस्ता साहित्यिक सङ्घ-संस्थाहरूले सक्रिय भूमिका खेलेका थिए । राजनीतिक दलले आयोजना गरेका कार्यक्रममा पनि स्रष्टाहरूले कविता गीत, गजल आदि वाचन गरेर आन्दोलनमा सहभागिता जनाएका थिए ।

राजाको प्रत्यक्ष शासनको समयमा केही प्राज्ञ, साहित्यकार तथा प्राध्यापकहरूले समेत प्रज्ञा प्रतिष्ठानमा राजाको प्रत्यक्ष नियन्त्रण र निगरानी हुनुपर्ने भन्दै निवेदन हाल्ने काम गरेका थिए । प्रतिष्ठानको गठन प्रक्रिया अप्रजातान्त्रिक र घिनलाग्दो भइरहेको भन्दै २०६१ मंसिर ३ गते प्रतिष्ठानको गठन प्रक्रिया प्रजातान्त्रिक ढङ्गले हुनुपर्ने माग गर्दै विरोध गरेका थिए । प्रतिष्ठानमा साहित्य, संस्कृति र कलाक्षेत्रमा काम गर्ने स्रष्टाहरूलाई छनोट गरिनुपर्छ भन्दै नेपाली साहित्य विकास समितिको अगुवाईमा कृष्ण धरावासी कमल गुरागाईं, पुण्यप्रसाद खरेल, लेखनााथ भट्टराई, लीला उदासी, भवानी क्षेत्री, कमल जङ्गली, केपी. ढकाल, कृष्ण पौडेल लगायत ३४ जनाको संयुक्त हस्ताक्षरमा प्रेस विज्ञप्ति निकालिएको थियो । २०६२ फागुन २० गते लोकतान्त्रिक स्रष्टाहरूको संयोजन समितिको गठन भएको थियो । निरङ्कुशताका विरुद्ध स्रष्टाहरूले आवाज उठाइरहेका थिए र विभिन्न सङ्घ-संस्थाहरूले पनि संस्थागत प्रयास गरेका थिए । निरङ्कुता विरुद्ध सबै विचारधाराका स्रष्टाहरू सङ्गठित भएर एउटै मोर्चामा उभिनुपर्ने अवस्था आएपछि स्रष्टाहरू एउटै छाता सङ्गठनमा आबद्ध भएका थिए । संयोजन समितिका सदस्यहरूमा ऋषिकेश उपाध्याय, कृष्ण धरावासी, केपी ढकाल, कोमलप्रसाद पोखरेल, विजय खरेल रहेका थिए ।[३१८] फागुन २७ गते समिति गठन गर्ने निर्णय भएको भए पनि जनआन्दोलन उत्कर्षमा पुगिरहेको कारण समिति गठन हुन सकेन । २०६२ वैशाख १६ गते बसेको बैठकले पहिलेका संयोजन समितिका ५ जना सहित भीम खवास, फूलसिंह राजवंशी, भवानी क्षेत्री, सुमित्रा वाङ्देल 'चेली', लीला अनमोल, प्रकाश आङ्देम्बे, दीपक सुवेदी र ज्योतिकिरण रिजाल रहेको १७ सदस्यीय समिति चयन गरेको थियो ।

---

[३१८] लोकतान्त्रिक स्रष्टहरूको संयुक्त मञ्च, झापाको निर्णय पुस्तिका ।

झापाका विभिन्न साहित्यिक सङ्घ-संस्थाका प्रतिनिधिहरू समेत उपस्थित भएको त्यस कार्यक्रममा ४७ जना स्रष्टाहरूको उपस्थिति थियो । बैरागी काइँलाको प्रमुख आतिथ्यमा उक्त कार्यक्रम भएको थियो ।[३१९] यस संस्थाले त्यति धेरै साहित्यिक गतिविधि सञ्चालन गर्ने र सक्रिय हुने काम गरेको भने देखिँदैन ।

**झापाली स्रष्टा र साहित्य** भन्ने पुस्तकका लेखक अच्युत घिमिरेले नेपाली गणतान्त्रिक साहित्यिक अभियान २०६२/०६३ को आन्दोलनपछि निकै सक्रिय भएको उल्लेख गरेका छन् । यस आन्दोलनमा ज्योतिकिरण रिजाल, भुवन आदिम, मनोज तपस्वी, अनिल गोर्खाली, एलिना सङ्ग्रौला, सीता खरेल, भारती मैनाली आदिको सक्रियता रहेको थियो ।[३२०] जनआन्दोलनको उन्नाइस दिनमा झापाली स्रष्टाहरू निकै सक्रिय भएको पाइन्छ । आन्दोलनको समयमा काँकडभिट्टा, बिर्तामोड, दमकको चन्द्रगढी जस्ता ठाउँहरूमा दिनहुँजसो कार्यक्रमहरू हुन्थे । त्यस बाहेक शनिश्चरे, सुरुङ्गा, केरखाजस्ता ठाउँहरूमा पनि २-४ दिन बिराएर आन्दोलनका कार्यक्रमहरू हुने गर्थे । पत्रपत्रिकामा रचना प्रकाशन गराएर र कार्यक्रममा रचना वाचन गरेर स्रष्टाहरूले आन्दोलनमा ऐक्यबद्धता जनाए ।[३२१] अच्युत घिमिरेले एउटा कविता वाचन गर्नेदेखि लिएर आन्दोलन अवधिभर सक्रिय स्रष्टाहरू ११५ को हाराहारीमा भएको कुरा **झापाली स्रष्टा र साहित्यमा** उल्लेख गरेका छन् । अर्को एउटा लेखमा आन्दोलनमा संलग्न स्रष्टाहरूको नाम यसप्रकार उल्लेख गरेका छन् । अनिल गोर्खाली, मनोज तपस्वी, कृष्ण धरावासी, राजेन्द्र सङ्ग्रौला, प्रेम चिमरिया, भवानी क्षेत्री, ऋषिकेश उपाध्याय, पुण्य खरेल, रश्मीकेशर, केशव आचार्य, डिकमान विरही, तेराख, कृष्ण अनमोल, लीला अनमोल, माधव खतिवडा, कृष्ण पौडेल, खिलप्रसाद शिवाकोटी, मोहन पाठक, यम सरोवर, ज्योति शर्मा, यज्ञराज प्रसाईं, कमल गुरागाईं, पुण्यप्रसाद खरेल, विजय खरेल, हरि गौतम, देवीचरण भण्डारी, कृष्ण सुवेदी 'निराकार', शिरो सान्दाइ, अच्युत घिमिरे, घिसिङ च्याङ्वा, बी आर शर्मा, प्ररा तुफान, अग्नि कोइराला, अगाभी थेगुवा, एन बी दाहाल, गोविन्दप्रसाद घिमिरे, विजय अधिकारी, प्रकाश बुढाथोकी, केपी ढकाल, रुद्र निरौला, हेम अधिकारी, कमल जङ्गली, दीपक सुवेदी, धनकुटे कान्छा, विजय हतास, खगेन्द्र न्यौपाने, गोपाल सङ्ग्रौला, लीलाराज झापाली, सूर्य अधिकारी, खड्ग वेदना, उमाकान्त खनाल, मोहन काजी, लेखनाथ भट्टराई, चन्द्र भण्डारी, सरोज ओली, गोपालकुमार बस्नेत, जगन्नाथ दाहाल, मनस्वी, कर्णकुमार 'एक्ले', ज्योतिकरण रिजाल, भुवन आदिमलगायतले आन्दोलनको समयमा निरङ्कुशता विरुद्ध कविता वाचन गरेर र लेख रचना प्रकाशन गराएर लोकतान्त्रिक आन्दोलनमा सक्रिय सहभागिता जनाए । त्यस्तै प्रतीक भण्डारी, विक्रम घिमिरे, सुक्ष्मा बास्तोला, कमल गौतम, लय न्यौपाने, अभय न्यौपाने, राजीव गौतम, जुनु बराल लगायतका बालप्रतिभाहरूले पनि आन्दोलनमा कविताहरू वाचन गरेका थिए ।[३२२]

---

[३१९] ऐजन ।

[३२०] अच्युत घिमिरे, पूर्ववत्, पृ. ५-६ ।

[३२१] ऐजन, पृ. ६ ।

[३२२] अच्युत घिमिरे, "लोकतन्त्र र झापाली स्रष्टहरू", **सुसेली,** (वर्ष ४, अङ्क ४, २०६३), पृ. १२-१४ ।

सुसेली साहित्यिक परिवार मेचीनागरले वार्षिक मुखपत्रको रूपमा प्रकाशन गर्दै आएको **सुसेली** पत्रिकाको चौंथो अङ्कलाई जनआन्दोलन विशेषका रूपमा प्रकाशन गरेको छ । ८१ पृष्ठको उक्त पत्रिकाको सम्पादन पुण्यप्रसाद खरेल, मोहनकुमार पाठक, भुवन खरेल र परशुराम तिम्सिना रहेका छन् । यसमा गणतान्त्रिक चेतनायुक्त लेख रचना रहेका छन् ।[३२३]

## ६.४.४ दाङ

दाङमा प्रतिगमन विरुद्ध स्रष्टाहरूले सडकमै आएर साहित्यिक कार्यक्रम सञ्चालन गरेका थिए । दाङमा क्रियाशील विभिन्न साहित्यिक सङ्घ-संस्थाहरूको आयोजनामा र आन्दोलन अगाडि बढाउनकै लागि गठन गरिएको संयुक्त साहित्यिक लोकतान्त्रिक अभियानले आन्दोलनका कार्यक्रमहरू सञ्चालन गरेको पाइन्छ । संस्थागत प्रयासबाहेक व्यक्तिगतरूपमै पनि गणतान्त्रिक सिर्जना यात्रामा धेरै स्रष्टाहरू जोडिन आएको पाइन्छ । सञ्चारमाध्यमले प्रकाशन/प्रसारणबाट स्रष्टाहरूलाई सहयोग गरेका थिए । व्यक्तिगत लेखन र प्रकाशन/प्रसारणबाट साहित्यिक वातावरण गणतन्त्रमय बनेको थियो भने संस्थागत प्रयासमा भएका कार्यक्रमहरू प्राय स्रष्टाहरूको ठूलो जमघटका बीच सडकमा हुने गरेका थिए ।

दाङमा स्रष्टा आन्दोलनकै क्रममा संयुक्त साहित्यिक लोकतान्त्रिक अभियान समिति गठन भयो । लोकतान्त्रिक अभियानलाई उचाइमा पुर्‍याउने उद्देश्यले राप्ती साहित्य परिषद्को आयोजनामा २०६२ असोज १५ गते दाङमा क्रियाशील साहित्यिक सङ्घ-संस्थामा संलग्न साहित्यकारहरूको भेला सम्पन्न भयो । भेलाले गिरिराज शर्माको संयोजकत्वमा संयुक्त साहित्यिक लोकतान्त्रिक अभियान समिति गठन गरियो । यस समितिका सदस्यहरूमा पदमप्रसाद शर्मा, शङ्कर पौडेल, श्रीधर भावुक, गणेश शाह र सविन प्रियासन रहेका थिए ।[३२४] यस अभियानको पहिलो कार्यक्रम असोज २२ गते घोराही नगरपालिका अम्बिकेश्वरी अम्बापुरमा भयो । गिरिराज शर्माको सभापतित्व र पदमप्रसाद शर्माको सञ्चालमा सम्पन्न उक्त कार्यक्रममा झण्डै ४ दर्जन स्रष्टाहरूले रचना वाचन गरेका थिए । अभियानले दोस्रोपटक २०६२ कात्तिक १५ गते ९७ औं लक्ष्मी जयन्तीको अवसरमा राप्ती साहित्य परिषदको सभाकक्षमा कार्यक्रम गरेको थियो । पुरुषोत्तम खनालको सभापतित्व र दामु मर्सिफूलको सञ्चालनमा भएको उक्त कार्यक्रममा २ दर्जन जति स्रष्टाहरूले मन्तव्य र रचना वाचन गरेका थिए । त्यस्तैगरी मंसिर ११ गते नारायणपुरस्थित पशुपति विद्यालयमा पनि गणतान्त्रिक कविता गोष्ठी भएको थियो । गिरिराज शर्माको संयोजकत्व र कार्यक्रमका संयोजक केशव थापाको सञ्चालनमा भएको उक्त कार्यक्रममा दर्जनभन्दा बढी साहित्यकारले मन्तव्य र रचना वाचन गरेका थिए । तत्कालीन सरकारले घोषणा गरेको नगरपालिका निर्वाचनको विरोधका क्रममा उमेशचन्द्र थापाले शहादत प्राप्त गरेका थिए । त्यसको विरोधमा पनि दङाली स्रष्टाहरू सिर्जनात्मक क्षेत्रबाट अघि बढेका थिए । २०६२ चैत्र २४ गतेदेखि सुरु भएको लोकतान्त्रिक आन्दोलनमा पनि सिर्जनात्मक गतिविधिका साथ सडकमै आएर

---

[३२३] पुण्यप्रसाद खरेल र अन्य (सम्पा.), **सुसेली,** (वर्ष ४, अङ्क ४, २०६३) ।

[३२४] पदमप्रसाद शर्मा, **जनआन्दोलन २ मा दङ्गालीस्रष्टहरूको भूमिका,** (दाङ : विशजी प्रकाशन दाङ, ०६२), पृ. ६ ।

आन्दोलनलाई गति दिने काम गरेका थिए । २०६२ चैत्र ३० गते उमेशचन्द्र मार्गमा सडक साहित्यिक कार्यक्रम भएको थियो । ४ घण्टासम्म भएको त्यस कार्यक्रममा करिब तीनदर्जन स्रष्टाहरूले कविता, गीत, गजल आदि प्रस्तुत गरेका थिए । गिरिराज शर्माको सभापतित्व र पदमप्रसाद शर्माको सञ्चालनमा उक्त कार्यक्रम भएको थियो ।[३२५]

दङाली स्रष्टाहरू २०५९ असोज १८ पछि नै प्रतिगमनको विरोधमा देखापरेका थिए । गाउँदेखि सहरसम्म सिर्जनात्मक गतिविधिमार्फत् गणतान्त्रिक चेतनाको विकास गरिरहेका थिए । यसैक्रममा राप्ती साहित्य परिषद् र चेतना क्लब बिजौरी, दाङले सडक कविता अभियान सञ्चालन गरेका थिए । २०६० फागुन ३० गते सञ्चालन गरिएको ‘सडक कविता अभियान’ तुलसीपुरबाट सुरु भई बिजौरी हुँदै घोराहीसम्म पुगेर समापन भएको थियो । प्रतियोगितात्मक रूपमा भएको यस अभियानमा दाङका धेरै कविहरूले अप्रतियोगीको रूपमा समेत कविता वाचन गरेका थिए । तुलसीपुरको बिजौरी र घोराहीमा भएको कार्यक्रममा २/२ दर्जनभन्दा बढी स्रष्टाहरूले भाग लिएका थिए । दीपकराज जोशी, पुरुषोत्तम खनाल, टेसिराज पोखरेल, माधवराज अधिकारी, थानेश्वर पौडेल, सुशील गौतम‘हापुर’, भागवत शर्मा, लोकराज पराजुलीलगायतको सक्रियता र सहयोगमा यी कार्यक्रमहरू भएका थिए ।[३२६]

दाङमा क्रियाशील साहित्यिक सङ्घ-संस्थाको आयोजनामा वैशाख २६ गते घोराहीमा ‘प्रतिगमन विरोधी सडक कविता अभियान’ सञ्चान भएको थियो । घोराहीको भानुचोकबाट सुरु भएको मौन जुलुस दामोदर चोकमा पुगेर साहित्यिक कार्यक्रममा परिणत भएको थियो । राप्ती साहित्य परिषद्का अध्यक्ष पुरुषोत्तम खनालको सभापतित्व र पदमप्रसाद शर्माको सञ्चालनमा भएको यस कार्यक्रममा २ दर्जन जति स्रष्टाहरू सहभागी थिए ।[३२७]

राप्ती साहित्य परिषद्, प्रगतिशील लेखक सङ्घ र लेखक सङ्घको आयोजनमा २०६२ साउन ४ गते लेखक सङ्घ दाङको सभाकक्षमा ‘वर्तमान अवस्थामा साहित्यकारको दायित्व’ भन्ने विषयमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको थियो । पुरुषोत्तम खनालको अध्यक्षता र पदमप्रसाद शर्माको सञ्चालनमा भएको त्यस कार्यक्रममा नारायणप्रसाद शर्मा, विनोद पोखरेल लगायतले विचार प्रस्तुत गरेका थिए ।[३२८]

लोकतान्त्रिक आन्दोलनलाई प्रचारमा ल्याउने र सहयोग गर्ने उद्देश्यले २०६२ कार्तिक १९ गते प्रलेस दाङ शाखाले पत्रकार महासङ्घ दाङ शाखाको सभाकक्षामा ‘लोकतान्त्रिक अभियानमा स्रष्टाहरूको भूमिका’ भन्ने विषयमा अन्तर्क्रिया कार्यक्रमको आयोजना गऱ्यो । पदमप्रसाद शर्माको अध्यक्षता र केशव थापाको सञ्चालनमा भएको कार्यक्रममा अमर गिरी, नारायणप्रसाद शर्मा, हस्तबहादुर के.सी.लगायत पत्रकार, प्राध्यापक र बुद्धिजीवीहरूको उपस्थिति थियो । २०६२ मङ्सिर १८ गते घोराहीको सर्वोदय पुस्तकालयमा पनि लोकतान्त्रिक अभियान सम्पन्न भएको थियो ।

[३२५] ऐजन, पृ.१२-१४ ।

[३२६] ऐजन, पृ.१४-१५ ।

[३२७] ऐजन, पृ.१४-१५ ।

[३२८] ऐजन, पृ.१५-१६ ।

प्रलेसले लोकतान्त्रिक आन्दोलनलाई सहयोग पुऱ्याउने उद्देश्यले नै १३९ औं मेक्सिम गोर्की तथा ११४ औँ राहुल जयन्ती मनाएको थियो । त्यहाँ गोर्की र राहुलका विचारहरूलाई लोकतान्त्रिक अभियासँग जोडेर प्रकाश पार्ने काम गरिएको थियो । उक्त कार्यक्रममा कविता, गीत, गजल आदि प्रस्तुत गर्ने काम पनि गरिएको थियो । प्रलेसले २०६२/६३ को आन्दोलनलाई सहयोग पुऱ्याउने उद्देश्यले २०६३ वैशाख १२ गतेका दिन घोराहीको उमेश मार्गमा साहिहित्यक कार्यक्रम गर्ने तयारी गरेको थियो तर वैशाख ११ गते नै संसद पुनर्स्थापनाको घोषणा गरिएको हुनाले उक्त कार्यक्रमलाई खबरदारी जुलुस तथा सभाका रूपमा मनाइयो । जनआन्दोलन सम्पन्न भएपछि पनि संविधानसभाको सुनिश्चतता नभएको अवस्थामा स्रष्टाहरूको भूमिका कस्तो हुने भन्ने बारेमा छलफल सुरु भएको पाइन्छ । यसै क्रममा २०६३ साउन १३ गते तुलसीपुरमा ‘संविधानसभा र स्रष्टा’ भन्ने विषयमा विचार गोष्ठी भएको थियो । संविधानसभाको मिति घोषणा गर्न दवाव दिने उद्देश्यले २०६३ भदौ १७ गते घोराहीको उमेशचन्द्र थापा मार्ग चोकमा सडक कविता अभियान सम्पन्न भयो । यस कार्यक्रममा मन्तव्य तथा रचना वाचन गर्ने स्रष्टाहरू डेढ दर्जनभन्दा बढी थिए ।[३२९]

लेखक सङ्घ दाङ्ले जनआन्दोलन चलिरहेकै बेला २०६३ वैशाख ८ गते घोराहीमा लोकतान्त्रिक सडक कविता अभियान सम्पन्न गरेको थियो । उत्तमकृष्ण मजगैयाको अध्यक्षता र दामु मर्सिफुलको उद्घोषणमा भएको त्यस कार्यक्रममा २ दर्जनभन्दा बढी स्रष्टाहरूले रचना वाचन गरेका थिए ।[३३०]

सिर्जनशील साहित्यिक समूह, तुलसीपुर, दाङको आयोजनामा तुलसीपुर बजारको बी.पी. चोकमा लोकतान्त्रिक साहित्यिक कार्यक्रम सम्पन्न भयो । श्रीधर भावुकको अध्यक्षता र टीका बस्नेतको उद्घोषणमा सञ्चालित त्यस कार्यक्रममा १ दर्जन जति स्रष्टाहरूले भाग लिएका थिए । [३३१] २०६२ चैत्र २४ गतेदेखि सातदल र माओवादीको संयुक्त आयोजनामा अघि बढेको आन्दोलनकै समयमा आन्दोलनलाई अगाडि बढाउने उद्देश्यका साथ दाङमा क्रियाशील साहित्यिक सङ्घ-संस्थाहरूको संयुक्त प्रयासमा संयुक्त साहित्यिक मञ्चसमेत गठन गरिएको थियो । २०६३ वैशाख ८ गते तुलसीपुरस्थित बी.पी. चोकमा ‘लोकतान्त्रिक अभियानमा स्रष्टाहरू’ लेखेको ब्यानर टाँगेर साहित्यिक कार्यक्रम गरिएको थियो । संयुक्त साहित्यिक मञ्चमा सामेल भएका संघ-संस्थाहरूमा प्रगतिशील लेखक सङ्घ, प्रगतिशील साहित्य परिषद, सिर्जनशील साहित्यिक समूह, साहित्य तथा संस्कृति प्रतिष्ठान, प्रगतिशील अध्ययन केन्द्र लगायत थिए । ७ दलको जुलुस र सभासमेत भएका कारण कार्यक्रम प्रभावकारी भएको थियो । त्यहाँ स्रष्टाहरूको सङ्ख्या धेरै भएको हुँदा सबैले रचना वाचन गर्ने अवसरसमेत पाएनन् । टीकाराम रेग्मीको सभापतित्व र मुकेश पन्थीको सञ्चालमा उक्त कार्यक्रम सम्पन्न भएको थियो ।[३३२] मासिक रूपमा साहित्यिक कार्यक्रम

---

[३२९] ऐजन, पृ. १६-२१ ।

[३३०] ऐजन, पृ. २१-२२ ।

[३३१] ऐजन, पृ. २२ ।

[३३२] ऐजन, पृ. २४ ।

गर्दै आएको निर्झर साहित्य सम्प्रेषण अभियानले ४१ औँ साहित्य श्रृङ्खला नारायणपुरमा लोकतान्त्रिक श्रृङ्खलाका रूपमा सम्पन्न गऱ्यो । त्यस कार्यक्रममा डेढ दर्जन जति स्रष्टाले रचना वाचन गरेका थिए ।[३३३]

साहित्य सौजन्य मालाले पनि मुलुकमा चलिरहेको आन्दोलनप्रति ऐक्यबद्धता जनाउँदै वैशाख २ गतेका दिन ६५ औँ साहित्य श्रृङ्खलालाई लोकतान्त्रिक कविता वाचनका साथ सम्पन्न गऱ्यो । जसमा १ दर्जनजति स्रष्टाले रचना वाचन गरेका थिए ।[३३४] नेपाल शिक्षक सङ्घ सांस्कृतिक विभागले लोकतान्त्रिक आन्दोलनकै बेला वैशाख ६ गते घोराहीमा 'लोकतान्त्रिक लोकदाहोरी' कार्यक्रम सञ्चालन गरेको थियो । राजेन्द्र श्रेष्ठले सञ्चालन गरेको त्यस कार्यक्रममा १ दर्जन जति कलाकारले भाग लिएका थिए भने हजारौंको सङ्ख्यामा दर्शक र श्रोताहरू उपस्थित भएका थिए । [३३५]

इन्द्रेणी साहित्य परिवार देउखुरीले पनि लोकतान्त्रिक आन्दोलनप्रति ऐक्यबद्धता जनाउँदै २०६३ वैशाख १ गते लोकतान्त्रिक कविगोष्ठी तथा शुभकामना आदान-प्रदान कार्यक्रम राखेको थियो । जसमा १ दर्जनजति स्रष्टाहरूले भाग लिएका थिए । वैशाख १० गते पनि लोकतान्त्रिक कवि गोष्ठी सम्पन्न भएको थियो जसमा अवधि भाषा संस्कृति प्रतिष्ठानले पनि ऐक्यबद्धता जनाएको थियो । कार्यक्रममा २ दर्जन जति स्रष्टाहरू सहभागी थिए । यस परिवारले वैशाख १४ गते भालुवाङमा साहित्यिक कार्यक्रम गर्ने योजना बनाएको भए पनि आन्दोलन स्थगित भएका कारण कार्यक्रम हुन सकेन । आन्दोलनकै क्रममा वैशाख ११ गते सिसहनिया चौतारीमा स्वस्फूर्त रूपमा साहित्यिक कार्यक्रम सम्पन्न भएको थियो । जसमा १ दर्जनजति स्रष्टाले रचना वाचन गरेका थिए ।[३३६]

लोकतान्त्रिक आन्दोलनलाई अगाडि बढाउने उद्देश्यले नै नवयुग नाट्य संस्कृति समूह, दाङले **सेतो परेवा** नामक नाटक प्रदर्शन गरेको थियो । सो नाटक २०६३ वैशाख ४ गते भालुवाङमा, ५ गते लमहीमा, ६ गते घोराहीमा र ८ गते तुलसीपुरमा प्रदर्शन गरिएको थियो ।

यसरी दाङ जिल्लामा विभिन्न साहित्यिक सङ्घ-संस्थाको आयोजनामा साहित्यिक कार्यक्रमहरू भएको पाइन्छ । दाङमा क्रियाशील संघ-संस्थाले आन्दोलनलाई अझ उचाइमा पुऱ्याउन सङ्गठित अभियान अगाडि बढाएको पनि पाइन्छ । संयुक्त साहित्यिक लोकतान्त्रिक अभियान सबै विचारधाराका स्रष्टाहरूले संयुक्त रूपमा गठन गरेको छाता संस्थाका रूपमा रहेको छ । यसबाहेक राप्ती साहित्य परिषद्, प्रलेस, लेखक सङ्घ, संयुक्त साहित्यिक मञ्च, निर्झर साहित्य सम्प्रेषण अभियान, साहित्य सौजन्य माला, इन्द्रेणी साहित्यिक परिवार, प्रगतिशील साहित्यिक परिवार, सिर्जनशील साहित्यिक समूह, साहित्य तथा संस्कृति प्रतिष्ठान, तुलसीपुर

---

[३३३] ऐजन ।

[३३४] ऐजन, पृ. २४-२५ ।

[३३५] ऐजन, पृ. २५-२६ ।

[३३६] ऐजन, पृ. २६-२८ ।

प्रगतिशील अध्ययन केन्द्र, नवयुग नाट्य समूहलगायतका संस्थाहरू आन्दोलनमा संस्थागत रूपमै लागेको पाइन्छ भने दजनौं स्रष्टाहरू यस आन्दोलनमा सहभागी भएको पाइन्छ ।

## ६.४.५ नेपालगञ्ज

मध्यपश्चिम क्षेत्रको ठूलो सहर बाँकेको नेपालगञ्जमा स्रष्टाहरू जनआन्दोलनको समयमा सङ्गठित भएरै अगाडि बढेको पाइन्छ । २०५९ असोज १८ को राजाको प्रतिगामी कदमपछि पनि लामो समयसम्म यस क्षेत्रका स्रष्टाहरूको आन्दोलन व्यक्तिगत रूपमै सीमित भयो । निरङ्कुश राजतन्त्र विरोधी लेख रचनाहरू सिर्जना गरी प्रकाशन प्रसारण गराउने काम गरेर आन्दोलनको वातावरण सिर्जना गरे पनि सङ्गठित रूपले अघि नबढेको हुँदा कठिनाई भएको देखिन्छ । देशका विभिन्न ठाउँमा स्रष्टाहरू सङ्गठित रूपले नै आन्दोलनमा लागिसकेको अवस्थामा २०६२ माघ २४ गते महेन्द्र बहुमुखी क्याम्पसको चौरमा नेपालगञ्जका स्रष्टाहरू भेला भई सङ्गठित भए । बाँके जिल्लाका सम्पूर्ण साहित्यिक संघ-संस्थाका प्रमुखहरू, कलाकार, पत्रकार लगायतको प्रतिनिधित्व गराई दिवाकर शर्माको संयोजकत्वमा ११ सदस्यीय लोकतान्त्रिक साहित्यिक मञ्च गठन भयो ।[३३७] यसभन्दा पहिला स्रष्टाहरू सङ्गठित भएको भेटिदैंन । २०६२ भदौ १८ मा नेपालगञ्जका लेखक, स्तम्भकार सङ्गठित भएको पाइन्छ । भेलाले लोकतान्त्रिक आन्दोलनमा ऐक्यबद्धता जनाउँदै पवन थापा 'निर्भिक'को संयोजकत्वमा एउटा समिति गठन गरेको पाइन्छ ।[३३८] यसले लेखनका क्षेत्रबाट निरङ्कुश शासनलाई पनि चुनौति दिई आन्दोलन अघि बढाउने र जनतालाई जागरुक पार्ने काम गऱ्यो । माघ २४ गते गठन भएको लोकतान्त्रिक साहित्यिक मञ्चको आयोजनामा विभिन्न कार्यक्रमहरू भएको देखिन्छ । लोकतान्त्रिक साहित्यिक मञ्चकै आयोजनामा माघ २५ गते नै बी.पी. चोकमा स्रष्टाहरूको जुलुस प्रदर्शन र बृहत् सडक कविता गोष्ठी समेत भएको थियो । नेपालगञ्जको त्रिवेणी मोड, बागेश्वरी परिसर, महेन्द्रपार्क लगायतका ठाउँमा सार्वजनिक गोष्ठी, जुलुस एवम् विरोधका कार्यक्रमहरू भएको पाइन्छ । मध्यपश्चिम स्तरीय बृहत् साहित्यिक भेला गर्ने निर्णय भएर तयारी भए पनि तीव्र दमनका कारण सम्भव हुन सकेन । त्यस्तै चैत्र २४ गतेदेखि हुने संयुक्त जनआन्दोलनलाई सहयोग गर्ने र आन्दोलनको वातावरण सिर्जना गर्ने उद्देश्यले चैत्र १९ गते बहुभाषिक सडक कविता गोष्ठी गरिएको थियो ।[३३९] कथाकार सनत रेग्मीले छुट्टै लोकतान्त्रिक कला साहित्यिक मञ्च गठन गरेका थिए तर पनि आन्दोलनका कार्यक्रमहरू लोकतान्त्रिक साहित्यिक मञ्चकै सक्रियतामा भएका थिए ।[३४०]

जनआन्दोलन उत्कर्षमा पुगिरहेको बेला वैशाख ९ गते सात दलसँग वैचारिक सहमति राख्ने र माओवादी सम्बद्ध स्रष्टा समेत सङ्गठित भई लेखक, साहित्यकार, कलाकारको बृहत् भेला

---

[३३७] हरि तिमिल्सिना , "लोकतान्त्रिक जनआन्दोलनमा साहित्यकारको भूमिका", **नेपाल घरेलु तथा साना उद्योग महासंघ बाँकेको स्मारिका**, (वर्ष १, अङ्क १, २०६४), पृ. ४७ ।

[३३८] जयनारायण शाह, **जनता उठेपछि**, (बाँके-बर्दियाको जनआन्दोलन डायरी), पृ. ६६ ।

[३३९] पूर्ववत्, पृ. ४८ ।

[३४०] ऐजन ।

भयो । बाँकेको खजुरामा भएको त्यस भेलाले इन्द्रबहादुर भण्डारी 'इन्द्रेणी'को संयोजकत्वमा बृहत् लोकतान्त्रिक सांस्कृतिक मोर्चाको गठन गऱ्यो ।[३४१] यस मोर्चाका सदस्यहरूमा युगज्योति क्रियाशील, भक्तसिंह ठाकुर, दशरथ चौधरी, धर्मराज वली, कविन्द्रप्रसाद भट्टराई, नेत्र चलाउने, अशोक बिष्ट, हरि तिमिल्सिना, तिलक गाउँले र मोहनविक्रम अर्याल थिए भने पृथ्वीबहादुर सिंह, दिवाकर शर्मा र रेशम विरही सल्लाहकार समितिमा थिए ।[३४२] माओवादी सम्बद्ध स्रष्टाहरूसमेत समाहित भएको यस समितिको उद्देश्य निरङ्कुशता विरुद्ध सङ्गठित रूपमा बलिया धक्का प्रहार गर्नु थियो ।

चैत्र २४ गतेदेखि सुरु भएको आमहड्तालमा साहित्यकारहरू पनि निरङ्कुशता विरोधी लेख रचना सहित व्यानर नै बोकेर आन्दोलनमा लागेको पाइन्छ । चैत्र २४ गतेकै आम हड्तालमा पनि स्रष्टाहरूको उल्लेख्य सहभागिता थियो ।[३४३] वैशाख ८ गते राजाले गरेको घोषणाको विरोधमा र आन्दोलन जारी राख्नुपर्ने भन्दै ९ गते झन् व्यापक रूपमा जनताहरू सडकमा उत्रिए । लोकतान्त्रिक साहित्यिक मञ्च, बृहत् लोकतान्त्रिक सांस्कतिक मञ्च लगायत साहित्यिक संस्थाको अगुवाइमा आन्दोलन अगाडि बढेको थियो । कविहरूले लोकतान्त्रिक कविताहरू समेत वाचन गरेका थिए । १० गते पनि स्रष्टाहरू सडकमा उत्रिएका थिए । ११ गते वी.पी चोकबाट सुरु गरिएको प्रदर्शन लोकतान्त्रिक साहित्यिक मञ्च, लोकतान्त्रिक बृहत् साहित्यिक मोर्चा लगायतका साहित्य कलासँग सम्बन्धित सङ्घ-संस्था लगायतका राजनीतिक दलहरूको जुलुस सहरका विभिन्न चोकमा परिक्रममा गर्दै भेरी अञ्चल अस्पताल अगाडि आएर कोणसभामा परिणत भयो । त्यहाँ पनि केही स्रष्टाहरूले कविता वाचन गरेका थिए ।[३४४]

बाँकेमा सङ्गठित रूपमा निरङ्कुशता विरुद्ध आन्दोलन गर्ने क्रममा प्रगतिशील लेखक सङ्घ बाँके शाखा र पत्रकार महासंघ बाँके शाखाले पनि आन्दोलनमा विभिन्न ढङ्गबाट सहयोग पुऱ्याएको पाइन्छ । प्रलेसले **परिवर्तन** (गणतन्त्र विशेषाङ्क) नै प्रकाशन गरेको छ । ७ दर्जनजति स्रष्टाका लेख रचना समेटिएको ११६ पृष्ठको यस सङ्ग्रहमा नेपालगञ्ज र बाहिरका स्रष्टाका रचना समेत रहेका छन् ।[३४५]

तत्कालीन राजा ज्ञानेन्द्रले शासनसत्ता हातमा लिएदेखि नै बाँकेका स्रष्टाहरूले स्वतन्त्रता र लोकतन्त्रका पक्षमा कलम चलाइरहेको पाइन्छ । प्रलेस बाँकेका अध्यक्ष तथा आन्दोलनको समयका सक्रिय साहित्यकार हरि तिमिल्सिनाले एउटा लेखमा आन्दोलनका समयमा सक्रिय स्रष्टाहरूमा इन्द्र भण्डारी, हरि तिमिल्सिना, दिवाकर शर्मा, युगज्योति क्रियाशील, मोहनविक्रम अर्याल, पंकज श्रेष्ठ, वासुदेव अधिकारी, झलक गैरे, इन्द्रबहादुर बस्नेत, पशुपति गिरी, नारायणप्रसाद शर्मा गैरे, डा. गोपालप्रसाद शर्मा अधिकारी, राजकुमार कुँवर, सनत रेग्मी, सृजन लम्साल, विष्णुलाल कुमाल,

---

[३४१] ऐजन ।

[३४२] जयनारायण शाह, ऐजन, पृ १७१ ।

[३४३] पूर्ववत् ।

[३४४] पूर्ववत् , पृ १७३ ।

[३४५] इन्द्रबहादुर बस्नेत र अन्य (सम्पा), **परिवर्तन,** (गणतन्त्र विशेषाङ्क, प्रगतिशील लेखक सङ्घ बाँके शाखा, नेपालगञ्ज) ।

रेशम विरही, भुपेन्द्रप्रकाश शर्मा, मणि अर्याल, भूमि भण्डारी, इद्रिस सायल, सिर्जना आचार्य, गणेश जि.सी., अब्दूल लतिफ शौकलगायतका स्रष्टाहरू रहेको उल्लेख गरेका छन् । [३४६] बाँकेको लोकतान्त्रिक आन्दोलनलाई उत्कर्षमा पुऱ्याउन स्रष्टाको भूमिका महत्वपूर्ण छ । पत्रकार महासंघ बाँके तथा रेडियो भेरी आवाज र बागेश्वरी एफ. एम.ले पनि स्रष्टा आन्दोलन अघि बढाउन सहयोग गरेको पाइन्छ ।

## ६.४.६ रूपन्देही

रूपन्देहीका बुटवल र भैरहवाजस्ता क्षेत्रहरूमा २०५९ सालपछि नै गणतान्त्रिक सिर्जनायात्रामा धेरै स्रष्टाहरू जोडिन आएको पाइन्छ । रूपन्देहीमा नियमित रूपमा मासिक श्रृङ्खला सञ्चालन गर्दै आएका **बुटवल साहित्य सङ्गम**, **सिद्धार्थ साहित्य परिषद्**, **सिर्जनशील साहित्यिक समाज**, **गजल सागर**, **राममणि साहित्य सङ्गम**लगायतका साहित्यिक सङ्घ-संस्थाका कार्यक्रमहरूमा वाचित अधिकांश रचनाहरू लोकतान्त्रिक भावनाअनुरूपका हुन्थे । विभिन्न साहित्यिक सङ्घ-संस्थाका कार्यक्रममा र सञ्चार माध्यमहरूमार्फत् निरङ्कुशता विरोधी रचनाहरू प्रस्तुत गरेको पाइन्छ ।[३४७] पत्रकार महासङ्घ रूपन्देहीले पनि आन्दोलनका कार्यक्रमहरू गरेर प्रेरणादायी भूमिका खेलेको कुरालाई बिर्सन मिल्दैन । महासङ्घले गणतान्त्रिक दोहोरी प्रस्तुत गरेर सबैलाई जगाएको थियो र साहित्यिक कार्यक्रम पनि गरेको थियो ।

प्रगतिशील लेखक सङ्घ रूपन्देहीले **साहित्यिक सांस्कृतिक साँझ**को आयोजना गरेर गणतान्त्रिक चेतनायुक्त रचनाहरू प्रस्तुत गरेको पाइन्छ । २०६२ मङ्सिर पुसमा बुटवल, मणिग्राम र भैरहवा सशुल्क कार्यक्रमको आयोजना गरिएको थियो । सांस्कृतिक साँझमा रु.१०० र रु. ५० को टिकट राखिएको थियो । सयौँ मान्छेहरूको उपस्थितिमा निरङ्कुशता विरोधी कविता, गीत, गजल, नृत्य आदि प्रस्तुत गरिएको थियो । रामचन्द्र भट्टराई, दिल साहनी, बुँद राना, वनमाली निराकार ऋषिराम भुसाल, रामप्रसाद प्रदीप, मुरारी पराजुली, रुद्र ज्ञवाली, प्रचण्डबहादुर बुढाथोकीलगायतले रचनाहरू प्रस्तुत गरेका थिए भने जनसांस्कृतिक मञ्च र रक्तिम परिवारका कलाकारहरूले गीत तथा नृत्य प्रस्तुत गरेका थिए ।[३४८]

सिद्धार्थ साहित्य परिषद् रूपन्देहीले २०६० साउन १७ गते बुटवल र मणिग्राम तथा २२ गते भैरहवामा लोकतीान्त्रक अभियान सञ्चालन गरी सडकमा रचना वाचन गरेका थिए । त्यस्तै २०६२ माघ १३ गते भैरहवाको बर्मेली टोलमा सडक साहित्यिक कार्यक्रम भएको थियो । उक्त कार्यक्रमबाट कपिल लामिछाने, बालकृष्ण भट्टराई, डिल्लीराज भट्टराई, कुलानन्द ज्ञवाली, रामप्रसाद बस्याल, भरत पोखरेल र राजेन्द्र पन्थीलाई प्रहरीले गिरफ्तार गरेको थियो भने कार्यक्रम पनि

---

[३४६] हरि तिमिल्सेना,पूर्ववत्, पृ. ५० ।

[३४७] २०६५/७/१७ मा ऋषि भुसालसँग गरेको कुराकानीबाट प्राप्त जानकारी ।

[३४८] प्रलेस, रुपन्देहीको निर्णय पुस्तिका ।

बिथोलिदिएको थियो । १९ दिने आन्दोलनको समयमा पनि डिल्लीराज भट्टराई, बालकृष्ण भट्टराई, कपिल लामिछाने, तिलक लामिछानेलगायत लछारपछारमा परी घाइते भएका थिए ।[३४९]

भैरहवामा लोकतन्त्रका लागि साहित्यिक अभियान सम्पन्न भएको पाइन्छ । २०६२ माघ २३ गते भैरहवाको बुद्धचोकमा लोकतन्त्रका लागि साहित्यिक अभियान सम्पन्न भएको थियो । सिद्धार्थ साहित्य परिषद् सिर्जनशील साहित्यिक समाज, प्रगतील लेखक सङ्घ, राममणि साहित्य सङ्गम, छन्दवादी समाज र सिद्धार्थ युवासाहित्य कोशेलीको आयोजनामा भएको कार्यक्रममा प्रहरीले हस्तक्षेप गरी व्यानर र माइक कब्जामा लिने र स्रष्टाहरूलाई कुटपिट गर्ने काम गरेको थियो । स्रष्टाहरूलाई माओवादीसँगै जङ्गल जाऊ भन्दै धम्काउने कामसमेत गरेका थिए । कार्यक्रम बालकृष्ण भट्टराईको सभापतित्वमा र छवि ज्ञवालीको सञ्चालमा भएको थियो ।[३५०]

२०६३ वैशाख ५ गते लोकतान्त्रिक स्रष्टाहरूको अगुवाइमा बुटवलको मिडिया चोकमा साहित्यिक कार्यक्रम भयो । रूपन्देहीका विभिन्न साहित्यिक सङ्घ-संस्थाको सहभागितामा भएको यो कार्यक्रम बुटवलको बजार परिभाषामा गरी मिडियाचोकमा पुगेर कार्यक्रममा परिणत भएको थियो । गोपिरमण उपाध्यायको संयोजकत्वमा यो कार्यक्रम भएको थियो । पूर्ण लोकतन्त्र स्थापनाका लागि लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त कार्यक्रम, भन्ने कार्यक्रममा कविता, गीत, गजल आदि प्रस्तुत गरिएको थियो ।[३५१]

२०६३ वैशाख ८ गते सिर्जनशील साहित्यिक समाज, रूपन्देहीको आयोजनामा भैरहवाको बुद्धचोकमा 'लोकतन्त्रका लागि स्रष्टा आवाज' कार्यक्रमको आयोजना गरिएको थियो । सवारी साधनहरूमा नचलेको अवस्थामा पनि विभिन्न ठाउँहरूबाट साइकल चढेर र पैदल यात्रा गरेर पनि स्रष्टाहरू त्यहाँ आएका थिए । तीनदर्जनभन्दा बढी स्रष्टाहरू उपस्थित भएको त्यस कार्यक्रमको अध्यक्षतमा छवि ज्ञवालीले गरेका थिए भने सञ्चालन सुवास रिजाल यात्री ले गरेका थिए ।[३५२]

वैशाख ८ गते नै बुटवलको हात्तीसुड भन्ने स्थानमा गएर बगरमो ढङ्गालाई कविता सुनाउने कार्यक्रम भएको थियो । तत्कालीन राजा ज्ञानेन्द्र ढुङ्गाजस्तै विवेकहीन भएको भन्दै ढुङ्गालाई राजाको प्रतीक मानी कविता सुनाइएको थियो । सिर्जन नेपाल, सङ्गम स्रोत क्लव, शान्तिदीप साहित्य सङ्गम, राममणि साहित्य सङ्गम लगायत १० वटा सङ्घ-संस्थाको आयोजनमा उक्त कार्यक्रम भएको थियो ।[३५३]

२०६२ पुस ७ गते **लोकतन्त्रको शङ्खनाद** भन्ने ६ जना कविहरूको संयुक्त कविता सङ्ग्रहको विमोचन कार्यक्रम भएको थियो । **लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्चका शङ्खनाद सांस्कृतिक मोर्चा**का अध्यक्ष बैरागी काइँलाको प्रमुख आतिथ्यमा भएको त्यस कार्यक्रममा

---

[३४९] देवीप्रसाद न्यौपाने, **रुपन्देहीको साहित्यिक विकासमा सिद्धार्थ साहित्य परिषद्को भूमिका,** (अप्रकाशित स्नातकोत्तर शोधप्रबन्ध, त्रि.वि. भैरहवा , २०६५) पृ.११६-११७ ।

[३५०] सिर्जनशील साहित्यिक समाजका तत्कालीन अध्यक्ष छवि ज्ञवालीबाट प्राप्त जानकारी ।

[३५१] प्रलेसको निर्णय पुस्तिका ।

[३५२] सुवास रिजाल 'यात्री', "सिसास भैरहवाः स्थापना र संक्षिप्त गतिविधि", **सोपान** (अङ्क ३, २०६४ कात्तिक), पृ. ९२-९३ ।

[३५३] कृष्ण ढकालबाट प्राप्त जानकारी ।

लोकतान्त्रिक रचनाहरू प्रस्तुत गरिएका थिए ।[३५४] नगरिक जागरण अभियान रूपन्देहीले प्रकाशन गरेको यस सङ्ग्रहमा रामचन्द्र भट्टराई, दिल साहनी, वनमाली निराकार, ऋषिराम भुसाल र मुरारी पराजुलीका ५-५ वटा कविता र बुँद रानाका ३ वटा कविता र २ वटा गजल रहेका छन् । यसमा भएका सबै कविताहरू राजतन्त्रका विरोधमा लेखिएका छन् ।[३५५] बुटवलबाट वैशाख ११ गतेदेखि १ पानाको **गणतान्त्रिक कविता** भन्ने पत्रिका पनि प्रकाशित भएको पाइन्छ । ६ अङ्कसम्म प्रकाशित भएको यो पत्रिका संविधानसभाको सुनिश्चितता गर्न नेताहरूले खबरदारी गर्दै पछि पनि प्रकाशित भएको पाइन्छ । सुरुमा लेखनाथ ज्ञवाली, दिल साहनी र दीपक विश्वकर्माको सम्पादनमा प्रकाशित यस पत्रिकामा पछि वसन्त पोखरेल, मुरारी पराजुली र खेमराज आत्रेय पनि जोडिन आएका छन् ।[३५६]

जनआन्दोलन सम्पन्न भएपछि २०६३ माघ ६ गते **गणतान्त्रिक साहित्य तथा सांस्कृतिक मोर्चा** को गठन भएको पाइन्छ । राजनीतिक दलहरूबीच असहमति, ढिलासुस्ती र कुर्सीका खेलहरू हुन थालेको देखेर त्यसको विरोध गर्ने र गणतन्त्रको प्रचार-प्रचार गर्ने उद्देश्यले यसको गठन भएको थियो ।[३५७] २०६३ माघ ६ गते बुटवल बहुमुखी क्याम्पसमा दीपक विश्वकर्माको अध्यक्षतामा बसेको भेलाले दिल साहनीको अध्यक्षतामा समिति गठन गरेको थियो । समितिको उपाध्यक्षमा माणिकलाल श्रेष्ठ र शान्तराम गिरी सचिवमा मुरारी पराजुली र कोषाध्यक्षमा गङ्गा खनाल रहेका थिए । सदस्यहरूमा अम्बरप्रताप राणा, ऋषि आजाद, खेमराज आत्रेय, चिरन बराल, छवि ज्ञवाली, दयाराम बस्याल, दीपक विश्वकर्मा, दुर्गा आचार्य, निलकण्ठ पौडेल, बसन्त पोखरेल, यानेन्द्र विवश, सुन्दर बासी र रुद्र ज्ञवाली थिए । त्यस्तै सल्लाहकारहरूमा अर्जुन ज्ञवाली, ऋषिराम भुसाल, कपिल लामिछाने, डा.गितु गिरी, बुँद राना, प्रभा ढकाल, बाबुराम भट्टराई, बालकृष्ण भट्टराई, लेखनाथ ज्ञवाली, रामचन्द्र भट्टराई, गोपिरमण उपाध्याय थिए ।[३५८] यस समितिको आयोजनामा २०६३ माघ १ गते मिडिया चोकमा, माघ २० गते भैरहवाको बर्मेली टोलमा, फागुन ५ गते मणिग्राममा र चैत्र १३ गते बुटवलमा साहित्यिक-सांस्कृतिक कार्यक्रम भएको पाइन्छ । कार्यक्रममा गणतन्त्रको आवाज घन्काउँदै र नेताहरूलाई खबरदारी गर्दै दर्जनौ स्रष्टाहरूले रचना वाचन गरेका थिए ।[३५९]

रूपन्देहीमा गणतान्त्रिक साहित्यिक अभियान अगाडि बढाउन लुम्बिनी, बुटवल टुडे, जनसङ्घर्ष, मेचीकाली जस्ता दैनिक पत्रिका र बुटवल एफ.एम., लुम्बिनी एफ.एम., सिद्धार्थ एफ.एम., तिनाउ एफ.एम.जस्ता सञ्चारमाध्यमले पनि ठूलो सहयोगी भूमिका खेलेका थिए । यसरी रूपन्देहीको गणतान्त्रिक सिर्जनायात्रामा दर्जनौँ स्रष्टाहरू सहभागी भएका थिए ।

---

[३५४] बाबुराम भट्टराई, (सम्पा.) **दैनिक, लुम्बिनी** (वर्ष ७, अङ्क ३२७, २०६२, पुस ८) । क

[३५५] ऋषिराम भुसाल र मुरारी पराजुली (सम्पा), **लोकतन्त्रको शङ्खनाद** (बुटवलः नागरिक जागरण अभियान, २०६३), पृ.४ ।

[३५६] लेखनाथ ज्ञवाली र अन्य (सम्पा.) **गणतान्त्रिक कविता** (अङ्क १-६ ) ।

[३५७] गणतान्त्रिक साहित्य तथा सांस्कृतिक मोर्चाको निर्णय पुस्तिका ।

[३५८] ऐजन ।

[३५९] ऐजन ।

## ६.४.७ पाल्पा

निरङ्कुशता विरुद्ध स्रष्टाहरूले देशभर साहित्यिक गतिविधि सञ्चालन गरिरहेको अवस्थामा पाल्पाका स्रष्टाहरूले पनि त्यसमा हातेमालो गर्दै अगाडि बढेका थिए । पाल्पामा क्रियाशील रहेका विभिन्न साहित्यिक सङ्घसंस्थाहरूले साङ्गठनिक रूपमा र व्यक्तिगत रूपमा पनि आन्दोलनलाई अगाडि बढाउने काम गरेका थिए । आन्दोलनलाई नै अगाडि बढाउने उद्देश्यले पनि सङ्घ-संस्था गठन भएको पाइन्छ । असङ्गठित रूपमा अगाडि बढेको आन्दोलनमा स्रष्टाहरूले साहित्यिक गतिविधिमार्फत् जनतालाई आन्दोलित बनाइरहेका थिए भने पत्रपत्रिका र रेडियो एफ. एम.हरूले ती रचना प्रकाशन/प्रसारण गरेर अभियानलाई सहयोग गरे । व्यक्तिगतभन्दा पनि साङ्गठनिक रूपबाट सञ्चालन भएका गतिविधिलाई यहाँ संक्षिप्त रूपमा प्रस्तुत गर्न खोजिएको छ ।

पाल्पाको तानसेनमा लोकतान्त्रिक आन्दोलनलाई अगाडि बढाउने उद्देश्यले डा.विष्णुराज खनालको अध्यक्षतामा डिल्लीराज अर्याल, गोपाल, बस्याल, महेन्द्र पन्थी, 'विप्लव' र रामबहादुर बुढा सदस्य रहेको समिति गठन गरिएको थियो ।[३६०] यसै समितिको आयोजनामा २०६० भदौ ७ गते तानसेनको शीतलपाटी र टुडिखेलमा भव्य रूपमा सडक साहित्यिक अभियान सञ्चालन भएको थियो । डा.विष्णु खनालको अध्यक्षता र महेन्द्र पन्थी 'विप्लव' को सञ्चालनमा भएको कर्याक्रममा विशाल जनसमूहको उपस्थिति थियो । कार्यक्रममा ४ दर्जन स्रष्टाहरूले रचना वाचन गरेका थिए । पाल्पामा भएका आन्दोलनका अन्य कार्यक्रमहरूमा पनि यो समिति सक्रिय थियो ।[३६१] पाल्पा साहित्य समाजको आयोजनामा २०६१ वैशाख १६ गते सडक साहित्यिक कार्यक्रम भएको थियो । चित्र बलिरामको अध्यक्षता र पुष्कर रेग्मीको सञ्चालनमा सम्पन्न उक्त कार्यक्रममा सर्जकहरूको उल्लेख्य सहभागिता रहेको थियो ।[३६२] नेपाल बुद्धिजीवी परिषद् पाल्पाको आयोजनामा २०६२ भदौमा जनता उच्च मा.वि.को सभाहलमा साहित्यिक कार्यक्रम सम्पन्न भएको थियो । वासुदेव अर्यालको अध्यक्षतामा र गणेश ज्ञवालीको सञ्चालनमा सम्पन्न भएको उक्त कार्यक्रममा ५४ जना सर्जकहरूको सहभागिता रहेको थियो ।[३६३]

चैत्र २४ गतेदेखि सुरु भएको देशव्यापी आन्दोलनको समयमा पनि पाल्पाली स्रष्टाहरू आन्दोलनमा उत्रिएका थिए । २०६३ वैशाख ४ गते टुँडिखेलमा कला विमर्श केन्द्र पाल्पाको संयोजन र विभिन्न सङ्घ-संस्थाको सहयोगमा साहित्यिक कार्यक्रम भएको थियो । दशौँहजार जनसमुदाय त्यस कार्यक्रममा उपस्थित भएका थिए । जनआन्दोलनका समयमा राजनीतिक दलले आयोजना गरेका र जनताबाट स्वतःस्फूर्त रूपमा भएका विरोधका कार्यक्रमहरूमा पनि स्रष्टाहरूको

---

३६० महेन्द्र पन्थी 'विप्लप' , "लोकतान्त्रिक गणतन्त्रका पक्षमा पाल्पाको गर्जन", **पाल्पा टाइम्स,** (वर्ष १२, अङ्क ४२ , २०६५ असोज १२), पृ. ५ ।

३६१ ऐजन ।

३६२ ऐजन ।

३६३ ऐजन ।

उपस्थिति थियो । त्यस्ता कार्यक्रमहरूमा पनि स्रष्टाहरूले कविता, गीत, गजज, मुक्तक आदि मार्फत् आम जनतालाई आन्दोलित बनाउने काम गरेका थिए ।[३६४]

जनआन्दोलन सम्पन्न भइसकेपछि पनि संविधानसभाको पक्षमा जनतालाई सुसूचित गराउन, नेताहरूलाई खबरदारी गर्न र गणतन्त्रको पक्षमा वातावरण सिर्जना गराउन स्रष्टाहरू लागेको पाइन्छ । यसैक्रममा कला विमर्श केन्द्र पाल्पाको आयोजनामा २०६४ भदौ २९ गते जनता उच्च मा.वि. को सभाहलमा साहित्यिक कार्यक्रम भएको थियो । नेत्रप्रसाद न्यौपानेको अध्यक्षता र एकनारायण पौडेलको सञ्चालनमा सम्पन्न भएको यस कार्यक्रममा वाचन गरिएका कवितालाई पाठकसम्म पुऱ्याउने र संविधानसभा निर्वाचनका लागि वातावरण सिर्जना गर्ने उद्देश्यले **नयाँ नेपालको बाटो** कविता सङ्ग्रह प्रकाशन गरिएको छ । यस सङ्ग्रहमा २९ गतेको कार्यक्रममा सहभागी भएका ५२ जना स्रष्टाका १-१ वटा रचना सङ्कलित छन् ।[३६५]

पाल्पामा धेरै स्रष्टारुले पत्रपत्रिकामा लेखरचनाहरू प्रकाशन गरेर तथा एफ.एमहरूमा प्रसारण गराएर सिर्जनात्मक क्षेत्रबाट निरङ्कुशताको विरोध र संविधानसभाको पक्षमा माहोल सिर्जना गर्ने काम गरे । यसमा सञ्चारमाध्यमको भूमिका महत्त्वपूर्ण रहयो । माथि उल्लेखित स्रष्टाहरू बाहेक वाङ्मय प्रतिष्ठान पाल्पा, तरङ्ग साहित्य सङ्गमगलगायतका साहित्यिक संघ-संस्थाहरूले पनि गणतन्त्रका पक्षमा आवाज उठाउन र स्रष्टाका आवाज जनसमक्ष पुऱ्याउन महत्त्पूर्ण योगदान गरेका छन् ।[३६६]

## ६.४.८ सुनसरी

सुनसरी जिल्लामा २०५९ असोज १८ गतेको तत्कालीन राजा ज्ञानेन्द्रको शाही कदमपछि त्यसको विरोधमा सिर्जनात्मक क्षेत्रबाट विभिन्न कार्यक्रमहरू भएको पाइन्छ । स्रष्टाहरूले सुनसरीका धरान, इटहरी लगायत विभिन्न ठाउँहरूमा सङ्गठित रूपमा र व्यक्तिगत रूपमा समेत आन्दोलन बअघि बढाउन थालेपछि सुनसरीका स्रष्टाहरूले पनि सडकमै उत्रिएर आन्दोलनलाई अघि बढाएका थिए । काठमाडौमा सबै विचारधाराका स्रष्टाहरूले स्रष्टाहरूको संयुक्त मञ्च गठन गरी एकजुट भएर आन्दोलनमा उत्रिएपछि देशका अन्य स्थानहरूमा समेत स्रष्टाहरूले लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्च गठन गरी त्यसैको छातामुनि बसेर आन्दोलनलाई अघि बढाएका थिए । २०६२ माघ १८ गते मात्र स्रष्टाहरूको संयुक्त मञ्च गठन भएको थियो ।[३६७] त्यसभन्दा पहिला २०६० साउनमा कवि लेखकहरूले संयुक्त मञ्च गठन गरी आन्दोलनका कार्यक्रम सञ्चालन गरेका थिए । संयुक्त मञ्च गठन नहुँदै प्रगतिशील लेखक संघ सुनसरीले पनि विभिन्न कार्यक्रम गरेको पाइन्छ । त्यसैगरी अन्य विभिन्न साहित्यिक संघ-संस्था र तीसँग सम्बन्धित व्यक्तिहरू त्था पत्रकार

---

[३६४] ऐजन ।

[३६५] .........**नयाँ नेपालको बाटो**, (तानसेन, पाल्पा कला विमर्श केन्द्र, २०६४, असोज) , पृ. क ।

[३६६] महेन्द्र पन्थीसँग २०६५/७/२५ गते गरेको कुराकानीबाट प्राप्त जानकारी ।

[३६७] गोपाल देवान, (सम्पा.), **लोकतान्त्रिक स्रष्टारुका स्वरहरु,** (सुनसरी, लोकतान्त्रिक स्रष्टहरूको संयुक्त मञ्च, २०६३) पृ. ६२ ।

महासंघले पनि यस्ता कार्यक्रम अघि बढाउन सहयोग गरेका थिए । यस क्रममा धेरैजना स्रष्टाहरू गिरफ्तारीमा परेका थिए र घाइते समेत भएका थिए ।

प्रगतिशील लेखक संघ सुनरीले २०५९ असोज १८ को राजाको कदमका विरुद्ध वक्तव्य निकाल्ने र विरोधका कार्यक्रमहरू अगाडि बढाउने काम गरेको थियो । २०६० साउन १७ गते इनरुवामा प्रलेसको आयोजनामा कविता वाचन कार्यक्रम सम्पन्न भएको थियो । २०६० साउन २० गते धरानका कवि, लेखक, कलाकारले छाताचौरदेखि भानुचौकसम्म मुखमा कालोपट्टि बाँधेर विरोध ऱ्याली निकाली भानुभक्तको सालिक वरिपरि बसेर गणतान्त्रिक चेतना बोकेका कविता वाचन गरेका थिए । त्यस्तै असोज १८ गते पनि प्रतिगमन विरोधी आन्दोलनकै क्रममा कविता गोष्ठी सम्पन्न भएको थियो । २०६१ वैशाख १२ गते प्रलेस सुनसरी, साहित्य सञ्चार समूह इटहरी र अच्छा राई रसिक प्रतिष्ठान इटहरीको संयुक्त पहलमा इटहरी चोकमा 'प्रतिगमन विरोधी सडक कविता कार्यक्रम'को आयोजना गरिएको थियो । २०६१ वैशाख १८ गते पनि प्रलेसकै अगुवाइमा प्रतिगामी सांस्कृतिक गतिविधि विरुद्ध धरानको भानुचोकमा संयुक्त कवि गोष्ठीको आयोजना गरिएको थियो । कवि गोष्ठीभन्दा पहिला छाताचोकदेखि भानुचोकसम्म व्यानरसहित ऱ्याली नै निकालिएको थियो । इनरुवामा पनि वैशाख २१ गते प्रलेस, महानन्द स्मृति प्रतिष्ठान र प्रगतिशील साहित्य समाजको संयुक्त पहलमा सडक कविता आन्दोलन सम्पन्न भएको थियो । प्रलेसको अगुवाइ र संयुक्त कवि गोष्ठी समितिको ओयोजनामा उक्त कार्यक्रम भएको थियो ।[३६८] २०६१ माघ १९ को राजाको प्रतिगामी कदमका विरोधमा प्रलेसले कडा वक्तव्य प्रकाशित गरेपछि प्रलेसका उपाध्यक्ष कालिप्रसाद रिजाल ७२ दिनसम्म थुनामा परेका थिए । त्यस्तैगरी आन्दोलनकै क्रममा बद्रीविशाल पोखरेल, राजकुमार कार्की, कृष्णविनोद लम्साल, भीम राई 'ज्वाला', राजेन्द्र विद्रोही लगायतलाई पटक-पटक नजरबन्दमा राखेर आन्दोलनलाई निस्तेज बनाउने प्रयास गरिएको थियो । [३६९] स्रष्टाहरूको संयुक्त मञ्च गठन भएपछि त्यसकै छातामुनि बसेर प्रलेसका स्रष्टाहरूले निरङ्कुशता विरुद्ध आवाज उठाएका थिए ।

सुनसरीमा सङ्गठित रूपमा प्रतिगमन विरोधी आन्दोलन अघि बढाउने क्रममा २०६० साउनको तेस्रो हप्तामा कवि लेखकहरूको तर्फबाट संयुक्त मञ्च गठन गरियो । गिरिराज आचार्य संयोजक र खेमराज खनाल सहसंयोजक रहेको त्यस समितिले 'प्रतिगमन विरुद्ध हामी लेखक कलाकार एक हौँ' भन्ने विज्ञप्ति लेखी हस्ताक्षर अभियान सञ्चालन गरेको थियो । उक्त विज्ञप्तिमा असोज १८ को घटनाबाट लेखक कवि, कलाकार तथा बुद्धिजीवीहरू नागरिक अधिकार तथा लेखन, प्रकाशन र वाक् स्वतन्त्रता खोसिन थालेकोले चिन्तित भएको भन्दै शाही कदम अविलम्ब सच्चाई प्रजातान्त्रिक हक र अधिकारका लागि सही निकास दिन अपिल गरिएको थियो । २०६० असोज १९ गते प्रतिगमनको विरोध गर्दै बद्री पालिखे, गिरिराज आचार्य, डा. गोपाल भण्डारी, भीष्म काफ्ले र मदन ढकालबाट संयुक्त वक्तव्य समेत प्रकाशित भएको थियो । २०६२ असार १२ गते पूर्ण

[३६८] ऐजन पृ. ९१ ।

[३६९] खेमराज खनाल, "प्रलेस समाचारसार", ऐजन पृ. १०७ ।

प्रजातन्त्रको माग गर्दै धरानको भानुचोकमा सर्वनाम नाट्यसमूहबाट **हामी वसन्त खोजिरहेछौँ** भन्ने सडक नाटक समेत मञ्चन भएको थियो ।[३७०]

सुनसरी जिल्लामा निरङ्कुशताका विरुद्ध अगाडि बढेका स्रष्टाहरूले अझ बढी सङ्गठित रूपमा आन्दोलन अघि बढाउनु पर्ने आवश्यकता महसुस गरेपछि २०६२ माघ १८ गते लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्च गठन गरेका थिए । प्रगतिवादी र प्रजातान्त्रिक धारका तथा लोकतान्त्रिक गणतन्त्र पक्षधर स्रष्टाहरू यस मञ्चमा आबद्ध भएका थिए । २०६२ माघ १६ मा धरानस्थित गीताभवनको पछाडिपट्टिको प्राङ्गणमा धरानका केही स्रष्टाहरू भेला भई १८ गते लोकतान्त्रिक स्रष्टारुको संयुक्त मञ्च गठन गर्ने निर्णय गरेका थिए । मञ्च गठन गर्नका लागि काठमाडौंबाट विजय सुब्बा त्यहाँ पुगेका थिए । वेणु आचार्यको संयोजकतत्वमा ९ सदस्यीय भेला आयोजक समति गठन गरियो । वेणु आचार्य, बद्री पालिखे, डा. गोपाल भण्डारी, भीष्म काफ्ले र बद्रीविशाल पोखरेलको अध्यक्षसभामा राजकुमार कार्की महासचिव, राजेश विद्रोही सचिव, रुक्मिणी मास्के कोषाध्यक्षमा चयन भए । त्यस्तैगरी सदस्यहरूमा भीम राई 'ज्वाला', प्रह्लाद पहरेदार, लोकमणि निरौला, सागरमणि सुवेदी, कालीप्रसाद सुवेदी, सन्त थुलुङ, कुलचन्द्र न्यौपाने, हरिप्रसाद दाहाल, पवन विवश अधिकारी र घनश्याम भट्टराई रहेको एउटा समिति गठन गरियो । त्यस्तैगरी सल्लाहकारसभामा कुन्ता शर्मा, कृष्णनारायण पालिखे, कृष्ण विनोद लम्साल, लीला श्रेष्ठ (सुब्बा) र गिरिराज आचार्यलाई चयन गरियो । यस समतिमा पछि थप गरिएका सदस्यहरूमा गोपाल देवान, विनोद श्रेष्ठ, प्रमोद दत्त, शशी थापा (सुब्बा), आनन्द श्रेष्ठ, शैलेन्द्र अधिकारी, राजेन्द्र रिमाल, विनोद सुब्बा, तीर्थ निरौला, सुवास अधिकारी, महेन्द्र प्रधान, पदम सुन्दास, गंगा बराल र खेमचन्द्र अधिकारी थिए । यस मञ्चले आयोजना गरेका कार्यक्रम र बैठकमा समेत उपस्थित नभएको र सक्रिय भूमिका निर्वाह गर्न असमर्थ भएको भनी सल्लाहकारहरू कुन्ता शर्मा र गिरिराज आचार्य तथा अध्यक्षसभाका डा.गोपाल भण्डारीलाई मञ्चबाट विदाई गरिएको थियो ।[३७१] माघ १८ गते लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्च, नेपाल सुनसरीको घोषणा विजय सुब्बाले गर्ने र लोकतान्त्रिक कविताहरू पनि वाचन गर्ने कार्यक्रम थियो तर प्रहरी दमनका कारण त्यो असफल भएको थियो । सरकारले घोषणा गरेको नगरपालिका निर्वाचनको बहिष्कार समेत सफल पार्ने उद्देश्यले त्यस कार्यक्रम भएको थियो । त्यसदिन प्रहरीको कुटपिटमा परेर कृष्णनारायण पालिखे घाइते नै भए । गिरफ्तार हुनेहरूमा राजेश विद्रोही, राजकुमार कार्की, भीम राई 'ज्वाला', बद्रीविशाल पोखरेल, मनिष श्रेष्ठ र जनकऋषि राई थिए । नागरिक समाज, पत्रकार र मानव अधिकारवादीहरूको दवावका कारण गिरफ्तार स्रष्टाहरूलाई साँझ छोडिएको थियो ।[३७२]

२०६२ माघ १९ गते कालो दिवस र अघिल्लो दिन छाताचोकमा प्रहरीले स्रष्टाहरूमाथि दमन र गिरफ्तारी गरेको विरोधमा नेपाल पत्रकार महासंघ, सुनसरी र लोकतान्त्रिक स्रष्टाहरूको

---

३७० गिरिराज आचार्य, "जनआन्दोलनमा स्रष्टहरूको भूमिका", **लोकतान्त्रिक स्रष्टहरूका स्वरहरु,** (सुनसरीः, लोकतान्त्रिक स्रष्टहरूको संयुक्त मञ्च सुनसरी , २०६३), पृ. २८-२९ ।

३७१ गोपाल देवान (सम्पा.), ऐजन, पृ. ६२-७५ ।

(**लोकतान्त्रिक स्रष्टहरूका स्वरहरु**मा प्रस्तुत लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त भेलामा गरिएका प्रस्ताव र निर्णयहरुबाट) ।

३७२ ऐजन, पृ. ७६-७७ ।

संयुक्त मञ्चले विरोधको कार्यक्रम आयोजना गरेका थिए । विरोधस्वरूप मुखमा कालोपट्टि बाँधी हातमा मैनबत्ती बालेर धरान नगरपालिका परिक्रमा गरेका थिए । [३७३]

लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्चले माघ २२ गते इटहरीमा कविता वाचन कार्यक्रम राखेको थियो । कार्यक्रममा विभिन्न ठाउँबाट स्रष्टाहरू सहभागी भएका थिए तर प्रहरी हस्तक्षेपका कारण कार्यक्रम सम्पन्न हुन सकेन । बद्रीविशाल पोखरेल, राजकुमार कार्की, कृष्णविनोद लम्साल, भीम राई 'ज्वाला' र राजेश विद्रोहीलाई गिरफ्तार गरिएको थियो । पत्रकार, मानवअधिकारवादी, नागरिक समाज लगायतले छोड्न दवाव दिएपछि २४ गते मात्र छाडिएको थियो । [३७४]

माघ २४-२७ गतेसम्मको आमहड्ताल र जनप्रदर्शनलाई सफल पार्न र लोकतान्त्रिक चौतारीमा भएको जनसभालाई व्यवस्थित पार्न पनि यस मञ्चले भूमिका खेलेको थियो । मञ्चले माघ २७ मा भानुभक्तको सालिक अगाडि लोकतान्त्रिक कविता वाचनको कार्यक्रम समेत राखेको थियो ।[३७५]

२०६३ चैत्र २४ गते इटहरीमा सम्पन्न सातदलको आसमभामा डेढ दर्जन स्रष्टाहरूले कविता र गीत सुनाएका थिए । मधेश क्षेत्रमा २४-२७ गतेको अवधिमा भएको आन्दोलनको समयमा पनि स्रष्टाहरूले दलहरूको कार्यक्रममा सहभागी भई कविता वाचन गरे । त्यस्तैगरी इनरुवा नगरपालिकाका शान्चि चोक, मदन आश्रित चोक, सखुवा गाछी र राजमार्गका विभिन्न ठाउँहरूमा लोकतान्त्रिक कविता वाचन र लोकतान्त्रिक लोकदोहोरी कार्यक्रमहरू सम्पन्न भएका थिए । चैत्र २७ गते धरानको भानुचोकमा पनि मञ्चले कविता वाचन कार्यक्रमको आयोजना गरेको थियो ।[३७६]

चैत्र २४ गतेदेखि सुरु भएको आन्दोलन उत्कर्षमा पुगिरहेको बेला सरकारले धरपकड र गिरफ्तार गर्ने क्रम पनि तीव्र पारिरहेको थियो र दर्जनौं व्यक्तिहरू घाइते भइरहेका थिए । यस्तो अवस्थामा रगतको अभाव भएको देखेर मञ्चले रक्तदान कार्यक्रमको आयोजना गऱ्यो । त्यहाँ १५३ जनाले रक्तदान गरेका थिए भने रगत सङ्कलन कोटा पूरा भएकोले रगत दिन तयार भएका अरू धेरै जनाले दिन पाएका थिएनन् । सुनसरी जिल्लामै यति धेरै रगत सङ्कलन भएको यो पहिलो घटना हो ।[३७७]

वैशाख ३ गते बराहक्षेत्र गा.वि.समा लोकतान्त्रिक कविता र गीत गायन तथा वाचन र सडक नाटक मञ्चनसमेत भएको थियो ।[३७८] वैशाख ४ गते पनि स्रष्टाहरूकै आयोजनामा बृहत् कार्यक्रम भएको थियो । धरानमा ३० औं हजार जनसमुदायले भाग लिएको मौन ऱ्याली

[३७३] ऐजन, पृ. ७८ ।

[३७४] राजेश विद्रोही, "षड्यन्त्र चिर्नु आवश्यक छ" , ऐजन, पृ. ४९-५० ।

[३७५] वेणु आचार्य र बद्री पालिखे, "लोकतान्त्रिक गणतन्त्र र दिगो शान्तिका लागि अध्यक्षीय भनाइ", ऐजन, पृ. ३-६ ।

[३७६] गोपाल देवान, ऐजन, पृ. ७८-८० ।

[३७७] गङ्गा पौडेल (बराल), "धरानमा स्रष्टारुको रक्तदान कार्यक्रम", ऐजन, पृ. ५५-५७ ।

[३७८] पूर्ववत्, पृ. ७९ ।

भानुचोकमा पुगेर सभामा परिणत भयो । विशाल जनसमुदाय सामु भानुचोकमा रहेको चौतारीलाई लोकतान्त्रिक चौतारी भनी घोषणा गरियो । मञ्चको आयोजनामा भएको यस कार्यक्रममा धेरै स्रष्टाहरूले कविता, गीत, गजल सुनाएका थिए । बद्री पालिखेको सञ्चालन र वेणु आचार्यको सभापतित्वमा उक्त कार्यक्रम सम्पन्न भएको थियो ।[३७९]

जनआन्दोलनका समयमा विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका तस्विरहरू सङ्कलन गरी प्रदर्शन गरेर जनआन्दोलनलाई अझ अगाडि बढाउने र जनमाहोल सिर्जना गर्ने उद्देश्यले तस्वीर प्रदर्शनीसमेत गरिएको थियो । वैशाख ७ गतेबाट सुरु भएको त्यो प्रदर्शनी ६ दिनसम्म चलेको थियो । धरानका विभिन्न ठाउँमा भएको त्यस प्रदर्शनीमा १० हजारभन्दा बढीले अवलोकन गरेका थिए । त्यसपछि पनि विभिन्न ठाउँमा प्रदर्शन गरिएको थियो ।[३८०]

वैशाख १३ गते तत्कालीन राजा ज्ञानेन्द्रको सम्बोधन धोकापूर्ण भएकोले आन्दोलन जारी राख्नुपर्ने धारणा राख्दै मञ्चले विशाल र्‍याली गरेको थियो । र्‍याली धरानका विभिन्न चोक हुँदै लोकतान्त्रिक चौतारीमा पुगेर सभामा परिणत भएको थियो । २५ हजारभन्दा बढीको जनसहभागितामा भएको त्यस कार्यक्रमको अध्यक्षता वेणु आचार्यले गरेका थिए ।[३८१]

रङ्गकर्मीहरू पनि २६ गतेदेखि नै ऐक्यबद्धता जनाउँदै आन्दोलनमा उत्रेका थिए । चैत्र ३१ गते अनाम एकेडेमीको संयोजनमा धरानमा बृहत् र्‍याली निस्केको थियो । र्‍यालीमा याक्थुङ कलाकार संघ, सृष्टि नाट्य समूह, मुनलाइट डान्स सेन्टर, मुनाल सांस्कृतिक परिवार, सिर्जना सांस्कृतिक परिवार, माङ्गेना चुम्लुङजस्ता साहित्य र कला क्षेत्रसँग सम्बन्धित संस्थासँग आबद्ध कलाकार लगायत स्थानीय रङ्गकर्मी, चित्रकार, कवि, साहित्यकार, चलचित्रकर्मी लगायतको सहभागिता थियो ।[३८२]

धरानमा वैशाख १ गते कलाकारहरूले निकालेको विरोध जुलुस महत्त्वपूर्ण रहेको छ । त्यो लोकतान्त्रिक कलायात्रामा रङ्गकर्मी, सिने कलाकार, चित्रकार, मूर्तिकार, सङ्गीतकार, नृत्यकर्मी, अनि परम्परागत भेषभूषामा निस्किएका लिम्बू कलाकारलगायतको सहभागिता थियो । त्यस मौन जुलुसमा ४०० जतिको सहभागिता थियो ।[३८३]

यसरी सुनसरी जिल्लाका धरान, इनरुवा, इटहरीलगायतका क्षेत्रमा स्रष्टाहरूले गणतान्त्रिक आवाज सशक्त रूपमा उठाए । सिर्जनात्मक क्षेत्रबाट भएका कार्यक्रममा सबैभन्दा धेरै र प्रभावकारी कार्यक्रम कविता वाचनकै रहेको पाइन्छ । लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्च गठन भएपछि सबै यही छातामुनि बसेर कार्यक्रम अघि बढाएका थिए । मञ्चको गठनभन्दा पहिला पनि विभिन्न कार्यक्रम भएका थिए । २०६२/०६३ को आन्दोलन सफलता पश्चात् पनि संविधानसभाको निर्वाचन र गणतन्त्रका पक्षमा जनमत तयार गर्न स्रष्टाहरूले खेलेको भूमिका ठूलो रहेको छ ।

---

[३७९] ऐजन, पृ. ८० ।

[३८०] आनन्द श्रेष्ठ, "स्रष्टहरूको तस्वीर यात्रा", ऐजन, पृ. ६०-६१ ।

[३८१] पूर्ववत्, पृ. ८१ ।

[३८२] राजेन्द्र रिमाल, "स्रष्टहरूको नियमित अभियान", ऐजन, पृ. ३७ ।

[३८३] आनन्द श्रेष्ठ, ऐजन,पृ.४५-४९ ।

## ६.४.९ सुर्खेत

लेखक साहित्यकारहरूले निरङ्कुश राजतन्त्रको विरोधमा चरणबद्ध रूपमै आन्दोलनका कार्यक्रमहरू गरिरहेको बेला सुर्खेतका स्रष्टाहरू पनि विभिन्न सिर्जनात्मक कार्यक्रमका साथ सडकमै आएका थिए । प्रलेस सुर्खेत शाखा लगायतका अन्य साहित्यिक संघ-संस्थाहरूले आन्दोलनमा सहभागिता जनाएको पाइन्छ । व्यक्तिगत रूपमै आन्दोलनमा सहभागी भएर तथा गणतान्त्रिक चेतनामूलक लेख रचनाहरू प्रसारण गरेर आन्दोलनमा धेरै स्रष्टाहरूले ऐक्यबद्धता जनाएका थिए भने सञ्चार माध्यमहरूले त्यसमा सहयोग पुऱ्याएका थिए ।

२०५९ असोज १८ को राजाको प्रतिगामी कदमपछि नै सुर्खेतका स्रष्टाहरू त्यसको विरोध गर्दै आन्दोलनमा आएका थिए । यसै क्रममा प्रलेस सुर्खेत शाखाले २०६० साउन १७ गते 'प्रतिगमन विरुद्ध साहित्यकार एवम् कलाकर्मीको भूमिका' भन्ने विषयमा वीरेन्द्रनगर नगरपालिकाको सभाकक्षमा कार्यक्रम गरेका थिए । त्यस्तै प्रलेसकै आयोजनामा २०६० भदौ ६ गते 'प्रतिगमन विरुद्धको संघर्ष र अग्रगामी राजनीतिक निकास' भन्ने विषयमा जन उच्च मा.वि. सुर्खेतमा विचार गोष्ठी सम्पन्न भएको थियो ।[३८४] २०६० फागुन ६ गते युद्धप्रसाद मिश्रको १४ औं स्मृति तथा ५४ औं प्रजातन्त्र दिवसको अवसरमा वीरेन्द्र नगरको पिपलचौतारीमा प्रतिगमन एवम् निरङ्कुशता विरोधी कविता, गीत तथा लघुकथा वाचन कार्यक्रम भयो ।[३८५] प्रलेस सुर्खेतका साधारण सदस्य रमेश गौतमलाई २०६० भदौ १४ गते प्रहरीले गिरफ्तार गरी अपरहण गरेको, बलभद्र भारतीको घरमा खानतलास गरेको तथा साहित्यकार पूर्ण विराम र नवीन विभासको गिरफ्तारीको विरोधमा वक्तव्य प्रकाशित गर्ने काम गरेको पाइन्छ । ५ दलहरूले सञ्चालन गरेको कार्यक्रममा पनि प्रलेसले समर्थन गर्दै सहाभागी भएको पाइन्छ । राजनीतिक दलका कार्यक्रम र स्रष्टारुले आफै आयोजना गरेका राजतन्त्र विरोधी कार्यक्रममा यहाँका धेरै स्रष्टाहरूको सहभागिता रहेको पाइन्छ ।[३८६]क

प्रलेस सुर्खेतले माघ १९ गतेको शाही कदम तथा सङ्कटकालको छिट्टै अन्त्य हुनुपर्ने माग गर्दै २०६१ फागुन १ गते नै प्रेस विज्ञप्ति प्रकाशन गरेको थियो । त्यस्तै प्रशासनबाट भएको हस्तक्षेप तथा गिरफ्तारीको पनि विरोध गरेको थियो ।[३८७] प्रलेसको आयोजनामा २०६२ चैत्र १८ गते सुर्खेत क्याम्पसको हलमा 'लोकतान्त्रिक आन्दोलनमा स्रष्टाहरूको भूमिका' विषयमा अन्तर्क्रिया भएको थियो । प्रलेस अध्यक्ष ऐनबहादुर चन्द र सचिव थानेश्वर लामिछानेको सञ्चालनमा भएको त्यस कार्यक्रममा साहित्यकार तथा राजनीतिक दलका नेताहरूले समेत आफ्नो धारणा प्रस्तुत गरेका थिए । २०६२/०६३ को आन्दोलनको समयमा पनि स्रष्टाहरू राजनीतिक दलका कार्यक्रमहरू तथा स्रष्टाले नै आयोजना गरेका सडक साहित्यिक कार्यक्रममा सक्रिय रूपमा

---

[३८४] दीपक गौतम र बलभद्र भारती (सम्पा.), **रातो थुङ्गा,** (वर्ष १४, पुर्णाङ्क ९, २०६१ वैशाख), पृ. १५४ ।

[३८५] ऐजन, पृ. १५८ ।

[३८६] ऐजन, पृ. १६१ ।

[३८७] दिवाकर गौतम र बलभद्र भारती (सम्पा), "प्रलेसका विविध गतिविधिहरु", **रातो थुङ्गा,** (वर्ष १६, पूर्णाङ्क ११, २०६१, वैशाख), पृ. ५५ ।

सहभागी भएका थिए । वैशाख ५ गते जनउच्च मा.वि. वीरेन्द्रनगरमा पारिजात स्मृति दिवसको समेत अवसर पारी प्रलेसले कविता प्रतियोगिताको आयोजना गरेको थियो ।[३८८] आन्दोलनको समयमा प्रलेसकै आयोजनामा निरङ्कुशता विरुद्ध विरोध र्‍याली भएका थियो । बीसौं हजार जनताहरू उपस्थित भएको त्यस कार्यक्रममा बागिना समूह, उज्ज्वल कला परिवार, प्रगतिशील लेखक सङ्घ, दोहोरी प्रतिष्ठान, जनसांस्कृतिक संघ, इन्द्रेणी रक्तिम परिवारको समेत उपस्थिति थियो । कार्यक्रममा स्रष्टाहरूले कविता, गीत, गजल, नृत्य तथा नाटकद्वारा राजतन्त्रको विरोध गर्दै गणतन्त्रको पक्षमा वकालत गरेका थिए । उक्त कार्यक्रममा मङ्गलगढी चोकबाट सुरु भई पीपलचौतारीमा पुगेर आमसभामा परिणत भएको थियो । वैशाख ३ गते बसेको बैठकले ऐनबहादुर चन्दको संयोजकत्वमा जनआन्दोलन संयोजन समिति गठन गरेको थियो ।[३८९] जनआन्दोलन सम्पन्न भएपछि पनि संविधानसभाको निर्वाचनको बारेमा जनचेतना जगाउने र गणतन्त्रका लागि प्रचार-प्रसार गर्ने काम गरेको पाइन्छ । प्रलेसले २०६३ भदौ १७ गते डाँडा मा.वि. वीरेन्द्रनगरको हलमा 'संविधानसभा र यसको स्वरूप' भन्ने विषयमा अन्तर्क्रिया कार्यक्रमको आयोजना गरेको थियो ।[३९०]

सुर्खेतमा प्रहरीले जनआन्दोलन दवाउन स्रष्टाहरूलाई कुटपिट समेत गरेको थियो । २०६२ चैत्र २३ गते भएको प्रर्दशनमा समाचार सङ्कलनको सिलसिलामा गएका प्रलेस सदस्य चित्रसिंह गाँउलेलाई प्रहरीले निर्घात रूपमा कुटपिट गरेको थियो । त्यस्तै चैत्र २७ गतेको प्रदर्शनमा लक्ष्मी केचन र महेश शाहलाई प्रहरीले हातपात गरेको थियो । हरिलाल महतरालाई पनि २०६२ माघ २३ गते पेसागत सङ्गठन पापडको नेतृत्वमा भएको विरोध र्‍यालीका क्रममा प्रहरीले पक्राउ गरी ३० घण्टासम्म हिरासतमा राखेको थियो ।[३९१]

यसरी सुर्खेतमा प्रलेस लगायत विभिन्न सङ्घ-सङ्गठनले संस्थागत रूपमै आन्दोलनमा सहभागिता जनाएका थिए भने असङ्गठित रूपमा पनि लेख रचनामार्फत स्रष्टाहरूले आन्दोलनमा सहयोग पुर्‍याएका थिए । सञ्चारमाध्यम तथा पत्रकारहरूले पनि यसमा साथ दिएका थिए ।

## ६.४.१० रौतहट

लोकतान्त्रिक गणतन्त्र स्थापनार्थ चैत्र २४ गतेदेखि चलेको आन्दोलनमा रौतहटका स्रष्टाहरूले पनि साथ दिएको पाइन्छ । रौतहटको चन्द्रनिगाहपुरका स्रष्टा चैत्र २४ गतेदेखि नै जुर्मुराएका थिए । चैत्र २४ देखि नै हुने गरेका कोणसभा र आमसभाहरूमा साहित्यकारहरूले कविता गीत, गजल, मुक्तक आदि सुनाउने गरेको पाइन्छ ।[३९२] नयाँ वर्षको शुभकामना आदान-

---

[३८८] ऐजन, पृ ५६ ।

[३८९] प्रलेस सुर्खेतको निर्णय पुस्तिका ।

[३९०] पूर्ववत्, पृ. ५७ ।

[३९१] ऐजन, पृ. ५८ ।

[३९२] २०६५/७/२८ गते रमेश समर्थनसँग गरेको कुराकानीबाट प्राप्त जानकारी ।

प्रदान गर्ने उद्देश्यका साथ राम रेवती प्रतिष्ठान चन्द्रनिगाहपुरले वैशाख २ गते साहित्यिक भेटघाटको आयोजना गरेको थियो । त्यस कार्यक्रममा लोकतान्त्रिक रचनाहरू वाचन गर्ने काम भएको थियो र त्यसैदिन भेला भएका साहित्यकारहरूले वैशाख ५ गते कार्यक्रम गर्ने निर्णय गरेका थिए । वैशाख ५ गते लोकतान्त्रिक चोक (दुर्गा चोक) मा बिहान ७ बजेदेखि नै साहित्यिक कार्यक्रम सुरु भयो । वैशाख ४ गते हिरालाल गौतमले शाही सरकारका विरुद्धमा उत्रदा शहादत प्राप्त गरेका थिए । सरकारको व्यापक दमन र धरपकडका बीच पनि हजारौँ मान्छेहरूको आक्रोशित भीड सडकमा उत्रेको थियो । हजारौँ जनसमुदायका अगाडि ५ गतेको कार्यक्रम भएको थियो ।[३९३] शाही सुरक्षाकर्मीहरूले ५ गतेको कार्यक्रमका संयोजक रमेश समर्थन लगायतका स्रष्टाहरूको व्यक्तिगत विवरण माग्ने र धम्काउने कामसमेत गरेका थिए ।[३९४] वैशाख १२ गते पनि सडकमा कविताको कार्यक्रम थियो । ११ गते राति नै संसद पुनर्स्थापनाको घोषणा भएपछि त्यो कार्यक्रम खवरदारी सभामा परिणत भएको थियो । यिनै ५ गते र १२ गते सडकमा वाचन गरिएका कविता, गीत, गजल मुक्तकलाई समेटेर **आन्दोलित कलमहरू** भन्ने विशेषाङ्क नै प्रकाशित भएको छ ।[३९५] यसैक्रममा लोकतान्त्रिक चोक (दुर्गाचोक) मा वैशाख ७ गते राजतन्त्र र गणतन्त्र पक्षधर कलाकार बनेर दोहोरी गीत आयोजना गरिएको घटना पनि स्मरणयोग्य छ । ८ गते भएको बृहत् आमसभामा जनसमूह अनियन्त्रित भएपछि समेश समर्थन लगायतका स्रष्टाहरूले साहित्यिक रचना वाचनबाटै भीडलाई नियन्त्रणमा लिएका थिए । ११ गते पनि कविताको कार्यक्रम राखिएको थियो ।[३९६] साहित्यिक कार्यक्रमहरूलाई व्यवस्थित रूपले सञ्चालन गर्न वैशाख २ गते गणेश बस्नेतको संयोजकत्वमा लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्चको स्थापना समेत भएको थियो । त्यस समितिका सदस्यहरूमा रमेश समर्थन, ईश्वर पोखरेल, हरिकृष्ण काफ्ले रमेशमोहन अधिकारी, मोदनाथ पोखरेल, शालिकराम शर्मा, राम आचार्य, लक्ष्मण आचार्य, ध्रुवमोहन अधिकारी, अनुपराज शर्मा, नितेश गौतम, अम्बिका ढुङ्गेल, गोपिकृष्ण खतिवडा शङ्कर भट्टराई लगायत थिए ।[३९७]स्रष्टाहरूको आन्दोलनलाई अघि बढाउन 'साहित्य सञ्जाल' गठन भएको थियो जसको अध्यक्ष रमेश समर्थन थिए । रौतहटको गौरमा पनि आन्दोलनको समयमा स्रष्टाहरू सक्रिय रहेका थिए । यहाँ शीतल गिरी, संजय शाह, मदन कुमार आले, सुशिलकुमार झा लगायतका स्रष्टाहरूले निरङ्कुशताका विरुद्धमा सक्रिय रूपमा जुटेका थिए ।[३९८]

---

३९३ शङ्कर भट्टराई, "आन्दोलि कलमहरुको उचाइ नापी हेर्दा", **आन्दोलित कलमहरु**, (लोकतान्त्रिक स्रष्टा समाज चन्द्रनिगाहपुर रौतहट, २०६३), पृ. ४ ।

३९४ पूर्ववत् ।

३९५ पूर्ववत् ।

३९६ पूर्ववत् ।

३९७ ऐजन ।

३९८ ऐजन ।

## ६.४.११ अन्य

- विराटनगरमा स्रष्टाहरू सङ्गठित रूपमै निरङ्कुशताका विरुद्ध लडेका थिए । कृष्ण भूषण बलको संयोजकत्वमा लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्चको गठन भएको थियो । मञ्चका सचिव खेम नेपाली थिए भने सदस्यहरूमा गण्डकी पुत्र, नारायण तिवारी, विवश पोखरेल, ज्योति जङ्गल, मधु पोखरेल, सीमा आवास, जयन्ता पोखरेल, रमेश सायन, रमेश अधिकारी[३९९] लगायत थिए । महेन्द्र मोरङ बहुमुखी क्याम्पसका विद्यार्थी स्रष्टाहरूले पनि निरङ्कुशता विरुद्ध लड्ने उद्घोषका साथ सीमा आवासको संयोजकत्वमा लोकतान्त्रिक विद्यार्थी स्रष्टा मञ्च गठन गरेका थिए । जसमा सुमित्रा शिशु, कौशिला दाहाल, सलोजा दाहाल, रवि वाग्ले लगायत रहेका थिए । विराटनगरमा आन्दोलनका समयमा सबैभन्दा बढी चर्चामा आएका अनि मुक्तक र कविता मार्फत् सडक तताउने कवि गण्डकी पुत्र हुन् । उनको **जनआन्दोलनका १९ दिन र सडकका कविता** भन्ने मुक्तक सङ्ग्रह नै प्रकाशित छ । सीमा अवासालाई राजतन्त्र विरुद्ध सक्रिय भएकोले प्रशासनले गिरफ्तार नै गरेको थियो ।

- जनतन्त्रका लागि सिर्जनात्मक अभियान रामेछाप साहित्य प्रष्ठिठानका नाममा सुरु भई मार्क्सवादी साहित्य प्रतिष्ठानका नाममा अघि बढेको पाइन्छ । राजतन्त्रको अन्त्य नहुँदै स्थापना भएको यस अभियानले सुरुमा गणतन्त्रका लागि साहित्यिक अभियान अगाडि बढाएको थियो भने हाल जनतन्त्रका लागि भनेर सडक साहित्य कार्यक्रम सञ्चालन गर्दै आएको पाइन्छ । प्रत्येक शनिबार विभिन्न सडक चोकहरूमा रचनावाचनको कार्यक्रम गर्दै आएको छ । यस अभियानमा नियमित र आंशिक उपस्थिति जनाउने दर्जनौ स्रष्टाहरू रहेका छन् । पछिल्लोपटक माओवादी जनयुद्धको निरन्तरकै रूपमा यस साहित्यिक आन्दोलन अगाडि बढेको छ । काठमाडौं बाहिर पनि यस अभियान सञ्चालन भएको छ । यस अभियानमा माओवादी निकट स्रष्टाहरूको उपस्थिति र सक्रियता बढी पाइन्छ । यस आन्दोलनमा पूर्ण विराम, अशोक सुवेदीलगायतको विशेष सक्रियता रहेको छ ।[४००]

- प्रगतिशील सांस्कृतिक सङ्गठन नेपालले विभिन्न ठाउँमा गणतान्त्रिक सांस्कृतिक तथा साहित्यिक कार्यक्रमहरू संचालन गरेको पाइन्छ । २०६१ सालमा यस सङ्गठनले गणतान्त्रिक सांस्कृतिक अभियान संचालन गरेको थियो । यस अभियान पूर्वी नेपालका महोत्तरी ताप्लेजुङ्ग, धनकुटा, इलाम, सर्लाही, सुनसरी, मोरङ, झापा, धनुषा, उदयपुर लगायतका ठाउँमा सांस्कृतिक कार्यक्रम तथा अन्तर्क्रियाका साथ सम्पन्न भएको थियो । यस सङ्गठनको केन्द्रीय समितिदेखि जिल्ला समितिहरूसमेत निरङ्कुशता विरुद्धको आन्दोलनमा सक्रिय थिए । यस सङ्गठनबाट आन्दोलनमा लाग्ने साहित्यकार तथा

---

[३९९] लोकतान्त्रिक विद्यार्थी मञ्चकी संयोजक सीमा आवासबाट प्राप्त जानकारी ।

[४००] अशोक सुवेदी, "रामेछापदेखि मार्क्सवादी साहित्य प्रतिष्ठानसम्म" **नौलो बिहानी**, २०६५ ।

सांस्कृतिककर्मीहरूमा निनु चापागाइँ, मातृका पोखरेल, वदन शर्मा, सुमन देवकोटा, सुमित्रा स्माली, रुद्र सुस्लिङ, इन्द्र रेग्मी, आहूति, भोगिराज चाम्लिङ, नरेन्द्र श्रेष्ठ लगायत रहेका छन् । [४०१]

- २०६३ साउन १ गतेदेखि घोषणापत्र नै प्रकाशन गर्दै फाँसीवादी विरुद्ध साहित्यिक आन्दोलन चलेको थियो । माधवप्रसाद सापकोटा, जीतबहादुर गिरी, एन.बी. पथिक नारायण लामिछाने, श्रीधर वस्नेत लगायतका युवा साहित्यकारहरूले यसमा सक्रिय रहेको पाइन्छ ।[४०२]

- गुल्मी जिल्लाको तम्घासमा पनि आन्दोलनको समयमा स्रष्टाहरू रचना लिएर सडकमा आएका थिए । विभिन्न राजनीतिक तथा गैरराजनीतिक सङ्घ-सङ्गठनले आयोजना गरेका कार्यक्रमहरूमा रचना वाचन गर्ने काम गरेको पाइन्छ । जनआन्दोलनको समयमा २०६३ वैशाख ७ गते जागरण साहित्यकेन्द्र गुल्मीको आयोजनामा 'लोकतान्त्रिक सडक कवि गोष्ठी' भएको थियो ।[४०३] हजारौं जनताहरूको सहभागितामा भएको त्यस कार्यक्रम आन्दोलनको समयमा भएको सबैभन्दा बृहत् कार्यक्रम हो । तम्घासमा साहित्यिक कार्यक्रममार्फत् आन्दोलन अघि बढाउने स्रष्टाहरूमा दीन पन्थी, लक्ष्मण रिजाल, गणेश श्रीपाली, भीमकान्त पन्थी, हिरा एसी, मित्र पोखरेल, राधा पन्थी, नेत्र अर्याल, कोविद पन्थी, विजय पन्थी लगायत रहेका थिए । [४०४]

- पाँचथरमा आन्दोलनलाई अघि बढाउन २०६२ कार्तिक २३ गते लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्चको गठन भएको थियो । लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्च काठमाडौंका विजय सुब्बाको संयोजनमा भएको त्यस कार्यक्रममा ४ दर्जनजति स्रष्टाको सहभागिता थियो । ३७ सदस्यीय त्यस समितिको अध्यक्ष सभामा प्रेम ओझा, गणेश भण्डारी 'क्षितिज', पुष्प थाम्सुहाङ 'असित', विश्व पोखरेल र दिनानाथ घिमिरे रहेका छन् भने महासचिवमा नरेन्द्र केरुङ र सचिव भवानी तावा रहेका छन् । सदस्यहरूमा मित्र लिङ्देन, ताराहाङ तावा, दिनेश लावती, हेटनारायण रम्तेल, नारायण तुम्वापो, लेखनाथ सिकारु, राज माङ्लाक, खेमनाथ खतिवडा, वीरेन्द्र तुम्वापो 'प्रतीक', सीता थापा, दिनेश श्रेष्ठ, गोपाल ढुङ्गाना, तेजेन्द्रविक्रम सुब्बा, कृष्ण बास्कोटा, विमला अधिकारी, इन्द्र अधिकारी, दुर्गा बराल, भरत खपाङ्गी, राजेन्द्र काफ्ले, राम पाध्याय, फणिन्द्र साम्बाहाङ्फे, कुमार ओझा, चन्द्र

[४०१] मातृका पोखरेलबाट २०६५/१०/२० मा प्राप्त जानकारी ।

[४०२] माधवप्रसाद सापकोटा र अन्य (सम्पा.) **समय चक्र**, वर्ष १, २०६३ साउन र वर्ष २, अङ्क २, २०६४ भदौ ।

[४०३] जागरण साहित्य केन्द्र, गुल्मीका सदस्य मित्र पोखरेलबाट २०६५।७।२३ मा प्राप्त जानकारी ।

[४०४] ऐजन ।

'प्रभात', बुद्ध इङवा, सगुन सुसारा, राजेन्द्र परदेशी, श्याम जबेगु, हाङओभा थेगिम, राजेन्द्र जबेगु र दुर्गा भट्टराई रहेका छन् ।[४०५]

- सबै विचारधाराका स्रष्टाहरूको दोलखा जिल्लाको जिरीमा २०६३ माघ २६-२८ गतेसम्म भएको भेलाले संयुक्त आन्दोलनलाई निरन्तरता दिने निर्णय गर्दै ७ बुँदे दोलखा घोषणापत्र जारी गरेको थियो । 'साहित्य र कला निर्माणसम्बन्धी नयाँ नेपालको परिकल्पना र साहित्यलेखन सम्मेलन' भन्ने त्यस कार्यक्रमको आयोजना प्रलेस दोलखा जिल्ला शाखा, इन्द्रेणी साहित्य समाज, काठमाडौं र दोलखा साहित्य सङ्गम, दोलखाले गरेका थिए । नयाँ नेपालको निर्माणमा लोकतान्त्रिक गणतन्त्र पक्षधर सांस्कृतिककर्मीहरूको ऐक्यबद्धतामा जोड दिँदै लोकतान्त्रिक मूल्यलाई सिर्जनाका लागि प्राथमिक शर्त मानेर सिर्जनाका सबै विधामा श्रम, संस्कृति र मानवीय मूल्यको सम्मान, आम पाठकबीच संवादको स्थापना हुनुपर्ने जस्ता कुरामा जोड दिइएको छ । घोषणा पत्रको मस्यौदाकर्ताका रूपमा श्यामल, चक्री श्रेष्ठ, ठाकुर बेल्वासे र विष्णु भण्डारी रहेका छन् ।
- नुवाकोटमा आन्दोलनको समयमा स्रष्टाहरूले सडकमै उत्रेर रचना वाचनसहित विरोधका कार्यक्रम गरेका थिए ।[४०६] २०६२ वैशाख ५ गते सदरमुकामको सञ्चार चोकमा भेला भएका साहित्यकारहरूले सडकमै कविता, गीत, गजल, मुक्तक आदि प्रस्तुत गरेका थिए । आन्दोलनकै समयमा बट्टार युवा क्लवले विदुरको लोकतान्त्रिक चौतारीमा साहित्यिक कार्यक्रम गरेको थियो । २०६२ माघमा पनि 'शान्तिका लागि कविता' भन्ने नाराका साथ सिर्जनामार्फत विद्रोह जगाउन क्याम्पस गेटमा कार्यक्रम भएको थियो । नुवाकोट साहित्य मञ्चले माघ १९ गतेको घटनाको विरोधमा नुवाकोट आदर्श बहुमुखी क्याम्पसको सडकमा 'सडक साहित्य कार्यक्रम' चलाएको थियो । त्यतिबेला 'शान्ति र लोकतन्त्रका लागि साहित्य' भन्ने नाराका साथ श्रीराम नेपालको सम्पादनमा हवाई पत्रिका समेत प्रकाशन हुन सुरु भएको थियो ।[४०७]
- जनआन्दोलन २०६२/०६३ को सफलतापछि पनि गणतन्त्र स्थापनाको विभिन्न कार्यक्रमहरू भए । यसै सन्दर्भमा २०६४ फागुनको पहिलो शनिबारदेखि प्रत्येक शनिवार दिउसो बाघबजारस्थित मिडिया मिसनको हलमा 'गणतन्त्रका लागि सिर्जना अभियान' भन्ने कार्यक्रम भएको पाइन्छ । साहित्यिक कार्यक्रम गर्नकै लागि मिडिया मिसनले निशुल्क रूपमा हल उपलब्ध गराएको थियो । यहाँ प्रगतिशील लेखक सङ्घ नेपाल, नागार्जुन साहित्यिक प्रतिष्ठान, रामेछाप साहित्य प्रतिष्ठान लगायतका विभिन्न साहित्यिक सङ्घ-संस्थाको सहआयोजनामा साहित्यिक कार्यक्रम भएको पाइन्छ । दर्जनौं स्रष्टाहरूले गणतान्त्रिक चेतनायुक्त रचनाहरू सुनाउने गरेको पाइन्छ । यो कार्यक्रम २०६५ जेठसम्म चलेको थियो ।

---

[४०५] विक्रम सुब्बाको हस्ताक्षर भएको टिपोट (हेर्नुहोस् परिशिष्ट) ।

[४०६] ऐजन, पृ. ४९ ।

[४०७] नवदीप अजनवी, "नुवाकोटका स्रष्टा पनि सडकमा" , ऐजन, पृ. ५२ ।

- जनआन्दोलनको १९ दिनको समयमा सरकारी सेवामा कार्यरत राष्ट्र सेवकहरू समेत आन्दोलनमा सहभागी भएका थिए । नेपाल राष्ट्र बैंकको बालुवाटार र थापाथली दुवै क्षेत्रमा दिनहुँजसो कविता वाचनका कार्यक्रमहरू हुने गर्थे । राष्ट्र बैंकमा यी कार्यलयहरूमा कविता कार्यक्रमहरू अघि बढाउनेमा गोकुल अधिकारी, भागवत आचार्य, सरिता पौडेल, चिरञ्जीवि गुरागाईं, रुद्रराज अधिकारी, ममता अधिकारी, गोमा अधिकारी, भोलानाथ प्रेमी लगायत थिए ।[४०८]
- २०६० भदौमा सर्वदावाङ्मय प्रतिष्ठानको आयोजनामा 'लोकतान्त्रिक गणतन्त्रका लागि सिर्जना र स्रष्टा' कार्यक्रम सम्पन्न भएको थियो । काठमाडौंको ल क्याम्पसमा भएको त्यस कार्यक्रमा खगेन्द्र सङ्ग्रौला, तुलसी भट्टराई, हरि रोका लगायत सहभागी भएका थिए ।[४०९]
- २०६० भदौ २५ गते पूर्ण विराम र नवीन विभासको शीघ्र रिहाइका लागि प्रगतिशील लेखक सङ्घ,प्रगतिशील सांस्कृतिक सङ्गठन, अभियान साहित्य प्रतिष्ठान, मध्यपश्चिमाञ्चल साहित्य परिषद, युद्धप्रसाद मिश्र स्मृति प्रतिष्ठान, नागार्जुन साहित्यिक प्रतिष्ठान, साहित्य सन्ध्या, नेपाल पेरोल साहित्य समाज, पेरोल साहित्य प्रतिष्ठान, सिर्जना चैत्र ३ र सिस्नुपानी नेपालद्वारा प्रेस विज्ञप्ति जारी भएको थियो ।[४१०]
- २०६३ चैत्र २९ गते प्रगतिशील लेखक सङ्घ मकवानपुरद्वारा लोकतान्त्रिक आन्दोलनलाई सहयोग पुऱ्याउन हेटौँडामा सडक कविता गोष्ठी आयोजकना भएको थियो । [४११]
- २०६२ मंसिर १८ गते नेपाली कविता डट कम, अमरकान्ति सेकेन्डरी स्कुल र बज्रबराही साहित्य समूहको आयोजनामा ललितपुरको ले ले भन्ने ठाउँमा 'समसामयिकताका सन्दर्भमा आजका कविता ललितपुर विशेष' भन्ने कार्यक्रम सम्पन्न भएको थियो । त्यस कार्यक्रममा वाचन गरिएका केही रचनाहरू समेत समावेश गरी केशवराज सिलवालको सम्पादनमा **असहमतिका स्वरहरू** भन्ने कविता सङ्ग्रह प्रकाशित भएको छ । [४१२]
- पूर्वाञ्चलको लेटाङमा सगरमाथा नाट्य समूहले वैशाख १० गते **देश आफै चलाउँछौ** नामक नाटक प्रर्दशन गरको थियो । [४१३]
- ग्लुमीगाइज वनेपाले वैशाख ११ गते प्रतियोगितात्मक लोकतान्त्रिक सङ्गीत सम्मेलन गऱ्यो । सम्मेलनमा १३ समूहले भाग लिएका थिए । वैशाख ३ र ११ गते सडकमै अरू

---

[४०८] भागवत आचार्यबाट २०६५/०४/०४ मा प्राप्त जानकारी ।

[४०९] रत्नमणि नेपाल र अन्य (सम्पा.) ऐजन, पृ. ४६ ।

[४१०] ऐजन ।

[४११] ऐजन, पृ. ४७ ।

[४१२] केशवराज सिलवाल (सम्पा.), सम्पादकीय, **असहमतिका स्वरहरु,** (काठमाडौं: नेपाली कविता डटकम र अमरकान्ति सकेकेडन्डरी स्कुल, २०६२ माघ) ।

[४१३] विष्णु निष्ठुरी पूर्ववत, पृ. ४८ ।

कलाकर्मीलाई समेत भेला गरी सङ्गीत सम्मेलन गरेका थिए । हरि श्रेष्ठ, निर्मल सैंजु, मित्र भोछिभोय, सुरेश वैद्य लगायतको सक्रियतामा यो कार्यक्रम भएको थियो ।[४१४]

- सर्वनाम नाट्य समूहले **प्रतिबन्धित पात्रहरू** भन्ने नाटक २०६२ चैत्र १८ गते रसियन कल्चर सेन्टरमा प्रदर्शन गरेको थियो ।[४१५]
- कलाकार मदनमकृष्ण श्रेष्ठ र हरिवंश आचार्यले २०६२ चैत्र २९ गते जनआन्दोलन कोषको स्थापना गरे । जनआन्दोलनका घाइतेहरूको उपचारार्थ स्थापना गरिएको त्यस कोषमा लाखौँ रूपैयाँ जम्मा भएको पाइन्छ ।
- २०६३ फागुन १८ गते प्रज्ञा-प्रतिष्ठान, कमलादीमा लोकतन्त्र र शान्तिका लागि नागरिक आन्दोलनको आयोजनामा 'गणतान्त्रिक सांस्कृतिक साँझ' सम्पन्न भएको थियो । जसमा नेताहरू प्रचण्ड, बाबुराम, माधव नेपाल लगायत पनि उपस्थित भएका थिए ।
- कीर्तिपुरको आन्दोलनमा हजारौँ आन्दोलनकारीका अगाडि लगातार कविता वाचन गरेर मणि काफ्ले चर्चामा आए । उनलाई कान्तिपुरले त 'जन आन्दोलनका आसुकवि' नै नाम दिएको थियो । नागरिक समाजले आयोजना गरेकमा धेरैजसो कार्यक्रमहरूमा सहभागी हुने अर्जुन पराजुली आन्दोलनमा सबैभन्दा बढी चर्चामा आए । उनले २०६० देखि जनआन्दोलनको अवधिसम्म ५२ जिल्लामा पुगेर कविता वाचन गरेको बताउँछन् । आन्दोलनमा धेरै मान्छेलाई कविता सुनाउने व्यक्ति पराजुली थिए । उनकै शब्दमा भन्दा उनको त्यस अवधिमा चर्को डिमाण्ड हुने गर्थ्यो । जनगायक रामेश, रायन, जीवन शर्मा, बाल गायक रुविन गन्धर्व, देउडा गायक नन्दकृष्ण जोशी पनि लोकतान्त्रिक आन्दोलनका गायकको रूपमा चर्चामा आइरहे ।

## ६.५ निष्कर्ष

नेपाली साहित्यमा गणतान्त्रिक सिर्जनायात्राको लामो इतिहास भए २०५९ देखि २०६५ सम्मको समय गणतान्त्रिक कविता धाराको रूपमा देखापरेको छ । २०५८ जेठ १८ को दरबार हत्याकाण्डपछि राजा भएका ज्ञानेन्द्र शाहको निरङ्कुश र स्वेच्छाचारी बन्ने महत्वकाङ्क्षाले आफ्नै पतनको बाटो लियो । २०५९ असोज १८ र २०६१ माघ १९ एकपछि अर्को गर्दै निरङ्कुश बन्ने कदमको विरोधमा स्रष्टाहरूले जोडदार रूपले आवाज उठाइरहे । हजारौँ वर्षदेखिको सामन्ती परम्पराका जगमा उभिएको राजतन्त्र त्यसको आडमा निर्माण भएका सामन्ती संरचना भत्काउँदै नवीन सभ्यताको विकासका लागि स्रष्टाहरूले निरन्तर रूपमा आन्दोलन गरे र यो आन्दोलन काठमाडौँदेखि देशका कुना कुनामा फैलियो । आन्दोलन कहाँ कहाँ भयो र को-कोले के-कति सहभागिता जनाए भन्ने कुराको रेकर्ड आयोजक वा अन्य कसैसँगै पनि नभएको हुँदा

---

[४१४] ऐजन ।

[४१५] नारायण वाग्ले (सम्पा.), **कान्तिपुर,** (वर्ष १४, अङ्क ४२, २०६२ चैत्र १९) , पृ. २ ।

सबै सूचना दिन गाह्रो छ । निरङ्कुश शासकको कडा दमनका वावजुद पनि देशभरका सयौँ स्रष्टाहरू गणतान्त्रिक सिर्जनायात्रमा सहभागी भए ।

निरङ्कुशता विरुद्धको आन्दोलन सशक्त बनाउन सङ्गठित रूपमा अघि बढ्नु पर्ने अवस्था देखेर परिवर्तनका पक्षधर विभिन्न विचारधाराका भएका स्रष्टा एउटै थलोमा उभिएर आन्दोलनका कार्यक्रम अघि बढाएका थिए । यसक्रममा २०६० साउन ४ गते प्रतिगमनविरोधी संयुक्त समितिको गठन भएको थियो । यसले २०६० साउन १७ गते रत्नपार्कमा र २०६२ वैशाख ९ गते प्रज्ञा प्रतिष्ठानको हलमा वसन्त कवि गोष्ठी, आयोजना गरेको थियो । प्रतिष्ठानको कार्यक्रमपछि १० भन्दा बढी स्रष्टाहरू गिरफ्तार समेत भएका थिए । त्यस्तै २०६१ जेठ २ मा रत्नपार्कको रातो घरबाट पनि कवि गोष्ठी सञ्चालन भएको थियो । यसबाहेक, यसले सबै विचारधारका स्रष्टाहरूलाई एउटा सङ्गठन सूत्रमा आबद्ध गर्दै केही कार्यक्रम गरेको थियो तर देउवा प्रधानमन्त्री भएपछि एमालेसमेत आधा प्रतिगमन सच्चिएको बाहनामा सरकारमा गएपछि यस समिति निष्क्रिय हुनपुग्यो । त्यस्तै २०६१ म गठन भएको लोकतान्त्रिक साहित्यकार सङ्घ पनि सबै स्रष्टाहरूलाई एउटै माञ्चमा आबद्ध गरेर आगाडि बढ्ने सन्दर्भमा गठन भएको थियो । हरिगोविन्द लुइँटेलको संयोजकत्वमा गठित यस समितिले केही कार्यक्रम गर्ने प्रयास गरेको थियो तर २०६२ माघ १९ को शाही कदमपछि यसभन्दा पनि बृहत् प्रकृतिको सबै विचारधाराका स्रष्टा र साहित्य, कला, संस्कृति क्षेत्रका स्रष्टाहरूलाई समेटेर अगाडि बढ्नुपर्ने अवस्था आएपछि २०६२ साउन २३ गते लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्चको गठन भयो । यसपछि भएका स्रष्टा आन्दोलनका धेरैजसो कार्यक्रम यसै मञ्चका नामबाट भएका थिए । यसबाहेक प्रगतिशील लेखक सङ्घ, नागार्जुन साहित्यिक प्रतिष्ठान, साहित्य, सन्ध्या, प्रतिभा प्रवाह लोकतान्त्रिक साहित्यिक विद्यार्थी मञ्च, राष्ट्रिय जनसांस्कृतिक मञ्च, रक्तिम सांस्कृतिक अभियान, जनसांस्कृतिक महासङ्घ जस्ता साहित्यिक-सांस्कृतिक सङ्घ-संस्थाहरूबाट निरङ्कुश राजतन्त्रको विरोधमा विभिन्न कार्यक्रमहरू भएको पाइन्छ ।

काठमाडौं बाहिर पनि २०५९ पछि निरङ्कुश राजतन्त्र र त्यसको आडमा विकसित भएको सामन्ती संस्कृतिको अन्त्य गर्न सङ्गठित रूपमै स्रष्टाहरू लागेको पाइन्छ । स्रष्टाहरूको यस्तो अभियानलाई सञ्चारमाध्यमले प्रकाशन/प्रसारण गरी ठूलो सहयोग पुऱ्याएको देखिन्छ । रूपन्देही, पोखरा, चितवन, दाङ, नेपालगञ्ज, सुनसरी, झापा, पाल्पा, सुर्खेत, रौतहट लगायत ठाउँमा पनि सबै विचारधाराका स्रष्टाहरूले साझा मञ्च नै गठन गरी सङ्गठित आन्दोलन गरेका थिए । विभिन्न ठाउँमा सक्रिय रहेका साहित्यिक सङ्घ-संस्थाहरूले पनि गणतान्त्रिक चेतना जगाउने खालका विभिन्न कार्यक्रमहरू गरेको पाइन्छ । प्रलेसका सबैजसो जिल्ला शाखाहरूको सक्रियता यस सन्दर्भमा प्रशंसनीय रहेको पाइन्छ । कतिपय ठाउँमा लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्च पनि गठन भएर त्यसमार्फत् आन्दाचेलनका कार्यक्रम अघि बढाइएको पाइन्छ ।

# सातौँ परिच्छेद

## निष्कर्ष

स्रष्टा समाजको सचेत र बौद्धिक नागरिक पनि भएको हुँदा सिर्जनात्मक क्षमताको प्रयोगबाट समाजका नकारात्मक पक्षहरूको अन्त्य गर्दै आदर्श समाजको स्थापानाका लागि प्रयत्नरत रहनु पर्छ । कला-साहित्यले जीवनलाई सकारात्मक दिशातर्फ लैजान सक्नुपर्छ । क्षणिक मनोरञ्जन र बौद्धिक विलासको माधयममात्र ठान्ने प्रवृत्तिले समाजलाई र मानव जीवनलाई सकारात्मक दिशातर्फ लैजान सक्दैन । कला र विचारको उचित संयोजन विनाको कला-सहित्यले हृदय छुन सक्दैन र प्रभावकारी पनि बन्दैन । कला कलाकै लागि हो भन्ने र वैचारिक पक्षलाई महत्व नदिने तथा वैचारिक पक्षलाई बढी महत्व दिने नाममा कलात्मक पक्षलाई ध्यानै नदिई विचार र दर्शनको भार मात्र बोकाउने गर्नाले साहित्य प्रभावकारी हुन सक्दैन । त्यसैले कला-साहित्य जीवनका लागि हुनुपर्छ भन्ने कुरामा ध्यान दिई कलात्मक पक्षलाई पनि महत्व दिनुपर्छ ।

कला र साहित्यलाई सामाजिक, आर्थिक, राजनीतिक पक्षहरूले प्रभाव पारिरहेको हुन्छ । मानिस एउटा सामाजिक प्राणी भएकाले राजनीतिबाट अलग रहन सक्दैन । साहित्य र राजनीति अलग-अलग विषय हुँदाहुँदै पनि एक आपसमा अन्तर्सम्बन्धित भने रहेका हुन्छन् । स्रष्टा जहिले पनि सरकारात्मक परिवर्तनको पक्षमा रहन्छ र रहनुपर्छ । संसारका ठूला-ठूला परिवर्तनहरू राजनीतिक आन्दोलनकै आधारमा भएका छन् । ती परिवर्तनका लागि भएका आन्दोलन र स्वतन्त्रताका लडाईहरूमा स्रष्टाले सौन्दर्यात्मक ढङ्गले चेतना निर्माण गरिरहेका हुन्छन् । विश्व साहित्यदेखि नेपाली साहित्यसम्म नै हेर्ने हो भने परिवर्तनका लागि भएका आन्दोलनमा स्रष्टाहरू चेतना निर्माणको लागि आफ्नो सिर्जनात्मक क्षमताको उपयोग गरेका र आन्दोलनकै मैदानमा उभिएर लडाइ गरेका धेरै उदाहरण पाउन सकिन्छ । सच्चा र जनताप्रति इमान्दार तथा लोकतान्त्रिक चेतना हुने स्रष्टाले कुनै पनि प्रकारको निरङ्कुशताको पक्षमा रहन सक्दैन । नेपाली साहित्यको इतिहासमा पनि निरङ्कुश शासकहरूका विरुद्धमा धेरै साहित्यकारहरूले दह्रोसँग कलम चलाएका छन् । २००७, २०३६ , २०४६ र २०६३/२०६३ को राजनीतिक परिवर्तनमा धेरै स्रष्टाहरूले आन्दोलनका पक्षमा कलम मात्र चलाएनन् भौतिक पनि उपस्थिति जनाए । त्यसो त परिवर्तनलाई आत्मसात् नगर्ने र शासकवर्गहरूको भजन गाउँदै भाट साहित्यको रचना गरेर राज्यबाट पाउने पद, प्रतिष्ठान र पुरस्कारका पछि लाग्नेहरूको ठूलो जमात नभएको होइन ।

२०५९ असोज १८ देखि सुरु भएको तत्कालीन राजा ज्ञानेन्द्रको निरङ्कुश र स्वेच्छाचारी शासनको विरोधमा स्रष्टाहरू सडकमा आएर निरन्तर रूपमा स्वतन्त्रताका आवाजहरू उठाइरहे । लोकतान्त्रिक गणतन्त्र स्थापना नभएसम्म नेपाली जनताले स्वतन्त्रताको अनुभूति गर्न नसक्ने र जनपक्षीय व्यवस्था स्थापना नहुने भएकोले नेपाली समाजको समग्र परिवर्तनको बाधक राजतन्त्रको अन्त्य गर्नतर्फ धेरै स्रष्टाहरू लागे । राजतन्त्रको अन्त्य भनेको सामन्ती संस्कृतिको उच्छेदको प्रारम्भ र नयाँ संस्कृति निर्माणतर्फको पाइला हो ।

२०५० को दशकमा विकसित भएका राजनीतिक घटनाक्रमले गर्दा २०६० को दशक सुरु हुँदा-नहुँदै गणतन्त्रको आवाज जोडतोडका साथ उठ्न थाल्यो । त्यसो त राजतन्त्रको विरोधमा

२००७ सालको सेरोफेरोबाटै आवाज उठ्न थालेको थियो । नेपाली साहित्यको क्षेत्रमा हेर्ने हो भने पनि २०६० बाट गणतान्त्रिक सिर्जनायात्रा अभियानकै रूपमा अगाडि बढ्यो । नेपाली साहित्यमा गणतान्त्रिक सिर्जनायात्राको लामो इतिहास रहेको छ । राजालाई ईश्वरकै अवतारकारूपमा धर्मसँग जोडेर व्याख्या गरिएको हुँदा धेरै लामो समयसम्म राजाका विरुद्धमा कसैले औँला ठड्याउने साहस गर्न सकेनन् । शासकहरूका नकारात्मक पक्षको विरोध गर्दा धेरै स्रष्टाहरूले कारवाही मात्र भोगेनन् ज्यान नै गुमाउन पुगे । त्यसैक्रममा अन्यायी शासकहरूको खुडा सर्वप्रथम सुब्बा कृष्णलाल अधिकारी माथि बज्रन पुग्यो । **मकैको खेती** भन्ने पुस्तकमा लेखिएको विषयलाई लिएर कृष्णलाललाई अधिकारीलाई जेलमा थुनियो र जेलभित्रै १९८० मा उनको मृत्यु भयो । **मकैको खेती**मा उल्लेख गरिएका कतिपय प्रसङ्गलाई राणाहरूका विरोधमा लेखिएको भन्ने अर्थ लगाउँदै उनी लगायत ९ जनलाई कारवाही गरिएको थियो । कृष्णलालले जेलमै बस्दा लेखेको एउटा पत्रात्मक चिठीमा यस्तो कवितांश रहेको पाइन्छ -

*संसारमा कीर्ति छ धेर ठूलो, कीर्ति विना बन्दछ जीवन लुलो*
*संसार छाडे पनि हेर क्यै दिन , आउनेछ एउटा जनतन्त्रको दिन* ।

यस्ता कवितांशका आधारमा पनि अधिकारीमा गणतान्त्रिक चेतनाको विकास हुन थालेको र विद्रोही चेतना भएको कुरा स्पष्ट हुन्छ । अधिकारीभन्दा पहिला पनि शासकहरूबाट स्रष्टाहरू प्रताडित भएको पाइन्छ । सन्त कविहहरूमध्ये सबैभन्दा बढी सुधारवादी चेतना भएका र प्रगतिशील विचार ल्याउन खोजेका सन्त ज्ञानदिलदासलाई जङ्गबहादुरले पक्राउ गरी ६ महिनासम्म थुनेका थिए । मोतिराम भट्टमा खासै सुधारवादी चेतना नदेखिए पनि उनको सक्रियतामा गठित मोतिमण्डलीले भीम शमशेरलाई एउटा पद्य रचनामा माझी जस्तो व्यक्तिसँग तुलना गरको आरोपमा मोतिमण्डली नै भङ्ग भएको थियो । शिक्षाका माध्यमबाट सामान्य चेतना फैलाउन खोज्ने चन्द्रशमशेरका बहिनी ज्वाइ जयपृथ्वीबहादुर सिंहलाई समेत चन्द्रशमशेरले निर्वासनमा जान बाध्य बनाएका थिए । यस्ता स्रष्टा दमनका घटनाहरू २०६५ सालसम्म आउँदा धेरै नै पाउन सकिन्छ । १९७५ तिरबाट नै जाग जाग अब जाग न जाग .....भन्ने धरणीधर कोइरालाले **नयपाली ठिटो** जस्ता कविता मार्फत् गणतान्त्रिक चेतना उठाएको देखिन्छ । कवितामा सबैभन्दा पहिला गणतन्त्र भन्ने शब्दको प्रयोग समेत यिनले नै गरेको पाइन्छ । यिनको कवितांश यस्तो रहेको थियो -

*नयापाल स्वतन्त्र गरानउनको रणभेरी सुनेर जुरुक्क उठ्यो*
*परतन्त्र हरे निज देश बुझ्यो अनि भाव र आग्रह भयो*
*गणतन्त्र गराउन गर्जी उठ्यो छरितो र छिटो नयपाली ठिटो ।*

धरणीधर कोइरालापछि लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, गोपालप्रसाद रिमाल, युद्धप्रसाद मिश्र, गोकुल जाशी, भूमि शेरचन, केवलपुरे किसान, श्यामप्रसाद शर्मालगायत अग्रज र पुराना पुस्ताका कविहरूमा पनि गणतान्त्रिक चेतना पाउन सकिन्छ । प्रगतिशील लेखक सङ्घको स्थापना भएपछि सङ्गठित रूपमा गणतान्त्रिक चेतना अघि बढ्न थाल्छ । पञ्चायती कालमा खासगरी ३० को दशकसम्म त्यति धेरै विद्रोही कविताहरू आउन सकेनन् तर निरङ्कुश पञ्चायती व्यवस्थाका विरुद्धको छटपटीस्वरूप देखापरेका आयामेली आन्दोलन, राल्फा आन्दोलन, योङ्ग राइटर्स फ्रन्ट , बुटपालिस आन्दोलन, तरलतावाद , भोक कविता आन्दोलन जस्ता आन्दोलनले पनि विद्रोही

भाव प्रस्तुत गरेर गणतान्त्रिक चेतनाको पृष्ठभूमि तयार गर्ने काम गरे । २०३६ सालमा सडक कविता आन्दोलनमार्फत् दर्जनौँ कविहरू राजनीतिक व्यवस्था परिवर्तन गर्न सिर्जनात्मक गतिविधिका साथ सडकमै आएर आन्दोलनलाई अघि बढाए । २०४६ सालमा पनि स्रष्टाहरू क्रान्तिकारी र विद्रोही कविता लिएर राजतीतिक आन्दोलनमा जोडिन पुगे । २०५२ सालमा जनवादी व्यवस्था स्थापना गर्न जनयुद्ध सुरु गरेको माओवादी जनयुद्धसँगै युद्ध मोर्चामा लडेका दर्जनौँ स्रष्टाहरूले गणतान्त्रिक चेतनालाई अझ बढी माथि पु-याए । यस समयका सबैभन्दा सशक्त कवि कृष्ण सेन 'इच्छुक'लाई शासकहरूले हत्या गरेका थिए । माओवादी जनयुद्धमा सहभागी भएका डेढ सय जति साहित्यकार र कलाकारहरूको हत्या तत्कालीन शासकहरूबाट भएको थियो । कृष्णलालदेखि कृष्ण सेनसम्म आइपुग्दा धेरै स्रष्टाहरूको त्याग र बलिदानीबाट गणतान्त्रिक चेतनाको विकास भएको छ । यसक्रममा खासगरी प्रगतिवादी धारका दर्जनौँ कविहरूले गणतान्त्रिक चेतनालाई अघि बढाउने काम गरे । २०६० सम्म आउँदा स्रष्टाहरूले सङ्गठित रूपमा गणतन्त्रको चर्को अवाज नउठाए पनि गणतान्त्रिक चेतनाको विकास भने भएको पाइन्छ । २०६० भन्दा पहिला जे-जस्ता शासकवर्ग विरोधी र विद्रोही चेतना देखिए ती गणतान्त्रिक साहित्यिक आन्दोलनका पृष्ठभूमिका रूपमा लिन सकिन्छ । केही कविहरूले राजतन्त्रको विरोध गर्दै प्रष्ट रूपमा गणतन्त्रको आवाज लिएर देखापरे पनि ती सबै सङ्गठित रूपमा आएका थिएनन् । राजनीतिक वृत्तमा पनि २०६० पूर्व त्यति धेरै चर्को रूपमा गणतन्त्रको आवाज उठेको थिएन ।

वि.सं २०५८ जेठ १९ गते भएको दरबार हत्याकाण्डपछि राजा बनेका ज्ञानेन्द्रले २०५९ असोज १८ मा प्रधानमन्त्री शेरबहादुर देउवालाई असक्षम भएको आरोपमा अपदस्थ गदै प्रत्यक्ष शासनको अभ्यास गरेपछि राजसंस्थाप्रति जनताको आस्था र विश्वास भत्कदै गयो । २०६१ माघ १९ पछिको अवस्थामा राजाले झनै प्रत्यक्ष निरङ्कुश शासन गर्न सुरुवात गरे । राजाको निरङ्कुश र स्वेच्छाचारी बन्ने कदमले गर्दा भूमिगत रूपमा जनयुद्ध गरिरहेका माओवादी र सातदलबीच निकटता स्थापित भयो र राजतन्त्रका विरुद्ध संयुक्त आन्दोलन अघि बढ्यो । २०६५ जेठ १५ देखि राजतन्त्रको विधिवत रूपमा नै अन्त्य भएको छ ।

गणतान्त्रिक सिर्जनायात्राको कुरा गर्दा माओवादी निकट कलाकार र साहित्यकारहरूले गाउँ-गाउँमा सामन्ती संरचना भत्काउँदै जनता माझ चेतना निर्माण गरेको कुरा भुल्न हुँदैन । यस अभियानमा दर्जनौ सांस्कृतिक टोली र साहित्यकारहरू पनि रहेका छन् ।

राजतन्त्रका विरोधमा व्यक्तिगत रूपमा सिर्जनात्मक कार्य ६ दशक अघिबाटै सुरु भएाको भए पनि २०५९ असोज १८ पछिका दिनमा स्रष्टाहरूको प्रतिगमन विरोधी संयुक्त समिति, लोकतान्त्रिक साहित्यकार सङ्घ लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्च, प्रगतिशील लेखक सङ्घ जस्ता सङ्गठित संस्थाहरूमार्फत् आन्दोलन अघि बढेको पाइन्छ । विभिन्न जिल्लाहरूमा पनि सबै विचारधाराका स्रष्टारु एकै ठाउँमा आएर साझा संस्था नै स्थापना गरी राजतन्त्र विरुद्धको अभियान सञ्चालन गरेको देखिन्छ । स्रष्टाहरूले समाज रूपान्तरणको प्रक्रियामा सिर्जनामार्फत् चेतना फैलाएर र भौतिक सक्रियतामार्फत् पनि जनआन्दोलनलाई उर्जा र गति दिएका थिए । उनीहरूले निरङ्कुशता विरुद्ध चेतना फैलाएर जनमत सिर्जना गर्ने अनि शब्द र कर्मबीच मेल गराएर वैचारिक शक्तिलाई भौतिक शक्तिमा बदल्ने काम गरेका थिए । यसरी आन्दोलनमा उत्रने

स्रष्टाहरूको उद्देश्य निरङ्कुश राजतन्त्र र त्यसको आडमा विकसित भएको सामन्ती सामाजिक संरचनालाई भत्काएर लोकतान्त्रिक र वैज्ञानिक संस्कृतिको निर्माण गर्नु थियो । जातीय, क्षेत्रीय, लैङ्गिक, भाषिक, सांस्कृतिक आदि पक्षमा लादिएको केन्द्रीकृत शासनको स्थानमा जनताले आत्मसम्मान गर्न सक्ने पद्धतिको स्थापना गर्नु अनि कुल, वंश, वा परम्पराका आधारमा शासन गर्ने प्रचलनलाई निषेध गर्दै जनताबाट अनुमोदित व्यक्तिहरू राज्य सञ्चालनका तहमा पुग्ने व्यवस्थाको स्थापना गर्नु पनि थियो । स्रष्टाहरूको स्वतन्त्रता र पेसागत हकहितको कुरा उठाउँदै लोकतान्त्रिक सिर्जना, साधना र बौद्धिक-प्राज्ञिक क्रियाकलापलाई टेवा पुग्ने खालका गतिविधि सञ्चालन गर्नु जस्ता कुराहरू पनि लोकतान्त्रिक आन्दोलनमा लागेका स्रष्टाहरूका विषय थिए ।

जनआन्दोलन २०४६ बाट जनताले प्राप्त गरेका सीमित उपलब्धिहरूको समेत अन्त्य हुन थालेको र एउटा कुल वा वंशले देशमा बन्दुकमा भरमा निरङ्कुश शासन लाद्न थालेको विरोधमा २०६० देखि स्रष्टाहरू सङ्गठित रूपमै आन्दोलनमा लागेका थिए । त्यस क्रममा दर्जनौं स्रष्टाहरू सडकमै आएर कविता , गीत, गजल आदि वाचन गर्ने, कर्फ्यू र निषेधाज्ञा उल्लङ्घन गर्नेजस्ता कामसमेत गरेका थिए । दर्जनौं स्रष्टाहरू गिरफ्तारीमा परी घइते भए भने कतिपयलाई त मुद्दा नै लगाइयो र वेपत्ता  पारियो । यस क्रममा भएका केही उल्लेखनीय घटनाहरू यसप्रकार छन् ।

२०६० साउन ४ गते लोकतान्त्रिक विचार भएका सबै स्रष्टाहरूले सङ्गठित आन्दोलन अघि बढाउन प्रतिगमनविरोधी स्रष्टाहरूको संयुक्त समिति गठन गरेका थिए । यसले २०६१ साउन १७ गते रत्नपार्कमा र २०६२ जेठ २ गते रत्नपार्कको रातो घरबाट कविताका कार्यक्रम सञ्चालन गरेको थियो । २०६१ वैशाख ९ गते प्रज्ञा प्रतिष्ठानको हलमा कार्यक्रम गरी सडकमा निस्केपछि एक सयभन्दा बढीलाई प्रहरीले गिरफ्तार गरेको थियो । नेपालकै साहित्यिक इतिहासमा यति धेरै स्रष्टाहरू एकैपटक गिरफ्तार भएको यो पहिलो घटना हो । यस समितिले अरू पनि साहित्यिक कार्यक्रम तथा विचार गोष्ठीहरू गरेको थियो । आधा प्रतिगमन सच्चिएको नाममा नेकपा एमाले सरकारमा गएपछि यो समिति निस्क्रिय जस्तै भयो ।

लोकतन्त्र र अग्रगमनका पक्षधर स्रष्टाहरू सङ्गठित रूपले अगाडि बढ्नुपर्ने महसुस भएपछि २०६१ पुस २ गते सबै विचारधाराका साहित्यकारले लोकतान्त्रिक साहित्यकार सङ्घ गठन गरी आन्दोलनलाई अगाडि बढाउने प्रयत्न गरेका थिए । केही विचार गोष्ठी र सडक कविताका कार्यक्रम गरे पनि माघ १९ पछिको कडा दमन र कला-साहित्य लगायत सबै क्षेत्रका स्रष्टाहरू अभ्र सङ्गठित रूपले अगाडि बढ्नुपर्ने अवस्था आएपछि यसलाई पनि अभ्र बिस्तार गरी लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्चको गठन गरिएको थियो ।

२०६२ साउन २३ गते लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्चको गठन गरिएको थियो । यस मञ्चको गठन भएपछि काठमाडौंमा भएका स्रष्टा आन्दोलनका धेरैजसो कार्यक्रम यसकै पहलमा भएका थिए भने उपत्यका बाहिर पनि लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्चको नामबाटै धेरै ठाउँमा संस्था गठन गरेर आन्दोलनका गतिविधि सञ्चालन भएका थिए । यस मञ्चकै नाम नराखे पनि यस्तै प्रकृतिका काम गर्ने संस्था पनि धेरै ठाउँमा गठन भएको पाइन्छ । नाम जे-जस्तो राखे पनि कामको प्रकृति भने उस्तै नै थियो । यस मञ्चको तर्फबाट गरिएको पहिलो कार्यक्रम

भाद्र ३ गते इन्द्रचोकमा मुखमा कालोपट्टी बाँधी गरिएको आन्दोलन थियो । त्यहाँ करिब २०० जना स्रष्टाहरू सहभागी थिए । मञ्चको आयोजनामा स्रष्टाहरू भदौ २४ गते भोटाहिटीमा जुलुस प्रदर्शन गरी निषेधाज्ञा उल्लङ्घन गर्ने काम गरेका थिए । त्यहाँबाट ३३ जना लोकतान्त्रिक स्रष्टाहरू सहित १५८ जना गिरफ्तार भएका थिए । २०६२ माघ ८ गते लोकतन्त्र र शान्तिका लागि नागरिक आन्दोलनको आयोजना र लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्चको संयोजनमा वानेश्वरमा लोकतान्त्रिक सिर्जना यात्रा भएको थियो । त्यहाँबाट १५ जना गिरफ्तार भएका थिए भने केही घाइते समेत भए यस्तै माघ १६ गते वानेश्वर र १७ गते पाटनको यलमायाकेन्द्रमा पनि स्रष्टा आन्दोलनका कार्यक्रम भएका थिए । यस्तैगरी जनआन्दोलनका १९ दिनको समयमा पनि यस मञ्चको र यसका पदाधिकारीको संक्रिय सहभागिता रहेको थियो । चैत्र २६ गते महाराजगञ्जबाट कर्फ्यू तोड्ने क्रममा पनि मञ्चको सहभागिता थियो । चैत्र ३० गते गुरुकुलमा भएको कार्यक्रम ऐतिहासिक रहेको छ । करिब २०० जति स्रष्टाहरू त्यहाँ भेला भएका थिए । महजोडीको **पञ्चायतको श्राद्ध** भन्ने नाटक हेरेपछि कर्फ्यू तोड्दै जुलुससहित वानेश्वर चोकमा पुगी कविता वाचन सुरु गर्दागर्दै प्रहरीले अश्रुग्यास र लाठी प्रहार गरी लछार-पछार गर्दै १२ जनालाई गिरफ्तार गरेको थियो भने आधा दर्जनजति घाइते भएका थिए । १९ दिने आन्दोलनका समयमा पनि स्रष्टाहरूले विभिन्न ठाउँमा राजनीतिक दलका कार्यक्रहरूसँग आन्दोलनमा सहभागी भएका थिए । अन्य समयमा पनि स्रष्टाहरू राजनीतिक दलका कार्यक्रमहरूसँगै जोडिएर आन्दोलनका कार्यक्रममा सहभागी भएको पाइन्छ । जनआन्दोलनको सफलतापछि पनि यस मञ्चले गणतन्त्रको प्रचार-प्रसार तथा राजनीतिक दलहरूलाई संविधानसभाको निर्वाचन र गणतन्त्र स्थापनाका लागि दवावमूलक कार्यक्रम गरेको पाइन्छ ।

आन्दोलनको समयमा प्रगतिशील लेखक सङ्घ र यसका विभिन्न जिल्ला शाखाहरूको सक्रियता पनि उत्तिकै देखापरेको पाइन्छ । आन्दोलनका कार्यक्रमहरू गर्नेदेखि लिएर सबै विचारधाराका स्रष्टाहरूलाई एउटै मञ्चमा आवद्ध गरेर आन्दोलनलाई अघि बढाउने काम समेत यसले गरेको पाइन्छ । आन्दोलनका कार्यक्रमहरूमा प्रलेसमा आबद्ध स्रष्टाहरूको सङ्ख्या र यसका कार्यक्रमहरूबाट यस कुराको पुष्टि हुन्छ । त्यस्तै गरी साहित्य सन्ध्या र प्रतिभा प्रवाहका मासिक रूपमा हुने गरेका श्रृङ्खला तथा त्रिभुवन विश्वविद्यालयका विद्यार्थीहरूले २०६२-६३ तिर प्रत्येक सोमबार त्रि.वि. भित्रै गर्ने गरेको लोकतान्त्रिक गणतन्त्रवादी साहित्यिक आन्दोलन पनि उल्लेखनीय रहेका छन् । गुरुकुल यस समयमा लोकतान्त्रिक स्रष्टाहरूको जमघट स्थलकै रूपमा रहेको थियो भने नागार्जुन साहित्य प्रतिष्ठान आन्दोलनका कार्यक्रमहरू गरेर चर्चामा आयो ।

पोखरा, चितवन, बुटवल, भैरहवा, सुनसरी, नेपालगञ्ज दाङ, झापा, पाल्पा, विराटनगर, वीरगञ्ज, रौतहटलगायतका ठाउँहरूमा पनि पहिलादेखि सक्रिय रहेका साहित्यिक सङ्घ-संस्थाहरूले सडकमा आएर आन्दोलनका कार्यक्रम सञ्चालन गरेको पाइन्छ । निरङ्कुशता र दमन चुलिँदै गएपछि सबै विचारधाराका स्रष्टाहरू एउटै मञ्चमा आबद्ध भएर आन्दोलनमा संलग्न भएका थिए । कतिपय ठाउँमा त लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्च नै गठन गरेर त्यसमार्फत् विभिन्न कार्यक्रमहरू अगाडि बढाएका थिए । विभिन्न कार्यक्रम तथा गणतान्त्रिक चेतना भएका लेख रचनाहरू प्रकाशन /प्रसारण गरेर साहित्यिक तथा गैरसाहित्यिक पत्रपत्रिका तथा रेडियो

एफ.एम.हरूले ठूलो भूमिका खेले भने नेपाल पत्रकार महासङ्घ र यसका जिल्ला शाखाहरूको पनि स्रष्टा आन्दोलनमा सहयोग, समर्थन र सहभागिता रहेको थियो । जनआन्दोलन-२ अघि भूमिगत रूपमा रहेको नेकपा माओवादी सम्बद्ध स्रष्टाहरूले गणतान्त्रिक चेतनाको विकास गर्नमा गाउँदेखि सहरसम्म चेतना फैलाउने र सामन्ती संस्कार र संरचनाका जरा खल्बलाउने काम गरेका थिए ।

साङ्गठनिक रूपमा मात्र नभएर लोकतान्त्रिक स्रष्टाहरूका २०६०-२०६५ सम्मका लेख रचनाहरू तथा गतिविधि सबै आन्दोलनमै केन्द्रित थिए । अधिकांश स्रष्टाहरू यस समयमा आन्दोलनमै समर्पित भए । सामाजिक, राजनीतिक रूपान्तरणका लागि यसरी स्रष्टाहरूले आन्दोलन गरेको इतिहास विश्व साहित्यमै प्रायः कमै पाइन्छ । २०३६ र २०४६ सालको साहित्यिक आन्दोलनभन्दा यतिखेरको आन्दोलन हरेक हिसाबले ठूलो देखिन्छ । सांस्कृतिक फाँटका कलाकारहरू पनि गाउँदेखि सहरसम्म पुगे । आन्दोलन २०६२-०६३ पछि पनि सडक साहित्य अभियानका कार्यक्रम निरन्तर रूपमा भइरहेकै थिए । गणतान्त्रिक सिर्जना अभियान २०६५ जेठ १५ गते राजतन्त्रको अन्त्य नहुञ्जेलसम्म जारी नै रह्यो । त्यसो त त्यतिखेर आन्दोलनमा लडेका स्रष्टाहरू अहिले पनि लोकतान्त्रिक मूल्य र मान्यताहरू स्थापना गर्न र सांस्कृतिक रूपान्तरणको बाटोमा लाग्न आफ्नो कलमको शक्तिलाई उपयोग गरिरहेका छन् ।

साहित्यिक राजनीतिक रूपान्तरणका लागि निरङ्कुशता विरुद्ध भएको आन्दोलनले नेपाली साहित्यमा नै नयाँ मोड ल्याएको छ । अधिकांश साहित्येतिहासकारले २०३० को दशकदेखि यताको समयलाई समसामयिक धाराका रूपमा लिएका छन् । २०४६ को जनआन्दोलन र २०५२ पछिको माओवादी जनयुद्धले पनि नेपाली साहित्यको दिशा र गतिलाई प्रभाव पारेको थियो । दरबार हत्याकाण्डपछि राजा बनेका ज्ञानेन्द्रले निरङ्कुश र स्वेच्छाचारी शासनको अभ्यास गर्दै तीव्र दमन गर्न थाले । बन्दुकका बलमा दमन गरेरै शासन गर्ने सोचले गर्दा स्रष्टाहरू दमनको प्रतिरोधमा उत्रिए । यस क्रममा सयौँ स्रष्टाहरू लोकतान्त्रिक सिर्जना यात्रामाा सहभागी भए र सबै विचारधाराका स्रष्टाहरू एउटै सङ्गठनसूत्रमा आबद्ध भए । सडकमै उत्रिएर साहित्यिक कार्यक्रमहरू गरे जसको क्रममा धेरै स्रष्टाहरूले पटक-पटक गिरफ्तारी र जेलजीवन बिताउनु पऱ्यो । साहित्य र राजनीतिको सम्बन्ध हुँदैन, स्रष्टा भनेको कोठामा बसेर कलम चलाउने मात्र हो, आन्दोलनमा उत्रनु हुँदैन, कुनै वैचारिक पक्षको पृष्ठपोषण गर्नु हुँदैन भन्ने जस्ता कुरालाई पनि यसले अन्त्य गर्दै सामाजिक , राजनीतिक परिवर्तनमा लाग्नुपर्छ भन्ने सोचको विकास गऱ्यो । सामाजिक सांस्कृतिक परिवर्तनका पक्षमा आवाज उठाउने काममा धेरै स्रष्टाहरू लागे । स्रष्टा समाजको बौद्धिक र सचेत नागरिक समेत भएको हुँदा सामाजिक उत्तरदायित्वको बोध हुनुपर्छ भन्ने भावनाको विकास पनि भयो । कोठामा सीमित स्रष्टाहरू सडकमै उत्रेर राजनीतिक आन्दोलनमा सहभागी भए । अधिकांश स्रष्टाका लेख रचना सामाजिक राजनीतिक विषयसँग जोडिएर आएका छन् ।

साहित्यिक आन्दोलनलाई अघि बढाउन विद्युतीय र छापाका सञ्चार माध्यमहरूको भूमिका उल्लेखनीय रहेको छ । स्रष्टाले गरेका कार्यक्रम र आन्दोलनका गतिविधिहरूलाई सञ्चारमाध्यमले बाहिर नल्याएका भए स्रष्टा आन्दोलन त्यो ढङ्गले अगाढि बढ्ने थिएन र राजनीतिक आन्दोलनले पनि तीव्रता लिने थिएन । यस्ता साहित्यिक र गैरसाहित्यिक पत्रपत्रिकाहरूको ठूलै सूची बनाउन सकिन्छ । यस्तै आन्दोलनका गतिविधिलाई प्रकाशन/प्रसारण गरेकै कारण सञ्चारगृहमा

प्रहरी/प्रशासनले खानतलासी लिने लेखक, पत्रकारलाई धम्क्याउने, गिरफ्तार गर्ने जस्ता काम समेत गरेको थियो । धेरै साहित्यिक पत्रिपत्रिकाले गणतान्त्रिक चेतनायुक्त लेख रचनाहरूलाई प्राथमिकताका साथ छापेका थिए । कतिपय पत्रिकाले नियमितरूपमा प्रकाशन हुने पत्रिकालाई पनि लोकतान्त्रिक गणतान्त्रिक विशेषाङ्कका रूपमा प्रकाशन गरेका छन् भने कतिपयले विशेषाङ्क प्रकाशन नगरे पनि त्यस प्रवृत्तिका रचनाहरूलाई प्राथमिकताका साथ प्रकाशन गरी नै रहे । कतिपय ठाउँमा ऐतिहासिक दस्तावेजका रूपमा पुस्तकाकार कृति नै प्रकाशन गरेका छन् भने कतिपयले कविता, गीत, गजल, मुक्तक आदिको सङ्ग्रह नै तयार गरेका छन् । यहाँ केही त्यस्ता विशेषाङ्क र सङ्ग्रहको नाम दिइएको छ -

राष्ट्रिय जनसांस्कृतिक मञ्च नेपालले मुखपत्रको रूपमा प्रकमाशन गर्दै आएको **संस्कृति** पत्रिकाको २०६० असोज अङ्क गणतान्त्रिक कविता विशेषाङ्कका रूपमा प्रकाशित भएको छ । वासुदेव अधिकारीको सम्पादनमा प्रकाशित यो पत्रिका प्रतिगमन विरुद्ध स्रष्टाहरू लडिरहेको समयका कविताहरू सङ्कलन गरी प्रकाशन गरिएको पहिलो विशेषाङ्क हो । नागार्जुन साहित्य प्रतिष्ठानबाट त्रैमासिक रूपमा प्रकाति हुँदे आएको **नागार्जुन** पत्रिकाको २०६२ कार्तिक -पुस अङ्क पनि लोकतान्त्रिक विशेषाङ्क नै भनेर प्रकाशन गरिएको छ । बुटवलका ६ जना कविहरूका कविता सङ्कलन गरी ऋषिराम भुसाल र मुरारी पराजुलीको सम्पादनमा प्रकाशित **लोकतन्त्रको शङ्खनाद** नागरिक जागरण अभियान रूपन्देहीले २०६२ मा प्रकाशित गरेको हो । ललितपुरका स्रष्टाहरूले आन्दोलनका समयमा सुनाएका कविताहरूलाई समेटेर केशव सिलवालको सम्पादनमा **असहमतिका स्वरहरू** भन्ने कविता सङ्ग्रह प्रकाशनमा आएको छ । त्यस्तै रूपन्देहीमा १९ दिने आन्दोलनताका **नै लोकतान्त्रिक कविता** भन्ने १ पानाको पत्रिका ७ अङ्कसम्म प्रकाशित भएको थियो । आन्दोलनको समयमा त्रिभुवन विश्वविद्यालय कीर्तिपुरका विद्यार्थीहरूले गठन गरेको लोकतान्त्रिक गणतन्त्रवादी साहित्यिक विद्यार्थी मञ्चले मुखपत्रको रूपमा **परिवर्तन** पत्रिकाका २ अङ्क प्रकाशन गरेको छ । यसको पहिलो अङ्कको सम्पादनसमूहमा डिजन भट्टराईलगायत ५ जना छन् भने दोस्रो अङ्कको सम्पादक मधुसूदन पन्थी छन् । त्रैमासिक रूपमा प्रकाशन हुँदै आएको **वेदना** पत्रिकाको २०६३ जेठ अङ्क गणतन्त्र कविता विशेषाङ्कमा रूपमा प्रकाशित भएको छ । विशेषाङ्कहरूमध्ये सबैभन्दा धेरै कविका कविता सङ्कलन गरिएको पत्रिका यही नै रहेको छ । जनआन्दोलनको १९ दिनको समयमा प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जमा राखिएका बन्दी स्रष्टाहरूका रचनाहरू सङ्कलित गरी **बन्दी शिविरका आवाजहरू** भन्ने सङ्ग्रह नै प्रकाशन भएको छ । यसमा गैरसाहित्यिक लेखहरू पनि रहेका छन् । लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्च सुनसरीले आफ्ना गतिविधिलाई समेटेर ऐतिहासिक दस्तावेजका रूपमा **लोकतान्त्रिक स्रष्टाहरूका स्वरहरू** प्रकाशित गरेको छ । २०६२ चैत्र ३० को स्रष्टा दमनको सम्झनामा गठित स्रष्टा चैत्र ३० ले आन्दोलनका बारेमा भएका लेख रचनाहरू सङ्कलन गरी **स्रष्टा, चैत्र ३०** भन्ने पत्रिका प्रकाशन गरेको छ । लोकतान्त्रिक वाङ्मय समाज कास्कीले १९ दिने आन्दोलनमा वाचन गरिएका रचनाहरूलाई समेटेर **मुक्ति सङ्घर्ष** भन्ने सङ्ग्रह प्रकाशनमा ल्याएको छ ।

सुसेली साहित्यिक परिवार मेचीनगरबाट प्रकाशित हुँदै आएको **सुसेली**को २०६३ अङ्क पनि जनआन्दोलन विशेषका रूपमा प्रकाशित भएको छ । दाङ जिल्लामा आन्दोलनको

समयमा भएका विभिन्न कार्यक्रमलाई समेटेर पदमप्रसाद शर्माले **जनआन्दोलन भाग २ मा दङ्गाली स्रष्टाहरूको भूमिका** भन्ने किताबमा दङ्गाली स्रष्टाहरूले आन्दोलनमा गरेको योगदानको इतिहास प्रस्तुत गरेका छन् । त्यस्तै लोकतान्त्रिक स्रष्टा समाज चन्दनिगाहपुर रौतहटले प्रकाशन गरेको **आन्दोलित कलमहरूमा** पनि जनआन्दोलनको समयका गणतान्त्रिक रचनाहरू समेटिएका छन् । साझा प्रकाशनबाट प्रकाशित हुँदै आएको **गरिमा** मासिकले पनि २०६४ वैशाख अङ्कलई लोकतान्त्रिक विशेषाङ्कको रूपमा प्रकाशन गरेको छ । जनआन्दोलनको सफलताछि संविधानसभाको पक्षमा प्रचार गर्ने उद्देश्यले कला विमर्श केन्द्र पाल्पाले **नयाँ नेपालको बाटो** भन्ने कविता सङ्ग्रह प्रकाशन गरेको छ । प्रलेस बाँके शाखाले पनि मुखपत्रको रूपमा प्रकाशित हुने **परिवर्तन**को २०६४ असोज अङ्कलाई गणतन्त्र विशेषाङ्को रूपमा प्रकाशन गरेको छ । त्यस्तैगरी केही स्रष्टाहरूले आन्दोलनको समयका रचनाहरूलाई समेटेर सङ्ग्रह नै प्रकाशन गरेका छन् । आन्दोलनका समयका मोरङका चर्चित कवि गण्डकीपुत्रको **जनआन्दोलनका १९ दिन र सडकका कविताहरू** भन्ने मुक्तक सङ्ग्रह, सुमेरु र ऋतुराजको संयुक्त कविता सङ्ग्रह **लोकतान्त्रिक कविता**, विष्णु भण्डारीको **देश जागेको बेला** कविता सङ्ग्रह, चतुर्भुज आत्रेयको **आह्वान** कविता सङ्ग्रह पनि प्रकाशि भएका छन् । रामप्रसाद ज्ञवालीको **एकादेशमा** खण्डकाव्य पनि गणतान्त्रिक चेतनायुक्त रहेको छ । यस्तै गरी अन्य विभिन्न पत्रपत्रिका तथा कविता सङ्ग्रहहरूमा पनि गणतान्त्रिक चेतनायुक्त लेखरचनारु समेटिएको पाइन्छ ।

स्रष्टा आन्दोलनको मुख्य उद्देश्य राजसंस्थालगायत सामन्ती राज्यव्यवस्थामा परिवर्तन गरी जनपक्षीय शासनव्यवस्था स्थापना गर्नु रहेको थियो । नेपाली जनताको दमन, उत्पीडन, शासना र ताडनाको मूल तत्व वा शक्तिका रूपमा राजतन्त्र नै हो र त्यो बाधक शक्तिका विरुद्ध उभिनुपर्छ भन्ने भावना भएको देखिन्छ । नेपाली समाज र जनताको रुचि भनेकै गणतन्त्र हो र त्यसको बाधक राजतन्त्र हो भन्ने कुरामा यस अवधिमा आन्दोलनमा उत्रने स्रष्टाहरू स्पष्ट छन् । बाहिरी र भित्री दुवै रूपमा कविहरू राजतन्त्रका विरुद्ध उभिएका छन् र आफ्ना कविताको अन्तर्वस्तु गणतन्त्र नै बनाएका छन् । अन्य प्रवृत्ति गणतान्त्रिक /लोकतान्त्रिक चेतनाकै अभिव्यक्तिको परिपुरक प्रवृत्तिका रूपमा देखापरेका छन् । आन्दोलनका कविता (गीत, गजल र मुक्तक समेतको ) को प्रवृत्तिलाई बुँदागत रूपमा यसरी प्रस्तुत गर्न सकिन्छ ।

- सामाजिक राजनीतिक चासोबाट बाहिर भएका कतिपय स्रष्टाहरूसमेत लोकतान्त्रिक आन्दोलनमा सडकमै आएर सहभागिता जनाउनु र सामाजिक राजनीतिक सम्बन्धसँग जोडिनु ,
- पद्य विधाका कविता, गीत, गजल मुक्तक नै सबैभन्दा बढी सडकमा आर वाचन गरिनु र जनतामा प्रत्यक्ष प्रभाव पार्न सफल हुनु ,
- अधिकांश कविताहरू मुक्त छन्दमा लेखिनु ,
- कोठे गोष्ठी र पुस्तक तथ पत्रपत्रिकामा मात्र सीमित भएका स्रष्टाहरू सडक सडकमा लाखौँ जनतालाई साहित्य सुनाएर आन्दोलित पार्दै हिँड्नु ,
- आम जनताले बुझ्ने गरी जनतालाई उत्तेजित गराउने ढङ्गले सामान्य भाषामा लेखिनु,
- राजतन्त्रप्रति विरोध र आक्रोशको भावना पाइनु ,

- लोकतन्त्र/गणतन्त्रप्रति आस्था र विश्वास हुनु,
- राजतन्त्रको अन्त्यको सुनिश्चितता र सुदूर भविष्यको चित्रण गर्नु,
- विद्रोही चेतनाको अभिव्यक्ति हुनु ,
- संविधानसभाको सुनिश्चितताको आवाज उठाउँदै नेताहरूलाई खबरदारी गर्नु,
- सहिदको त्याग र बलिदानको सम्मानका साथै सपना साकार पार्ने प्रतिबद्धता व्यक्त हुनु ,
- सीमान्तीकृत वर्ग, क्षेत्र, लिङ्ग, जात आदिबाट अधिकारको खोजी हुनु,
- वंशविनाश हुने गरी भएको दरबार हत्याकाण्डको आरोप तत्कालीन राजा ज्ञानेन्द्रलाई लगाउनु ।

लोकतान्त्रिक चेतना भएका साहित्यकार नागरिक हक, हित र अधिकारप्रति सचेत हुन्छन् । कुनै पनि प्रकारको निरङ्कुशता, अन्याय, अत्याचार, शोषण र दमनको विरोधमा आवाज उठाउँछन् । साहित्य जीवनका लागि हुनुपर्छ भन्ने मान्यता राख्दै साहित्य र साहित्यकारलाई मानवीय मूल्य-मान्यता र युगीन चेतनाका कोणबाट हेर्ने गर्छन् । कला र साहित्यलाई मनोरञ्जन वा बौद्धिक विलासको माध्यममात्र नमानेर जनहितका लागि उपयोग गर्नुपर्छ भन्ने मान्यता लोकतान्त्रिक मूल्य र मान्यता बोकेका साहित्यकारहरूको हुन्छ । नेपालमा सामाजिक राजनीतिक परिवर्तनका लागि भएको लोकतान्त्रिक आन्दोलनमा स्रष्टाहरूले सचेत र बौद्धिक नागरिकको भूमिका खेले । सामन्ती राज्यव्यवस्था र त्यसको आडमा विकसित भएको राजतन्त्रको अन्त्य गर्दै जनपक्षीय व्यवस्था स्थापना गर्न स्रष्टाहरू सिर्जनात्मक कर्मबाट र भौतिक उपस्थितिबाट पनि चेतना निर्माणका लागि सङ्गठित भएर आन्दोलनमै सहभागी भए । निरङ्कुश शासकहरूको विरोधमा बन्दुक, गोली, लाठी र बुटको प्रवाह नगरी आन्दोलनमा लागेको घटना नेपाली साहित्यको इतिहासमै अत्यान्तै महत्त्वपूर्ण रहेको छ ।

# सन्दर्भग्रन्थसूची


अधिकारी, रविन्द्र, **संविधानसभा, लोकतन्त्र र पुनर्संरचना**, पोखराः न्यू हेलो स्टेशनरी एण्ड बुक हाउस, २०६३ ।

अधिकारी, सूर्यमणि, **नेपालमा प्रजातान्त्रिक आन्दोलनको इतिहास**, नई दिल्लीः निराला पब्लिकेशन, १९९८ ।

अधिकारी, हेमाङ्गराज, **पूर्वीय समालोचना सिद्धान्त**, पाँ. सं., काठमाडौं: साझा प्रकाशन, २०५० ।

अर्याल, मुरारी, **नेपालमा सामन्तवाद**, काठमाडौं: सहस्राब्दी प्रा.लि., २०६१ ।

उपाध्याय, केशवप्रसाद, **प्राथमिककालीन कवि र काव्यप्रवृत्ति**, ते.सं, काठमाडौंः साझा प्रकाशन, २०४९ ।

..........., **पूर्वीय साहित्य सिद्धान्त**, ते.सं, काठमाडौंः साझा प्रकाशन, २०५५ ।

गौतम, राजेश, **नेपालको प्रजातान्त्रिक आन्दोलनमा प्रजापरिषदको भूमिका**, काठमाडौंः लेखक स्वयम्, २०४६ ।

घिमिरे, अच्युत, **झापाली स्रष्टा साहित्य**, झापाः जुही प्रकाशन, २०६३ ।

कोइराला, मोहन (सम्पा), **धरणिधर स्मृति ग्रन्थ**, काठमाडौं : साझा प्रकाशन, २०४९ ।

चलाउने, प्रभात र राजकुमार कुँवर (सम्पा.), **सहिद हस्ताक्षर**, काठमाडौंः सहिद सिर्जना संरक्षण अभियान , २०६४ ।

चापागाईं, निनु, **यथार्थवादी रचनादृष्टि र विवेचना,** काठमाडौ : दील वरदान र महिम चापागाई, २०५१ ।

चैतत्य, **क्रान्ति र सौन्दर्य**, काठमाडौं:, प्रगतिशील अध्ययन केन्द्र, २०६४ ।

त्रिपाठी, वासुदेव, **पाश्चात्य साहित्यको सैद्धान्तिक परम्परा भाग १**, काठमाडौंः साझा प्रकाशन ।

............., **पहाडी पुकार**, ते.सं., चावहिलः देवकोटा जयन्ती आयोजक समिति, २०३८ ।

.............., **प्रमिथस**, ते.सं., चावहिलः देवकोटा जयन्ती आयोजक समिति, २०३८ ।

तिम्सिना, मातृका र अन्य (सम्पा.), **सामाजिक आन्दोलनकी अग्रणी तथा कवि योगमाया**, काठमाडौंः नेपाल अध्ययन केन्द्र, २०५७ ।

निष्ठुरी, विष्णु, **एक्काइस दिनः जनआन्दोलन डायरी**, काठमाडौंः मोर्डन बुक्स, २०६३ ।

प्रचण्ड, **संस्कृति कला र सौन्दर्य चिन्तन**, केन्द्रीय सांस्कृतिक विभागः नेकपा माओवादी, २०६३ ।

पाण्डेय , ताराकान्त, **कला साहित्य भूमिका र मूल्याङ्कन,** काठमाडौंः चिन्तन प्रकाशन प्रा. ली., २०५३ ।

पुष्पलाल, **नेपालमा कम्युनिस्ट आन्दोलनको संक्षिप्त परिचय**, काठमाडौंः पुष्पलाल स्मृति प्रतिष्ठान,२०५३ ।

............., **छानिएका रचना-भाग १**, काठमाडौंः मदन आश्रित स्मृति प्रतिष्ठान, २०५३ ।

..........., **पुष्पलालका छानिएका रचना भाग ३**, काठमाडौंः पुष्पलाल स्मृति प्रतिष्ठान ।

पोखरेल कृष्ण र अन्य, **लोकतान्त्रिक गणतन्त्रः संविधान, संशोधनवाद, समावेशी लोकतन्त्र र राज्यको पुनसंरचना**, काठमाडौंः एसिया पलिब्लकेशन, २०६३ ।
पोखरेल, सञ्जीव र अन्य, **नेपालमा लोकतन्त्र सङ्कट र चुनौती**, काठमाडौंः राष्ट्रिय शान्ति अभियान, २०६३ ।
बराल, ऋषिषराज, **प्रगतिवाद**, विराटनगरः हाम्रो साहित्य सदन, २०४९ ।
भट्टराई, गोविन्दराज, **काव्यिक आन्दोलनको परिचय**, दो.सं., काठमाडौं साझा प्रकाशन, २०६२ ।
भण्डारी, जगदीशचन्द्र, **प्रगतिवादी नेपाली कविता रेखाङ्कन र विश्लेषण**, काठमाडौंः मुन्नी भण्डारी, २०५६ ।
दाहाल, रवर्ट ए, **प्रजातन्त्र,** काठमाडौंः क्रिएशन मिडिया प्रा. लि., सन् २००५ ।
रावल, भीम, **नेपालमा साम्यवादी आन्दोलन उद्भव र विकास,** काठमाडौंः पैरवी प्रकाशन, २०४७ ।
लेनिन, भ्याई., **लेनिनका सङ्कलित रचना भाग २,** (अनु. राजेन्द्र मास्के), बुटवलः जनसाहित्य प्रकाशन समूह, २०६३ ।
शर्मा, चिरञ्जीवी र निर्मला शर्मा, **शिक्षाको समाजशास्त्रीय र दर्शनशास्त्रीय आधार**, काठमाडौंः ए. के. पलिब्लसर्स एण्ड डिष्ट्रिव्युटर्स, २०५६ ।
शर्मा, जनकलाल, **जोसमनी सन्त परम्परा र साहित्य**, काठमाडौंः रोयल नेपाल एकेडेमी, २०२० ।
शर्मा तारानाथ, **सम र समका कृति**, पाँ.सं., काठमाडौंः साझा प्रकाशन, २०५० ।
.. . . **, नेपाली साहित्यको इतिहास,** चौं.सं., काठमाडौंः अक्षर प्रकाशन ।
शर्मा बालचन्द्र**, नेपालको ऐतिहासिक रूपरेखा**, वाराणसीः कृष्णकुमारी देवी, २०३३ ।
शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल**, पूर्वीय पाश्चात्य साहित्य सिद्धान्त**, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार, २०६१ ।
............., **शोधविधि**, ते.सं काठमाडौंः साझा प्रकाशन, २०६२ ।
शर्मा, सुकुम, **नेपाली भाषा साहित्यमा आन्दोलन**, काठमाडौंः एकेडेमिक बुक सेन्टर, २०६४ ।
शाह, जयनारायण, **जनता उठेपछि जनआन्दोलनको डायरी**, २०६४ ।
श्रेष्ठ, दयाराम, र मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास**, पाँ.सं., काठमाडौंः साझा प्रकाशन, २०५६ ।
श्रेष्ठ, दयाराम, **नेपाली साहित्यको संक्षिप्त इतिहास सिद्धान्त र सन्दर्भ**, दो.सं. काठमाडौ.ः त्रिकोण प्रकाशन, २०६१ ।
श्रेष्ठ, सिद्धिचरण, **सिद्धिचरणका प्रतिनिधि कविता**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५४ ।

### विशेषाङ्कहरू

अधिकारी, वासुदेव, (सम्पा.), **संस्कृति,** (अङ्क ५, २०६० असोज) ।
आत्रेय, चर्तुभुज, **आह्वान,** बुटवल : सारांश एजुकेसन एलायन्स, २०६४ ।
**आन्दोलित कलमहरू**, रौतहट : लोकतान्त्रिक स्रष्टा समाज, २०६३ ।
उदासी, कृष्ण (सम्पा.), **मुक्ति संघर्ष**, पोखरा : लोकतान्त्रिक वाङ्मय समाज, २०६३ ।

खरेल, पुण्य **मुक्ति संघर्ष** पोखरा : लोकतान्त्रिक वाङ्मय समाज, २०६३ ।

ऋतुराज र सुमेरु, **लोकतान्त्रिक कविता भाग-१**, बुटवल : शारदा ज्ञवाली/माधवी पोखरेल, २०६२ ।

गण्डकी पुत्र, **जनआन्दोलनका १९ दिन र सडकका कविता**, विराटनगर : निर्मला खतिवडा, २०६३ ।

चापागाईं, निनु र मातृका पोखरेल, (सम्पा.), **वेदना,** (वर्ष ३३, अङ्क १, २०६३ जेठ) ।

ज्ञवाली, लेखनाथ र अन्य (सम्पा.), **लोकतान्त्रिक कविता** (अङ्क १-७) ।

ज्ञवली रामप्रसाद, **एकादेशमा**, काठमाडौः भुँडीपुराण प्रकाशन, २०६१ ।

देवान, गोपाल, (सम्पा.), **लोकतान्त्रिक स्रष्टाहरूका स्वरहरू**, सुनसरी, लोकतान्त्रिक स्रष्टाहरूका स्वरहरू लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्च, २०६३ ।

नेपाल, रत्नमणि र अन्य (सम्पा.), **स्रष्टा चैत्र ३०**, (पूर्णाङ्क १, अङ्क १, २०६३ )

पन्त , जयराज र अन्य , (सम्पा.), **बन्दी शिविरका आवाजहरू**, काठमाडौं : जेल सङ्घर्ष समिति, २०६३ ।

पन्थी, मधुसूदन (सम्पा.), **परिवर्तन,** (वर्ष १, अङ्क २, २०६३ जेठ-कात्तिक )

पराजुली, गोपाल (सम्पा), **गरिमा**, (वर्ष २५, अङ्क ५, २०६४ वैशाख) ।

बस्नेत, इन्द्रबहादुर र अन्य (सम्पा.), **परिवर्तन**, नेपालगञ्ज प्रलेस २०६४ ।

भण्डारी विष्णु, **देश जागेको बेला**, काठमाडौंः हंसराज पाण्डे, २०६३ ।

भट्टराई, डिजन र अन्य (सम्पा.), **परिवर्तन**, (वर्ष २, अङ्क २, २०६३ वैशाख-जेठ) ।

ऋषिराम भुसाल र पराजुली मुरारी (सम्पा.), **लोकतन्त्रको शङ्खनाद**, बुटवलः नागरिक जागरण अभियान रूपन्देही, २०६२ ।

शर्मा, पदमप्रसाद, **जनआन्दोलन २ मा दङ्गाली स्रष्टाहरूको भूमिका**, दाङ : विशजी प्रकाशन, २०६३ ।

सिलवाल, केशव (सम्पा.), **असहमतिका स्वरहरू**, काठमाडौं : नेपाली कविता डट.कम र अमरकान्ती सेकेन्डरी स्कुल, २०६२ ।

**शोधग्रन्थहरू**

अधिकारी, रविलाल, **प्रगतिवादी नेपाली समालोचनाको विश्लेषणात्मक अध्ययन**, अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, २०५५ ।

अर्याल, विष्णुप्रसाद, **नेपाली साहित्यमा प्रगतिशील लेखक सङ्घको योगदान**, अप्रकाशित स्नातकोत्तर शोधप्रबन्ध त्रिभुवन विश्वविद्यालय, २०५३ ।

ढुङ्गेल, केशवराज, **सडक कविता आन्दोलन परम्परा**, अप्रकाशित स्नातकोत्तर शोधप्रबन्ध, त्रिभुवन विश्वद्यालय कीर्तिपुर, २०६५ ।

पाण्डेय, ताराकान्त, **प्रगतिवादी नेपाली कवितामा अभिव्यञ्जित यथार्थ** अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, २०६५ ।

भण्डारी, जगदीशचन्द्र, **प्रगतिवादी नेपाली कविताको आरम्भ र विकास**, अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, २०५३ ।

शर्मा, बाबुराम 'हेमन्त' , **नेपाली साहित्यमा राल्फा आन्दोलन**, अप्रकाशित स्नातकोत्तर शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय कीर्तिपुर, २०५२ ।

### कार्यपत्र

आहुति**, लोकतान्त्रिक संस्कृति निर्माणको प्रश्न**, सांस्कृतिक संस्थानद्वारा आयोजित सांस्कृतिक कार्यशाला गाष्ठीमा प्रस्तुत ।

ज्ञवाली, रामप्रसाद, **गणतन्त्रको थालनीमा स्रष्टाहरूको भूमिका**, नागार्जुन साहित्य प्रतिष्ठानद्रारा आयोजित कार्यक्रममा प्रस्तुत ।

त्रिपाठी, सुधा, **अबको सांस्कृतिक आन्दोलन र त्यसको दिशा**, सांस्कृतिक संस्थानद्वारा आयोजित सांस्कृतिक कार्यशाला गाष्ठीमा प्रस्तुत ।

बराल, ऋषिराज, **सामाजिक रूपान्तरणमा स्रष्टाहरूको भूमिका**, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा २०६४ फागुन ४-७ को राष्ट्रिय सङ्गोष्ठीमा प्रस्तुत ।

भट्टराई, तुलसी, **सामाजिक रूपान्तरणमा स्रष्टाहरूको भूमिका**, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा २०६४ फागुन ४-७ को राष्ट्रिय सङ्गोष्ठीमा प्रस्तुत ।

भण्डारी, गणेश, **सन्दर्भः सांस्कृतिक आन्दोलन र सांस्कृतिक प्रतिरोध,** प्रतिरोध दिवसमा प्रस्तुत कार्यपत्र ।

पोखरेल, माधवप्रसाद र रुद्र खरेल, **मकैको खेतीदेखि चैत्र ३० सम्म स्रष्टा** चैत्र ३ द्वारा २०५४ चैत्र ३ गते काठमाडौंमा आयोजित कार्यक्रममा प्रस्तुत ।

ढकाल, घनश्याम, प्रगतिशील लेखक सङ्घ नेपालको सातौँ राष्ट्रिय सम्मेलन (२०६० जेठ २८-२९ मा प्रस्तुत एवम् पारित प्रतिवेदन ।

### पत्रपत्रिका

अर्याल, मुरारी, "साहित्यमा गणतान्त्रिक चेत र आवश्यकता", **वेदना,** (वर्ष ३४, अङ्क ३१, २०६४ साउन), पृ. १-३९ ।

अधिकारी, सन्तोष, " ऐतिहासिक जनआन्दोलनमा नमुना साहित्य समूहको भूमिका", **प्रष्फुटन**, (वर्ष ७, अङ्क ७, २०६४ पुस) , पृ. ४५-४७।

आचार्य, दिनेश, "लोकतान्त्रिक स्रष्टाहरूले तोडे निषेधाज्ञा", **राजधानी,** (वर्ष ५, अङ्क ९७, २०६२ भदौ), पृ. ८ ।

खरेल, एम.पी., "संविधानसभा र गणतन्त्रका पक्षमा रक्तिमका गीतहरू", **हाँक,** (२०६३ पुस १२), पृ. ६ ।

खरेल, रुद्र, "**जनआन्दोलनमा स्रष्टा**हरू**को भूमिका**", **जनएकता,** (वर्ष ९, अङ्क ३८, २०६१ जेठ), पृ. ४ ।

गिरी, अमर, "प्रतिगमन विरोधी सांस्कृतिक आन्दोलदनबारे केही कुरा", **जनएकता**, (वर्ष ९, अङ्क २, २०६२ असार) पृ. ६ ।

गिरी, जिवेन्द्रदेव, "प्रतिगमन विरुद्ध घन्केको साहित्य संस्कृतिकर्मीहरूको आवाज", **संस्कृति,** (अङ्क ५, २०६०), पृ. ११८ ।

गौतम, दीपक र बलभद्र भारती (सम्पा.), "प्रलेसका विविध गतिविधिहरू", **रातो थुङ्गा** (वर्ष १६, पूर्णाङ्क ११, २०६१ वैशाख) ।

गौतम, दीपक र अन्य (सम्पा.), **रातो थुङ्गा,** (वर्ष १४, पूर्णाङ्क ९, २०६१ वैशाख), पृ. १५४-१६३ ।

गौतम, लक्ष्मणप्रसाद, "चितवनको लोकतान्त्रिक आन्दोलनमा स्रष्टाहरूको भूमिकाः विवरणात्मक विचरण", **चितवन महोत्सव**, (चितवनः चितवन महोत्सव स्टेयरिङ कमिटि, २०६२), पृ. ४४-४८ ।

गौतम, श्रीधर, "साहित्य र राजनतिको अर्न्तसम्बन्ध", **हाँक,** (वर्ष २३, अङ्क २५, २६२), पृ. ६ ।

घिमिरे , अच्युत, "लोकतन्त्र र झापाली स्रष्टाहरू", **सुसली,** (वर्ष १४, अङ्क ४, २०६३), पृ. १२-१४ ।

घिमिरे, रमण, "आन्दोलन २०४६ र २०६२-०६३ मा स्रष्टाहरू", **नेपथ्य,** (अङ्क १०, वर्ष २, २०६२ माघ चैत ), पृ. २-३ ।

......., " कोही तटस्थ रहन पाउँदैन", **नेपाल**, (२०६३ वैशाख १०), पृ. ३२-३३ ।

निनु चापागाई,"आन्दोलनमा स्रष्टाहरूको भूमिका" **जनएकता**, (वर्ष ९, अङ्क ४१, २०६३), पृ.४ ।

........, "वर्तमान समयमा लोकतान्त्रिक स्रष्टाहरूको भूमिका", **गरिमा** (वर्ष २६, अङ्क ३, २०६४ फागुन), पृ. ३८-४८ ।

........, "अभिव्यक्ति स्वतन्त्रता र सामाजिक रुस्पान्तरणको आन्दोलनमा सांस्कृतिकर्मीहरू", **जनएकता,** (वर्ष ८, अङ्क ४०, २०६० जेठ), पृ. ४ ।

क्षेत्री राजु, "जनताका गीत गाउने जनकलाकारहरू", **जनादेश,** (वर्ष १६, अङ्क १, २०६३ मङ्सिर), पृ.४ ।

ज्ञवाली, ईश्वरचन्द्र, "प्रतिरोध दिवसको सन्दर्भ र सहिदका सपना पूरा गर्ने दायित्व", **जनादेश,** ( २०६१ वैशाख १०), पृ. ३२-३४ ।

ढकाल, घनश्याम (सम्पा), **गण्डकी साहित्य सङ्गम,** (वर्ष १४, पूर्णाङ्क, २०६४ जेठ), पृ. १८० ।

तिमिल्सेना, हरिप्रसाद, "लोकतान्त्रिक आन्दोलनमा साहित्यकारको भूमिका", **नेपाल घरेलु तथा साना उद्योग महासङ्घ बाँकेको स्मारिका,** (वर्ष १, अङ्क १, २०६४), पृ. ४७ ।

नेपाल, देवी, "लोकतान्त्रिक साहित्यिक आन्दोलमा नागार्जुन", **नागार्जुन**, (वर्ष ४, अङ्क २, २०६२ साउन), पृ.२३४-३६ ।

पन्थी, मधुसूदन, "प्रगतिवाद र नेपाली कवितामा प्रगतिवादी कविताको विकास", **कुन्जिनी** , ( वर्ष ११ , अङ्क ११, २०६३ /०६४) , पृ. १९८-२०५ ।

पन्थी, महेन्द्र विप्लव, "लोकतान्त्रिक गणतन्त्रका पक्षमा पाल्पाको गर्जन", **पाल्पा टाइम्स,** (वर्ष १२, अङ्क ४२, २०६५), पृ. ४ ।

प्रधान, माधव, “मेची महाकाली सांस्कृतिक अभियान २०६४”, **संस्कृति,** (अङ्क ३, २०६४), पृ. ११९-१२४ ।

बराल, ऋषिराज, “क्रान्तिकारी रूपान्तरणका दस वर्ष र सौन्दर्यशास्त्रीय विकास”, **नौलो बिहानी**, (वर्ष ९, अङ्क ४, २०६३ कार्तिक), पृ. १४ ।

.........., “ जनयुद्ध आतङ्क र आनन्दको सौन्दर्यशास्त्र”, **कलम,** (वर्ष १४, अङ्क १, २०६२/०६३ चैत्र -भदौ), पृ ४५-६५ ।

बलाराम/उजिर “निषेधाज्ञा तोड्दै प्रदर्शन”, **कान्तिपुर** (वर्ष १३, अङ्क ३३४, २०६२ माघ), पृ. ३ ।

वर्तमान, गोविन्द, “लेखक कलाकारले कालो पट्टी बाँधेको दिन”, **मूल्याङ्कन,** (२०५५ चैत्र), पृ. ३६-३८ ।

भट्ट, आनन्ददेव, “वर्तमान सङ्कटको निकासमा लेखकको भूमिका”, **जनएकता,** (वर्ष ८, अङ्क ३८, २०६० जेठ), पृ. ४ ।

भट्टराई, तीर्थराज, “लोकतान्त्रिक आन्दोलनमा सुनसरेली स्रष्टाहरूको भूमिका”, **प्रलेस,** (वर्ष ७, अङ्क ३, २०६३), पृ. ८७-९६ ।

भट्टराई, तुलसी, “स्रष्टाहरूमाथि वर्वर दमन भएको त्यो दिन”, **मधुपर्क,** (वर्ष ३९, अङ्क ३, २०६३ साउन ), पृ. ५६-५७ ।

भट्टराई, रमेशप्रसाद, “लोकतान्त्रिक आन्दोलनमा स्रष्टाहरूको भूमिका”, **मधुपर्क,** (वर्ष ३९, अङ्क ३, २०६३ साउन), प. ४-८ ।

..........., “ लोकतान्त्रिक आन्दोलनमा प्रगतिशील लखेक सङ्घको भूमिका”, **प्रलेस,** (वर्ष ११, पूणाङ्क १५, २०६३ माघ), पृ. ५-१९ ।

भारती, बलभद्र, “गणतन्त्र कविता आमन्दोलनः उत्पीडित वर्गहरूको विद्रोही आवाज”, **जनएकता,** (वर्ष १०, अङ्क ११, २०६१ असोज), पृ. ६ ।

.........., “शान्ति, लोकतन्त्र र अग्रगमनका पक्षमा स्रष्टाहरू”, **जनएकता,** (वर्ष ९, अङ्क ३७, २०६१ जेठ), पृ. ४ ।

............, “प्रतिगमन विरोधी जनआन्दोलन र रत्नपार्कको मूल सडकमा स्रष्टाहरूको गर्जन”, **जनएकता,** (वर्ष ९, अङ्क ६, २०६० साउन), पृ. ४ ।

वाग्ले, नारायण (सम्पा), “लोकतन्त्रका स्वरहरू”, **कान्तिपुर,** (वर्ष १३, अङ्क ३४१, २०६२ माघ) पृ. २ ।

सिलवाल, प्रकाश, “कवितादेखि डराएको सरकार”, **नागार्जुन,** (पूर्णविराम विशेष, वर्ष २, अङ्क ३, २०६० असोज, पुस), पृ.

.........., (सम्पा), **नागार्जुन,** (अङ्क ५, वर्ष १, २०६३ माघ-असार), पृ. ४९ ।

साहनी, दील, “काव्यमा गणतान्त्रिक स्वरहरू”, **जनएकता,** (वर्ष १२, अङ्क ३५, २०६३ फागुन), पृ. ४ ।

सुवेदी, अशोक “रामेछापदेखि मार्क्सवादी साहित्य प्रतिष्ठानसम्म”, नौलो  विहानी -वर्ष ११,अङ्क २) पृ. ५६-६७ ।

## निर्णय पुस्तिका

लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्च, काठमाडौं ।
लोकतान्त्रिक साहित्यकार सङ्घ ।
प्रतिगमनविरोधी स्रष्टाहरूको संयुक्त समिति ।
प्रगतिशील लेखक सङ्घ, रूपन्देही ।
लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्च, झापा ।
प्रगतिशील लेखक सङ्घ, सुर्खेत ।
प्रतिगमन विरोधी साहित्यिक सांस्कृतिक समिति, चितवन ।